अख्तियार दुरुपयोग अनुसन्धान आयोग
बाइसौं वार्षिक प्रतिवेदन

आ. व. २०६८/०६९



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
२०६९

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

फोन नं. : ४-४३९४६२
४-४४०१५१
फ्याक्स : ४-४४०१२८
४-४४०१०४

इ-मेल :- akhtiyar@ntc.net.np

वेभसाईट :- www.ciaa.gov.np

पत्र संख्याः- **मिति :-** २०६९/५/३१

विषय :- बाइसौं वार्षिक प्रतिवेदन ।

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
शीतल निवास, महाराजगञ्ज,
काठमाडौं ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२१ अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०६८।०६९ (२०६८ श्रावण १ गतेदेखि २०६९ आषाढ मसान्तसम्म) मा सम्पादन गरेका कामहरुको वार्षिक प्रतिवेदन प्रस्तुत गरेको छु ।

(भगवतिकुमार काफ्ले)
सचिव

अनुक्रमाणिका

परिच्छेद	शीर्षक	पृष्ठ
परिच्छेद १: अख्तियार दुरुपयोग अनुसन्धान आयोग		१
	१. विषय प्रवेश	१
	२. गठन	१
	३. आयोगको काम, कर्तव्य र अधिकार	१
	४. वार्षिक प्रतिवेदन	२
	५. छानवीन तथा अनुसन्धान प्रक्रिया	३
	६. प्रशासनिक संगठन	५
	७. आयोगको आन्तरिक कार्य विभाजन, बैठक र निर्णय	५
	८. आयोगको निर्णयहरूको वर्गीकरण	६
	९. अधिकार प्रत्यायोजन	६
	१०. बजेट व्यवस्थापन	६
परिच्छेद २: आ.व. २०६८/०६९ मा आयोगबाट सम्पादित कार्यहरू		७
	१. आ.व. २०६८/०६९ मा परेका उजुरी र कारबाहीको विवरण	७
	२. अभियोजन र कारबाहीको विवरण	७
	३. विशेष अदालतमा दायर भएका मुद्दा र प्रतिवादी संख्या	७
	४. विभागीय कारबाही, सचेत र ध्यानाकर्षणका लागि लेखिएका विषय र व्यक्ति/निकाय संख्या	८
	५. महाशाखागत उजुरी फछ्यौंटको विवरण	८
	६. अनुसन्धान अधिकृत तोकिएको तथा मन्त्रालय वा कारबाहीको लागि लेखी पठाएको विवरण	८
	७. नक्कली शैक्षिक प्रमाणपत्र सम्बन्धी दायर भएका मुद्दाहरू	११
	८. घुस रिसवत सम्बन्धी भ्रष्टाचार गरेको मुद्दा	२०
	९. सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दा	२२
	१०. अन्य	२७
	११. रातो पासपोर्ट दुरुपयोग मुद्दा	२८
	१२. आ.व. २०६८/०६९ को असुलउपर सम्बन्धी विवरण	३१
	१३. आ.व. २०६८/०६९ को सार्वजनिक जग्गा सरकारी कायम सम्बन्धी विवरण	३२
	(क) नेपाल सरकारको नाममा कायम गर्न लेखिपठाइएको जग्गाको विवरण	३२
	(ख) नेपाल सरकारको नाममा कायम भएको जग्गाको विवरण	३२
	(ग) गुठी कायम गर्न लेखिपठाइएको जग्गाको विवरण	३२
	१४. प्रत्यायोजित अधिकार भएका काम कारबाही	३२

परिच्छेद ३: अभियोजन ३३

परिच्छेद ४: पुनरावेदन/पुनरावलोकन गरिएका मुद्दाहरू ८६

परिच्छेद ५: पुनरावेदन नगरिएका मुद्दाहरूको संक्षिप्त विवरण १४२

परिच्छेद ६: विभागीय कारबाही १४३
गृह मन्त्रालय १४३
भूमिसुधार तथा व्यवस्था मन्त्रालय १४४
भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय १४५
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय १४५
वन तथा भूसंरक्षण मन्त्रालय १४६
शिक्षा मन्त्रालय १४६
सूचना तथा संचार मन्त्रालय १४८
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय १४९
शहरी विकास मन्त्रालय १५०

परिच्छेद ७ : सचेत १५२
भूमिसुधार तथा व्यवस्था मन्त्रालय १५२
वन तथा भूसंरक्षण मन्त्रालय १५३
शिक्षा मन्त्रालय १५४
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय १५५

परिच्छेद ८ : असुल उपर १५६
कृषि विकास मन्त्रालय १५६
भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय १५७
शिक्षा मन्त्रालय १५७
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय १५९
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय १५९

परिच्छेद ९ : ध्यानाकर्षण १६०
ऊर्जा मन्त्रालय १६०
कृषि विकास मन्त्रालय १६०
भूमिसुधार तथा व्यवस्था मन्त्रालय १६१
भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय १६१
वन तथा भूसंरक्षण मन्त्रालय १६२
शिक्षा मन्त्रालय १६२
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय १६३

परिच्छेद १० : सुझाव/निर्देशन **१६५**
ऊर्जा मन्त्रालय १६५
कृषि विकास मन्त्रालय १६७
गृह मन्त्रालय १६७
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय १७०
भूमिसुधार तथा व्यवस्था मन्त्रालय १७१
भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय १७५
वन तथा भूसंरक्षण मन्त्रालय १७७
शिक्षा मन्त्रालय १७८
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय १८२
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय १८३
सहकारी तथा गरिवी निवारण मन्त्रालय १८३
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय १८४

परिच्छेद ११: आयोगबाट भएका अन्य कारबाहीहरू **१८८**
अर्थ मन्त्रालय १८८
बाणिज्य तथा आपूर्ति मन्त्रालय १९०
कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय १९१
गृह मन्त्रालय १९१
ऊर्जा मन्त्रालय १९३
सिंचाई मन्त्रालय १९४
पररा्ष्ट्र मन्त्रालय १९६
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय १९६
भूमिसुधार तथा व्यवस्था मन्त्रालय १९७
भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय २०२
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय २०२
वन तथा भूसंरक्षण मन्त्रालय २०३
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय २०७
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय २०९
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय २१२
सामान्य प्रशासन मन्त्रालय २१३
सूचना तथा संचार मन्त्रालय २१४
शिक्षा मन्त्रालय २१६
श्रम तथा रोजगार मन्त्रालय २१८
राष्ट्रिय सतर्कता केन्द्र २१८

परिच्छेद १२ : विभागीय वा अन्य कारबाही गर्न लेखिएका विषयमा कार्यान्वयन सम्पन्न भई आएको **२२०**
विभागीय कारबाही २२०
असुल उपर २२२
सुझाव/निर्देशन २२७

परिच्छेद १३: कार्यान्वयन हुन बाँकी विभागीय वा अन्य कारबाहीको विवरण **२३६**
अर्थ मन्त्रालय २३६
उद्योग मन्त्रालय २३७
ऊर्जा मन्त्रालय २३८
कानून तथा न्याय मन्त्रालय २४०
गृह मन्त्रालय २४१
संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय २४३
परराष्ट्र मन्त्रालय २४४
प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय २४४
वन तथा भू-संरक्षण मन्त्रालय २४५
वाणिज्य तथा आपूर्ति मन्त्रालय २४८
भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय २४९
भूमिसुधार तथा व्यवस्था मन्त्रालय २५१
महालेखा नियन्त्रक कार्यालय २६५
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय २६६
युवा तथा खेलकुद मन्त्रालय २६६
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय २६७
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय २६९
सामान्य प्रशासन मन्त्रालय २७६
सूचना तथा सञ्चार मन्त्रालय २७६
शिक्षा मन्त्रालय २७६
श्रम तथा रोजगार मन्त्रालय २८१
सर्वोच्च अदालत २८२

परिच्छेद १४ : तामेली **२८३**

परिच्छेद १५ : आयोगका अन्य गतिविधि **३५५**
(क) अन्तर्राष्ट्रिय सभा सम्मेलन तथा अध्ययन भ्रमण ३५५
(ख) आन्तरिक गतिविधिहरू ३५५
अ. अन्तरक्रिया र गोष्ठी ३५५
आ. तालिम ३५८

इ. कार्यपत्र प्रस्तुति र छलफल ३५८
ई. सदाचार रेडियो कार्यक्रम ३५८
उ. सामुदायिक शिक्षा कार्यक्रम ३५८
ऊ. सूचना संकलन इकाई (Intelligence Unit) को व्यवस्था ३५९

परिच्छेद १६ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको त्रिवर्षीय (२०६७-२०६९) २०६७ रणनीति **३६०**
१. पृष्ठभूमि ३६०
२. अद्यावधिक स्थितिको समीक्षा ३६०
३ दीर्घकालीन सोच ३६२
४. उद्देश्य र लक्ष्य ३६३
उद्देश्य ३६३
लक्ष्य ३६३
५. रणनीति ३६३

परिच्छेद १७ : भावी संविधानमा आयोग सम्बन्धी मस्यौदा **३६५**

परिच्छेद १८ : उपसंहार **३७०**

अनुसूचीहरू :
१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठन तालिका क
२. आयोगमा कार्यरत पदाधिकारी र कर्मचारीहरुको संख्यात्मक विवरण ख(१)
३. आ.व. २०६८।०६९ को बजेट व्यवस्था ग
४. प्रारम्भिक अनुसन्धानबाट फछ्यौंट भई तामेली भएको विवरण आ.व. २०६८।०६९ घ(१)
५. आ.व. २०५७/५८ देखि २०६८/०६९ सम्म दायर भएका नक्कली प्रमाणपत्र सम्बन्धी मुद्दामा सो प्रमाणपत्रको प्रयोजन ङ
६. (क) आ.व. २०५७।५८ देखि २०६८।०६९ मा नक्कली प्रमाणपत्र सम्बन्धी मुद्दाको फैसला विवरण च
(ख) आ.व. २०५७।५८ देखि २०६८।०६९ सम्ममा शैक्षिक प्रमाणपत्र सम्बन्धी मुद्दाहरूमा सफल असफल अनुपात च
७. भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी क्षेत्रीय प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण छ
८. भ्रष्टाचार र अनुचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण ज(१)
९. आ.व. २०६८।०६९ मा परेका उजुरी र फछ्यौंटको विवरण झ
१०. आ.व. २०६८।०६९ मा कुल उजुरी ८८३९ मध्ये फछ्यौंट तथा चालू आ.व. मा ञ

	सरेको जिम्मेवारीको अनुपात	
११.	आ.व. २०५८।०५९ देखि २०६८।०६९ सम्मको कुल उजुरी र फछ्यौंटको विवरण	ट
१२.	आ.व. २०६८।०६९ मा मुद्दा जीत हारको स्थिति	ठ
१३.	आ.व. २०६८।०६९ को अभियोजन र अन्य कारबाहीहरूको विवरण	ड
१४.	आ.व.२०६८।०६९ मा विशेष अदालतमा दायर भएका मुद्दाहरूको किसिम	ढ
१५.	आ.व. २०५८।५९ देखि २०६८।०६९ सम्मको कारबाहीको तुलनात्मक विवरण	ण
१६.	आ.व. २०५९।०६० देखि आ.व. २०६८।०६९ सम्मको बैठक र निर्णय संख्या	त
१७.	आ.व. २०४८/०४९ देखि आ.व. २०६८/०६९ सम्ममा परेका उजुरी र फछ्यौंटको विवरण	थ

परिच्छेद - १
अख्तियार दुरुपयोग अनुसन्धान आयोग

१. विषय प्रवेश

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ११ धारा १२० मा सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले "अनुचित कार्य" वा "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान गरी मुद्दा दायर गर्न संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ ।

२. गठन

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ बमोजिम राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा एक जना प्रमुख आयुक्त र अन्य आयुक्तहरु नियुक्त गर्ने प्रावधान छ । आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरुको पदावधि ६ वर्षको हुने तथा प्रमुख आयुक्त र अन्य आयुक्तहरु ६५ बर्षको उमेरसम्म पदमा बहाल रहन सक्ने व्यवस्था छ ।

३. आयोगको काम, कर्तव्य र अधिकार :

आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार छन् :

- आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ । तर संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै व्यवस्था भएको पदाधिकारीहरु आयोगको कार्य क्षेत्रभित्र पर्दैनन् । खराव आचरणका आधारमा महाअभियोग प्रस्ताव पारित भई पदमुक्त हुने संवैधानिक पदाधिकारीहरु, न्याय परिषद्बाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीशहरु र सैनिक ऐन बमोजिम कारवाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि कानून बमोजिम आयोगले अनुसन्धान र तहकिकात गर्न गराउन सक्नेछ ।
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दुरुपयोग गरेको देखिएमा आयोगले निजलाई सचेत गराउन, विभागीय कारवाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारवाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।

- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै कसुर गरेको देखिएमा त्यस्तो व्यक्ति तथा सो अपराधमा संलग्न अन्य व्यक्ति उपर आयोगले विशेष अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।
- अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।
- अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी सुम्पन सक्नेछ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई कानूनी राज्यको अवधारणा अनुरुप सुशासनको स्थापना गर्न र सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने केही सुधारात्मक कार्यहरु गर्ने थप दायित्व समेत सुम्पेको छ, जस अन्तर्गत आयोगबाट निम्न कार्यहरु सम्पादित हुने गरेका छन् :

- विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटी भए सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने,
- दुष्परिणाम सच्याउन आदेश दिने,
- हानी नोक्सानी असूल उपर गराउने,
- अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई वा नलिई तारिखमा राख्ने वा छाड्ने,
- भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले निरोधात्मक एवं प्रबर्द्धनात्मक कार्यहरु गर्ने,
- भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसंग समन्वय, आपसी सहयोग र सम्बन्ध सुदृढ गर्ने,
- आवश्यकतानुसार सम्बन्धित बिषयको विशेषज्ञ वा विशिष्टीकृत सेवा प्राप्त गर्ने ।

४. वार्षिक प्रतिवेदन :

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२१ बमोजिम आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका संसद समक्ष पेश गर्ने व्यवस्था छ ।

५. छानवीन तथा अनुसन्धान प्रकृया :

नेपालको अन्तरिम संविधान, २०६३ ले अनुचित कार्य र भ्रष्टाचार गरी दुई प्रकारले अख्तियारको दुरुपयोग हुनसक्ने अवधारणा प्रस्तुत गरे अनुरुप ती बिषयहरुमा उजुरी दिने प्रकृयालाई पनि कानूनले निम्नानुसार अलग्गै व्यवस्था गरेको छ :

अनुचित कार्यको उजुरी : कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ ले तोकेको ढांचामा उजुरी दिनु पर्नेछ र निवेदकले सनाखत समेत गर्नु पर्नेछ । अनुचित कार्य उपरको उजुरीमा अनुसन्धान गर्दै जांदा भ्रष्टाचारको कसूर गरेको देखिन गएमा भ्रष्टाचारको कसूर अन्तर्गत नै कारवाही गरिन्छ । तर सार्वजनिक चासोको बिषय भएको उजुरीको हकमा भने सनाखतको आवश्यकता पर्दैन ।

भ्रष्टाचारको उजुरी : भ्रष्टाचारको सम्बन्धमा कसैको उजुरी वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा आयोगले छानविन, अनुसन्धान तहकिकात गर्न वा अन्य कारवाही चलाउन सक्दछ र भ्रष्टाचारको उजुरी उपर अनुसन्धान गर्दै जांदा अनुचित कार्य भएको पाइएमा, अनुचित कार्यमा समेत कारवाही गर्न सकिने छ ।

आयोगले स्वयं जानकारीमा लिई कारवाही गर्न सक्ने : आयोगले आफ्नो अधिकार क्षेत्र भित्र पर्ने कुनै पनि बिषयमा अनुसन्धानको प्रक्रिया थाल्न सक्नेछ ।

प्रारम्भिक छानविनको प्रक्रिया : आयोग समक्ष परेका कुनै पनि उजुरी निवेदन वा आयोग स्वयंले प्राप्त गरेको जानकारी उपर प्रारम्भिक छानविनको क्रममा कारवाही गर्नु पर्ने वा नपर्ने निर्क्यौल मूलतः निम्न तथ्यहरुको आधारमा गर्ने गरेको छ ।

क) अनुसन्धानको बिषय वस्तु के हो ?

ख) उक्त विषय आयोगको क्षेत्राधिकार भित्र पर्छ, पर्दैन ?

ग) उल्लेखित बिषयको गम्भीरता के कति छ ?

घ) उल्लेखित आरोपको स्वरुप तथ्यपूर्ण देखिएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?

ङ) विवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानी नोक्सानी वा फाइदा हुन गएको छ ?

च) विवादित कार्यबारे कुनै कार्यालय वा अदालतमा मुद्दा मामिला चलिरहेको वा मुद्दा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै विवादित वा अन्य कारवाही भएको छ, छैन ?

छ) विवादित कार्य भए गरेको मितिका आधारमा हदम्याद बाँकी छ, छैन ?

प्रारम्भिक छानविनको सिलसिलामा संकलन हुनु पर्ने प्रमाण नष्ट हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी सो कारवाही गोप्य रहने कानूनी व्यवस्था छ । आयोगमा पर्न आएको उजुरीमा प्रारम्भिक छानवीन गर्ने क्रममा देहाय बमोजिमको कुनै अवस्था विद्यमान भएमा आयोगले कुनै कारवाही नगरी त्यस्तो उजुरी तामेलीमा राख्न सक्दछ ।

क) सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र बाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्वन नगरी अनुचित कार्य सम्बन्धी उजुरी दिएमा,

ख) ऐनको हदम्याद नाघेको,

ग) आयोगको अधिकार र कार्यक्षेत्र भित्रको बिषय नभएको,

घ) अदालतमा मुद्दा परिरहेको बिषयको,

ङ) तथ्ययुक्त आधार नभएको,

च) दु:ख दिने मनसायको, र

छ) मामूली कुरा सम्बन्धी ।

तामेलीमा राख्नु पर्ने उपयुक्त आधार नभएका बिषयहरुमा प्रारम्भिक छानवीनको क्रममा अख्तियारको दुरुपयोग भएको देखिन आएमा बिस्तृत अनुसन्धान तहकिकात गर्नको निमित्त आयोगबाट अनुसन्धान अधिकृत नियुक्त गरी कारवाही अगाडि बढाइन्छ । कुनै बिषयवस्तुको प्रकृति र प्राप्त सूचनाहरुलाई आधार मानेर बिस्तृत अनुसन्धानमा जानु परेमा आयोगले एकैपटक बिस्तृत अनुसन्धान पनि गर्न सक्दछ ।

विस्तृत अनुसन्धान तहकिकातको प्रकृया : प्रारम्भिक छानवीनबाट बिस्तृत अनुसन्धान गर्नुपर्ने वा सीधै विस्तृत अनुसन्धान गर्नुपर्ने देखिएमा अनुसन्धान अधिकृत नियुक्त गरी अनुसन्धान अधिकृतले सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा आरोपित बिषयहरुका बारेमा सम्बन्धित व्यक्तिहरुको बयान वा लिखित जवाफ लिने, आवश्यकता अनुसार अन्य थप प्रमाणहरु संकलन गर्ने लगायतका अनुसन्धानको क्रममा आवश्यक देखिएका अन्य कार्यहरु सम्पन्न गरी सोही आधारमा अनुसन्धान प्रतिवेदन तयार गरी आयोगमा पेश गर्न आयुक्त समक्ष प्रस्तुत गर्दछ । आयुक्तबाट त्यस्तो प्रतिवेदन सहितको मिसिल अध्ययन पश्चात् अनुसन्धान पूरा नभएको पाइएमा थप अनुसन्धानको आदेश हुन सक्छ । अनुसन्धान पूरा भई पेश हुन आएको प्रतिवेदनलाई आयोग समक्ष पेश गर्ने आदेश हुन्छ । त्यस्तो प्रतिवेदन आयोगमा छलफल गरी आरोपित कसूरको मात्रा, विवादको गाम्भिर्यता, प्रकृति एवं संकलित प्रमाणको प्रमाणिकता समेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा विभागीय कारवाही वा अन्य कारवाहीको सिफारिस गर्ने वा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने वा सुझाव दिने वा केही कारवाही गरिरहन नपर्ने गरी उजुरी तामेलीमा राख्ने निर्णय गरिन्छ । आयोगको निर्णयको कार्यान्वयन आयोगको सचिवबाट गरिन्छ । तर आयोगमा मिति २०६३।०७।१७ देखि प्रमुख आयुक्त र मिति २०६६।०९।२१ देखि आयुक्तहरु रिक्त भएको हुँदा

नेपालको अन्तरिम संविधान २०६३ को धारा १२० को उपधारा ७ अनुरुप आयोगले प्रयोग गर्ने आयोगका अधिकार आयोगको पदाधिकारी नियुक्ति भइ नआएसम्मका लागि आयोगको सचिवलाई सुम्पेको हुँदा उल्लिखित मितिदेखि हालसम्म आयोगका सम्पूर्ण कार्यहरु आयोगका सचिवबाट सम्पादन भइरहेका छन् ।

आयोगको कामसंग सम्बन्धित मुख्य कानूनहरु :

- ⇒ नेपालको अन्तरिम संविधान, २०६३
- ⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- ⇒ भ्रष्टाचार निवारण ऐन, २०५९
- ⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
- ⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०६३
- ⇒ अनुसन्धान सम्वन्धी निर्देशिकाहरु
- ⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पदाधिकारी एवं कर्मचारीहरुको आचारसंहिता, २०६५
- ⇒ भ्रष्टाचार विरुद्धको समन्वय समिति सम्बन्धी कार्यविधि, २०६६

६. प्रशासनिक संगठन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवालयको प्रमुखमा नेपाल सरकारवाट नियुक्त राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । आयोगको संगठन तालिका अनुसूची-१ मा र कर्मचारीहरुको पदसोपान एवं संख्या अनुसूची-२ मा उल्लेख गरिएको छ । आयोगमा अनुसन्धान महाशाखाहरु-६, मुद्दा महाशाखा-१, विशेष अनुसन्धान कार्यदल १, प्रहरी महाशाखा-१, प्रशासन महाशाखा-१ र योजना महाशाखा-१ गरी जम्मा ११ वटा महाशाखा रहेका छन् । स्वीकृत दरवन्दीतर्फका १८५ (प्रहरी दरवन्दी समेत), पुल दरवन्दीका १२, काज खटिएका ६०, फाजिल ६, विशेष करार ३, अंगरक्षक र सुरक्षाकर्मी २८ समेत गरी जम्मा २९४ जना कर्मचारीहरु कार्यरत छन् ।

७. आयोगको आन्तरिक कार्य विभाजन, बैठक र निर्णय

आयोगमा कार्यरत आयुक्तहरु बीचको कार्य विभाजन र निर्णय प्रक्रिया निश्चित गरिएको छ । जस अनुसार प्रत्येक मन्त्रालय र सो अन्तर्गतका निकायहरुको काम कारवाहीहरु आयुक्तहरु बीच बाँडफाँड गरिएको छ । त्यसरी बाँडफाँड गरिएका कार्यहरु आफूलाई तोकिए अनुसार अन्य एकजना आयुक्त समेत संलग्न भै सम्पादन गर्नु पर्ने हुन्छ । यस्ता आन्तरिक कार्यविधिका अन्य व्यवस्थाहरु आयोगको कार्यविधि एवं निर्णयहरुद्वारा व्यवस्थित गरिएका छन् । आयोगको महाशाखा वा अनुसन्धान अधिकृतले अनुसन्धान कार्य सम्पन्न गरी सचिव मार्फत सम्बन्धित आयुक्त समक्ष पेश गरेको कुनै बिषयमा सम्बन्धित आयुक्तबाट

आयोगमा पेश गर्ने आदेश भएका बिषयहरु वा अन्य नीतिगत निर्णय हुनु पर्ने बिषयहरु आयोगको बैठक बसी निर्णय हुने व्यवस्था छ। हाल उपरोक्त सम्पूर्ण कार्यहरु आयोगका सचिवको एकल निर्णयबाट सम्पादन भइरहेको छ।

८. आयोगको निर्णयहरुको वर्गीकरण

प्रतिवेदन अध्ययन गर्ने व्यक्तिलाई सुविधा पुगोस भन्ने उद्देश्यले यस पछिका परिच्छेदहरुमा कारवाहीको प्रकृति हेरी आयोगबाट भएका निर्णयहरुलाई विभिन्न शीर्षकमा समाविष्ट गरिएको छ। उदाहरणको लागि एउटै निर्णयमा मुद्दा चलाउने, विभागीय कारवाही गर्ने (सेवाबाट हटाउने, तल्लो तहमा घटुवा गर्ने, बढुवा रोक्का गर्ने, ग्रेड रोक्का गर्ने, नसिहत दिने आदि), सचेत गराउने, सुझाव, ध्यानाकर्षण, अभिलेख राख्ने तथा अन्य कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय भएकोमा त्यस्तो विवरण यस पछिका परिच्छेदहरुमा यथास्थानमा राखिएको छ।

९. अधिकार प्रत्यायोजन

आयोगको मिति २०६६।०९।२० को निर्णयानुसार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी नेपालको अन्तरिम संविधान, २०६३ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको तथा सो कसूरमा संलग्न अन्य व्यक्तिका सम्बन्धमा अनुसन्धान र तहकिकात गर्न तथा मुद्दा चलाउन आयोगलाई प्राप्त अधिकार आयोगको पदाधिकारी नियुक्ति भइ नआएसम्मका लागि आयोगका सचिवलाई सुम्पिएको व्यहोराको सूचना मिति २०६६।०९।२७ को राजपत्रमा प्रकाशित भइसकेको छ।

आयोगको प्रशासनिक संगठन स्थानीय तहसम्म बिस्तार भै नसकेकोले अर्को व्यवस्था नभएसम्मको लागि मिति २०६३।१०।१ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई तोकिएको शर्त बमोजिम आयोगको केही अधिकार प्रत्यायोजन गरिएको छ। क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई कानूनी परामर्श प्रदान गर्न पुनरावेदन र जिल्ला सरकारी वकिलहरुलाई पनि अधिकार प्रत्यायोजन गरिएको छ।

१०. बजेट व्यवस्था

आर्थिक वर्ष २०६८/०६९ मा आयोगको लागि छुट्याइएको कूल बजेट रु. १३ करोड ५३ लाख २८ हजार २ सय ९२ रुपैयाँ ८४ पैसा मध्ये रु. १२ करोड १ लाख ९४ हजार ८ सय ८७ रुपैंया २२ पैसा निकासा भई त्यति नै खर्च भएको छ। आर्थिक वर्ष २०६८/०६९ सम्म आयोगमा कुनै पनि बेरुजु रहेको छैन। आर्थिक वर्ष २०६८/०६९ को आयोगको विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची -३ मा प्रस्तुत गरिएको छ।

परिच्छेद-२
आर्थिक वर्ष २०६८/६९ मा आयोगबाट सम्पादित कार्यहरू

१. आर्थिक वर्ष २०६८/०६९ मा परेका उजुरी र कारबाहीको विवरण :

आर्थिक वर्ष २०६८/०६९ मा आयोगमा पर्न आएका कुल उजुरी र ती उजुरीहरू उपर छानबिन, अनुसन्धान भई फछ्यौंट भएको संख्या निम्न तालिकामा दिइएको छ :

उजुरी संख्या	फछ्यौंट संख्या				बाँकी उजुरी संख्या	फछ्यौंट प्रतिशत
	प्रारम्भिक अनुसन्धानबाट तामेली	विस्तृत अनुसन्धानमा गएको	अन्य कारबाही	कुल फछ्यौंट		
८८३९	२९०४	६२५	१९३७	५४६६	३३७३	६१.८४

२. अभियोजन र कारबाहीको विवरण :

आर्थिक वर्ष २०६८/०६९ मा जम्मा १११ वटा बैठक बसी ३३७ निर्णय भई मुद्दा दायर, विभागीय कारबाही, ध्यानाकर्षण, सचेत लगायतका कारबाहीहरू भएका छन् । सो अवधिमा भएका निर्णयको कारबाही स्थिति निम्न तालिकामा दिइएको छ :

मुद्दा दायर	पुनरावेदन	विभागीय कारबाही	ध्यानाकर्षण	सचेत	सुझाव/निर्देशन	असुल उपर	अन्य कारबाही	तामेली	
								विस्तृत अनुसन्धान बाट	प्रारम्भिक अनुसन्धान बाट
१११	१८	१४	७	६	३६	८	८४	१४१	२९०४

३. विशेष अदालतमा दायर भएका मुद्दा र प्रतिवादी संख्या :

आर्थिक वर्ष २०६८/०६९ मा विशेष अदालतमा दायर भएका मुद्दाहरू र प्रतिवादी बनाइएका व्यक्तिहरूको संख्यात्मक विवरण निम्नानुसार दिइएको छ :

क्र.सं.	विषय	मुद्दा संख्या	प्रतिवादी संख्या
१.	नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र	८६	८६
२.	सरकारी रकम हिनामिना	११	७५
३.	रिसवत	१०	१९
४.	अन्य	४	३३
जम्मा		**१११**	**२१३**

आर्थिक वर्ष २०६८/०६९ को अन्त्यसम्म १२३ मुद्दा दायर गर्ने निर्णय भएको गत आर्थिक वर्षमा निर्णय भएका तर दायर हुन बाँकी मुद्दा २ समेत गरी जम्मा १११ थान मुद्दा दायर भएको ।

४. विभागीय कारबाही, सचेत र ध्यानाकर्षणका लागि लेखिएका विषय र व्यक्ति/निकाय संख्याः

विभागीय कारबाही		सचेत		ध्यानाकर्षण		जम्मा	
विषय	व्यक्ति	विषय	व्यक्ति	विषय	निकाय	विषय	व्यक्ति/ निकाय
१४	३०	६	११	७	९	२७	५०

५. महाशाखागत उजुरी फछ्यौंटको विवरण :

आर्थिक वर्ष २०६७/०६८ बाट जिम्मेवारी सरी आएका तथा आर्थिक वर्ष २०६८/६९ मा दर्ता हुन आएका नयाँ उजुरी र फछ्यौंट निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

महाशाखा नं.	जम्मा उजुरी	फछ्यौंट संख्या	जिम्मेवारी सरेको
१	१२८५	९८७	२९८
२	१७३३	८०६	९२७
३	१२५०	१०४१	२१४
४	१२०५	८२०	३८५
५	७४२	५२५	२१७
६	१९८०	१०७९	९०१
शैक्षिक प्रमाणपत्र छानबिन एकाई	६३९	२०८	४३१
जम्मा	**८८३९**	**५४६६**	**३३७३**

६. अनुसन्धान अधिकृत तोकिएको तथा मन्त्रालय वा अन्तर्गत कारबाहीको लागि लेखी पठाएको विवरणः

आर्थिक वर्ष २०६८/०६९ मा आयोगबाट विस्तृत अनुसन्धानका लागि अनुसन्धान अधिकृत तोकिएका तथा सम्बन्धित निकायहरूबाटै कारबाही टुङ्गो लगाउन पठाइएका उजुरीहरूको मन्त्रालयगत विवरण देहायमा उल्लेख गरिएको छ ।

महाशाखा	सम्वन्धित मन्त्रालयहरू	अनुसन्धान अधिकृत तोकिएको संख्या	मन्त्रालय वा सो अन्तर्गतका क्षेत्र वा जिल्ला स्थित कार्यालयमा लेखी पठाएको संख्या
१	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	६१	१३१
	सिंचाइ मन्त्रालय	८	१४
	ऊर्जा मन्त्रालय	८	६
	कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय	-	२२
	महालेखा परीक्षकको कार्यालय	-	-
	लोक सेवा आयोग	-	-
	निर्वाचन आयोग	-	१४
	राष्ट्रिय मानव अधिकार आयोग	-	३
	नेपाल ट्रष्टको कार्यालय	-	१
		-	-
२	संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय	१०९	७३
	कृषि विकास मन्त्रालय	३७	२८
	वातावरण,विज्ञान तथा प्रविधि मन्त्रालय	-	७
	शान्ति तथा पुनः निर्माण मन्त्रालय	-	१
	सहकारी तथा गरिवी निवारण मन्त्रालय	-	-
३	वन तथा भू-संरक्षण मन्त्रालय	६४	९९
	भौतिक योजना निर्माण तथा यातायात व्यवस्था मन्त्रालय	२१	५९
	गृह मन्त्रालय	३८	१६५

	परराष्ट्र मन्त्रालय	४	७
४	वाणिज्य तथा आपूर्ति मन्त्रालय	५	१२
	महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय	२३	१६
	सामान्य प्रशासन मन्त्रालय	१	५
	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	२
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	३५	२१
	उद्योग मन्त्रालय	४	२५
	राष्ट्रपतिको कार्यालय	-	-
	उपराष्ट्रपतिको कार्यालय	-	-
५	अर्थ मन्त्रालय	१६	६३
	श्रम तथा रोजगार मन्त्रालय	७	१७
	सूचना तथा सञ्चार मन्त्रालय	७	२६
	राष्ट्रिय योजना आयोग	-	-
	महालेखा नियन्त्रकको कार्यालय	-	७
	शहरी विकास मन्त्रालय	२	१
	सार्वजनिक खरिद अनुगमन कार्यालय	-	-
६	शिक्षा मन्त्रालय	१०७	१९६
	युवा तथा खेलकुद मन्त्रालय	७	-
	रक्षा मन्त्रालय	-	३७
	संघीय मामला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय	२	८
	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२१	९
शैक्षिक प्रमाणपत्र छानबिन एकाई		३७	१७
जम्माः-		६२५	१०९२

७. नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी दायर भएका मुद्दाहरू :

आर्थिक वर्ष २०६८/०६९ मा देहायमा उल्लेखित सरकारी कार्यालय, संस्थान र शैक्षिक निकायमा कार्यरत निम्न कर्मचारीहरूले शुरु नियुक्ति र बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरू नक्कली भएको तथ्य प्रमाणित हुन आएकोले उनिहरू विरुद्ध विशेष अदालतमा दायर गरिएको मुद्दाको विवरण :

क्र.सं	प्रतिवादीको नाम	मुद्दा दायर मिति	शैक्षिक योग्यता	पद र कार्यालय
१.	सुरेश कुमार यादव	२०६८।४।१०	एम.ए. अंग्रेजी	सहायक भलिवल प्रशिक्षक, खेलकुद विकास समिति, महोत्तरी ।
२.	जगन्नाथ शर्मा	२०६८।६।२७	इण्टरमीडियट	कम्प्युटर अपरेटर (रा.प.अनं. प्रथम) जिल्ला विकास समितिको कार्यालय, पर्वत ।
३.	रुद्रनारायण चौधरी	२०६८।७।१७	इण्टरमीडियट	सशस्त्र प्रहरी निरीक्षक, सशस्त्र प्रहरी वल सिमा सुरक्षा कार्यालय, सप्तरी ।
४.	प्रेमबहादुर के.सी.	२०६८।७।२९	मध्यमा	नगर निरीक्षक, भरतपुर नगरपालिका कार्यालय ।
५.	धनबहादुर वली	२०६८।८।१५	एस.एल.सी. /टेष्ट	ना.सु., जिल्ला हुलाक कार्यालय, डोल्पा ।
६.	राम दयाल पाल	२०६८।९।१	माध्यमिक परीक्षा उत्तिर्ण	प्रा.वि. शिक्षक, शारदा नि.मा.वि. मध्यहर्षाही-१, सुनसरी ।
७.	पुस्कर के.सी	२०६८।९।२५	अध्यापन अनुमतीपत्र	शिक्षक , जिल्ला शिक्षा कार्यालय, गुल्मी अन्तर्गत ।
८.	गीता खड्का	२०६८।९।२८	मध्यमा	प्रधान सहायक, रेडियो

क्र.सं	प्रतिवादीको नाम	मुद्दा दायर मिति	शैक्षिक योग्यता	पद र कार्यालय
				नेपाल ।
९.	भक्त बहादुर खड्का	२०६८।१०।३	इन्टरमिडिएट	प्रहरी नायव निरीक्षक, प्रहरी प्रधान कार्यालय अन्तर्गत क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय, बाँके, कोहलपुर ।
१०.	राजकुमार पौडेल	२०६८।१०।१२	हाईस्कुल	प्र.ना.नि. प्रहरी प्रधान कार्यालय अन्तर्गत ।
११.	सुरेशप्रसाद घिमिरे	२०६८।१०।१३	इन्टरमिडियट	ना.सु.स्थानीय विकास मन्त्रालय ।
१२.	रिताकुमारी भुजेल (थापा)	२०६८।१०।१७	हाईस्कुल	मा.शि.का. स्वास्थ्य सेवा विभाग अन्तर्गत राईपुर उप-स्वास्थ्य चौकी राईपुर, तनहुँ ।
१३.	जितबहादुर क्षेत्री	२०६८।१०।२५	इण्टरमीडियट	का.मु. स.प्र.ना.नि. (हाल स.प्र.नि.) सशस्त्र प्रहरी बल प्रधान कार्यालय अन्तर्गत ।
१४.	दिनेशकुमार राउत	२०६८।१०।२५	एस.एल.सी.	प्र.ह.प्रहरी प्रधान कार्यालय अन्तर्गत मनप्रमूख्य घटनास्थल सहायता समूह, रानीपोखरी ।
१५.	रोजन राई	२०६८।१०।२५	आइ.ए.र वि.ए.	सदस्य सचिव, संघीय ममिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय, अन्तर्गत हलेसी विकास समिति, खोटाङ्ग ।

क्र.सं	प्रतिवादीको नाम	मुद्दा दायर मिति	शैक्षिक योग्यता	पद र कार्यालय
१६.	अर्चना कुमारी साह	२०६८।११।१७	स्थायी अध्यापन अनुमति पत्र	प्रा.शि. (महिला राहत कोटा) प्राथमिक विद्यालय, भेल्ही, सखुअवा, रौतहट
१७.	सुरेशकुमार यादव	२०६८।११।१७	वि.एस्सी.	मा.शि.तृ. राजर्षीजनक उ.मा.वि., कुर्था, जनकपुर ।
१८.	भरतकुमारी कोइराला	२०६८।११।१७	एस.एल.सी.	म.प्र.ज.प्रहरी प्रधान कार्यालय ।
१९.	राजु बस्नेत	२०६८।१२।२	M.A. English	सहायक प्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय अर्न्तगत ।
२०.	डिल्लीवहादुर नेपाली	२०६८।१२।२	एस.एल.सी.	प्रहरी हवल्दार, महानगरीय सशस्त्र प्रहरी गण २, गुल्म १ महाराजगन्ज ।
२१.	हरिप्रसाद दमासे	२०६८।१२।३	इन्टरमिडिएट (आइ.ए.)	नायव सुव्वा, जिल्ला प्रशासन कार्यालय, अर्घाखाची ।
२२.	अब्दुल रइस खाँ	२०६८।१२।१७	एम.ए. अर्थशास्त्र	तत्कालिन उप-सचिव (रा.प.द्वितिय श्रेणी) अवकास प्राप्त ।
२३.	लालबहादुर सिंह खड्का	२०६८।१२।१७	माध्यमिक परीक्षा	शिक्षक, ऐश्वर्य प्रा.वि. भावासैनी, दैलेख ।
२४.	दिलिप कार्की	२०६८।१२।२१	ईण्टर परीक्षा	प्र.स.नि. जिल्ला ट्राफिक कार्यालय,बांके ।
२५.	इन्द्रकला भुषाल	२०६८।१२।२१	हाईस्कुल परीक्षा	प्र.स.नि. जिल्ला प्रहरी कार्यालय,बांके ।

क्र.सं	प्रतिवादीको नाम	मुद्दा दायर मिति	शैक्षिक योग्यता	पद र कार्यालय
२६.	गोकर्णबहादुर विष्ट	२०६९।१।७	इन्टरमिडिएट	प्रहरी नायव निरीक्षक, प्रहरी प्रधान कार्यालय अन्तर्गत सीमा प्रहरी चौकी हर्दौना कपिलवस्तु ।
२७.	महिनारायण साह	२०६९।१।८	माध्यमिक परीक्षा	प्रशिक्षण अधिकृत, घरेलु तथा साना उद्योग कार्यालय, सिरहा, लहान ।
२८.	राम वालक राय	२०६९।२।१	स्थायी अध्यापन अनुमति पत्र	प्रा.वि. तृतिय शिक्षक, जनता मा.वि. अर्गवा, सर्लाही ।
२९.	संजिव कुमार राय	२०६९।२।१	स्थायी अध्यापन अनुमति पत्र	नि.मा.वि.तृतिय शिक्षक, श्री जनता मा.वि. अर्गवा, सर्लाही ।
३०.	उपेन्द्र कुमार शाह	२०६८।२।११	B.Sc.	शिक्षक (मा.वि. तृतिय श्रेणी) विजया उ.मा.वि., दुल्लु, दैलेख
३१.	सुधिर कापर	२०६९।२।११	एस.एल.सी.	ईलेक्ट्रिसीयन, नेपाल संस्कृत वि.वि. अर्न्तगत ।
३२.	आनन्दकुमार थापा	२०६९।२।२८	हाईस्कूल	मेशीन अपरेटर, नेपाल खानेपानी संस्थान ।
३३.	राम नारायण गिरी	२०६९।२।२८	ह्राईस्कूल	प्रहरी नायब निरीक्षक, प्रहरी प्रधान कार्यालय अन्तरगत ।
३४.	तुल बहादुर गुरुङ्ग	२०६९।२।२८	हाइस्कुल	प्र.स.नि./प्रहरी प्रधान कार्यालय अन्तरगत ।

३५.	नवलसिंह गुरुङ्ग	२०६९।२।२८	इन्टर	प्रहरी नायब निरीक्षक, प्रहरी प्रधान कार्यालय, अन्तरगत ।
३६.	लालबहादुर गरुङ्ग	२०६९।२।२८	M.Sc.	शिक्षक गौरा मा.वि. रजिया, अर्घाखाँची ।
३७.	उद्धव बहादुर साहु	२०६९।२।३१	हाईस्कुल	प्रा.वि.शिक्षक(अस्थायी) जिल्ला शिक्षा कार्यालय, कैलाली ।
३८.	गूणनिधि भण्डारी	२०६९।३।८	हाइस्कुल	प्र.ना.नि. श्री प्रहरी प्रधान कार्यालय नक्साल अर्न्तगत नेपाल प्रहरी संङ्गीत विद्यालय, महाराजगंज ।
३९.	श्रीमती राधा न्यौपाने (कोइराला)	२०६९।३।१४	आई. ए.	एडमिनिष्ट्रेटिभ एसिष्टेण्ट, वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान ।
४०.	दीपक थापा	२०६९।३।१४	माध्यमिक	वरिष्ठ अनुसन्धान सहायक, राष्ट्रिय अनुसन्धान विभाग, सिंहदरवार ।
४१.	जनक बहादुर कार्की	२०६९।३।१८	हाइस्कूल	प्र.ना.नि., प्रहरी प्रधान कार्यालय अन्तरगत
४२.	हेमलाल भट्टराई	२०६९।३।१८	इन्टरमिडीयट	मा.वि. शिक्षक, त्रिभुवन उच्च मा.वि., अर्गली, पाल्पा ।
४३.	भगवती घिमिरे (खनाल)	२०६९।३।१८	इन्टरमिडियट	सहायक तह ४, नेपाल टेलिकम, क्षे.नि., काठमाडौं
४४.	द्रोणराज पौडेल	२०६९।३।२०	इन्टरमिडियट	अगुवा सहजकर्ता, जि.वि.स.पर्वत ।

४५.	राजेश प्रसाद पराजुली	२०६९।३।२०	आई.ए.	प्रशासकीय अधिकृत, राष्ट्रिय सहकारी विकासबोर्ड, पुल्चोक ।
४६.	कृष्ण बहादुर खत्री	२०६९।३।२०	हाईस्कुल	प्रहरी सहायक निरीक्षक,जिल्ला प्रहरी कार्यालय, स्याङजा मातहत कार्यरत (हाल सेवावाट हटाईसकेको) ।
४७.	प्रेमप्रकाश शाही	२०६९।३।२०	प्रथमा	ना.सु. (विशेष), सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, बाँके ।
४८.	खगेन्द्रबहादुर हमाल	२०६९।३।२०	मध्यमा	लेखा अधिकृत (विशेष),जिल्ला स्वास्थ्य कार्यालय, बाँके ।
४९.	अनिल थापा	२०६९।३।२०	S.L.C./ P.C.L.	शिक्षक, विश्व भाषा क्याम्पस, काठमाडौं ।
५०.	प्रेम बहादुर कुँवर	२०६९।३।२२	हाईस्कूल	इन्जिनीयर, नेपाल टेलिकम अन्तर्गत दूर संचार कार्यालय, महेन्द्रनगर ।
५१.	मेरिना उपाध्याय	२०६९।३।२२	आई.ए.	प्रशासनिक सहायक, वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान ।
५२.	सुदामा प्रसाद बन्जारा	२०६९।३।२४	इण्टरमिडियट	स.ले.पा.चौथो तह, नेपाल बिद्युत प्राधिकरण अन्तर्गत ।
५३.	फुलगेन्द चौधरी	२०६९।३।२४	इण्टरमिडियट	वरिष्ठ सहायक पाँचौ तह, नेपाल टेलिकम,लहान शाखा ।

५४.	जयकृष्ण साह	२०६९।३।२४	आई. कम.	ब.स.जयकृष्ण साह दुर संचार कार्यालय, जनपकुर ।
५५.	विमला कुमारी पाण्डे	२०६९।३।२५	एस.एल.सी.	प्रा.शि., नेपाल राष्ट्रिय प्रा.वि कौवावन, कटैया, पर्सा ।
५६.	मिरा कुमारी	२०६९।३।२५	माध्यमिक परीक्षा	प्रा.वि.शिक्षक, जिल्ला शिक्षा कार्यालय रौतहट अर्न्तगत श्री प्रा.वि.बंकुल।
५७.	कुशेश्वर प्रसाद चौधरी	२०६९।३।२५	आइ.एस.सी.	सहायक इन्जीनियर, नेपाल टेलिकम, मिर्चैया शाखा ।
५८.	पूर्ण कुमार लिम्बू	२०६९।३।२५	माध्यमिक परीक्षा	प्रहरी हवल्दार, महानगरीय प्रहरी आयुक्तको कार्यालय, रानीपोखरी, काठमाडौं ।
५९.	देवराज जैसी	२०६९।३।२६	इन्टरमिडियट	नि.मा.वि. शिक्षक, महेन्द्र उ.मा.वि.खलङ्गा, डडेल्धुरा ।
६०.	राम कुमारी नेपाली	२०६९।३।२६	हाईस्कुल	मा.सि.का.(सहायक दोश्रो) जिल्ला जनस्वास्थ्य कार्यालय, कास्की अर्न्तगत ।
६१.	खड्गबहादुर ओली	२०६९।३।२७	हाइस्कूल	प्र.स.नि., प्रहरी प्रधान कार्यालय ।
६२.	भरतबहादुर कुंवर	२०६९।३।२७	इन्टरमिडियट	प्र.ना.नि., प्रहरी प्रधान कार्यालय अर्न्तगत ।

६३.	मदन अधिकारी	२०६९।३।२८	बि.एस्सी.	सिनियर वर्नर/केमिष्ट, हेटौंडा सिमेन्ट उद्योग लि. हेटौंडा ।
६४.	लक्ष्मी थापा	२०६९।३।२८	हाईस्कूल	प्रहरी सहायक निरीक्षक, प्रहरी प्रधान कार्यालय अन्तर्गत ।
६५.	रामबहादुर गुरुङ्ग	२०६९।३।२८	माध्यमिक परीक्षा	सिनियर टेक्निकल असिस्टेण्ट (रेडियोलोजी), बि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान ।
६६.	महेन्द्र प्रसाद जोशी	२०६९।३।२८	I.A.	मिटर रिडर सुपरभाइजर, नेपाल विद्युत प्राधिकरण
६७.	शान्ति कुमारी गुप्ता	२०६९।३।२८	हाई स्कूल,	कार्यालय सहायक, श्री धकधई गा.वि.स. को कार्यालय, रुपन्देही ।
६८.	समिना श्रेष्ठ	२०६९।३।२८	आई.कम.	सहायक लेखापाल, नेपाल विद्युत प्राधिकरण अन्तरगत लखनखेल वितरण केन्द्र, ललितपुर ।
६९.	कुमार सागर सकुन	२०६९।३।२८	आई.ए.	सहायक खजान्ची, कर्मचारी संचयकोष ।
७०.	बिष्णुप्रसाद बजगाई	२०६९।३।२८	हाईस्कूल	शिक्षक, जि.शि.का. अछाम अन्तर्गत जालपादेवी उच्च माध्यमिक बिद्यालय, ढाकु, अछाम ।
७१.	लोकवहादुर देउवा	२०६९।३।२८	Higher Secondary	प्रा.वि. शिक्षक, जिल्ला शिक्षा कार्यालय, कैलाली अन्तरगत भैरव मा.वि. अलाड ।

७२.	नोम बहादुर थापा	२०६९।३।२८	आई.ए.	बरिष्ठ सहायक,राष्ट्रिय वाणिज्य वैंक, क्षेत्रिय कार्यालय, नेपालगञ्ज ।
७३.	मोहन नेपाल	२०६९।३।२९	मध्यमा	टेलिफोन अपरेटर, रेडियो नेपाल ।
७४.	श्याम बहादुर नगरकोटी	२०६९।३।२९	हाईस्कूल परीक्षा उत्तीर्ण	प्र.स.नि. जिल्ला प्रहरी कार्यालय, कास्की ।
७५.	रामेश्वर खरेल	२०६९।३।२९	हाईस्कूल	सूचक, राष्ट्रिय अनुसन्धान विभाग, काभ्रे ।
७६.	कृष्णमाया खतिवडा	२०६९।३।३१	Intermediate	सहायक प्रथम, साझा स्वास्थ्य सेवा क्षेत्रपाटी, काठमाण्डौ ।
७७.	हरिविष्णु ढकाल	२०६९।३।३१	Intermediate	प्रहरी नायव निरीक्षक, प्रहरी प्रधान कार्यालय अन्तर्गत ।
७८.	विश्वनाथ प्रसाद तेली	२०६९।३।३१	निर्माण/सव ओभरसियरको १५ महिने तालीम	प्राविधिक सहायक, गा.वि.स. गम्हरीया, विर्ता, रौतहट ।
७९.	कमलप्रसाद भण्डारी	२०६९।३।३१	I.Com.	सहायकस्तर (प्रथम श्रेणी) साझा स्वास्थ्य सेवा, क्षेत्रपाटी, ढल्को, काठमाडौं ।
८०.	सुसन जोशी	२०६९।३।३१	I.A.	फोरमेन, नेपाल विद्युत प्राधिकरण ।
८१.	गोविन्द वहादुर वर्देवा	२०६९।३।३१	हाइस्कूल (S.L.C.)	प्र.ना.नि., प्रहरी प्रधान कार्यालय अन्तरगत ।

८२.	तिलकप्रसाद साह	२०६९।३।३१	आई. एस्सी.	का.मु अशिष्टेन्ट इन्जिनियर, नेपाल टेलिकम, नाम्चे शाखा सोलुखुम्बु ।
८३.	थिरवहादुर कटुवाल	२०६९।३।३१	सेण्ट अप टेष्ट (दशौ) कक्षा उत्तीर्ण	सहायक प्रथम ,राष्ट्रिय चिया तथा कफी विकास वोर्ड, केन्द्रीय कार्यालय, नयाँ बानेश्वर ।
८४.	चित्रराज ओझा	२०६९।३।३१	हाईस्कूल एस.एल.सी	प्रा.वि. शिक्षक, राधाकृष्ण मा.बि. तिजाली, डोटी ।
८५.	दिपक थापा	२०६९।३।३१	माध्यमिक	प्र.स.नि. महानगरीय ट्राफिक प्रहरी महाशाखा रामशाह पथ ।
८६.	ब्रम्हानन्द पण्डित	२०६९।३।३१	माध्यमिक	प्रा. वि. शिक्षक जि.शि.का सुनसरी अर्न्तगत सीताराम प्रा. विद्यालय, हरिनगरा, सुनसरी ।

माथि उल्लेखित अभियुक्तहरूले नक्कली शैक्षिक प्रमाणपत्रहरू पेश गर्नुको प्रयोजन अनुसूची ५ मा दिइएको छ । नक्कली प्रमाणपत्र सम्बन्धमा आ.व. २०५७/०५८ देखि २०६८/०६९ सम्म भएका फैसलाको विवरण र शैक्षिक प्रमाणपत्रसम्बन्धी मुद्दाहरूमा सफलता/असफलताको अनुपात अनुसूची ६ मा दिइएको छ ।

८. घूस रिसवत सम्बन्धी भ्रष्टाचार गरेको मुद्दा :

क्र. सं.	आयोगको निर्णय मिति	मुद्दाको प्रतिवादी	दाबीको व्यहोरा	विगो रकम
१.	२०६८।५।१९	सिन्धुपाल्चोक जिल्ला भोटसिपा गा.वि.स.वडा नं. ३ वस्ने सुनील कुमार श्रेष्ठ-१, राष्ट्रिय जनमोर्चा नेपालको केन्द्रिय कोषाध्यक्ष कृष्णप्रसाद जती समेत २	घुस रिसवत	रू.२५,०००।-

२.	२०६८।५।१९	शाखा अधिकृत, गणेश ज्ञवाली, यातायात व्यवस्था कार्यालय, नारायणी, १ ऐ. कार्यालयका मे.ई. दामोदर श्रेष्ठ समेत २ जना ।	घुस रिसवत	रू..६३,०००।-
३.	२०६८।१०।१७	गा.वि.स.सचिव चोकटदास तत्वा, पकहामैनपुर गा.वि.स.पर्सा, १, ऐ.गा.वि.स. वडा नं. ५ का विनोद साह कानु समेत २	घुस रिसवत	रू.५,०००।-
४.	२०६८।१०।१९	इन्जिनियर,अभिमनदास मुल्मी डिभिजन सडक कार्यालय, तनहुँ १, ऐ. कार्यालयका ऐ. पदमा कार्यरत अमरेन्द्र कुमार कर्ण १, नमराज भण्डारी, प्रतिनिधी, शैलुङ कन्काई जे.भी. ललितपुर समेत ३ जना ।	घुस रिसवत	रू.३,४९,०००।-
५.	२०६८॥११।४	मालपोत अधिकृत भुप बहादुर वोगटी,मालपोत कार्यालय रसुवा, १ जना	घुस रिसवत	रू.५४,२८५।-
६.	२०६८।१२।१३	फोरमेन, सिताराम दुवाडी, विद्युत प्राधिकरण, धादिङ वितरण केन्द्र १	घुस रिसवत	रू.८,०००।-
७.	२०६८।१२।२६	त्रिभुवन विमानस्थल गौचर कार्यालयका का.स. पदमा कार्यरत पूर्णवहादुर वस्नेत-१, अध्यागमन कार्यालय कालीकास्थानका क.अ.पदमा कार्यरत महेश गौतम समेत २ जना ।	घुस रिसवत	रू.१,१०,०००।-

८.	२०६८।१२।२६	नागेन्द्र प्रसाद यादव, वन तथा भूसंरक्षण राज्यमन्त्री लक्ष्मण महतोका उप-स्वकिय सचिव १	घुस रिसवत ।	रू.५०,०००।-
९.	२०६९।१।२६	नेपाल विद्युत प्राधिकरण विरगञ्जका इलेक्ट्रीसियन, सुधीर कुमार कर्ण १ ऐ. कार्यालयका सुपरभाइजर रामवावु चौधरी १, जि.पर्सा,विरगञ्ज उप. म.नपा.वडा नं. १४ श्रीपुर टोल वस्ने वीरेन्द्रप्रसाद कुर्मी समेत ३ जना ।	घुस रिसवत ।	रू.१५,०००।-
१०	२०६९।१।३१	उपत्यका खानेपानी व्यवस्थापन वोर्डका कार्यकारी निर्देशक हरीप्रसाद ढकाल, ऐ. कार्यालयका ई. दिनेश विष्ट समेत २ जना ।	घुस रिसवत ।	रू.३,००,०००।-

९. सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दा :

क्र. सं.	निर्णय मिति	प्रतिवादी	दाबीको व्यहोरा	बिगो रकम
१.	२०६८।११।१४	उप-सचिव गणेश वहादुर कार्की, जिल्ला वन कार्यालय, पाँचथरका तत्कालिन जिल्ला वन अधिकृत-१,ऐ. कार्यालयका तत्कालिन सहायक वन अधिकृत नेमधारी यादव-१, ऐ. कार्यालयका तत्कालिन सहायक वन अधिकृत विन्दीलाल चौधरी-१, ऐ.कार्यालयका सहायक वन अधिकृत वासुदेवप्रसाद	सरकारी, निजी, आवादी जग्गाको खयर रुखहरु कटान सम्वन्धी फाइलमा सरकारी वनको खयर काठ समेत निकासी गरी भ्रष्ट्राचार गरेको ।	रू.७५,९८,५५०।-

		मण्डल-१, ऐ. कार्यालयका सहायक वन अधिकृत गंगाराम मण्डल-१, ऐ.कार्यालयका सहायक वन अधिकृत राम आधार सिंह-१, ऐ.कार्यालयका फरेष्टर मिलन कटुवाल-१, ऐ.कार्यालयका फरेष्टर प्रदिप वाँस्कोटा-१ समेत ८ जना ।		
२.	२०६८।११।२९	पुण्यप्रसाद पोखरेल,पश्चिमाञ्चल सिंचाई डिभिजन नं.३ तनहुँ-१, ऐ.कार्यालयका ई. धिरेन्द्र नापित-१, ऐ.कार्यालयका ई. हरिदत्त साह-१,ऐ.कार्यालयका ई. प्रभुनन्दन साह-१, ऐ. कार्यालयका ई. वलदेव मण्डल-१, ऐ.कार्यालयका ई. कृष्णबहादुर वि.क.-१,ऐ. कार्यालयका लेखापाल भुवनसिंह थापा-१, ऐ.कार्यालयका जल उपभोक्ता समितिका अध्यक्ष दल वहादुर दरै-१, पिपलटार सिंचाई योजना जल उपभोक्ता समितिका तत्कालिन कोषाध्यक्ष श्याम बहादुर दरै-१, ऐ. योजनाका कोषाध्यक्ष जित वहादुर सिजापति-१, जि.तनहुँ राम्जाकोट गा.वि.स.२ पिपलटारका रुपबहादुर दरै-१ समेत ११ जना ।	सरकारी रकम हिनामिना ।	रू.१,००,५६,८२१।८४

३.	२०६८।११।३०	रमेशकुमार श्रेष्ठ, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक-१	सरकारी रकम हिनामिना ।	रू.५८,५६,७६३।९७
४.	२०६८।११।३०	देवीप्रसाद अधिकारी, काउण्टर इन्चार्ज, सहायक द्वितिय, साझा स्वास्थ्यसेवा अर्न्तगत भरतपुर क्यान्सर अस्पताल-१ ।	औषधी विक्रीको रकम हिनामिना गरेको ।	रू.३४,५७,४७९।३३
५.	२०६८।१२।७	पिताम्बरप्रसाद पोखरेल, लेखा अधिकृत(विशेष), आन्तरिक राजस्व विभाग-१, विराटनगर उ.म.नपा.वडा नं. ४ वस्ने अभिशेष पोखरेल-१, जि.मोरङ, वेलवारी गा.वि.स.७ वस्ने खगेन्द्र लामिछाने-१, अस्वीक ट्रेडर्सका प्रोपाइटर,कृष्ण गोपाल के.सी.-१ समेत ४ जना ।	आन्तरिक राजस्व विभागको रकम हिनामिना ।	रू.३,१२,८५,९८९।१७
६.	२०६९।१।२७	मुरारी नेपाल, तत्कालिन निमित्त स्था.वि.अ.जि.वि.स. कार्यालय बारा-१, मेघुप्रसाद जैसवाल कलवार, ऐ.कार्यालयका तत्कालिन इन्जिनियर-१, शितलप्रसाद गुप्ता, प्रमुख जिल्ला ईन्जिनियर,जिल्ला प्राविधिक कार्यालय,वारा-१, ऐ.कार्यालयका ईन्जिनियर, रमेशलाल कर्ण-१, ऐ.कार्यालयका इन्जिनियर रामप्रकाश सतरा-१, ऐ. कार्यालयका इन्जिनियर, किशोर यादव-१, ऐ. कार्यालयका इन्जिनियर जाकिर	सरकारी रकम हिनामिना ।	रू.२,२७,६७,०६६।५१

		हुसेन अन्सारी-१, ऐ. कार्यालयका सव-इन्जिनियर लालुवावु राय-१, ऐ. कार्यालयका सव-इन्जिनियर योगेन्द्रप्रसाद यादव-१, ऐ. कार्यालयका असिस्टेण्ट सव-ईन्जिनियर अजीत कुमार दुलाल-१, ऐ. कार्यालयका असिस्टेण्ट सव-ईन्जिनियर राम निवास प्रसाद जैसवाल-१, ऐ.कार्यालयका असिस्टेण्ट सव-इन्जिनियर शम्भुप्रसाद जैसवाल-१, ऐ.कार्यालयका ऐ. पदका सुरेन्द्र राय यादव-१, ऐ.कार्यालय ऐ.पदका रामदेव प्रसाद गुप्ता-१, ऐ.कार्यालयका ऐ. पदका औलिक मोहम्मद-१, ऐ. कार्यालयका योजना अधिकृत, प्रदीप पौडेल-१, ऐ. कार्यालयका लेखा अधिकृत गोपीलाल दास-१, ऐ. कार्यालयका लेखापाल प्रेमवावु प्रसाद-१, ऐ. कार्यालयका लेखापाल सुरेन्द्रप्रसाद चौधरी-१, ऐ.कार्यालयका ना.सु. विरेन्द्र महतो-१, ऐ.कार्यालयका खरिदार मोहनलाल साह-१, ऐ.कार्यालयका ऐ. पदका राजीवकुमार यादव-१, सुधा निर्माण सेवा,वारा कलैयाका प्रोप्राइटर सत्येन्द्र प्रसाद सिंह-१, तत्कालिन जि.वि.स.वोर्ड संयन्त्रका प्रतिनिधि भागवत		

		प्रसाद दास-१, ऐ.वोर्डका मनोज कुमार यादव-१, तत्कालिन वोर्डका प्रतिनिधी रामवावु प्रसाद साह-१, प्रतिनिधी प्रयाग राय यादव-१, प्रतिनिधी त्रिलोकी प्रसाद चौधरी-१, प्रतिनिधी प्रकाश चौगाँई-१, ऐ. वोर्डका प्रतिनिधि मुक्ति प्रसाद यादव-१,ऐ. वोर्डका प्रतिनिधी देवतामणि उपाध्याय-१, ऐ. वोर्डका प्रतिनिधी राजनारायण साह-१, ऐ. वोर्डका प्रतिनिधी विरेन्द्र प्रसाद यादव-१, ऐ. वोर्डका प्रतिनिधि राजेन्द्र सहनी-१, ऐ. वोर्डका प्रतिनिधी मोहनप्रसाद यादव-१, ऐ.का प्रतिनिधी उमेशलाल दास-१, ऐ. वोर्डका प्रतिनिधी गणेश पासवान-१, ऐ. वोर्डका प्रतिनिधी कर्णवहादुर थापा-१, ऐ. वोर्डका प्रतिनिधि जयचन्द्रप्रसाद चौरसिया-१, ऐ. वोर्डका प्रतिनिधी हरि चौलागाईं-१, ऐ. वोर्डका प्रतिनिधी मोहम्मद फिरोज-१ समेत ४१ जना ।		
७.	२०६९।१।२८	उपसचिव फणिन्द्र राज खरेल, वर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय-१	राजस्व रकम हिनामिना ।	रू.४,५३,५१७-
८.	२०६९।२।३१	ईन्जिनियर पवन कुमार, जलेश्वर नगरपालिका, महोत्तरी, १ ।	नियम विपरीत कार्य गरी सरकारी रकम हिनामिना ।	रू.१३,५८,२०२।-

९.	२०६९।३।१८	हरिप्रसाद मण्डल,जुम्लाका तत्कालिन इन्जिनियर,हाल जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन नं.२-१, रोमभक्त शर्मा, मध्यपश्चिम सिंचाई डिभिजन कार्यालय नं.१-१, ऐ. कार्यालयका इन्जिनियर रामभरत मण्डल-१, कालापाल्ता सिंचाई उपभोक्ता समिति जुम्लाका अध्यक्ष मल्ल बुढा-१ समेत ४ जना ।	सरकारी रकम हिनामिना ।	रू.४,७४,३४७६८
१०	२०६९।३।२६	मणिराम वि.क. ऋण परिचालक, जि.वि.स. वर्दिया, १ जना ।	सरकारी रकम हिनामिना ।	रू.५३,६,७५९।-
११	२०६९।३।२७	पुण्यवहादुर ओली, प्रहरी नायव निरीक्षक, प्रहरी प्रधान कार्यालय-१, ऐ. कार्यालयका डोर बहादुर राई, प्र.ना.नि.-१ समेत २ जना ।	सरकारी रकम हिनामिना ।	रू.२०,२४,२६८।७४

१०. अन्यः

प्रश्नपत्रको गोपनीयता भंग गरी भ्रष्ट्राचार गरेको मुद्दाः

क्र. सं.	आयोगको निर्णय मिति	मुद्दाको प्रतिवादी	दाबीको व्यहोरा	बिगो रकम
१	२०६८।३।३१	जिलेट आवशीय उच्च मा.वि.कालीमाटीका प्रिन्सीपल, नेत्रवहादुर लिम्वु-१, का.जि.का.नपा.१४ वस्ने रुद्रबहादुर अधिकारी-१, ऐ. नपा.वडा नं. ३५ वस्ने तीर्थराज बराल-१, प्र.ह. गुप्तबहादुर क्षेत्री, प्रहरी वृत्त कालीमाटी-१, जिलेट आवाशीय उ.मा.वि.का लेखापाल, नरेन्द्र	प्रश्नपत्रको गोपनीयता भंग गरेको	रू.६९,००,०००।-

		सुवेदी-१, का.जि.भद्रवास ३ वस्ने सन्तोष कुइँकेल-१, का.जि.का.म.नपा.७ कुमारीगाल वस्ने विनोद वस्नेत-१ समेत जना ७ ।		

११. रातो पासपोर्ट दुरुपयोग मुद्दा :

१.	०६८।५।१	जिल्ला वाग्लुङ, खुरवानी गा.वि.स.वडा नं.२ वस्ने पृथ्वी छन्त्याल-१, खोटाङ जिल्ला,खोटाङ वजार गा.वि.स.वडा नं. ३ घर भई हाल भक्तपुर लोकन्थली वस्ने देवेन्द्र पौडैल- १, म्याग्दी जिल्ला, पुलाचौर गा.वि.स., वडा नं. ३ वस्ने गोपाल वानिया-१, लमजुङ जिल्ला, सुन्दरवजार गा.वि.स.वडा नं. ९ घर भई काठमाडौं का.म.नपा. सामाखुसी वस्ने आशिष भन्ने डिल वहादुर घर्ती-१, जि.म्याग्दी, अर्थुङ्गे गा.वि.स.वडा नं. ९ वस्ने मनोज कुमार कार्की समेत ५ जना ।	कुटनैतिक राहदानी दुरुपयोग गरी भ्रष्टाचार गरेको ।	रू.१,६२,००,०००।- विश्व नाथ साह र गायत्री साह उपर विशेष अदालतमा आ.व.०६७/६८ मा अभियोग दर्ता भई सो सँग सम्वन्धित पूरक आरोप पत्र ०६८/६९ मा दर्ता भएको ।
२	२०६८।८।१२	जिल्ला सर्लाही, गडहिया गा.वि.स.वडा नं. १ वितार्टोल घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका, नयाँवानेश्वर थापागाऊँ वस्ने संविधानसभा तथा व्यवस्थापिका संसदका सदस्य, शिवपुजन राय यालव-१, जिल्ला म्याग्दी, रत्नेचौर गा.वि.स.वडा नं. ४ स्थायी घर भई हाल अष्ट्रेलियामा	कुटनैतिक राहदानी दुरुपयोग गरी भ्रष्टाचार गरेको ।	रू.२२,००,०००।-

		भएका केदारनाथ शर्मा चापागाँई-१, जिल्ला खोटाङ, खोटाङ वजार गा.वि.स.वडा नं. ३ घर भई हाल भक्तपुर जिल्ला मध्यपुर थिमी नपा.वडा नं. १६ वस्ने देवेन्द्र पौडेल-१, जिल्ला म्याग्दी, अर्थुङ्गे गा.वि.स.वडा नं. ९ वस्ने मनोजकुमार कार्की-१, जिल्ला म्याग्दी पुलाचौर गा.वि.स.वडा नं. ३ घर भई हाल का.जि.का.म.नपा. गोंगवु ४ वस्ने गोपाल वानिया-१, जिल्ला लमजुङ, सुन्दरवजार गा.वि.स.वडा नं. ९ घर भई हाल का.जि.का.म.नपा.सामाखुसी वस्ने वर्ष ४० को आशिष भन्ने डिल वहादुर घर्ती-१, जिल्ला सर्लाही, धनकौल गा.वि.स.वडा नं. ९ वस्ने सन्तोषराज उप्रेती-१, जिल्ला रामेछाप, गुप्तेश्वर गा.वि.स.वडा नं. २ घर भई हाल ललितपुर जिल्ला, ल.पु.उ.म.न.पा.१४, नखिपोट वस्ने तत्कालिन अध्यागमन कार्यालय त्रि.अ.वि.का कम्प्यूटर अधिकृत हाल निलम्वित इन्द्रकुमार सुनुवार-१, जिल्ला जुम्ला, हाकु गा.वि.स.वडा नं. १ घर भई हाल का. जि. का. म. न. पा. सिनामंगल वस्ने तत्कालिन अध्यागमन कार्यालय त्रि.अ.वि.का हाल निलम्वित देवी दत्त खत्री-१, जिल्ला झापा, चन्द्रगढी गा.वि.स. वडा नं. ८		

		घर भई हाल का.जि. जोरपाटी गा.वि.स. वडा नं. ४ वस्ने तत्कालिन अध्यागमन कार्यालय त्रि.अ.वि.का व.अ.स. हाल जल तथ मौसम विभागमा कार्यरत वर्ष ३९ का रमेश लम्साल-१ समेत १० जना ।		
३	२०६९।२।४	संविधानसभा तथा व्यवस्थापिका संसदका सदस्य नारदमुनि राना, १, जि.म्याग्दी घतान गा.वि.स.वडा नं.२ घर भई हाल अष्ट्रेलियामा रहेका निर्मल वानिया १, जि. खोटाङ, खोटाङ बजार गा.वि.स.वडा नं. ३ घर भई हाल जि.भक्तपुर मध्यपुर थिमी नपा.वडा नं. १६ लोकन्थली वस्ने देवेन्द्र पौडैल १, जि. म्याग्दी, अर्थुङ्गे गा. वि. स. वडा नं. ९ वस्ने मनोज कुमार कार्की १, जि.म्याग्दी, पुलाचौर गा. वि. स.वडा नं. ३ घर भई हाल का. जि. का. म. न. पा. वडा नं. ४ गोंगवु वस्ने गोपाल वानिया १, जि. लमजुङ, सुन्दरवजार गा.वि.स. वडा नं. ९ घर भई हाल का. जि. का. म. न.पा. सामाखुशी वस्ने आशिष भन्ने डिलवहादुर घर्ती १, जि. सर्लाही धनकौल गा.वि.स.वडा नं. ९ वस्ने सन्तोषराज उप्रेती १, जि.रामेछाप, गुप्तेश्वर गा.वि.स. वडा नं. २ घर भई हाल जि.ल.पु.उ.म.न.पा.वडा नं. १४, नखिखपोट वस्ने तत्कालिन	कुटनैतिक राहदानी दुरुपयोग	रू.२२,००,०००।-

		त्रि.अ.वि.कार्यालयका इन्द्रकुमार सुनुवार, कम्प्यूटर अधिकृत १, जि. जुम्ला, हाकु गा.वि.स. वडा नं. १ घर भई हाल का.जि.का.म.न.पा. सिनामंगल वस्ने तत्कालिन अध्यागमन त्रि.अ.वि. कार्यालयका वरिष्ठ अध्यागमन सहायक, देवीदत्त खत्री १, जि. झापा, चन्द्रगढी गा.वि.स.वडा नं. ८ घर भई हाल का.जि.जोरपाटी गा.वि.स.वडा नं. ४ वस्ने तत्कालिन अध्यागमन कार्यालय त्रि.अ.वि.का व.अ.स. रमेश लम्साल १, जि.सुनसरी, धरान नपा.वडा नं. ४ घर भई अध्यागमन कार्यालय त्रि.अ.वि.का तत्कालिन शाखा अधिकृत श्यामवावु भण्डारी १, समेत ११ जना ।		

आर्थिक वर्ष २०६८/०६९ मा आयोगबाट अभियोजन गर्न निर्णय गरिएका मुद्दाहरूमा जम्मा **रू. १२,३१,५९,५९८।१७ (रू. बाह्र करोड एकतीस लाख उन्साठी हजार पाँच सय अन्ठानब्बे रुपैयाँ र पैसा सत्र मात्र**) बिगो मागदाबी लिइएको छ ।

१२. आर्थिक वर्ष २०६८/०६९ को असुलउपर सम्बन्धी विवरण :

सि.नं.	विवरण	जम्मा रकम
१.	अनुसन्धान भएपछि असुल भएको	रू.४७,१२,३०,१०८।२३
२.	विभिन्न जिल्ला प्रशासन कार्यालयहरुवाट असुलउपर भएको	रू.३८,५५,९८३।-
३	असुल उपरको लागि लेखी पठाइएको	रू.४०,२६,६०,५९५।१६

१३. आर्थिक वर्ष २०६८/०६९ को सार्वजनिक जग्गा सरकारी कायम सम्बन्धी विवरण :

(क) नेपाल सरकारको नाममा कायम गर्न लेखी पठाइएको जग्गाको विवरण

सि.नं.	जग्गाको विवरण	क्षेत्रफल
१.	उपत्यकाभित्र (रोपनी)	१२१-१४-२-२
२.	उपत्यकाबाहिर(रोपनी)	१९११-१०-०-२
	जम्मा	२०३३-८-३-०

(ख) नेपाल सरकारको नाममा कायम भएको जग्गाको विवरण

सि.नं.	जग्गाको विवरण	क्षेत्रफल
१.	उपत्यका भित्र (रोपनी)	२२-१-३-०
२.	उपत्यका बाहिर (रोपनी)	६२-४-१-१
	जम्मा	८४-६-०-१

(ग) गुठी कायम गर्न लेखी पठाइएको जग्गाको विवरण

सि.नं.	जग्गाको विवरण	क्षेत्रफल
१.	उपत्यकाभित्र (रोपनी)	१०-१२-२-०
	सि.नं. १३ को क+ख+ग गरी कूल जम्मा	२१२८-११-१-१ रोपनी

१४. प्रत्यायोजित अधिकार अन्तर्गत भएका कामकारबाही :

मिति २०६३।१०।१ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, पुनरावेदन सरकारी वकिल कार्यालय तथा जिल्ला सरकारी वकिल कार्यालयका सरकारी वकिलहरूलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ। आ.व. २०६८।०६९ मा पाँच विकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरूमा भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी ३२३ वटा उजुरी परेकोमा जम्मा १०१ वटा फछ्यौंट भई २२२ वटा फछ्यौंट हुन बाँकी रहेको र जिल्ला प्रशासन कार्यालयहरूमा भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी १८४३ वटा उजुरी परेकोमा जम्मा ६३६ वटा फछ्यौंट भई १२०७ वटा फछ्यौंट हुन बाँकी नै रहेको विवरण प्राप्त हुन आएको छ। यसरी हेर्दा जिल्ला प्रशासन कार्यालयहरूबाट भएको कार्य सम्पादन आशातीत रूपमा प्रभावकारी रहेको देखिदैन। यस सम्बन्धी विस्तृत तथ्यांक अनुसूची ७ र ८ मा दिइएको छ। आयोगमा परेका कुल उजुरी र फछ्यौंटको संख्यात्मक विवरण अनुसूची ९ र १० मा दिइएको छ भने मुद्दा जितहारको स्थिति अनुसूची १२ मा दिइएको छ।

परिच्छेद -३

अभियोजन

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ मा सार्वजनिक पद धारण गरेका व्यक्तिहरू उपर भ्रष्टाचारको आरोपको सम्बन्धमा चलेको कारवाही र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकिकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्ने प्रावधान अनुसार आर्थिक वर्ष २०६८।०६९ मा कसुरदार देखिन आएका अभियुक्त विरुद्ध निम्नानुसारको मागदावी लिई विशेष अदालत, काठमाडौं समक्ष दायर गरिएका मुद्दाको संक्षिप्त विवरण देहायमा उल्लेख गरिएको छ :-

१. सभासदद्वय विश्वनाथ प्रसाद यादव र गायत्री साहको कूटनैतिक राहदानी प्रयोग गरी गलत मानिस काठमाडौंबाट विदेश उडेको र यु.ए.ई.को आवुधावीबाट पक्राउ परी फिर्ता आएको भन्ने समेतको विषयमा आयोगबाट अनुसन्धान भै सभासद विश्वनाथ प्रसाद यादव समेत ९ जना उपर आयोगको मिति २०६८।१।२७ को निर्णयले विशेष अदालत, काठमाडौं समक्ष रकम लेनदेन गरी सरकारी कागजात (कूटनैतिक राहदानी) सच्याई हेरफेर गरी भ्रष्टाचार गरेको भन्ने स.फौ. नं. ९३-०६७-०००८३ नं. को मुद्दा दायर गरिएको र सो अवस्थामा वास्तविक नाम, थर तथा वतन नखुली अनुसन्धानबाट कसुरदार देखिन आएका व्यक्तिहरूको हकमा पछि पक्राउ परी वा एकिन नाम थर वतन खुली आएको अवस्थामा कानून बमोजिम आरोप पत्र दायर गरिने भनी आरोप पत्रको पाना नं. २७ को प्रकरण ३ मा उल्लेख गरिएकोमा, फरार व्यक्तिहरूमध्ये प्रहरीद्वारा पृथ्वी छन्त्याल, गोपाल वानियाँ, आशिष भन्ने डिल बहादुर घर्ति, मनोज कुमार कार्की र देवेन्द्र पौडेललाई पक्राउ गरी दाखिला भएकोमा आयोगबाट भएको अनुसन्धानबाट, “सभासदद्वय विश्वनाथ प्रसाद यादव र गायत्री साहले आफ्नो नाममा जारी भएको कूटनैतिक पासपोर्टमा टाँसिएको फोटो उप्काई सो स्थानमा पृथ्वी छन्त्याल र सिता साहको फोटो टाँस गरी निजहरूलाई दिई निज व्यक्तिहरूले सोही पासपोर्ट प्रयोग गरी अवुधावीसम्म पुग्न सफल भएको देखिन्छ”। सन्तोष राज उप्रेतीले, “सभासदद्वय वि.पी. यादव र गायत्री साहको पासपोर्ट म सँग छ, मान्छे खोज्नु भने बमोजिम मेरो साथी मनोज कुमार कार्कीलाई भनेको र त्यस पछि गोपाल वानियाँले २ जना मानिस छन् भनी खवर गरेपछि गोपाल वानियाँको माध्यमबाट विदेश पठाएको देखिन्छ”।

गोपाल वानियाको भिक्टोरिया कन्सल्टेन्सी, गोंगवुमा पृथ्वी छन्त्यालले पटक पटक गरी पैसा दिएको कन्सल्टेन्सीको क्यास रिसिभ रसिदबाट समेत देखिन्छ भने निज गोपाल वानियाले वयान गर्दा रु.५ लाख पृथ्वी छन्त्याललाई र रु.१ लाख सिता साहलाई फिर्ता दिएको भनी वयान गरेको। राहदानीको फोटो परिवर्तन (P.C.) गर्ने कार्य, देवेन्द्र पौडेलले प्रति राहदानी ७ हजारका दरले गरेको भन्ने कुरा आशिष भन्ने डिल बहादुर घर्तिको वयानबाट समेत पुष्टि

हुन आएको । मनोज कुमार कार्कीको मोवाइलबाट अध्यागमन कार्यालयका ना.सु. देवीदत्त खत्री र कम्प्युटर अधिकृत इन्द्र कुमार सुनुवारसँग वारम्बार फोन सम्पर्क हुनुका साथै भूमिनन्द भण्डारीको वयानबाट यस कार्यमा देवीदत्त खत्री र इन्द्र कुमार सुनुवारको पूर्ण संलग्नता रहेको कुरा देखिएको । पृथ्वी छन्त्याल, गोपाल वानियाँ तथा बुझिएका दिपीका उप्रेती र डि.एन. धितालको वयानबाट समेत निजहरूको संलग्नतालाई पुष्टि हुनुको साथै राहदानी ऐन अन्तर्गतको कसुर सम्बन्धी मुद्दाको वयानमा कसुर स्वीकार गरेको अवस्था र पृथ्वी छन्त्यालको वयान कागज समेतको आधारमा आशिष भन्ने डिल बहादुर घर्ति, मनोज कुमार कार्की, गोपाल वानिया र देवेन्द्र पौडेलले सभासदद्वय वि.पी. यादव र गायत्री साहको कुटनीतिक राहदानी सच्याउने, आफ्नो हातमा पारी पुनः फोटो परिवर्तन गर्ने, समेतका भ्रष्टाचारजन्य कार्य गरेको पुष्टि एवं प्रमाणित हुन आएको हुँदा आशिष भन्ने डिल बहादुर घर्ति, मनोज कुमार कार्की, देवेन्द्र पौडेल र गोपाल वानियाँले आयोगबाट विशेष अदालत काठमाडौंमा मिति २०६८।१।२८ मा दायर भएको प्रतिवादी वि.पी. यादव समेत भएको "रकम लेनदेन गरी सरकारी कागज(कूटनैतिक राहदानी) सच्याई हेरफेर गरी भ्रष्टाचार गरेको" भन्ने मुद्दामा कायम विगो रु.१,६२,००,०००।- (एक करोड वैसट्ठी लाख) आपसमा बाँडफाँड गरी लिनु खानु गरी भ्रष्टाचार गरेको देखिंनआएको हुँदा आशिष भन्ने दिल बहादुर घर्ति, मनोज कुमार कार्की, देवेन्द्र पौडेल र गोपाल वानियालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(झ) र ऐ. ऐनको दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ३(१)(झ) र ऐ. ऐनको दफा ११ बमोजिमको सजाय हुन र पृथ्वी छन्त्यालले वि.पी. यादवको कूटनैतिक राहदानी सच्याई फोटो परिवर्तन, हेरफेर गरी आफूले नपाएको ओहदा, अधिकार, हैसियत, सुविधा प्रयोग गरेको समेत देखिंदा निज पृथ्वी छन्त्यालले अवुधावीमा गरिदिएको कागज प्रमाण समेतको आधारमा आयोगबाट मिति २०६८।१।२८ मा दायर भएको प्रतिवादी वि.पी. यादव समेत भएको माथि उल्लेखित भ्रष्टाचार मुद्दामा कायम विगो रु.१,६२,००,०००।- आपसमा बाँडफाँड गरी लिनु खानु गरी भ्रष्टाचार गरेको देखिंनआएको हुँदा निज पृथ्वी छन्त्याल उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(झ), ११ र दफा १५ को कसूरमा सोही ऐनको दफा ३(१)(झ), ११ र १५ बमोजिम सजाय गरी निजहरू सबैबाट विगो बमोजिम जरिवाना हुन समेतको माग दावी लिइएको ।

२. महानगरीय प्रहरी परिसर, काठमाण्डौका कार्यालय प्रमुख प्रहरी उपरीक्षक रमेश खरेलको कार्यकक्षमा कृष्ण प्रसाद जती र सुनिल कुमार श्रेष्ठ भेटघाटको लागि आएकोमा कृष्ण प्रसाद जतीले कुराकानीको क्रममा आफ्ना ३ जना मानिसलाई प्रहरी जवानमा भर्नाको लागि मध्य क्षेत्रीय प्रहरी तालीम केन्द्रका प्रमुखलाई सिफारिश गरिदिन र सो वापत तत्काललाई साथमा ल्याएको रु. २५,०००।- घुस लिन अनुरोध गरेको हुंदा उक्त रकम बरामद गरी कृष्ण प्रसाद जती र सुनिल कुमार श्रेष्ठ समेतलाई आवश्यक कारवाहीको लागि आयोगमा प्राप्त भएको । सो उपर भएको अनुसन्धानबाट प्रहरी उपरीक्षक रमेश खरेललाई रिसवत दिन ल्याइएको रकम रु. २५,०००।- प्रहरी उपरीक्षकको कार्यकक्षबाट वरामद भएको कुरा बरामदी

मुचुल्काबाट देखिन आएको । उक्त रकम रिसवत दिन ल्याइएको रकम हुंदा आवश्यक कारवाही गरी पाउँ भन्ने प्रहरी उपरीक्षक रमेश खरेलको प्रतिवेदन रहेको । बरामदी मुचुल्कामा प्रतिवादी सुनिल कुमार श्रेष्ठ र कृष्ण प्रसाद जती रोहवरमा बसेको । निजहरूले बैंकबाट उक्त रकम रु. २५ हजार झिकी प्रहरी उपरीक्षक रमेश खरेललाई भरतपुरमा हुने प्रहरी जवान परीक्षामा गणेश भण्डारीसमेतलाई पास गरिदिन भनी घुसको रुपमा रकम लिई प्रहरी उपरीक्षकको कार्यकक्षमा केटाहरूको प्रवेश पत्र समेत लिई गएको हो । उक्त रकम हामीबाट वरामद भएको हो भनी बयानमा स्वीकार गरेको । प्रहरी उपरीक्षक रमेश खरेलको बयानबाट पनि बरामद रकम घुस दिन ल्याएको भन्ने प्रष्ट भएको र सोलाई प्रतिवादीहरूले आफ्नो बयानमा अन्यथा भन्न नसकेको । रकम झिकेको कुरा हिमालय बैंकको बैंक स्टेटमेन्टले पनि देखाएको रहेको, मध्य क्षेत्र प्रहरी तालिम केन्द्रको पत्र एवं प्रहरी उपरीक्षक बलराम शर्माको बयानबाट गणेश भण्डारी समेतका परीक्षार्थी शारीरिक परीक्षण र वाधापार परीक्षामा पहिला नै अनुत्तिर्ण भई सकेको अवस्था देखिएको, परीक्षार्थी गणेश भण्डारी, जीवन दनुवार,हरिकृष्ण कोइरालाको बरामद प्रवेश पत्र, वरामद नगद रु. २५ हजार समेतका सवुद प्रमाणहरूबाट सुनिल कुमार श्रेष्ठ तथा कृष्ण प्रसाद जतीले आफ्ना राजनैतिक सहयोगी गणेश भण्डारी समेतलाई प्रहरी जवानको परीक्षामा उत्तिर्ण गराउने उद्देश्यले भनसुन गरिदिन निजहरूको प्रवेश पत्र र रु. २५ हजार घुस दिने रकम लिई प्रहरी उपरीक्षक रमेश खरेलको कार्यकक्षमा प्रवेश गरेको र प्रहरी उपरीक्षकलाई उक्त रकम लिन अनुरोध गरेको र उक्त (घुस रिसवत) रकम रु. २५ हजार प्रतिवादी कृष्ण प्रसाद जतीबाट वरामद भएको आधार प्रमाणहरूबाट कृष्ण प्रसाद जती तथा सुनिल कुमार श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) अन्तर्गतको कसुर गरेकोले निजहरू दुवै जनालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसार विगो बमोजिम जरिवाना गरी वरामद गरेको रकम रु. २५ हजार जफत र सोही दफाको उपदफा (१)(क) अनुसार कैद समेत हुन मागदावी लिईएको ।

३. यातायात व्यवस्था कार्यालय, नारायणीमा सार्वजनिक पर्सा मिनी माइक्रोबस सेवा समितिको तर्फबाट बिभिन्न नं.का नौवटा बसहरूको लागि वीरगंज देखि पथलैयासम्मको रुट पर्मिट पाउन निबेदन परेकोमा नेपाल यातायात व्यबसायी राष्ट्रिय महासंघले मिति २०६८।४।१० मा वीरगंजदेखि निजगढसम्मको इजाजतपत्र दिन अनुरोध गरी जिल्ला प्रशासन कार्यालय, पर्सा र यातायात व्यबस्था कार्यालय, वीरगंजलाई पत्र लेखेको र जिल्ला प्रशासन कार्यालय, पर्साले मिति २०६८।४।१५ मा सो विषयमा प्रचलित कानून बमोजिम गर्नु हुन भनी यातायात व्यबस्था कार्यालय पर्सा वीरगंजलाई पत्र पठाएबाट रुट पर्मिट जारी गर्न कुनै वाधा नरहेको अबस्थामा पनि रुट पर्मिट नदिएकोले आफूले दामोदर श्रेष्ठलाई पैसा लिएर भए पनि रुट पर्मिट स्वीकृत गरिदिन आग्रह गरेकोमा निजले त्यो कुरा मैले भन्ने हैन तपाइले गर्ने कुरा हो भन्दै शाखा अधिकृत गणेश ज्ञवालीलाई आफुले सवै कुरा अह्राई सकेकोले निजलाई भेट्न जानु भनेको र राजेश पटेलले गणेश ज्ञवालीसंग भेट गर्दा निजले

प्रति गाडी सात हजार रुपियांको दरले नौवटा गाडीको त्रिसठ्ठी हजार रुपैया मागेको भनी माग अनुसारको रुपियां ल्याई जिल्ला प्रशासन कार्यालयमा सो को फोटो खिच्न लगाई मिति २०६८।४।१८ गते गणेश ज्ञवालीलाई दिएकोमा निजको साथबाट उक्त फोटो खिचिएको रकम र निजको आफ्नो समेत गरी रु पचहत्तर हजार रुपियां बरामद भएको बरामदी मुचुल्का समेतबाट देखियो । राजेश पटेलले आयोगमा गरेको बयान र निजले जिल्ला प्रशासन कार्यालय, पर्सामा आफूसंग दामोदर श्रेष्ठ र गणेश ज्ञवालीले गरेको वार्ताको रेकर्ड पेश गरेको सि.डि.बाट पुष्टि हुन आयो । मौकामा कागज गर्ने व्यक्तिहरूको भनाईबाट समेत सि.डि.मा सुनिएका स्वरहरू दामोदर श्रेष्ठ र गणेश ज्ञवालीको राजेश पटेलसंग भएको वार्ता भन्ने देखिन आएको तथा मिति २०६८।४।१५, ऐ १६, १७ र १८ गते समेत निजहरूको बीच मोबाइलमा कुराकानी भएको नेपाल टेलिकमबाट प्राप्त कल रेकर्डबाट देखिन आएबाट समेत गणेश ज्ञवालीको खल्तीबाट बरामद भएको उक्त रु ६३,०००।- निजले राजेश पटेलसंग रुट पर्मिट सम्बन्धी काम गरिदिन भनी लिएको देखिन आयो । निमित्त कार्यालय प्रमुख दामोदर श्रेष्ठंले सेवाग्राही राजेश पटेलको मोवाइलमा पटक पटक फोन गरी रुट पर्मिटको बारेमा कुरा गरेको र राजेश पटेलले रकम लेनदेनको प्रस्ताव राखेपछि कुरा मिलाउन गणेश ज्ञवालीकहां पठाएको र त्यसपछि पनि गणेश ज्ञवालीलाई निजले पटक पटक फोन गरेको, गणेश ज्ञवालीबाट रकम बरामद भएको दिन पनि विहान राजेश पटेलको मोवाइलमा फोन गरी त्यसको लगत्तै गणेश ज्ञवालीलाई निजको मोबाइलमा फोन गरेको समेत देखिन आएबाट दामोदर श्रेष्ठ र गणेश ज्ञवालीको बीच भएको सल्लाह एवं सहमति बमोजिम शाखा अधिकृत गणेश ज्ञवालीले राजेश पटेलबाट उक्त रकम लिएको देखिन आई निजहरूको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसूर भएकोले प्रतिबादीहरू दामोदर श्रेष्ठ र गणेश ज्ञवालीलाई विगो रु ६३,०००।- कायम गरी सोही दफा ३(१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदाबी लिईएको ।

४. जिल्ला विकास समितिको कार्यालय, पर्वतका कम्प्युटर अपरेटर जगन्नाथ शर्माले शुरु नियुक्तिको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सांविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर देखिन आएको हुँदा निजलाई सांविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

५. जिल्ला हुलाक कार्यालय, डोल्पाका ना.सु. धनबहादुर वलीले शुरु नियुक्ति तथा बढुवाको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सांविक भ्रष्टाचार निवारण ऐन,

२०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

६. भरतपुर नगरपालिका कार्यालयका नगर निरीक्षक प्रेमबहादुर के.सी.ले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

७. शसस्त्र प्रहरी वल, सिमा सुरक्षा कार्यालय, सप्तरीका शसस्त्र प्रहरी निरीक्षक रुद्रनारायण चौधरीले वढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगवाट भएको अनुसन्धान तथा सम्वन्धित विश्वविद्यालयवाट प्राप्त पत्र एवं विवरण समेतको आधारमा उक्त शैक्षिक प्रमाणपत्रहरू नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

८. गणेश माध्यमिक विद्यालय, कटौजे, पिपलधारा, गुल्मीका शिक्षक पुस्कर के.सी.ले शुरु नियुक्ती लिने उद्देश्यले पेश गरेको स्थायी अध्यापन अनुमती पत्रको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित कार्यालय र शिक्षा सेवा आयोगको पत्र एवं विवरण समेतका आधारमा उक्त अध्यापन अनुमती पत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुर भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

९. सविधान सभा/व्यवस्थापिका संसदका सभासद शिवपुजन राय यादवलाई विदेश भ्रमण गर्न राष्ट्रले सम्मान दिई निजको नाममा जारी भएको ०२०४४५ नम्बरको कुटनीतिक राहदानीमा निज सभासद अष्ट्रेलिया तथा क्यानाडामा आयोजना हुने उच्च स्तरीय अन्तराष्ट्रिय कार्यक्रममा जान भनी नेपाल सरकारबाट निजका नाममा ती राष्ट्रहरूले पठाएका निमन्त्रणा पत्रका आधारमा उक्त राहदानी नवीकरण गराई अष्ट्रेलियाको भिषा समेत लिई निज सभासदले ती सबै कागजात समेत आफ्नो व्यक्तिगत, आर्थिक हित एवं स्वार्थ परिपूर्ति गर्न प्रयोग गरी अभियुक्त सन्तोषराज उप्रेतीलाई आफ्नो कुटनीतिक राहदानी जिम्मा लगाई निज मार्फत रु. २२ लाख रकमको कारोबारमा सहमति जनाई निज सभासद

आफू समेतले सन्तोषराज उप्रेती मार्फत रिसवत बुझि लिएको तथ्य मिसिल संलग्न सह अभियुक्तहरूको अन्य मुद्दाहरूमा भएको बयान समेतका सबूदप्रमाणहरूबाट पुष्टी हुन आएको र निज सभासद शिवपुजन राय यादवले सन्तोषराज उप्रेतीलाई जिम्मा दिएको राहदानीबाट अन्य के कती मानिसहरू विदेश उडान भए भन्ने यकिन कुरा निज सभासद समेतले बयानमा नखुलाए पनि अभियुक्त आशिष भन्ने डिल बहादुर घर्ती, देवेन्द्र पौडेल, मनोजकुमार कार्की, गोपाल बानियाँ तथा सन्तोषराज उप्रेती समेत मिली कुटनीतिक राहदानीमा टाँसीएको निजको फोटो उक्काई सो राहदानीमा केदार पौडेल भनिएका केदारनाथ शर्मा चापागाईको फोटो टाँस गरी अभियुक्त सन्तोषराज उप्रेती समेतका अभियुक्तहरूको सहकार्य र अध्यागमनका कर्मचारीहरूको मिलेमतोमा निज केदारनाथ शर्मा चापागाईलाई अष्ट्रेलिया उडाए पछि केदारनाथ शर्मा चापागाईले अष्ट्रेलियाबाट फिर्ता पठाएको निज सभासदको राहदानीमा टाँस गरिएको भिषा, नेपाल तथा विदेशका अध्यागमन कार्यालयहरूबाट राहदानी बाहकले प्रस्थान एवं आगमन अनुमति प्राप्त गर्दा राहदानीमा टाँसिने स्टिकरहरू लगायतका चिन्ह, अक्षर र कागजहरू समेत निज सभासद शिवपुजन राय यादवले झिकी उडाई राहदानीका ती सम्वद्ध पृष्ठहरू समेत फेरी, बदली उक्त राहदानीमा टाँसिएको केदारनाथ शर्मा चापागाईको फोटो उक्काई पुनः आफ्नो फोटो टाँस गर्ने कार्यमा पूर्ण रुपले सहमति जनाई मिली सरकारी कागजात (कुटनीतिक राहदानी) सच्याई आफ्नो ओहदाको हैसियतले प्राप्त कुटनीतिक राहदानी दुरुपयोग गरी रिसवत लिएको तथ्य सभासद शिवपुजन राय यादवले बयान साथ पेश गरी मिसिल संलग्न रहन आएको राहदानी, उक्त राहदानीको परिक्षण प्रतिवेदन, अभियुक्तहरूको अन्य मुद्दामा भएको बयान, अष्ट्रेलियन दूतावास काठमाण्डौको ४ मार्च २०११ को पत्र समेतका सबुदप्रमाणहरूबाट पुष्टी हुन आई सभासद शिवपुजन राय यादवको उक्त गैर कानुनी कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(च) र दफा ११ बमोजिमको कसूर भएको प्रमाणित हुन आएकोले सभासद शिवपुजन राय यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) (च) र ऐ. ऐनको दफा ११ बमोजिम सजाय हुन तथा विगो बमोजिम रु. २२ लाख जरिवाना हुन र अभियुक्त शिवपुजन राय यादव संवैधानिक निकायका पदाधिकारी समेत भएकोले शिवपुजन राय यादवलाई ऐ. ऐनको दफा २४ बमोजिम थप सजाय समेत गरी पाउन । सार्वजनिक पदाधिकारी एवं राष्ट्र सेवक कर्मचारीहरूलाई भ्रष्टाचारमा प्रत्यक्ष सम्लग्न गराई गैर कानूनी आर्थिक लाभ लिने जस्ता कार्यमा प्रत्यक्ष संलग्न भई कसूर गर्ने सहकार्यमा सक्रिय सहभागी रहेका अभियुक्तहरू सन्तोषराज उप्रेती, आशिष भन्ने डिल बहादुर घर्ती, देवेन्द्र पौडेल, मनोजकुमार कार्की र गोपाल बानियाँको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (च), ऐ. दफा ३ को उपदफा (२), (३) र दफा ११ को कसूर हुँदा प्रतिवादीहरू सन्तोषराज उप्रेती, आशीष भन्ने डिलबहादुर घर्ती, देवेन्द्र पौडेल, गोपाल वानियाँ र मनोजकुमार कार्कीलाई सोही ऐनको दफा ३ (१) (च) ऐ. दफा ३ को उपदफा (२), (३) र दफा ११ बमोजिम सजाय गरी विगो

बमोजिम रु. २२ लाख जनही जरिवाना हुन र प्रतिवादी केदार पौडेल भनिएका केदारनाथ शर्मा चापागाईको हकमा सोही ऐनको दफा ३ (१) (च) ऐ. दफा ३ को उपदफा (२) र (३) र दफा ११ तथा दफा १५ को कसूरमा ऐ. दफा ३ (१) (च), ऐ. दफा ३ को उपदफा (२) र (३), दफा ११ र दफा १५ बमोजिम सजाय गरी विगो बमोजिम रु. २२ लाख जरिवाना हुन संलग्न कागजातबाट शंका गर्नु पर्ने अवस्था सिर्जना हुनासाथ फोटोको आकार प्रकार हेर्ने प्रविधि समेत कार्यालयमा भएको, कुनै समस्या परेमा आवश्यक निर्देशन दिन आफूभन्दा माथिको अधिकृत काउण्टर नजिकै डिउटीमा खटिरहेको स्थितिमा गलत काम कारवाही रोक्न कुनै उचित कदम उठाएको अवस्थामा माथिल्लो तहसम्म विभिन्न तह तहका कर्मचारीहरूको व्यवस्था भएकोमा सो तर्फ कुनै सोधपुछ गर्ने, जानकारी लिने दिने जस्ता काम कर्मचारीहरूबाट गरेको भन्ने खुल्न नआएको उल्टै अनिवार्य रुपमा भर्नु पर्ने प्रस्थान अनुमती कार्ड समेत पूर्ण रुपमा नभराई आर्थिक प्रलोभनका कारण अभिलेख समेत नष्ट गर्ने उद्देश्यबाट निज केदारनाथ शर्मा चापागाईलाई अष्ट्रेलिया उडान अनुमति दिएको प्रष्ट देखिन आएको । राष्ट्र सेवक कर्मचारीहरूले गैर कानूनी तवरबाट आर्थिक लाभ उठाउन निज केदारनाथ शर्मा समेतबाट प्राप्त रकम रु. २२ लाख मध्येबाट सह-अभियुक्तहरू आशिष भन्ने डिलबहादुर घर्ती समेतले राष्ट्र सेवक कर्मचारीहरू रमेश लम्साल, देविदत्त खत्री र इन्द्रकुमार सुनुवारलाई रिसवत दिईएको तथ्य मिसिल संलग्न सबूदप्रमाणहरूबाट स्पष्ट भएकोले राष्ट्र सेवक कर्मचारीहरू देविदत्त खत्री, रमेश लम्साल र इन्द्रकुमार सुनुवारको उल्लेखित कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) (च) र ऐ ऐनको दफा ११ बमोजिमको कसूर हुँदा प्रतिवादीहरू रमेश लम्साल, देवीदत्त खत्री र इन्द्रकुमार सुनुवारलाई सोही ऐनको दफा ३ (१) (च) र ऐ. ऐनको दफा ११ बमोजिम सजाय हुन र विगो बमोजिम रु. २२ (वाईस) लाख जनही जरिवाना समेत गरी पाउन मागदावी लिइएको ।

१०. शारदा नि.मा.वि. मध्यहर्षाही-१ सुनसरीका प्रा.वि. शिक्षक रामदयाल पालले प्रा.वि. शिक्षक पदमा नियुक्ति पाउनका लागि पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरू उपर आयोगबाट अनुसन्धान भएको अनुसन्धान तथा सम्बन्धित परीक्षा समितिबाट प्राप्त पत्र एवं प्रमाणिकरण विवरण समेतको आधारमा उक्त शैक्षिक प्रमाणपत्रहरू नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुर भएको देखिन आएको हुँदा रामदयाल पाललाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

११. प्रहरी प्रधान कार्यालयका महिला प्रहरी जवान भरतकुमारी कोइरालाले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित निकायबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर

देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१२. रेडियो नेपाल, सिंहदरवार, काठमाण्डौंमा प्रधान सहायक (पांचौं तह) मा कार्यरत गीता खड्काले सेवा प्रवेशका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित वोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजले सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसूर गरेको देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१३. प्रहरी प्रधान कार्यालय अन्तर्गत क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय, कोहलपुर, बाँकेका प्रहरी नायव निरीक्षक पदमा कार्यरत भक्त बहादुर खड्काले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर भएको देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१४. प्रहरी प्रधान कार्यालय अन्तर्गत ई.प्र.का. लुखु देउरालीमा दरवन्दी रही जिल्ला प्रहरी कार्यालय पर्वतका प्र.ना.नि. राजकुमार पौडेलले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक योग्यताका प्रमाणपत्रहरू नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१५. सशस्त्र प्रहरी बल प्रधान कार्यालय, अन्तर्गत स.प्र.नि.पदमा कार्यरत जीत बहादुर क्षेत्रीले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को

दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१६. स्थानीय विकास मन्त्रालय अन्तर्गत ना.सु. पदमा कार्यरत सुरेश प्रसाद घिमिरेले बढुवाको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित समितिबाट प्राप्त पत्र एवं बिबरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झूठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुंदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१७. स्वास्थ्य सेवा विभाग अन्तर्गत राईपुर उप-स्वास्थ्य चौकी, राईपुर, तनहूँको तत्कालिन मा.शि.का. रिताकुमारी भुजेल थापाले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित निकाय/ कार्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्रहरू नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१८. जिल्ला शिक्षा कार्यालय, रौतहट अन्तरगत श्री प्राथमिक विद्यालय, भेल्ही, सखुअवा, रौतहटमा प्रा.शि. पदमा कार्यरत अर्चनाकुमारी साहले सेवा प्रवेशका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित वोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आई निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसूर गरेको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१९. जिल्ला शिक्षा कार्यालय, धनुषा अन्तरगत राजर्षीजनक उच्च माध्यमिक विद्यालय, कुर्था, जनकपुरका मा.शि.तृतिय श्रेणीका शिक्षक सुरेशकुमार यादवले सेवा प्रवेशका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित वोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसूर गरेको देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा

१२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

२०. प्रहरी प्रधान कार्यालय अन्तर्गत म.न.प्र. घटनास्थल सहायता समूह, रानीपोखरीका प्र.ह. दिनेश कुमार राउतले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित कार्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्टा देखिन आएको र निजको त्यस्तो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

२१. जिल्ला प्रशासन कार्यालय, पर्साको च.नं. १९४६ मिति २०६८।८।८ को पत्रवाट पर्सा, पकाहामैनपुर गा.वि.स. का सचिव चोकटदास तत्वा र पकाहामैनपुर गा.वि.स. वडा नं. ५ वस्ने विनोद साहा कानूले जिल्ला प्रशासन कार्यालय, पर्साका ना.सु. ऋषिराज दाहाललाई रिसवत दिन लागेकोमा निज ना.सु. ले सो रकम लिन नमानी निजहरूलाई प्रमुख जिल्ला अधिकारी समक्ष पेश गरेको र घुस दिन लगिएको रु.१,०००।- दरका नं.ख/२४-४१००८५, ख/७५-०३४६९५,ख/४५-४३६५११, ख/३५-६२४१०० र ख/६६-५०५००३ का नोटहरू र सो नोटहरू राखिएको प्रेषक चोकटदास पकहामैनपुर, प्रेषित श्रीमानको सेवा भन्ने खाम वरामद गरी वरामदी मुचुल्का समेत मिति २०६८।८।१८ मा आयोगमा प्राप्त हुन आएकोमा पर्सा जिल्ला, पकहामैनपुर गा.वि.स. का सचिव चोकटदास तत्वा उपर गा.वि.स. को वजेट अनियमितता गरेको भन्ने सन्दर्भमा जिल्ला प्रशासन कार्यालय पर्सामा उजुरी परी अनुसन्धान भैरहेको भन्ने जिल्ला प्रशासन कार्यालय,.पर्सावाट प्राप्त फायलवाट देखिएको र सो विषयमा प्रभाव पार्ने वदनियतसाथ सो कार्यालयका ना.सु. ऋषिराज दाहाललाई रिसवत (घुस) दिने प्रयास गरेको र निज दाहालले लिन नमानी प्र.जि.अ. समक्ष पेश गरेको र रु.५,०००।- बरामद भएको भन्ने मिति २०६८।८।२ को मुचुल्कावाट देखिएको । रकम राखिएको खाम वाहिर प्रेषक र प्रेषित लेखिएको र सो अक्षर म आफैले लेखेको हुँ भनी चोकटदास तत्वाले वयान गरेको । उक्त व्यहोरा लेखिएको खाम मैले दिएको हुँ भनी विनोद साह कानुले गरेको वयान समेतवाट देखिन आएको । निजहरूको यस्तो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(३) को कसुर देखिएको हुंदा यस्तो कसुर गर्ने गराउने गा.वि.स. सचिव चोकटदास तत्वा र विनोद साह कानुलाई सोही ऐनको दफा ३ को उपदफा १ को खण्ड (क) बमोजिम सजाय र विगो बमोजिम जरिवाना हुन मागदावी लिइएको ।

२२. संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय,अन्तर्गत हलेसी विकास समिति, खोटाङ्गका तत्कालिन सदस्य सचिव रोजन राईले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित निकाय/कार्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक योग्यताका प्रमाणपत्रहरू नक्कली एवं झुट्टा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार

निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

२३. बा २ च ६८७८ नंबरको मित्सुविसी जीपमा रिसवत (घुस) लिएको रकम सहित काठमाडौं आउँदै गरेको अवस्थामा उक्त जीपमा सवार डिभिजन सडक कार्यालय, दमौली तनहुंका ईन्जिनियर अविमनदास मुल्मी, अमरेन्द्र कुमार कर्ण समेतको शरीर तथा निजहरूको झोला खानतलासी गर्दा अविमनदास मुल्मीको साथबाट रु. ८१,०००।-, अमरेन्द्र कुमार कर्णको झोलाबाट रु. १,५०,०००।- बरामद भएको बरामदी मुचुल्का, अमरेन्द्र कुमार कर्णले बरामद गरेको रकम रु. १,५०,०००।- आफ्नो झोलाबाट बरामद भएको भनी बयानमा स्वीकार गरेको, हिमालयन टेलिभिजनको भिजुयलमा समेत आफूले रकम लिएको कुरा स्वीकार गरेको, हिमालयन टेलिभिजनबाट प्राप्त स्लिप परिक्षणको लागि केन्द्रीय प्रहरी बिधी विज्ञान प्रयोगशाला, महाराजगंजमा पठाउंदा निजको हस्ताक्षरसंग मिल्ने भनी परिक्षण प्रतिवेदनमा उल्लेख भएको देखिंदा प्रतिवादी अमरेन्द्र कुमार कर्णले रिसवत (घुस) लिएको पुष्टि हुन आएको हुंदा निजले घुस रिसवत लिएको रकम रु. १,५०,०००।- रुपैंयालाई विगो कायम गरी प्रतिवादी अमरेन्द्र कुमार कर्ण उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (घ) को कसूरमा सोही दफा बमोजिम जरिवाना गरी विगो जफत समेत हुन र प्रतिवादी अविमनदास मुल्मीले बरामद रकम रु. ८१,०००।- आफ्नो साथबाट बरामद भएको भनी स्वीकार गरेको, कुमारी बैंक लिमिटेड केन्द्रीय कार्यालयबाट प्राप्त बैंक स्टेटमेण्टमा निजको नाममा शाखा कार्यालय, दमौलीमा रहेको खातामा सन् २०१२।११।१२ मिति २०६८।९।२८ मा रु. ५३,०००।- तथा मिति २०६८।९।२९ मा रु. ६५,०००।- रकम जम्मा गरेको देखिएको र सो कुरा ततिम्बा बयानमा समेत खुलाई दिएको । डिभिजन सडक कार्यालयबाट प्राप्त बिबरणमा कन्काई-शैलुङ्ग जे.भि.का आधिकारीक प्रतिनिधी नमराज भण्डारीलाई उक्त डिभिजन अन्तर्गतको म्याग्दे खोला पुल निर्माण ठेक्काको विल भुक्तानी स्वरुप रु.४२,६२,४३०।०६ (भ्याट समेत) अन्तिम पटक मिति २०६८।९।२६ गते भुक्तानी दिएको देखिंदा निजले उक्त ठेकेदारबाट रिसवत (घुस) रकम रु. १,९९,०००।- बरामद भएको रकम तथा बैंकमा जम्मा गरेको रकम रिसवत (घुस) लिएको पुष्टि हुन आएको हुंदा निजले रिसवत (घुस) वापत लिएको रकम रु. १,९९,०००।- रुपैंयालाई विगो कायम गरी प्रतिवादी अविमनदास मुल्मी उपर भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) को कसूरमा सोही दफा बमोजिम जरिवाना गरी विगो जफत समेत हुन र प्रतिवादी अमरेन्द्र कुमार कर्णले आफूले रिसवत (घुस) वापत लिएको रकम शैलुङ्ग-कन्काई जे.भि.ललितपुरका आधिकारीक प्रतिनिधी नमराज भण्डारीबाट लिएको भनी स्वीकार गरेको कुरा हिमालयन टेलिभिजनको भिजुयलमा देखिएको हुंदा निज नमराज भण्डारीले प्रतिवादी अमरेन्द्र कुमार कर्णलाई रिसवत (घुस) वापत दिएको रकम रु. १,५०,०००।- तथा प्रतिवादी

अविमनदास मुल्मीलाई रिसवत (घुस) वापत दिएको रु. १,९९,०००।- समेत जम्मा रु. ३,४९,०००।- रिसवत (घुस) दिएको पुष्टि हुन आएको हुंदा प्रतिवादी नमराज भण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (२) अन्तर्गतको कसुरमा सोही ऐनको दफा ३ (१)(घ) बमोजिम सजाय हुन मागदावी लिइएको ।

२४. धादिङ जिल्ला, वैरीनी गा.वि.स. वडा नं. ३ वस्ने इश्वरी प्रसाद अधिकारीको अधिकृत वारेस भै निजको छोरा ऐ.ऐ. वस्ने कृष्ण प्रसाद अधिकारीले छुट जग्गा दर्ता गरी पाउँ भनी मिति २०५३।८।१९ मा मालपोत कार्यालय, रसुवामा निवेदन दिएको र मिति २०६६।९।२८ मा दिएको निवेदनमा आफ्नो वुवा आमाको निधन भैसकेकोले तामेलीबाट जगाई जग्गा दर्ताको कारवाही अगाडि वढाई पाउँ भनी मुद्दा सकार गरी कृष्ण प्रसाद अधिकारीले पुनः निवेदन दिएको । रसुवा जिल्ला लहरेपौवा गा.वि.स. वडा नं. १ वस्ने जमुनादेवी आचार्य समेतका मोहीहरूले 'ख' श्रेणीको वितर्ा जग्गा भएकोले हाम्रा नाममा रैकर परिणत गरी पाउँ भनी मिति २०६६।१२।२६ मा निवेदन गरी जग्गा धनी र मोही विच जग्गा दर्ता गर्ने विषयमा उक्त मालपोत कार्यालमा विवाद भै दुवैपक्ष तारेखमा रहंदै आएकोमा मिति २०६७।६।२० गते मोही पक्षले जग्गाधनी कृष्ण प्रसाद अधिकारीको नाममा दर्ता गरिदिए हुन्छ रैकर परिणत. गर्ने जग्गा नभै रैकर नै जग्गा भएको भनी निवेदन दिएको र सोही दिन मन्जुरी सनाखत गरी जग्गा धनीका नाममा हक कायम राख्ने र उक्त जग्गामा मोही कायम गर्ने गरी निर्णय समेत भएको देखिएको र सोही २० गते लहरेपौवा गा.वि.स. को जग्गा मा गै जग्गा धनीले जग्गा दिने र मोहीहरूले जग्गा लिने गरी राजिनामा लिखत पारित गर्न मालपोत अधिकृत भूप वहादुर वोगटी समेत डोरमा खटि गएको र त्यसको भोलिपल्ट २१ गते निजहरूले उक्त डोरमा राजिनामा पारित गर्ने काम गरी ऐ. २२ गते डोरबाट लहरेपौवाको वेत्रावतीबाट फर्कदा कालिकास्थान भन्ने ठाउँमा वाईसियलले पक्राउ गरी कागजपत्र खोसी निजहरूलाई कालोमोसो दली रु. १,१५,७८५।- रकम वरामद गरी प्रहरी चौकी, कालिकास्थान, रसुवामा वुझाएको । मालपोत अधिकृत भूप वहादुर वोगटीले वयान गर्दा रु. १,१५,७८५।- वरामद भएको रकमलाई स्वीकार गर्दै रु. ६१,५००।- राजिनामा लिखतको राजश्व रकम भएको, अन्य रकमको हकमा निजले आफ्ना काजमा रहेका कर्मचारीको तलव, दशैंखर्च र आफुले पाउनु पर्ने दैनिक भ्रमण भत्ता समेतको रकम थियो भनी वयानमा उल्लेख गरे तापनि प्रस्तुत भनाइलाई पुष्टी हुने कुनै आधिकारीक एवं तथ्ययुक्त सवुद प्रमाण पेश गर्न नसकेको देखिदा मालपोत कार्यालय रसुवमा वर्षौं देखि विवादित रहेको विषय मिति २०६७।६।२० गतेको एकै दिनमा निर्णयमा पुग्नु, कार्यालय प्रमुख स्वयम तत्काल डोरमा खटिन तत्परता देखाउंदै डोरमा खटिनु र सवै मोहीहरूका नाममा राजिनामा लिखत पारित गरी वैध तुल्याई सम्पूर्ण विवादको एकै थलोमा एकैदिनमा पक्षको भनाई अनुसार नै अत्यन्त तदारुकताका साथ सम्पूर्ण काम सम्पन्न गरिदिएको देखिन आएको र सोही काम सम्पन्न गरिदिए वापत निजबाट वरामद भएको रु. १,१५,७८५।- मध्ये राजश्व वापतको रु. ६१,५००।- वाहेकको अन्य रु. ५४,२८५।- रकम निजले रिसवत (घुस) को रुपमा सम्बन्धित पक्षहरूबाट लिएको

देखिन आएकोले मालपोत अधिकृत भूप वहादुर वोगटीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को देहाय (१) अनुसारको कसुरमा भ्र.नि. ऐन, २०५९ को दफा ३ (१) (ग) वमोजिम सजाय हुन मागदावी लिईएको ।

२५. नेपाल संस्कृत विश्वविद्यालय अन्तरगत विश्वेश्वरप्रसाद कोईराला संस्कृत विद्यापिठ, सल्यान, सोलुखुम्वुका अस्थायी सहायक प्राध्यापक राजु बस्नेतले सेवा प्रवेशका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भएको अनुसन्धान तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त प्रमाणिकरण-पत्र समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

२६. सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समुहमा रा.प. द्वितिय श्रेणी उप-सचिव पदमा कार्यरत अब्दुल रइस खाँले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

२७. जिल्ला वन कार्यालय, पाँचथरका जिल्ला वन अधिकृत गणेशबहादुर कार्की समेतका कर्मचारीहरूले स्रेस्ता मिलाई सरकारी वनको समेत खयर निकासी गरी भ्रष्टाचार गरेको भन्ने उजुरी एवं वन अतिक्रमण, वन विनास तथा सामुदायिक वन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन, २०६७ ले औंल्याएका विषयहरू उपर आयोगबाट अनुसन्धान हुँदा पाँचथर जिल्ला रानीगाउँ -१ का जग्गाधनीहरू डिल्ली हाङ सम्वाहाम्फे, प्रेमबहादुर लिम्बु, मर्हे लिम्बु, नैनकला चापागाई, माङजाबुङ्ग - ८ का भीमवहादुर खड्का, चोकमागु -९ का भक्तवहादुर राई, रानीगाउँ - ९ का कालीवहादुर सम्वाहाम्फे, रानीगाउँ -४ का मनबहादुर कार्की, स्यावारुम्वा -९ का हुकुम वहादुर कार्की र महावीर निरौला र भारपा -९ का भीमवहादुर योक्पाङदेनका नम्बरी निजी आवादी जग्गाका खयर रुखहरू कटान गर्ने सम्बन्धी फाइलहरूमा सरकारी वन, सामुदायिक वन तथा अन्य वनक्षेत्रका खयर रुखहरू समेत हानी नोक्सानी गरी गैह्र कानूनी लाभ लिने वदनियतले अंक, अक्षर र परिमाण समेत सच्याई थपघट गरी जिल्ला वन कार्यालय, पाँचथरमा तत्काल कार्यरत जिल्ला वन अधिकृत गणेश बहादुर कार्की, सहायक वन अधिकृतहरू नेमधारी यादव, रवीन्द्रलाल चौधरी,

रामआधार सिंह, बासुदेव प्रसाद मण्डल, गंगाराम मण्डल र फरेष्टरहरू मिलन कटुवाल, प्रदिप बास्कोटाले कुल २५३२८.५० क्यू. फिट परिमाण खयर काठको हुने कुल बिगो रु. ७५,९८,५५०।- वन नियमावली, २०५१ को अनुसूची-२ बमोजिम हानी नोक्सानी गरेको देखिन आई निजहरूले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३, ८(३) र दफा १७ बमोजिमको कसुर देखिन आएको हुँदा निजहरूलाई ऐ. ऐनको दफा ३, ८(३) र १७ बमोजिम सजाय भई हानी नोक्सानी भएको बिगो समेत निजहरूसँग असुल उपर हुन मागदावी लिईएको ।

२८. जिल्ला शिक्षा कार्यालय, दैलेख अन्तर्गत ऐश्वर्य प्रा.वि. भावासैनीका, शिक्षक लालबहादुर सिंह खड्काले सेवा प्रवेशको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

२९. जिल्ला ट्राफिक कार्यालय, बांकेका तत्कालिन प्र.स.नि. दिलिप कार्कीले वढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

३०. जिल्ला प्रहरी कार्यालय, बांकेका तत्कालिन प्र.स.नि.इन्द्र कला भुषालले वढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

३१. जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीका नायव सुव्वा हरिप्रसाद दमासेले वढुवाको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित

परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

३२. घरेलु तथा साना उद्योग कार्यालय, सिरहा, लहानका प्रशिक्षण अधिकृत महिनारायण साहले सेवा प्रवेश तथा बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसुर गरेको देखिन आएको हुदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

३३. महानगरिय सशस्त्र प्रहरी गण २ गुल्म १ महाराजगन्जका प्र.ह. डिल्लीवहादुर नेपालीले सुडान मिशनमा जाने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित कार्यालयको पत्र एवं विवरण समेतका आधारमा उक्त प्रमाण-पत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुर देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

३४. तनहुँ जिल्लाको राम्जाकोट गाउ विकास समिति वडा.नं.२ मा पर्ने पिपलटार क्षेत्रको २५० हेक्टर जमिन सिंचाई गर्ने उद्देश्यले आ.व. ०६०।६१ देखि नै पिपलटार सिंचाई योजना निर्माण शुरु भए पनि मिति ०६२।१।२३ मा मात्र सिंचाई विभागका महानिर्देशकबाट सिंचाई कार्यविधि, २०६१ बमोजिम गर्ने गरी योजना कार्यान्वयन स्वीकृती भएको र ७ कि.मि. मुल नहर भएको । उक्त योजनाको स्वीकृत लागत अनुमान रु. २,९१,३९,०००।- भएको । पश्चिमाञ्चल सिंचाई विकास सव डिभिजन नं.३ दमौली, तनहुँबाट प्राप्त विवरण बमोजिम यस योजनावाट सिंचाई हुने कुल क्षेत्रफल १३१.४ हेक्टर मात्र भएको । उक्त सिंचाई हुने क्षेत्रफल अनुसार Economic Internal Rate of Return (EIRR) 7.75% र Benefit cost (B/C) ratio 0.73 मात्र हुन आउँछ भनी तत्कालिन सब डिभिजन प्रमुख पुण्य प्रसाद पोखरेल स्वयमले विश्लेषण गरी आयोगमा पेश गर्नु भएको अवस्था रहेको पाइयो ।

कुनै पनि सिंचाई योजना Feasible हुनका लागि EIRR 10% र B/C Ratio 1.00 भन्दा बढी हुनुपर्ने व्यहोरा सिंचाई विभागवाट लेखि आएको छ । तत्कालिन सि.डि.ई.गोपाल प्रसाद सिग्देल समेतले पेश गर्नु भएको प्रतिवेदनमा पनि यस योजनावाट सिंचाई हुने क्षेत्रफल

२५० हेक्टर भन्दा धेरै कम भएको व्यहोरा उल्लेख भएको देखिन्छ । यस्तो अवस्थामा हुँदै नभएको २५० हेक्टर जमिन सिंचाई गर्ने भनी EIRR 14.85% र B/C Ratio 1.36 देखाई संभाव्यता नहुने योजनालाई आर्थिक दृष्टिले Viable भएको भनी योजना स्वीकृत गराएको पाइयो ।

क्षेत्रिय निर्देशकवाट स्वीकृत भएको मूल लागत अनुमानलाई पन्छाई रु.२५ लाखको सिमा भित्र पर्ने गरी आ.व.०६१।६२ मा २ वटा, ०६२।६३ र ०६३।६४ मा ३/३ वटा गरी कुल ८ वटा टुक्रे लागत अनुमान तयार गर्न लगाई तत्कालिन सव डिभिजन प्रमुख पुण्य प्रसाद पोखरेल स्वयंले स्वीकृत गरी पिपलटार सिंचाई योजना जल उपभोक्ता समितिसंग ८ पटक संझौता गरी सो समिति मार्फत नहरको Track निर्माणका लागि Hill Cutting को कार्य गराउने क्रममा आ.व. ०६१।६२ मा रु. ४२,६१,७८९।५७, आ.व. ०६२।६३ मा रु.६५,८८,२४४।२९ र आ.व. ०६३।६४ मा रु. ६७,६९,२३८।९९ गरी उपभोक्ता समितिलाई कुल रु.१,७६,१९,२७२।८५ भूक्तानी दिएको देखियो ।

नहरको Head Works लाई 1Km up stream तर्फ सारेको कुरा सव डिभिजन प्रमुख पुण्य प्रसाद पोखरेल र सव ईञ्जिनियर बलदेव मण्डल समेतको बयान र आयोगका ई.रामवहादुर खड्काले पेश गरेको प्रतिवेदन र नापी किताबको विभिन्न पानामा चेनेजहरू सच्याइएकोबाट समेत पुष्टि भएको पाइयो ।

तत्काल प्रचलित आर्थिक प्रशासन सम्बन्धि नियमहरू, २०५६ को नियम ८० मा रु. २५,००,०००।- लाख सम्मको योजना उपभोक्ता समितिद्वारा गराउन सकिने प्रावधान रहेको । सो नियमको अपव्याख्या गरी रु.२,९१,३९,०००।- को योजनालाई रु. २५।२५ लाखको टुक्रा टुक्रा गरी छुट्टै टुक्रे लागत अनुमानहरू तयार गरी सुरुको मूल लागत अनुमानको सोही खण्डहरूमा भएको कामको परिमाण भन्दा बढी बढी कामको परिमाण देखाई उपभोक्ता समिति मार्फत गरिएको सम्पूर्ण कार्य नियम संगत नभएको भन्ने कुरा महालेखा परीक्षकको कार्यालयवाट सो योजनाको लेखा परीक्षण कार्यमा खटिनु भएका पदाधिकारीहरूको बयानबाट समेत देखिएको । पश्चिमाञ्चाल सिंचाई विकास सव डिभिजन नं.३ तनहुँवाट पिपलटार सिंचाई योजना स्थलमा भएको कामको नापजाँच प्रतिवेदन अनुसार मुल्यांकन गर्दा नरम चट्टान काट्ने काम ११५९२.७७ घ.मि.को @ रु.३६०।५० ले रु.४१,७९,१९३।५८, कडा चट्टान काट्ने काम ३७१९.९१ घ.मी. को @ रु.४३२।६० ले रु.१६,०९,२३३।०६ र बोल्डर मिसिएको माटो २२००२.८८ घ.मी. को @ रु.११५।३६ ले रु.२५,३८,२५२।२३ गरी कुल रु. ८३,२६,६७८।८७ मुल्यांकन हुने देखिन्छ । संझौता बमोजिम उपभोक्ता समितिले निशुल्क गर्नुपर्ने काम नगरे वापतको रु.७,६४,२२७।८६ कटाउँदा सो कार्यको मुल्यांकित रकम रु.७५,६२,४५१।०१ हुन आउने र कुल भुक्तानी रु.१,७६,१९,२७२।८५ भएको हुँदा कुल विगो रु.१,००,५६,८२१।८४ कायम हुन आई उक्त अनियमित कार्यहरू गरी तत्कालिन सव डिभिजन प्रमुख पुण्यप्रसाद पोखरेलले विगो रु. १,००,५६,८२१।८४ तत्कालिन

ई. धिरेन्द्र नापीतले रु. ५८,५३,०९०।९०, तत्कालिन लेखापाल भुवनसिंह थापाले रु. १,००,५६,८२१।८४, तत्कालिन सव इन्जीनियरहरू हरिदत्त शाहले रु. ९४,७२,१४९।८६, प्रभुनन्द साहले रु. ६९,७०,५२९।८१, बलदेव मण्डलले रु. ८८,७८,१०४।२९, कृष्ण बहादुर विकले रु. १२,४१,१५१।७१ तत्कालिन जल उपभोक्ता समितिका अध्यक्ष स्व. दल बहादुर दरैले रु. १,००,५६,८२१।८४, कोषाध्याक्षहरू श्यामवहादुर दरैले रु. ८०,४६,६८२।६३ र जीत वहादुर सिजालीले रु. ३५,१९,६०१।१५ नेपाल सरकारलाई गैरकानुनी रुपमा हानी नोक्नासी पुऱ्याई आफुहरूलाई गैरकानुनी लाभ लिए/दिएको समेत देखिएकोले पुण्य प्रसाद पोखरेल, धिरेन्द्र नापित, भुवन सिंह थापा, हरिदत्त शाह, प्रभुनन्दन शाह, वलदेव मण्डल र कृष्ण वहादुर वि.क. उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) (क) (ग) (घ) (ङ) को कसुरमा सोही ऐनको सोही दफाहरू वमोजिम सजाय हुन र पिपलटार सिंचाई योजनाका तत्कालिन अध्यक्ष स्व.दलबहादुर दरै, तत्कालिन कोषाध्यक्षहरू श्याम वहादुर दरै एवं जितवहादुर सिंजाली उपर ऐ ऐनको दफा ८(४) वमोजिमको कसुरमा सोही ऐनको सोही दफा वमोजिम सजाय हुन र उपभोक्ता समितिका पदाधिकारीहरू लेखपढ गर्न नजान्ने भएकोले सवै खर्चको हिसाव किताव राख्ने लगायतको काम तत्कालिन अध्यक्ष स्व.दल वहादुर दरैका छोरा रुप वहादुर दरैले गरेको देखिंदा रुप वहादुर दरैलाई भ्रष्टाचार निवारण.ऐन, २०५९ को दफा २२ वमोजिम दफा ८(४) ले हुने सजायको आधा सजाय गरी पाउँन मागदावी लिइएको ।

३५. नेपाल सरकारको ८६१२ कित्ता (५९.९७%) शेयर लगानी र नेपाल सरकारको स्वामित्व रहेको नेपाल बैंक लिमिटेडको समेत शेयर लगानी स्वामित्व रहेको साझा स्वास्थ्य सेवा सहकारी संस्था लि. का विक्री कक्ष (काउण्टर) इन्चार्जलाई संस्थाको चुहावट नियन्त्रण र हिसावमा स्पष्ट जिम्मेवार बनाउन साझा स्वास्थ्य सेवाको २३८ औं र २६० औं बैठकबाट निर्णय भएको देखिएको । काउण्टर इन्चार्जले पालना गर्नु पर्ने निर्देशिका वमोजिम साझा स्वास्थ्य सेवा भरतपुर शाखा अन्तर्गत भरतपुर क्यान्सर अस्पताल काउन्टर इन्चार्ज देवीप्रसाद अधिकारीको जिम्मेवारी रहेको औषधीको स्टकमा मिति २०६६।११।१ मा रु.१५,७६,३८२।३९, मिति ०६७।८।१ मा रु. ९,६३,१६२।९२ र मिति ०६७।१०।८ मा रु. २९,२७,०६४।६५ समेत जम्मा रु.५४,६६,१९९।९५ वरावर नपुग हुन गएको पाइयो । उल्लेखित रकम नपुग हुनमा देवीप्रसाद अधिकारीको बयानमा आफू मातहतका बिक्रेता र आफू माथिका पदाधिकारीको समेत भूमिका र जिम्मेवारी वा उक्साहट र वदनियत रहेको भन्ने किटान गरि पोल वा आरोपित गर्न नसकेको तथा साझा स्वास्थ्य सेवाको सम्वन्धित निकायमा रहि कार्य सम्पादन गर्ने व्यक्ति वा पदाधिकारीहरूले आ-आफ्नो संलग्नतामा इन्कार रहि गरेको वयानलाई अन्य प्रमाणवाट खण्डन हुन सकेको पाइएन । भरतपुर क्यान्सर अस्पतालमा रहेको साझा स्वास्थ्य सेवाको औषधी बिक्री कक्ष (काउण्टर) का ईन्चार्जको एकल जिम्मेवारी स्वीकार गरि नपुग भएको रकम मध्ये विभिन्न मितिमा रु.२०,०८,७२०।६२ संस्थामा जम्मा गरेको अनुसन्धान एवं साझा स्वास्थ्य सेवाको आधिकारीक पत्रहरूवाट

समेत देखिएको । संस्थाको विनियम अनुसार आफ्नो जिम्मामा रहेका संस्थाको भौतिक सम्पत्ति, औषधी लगायतका नगदी तथा जिन्सीको हिनामिना र नोक्सानी हुन नपाउने गरि संस्थाको उद्देश्य वमोजिम प्रयोग गर्नु/गराउनु पर्ने कार्य सम्पादन नगरी बदनियत तथा लापरवाहीपूर्वक कार्य गरी साझा स्वास्थ्य सेवा सहकारी संस्था लि. को रु.५४,६६,१९९।९५ बरावरको औषधी नपुग गराइएको र त्यसमध्ये विभिन्न मितिमा रु.२०,०८,७२०।६२ संस्थाको नाममा देवीप्रसाद अधिकारीले जम्मा गरेकाले बाँकि रु.३४,५७,४७९।३३ बरावरको रकम देवीप्रसाद अधिकारीवाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिम सार्वजनिक संस्थाको सम्पत्ति वदनियतपूर्वक हानी नोक्सानी र दुरुपयोग गरेको देखिन आएकोले देवीप्रसाद अधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ वमोजिम सजाय गरी हिनामिना र हानी नोक्सानी गराएको विगो रु.३४,५७,४७९।३३ र सोको प्रचलित कानून वमोजिमको ब्याज समेत साझा स्वास्थ्य सेवा सहकारी संस्था लि.लाई भराई दिन समेतको मागदाबी लिईएको ।

३६. नेपाल खानेपानी संस्थान (हाल काठमाण्डौं उपत्यका खानेपानी लिमिटेड) का मेशीन अपरेटर आनन्द कुमार थापाले शुरु नियुक्ति लिने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिईएको ।

३७. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, नेपाल सरकारबाट गठित विकास समिति अन्तर्गतको नेपाल सरकारको पूर्ण स्वामित्वको संस्था रहेको, संस्थाको कार्यकारी निर्देशक रमेश कुमार श्रेष्ठले जर्मनीको नुरेमबर्गमा बायोफ्याक मेला आयोजकबाट सबै खर्च ब्यहार्ने ब्यवस्था भएकोले भ्रमण आदेश स्वीकृत गराएकोमा पछि रु. १,२६,०००।- पेश्की लिई गएको र रु ३६,४८३।- कार्यालयमा दाखिला गरेको भए पनि बाँकी रु. ८९,५१७।- निजले खर्च देखाएको सम्वन्धमा रमेश कुमार श्रेष्ठले “श्रीमान् सचिबज्यूबाट जारी भएको भ्रमण आदेशमा सबै रकम आयोजक G T Z ले ब्यहोर्ने भन्ने ठानेर पेश्की लेख्ने ठाँउमा रातो मसीले काटेको, पछि G T Z बाट हवाई टिकट र बस्ने मात्र ब्यहोर्ने भन्ने उल्लेख भएको हुँदा उल्लेखित पेश्की लेख्न सचिबज्यूकोमा जाँदा भेट हुन नसकेको र पर्सी पल्ट नै हिडनु पर्ने भएकोले लेखासंग सोधी रु. १,२६,०००।- रकम पेश्की महलमा लेखी स्वयंले सही गरी लिएको, हाल उक्त पेश्की फछ्र्यौट गरी सकेको छु । स्वीकृत भ्रमण आदेशमा रकम थप गरेको सम्वन्धमा सचिबज्यूलाई जानकारी गराउन बिर्सेको हुँ” भनी बयान गरेको । उक्त भ्रमण आदेश मिति २०६७।१०।१९ मा स्वीकृत भएको र आयोजक G T Z बाट मिति २०६७।९।२० मा नै आयोजकले ब्यहोर्ने खर्च सम्वन्धि संशोधित बिवरण पत्र पठाईसकेको देखिएको र मिति

२०६७।११।१ देखि २०६७।११।९ सम्मको उक्त कार्यक्रममा भाग लिएर फर्के पछि रमेश कुमार श्रेष्ठले केन्द्रको आर्थिक प्रशासकीय नियमावली, २०५२ को नियम ३९ बमोजिम लिएको पेश्की काम तामेल गरी कार्यालयमा हाजिर भएको ३५ दिन भित्र फछ्यौंट गर्नु पर्नेमा सो नगरी रु. ३६,४८३।- मात्र दाखिला गरी रु. ८९,५१७।- पेश्की फछ्यौंट गरेको देखियो । स्वीकृत भ्रमण आदेशमा पछि रकम थप गरेको बारे आदेश जारी गर्ने अधिकारीलाई जानकारी गराई समर्थन गराउने कार्य समेत नगरेको देखिँदा यसमा निजले बदनियतपूर्ण कार्य गरी निजले अनाधिकार एवं गैह्रकानूनी तरिकाले कागज सच्याई रु. १,२६,०००।- पेश्की लिई सो मध्ये रु. ३६,४८३।- फिर्ता गरी रु. ८९,५१७।- लिई खाई मासी गैह्र कानूनी लाभ लिई संस्थाको रु. ८९,५१७।- हानी नोक्सानी गरेको । त्यस्तै काठमाण्डौंको भृकुटी मण्डपमा मिति २०६७ साल मंसिर २९ देखि पौष ४ सम्म आयोजना गरिएको दशौं सार्क ब्यापार मेलाको प्रचार प्रसार गर्नका लागी प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८, ९ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा भएको प्रावधान बिपरित हुने गरी कुनै दरभाउ तथा बोलपत्र आह्वान नै नगरी संसारा मिडिया प्रा. लि.संग उक्त ब्यापार मेलाको प्रचार प्रसार गर्ने भनी कार्यकारी निर्देशकको निर्णयले मिति २०६७।७।१५ गते सम्झौता गरि संसारा प्रा. लि. मार्फत भएको कामको रु. १३,२९,९०६।९७ भुक्तानी गरेको र आयोगबाट मिति २०६६।६।६ मा निर्णय भई करारमा कर्मचारी नियुक्त गर्दा "अब आईन्दा करार नियुक्तीको बिषयमा कानूनी ब्यवस्था गरी कानूनको प्रक्रिया पुऱ्याएर मात्र नियुक्ति गर्ने ब्यवस्था हुन" भनी ब्यापार तथा निकासी प्रवर्द्धन केन्द्रमा मिति २०६६।६।२१ मा लेखिएकोलाई बेवास्ता गर्दै समितिको मिति २०६६।१०।३ को ४० औं बैठकको निर्णयबाट केन्द्रका रिक्त १३ सहायक स्तरका पदहरूमा ६ महिनासम्मका लागी करारमा कर्मचारीहरू नियुक्त गर्न स्वीकृति दिईएकोमा कार्यकारी निर्देशक रमेश कुमार श्रेष्ठले कुनै प्रतिष्पर्धा नगराई १८ जनालाई सिधै करारमा नियुक्त गरेको समितिको स्वीकृति बिना आफै निर्णय गरी पटक पटक म्याद थप गरी समितिको स्वीकृति र समर्थन बिना आफै निर्णय गरी कर्मचारीलाई तलब भत्ता वापत रु. ४४,३७,३४०।- भुक्तानी दिए समेतको निजको कार्यहरू भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३, ११ र १७ ले परिभाषित गरेको कसुर भएको देखिँदा रमेश कुमार श्रेष्ठबाट संस्थाको हानी नोक्सानी हुन पुगेको कूल बिगो रु. ५८,५६,७६३।- भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिम संस्थालाई दिलाई भराई निजलाई उल्लेखित ऐनको दफा ३, ११ र १७ बमोजिम हदैसम्म सजायको मागदाबी लिईएको ।

३८. आन्तरिक राजश्व विभागको धरौटी खाता र चलचित्र खाताबाट चेकमा अंक अक्षर थप गरी किर्ते दस्तखत गरी विभिन्न चेकबाट विभिन्न मितिमा रकम झिकी हिनामिना भई मस्यौट भएको हुँदा कारवाही गरीपाउँ भन्ने समेत व्यहोराको मिति २०६८।८।११ को पत्र आयोगमा प्राप्त भई अनुसन्धान हुँदा पिताम्बर प्रसाद पोखरेल आन्तरिक राजश्व विभागको लेखा अधिकृत पदमा कार्यरत रहेको । आन्तरिक राजश्व विभागको नेपाल राष्ट्र बैंकमा रहेको

धरौटी खाता नं. १३१२०७ र चलचित्र खाता नं. १६३६३५ को चेकको वायातर्फ दस्तखत गर्ने निज पिताम्बर प्रसाद पोखरेल र दायातर्फ दस्तखत गर्ने विभिन्न समयमा विभिन्न पदाधिकारी रहेको कुरा नेपाल राष्ट्र बैंकबाट प्राप्त दस्तखत नमूना कार्यबाट देखिन आएको । मिति २०६६।४।२३ देखि ०६८।७।२७ सम्म ३९ थान चेकबाट जम्मा रु. ३,१३,२४,८०२।१७ विभिन्न व्यक्ति र फर्मको नाममा एकाउण्ट पे./सोझै भुक्तानी दिने चेक बनाई नेपाल राष्ट्र बैंकमा रहेको आन्तरिक्त राजश्व विभागको उक्त खाताबाट भुक्तानी गरी गराई जम्मा गरे गराएको देखिएको । भुक्तानी पाउने व्यक्ति/फर्मको नामबाट कुनै पनि मितिमा विभागको खातामा धरौटी बापत रकम जम्मा गरेको भन्ने विभागबाट प्राप्त धरौटी खातामा प्रविष्ट गरेको नदेखिएको र धरौटी खातामा प्रविष्ट नभएको र नेपाल राष्ट्र बैंकमा जम्मा भै भौचरहरू प्राप्त नभएको अवस्थामा सरकारी खातामा भएको रकम भुक्तानी दिएको । बुझिएका ध्यान कुमार थापा, नवराज भण्डारी, प्रेंमप्रसाद उपाध्याय, कृष्णप्रसाद देवकोटा, राजन खनाल, खुमराज पुँजाली, इश्वर श्रेष्ठको बयान कागजहरू र आन्तरिक लेखा परिक्षण गर्ने कृष्णप्रसाद पाण्डे र वद्री प्रसाद अर्याल, लेखा अधिकृत इश्वर श्रेष्ठको बयान कागजहरू र पिताम्बर प्रसाद पोखरेलको साविती बयान, निर्देशक ऋषी वहादुर कार्की र ले.प.अधिकारी ध्रुव कार्कीको बयान कागजहरू र राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन समेतका आधार प्रमाणहरूबाट आम्दानी नै नभएको रकम हिसाव देखाउने, नक्कली कागजात श्रेस्ताहरू तयार गरी राख्ने काम गरेको र चेकमा दस्तखत गर्ने पदाधिकारीको दस्तखत कीर्ते गरेको, चेकमा अंक अक्षरहरू थप गर्ने समेतको कार्य गरी सरकारी खाताबाट भुक्तानी नै गर्नु नहुने रकम आफू लगायत आफन्त, सम्बन्धित व्यक्ति, फर्मका नाममा भुक्तानी गरे गराएको र विभागमा निजले हिनामिना गरेको जानकारी भएपछि सोधखोज गर्दा नेपाल एस.बि.आई. बैंकमा रहेको आफ्नो नामको खाताबाट रु. चालिस लाख रुपैयाको आन्तरिक राजश्व विभागलाई दिन चेक लेखी मैले मस्यौट गरेको रकम बुझाएको छु भनी मिति २०६८।८।९ मा निवेदन लेखी बैंक खातामा रकम मौज्दात नभएको चेक बुझाएको समेत देखिंदा निज लेखा अधिकृत पिताम्बर प्रसाद पोखरेलले उक्त ३९ थान चेकबाट रु.३,१३,२४,८०२।१७ मध्ये फणिन्द्र घिमिरेले रु. ८०००।-, छायाँश्वरी निर्माण/मदरल्याण्ड निर्माण सेवाले रु.१४,३१३।-, अक्वा मिनरल वाटर प्रा.लि. ले रु.१५००।- र खगेन्द्र लामिछानेले रु.१५,०००।- जम्मा गरेको धरौटी रकम रु.३८,८१३।- घटाउँदा कायम हुन आउने जम्मा रु.३,१२,८५,९८९।१७ बदनियतसाथ भुक्तानी गरी गराई सरकारी रकम हिनामिना, मस्यौट गरी भ्रष्टाचार गरेको प्राप्त प्रमाणहरूबाट पुष्टि हुन आई निजको त्यस्तो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ दफा १७, दफा ११ र दफा १२ बमोजिम परिभाषित कसूर देखिएको हुँदा प्रतिवादी पिताम्बर प्रसाद पोखरेललाई सोही ऐनको दफा ३ को उपदफा १ को खण्ड (झ) र दफा १७, दफा ११ र १२ बमोजिम सजाय र आन्तरिक राजश्व विभागको बिगो दिलाई भराई दिन र प्रचलित कानुन बमोजिम फैसला हुंदाको मिति सम्मको व्याज समेत असुल उपर गराई दिन र प्रतिवादी अभिशेष पोखरेलले प्रतिवादी

पिताम्बर प्रसाद पोखरेलको मतियार भई २४ थान चेकबाट रु. १,६६,६८,७६९।९२ भुक्तानी लिई, प्रतिवादी कृष्णगोपाल के.सी. र अस्वीर ट्रेडर्सले प्रतिवादी पिताम्बर प्रसाद पोखरेलको मतियार भई १० थान चेकबाट रु. १,१९,०८,०४२।- भुक्तानी लिई र प्रतिवादी खगेन्द्र लामिछानेले प्रतिवादी पिताम्बर प्रसाद पोखरेलको मतियार भई ३ थान चेकद्धारा रु. ६,०९,२९०।२५ नगदै भुक्तानी लिई सरकारी रकम हिनामिना एवं मस्यौटको कार्यमा सरिक भई भ्रष्टाचार निवारण ऐनको दफा ३,१७,११,१२ र दफा २२ को कसुर गरेको हुँदा प्रतिवादी अभिशेष पोखरेल, प्रतिवादी कृष्ण गोपाल के.सी. र अश्विक ट्रेडस र प्रतिवादी खगेन्द्र लामिछानेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को खण्ड (झ) र दफा १७,११,१२ तथा २२ बमोजिम सजाय र आन्तरिक राजश्व विभागको विगो दिलाई दिन समेत मागदावी लिइएको ।

३९. नेपाल विद्युत प्राधिकरण, धादिङ वितरण केन्द्रका फोरम्यान सिताराम दुवाडीले मेरो मिलको थ्री फेज लाइन जडान गर्न रु. १०,०००।- मागेको छ, संलग्न लिष्टका ०९८१०३ देखि ०९११२ नम्बरका नोटहरू दिदै छु कारवाही गरीपाउँ भनि सुदर्शन वसौलाले जिल्ला प्रशासन कार्यालय, धादिङमा निवेदन दिएको । उक्त कार्यालयको स.प्र.जि.अ.कृष्ण प्रसाद गैह्रे समेतको टोलीले नेपाल विद्युत प्राधिकरण धादिङका कर्मचारी सिताराम दुवाडीको शरिर खानतलासी गर्दा उल्लेखित ०९८१०५ देखि ०९८११२ सम्मका एक हजार दरका ८ थान नोट फेला पारी बरामदी मुचुल्का गरी कारवाहीको लागि यस आयोगमा पेश गरेकोमा अभियुक्त सिताराम दुवाडीको मैले घुस मागेको पनि होइन, राजश्व बुझाई सहयोग गर्नोस भनेको र टेवुलमा पैसा थियो । टेवुलबाट उठाई लगेका हुन भन्ने समेत व्यहोराको बयान रहेको, उजुरवालाको निवेदन र कागजबाट रिसवत माग गरेको भन्ने देखिएको, २०६८।१२।५ को बरामदी मुचुल्काबाट उजुरीमा उल्लेखित नम्बरका नोटहरू निजको शरिरबाट बरामद भएको पुष्टी भएकोले निज सिताराम दुवाडीले सेवाग्राही शुदर्सन बसौलासँगबाट नया थ्री फेज लाइन जडान गर्न बापत रिसवत लिएको पुष्टी भएकोले निजले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३(१) बमोजिमको कसूर गरेकोले सिताराम दुवाडीलाई ऐ.ऐनको दफा ३(१)(क) बमोजिम सजाय गरी पाउन तथा बरामद भएको रकम रु.८,०००।- उजुरवाला शुदर्शन वसौलालाई फिर्ता दिने प्रयोजनका लागि यस आयोगमा फिर्ता दिलाई पाउन समेत मागदावी लिइएको ।

४०. प्रहरी प्रधान कार्यालय अन्तर्गत सीमा प्रहरी चौकी हर्दौना, कपिलवस्तुका प्रहरी नायव निरीक्षक गोकर्ण बहादुर विष्टले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार

निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

४१. मुगु जिल्ला शेरी गा.वि.स. वडा नं.-२ का ७७ घर धुरीको जग्गा रारा राष्ट्रिय निकुञ्जले अधिग्रहण गरेको हुंदा उक्त जग्गाको मुआब्जा माग भै अर्थ मन्त्रालयबाट वन मन्त्रालयमा बजेट निकासा गराउने भनी पठाइएकोमा वन तथा भूसंरक्षण राज्यमन्त्री लक्ष्मण महतोको उप-स्वकीय सचिव नागेन्द्र प्रसाद यादवले सिधैं घुस मागेको हुंदा निज तथा वन तथा भू-संरक्षण राज्यमन्त्री लक्ष्मण महतो समेतलाई आवश्यक कारवाही गरी पाउँ भनी खड्ग बहादुर शाही समेतले दिएको निवेदनमा आयोगबाट प्रमाणित गरिएको रु. १ हजार दरका ५० थान नोट रु. ५०,०००।- भरपाई गरी निज निवेदकलाई बुझाईएको र आयोगबाट परिचालन गरिएको टोलीले वन तथा भू-संरक्षण राज्यमन्त्री लक्ष्मण महतोको उप-स्वकीय सचिवको रुपमा कार्यरत रहदै आएका बर्ष ४६ का नागेन्द्र प्रसाद यादवले रु. ५०,०००।- रिसवत (घुस) लिएको अवस्थामा रकम सहित पक्राउ गरेको बरामदी मुचुल्का रहेको । नागेन्द्र प्रसाद यादवबाट बरामद भएको उक्त रकम आयोगबाट प्रमाणित गरी उजूरवालालाई बुझाएको रकम भएको तथा उक्त रकम रिसवत (घुस) वापत लिएको हो भन्ने नेपाल टेलिभिजन, सगरमाथा टेलिभिजन, न्यूज २४ टेलिभिजन तथा हिमालयन टेलिभिजनबाट प्रसारित भिजुअलबाट समेत पुष्टि भएको र टेलिफोन सम्पर्कको कल डिटेल्सबाट उजूरीकर्ता खड्ग बहादुर शाही र नागेन्द्र प्रसाद यादव बीच पटक-पटक फोन सम्पर्क भएको देखिएको । प्रतिवादी नागेन्द्र प्रसाद यादवले रु. ५०,०००।- आफूबाट बरामद भएको भनी स्वीकार गरेको, उजूरवाला खड्ग बहादुर शाहीले उपलब्ध गराएको निज तथा नागेन्द्र प्रसाद यादवबीच टेलिफोनमा भएको कुराकानीको रेकर्डेड सि.डि. समेतबाट प्रतिवादी नागेन्द्र प्रसाद यादवले रिसवत (घुस) लिएको पुष्टि हुन आएको हुंदा निजले रिसवत (घुस) वापत लिएको रकम रु. ५०,०००।- रुपैंयालाई कुल विगो कायम गरी प्रतिवादी नागेन्द्र प्रसाद यादव उपर भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा सोही ऐनको दफा ३(१) को खण्ड (ख) बमोजिम सजाय हुन र बरामद रकम आयोगमा फिर्ता हुन समेतको मागदावी लिईएको ।

४२. जिल्ला सोलुखुम्बु खुम्जुङ्ग गा.वि.स. घर भई का.जि. कपन वस्ने डिचेन डोल्मा शेर्पा राहदानी नंबर ३५३२५०२ बाट मिति २०६८।६।२१ गतेका दिन अमेरिकाको न्यूयोर्क प्रस्थान गर्नका लागि अन्य आवश्यक कागजातहरू सहित प्रस्थान अनुमतिको लागि अध्यागमन कार्यालय त्रिभूवन अन्तराष्ट्रिय विमानस्थलको काउण्टर D5 मा उपस्थित भएकीमा निजले पेश गरेको कागजातहरूबाट निजको YY भिसा भएको खुलेकोमा उक्त समयमा खटिएका अध्यागमन अधिकृत हरिप्रसाद न्यौपानेले डिचेन डोल्मा शेर्पालाई अध्यागमन बिभागबाट YY भएको एकीन गरी आउन भनिएको पत्र दिई अफलोड गरेको र पुनः प्रस्थान अनुमति पत्र प्राप्त गर्न निज डिचेन डोल्मा शेर्पा अध्यागमन बिभाग, कालिकास्थान जाँदा, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल, अध्यागमन कार्यालयका कार्यालय सहयोगी पूर्ण बहादुर बस्नेत

समेत कामको सिलसिलामा अध्यागमन बिभाग पुगेको । निज डिचेन डोल्मा शेर्पाले पूर्ण बहादुर वस्नेतलाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयमा देखेको आधारमा आफ्नो समस्या राखेपछि पूर्णबहादुर बस्नेतले डिचेन डोल्मा शेर्पाको डकुमेण्ट लिएर अध्यागमन बिभागको मुद्दा शाखामा कार्यरत कम्प्यूटर अधिकृत महेश गौतमलाई भेटी कागज देखाएको । निज महेश गौतमले रु.१,००,०००। (एक लाख) भए मात्र काम हुन्छ भनेपछि पूर्ण बहादुर बस्नेतले डिचेन डोल्मा शेर्पासंग बार्गेनिङ्ग गरी रु.१,००,०००।- रिसवत (घुस) लिएको र उक्त रकम मध्ये रु. ३५,०००।- आफूले राखी बाँकी रु. ६५,०००।- महेश गौतमलाई दिएपछि डिचेन डोल्मा शेर्पाको पुनः प्रस्थान अनुमतिपत्र तयार भएको भनी पूर्ण बहादुर वस्नेतको वयान तथा अनुसन्धानका क्रममा संकलन भएका अन्य कागज बिभिन्न व्यक्तिहरूले आयोग समक्ष गरिदिएको वयान, जाहेरवाला डिचेन डोल्मा शेर्पा मार्फत अनुसन्धानको क्रममा आयोगमा पेश गरेको भिजुअल फोनवार्ताको रेकर्डेड सि.डि., नेपाल टेलिकम, यूनाइटेड टेलिकम तथा एनसेलबाट प्राप्त कल/यूजर्स डिटेल्स लगायत अनुसन्धानको क्रममा संकलित अन्य कागजात प्रमाणहरू समेतबाट अध्यागमन बिभागका कम्प्यूटर अधिकृत महेश गौतम तथा अध्यागमन कार्यालय त्रिभूवन अन्तराष्ट्रिय विमानस्थलमा कार्यरत कार्यालय सहयोगी पूर्ण बहादुर वस्नेत समेतको मिलेमतोमा मिति २०६८।६।२१ गतेमा काठमाडौंबाट दोहा हुदै न्यूयोर्क उडानबाट अमेरिका जान लाग्दा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, अध्यागमन कार्यालयबाट अफलोड गरिएकी डिचेन डोल्मा शेर्पालाई पुनः प्रस्थान अनुमति दिन भनी लेखिएको पत्र उपलब्ध गराए वापत उक्त अबधिमा डिचेन डोल्मा शेर्पासंग गैरकानूनी रुपमा रु.१,००,०००।- र जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट राहदानी एवं नागरिकता प्रमाणिकरण गराए वापतको पत्र उपलब्ध गराउन भनी रु. १०,०००।- समेत जम्मा रु. १,१०,०००।- निजहरूले रिसवत (घुस) वापत लिएको देखिदा रिसवत (घुस) रकम रु.१,१०,०००।-रुपैंयालाई कूल विगो कायम गरी प्रतिवादीहरू पूर्ण बहादुर वस्नेत र महेश गौतम उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (घ) को कसूरमा सोही दफामा उल्लेख भए बमोजिम दण्ड जरिवाना गरी विगो समेत जफत गरी पाउन मागदावी लिइएको ।

४३. जिल्ला शिक्षा कार्यालय, सर्लाही अन्तरगत जनता मा.वि. अर्गवाको, सर्लाहीमा नि. मा. तृतिय शिक्षक संजिव कुमार राय र सोही विद्यालयको प्रा.वि. तृतिय पदमा कार्यरत राम वालक रायले सेवा प्रवेश प्रयोजनका लागि पेश गरेको अध्यापन अनुमती पत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित निकाय/ आयोगबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजहरूले पेश गरेको अध्यापन अनुमतिपत्रहरू नक्कली एवं झुट्ठा देखिन आएकोले निजहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसूर गरेको देखिन आएको हुँदा निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

४४. जिल्ला शिक्षा कार्यालय, अर्घाखाँची अन्तरगत गौरा मा.वि., रजियाको माध्यमिक तहको शिक्षक लालबहादुर गुरुंगले सेवा प्रवेश प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त प्रमाणिकरण-पत्र समेतका आधारमा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसूर देखिन आएको हुंदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

४५. जिल्ला शिक्षा कार्यालय, दैलेख अन्तरगत विजया उच्च माध्यमिक विद्यालय, दुल्लुमा मा.वि. तृतिय श्रेणीको शिक्षक उपेन्द्र कुमार शाहले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त प्रमाणिकरण-पत्र समेतका आधारमा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसूर देखिन आएको हुंदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

४६. जिल्ला विकास समितिको कार्यालय, बाराका तत्कालिन निमित्त स्थानीय विकास अधिकारी मुरारी नेपालको कार्यकाल आ.ब.०६६।०६७ मा जिल्ला विकास समितिको, कार्यालय, बाराबाट कृषी सडकहरू ७ वटा र विकास अनुदान तर्फका सडकहरू ८ वटा गरी १५ वटा सडकहरूमा माटो एवं ग्राभल गर्ने तथा विभिन्न सरसामान खरिद गर्ने कार्य अमानतको प्रकृयाबाट गर्ने भनी जिल्ला विकास समितिको कार्यालय, बाराके मिति २०६७।३।११ को बोर्ड बैठकबाट प्रतिष्पर्धा समेत नगराई वदनियतपूर्वक निर्णय गरी उक्त कार्यहरू गर्न सोही कार्यालयका ई. मेधुप्रसाद जायसवालसँग मिलेमतो गरी आर्थिक वर्षको अन्त्यमा उक्त नगरे नगराएको कार्यलाई गरे गराएको भनी विल भौचर तयार गरी भुक्तानी समेत गरे गराएको । परिषद तथा बोर्डको निर्णय विना नै प्रचलित ऐन नियम विपरित ठूलो रकमका सरसामानहरू स्टोरबाट सिधै खरिद गरी भुक्तानी समेत गरे गराएको तथा जिल्ला विकास समिति वोर्डको निर्णय विना नै वकुलिया नदिको पुल निर्माणको मूल्य समायोजन गरेको जिल्ला विकास समिति, बाराबाट प्राप्त कागजातहरूबाट देखिएको । आ.ब. २०६६।०६७ मा जिल्ला विकास समितिको कार्यालय, बाराबाट कृषी सडकहरू ७ वटा र विकास अनुदान तर्फका सडकहरू ८ वटा गरी १५ वटा सडकहरूमा माटो तथा ग्राभेल गर्ने कुनै कार्य नभएको भनी जिल्ला प्रशासन कार्यालय, बारा मार्फत भएको सरजमिन मुचुल्काहरूबाट र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका ई.विजयमुनी वज्राचार्य समेतले पेश गरेको

स्थलगत निरिक्षण प्रतिवेदन समेतबाट देखिएको, निमित्त स्थानीय विकास अधिकारी मुरारी नेपालको बयान कागज र अन्य बुझीएका व्यक्तिहरूको बयान कागजको व्यहोरा समेतका आधार एवं प्रमाणहरूबाट निज मुरारी नेपालले नेपाल सरकारको रु. २,२७,६७,०६६।५१ बरावरको रकम तथा सम्पत्ति बदनियतपूर्वक हानी नोक्सानी हिनामिना एवं दुरुपयोग गरे गराएको । तत्कालिन इन्जिनियर मेधुप्रसाद जायसवालले उक्त सडक सम्बन्धी कार्यहरू र सामान खरिदको कार्य आफुले गरी गराई भुक्तानी लिएको कुरा समेत स्वीकार गरेको, जिल्ला प्रशासन कार्यालय, बारा मार्फत प्राप्त सरजमिन मुचुल्काहरू र आयोगका इन्जिनियर विजयमुनी बज्राचार्य समेतले पेश गरेको स्थलगत निरिक्षण प्रतिवेदनबाट समेत प्रतिवादी मेधु प्रसाद जायसवालले अन्य प्रतिवादीहरूसँग मिलेमतो गरी सडकहरू सम्बन्धी काम नै नगरी रकम भुक्तानी लिएको र खानेपानी तर्फको सरसामानहरू समेत हिनामिना गरी सो सामान बापत समेतको रकम भुक्तानी लिई नेपाल सरकारको रु. १,७२,५८,५१८।६५ बरावरको रकम तथा सम्पत्ति बदनियतपूर्वक हानी नोक्सानी हिनामिना एवं दुरुपयोग गरे गराएको । जिल्ला प्राविधिक कार्यालय, बाराका प्रमुख जिल्ला इन्जिनियर सितलप्रसाद गुप्ताले आ.ब. २०६६।०६७ मा संचालन भएका भनिएका ७ वटा कृषि सडक र ८ वटा विकास अनुदान तर्फका सडकहरूमा माटो एवं ग्राभेल गर्ने तथा सरसामानहरू खरिदको कार्य अमानतको प्रकृयाबाट गर्ने भनी जिल्ला विकास समितिको कार्यालय, बाराको मिति २०६७।५।११ को बोर्डको बैठकमा आफु समेत उपस्थित भई उल्लिखित कार्यहरू अमानतका प्रकृयाबाट गराउने भनी दस्तखत गरेको । उक्त सडकहरूमा गर्दै नगरेको कार्यलाई गरे गराएको भनी नापी किताबहरूमा समेत प्रमाणीत गरी रकम भुक्तानीको लागि सिफारिस गरेको । उल्लिखित काम कारवाहीहरू गरेको कुरालाई निजले बयान गर्दा स्वीकार गरेको आफुले प्राप्त नगरेको अधिकारको प्रयोग गरी मूल्य समायोजन सम्बन्धी निर्णय गरेको । खरिद भई जिन्सी दाखिला नगरेको सामानहरूको खरिद गर्ने भनी निर्णय प्रकृयामा सामेल रहेको । उक्त सडकहरूमा माटो तथा ग्राभेल गर्ने कुनै पनि कार्य नभएको भनी जिल्ला प्रशासन कार्यालय, बाराबाट भएको सरजमिन मुचुल्का र ई.विजयमुनी बज्राचार्य समेतको स्थलगत निरिक्षण प्रतिवेदन समेतबाट प्रमुख जिल्ला इन्जिनियर शितलप्रसाद गुप्ताले नेपाल सरकारको रु. १,७२,५८,५१८।६५ बरावरको रकम तथा सम्पत्ती बदनियतपूर्वक हानी नोक्सानी हिनामिना एवं दुरुपयोग गरेको । जिल्ला प्राविधिक कार्यालय, बाराका इन्जिनियर राजेशलाल कर्णले ७ वटा कृषी सडक तथा ८ वटा विकास अनुदान तर्फका सडकहरू समेत १५ वटा सडकहरूमा माटो एवं ग्राभेलको कार्य गर्ने भनी लागत इष्टिमेट लगायतका कागजातहरू तयार गरी गराई गर्दै नगरेको कार्यलाई गरे गराएको भनी सोही व्यहोरा नापी किताव र कार्य सम्पन्न प्रतिवेदन लगायतका कागजातहरूमा समेत जनाउन लगाई आफैले चेक जाँच र दस्तखत समेत गरी रकम भुक्तानीका लागि सिफारिस गरेको । सो कुरालाई निजले बयानमा स्वीकार गरेको । जिल्ला प्रशासन कार्यालय, बारा मार्फत भएको सरजमिन मुचुल्काहरू र ई.विजयमुनी बज्राचार्य समेतको स्थलगत निरिक्षण प्रतिवेदन समेतबाट

प्रतिवादी राजेशलाल कर्णले नेपाल सरकारको रु. १,२०,८३,६०५।०८ बरावरको रकम बदनियतपूर्वक हानी नोक्सानी हिनामिना एवं दुरुपयोग गरेको । जिल्ला विकास समितिको कार्यालय, बाराका योजना अधिकृत प्रदिप पौडेलले जिल्ला विकास समितिको कार्यालय, बाराको मिति २०६७।३।११ को जिल्ला विकास समिति बोर्डको बैठकमा उपस्थित भै बैठकको निर्णयमा सहमती जनाई दस्तखत गरेको र सो कुरालाई स्वीकार गरी बयान गरेको, ७ वटा सडकहरूको रनिङ्ग विल अनुसारको टिप्पणीमा भुक्तानीको लागि सिफारिस गरेको, जिल्ला प्रशासन कार्यालय, बारा मार्फत भएको सरजमिन मुचुल्का र ई.विजयमुनी बज्राचार्य समेतको स्थलगत निरिक्षण प्रतिवेदनबाट सडक सम्बन्धी कार्य नभएको, खरिद गरिएका सामानहरू जिन्सीमा दाखिला नगरी हिनामिना गरेको, सडकहरूको रनिङ्ग विलको भुक्तानी प्रकृयामा सरिक भएको र अन्य प्रतिवादीहरूसँग मिलेमतो गरी सामानहरू हिनामिना र रकमहरू समेत भुक्तानी गर्न लगाई प्रतिवादी प्रदिप पौडेलले नेपाल सरकारको रु. १,४५,१९,५४१।०८ बरावरको रकम बदनियतपूर्वक हानी नोक्सानी हिनामिना एवं दुरुपयोग गरेको जि.वि.स., बाराका लेखा अधिकृत गोपीलाल दाशले कृषी तथा विकास अनुदान तर्फको सडकहरूमा माटो तथा ग्राभेल गर्ने कार्य सार्वजनिक खरिद एवं नियमावली विपरित अमानत प्रकृयाबाट गराई भुक्तानीको टिप्पणीमा दस्तखत गरी रकम समेत भुक्तानी दिएको । ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गतका सरसामानहरू खरिदमा विल जारी भएको मिति भन्दा अघिल्ला मितिमा नै भुक्तानी दिने भनी टिप्पणीमा सिफारिस गरी भुक्तानी दिएको । बकुलिया नदिको पुल निर्माणको मूल्य समायोजन गर्ने सिफारिस गरी रकम भुक्तानी दिएको कुरालाई निजले आफ्नो बयानमा स्वीकार गरेको । जिल्ला प्रशासन कार्यालय, बारा मार्फत भएको सरजमिन मुचुल्काहरू र ई.विजयमुनी बज्राचार्य समेतको स्थलगत निरिक्षण प्रतिवेदन समेतबाट अन्य प्रतिवादीहरूसँग मिलेमतो गरी प्रतिवादी गोपीलाल दाशले नेपाल सरकारको रु. २,२७,६७,०६६।५१ बरावरको रकम बदनियतपूर्वक हानी नोक्सानी हिनामिना एवं दुरुपयोग गरेको पुष्टी हुन आई प्रतिवादीहरू मुरारी नेपाल, मेघुप्रसाद जयसवाल, सितल प्र.गुप्ता, प्रदिप पौडेल, गोपीलाल दाश र राजेशलाल कर्णले भ्रष्टाचार निवारण.ऐन, २०५९ को दफा ८(१) को देहाय (ङ) र दफा १७ बमोजिमको कसुर गरेकोले निजहरूलाई सोही ऐनको दफा ३(१) को देहाय (झ) र दफा ८ बमोजिम सजाय गरी उल्लेखित विगोहरू निजहरूबाट जनही असुल उपर गरी जिल्ला विकास समितिको कार्यालय, बारालाई दिलाई भराई पाउन र जिल्ला विकास समितिको कार्यालय, बाराका इन्जिनियर रामप्रकाश सतरा र असिष्टेन्ट सव इन्जिनियर औलिक महमदले कृषी सडक अन्तर्गत ईनर्वा कन्चनपुर खैरहवा, राजघट्टा सडकको गर्दै नगरेको कार्यलाई माटो तथा ग्राभेलको कार्य गरेको हो भनी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी दस्तखत समेत गरी रकम भुक्तानीको लागि सिफारिस गरेको । सो कुरालाई निजहरूले बयानमा स्वीकार गरेको । जिल्ला प्रशासन कार्यालय, बारा मार्फत भएको सरजमीन मुचुल्काहरू र ई.विजयमुनी बज्राचार्य समेतले पेश गरेको स्थलगत नीरिक्षण प्रतिवेदन समेतबाट

प्रतिवादीहरू रामप्रकाश सतरा र औलिक महमदले नेपाल सरकारको रु. १३,९९,८४५।६९ बरावरको रकम बदनियतपूर्वक हानी नोक्सानी हिनामिना एवं दुरुपयोग गरेको र जिल्ला विकास समिति, बाराका सव इन्जिनियर योगेन्दप्रसाद यादव र असिष्टेन्ट सव इन्जिनियर राम निवास प्रसाद जायसवालले कृषी सडक निलकण्ठवा धर्मनगर-कलैया सडकको हुदै नभएको कामको कार्य सम्पन्न प्रतिवदेन समेत तयार गरी सोमा दस्तखत समेत गरी रकम भुक्तानीका लागि सिफारिस गरेको । सो अवस्थाहरूलाई निजहरूले बयानमा स्वीकार गरेको । जिल्ला प्रशासन कार्यालय, बारा मार्फत भएको सरजमिन मुचुल्का र ई.विजयमुनी बज्राचार्य समेतको स्थलगत निरिक्षण प्रतिवेदन समेतका आधारमा प्रतिवादीहरू योगेन्द्र प्र.यादव र राम निवास प्रसाद जायसवाललाई नेपाल सरकारको रु. १२,००,०००।- बरावरको रकम बदनियतपूर्वक हानी नोक्सानी हिनामिना एवं दुरुपयोग गरेको र जिल्ला विकास समिति, बाराका अ.सव.इन्जिनियर रामदेव प्रसाद गुप्ताले कृषी सडक अन्तर्गत बन्जरिया बलुवा नितनपुर सडकमा गर्दै नगरेको माटो तथा ग्राभेलको कार्य गरेको हो भनी कार्य सम्पन्न प्रतिवेदन तयार गरी सोमा दस्तखत समेत गरी रकम भुक्तानीका लागि सिफारिस गरेको र सो कुरालाई बयानमा स्वीकार गरेको जिल्ला प्रशासन कार्यालय,.बारा मार्फत भएको सरजमिन मुचुल्काहरू र ई.विजयमुनी बज्राचार्य समेतले पेश गरेको स्थलगत निरिक्षण प्रतिवेदन समेतबाट प्रतिवादी रामदेव प्र.गुप्ताले नेपाल सरकारको रु. १४,९९,९९९।- बरावरको रकम बदनियतपूर्वक हानीनोक्सानी हिनामिना एवं दुरुपयोग गरेको र जिल्ला विकास समिति, बाराका असिष्टेन्ट सव इन्जिनियर सुरेन्द्रराय यादवले कृषी सडक अन्तर्गत बेनौली श्रीनगर-बैरिया सिम्रौनगढ सडकमा माटो तथा ग्राभेलको कार्य र विकास अनुदान तर्फको पकडिया ईनर्वा सडकमा ग्राभेलको कार्यको गर्दै नगरेको कार्यको कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी सोमा दस्तखत समेत गरी रु. १६,९९,२२८।४८ भुक्तानीका लागि सिफारिस गरेको । सो कुरालाई बयानमा स्वीकार गरेको, जिल्ला विकास समिति, बारा मार्फत भएको सरजमिन मुचुल्काहरू र ई.विजयमुनी बज्राचार्य समेतको स्थलगत निरिक्षण प्रतिवेदन समेतबाट प्रतिवादी सुरेन्द्रराय यादवले नेपाल सरकारको रु. १६,९९,२२८।४८ बरावरको रकम बदनियत पूर्वक हानीनोक्सानी हिनामिना एवं दुरुपयोग गरेको, जिल्ला विकास समिति, बाराका असिष्टेन्ट सव इन्जिनियर अजित कुमार दुलालले कृषी सडक अन्तर्गत मघुवन-कोल्हवी सडकमा माटो तथा ग्राभेलको कार्यको र विकास अनुदान तर्फको जमुनाटोल मिलनचोक सडकमा ग्राभेलको कार्यको गर्दै नगरेको कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गरी सोमा दस्तखत समेत गरि रु. १६,९९,९९९।४२ भुक्तानीको लागि सिफारिस गरेको र सोलाई बयानमा स्वीकार गरेको जिल्ला प्रशासन कार्यालय,.बारा मार्फत भएको सरजमिन मुचुल्काहरू र ई.विजयमुनी बज्राचार्य समेतको स्थलगत निरिक्षण प्रतिवेदन समेतबाट प्रतिवादी अजितकुमार दुलालले नेपाल सरकारको रु. १६,९९,९९९।४२ बरावरको रकम बदनियतपूर्वक हानी नोक्सानी हिनामिना एवं दुरुपयोग गरेको असिष्टेन्ट सव इन्जिनियर शम्भु प्रसाद जयसवालले कृषि सडक अन्तर्गत पदम

सडक-पत्रहट्टी रौवाही-प्रिपादी-कवही गोठ सडकमा माटो तथा ग्राभेलको कार्यको उक्त गर्दै नगरेको कार्यको कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी सोमा दस्तखत समेत गरी रु. १५,९०,९९८।३० भुक्तानीको लागि सिफारिस गरेको र सोलाई बयानमा स्वीकार गरेको, जिल्ला प्रशासन कार्यालय, बारा मार्फत भएको सरजमिन मुचुल्काहरू र ई.विजयमुनी बज्राचार्य समेतको स्थलगत निरिक्षण प्रतिवेदन समेतबाट प्रतिवादी शम्भु प्रसाद जयसवालले नेपाल सरकारको रु. १५,९०,९९८।३० बरावरको रकम बदनियतपूर्वक हानी नोकसानी हिनामिना एवं दुरुपयोग गरेको पुष्टी हुन आई प्रतिवादीहरू रामप्रकाश सतरा, औलिक महमत, योगेन्द्रप्रसाद यादव, रामनिवास प्रसाद जयसवाल, रामदेव प्रसाद गुप्ता, सुरेन्द्र राय यादव, अजित कुमार दुलाल र शम्भु प्रसाद जयसवालले भ्रष्टाचार निवारण.ऐन, २०५९ को दफा ८(१) को देहाय (ङ) र दफा १७ को कसुर गरेकाले निजहरूलाई सोही ऐनको दफा ३(१) को देहाय (च) र दफा ८ बमोजिम सजाय हुन । सव इन्जिनियर जाकिर हुसेन अन्सारीले कृषीसडक अन्तर्गत कलैया-छतवा सडकमा माटो तथा ग्राभेलको कार्यको र विकास अनुदान तर्फको गंजभवानीपुर-बजनी सडकमा माटो तथा ग्राभेलको कार्यको गर्दै नगरेको कार्यको कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी सोमा दस्तखत समेत गरी रु. १६,९९,९९९।८२ भुक्तानीका लागि सिफारिस गरेको, सोलाई निजले बयानमा स्वीकार गरेको । जिल्ला प्रशासन कार्यालय, बारा मार्फत भएको सरजमिन मुचुल्काहरू र ई.विजयमुनी बज्राचार्य समेतको स्थलगत निरिक्षण प्रतिवेदनबाट कार्य नभएको देखिएको र वकुलिया नदिको पुल निर्माणको मूल्य समायोजनको लागि टिप्पणी उठाई दस्तखत समेत गरी स्वीकृतीका लागि शितल प्रसाद गुप्ता समक्ष पेश गरेको र शितल प्रसाद गुप्ताले अख्तियारी विना गरेको निर्णयानुसार नापी कितावमा चढाई दस्तखत समेत गरी रु. २७,३८,९७७।५७ थप व्ययभार पारी प्रतिवादी जाकिर हुसेनले नेपाल सरकारको कुल रु. ४४,३८,९७७।३९ बरावरको रकम बदनियत पूर्वक हानी नोकसानी र हिनामिना एवं दुरुपयोग गरेको र खरिदार मोहनलाल साहले गर्दै नगरेको कार्यलाई गरेको हो भनी कृषी सडक अन्तर्गतको रु. ४७,२१,२३२।४१ को टिप्पणीमा दस्तखत समेत गरी भुक्तानीको लागि सिफारिस गरेको अवस्थालाई निजले बयानमा स्वीकार गरेको । सरसामान खरिदको प्रकृयामा सरिक भएको । जिल्ला प्रशासन कार्यालय, बारा मार्फत भएको सरजमिन मुचुल्काहरू र ई.विजयमुनी बज्राचार्य समेतको स्थलगत निरिक्षण प्रतिवेदनबाट सडकहरू सम्बन्धी कार्यहरू नभएको नगरेको देखिएको र यी प्रतिवादीको अन्य प्रतिवादीहरूसँग मिलेमतो रहे भएको समेतका आधारहरूबाट प्रतिवादी मोहनलाल साहले नेपाल सरकारको रु. ४७,२१,२३२।४१ बरावरको रकम बदनियतपूर्वक हानी नोकसानी एवं दुरुपयोग गरेकोले प्रतिवादीहरू जाकिर हुसेन अन्सारी र मोहनलाल साहले भ्रष्टाचार निवारण.ऐन, २०५९ को दफा ८(१) को देहायको (ङ) र दफा १७ को कसुर गरेकोले निजहरूलाई सोही ऐनको दफा ३(१) को देहाय (छ) र दफा ८ बमोजिम सजाय हुन र सव इन्जिनियर किशोर यादवले विकास अनुदान तर्फका सडकहरू रंगपुर, जीतपुर, कचेर्वा-बसवरिया, सिमराचोक-नरवस्ती र डुमरवान-रजघटा सडकहरूको ग्राभेल

गर्दै नगरेको कार्यलाई ग्राभेल गरेको कार्य सम्पन्न प्रतिवेदन तयार गरी सोमा दस्तखत गरी रु. ६,९९,११०।१८ भुक्तानीका लागि सिफारिस गरेको र निजले बयानमा सो कुरालाई स्वीकार गरेको । जिल्ला प्रशासन कार्यालय, बारा मार्फत भएको सरजमिन मुचुल्काहरू र ई.विजयमुनी बज्राचार्य समेतको स्थलगत निरिक्षण प्रतिवेदन समेतबाट प्रतिवादी किशोर यादवले नेपाल सरकारको रु. ६,९९,११०।१८ बरावरको रकम बदनियतपूर्वक हानी नोक्सानी हिनामिना एवं दुरुपयोग गरेको र सव इन्जिनियर लालबाबु रायले विकास अनुदान तर्फका डुमरवाना-रजघडा र भोदवा-धोधा सडकहरूको गर्दै नगरेको कार्यको कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी दस्तखत समेत गरी रु. ५,९४,४२३।८९ भुक्तानीका लागि सिफारिस गरेको र सोलाई बयानमा स्वीकार गरेको । जिल्ला प्रशासन कार्यालय,.बारा मार्फत भएको सरजमिन मुचुल्काहरू र ई.विजयमुनी बज्राचार्य समेतको स्थलगत निरिक्षण प्रतिवेदन समेतबाट प्रतिवादी लालबाबु रायले नेपाल सरकारको रु. ५,९४,४२३।८९ बरावरको रकम बदनियतपूर्वक हानी नोकसानी हिनामिना एवं दुरुपयोग गरेको पुष्टी हुन आई प्रतिवादीहरू किशोर यादव र लालबाबु रायले भ्रष्टाचार निवारण.ऐन, २०५९ को दफा ८(१) को देहाय (ङ) र दफा १७ बमोजिमको कसुर गरेकोले निजहरू उपर सोही ऐनको दफा ३(१) को देहाय (ङ) र दफा ८ बमोजिम सजाय हुन र लेखापाल सुरेन्द्र प्रसाद चौधरीले गर्दै नगरेको कार्यलाई गरेको हो भनी कृषी सडक अन्तर्गत र विकास अनुदान तर्फका सडकहरू र ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गतको समेतको रु. ९७,९०,९८४।८४ को टिप्पणीमा दस्तखत गरी भुक्तानीको लागि सिफारिस गरेको अवस्थालाई बयानमा स्वीकार गरेको । लेखापाल प्रेमबाबु प्रसादले कृषी सडक अन्तर्गत र विकास अनुदान तर्फका सडकहरू र ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम अन्तर्गत समेतको रु. ९१,६८,९८६।८९ को टिप्पणीहरूमा दस्तखत समेत गरी भुक्तानीको लागि सिफारिस गरेको अवस्थालाई बयानमा स्वीकार गरेको । ना.सु.वीरेन्द्र महतोले कृषी सडक अन्तरर्गत र विकास अनुदान तर्फका सडकहरू र ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम अन्तरर्गत समेतको रु. ९१,६८,९८६।८९ को टिप्पणीहरूमा दस्तखत समेत गरी भुक्तानीको लागि सिफारिस गरेको अवस्थालाई बयानमा स्वीकार गरेको । उक्त सडकहरू सम्बन्धी कार्य र सरसामानहरू खरिदको भुक्तानी प्रकृयामा सरिक भएको र उक्त कार्यहरू नभए नगरेको भनी जिल्ला प्रशासन कार्यालय, बारा मार्फत भएको सरजमिन मुचुल्काहरू र ई. विजयमुनी बज्राचार्य समेतको स्थलगत निरिक्षण प्रतिवेदन समेतबाट पुष्टि हुन आई प्रतिवादीहरू सुरेन्द्र प्र.चौधरीले रु. ९७,९०,९८४।८४, प्रेम बाबु प्रसादले रु. ६०,११,५८०।- र वीरेन्द्र महतोले रु. ९१,६८,९८६।८९ बरावरको नेपाल सरकारको रकम बदनियतपूर्वक हानी नोक्सानी हिनामिना एवं दुरुपयोग गरेको पुष्टि हुन आई प्रतिवादी सुरेन्द्र चौधरी, प्रेमबाबु प्रसाद र वीरेन्द्र महतोले भ्रष्टाचार निवारण.ऐन, २०५९ को दफा ८(१) को देहाय (ङ) र दफा १७ को कसुर गरेकोले निजहरूलाई सोही ऐनको दफा ३(१) को देहाय (ज) र दफा ८ बमोजिम सजाय हुन र खरिदार राजीव कुमार यादवले कार्यालयबाट ह्याण्डपम्प, जस्तापाता, सिमेन्ट आदी

सामानहरू टेण्डर प्रकृया नअपनाई सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ विपरित स्टोर शाखाबाट सिधै खरिद गरी विभिन्न मितिमा विभिन्न पसलहरूलाई खरिद आदेशको फाराम तयार गरी निमित्त स्थानिय विकास अधिकारी मुरारी नेपालबाट स्वीकृत गराई स्टोर दाखिला भएका सामानहरू हिनामिना गरेको, सामान वितरण गरेको माग फाराम नभएको, सामान बुझाएको भरपाई नभएको सामानहरू हाल स्टोर मौज्दात समेत नरहेको सोलाई निजले बयानमा स्वीकार गरेको समेतबाट प्रतिवादी राजीव कुमार यादवले अन्य प्रतिवादीसँग मिलेमतो गरी नेपाल सरकारको रु. ५५,०८,५४७८६ बरावरको सम्पत्ति बदनियतपूर्वक हानी नोक्सानी हिनामिना एवं दुरुपयोग गरेको पुष्टी हुन आई प्रतिवादी राजिवकुमार यादवले भ्रष्टाचार निवारण .ऐन, २०५९ को दफा ८(१) को देहाय (ङ) र दफा १७ बमोजिमको कसुर गरेकोले निज उपर सोही ऐनको दफा ३(१) को देहाय (ज) र दफा ८ बमोजिम सजाय हुन। विष्णु रोड एण्ड विज्र सुधा निर्माण सेवा जे.भी . कलैयाका आधिकारीक प्रतिनिधि सत्येन्द्र प्रसाद सिंह (राजपुत) ले आफु र शितल प्रसाद गुप्ता समेतका प्रतिवादीहरूसँग मिलेमतो गरी आफुहरूलाई गैरकानूनी लाभ पुऱ्याउन बदनियतपूर्वक बकुलिया नदिको पुल निर्माणको ठेक्कामा मूल्य समायोजन समेत गर्न लगाई रु. २७,३८,९७७।५७ नेपाल सरकारलाई हानी नोक्सानी र आफुहरू समेतलाई फाईदा हुने कार्य गरी भ्रष्टाचार निवारण.ऐन, २०५९ को दफा ८(४) अनुसारको कसुर गरेकोले निज उपर सोही ऐनको दफा ८ र दफा २३ बमोजिम सजाय हुन र जिल्ला विकास समितिको कार्यालय, बाराको बोर्ड संयन्त्रका तत्कालिन प्रतिनिधिहरू भागवत प्रसाद दाश, मनोज कुमार यादव, रामबाबु प्रसाद साह, प्रयागराय यादव, त्रिलोकी प्रसाद चौधरी, मुक्ती प्रसाद यादव, प्रकाश चौगाई, देवतामणी उपाध्याय, राजनारायण साह, वीरेन्द्र प्रसाद यादव, राजेन्द्र सहानी, मोहन प्रसाद यादव, उमेश लाल दाश, गणेश पासवान, कर्ण बहादुर थापा, जयचन्द्र प्रसाद चौरासिया, हरि चौलागाई र महमद फिरोज समेतले जिल्ला विकास समितिको कार्यालय, बाराको मिति २०६७।३।११ गतेको जिल्ला विकास समिति बोर्डको बैठकको निर्णयमा जिल्ला विकास समिति बोर्ड संयन्त्रका प्रतिनिधिको हैसियतले ७ वटा कृषी सडकहरू र ८ वटा विकास अनुदान तर्फका सडकहरूमा माटो तथा ग्राभेलको कार्य गर्न र सरसामान खरिदको कार्य अमानतको प्रकृयाबाट गर्ने गराउने भनी निर्णय गरे गराएको। उक्त निर्णय सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ विपरित भएको। उक्त निर्णय गरे गराएकोलाई निजहरूले आ-आफ्नो बयानमा स्वीकार गरेको। जिल्ला प्रशासन कार्यालय, बारा मार्फत भएको सरजमिन मुचुल्काहरू र ई.विजयमुनी बज्राचार्य समेतको स्थलगत निरिक्षण प्रतिवेदनबाट उक्त कार्यहरू भए गरेको नदेखिएको। सह अभियुक्तहरूले पोल गरेको। आर्थिक वर्षको अन्त्यमा काम सम्पन्न हुने स्थिति नरहेको, आफ्नो प्रभाव र दवावमा निर्णय गरे गराएको समेत पुष्टि हुन आई जिल्ला विकास समिति बारालाई सडकहरू तर्फको रु. १,२०,८३,६०५।०८, ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम अन्तरगत सामानहरू खरिद गरेको भनी रु. २४,३५,९३६।- समेत गरी जम्मा रु.

१,४५,१९,५४१।०८ हानीनोक्सानी पुऱ्याउने कार्य गरेकोले निजहरू उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा सोही ऐनको दफा ८(४) बमोजिम सजाय हुन र प्रतिवादीहरूले हानी नोक्सानी गरेको विगो निजहरूबाट असुल उपर गरी जिल्ला विकास समितिको कार्यालय, बारालाई दिलाई भराई पाउन मागदावी लिइएको ।

४७. जिल्ला स्वास्थ्य कार्यालय, बाँकेका लेखा अधिकृत (विशेष) खगेन्द्रबहादुर हमाल र सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय बाँकेका ना.सु. (विशेष) प्रेमप्रकाश शाहीले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरू उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्ड/निकायबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजहरूले पेश गरेको शैक्षिक प्रमाणपत्रहरू नक्कली एवं झुट्ठा देखिन आएको र निजहरूको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजहरूलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

४८. त्रिभुवन विश्वविद्यालय अन्तर्गत विश्व भाषा क्याम्पसका शिक्षक अनिल थापाले सेवा प्रवेश गर्ने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान र सम्बन्धित निकायबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

४९. नेपाल विद्युत प्राधिकरण, विरगन्ज वितरण केन्द्रका इलेक्ट्रीसियन सुधीरकुमार कर्ण र वीरेन्द्रप्रसाद कुर्मिले सेवाग्राहीबाट रु. १५,०००।- रिशवत लिदै गर्दा पक्राउ परेको सम्बन्धी बिषयमा अनुसन्धान तहकिकातबाट संकलित उजुरवाला दिपककुमार सिंहको उजुरी एवं नेपाल विद्युत प्राधिकरण, विरगञ्ज बितरण केन्द्रको पत्र, सुधिरकुमार कर्ण, विरेन्द्रप्रसाद कुर्मि र रामबाबु चौधरीको बयान कागजहरू, प्रहरी कर्मचारी रुद्रराज कंडेल र सुरेन्द्र राउत अहिर समेतको कागजहरू र बरामदी मुचुल्का, उजुरीमा उल्लेखित नम्वर र दरका नोट सहित प्रतिवादी सुधिरकुमार कर्ण र विरेन्द्रप्रसाद कुर्मि पक्राउ भएको प्र.ना.नि. रुद्रराज कंडेलको प्रतिवेदन र प्रतिवादी रामबाबु चौधरी र सुधिरकुमार कर्ण दुवै सोही कार्यालयको एकै फाँटमा काम गर्ने कर्मचारी भएको समेत आधार प्रमाणहरूबाट निजहरूले नयाँ विद्युतलाइन जडान गर्न उजुरवाला दिपककुमार सिंहसँग रु. १५,०००।- रिशवत माग गरी लिएको र प्रतिवादी विरेन्द्रप्रसाद कुर्मिले उक्त रिसवत रकम लिएको जानकारी भै सो रकमको दशी दवाउने उद्देश्यले प्रतिवादी सुधिर कुमार कर्णबाट आफुले लिएको पुष्टि हुन आई प्रतिवादी

रामबाबु चौधरी र सुधिरकुमार कर्णले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेकोले निजहरूलाई सोही ऐनको दफा ३(१)(क) बमोजिम सजाय हुन र प्रतिवादी बीरेन्द्र प्रसाद कुर्मीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (४) बमोजिम कसूर गरेकोले निजलाई सोही ऐनको दफा ३(४) बमोजिम सजाय गरी पाउन र दशीको रु. १५,०००।- उजुरवाला दिपककुमार सिंहलाई फिर्ता दिनको लागि आयोगमा फिर्ता पाउन समेतको मागदावी लिईएको ।

५०. नेपाल संस्कृत विश्वविद्यालय अन्तरगत याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापिठ (क्याम्पस), मटिहानी, महोत्तरीका ईलेक्ट्रिसियन सुधिर कापरले, सेवा प्रवेशका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित वोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसूर देखिन आएको हुंदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

५१. प्रहरी प्रधान कार्यालय अन्तर्गत जिल्ला प्रहरी कार्यालय, वागलुङ्गका प्रहरी नायव निरीक्षक नवलसिंह गुरुङ्गले वढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं प्रमाणिकरण विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

५२. प्रहरी प्रधान कार्यालय अन्तरगत कार्यरत प्र.स.नि. तुल बहादुर गुरुङ्गले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित निकाय/वार्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर भएको देखिंएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

५३. बर्दिया राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत फणिन्द्रराज खरेलले आ.व. २०६३।०६४ र २०६४।०६५ सम्म सो निकुञ्जमा कामकाज गर्दा राजस्व हिनामिना गरेको भन्ने समेतको विषयमा अनुसन्धान तहकिकात हुँदा प्राप्त सक्कल कागजात तथा मिसिल प्रमाणको

आधारमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १६ (क)मा "राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र तोकिएको अधिकारीले तोकिए बमोजिम दस्तुर लिई तोकिएको वनपैदावार उपलब्ध गराउन सक्नेछ" भन्ने व्यवस्था रहेको र मध्यवर्ति व्यवस्थापन निमायवली, २०५२ को नियम १७ मा संरक्षकको लिखित अनुमति नलिई वनपैदावार लगायत गिट्टी, ढुंगा, वालुवा, खन्न निकासी गर्न निषेध गरेको कानूनी व्यवस्था विपरित मिति २०६३।७।१५ गतेका दिन वर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ति क्षेत्रका उपभोक्ता समितिहरूको बैठकबाट उपभोक्ता क्षेत्र भित्रका नदी खोलावाट उपभोक्ता समितिको नियम अनुसार दस्तुर लिई बालुवा, गिट्टी, ढुंगा उपलब्ध गराउने र सम्बन्धित क्षेत्रको अनुगमन र नियन्त्रण समेत सम्बन्धित उपभोक्ता समितिले नै गर्ने गरी निर्णय गरी गराई विगत आ.व. मा उठाउदैं आएको राजस्व असुली गरी सो मध्ये तोकिएको रकम दाखिला गर्नुपर्ने आफ्नो अनिवार्य दायित्व बहन नगर्नुका अतिरिक्त सम्बन्धित तालुक मन्त्रालयवाट स्वीकृती समेत नलिई आफ्नो पदीय दायित्व र जिम्मेवारी विपरित राजस्व दाखिला नगरी गिट्टी,ढुंगा, बालुवा निकासी गर्न दिने निर्णय गरे गराएवाट नेपाल सरकारलाई नोक्सान हुन आएको राजस्व रकम आ.व. २०६३।०६४ मा रु. २,५१,६६९।- र आ.व.२०६४।०६५ मा रु.६,५५,३६५।- समेत गरी वर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ति क्षेत्रका उपभोक्ता समितिहरूले कुल जम्मा रु.९,०७,०३४।- आम्दानी गरेको देखिन्छ । मध्यवर्ति क्षेत्र व्यवस्थापन नियमावली, २०२९ को दफा २५ (क) ले राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीको रकम मध्ये ३० देखि ५० प्रतिशतसम्म स्थानीय निकायमा समन्वय गरी स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च गर्न व्यवस्था गरे अनुसार सो अवधिमा असुल उपर भएको रु. ९,०७,०३४।- मध्ये ५० प्रतिशत स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च भएको भनी मान्दा बाँकी रहन गएको ५० प्रतिशत रकम रु.४,५३,५१७।- नेपाल सरकारको राजस्व खातामा जम्मा गर्नुपर्नेमा सो नगरी विगो रु.४,५३,५१७।- हानी नोक्सानी तथा हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ दफा ७(ग) बमोजिमको कसुर गरेको देखिएको हुदाँ प्रतिवादी फणिन्द्रराज खरेललाई सोही ऐनको दफा ३ को उपदफा १ को खण्ड (घ) र दफा ७ बमोजिम सजाय गरी निजवाट विगो रु.४,५३,५१७।- र सो को १० प्रतिशत व्याज फैसला हुँदाको मितिसम्मको १०% व्याज समेत असुल उपर गरी पाउन मागदावी लिइएको ।

५४. प्रमा होल्डिङ्गस प्रा.लि., इमाडोल ललितपुरले ललितपुर जिल्ला इमाडोल गा.वि.स.वडा नं. ८(ख) मा कोजी होम्स हाउजिङ्ग प्रोजेक्ट संचालन गरेकाले उक्त हाउजिङ्गमा खानेपानी आपूर्तिका लागि जमिनमुनीबाट पानी निकाल्नका लागि अनुमति पाउँ भनी मिति २०६७।१२।१३ गते काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डमा निवेदन दिएको, लामो समयसम्म अनुमति पत्र सम्बन्धि प्रक्रिया अगाडि नबढाई फाइल पेन्डिङ्गमा रहेको अवस्थामा भ्रष्टाचार बिरुद्धको अभियान नामक संस्थाका संजय झा समेत काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डमा गई प्रमा होल्डिङ्गस प्रा.लि.संग सम्बन्धित फायल

कागजातहरूको प्रतिलिपी कुनै तरिकाले प्राप्त गरी आफू उक्त प्रा.लि.को सुपरभाइजर हुँ, अनुमति पत्र चाहियो भनी अनुरोध गरेपछि बोर्डको कार्यालयका इन्जिनियर दिनेश विष्टले रु. १,२०,०००।- लाग्छ एक लाख मलाई दिनुहोस मैले माथि हाकिम साहेव समेतलाई बुझाउनु पर्छ, बाँकी २० हजार राजश्व तिरी भौचर लिई आउनुस भनी बोर्डको नाममा रहेको बैंक खाता समेत दिई कार्यालय परिसरभन्दा बाहिर उक्त रकम गनी संजय झाले रिसवत (घुस) लिएको आयोग समक्ष पेश गरेको श्रब्य दृश्यबाट देखिएको । तत्पश्चात संजय झा पुनः बोर्डको कार्यालयमा पुगी आफूले बैंक फेला पार्न नसकेको भनी जानकारी गराएपश्चात ई.दिनेश विष्टले रु. बीस हजार रुपैयाको भौचर काटेकोमा संजय झाले इन्जिनियर दिनेश विष्टले रिसवत (घुस) लिएको हुंदा आवश्यक कारवाही गरी पाउँ भनी आफूले रेकर्ड गरेको भिडियो क्लिप समेत लिई भौतिक योजना तथा निर्माण मन्त्रालयमा पुगेपछि आफूले लिएको रिसवत बारे पर्दाफास हुने डरले इन्जियिनर दिनेश विष्टले संजय झालाई भेटी केस अगाडि नबढाउनु, जसरी पनि मिलाउनुस भनी एभेरष्ट बैंक, न्यूरोड तथा नविल बैंक, काठमाडौं शाखाबाट भुक्तानी पाउने गरी एक/एक लाख समेत गरी जम्मा दुई लाखको दुई वटा चेक काटी रकम दिने प्रयाश गरेकोमा संजय झाले उक्त रकम भुक्तानी नलिई आयोग समक्ष उजूरी गरेको । प्रमा होल्डिङ्ग प्रा.लि.को इमाडोलका संचालक प्रवीर शम्शेर ज.ब.रा.ले वयानको क्रममा आफू अनुमति पत्र लिन बोर्डमा नगएको तथा संजय झा आफ्नो कर्मचारी समेत नभएको र निजलाई नचिनेको भनी खुलाई दिएको देखिंदा आफ्नो कार्यालयमा आउने सेवाग्राहीको सामान्य परिचय समेत नमागी केवल रकम लिनकै लागि उक्त अनुमतिपत्र प्रदान गरेको देखिएको । नेपाल टेलिकम तथा एनसेल समेतबाट प्राप्त कल डिटेल्समा उजूरवाला संजय झा र इन्जिनियर दिनेश बिष्ट बीच पटक पटक सम्पर्क भएको र संजय झाले वयानमा आफूहरू बीच रकमको बार्गेनिङ्गको लागि कुराकानी भएको भनी खुलाई दिएको लगायतका सवुद प्रमाणहरूबाट काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका इन्जिनियर दिनेश विष्टले प्रमा होल्डिङ्गसलाई अनुमति पत्र प्रदान गरिदिए वापत उजुरवाला संजय झाबाट रु. १,००,०००।- रिसवत (घुस) लिएकोमा पछि संजय झाले सो कुरा उजूरी गर्न लागेको भनी थाहा पाएपछि हतार हतार उक्त रकमलाई ढाकछोप गर्न बोर्डको खातामा जम्मा गरेको देखिएता पनि रिसवत (घुस) लिने उद्देश्यले नै उक्त रकम लिएको र उक्त घुस वापत लिएको रकमलाई ढाकछोप गर्न कागजात मिलाउने कार्यमा उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक हरि प्रसाद ढकाल समेतको मिलोमतोमा भएको हुंदा उक्त रु.१,००,०००।- रिसवत (घुस) वापत लिने र रु. २,००,०००।- रिसवत (घुस) पचाउन उजुरकर्तालाई दिने, दुवै कार्य भ्रष्टाचारजन्य कार्य भएकोले प्रतिवादीहरू हरिप्रसाद ढकाल र दिनेश विष्ट उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा सोही उपदफा १ को खण्ड (घ) बमोजिम दण्ड जरिवाना गरी रु. १,००,०००।- उजुरकर्ता संजय झालाई दिलाई भराई पाउन र रु.

२,००,०००।- प्रतिवादी इन्जिनियर दिनेश विष्टले बैंकबाट झिकी सकेको हुँदा निजको अन्य जायजेथाबाट सो रकम असुल उपर गरी पाउन मागदावी लिइएको ।

५५. सभासद नारदमुनी रानाले अष्ट्रेलिया तथा क्यानडामा आफू नजाने थाहा हुँदा हुँदै आर्थिक स्वार्थ सिद्ध गर्ने निहित उद्देश्यबाट प्रेरित भई राहदानी र भिषाका लागि सहयोग गरी पाँऊ भनी संसद सचिवालयमा दर्ता गराउनु भएको निवेदन उपर सो सचिवालयबाट यथासिघ्र कारवाही भई राहदानी र भिषा समेतका काम कारवाही सहज रुपमा गरिदिन पररा्ष्ट्र मन्त्रालय समेतका सम्वद्ध निकायहरूमा पत्राचार भएको र ती निकायहरूबाट प्राप्त ०२१२४४ नं.को कुटनीतिक राहदानी लगायतका कागजात प्राप्त गरी आफ्नो व्यक्तिगत आर्थिक हित एवं स्वार्थ पूर्तिका लागि सन्तोषराज उप्रेतीलाई दिइ निज मार्फत रु. वाईस लाख रुपैया रकमको कारोबारमा सहमति जनाई निजसमेतले सो रकम बुझि लिएको तथ्य अनुसन्धानबाट संकलित सबूद प्रमाणहरूबाट पुष्टी हुन आएको । ०२१२४४ नं.को कुटनीतिक राहदानी नै नलिएको र अष्ट्रेलियाको भिषानोटका लागि शुशील भन्ने सन्तोषराज उप्रेतीले लेखि ल्याएको निवेदनमा सहि मात्र गरी सो निवेदन उसैलाई दिएको भनी सभासद नारदमुनी रानाले बयान गरेता पनि आफूले पेश गरेको निवेदनमा भिषा नोट र राहदानीका लागि आवश्यक सहयोग गरी पाउँ भनी स्पष्ट उल्लेख गरी सो निवेदनमा नेपाल कम्यूनिष्ट पार्टी एमाले संसदीय दलका प्रमुख सचेतक, संसद सचिवालयका महासचिव र अन्तर्राष्ट्रिय सम्बन्ध तथा समन्वय महाशाखाका पदाधिकारी (सह सचिव) समेतको प्रक्रियागत तोक आदेश रहेको तथा सोही अनुरुप प्रकृयागत कारवाही भई संसद सचिवालयबाट निर्णय गरी त्यसैका आधारमा पत्र तयार भएको देखिएको र निजले नं ०१९९१७ को कुटनीतिक राहदानी आफूले लिएको स्वीकार गरेता पनि निजद्वारा हस्ताक्षरित भिषा नोटका लागि भनिएको उक्त मिति २०६७।५।२४ को निवेदनमा ७ दिन पछि म्याद समाप्त हुने आफ्नो अघिल्लो राहदानीको म्याद थप वा नवीकरण गर्न सकिने कानूनी व्यवस्था हुँदा हुँदै सो बारे कुनै पनि व्यहोरा उल्लेख नै नगरि निजले एकै पटक २ वटा कुटनीतिक राहदानी खराव मनसायले लिई दुरुपयोग गरी आर्थिक लाभ लिने नियत राखेको स्पष्ट देखिएको । संसद सचिवालयको टिप्पणी र पत्र समेतका आधारमा राहदानी माग गर्ने आवेदन फाराममा आफ्नो फोटो र विवरण राख्न सहमती र स्वीकृति दिई मनोज कुमार कार्की मार्फत निज सभासद नारदमुनी रानाको नाममा ०२१२४४ नं.को राहदानी लिएको र सो राहदानीमा अन्य व्यक्ति (निर्मल बानियाँ) को फोटो टाँस गरि विदेश पठाउने समेतको कार्य आर्थिक लाभ समेत लिने कार्यमा संलग्नता रहेको । त्यसै गरी सभासद नारदमुनी रानाको ०२१२४४ नं.को राहदानीमा रकम खर्च गरी विदेश जान तयार निर्मल वानियाँको फोटो टाँस गर्न (परिवर्तन गर्न) मनोज कुमार कार्की, आषिश भन्ने डिल बहादुर घर्ति, र गोपाल वानियाँले देवेन्द्र पौडेललाई दिएको तथा देवेन्द्र पौडेलले फोटो परिवर्तन गरे पश्चात पुनः आशिष भन्ने डिल बहादुर घर्ती, गोपाल वानियाँ र मनोज कुमार कार्कीलाई दिई डिल बहादुर घर्ती, गोपाल वानिया र मनोज कुमार कार्कीद्वारा निर्मल वानियाँबाट लिएको रकम मध्ये केही

रकम त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय काठमाण्डौका कम्प्युटर अधिकृत इन्द्र कुमार सुनुवार र व.अ.स. देवीदत्त खत्रीलाई दिई उडान अनुमतिका लागि सरल प्रकृया हुने गरी आवश्यक सहयोग (एयरपोर्ट सेटिङ) गर्न सहमत गराएको । इन्द्र कुमार सुनुवार तथा देवी दत्त खत्रीले उडान अनुमती पत्र दिलाउन शा.अ.श्यामबाबु भण्डारी समेतको सहयोग लिई निजद्वारा गमन पत्र (Departure Card) समेत नभराई र कम्प्युटर इन्ट्री समेत नगराई उडान अनुमती दिई अबुधावी हुँदै अष्ट्रेलिया तर्फ पठाउनमा सहयोग गरेको देखिन आएको र यसरी एउटाको राहदानीमा अर्कै अनधिकृत व्यक्तिलाई विदेश पठाई मानव तस्करी गराउने कार्य सम्पन्न भएपछि निर्मल बानियाँबाट लिइएको रकम मध्ये सभासद नारदमुनी रानालाई दिन भनी आशिष भन्ने डिल बहादुर घर्तिले सन्तोषराज उप्रेतीलाई दिएको । सन्तोषराज उप्रेतीले निज सभासदलाई समेत सो रकम दिएको भन्ने अनुसन्धानबाट खुल्न आएको आधारमा सबै आरोपीत व्यक्तिहरूको सहकार्य र अध्यागमनका कर्मचारीहरू समेतको मिलेमतोमा निर्मल बानियालाई अष्ट्रेलिया पठाएको र निर्मल बानियाले अष्ट्रेलियाबाट फिर्ता पठाएको आफ्नो राहदानीमा टाँस गरिएको भिषा, नेपाल तथा विदेशका अध्यागमन कार्यालयहरूबाट जारी भएका राहदानी बाहकले प्रस्थान एवं आगमन अनुमति प्राप्त गर्दा राहदानीमा टाँसिने स्टिकरहरू निज सभासद नारदमुनी राना समेतका आरोपीत व्यक्तिहरू मिलेर झिकी मेटाई राहदानीका ती सम्बद्ध पृष्ठहरू समेत बदली उक्त राहदानीमा टाँसिएको निर्मल बानियाँको फोटो उक्काई पुनः आफ्नो फोटो टाँस गर्न भनी आशिष भन्ने डिल बहादुर घर्ती, मनोज कुमार कार्की र गोपाल बानियाँ समेतले देवेन्द्र पौडेललाई दिएकोमा निजबाट उक्त राहदानी बरामद हुन आई तत्पश्चातको फोटो परिवर्तन पि.सी.) गर्ने समेतको कार्य भने सम्पन्न हुन नपाएको अवस्था समेतका गैर कानूनी कार्यमा नारदमुनी रानाले पूर्ण रुपले सहमति जनाई मिली आफ्नो ओहदाको हैसियतले प्राप्त कुटनीतिक राहदानी सच्याई दुरुपयोग गरी रिसवत लिएको स्थापित भएको । सभासद नारदमुनी रानाको उक्त गैर कानुनी कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ११ बमोजिमको कसूर भएको हुँदा सभासद नारदमुनी रानालाई सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) (च) र ऐ. ऐनको दफा ११ बमोजिम सजाय हुन र विगो बमोजिम रु. बाईस लाख रुपैया जरिवाना गरी पाउनका साथै प्रतिवादी नारदमुनी राना संवैधानिक निकायका पदाधिकारी समेत भएकोले निजलाई ऐ. ऐनको दफा २४ बमोजिम थप सजाय समेत गरी पाउन र सार्वजनिक पदाधिकारी एवं राष्ट्र सेवक कर्मचारीहरूलाई भ्रष्टाचारमा प्रत्यक्ष सम्लग्न गराई गैर कानूनी आर्थिक लाभ लिने दिने जस्ता कार्यमा संलग्न रहेका सन्तोष राज उप्रेती, आशिष भन्ने डिल बहादुर घर्ती, देवेन्द्र पौडेल, गोपाल बानियाँ तथा मनोज कुमार कार्कीको सो गैर कानूनी कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१), ऐ. दफा ३ को उपदफा (२), (३) र दफा ११ को कसूर हुँदा सन्तोषराज उप्रेती, आशीष भन्ने डिलबहादुर घर्ती, देवेन्द्र पौडेल, गोपाल बानियाँ र मनोजकुमार कार्कीलाई सोही ऐनको दफा ३ (१) (च) ऐ. दफा ३ को उपदफा (२), (३) र

दफा ११ बमोजिम सजाय गरी विगो बमोजिम रु. वाईस लाख रुपैया जनही जरिवाना हुन र निर्मल बाँनियाको हकमा सोही ऐनको दफा ३ (१), ऐ. दफा ३ को उपदफा (२) र (३) र दफा ११ तथा दफा १५ को कसूरमा ऐ. ऐनको दफा ३ (१) (च), ऐ. दफा ३ को उपदफा (२) र (३), दफा ११ र दफा १५ बमोजिम सजाय गरी विगो बमोजिम रु. वाईस लाख रुपैया जरिवाना हुन र आफ्नो पदीय दायित्व निर्वाह नगर्ने राष्ट्र सेवक कर्मचारीहरू श्यामवावु भण्डारी, रमेश लम्साल, देविदत्त खत्री र इन्द्रकुमार सुनुवारको उल्लेखित कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) र ऐ. ऐनको दफा ११ बमोजिमको कसूर हुँदा कर्मचारीहरू श्याम वावु भण्डारी, रमेश लम्साल, देवीदत्त खत्री र इन्द्रकुमार सुनुवारलाई सोही ऐनको दफा ३ (१) (च) र ऐ. ऐनको दफा ११ बमोजिम सजाय हुन र विगो बमोजिम रु. वाईस लाख रुपैया जनही जरिवाना समेत हुन मागदावी लिईएको र राम कुमार आचार्यको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी विश्वनाथ प्रसाद यादव समेत भएको "रकम लेनदेन गरी सरकारी कागजात(कुटनीतिक राहदानी) सच्याई हेरफेर गरी भ्रष्टाचार गरेको" विषयक मुद्दाको अनुसन्धानको क्रममा प्रतिवादी पृथ्वी छन्त्याललेे आयोगमा वयान गर्दा गमनपत्र (Departure Card) भर्नु पर्दैन, पासपोर्ट मात्र राम्ररी सुर्राक्षत साथ लैजानु भनी अध्यागमन कार्यालय त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलका शाखा अधिकृत श्याम वावु भण्डारीले भनेको भन्ने समेतको व्यहोरा खुलाएको र प्रस्तुत अनुसन्धानको क्रममा सन्तोषराज उप्रेती र आशिष भन्ने डिल बहादुर घर्ति तथा स्वयं श्याम वावु भण्डारी समेतको वयानबाट सभासदको कुटनीतिक राहदानीमा अर्कै व्यक्तिको फोटो टाँस गरी विदेश पठाउँदा अध्यागमन कार्यालय, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलका कर्मचारीहरूको टिम एउटै हो भनी खुली आएको हुँदा ऋषिराम दवाडीको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी शिवपुजन राय यादव समेत भएको "कूटनैतिक राहदानी (सरकारी कागजात) सच्याई हेरफेर गरी अनधिकृत मानिस बिदेश पठाई भ्रष्टाचार गरेको" भन्ने मुद्दामा रु.बाईस लाख रुपैया गैर कानूनी रुपमा लेनदेन गरी घुस रिसवत लिने कार्यमा कर्मचारी श्याम वावु भण्डारी समेत संलग्न भएको तथ्य अभियुक्तहरूको वयान समेतबाट खुल्न आएको देखिंदा सो मुद्दामा समेत श्याम वावु भण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ऐ. ऐनको दफा ११ बमोजिमको कसूरमा सोही ऐनको दफा ३(१)(च) र ऐ. ऐनको दफा ११ बमोजिम सजाय गरी सो मुद्दाको अनुसन्धानबाट स्थापित हुन आएको विगो रु.बाईस लाख रुपैया जरिवाना समेत गरी पाउन पुरक अभियोगपत्र सहितको मागदावी लिईएको ।

५६. स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग अन्तरगत जिल्ला विकास समितिको कार्यालय, पर्वतमा संचालित पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम अन्तरगतका तत्कालिन अगुवा सहजकर्ता द्रोणराज पौडेलले करार सेवामा प्रवेश गर्नका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्टा देखिन आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को

दफा १६ (१) बमोजिमको कसूर गरेको देखिन आएको हुंदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

५७. प्रहरी प्रधान कार्यालय अन्तरगतका प्र.ना.नि. जनकबहादुर कार्कीले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषदको पत्र एवं प्रमाणिकरण विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुने मागदावी लिइएको ।

५८. राष्ट्रिय अनुसन्धान विभागका वरिष्ठ अनुसन्धान सहायक दीपक थापाले नियुक्ती लिनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाण पत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्ड/निकायबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखि आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिंएकोले निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

५९. प्रहरी प्रधान कार्यालय अन्तर्गत क्षेत्रीय प्रहरी तालीम केन्द्र, नेपालगञ्जका प्रहरी नायव निरीक्षक रामनारायण गिरीले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं प्रमाणिकरण विवरण समेतका आधारमा उक्त प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

६०. जिल्ला शिक्षा कार्यालय, कैलाली अन्तर्गतको प्रा.वि.शिक्षक(अस्थायी) उद्धव बहादुर साहुले नियुक्ती हुने प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित समितीबाट प्राप्त पत्र एवं बिबरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुंदा निजलाई सावित भ्रष्टाचार निवारण

ऐन, २०१७ दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

६१. जिल्ला शिक्षा कार्यालय, डोटी अन्तर्गत राधाकृष्ण मा.बि. तिजाली डोटीका प्रा.बि. शिक्षक चित्रराज ओझाले नियुक्ती पाउनका लागि पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र र विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

६२. वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको प्रशासन सहायक राधा न्यौपाने (कोइराला) ले नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित समितिबाट प्राप्त पत्र एवं प्रमाणिकरण विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

६३. जिल्ला शिक्षा कार्यालय, रौतहट अर्न्तगत श्री प्रा.वि.बंकुलको प्रा.शि. मिरा कुमारीले प्रा.वि. शिक्षक पदमा नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित निकायबाट प्राप्त पत्रका आधारमा उक्त प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसुर देखिन आएको हुदा निजलाई साविक भष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

६४. नेपाल टेलिकम अन्तर्गत दूर संचार कार्यालय, महेन्द्रनगरका प्रेम बहादुर जी कुँवर भन्ने प्रेम बहादुर कुँवरले सेवा प्रवेशका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्डबाट प्राप्त विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

६५. रेडियो नेपाल, सिंहदरबारका टेलिफोन अपरेटर मोहन कुमार नेपाल भन्ने मोहन नेपालले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

६६. वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको प्रशासन सहायक मेरिना उपाध्यायले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

६७. नेपाल प्रहरी अन्तर्गत जिल्ला प्रहरी कार्यालय,स्याङजा मातहतका प्रहरी सहायक निरीक्षक कृष्ण बहादुर खत्रीले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित वोर्डबाट प्राप्त प्रमाणिकरण विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

६८. नेपाल विद्युत प्राधिकरण, रत्नपार्कका मिटर रिडर सुपरभाइजर महेन्द्र कुमार जोशीले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्ड/निकायबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाण पत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिंएकोले निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

६९. राष्ट्रिय सहकारी विकास बोर्ड, पुल्चोकका प्रशासकिय अधिकृत राजेश प्रसाद पराजुलीले सेवा प्रवेशका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्ड/निकायबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाण पत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिंएकोले निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

७०. कर्मचारी संचयकोषका तत्कालिन सहायक खजान्ची कुमार सागर सकुनले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्ड/निकायबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाण पत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिंएकोले निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

७१. जिल्ला शिक्षा कार्यालय, अछाम अन्तर्गत जालपादेवी उच्च माध्यमिक बिद्यालय, ढाकु, अछामका शिक्षक बिष्णुप्रसाद बजगाईंले नियुक्ति पाउनेका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं प्रमाणिकरण विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

७२. नेपाल बिद्युत प्राधिकरणका अन्तरगत स.ले.पा.चौथो तहका सुदामा प्रसाद बन्जाराले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

७३. जिल्ला शिक्षा कार्यालय, पर्सा अर्न्तरगत नेपाल राष्ट्रिय प्रा.वि., कौवावन कटैया, पर्साका प्रा.शि विमला कुमारी पाण्डेले सेवा प्रवेशका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

७४. नेपाल टेलिकम अन्तरगत लहान शाखाको वरिष्ट सहायक पाँचौ तहको फुलगेन्द चौधरीले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

७५. जलेश्वर नगरपालिका महोत्तरी अन्तरगतको पुरन्दरसर पोखरी आ.व. २०६६/०६९ को लागि ठेक्का लगाउंदा सूचनामा साविक ठेक्का अंक नखोलिएको साविक २०६३/०६६ आषाढ मा रु. ६१५०००/- ठेक्का लागेकोमा ३ वर्षपछि ठेक्का अंक नखोलेको कारण रु. २१००००।- मा मात्र ठेक्का लागेको हुंदा तत्कालीन निमित्त कार्यकारी अधिकृत पवन कुमार झाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७ को उपनियम ४ (ङ) (१) को बाध्यात्मक कानूनी व्यस्वथाको पालना नगरी जलेश्वर नगरपालिकालाई रु.४,०५,०००/- नोक्सान पुऱ्याएको र आ.व. २०६६/०६७ मा एउटै गेष्ट हाउस मर्मत गर्दा रु. ९,५३,२०२/- को काम विभिन्न ७ वटा प्याकेजमा बांडी बिना सिलबन्दी दरभाउ पत्र सोझै मर्मत कार्य गरी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७७ को पालना नगरी निज तत्कालीन निमित्त कार्यकारी अधिकृत पवन कुमार झाले भ्रष्टाचार निवारण ऐन, ०५९ को दफा ८ (१) र ८ (३) बमोजिमको कसूर गरेको हुंदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८(१) र ८(३) बमोजिम कैद तथा विगो रु.१३,५८,२०२।- जरिवाना गरी पुरन्दर सर पोखरी ठेक्कामा हानी नोक्सानी भएको रु.४,०५,०००/- जलेश्वर नगरपालिकालाई दिलाई भराई पाउन समेत मागदाबी लिइएको ।

७६. त्रिभुवन उच्च मा.वि., अर्गली, पाल्पाको मा.वि. शिक्षक हेमलाल भट्टराईले नि.मा.वि. शिक्षकमा बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरू उपर आयोगबाट भएको अनुसन्धान तथा सम्वन्धित परिक्षा समिति (बोर्ड) बाट प्राप्त पत्र एवं प्रमाणीकरण

बिवरण समेतको आधारमा उक्त प्रमाणपत्रहरू नक्कली एवं झुट्ठा देखिन आएको र निज त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुर भएको देखिन आएको हुँदा हेमलाल भट्टराईलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

७७. नेपाल टेलिकम, क्षेत्रिय निर्देशनालय,काठमाडौंका सहायक तह ४ का भगवती घिमिरे खनालले शुरु नियुक्ति समेतका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित समितिको पत्र एवं प्रमाणिकरण विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

७८. प्रहरी प्रधान कार्यालय, नक्साल अर्न्तगत नेपाल प्रहरी संङ्गीत विद्यालय, महाराजगंजका प्र.ना.नि. गुणनिधि भण्डारीले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित निकाय/कार्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्रहरू नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

७९ राष्ट्रिय अनुसन्धान विभाग, काभ्रे शाखाको सूचक रामेश्वर खरेलले सेवा प्रवेशका लागि पेश गरेको शैक्षिक प्रमाणपत्र उपर आयोगवाट भएको अनुसन्धान तथा सम्बन्धित परिषदवाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

८०. जिल्ला शिक्षा कार्यालय, डडेल्धुरा अर्न्तगत महेन्द्र उ.मा.वि., खलङ्गाका नि.मा.वि. शिक्षक देवराज जैसीले सेवा प्रवेशका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसूर गरेको देखिन आएको हुंदा

निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

८१. हेटौंडा सिमेन्ट उद्योग लि., का सिनियर वर्नर/केमिष्ट, मदन अधिकारीले नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बिश्वविद्यालयबाट प्राप्त पत्र एवं प्रमाणिकरण विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

८२. प्रहरी प्रधान कार्यालय अन्तरगत जिल्ला प्रहरी कार्यालय, रोल्पाका तत्कालिन प्र.स.नि. लक्ष्मी थापाले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसूर गरेको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

८३. प्रहरी प्रधान कार्यालय अन्तर्गतका प्रहरी नायव निरीक्षक भरतबहादुर कुँवरले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाण पत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित निकायबाट पत्र एवं विवरण समेतको आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर गरेको देखिनआएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

८४. प्रहरी प्रधान कार्यालय अन्तरगतका प्र.स.नि. खड्गबहादुर ओलीले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाण पत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित निकायबाट प्राप्त पत्र एवं विवरण समेतको आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर गरेको देखिंदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

८५. नेपाल दुरसंचार कार्यालय, जनकपुरका व.स.जयकृष्ण साहले बढुवा पाउनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरू उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित उच्च माध्यमिक शिक्षा परिषदबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

८६. जुम्ला जिल्ला शनीगाउँ-६ स्थित कालापाल्ता सिंचाई कुलो २०६६ सालमा जिल्ला रेडक्रस सोसाइटी जुम्ला च्याप्टरवाट विश्वखाद्य कार्यक्रम र सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा मर्मत गरिएकोमा मध्य पश्चिमाञ्चल सिंचाई विकास डिभिजन नं.५ जुम्लावाट क्रमागत योजनामा समावेश गरि नक्कली उपभोक्ता समिति गठन र नक्कली विल भरपाई मिलाई कीर्ते कागजातवाट २०६५।०६६ र २०६६।०६७ को बजेटवाट रकम निकासा गरि कामै नगरि खाएको भन्ने सम्बन्धमा स्थलगत अवलोकन र नीरिक्षणका लागि आयोगबाट खटिएको प्राविधिक समेतको टोलीले अयोग समक्ष प्रस्तुत गरेको प्रतिवेदन र सो साथ पेश भएको स्थलगत फोटोहरू र स्थानिय व्यक्तिहरूका भनाई समेत समेटिएको वस्तुस्थिति मुचुल्का समेतमा उक्त आर्थिक वर्षहरूमा मध्य पश्चिमाञ्चल सिंचाई विकास डिभिजन नं.५ जुम्लावाट कालापाल्ता सिंचाई कुलोको मर्मत नभएको । कुनै जल उपभोक्ता समिति गठन भई काम नै नगरेको/नभएको, गठन भएको उपभोक्ता समिति नक्कली रहेको भनि स्थानिय उपभोक्ताहरूले लेखाएको समेत पाइदा जुम्ला जिल्लाको शनीगाउँ ६ स्थित कालापाल्ता सिंचाई कूलोमा आ.व. २०६५।०६६ र आ.व. २०६६।०६७ मा कामै नगरी नक्कली उपभोक्ता समिति गठन गरेको कागजातका आधारमा सोही उपभोक्ता समितिवाट काम सम्पन्न गराएको देखाई नक्कली कागजात तयार गरि सरकारी रकम खर्च गरेर भ्रष्टाचारजन्य कार्य भएको स्पष्ट देखिन आई नेपाल सरकारलाई हानी नोक्सानी र आफुलाई फाईदा समेत पुग्ने गरि सो का आधारमा भूक्तानी गरी गराई राष्ट्रसेवक कर्मचारीलाई तोकिएको जिम्मेवारी पुरा नगरि ई.हरी प्रसाद मण्डल, ई.रामभरत मण्डल, र ई.रामभक्त शर्माले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(१)(ङ) वमोजिमको कसूर गरेकोले ई.हरी प्रसाद मण्डल उक्त आयोजनाको दुवै आर्थिक वर्षहरू २०६५।०६६ र २०६६।०६७ मा लागत अनुमान स्वीकृत गर्ने, उपभोक्ता समिति दर्ता गर्न आदेश दिने, संझौता गर्ने काम गरि दुवै वर्षमा उक्त कामै नभएको आयोजनाको झुट्टा नक्कली वील भरपाई स्वीकृत गरि जम्मा रु.४,७४,३४७६८ रकम भुक्तानी गरेको रकमलाई विगो कायम गरी निजलाई भ्रष्टाचार निवारण ऐन, ०५९ को दफा ८(१) वमोजिम विगो बमोजिम जरिवाना तथा कैद सजाय हुन र ई.रामभरत मण्डललाई आ.व. २०६६।६७ को लागत अनुमान तयार गर्ने, साइट इन्जिनियरको रुपमा खटीई कामै नगरि काम सम्पन्न भएको प्रतिवेदन वनाई अन्तिम विल भुक्तानीका लागि

सिफारिस समेत गरी सो प्रकृयावाट रु.२,८५,३१६।१६ भुक्तानी गराएको हुँदा निजलाई रु.२,८५,३१६।१६ विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) वमोजिम विगो बमोजिम जरिवाना तथा कैद सजाय हुन। इन्जिनियर रामभक्त शर्मा आ.व.२०६५।०६६ मा सो आयोजनाको लागत अनुमान तयार गर्ने, साइट इन्जिनियर भई काम गर्न तोकिएपनि कामै नभएको स्थानमा काम सम्पन्न भएको प्रतिवेदनका आधारमा रु.१,८९,०३१।५२ भुक्तानी दिन शिफारिस गरेको देखिदा निजलाई रु. १,८९,०३१।५२ विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, ०५९ को दफा ८(१) वमोजिम विगो बमोजिम जरिवाना तथा कैद सजाय हुन र उक्त कालापाल्ता सिंचाई कूलो मर्मत आयोजनाको लागि कालापाल्ता जल उपभोक्ता समिति गठन गरेको झुट्टा र कीर्ते कागजात तयार गरि सो को आधारमा संझौता गरि कामै नगरि काम सम्पन्न भएको भन्ने आधारमा उक्त दुवै आर्थिक वर्षमा गरी जम्मा रु. ४,७४,३४७६८ भुक्तानी लिएको देखिदा अध्यक्ष मल्ल वुढालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) वमोजिमको कसूर गरेकोले निजलाई सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) अनुसार विगो बमोजिम जरिवाना तथा कैद सजाय हुन समेत मागदावी लिइएको ।

८७. नेपाल टेलिकम मिर्चैया, शाखाका सहायक इन्जीनियर कुशेश्वर प्रसाद चौधरीले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्टा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

८८. वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका सिनियर टेक्निकल असिस्टेण्ट (रेडियोलोजी), रामबहादुर गुरुङ्गले नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं प्रमाणिकरण विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्टा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

८९. महानगरीय प्रहरी आयुक्तको कार्यालय, रानीपोखरी, काठमाडौंका प्रहरी हवल्दार पूर्ण कुमार लिम्बूले पदोन्नतिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरबाट प्राप्त पत्रका आधारमा

उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुर गरेको देखिन आएको हुदा निजलाई साविक भष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

९०. श्री गाँउ विकास समितिको कार्यालय, गम्हरीया विर्ता, रौतहटका प्राविधिक सहायक विश्वनाथ प्रसाद तेलीले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको निर्माण/सव ओभरसियर को १५ महिने तालीमको प्रमाण पत्र नियुक्ति पाउनेका लागि पेश गरेको प्रमाण पत्र उपर आयोगबाट भएको अनुसन्धान र परिषदबाट प्राप्त पत्रको आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६(१) अनुसारको कसूर गरेको देखिंएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२, २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

९१. जिल्ला जनस्वाथ्य कार्यालय, कास्की अन्तर्गत आर्वा वीजय उप-स्वास्थ्य चौकीका मा.सि.का. (सहायक दोश्रो) राम कुमारी नेपालीले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित समीतीबाट प्राप्त पत्र एवं बिबरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झूठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर देखिन आएको हुंदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

९२. जिल्ला विकास समितिको कार्यालय, रुपन्देही अन्तरगत धकधई गाउँ विकास समितिको कार्यालयका शान्तिकुमारी गुप्ताले कार्यालय सहायक पदमा नियुक्ति पाउनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसूर गरेको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

९३. नेपाल विद्युत प्राधिकरण लगनखेल वितरण केन्द्र, ललितपुरका सहायक लेखापाल समिना श्रेष्ठले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको शैक्षिक प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजले भ्रष्टाचार निवारण ऐन,

२०५९ को दफा १६(१) बमोजिमको कसूर गरेको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

९४. साझा स्वास्थ्य सेवा, क्षेत्रपाटी, काठमाडौंको सहायक प्रथम कृष्णमाया खतीवडाले वढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा सम्वन्धित विश्वविद्यालयवाट प्राप्त पत्र एवं विवरण समेतको आधारमा उक्त शैक्षिक प्रमाणपत्रहरू नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

९५. प्रहरी प्रधान कार्यालयका अन्तर्गत प्रहरी नायव निरीक्षक हरिविष्णु ढकालले सेवा प्रवेशको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा सम्वन्धित विश्वविद्यालयवाट प्राप्त पत्र एवं विवरण समेतको आधारमा उक्त शैक्षिक प्रमाणपत्रहरू नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसुर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

९६. जिल्ला शिक्षा कार्यालय, कैलाली अन्तर्गत भैरव मा.वि., अलाडका प्रा.वि. शिक्षक लोकवहादुर देउवाले नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित निकायबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

९७. राष्ट्रिय बाणिज्य बैंक, क्षेत्रीय कार्यालय, नेपालगञ्जमा तत्कालीन बरिष्ठ सहायक पदमा कार्यत नोम बहादुर थापाले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुन्सधान तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजले सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसूर गरेको देखिन आएको हुँदा निजलाई

सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

९८. महानगरीय ट्राफिक प्रहरी महाशाखा रामशाहपथको प्र.स.नि. दिपक थापाले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परीक्षा समितिवाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले र निजको त्यस्तो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) द्वारा परिभाषित कसूर देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

९९. नेपाल प्रहरीका प्र.स.नी. श्याम बहादुर नगरकोटीले सेवा प्रवेशका लागि पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रका सम्बन्धमा सम्बन्धित बोर्डवाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजले सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसूर गरेको देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन , २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१००. नेपाल टेलिकम नाम्चे शाखा सोलुखुम्बुका का.मु. असिष्टेन्ट इन्जिनीयर तिलक प्रसाद साहले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र र विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको सो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुर देखिन आएको हुदा निजलाई सविक भष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१०१. नेपाल विद्युत प्राधिकरणका फोरमेन सुसन जोशीले बढुवाका लागि पेश गरेको शैक्षिक प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित बोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाण पत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजले सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर गरेको देखिंएकोले निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१०२. जिल्ला विकास समितिको कार्यालय, बर्दिया अन्तर्गत स्थानीय विकास कोषको सचिवालय, बर्दियाका सहायक वचत तथा ऋण परिचालक मणिराम वि.क. मिति २०६२।३।१ मा सेवा शर्त करारको आधारमा नियुक्ति भई सोही मिति देखि २०६५/१२/१० सम्म सहायक वचत

तथा ऋण परिचालकको रुपमा कार्यरत रहेको । पदमा बहाल रहँदा ऋण पूँजी लगानी र असुली गर्ने तथा असुल भएको रकम बैंकमा दाखिला गर्नुपर्ने निजको जिम्मेवारी रहेकोमा सो स्थानीय विकास कोषको सचिवालयका निमित्त कार्यकारी सचिव तथा लेखा सहायकको वयानमा समेत मणिराम वि.क. वाट रकम हिनामिना भएको भनी निजहरूले किटानी गरेको । ऋण परिचालक मणिराम वि.क. समेत आयोगमा उपस्थित हुन नआएको । निजले विभिन्न वचत समूहहरूवाट फिर्ता भएको रकम समयमा नै दाखिला नगरी खाने पचाउने दुषित मनसाय राखी आफूलाई गैरकानुनी लाभ र जिल्ला विकास समितिलाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले सरकारी रकम आफूले मस्यौट गरेको कुरा निजको साविती स्पष्टिकरण जवाफ लगायत कार्यालयको आर्थिक अभिलेखहरू (भौचर,रसिद) समेतबाट देखिएकोले निजको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) र दफा १७ बमोजिमको कसुर देखिन आएकोले मणिराम वि.क.लाई सोही ऐनको दफा १७ बमोजिम निजले हिनामिना गरी मासेको रकम रु. ५,३६,७५९।- स्थानीय विकास कोषलाई दिलाई भराई पाउन एवं विगो बमोजिम ऐनको दफा ३ को खण्ड (ङ) र दफा ८(३) बमोजिम सजाय हुन समेत मागदावी लिइएको ।

१०३. राष्ट्रिय चिया तथा कफि विकास वोर्ड, केन्द्रीय कार्यालय, नयाँ बानेश्वरका सहायक प्रथम हाल सेवानिवृत्त भएका थिर वहादुर कटुवालले नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा सम्वन्धित कार्यालयवाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुर गरेको देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१०४. नेपाल प्रहरी, प्रहरी कल्याण कोषबाट काठमाण्डौस्थित नक्साल र बारा पथलैयामा पेट्रोल पम्प संचालनमा रहेका । उक्त पेट्रोल पम्पहरूमा प्रतिवादीहरू प्र.ना.नि.आनन्द रोका, प्र.ना.नि.पुष्पबहादुर ओली, प्र.नि.जोगलाल डङ्गोल, प्र.ना.नि. डोर बहादुर राई, प्र.ना.नि.नैन बहादुर बोहराहरू ड्युटीमा खटिएका । निजहरूलाई पेट्रोल पम्प संचालन गर्ने, पेट्रोल खरिद गर्ने, बेच्ने, हिसाव किताव राख्ने लगायतका सवै जिम्मेवारी रहे भएको देखिएको । सो लाई प्रतिवादीहरूले पनि आफ्नो वयानमा इन्कार नगरेको । यी पेट्रोल पम्पहरूमा भएको हिनामिना हानी नोक्सानी गर्नमा निजहरू प्रत्यक्ष रुपमा संलग्न रहेको कुरा प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरिक्षकको सचिवालयको मिति ०६६।९।२३ गतेको पत्रबाट नेपाल प्रहरी कल्याण कोषबाट काठमाण्डौंको नक्साल र बाराको पथलैयामा संचालित पेट्रोल पम्पहरूको आर्थिक कारोवारमा भएका अनियमितता, चुहावट, शंकास्पद अभिलेख, स्रेस्ता तथा बैंक सम्वद्ध हर-हिसाव लगायतका विषयमा छानविनका लागि गठित प्रहरी नायव महानिरिक्षक उपेन्द्रकान्त अर्यालको संयोजकत्वको छानविन समिति र यस छानविन समितिबाट गठित छानविन उप-समितिको प्रतिवेदनहरू, मिति ०६८।८।१२ को प्र.ना.म.नि. उपेन्द्रकान्त अर्याल समेतको पुनरावलोकन प्रतिवेदन, प्रहरी प्रधान कार्यालयबाट क्रमशः मिति ०६८।१०।२,

०६९।१।८, ०६९।१।२०, ०६९।२।९ मा प्राप्त प्रतिकृयाहरू, प्रमाणहरू र प्रहरी प्रधान कार्यालयको मिति ०६८।४।८ को पत्र, आयोगमा उपस्थित प्रतिवादीहरू समेतले गरेको वयान, प्रतिवादीले पेश गरेका निवेदन र सो उपर प्रहरी प्रधान कार्यालयबाट भएको छानविन र प्रतिवेदन एवं संलग्न प्रमाण कागजात समेतका आधार प्रमाणहरूबाट पेट्रोल पम्प नक्सालको स्थापनाकाल ०५४ माघ देखि आ.व. २०६२।०६३ सम्म प्रहरी कल्याण कोष, पेट्रोल पम्प नक्सालका तत्कालीन इन्चार्ज एवं अवकाश प्राप्त प्र.ना.नि. आनन्द रोक्का र प्रहरी कल्याण कोष, पेट्रोल पम्प नक्सालका लेखापाल एवं अवकाश प्राप्त प्र.ना.नि. पुष्प बहादुर ओलीले यस अवधि अर्थात ०५४ माघ देखि ०६१ आषाढ मसान्तसम्म, आ.ब. २०६१।०६२, आ.ब. २०६२।०६३ मा क्रमशः रु. ५३,७५,२१९।०५, रु. ९०,७३,०३६।३० र रु ३५,३९,७११।१३ गरी कूल विगो रु. १,७९,८७,९६६।४८ प्रहरी कल्याण कोष पेट्रोल पम्प, नक्सालको हिनामिना गरी हानी नोक्सानी पुऱ्याउने कार्यमा संलग्न देखिएकोले प्रतिवादीहरू अवकाश प्राप्त प्र.ना.नि. आनन्द रोक्का र अवकाश प्राप्त प्र.ना.नि. पुष्प बहादुर ओलीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७, दफा ३ (१) (झ) बमोजिमको कसुर गरेकोले सोही दफा बमोजिम प्रहरी प्रधान कार्यालयलाई विगो भराई निजहरूलाई ऐ. ऐनको दफा १७, दफा ३ (१) (झ) वमोजिम सजाय हुन, आ.व. २०६३।०६४ मा जम्मा रु. १८,१४,५६२।१२ मात्र पेट्रोल पम्प, नक्साललाई नोक्सानी भएकोमा सो रकम मध्ये बाट समेत प्रहरी प्रधान कार्यालय नक्सालको मिति ०६९।१।८ को पत्रबाट आ.व. २०६३।०६४ को रकम ४,१५,६६१।१६ पछिल्लो वर्ष अर्थात आ.व. २०६४।०६५ मा बैंक दाखिला भएकोमा सो रकम आ.व. २०६३।०६४ को आम्दानीमा देखाउँदा यस आ.व. मा पम्पलाई रु. १३,९८,९००।९६ नोक्सानी पुग्न गएको र रु. १,००,०००।- हाल कर्मचारीहरूबाट नगद दाखिला भएको, रु. १,७८,६६९।९२ को आयल निगमबाट हिसाव मिलान समेत गरेको हुँदा आ.व. २०६३।०६४ मा रु. ११,२०,२३१।०४ पम्पलाई नोक्सानी हुन गएको र यस नोक्सानीमा पम्पको हरहिसाव राख्ने एवं नगदको जिम्मा लिने तत्कालिन पेट्रोल पम्प नक्सालका इञ्चार्ज प्र.नि. जोगलाल डंगोल र लेखापाल प्र.ना.नि. पुष्प वहादुर ओलीले स्रेस्ता अद्यावधिक नराखी निजहरूबाटै हिनामिना र हानी नोक्सानी भएको पुष्टी हुन आएकोले आ.ब. २०६३।०६४ मा पेट्रोल पम्प नक्सालको हिनामिना हानी नोक्सानी पुऱ्याउने कार्यमा संलग्न प्रतिवादीहरू प्र.नि. जोगलाल डंगोल र अवकाश प्राप्त लेखापाल प्र.ना.नि. पुष्प वहादुर ओलीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७, ३ (१) (च) बमोजिमको कसुर गरेकोले सोही दफा बमोजिम प्रहरी प्रधान कार्यालयलाई बिगो भराई निजहरूलाई ऐ. ऐनको दफा १७ र ३ (१) (च) बमोजिम सजाय हुन र आ.व. २०६४।०६५ मा पेट्रोल पम्प नक्साललाई जम्मा रु. २८,८४,७९५।७६ नोक्सानी पुग्न गएको पुष्टि भएको अवस्था देखिएको । सो मध्ये प्रहरी प्रधान कार्यालयको मिति ०६९।१।८ को पत्रबाट रु. ७५,०००।- नगद दाखीला गरेको देखिन आएकाले सो रकम घटाउदा यस आ.व. २०६४।०६५ मा जम्मा रु. २८,०९,७९५।७६ पट्रोल पम्प नक्साललाई खुद नोक्सान भएको देखिएको । उक्त नोक्सानीमा पम्पको हरहिसाव राख्ने

एवं नगदको जिम्मा लिने तत्कालिन पेट्रोल पम्प इञ्चार्ज प्र.नि. जोगलाल डंगोल र लेखापाल प्र.ना.नि. डोर व. राईको संलग्नता देखिएकोले प्रतिवादीहरू प्र.नि. जोगलाल डंगोल र लेखापाल प्र.ना.नि. डोर बहादुर राईले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७, ३ (१) (छ) बमोजिम कसुर गरेकोले सोही दफा बमोजिम प्रहरी प्रधान कार्यालयलाई बिगो भराई निजहरूलाई ऐ. ऐनको दफा १७ र ३ (१) (छ) बमोजिम सजाय हुन र प्रहरी कल्याण कोष पेट्रोलपम्प, पथलैयाको सम्बन्धमा प्रहरी प्रधान कार्यालय, नक्सालबाट गठित प्र.ना.म.नि. उपेन्द्रकान्त अर्यालको संयोजकत्वको छानविन समितिको मिति ०६६।१२।२७ को प्रतिवेदनको पृष्ठ १५ र यसै समितिबाट गठित वरिष्ठ चार्टर एकाउन्टेन्ट जीवन प्रसाद पौडेलको संयोजकत्वको छानविन उप-समितिको पृष्ठ १४ को सि.नं. १२ मा उल्लेखित व्यहोरा अनुसार ०६२ माघ १ गते देखि आ.व. २०६५।०६६ सम्म यस पेट्रोल पम्पबाट रु. ६४,३९,९७०।८१ घटी बैंक दाखिला गरी पेट्रोल पम्प बारालाई यति नै रकम नोक्सानी पुऱ्याएको देखिन आयो । यस पेट्रोल पम्पले विक्री वितरण नगदमै गर्ने र उधारोमा गरेको कारोवारको जिम्मा सम्बन्धित Duty officer हुनुपर्ने व्यवस्था रहेको उल्लेख भै आएकोले पम्पलाई हानी नोक्सानी पुगेको रकम २०६२ माघ देखि २०६५।०६६ सम्म प्रहरी पेट्रोल पम्प,पथलैयाको पम्प प्रमुख रहेका प्र.स.नि. नैन वहादुर वोहराबाट असुल उपर गरिनु पर्ने स्थिति देखिन आएकोमा अनुसन्धानको क्रममा प्रहरी प्रधान कार्यालयसँग पत्राचार हुँदा प्रहरी प्रधान कार्यालयको मिति ०६८।४।८ को पत्रबाट Duty officer बाट असुल उपर हुनुपर्ने रु.६४,३९,९७०।८१ मध्ये रु.४४,१५,७०२।- निजले वुझाइसकेको र अव रु. २०,२४,२६८।७४ असुल उपर गर्न बाँकी रहेको भनी लेखी आएकोले उक्त रकम निज प्र.स.नि. नैन वहादुर बोहराबाट हिनामिना हानी नोक्सानी गरेको पुष्टी हुन आई प्रतिवादी अवकाश प्राप्त प्र.ना.नि. नैन वहादुर वोहराले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र ३ (१) (च) बमोजिमको कसुर गरेकोले सोही दफा बमोजिम बिगो भराई निजलाई ऐ. ऐनको दफा १७ र ३ (१) (च) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१०५. साझा स्वास्थ्य सेवा, क्षेत्रपाटी, काठमाडौंका सहायक प्रथम कमलप्रसाद भण्डारीले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट भएको अनुसन्धान तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्टा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१०६. जिल्ला शिक्षा कार्यालय, सुनसरी अन्तर्गत सीताराम प्रा. विद्यालय, हरिनगरा, सनुसरीका ब्रम्हानन्द पण्डितले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा सम्बन्धित निकायबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा उक्त शैक्षिक योग्यताका प्रमाणपत्रहरू

नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

१०७. प्रहरी प्रधान कार्यालय अन्तरगतका प्र.ना.नि. गोविन्द वहादुर वर्देवाले बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा सम्बन्धित समितिको पत्र एवं प्रमाणिकरण विवरण समेतका आधारमा उक्त शैक्षिक प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसारको कसूर देखिन आएको हुँदा निजलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिइएको ।

परिच्छेद - ४

पुनरावेदन/पुनरावलोकन गरिएका मुद्दाहरू

भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट आर्थिक वर्ष २०६८।०६९ मा भएका फैसलाहरूमा चित्त नबुझी आयोगद्वारा सर्वोच्च अदालतमा दायर गरिएका पुनरावेदनहरूको विवरणः

क. आयोगबाट दायर भएका भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएका फैसला उपर दायर भएका पुनराबेदनहरूः-

१. जयलाल साहको नाति, विलट साहको छोरा धनुषा जिल्ला नगराइन गा.वि.स.वडा नं. २ बस्ने राष्ट्रिय बाणिज्य बैंक रानी शाखा, विराटनगरका तत्कालिन प्रवन्धक राधा प्रसाद साह .....

वंशी मण्डलको नाति, कैले मण्डलको छोरा सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. ४ बस्ने ऐ.ऐ.का प्रवन्धक शिवचरण मण्डल .....

हर्षलाल अमात्यको नाति कन्हैयालाल अमात्यको छोरा मोरङ जिल्ला विराटनगर उप-म.न.पा.वडा नं. ८ बस्ने ऐ.ऐ.का सहायक प्रवन्धक (लेखा अधिकृत) चन्द्रलाल अमात्य .....

गौरीकान्त पोखरेलको नाति, बालकृष्ण पोखरेलको छोरा मोरङ जिल्ला विराटनगर उप.म.न.पा. ११ बस्ने ऐ.ऐ.का सहायक प्रवन्धक (लेखा अधिकृत) भैरव प्रसाद पोखरेल .....

धनुषा जिल्ला देवडिहा गा.बि.स. वडा नं. ३ बस्ने राष्ट्रिय वाणिज्य बैंक, रानी शाखा विराटनगरका तत्कालीन का.मु.सहलेखा अधिकृत वीरेन्द्रलाल छोटे .....

सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. ६ खरसाल टोल घर भई हाल मोरङ जिल्ला विराटनगर उप-महानगरपालिका वडा नं. ३ शंकरपुर बस्ने राष्ट्रिय बाणिज्य बैंक, रानी शाखा, विराटनगरका तत्कालीन का.मु. सह लेखा अधिकृत श्यामकुमार श्रेष्ठ.....

मुद्दा : बैंकलाई गैरकानुनी हानी नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको ।

फैसला मिति : २०६८।१।८

आयोगको दावी र विशेष अदालतको फैसलाः

उल्लेखित विपक्षीहरू समेत भएको उक्त मुद्दामा प्रतिबादीहरू मध्ये राधाप्रसाद साह, शिवचरण मण्डल, चन्द्रलाल अमात्य र भैरवप्रसाद पोखरेललाई बिगो क्रमशः रु. ४,६६,१३,१३५।९७, रू. ५५,९८,१५,९९६।३८ रू. ७७,९८,५७,९९६।५६ र रू. ३,२५३१,४६०।९५ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२),१३ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) तथा १७ बमोजिम, वीरेन्द्रलाल छोटे र श्यामकुमार श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(क) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम तथा सुबोधकुमार अग्रवाल, सुरेशकुमार अग्रवाल, कृष्णकुमार अग्रवाल, नारायण अग्रवाल, दामोदर अग्रवाल र मंगतुराम अग्रवाललाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय गरी विगो रु १,३७,७१,८३,२३१।५४ मध्ये ऋणीले लिएको धितोबाट असूलउपर हुनसक्ने रु ७,७७,००,०००।- हुंदा बांकी विगो रु १,२९,९४,८३,२३१।५४ असूल उपर गरिपाउन मागदावी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट मिति २०६८।१।८ गते प्रतिबादीहरू मध्ये सुबोधकुमार अग्रवाल, सुरेशकुमार अग्रवाल, कृष्णकुमार अग्रवाल, नारायण अग्रवाल, दामोदर अग्रवाल र मंगतुराम अग्रवाललाई मागदावी बमोजिम जनही १।१ बर्ष कैद हुने तथा दाबीको विगो सुबोधकुमार अग्रवाल समेतका ऋणीहरूबाट भराई पाउने ठहर भएको । प्रतिवादीहरू राधाप्रसाद साह, शिवचरण मण्डल, चन्द्रलाल अमात्य र भैरव प्रसाद पोखरेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) अनुसार मात्र मागदावी भन्दा कम जनही ६।६ महिना कैद हुने फैसला भएको । प्रतिवादी वीरेन्द्रलाल छोटे र श्यामकुमार श्रेष्ठलाई सफाई दिने फैसला भएकोले माागदावी भन्दा कम सजाय भएका प्रतिवादीहरू राधाप्रसाद साह, शिवचरण मण्डल, चन्द्रलाल अमात्य र भैरव प्रसाद पोखरेल जना -४ र सफाई पाउने प्रतिबादीहरू बीरेन्द्रलाल छोटे र श्यामकुमार श्रेष्ठको हकमा मात्र यो पुनरावेदन पत्र प्रस्तुत गरिएको छ ।

फैसलाका आधारहरू:

- प्रतिबादीहरू बीरेन्द्रलाल छोटे र श्यामकुमार श्रेष्ठ बैंकको प्रवन्धक तथा सहायक प्रवन्धक समेतको मातहतमा रही कामकाज गर्ने कर्मचारी भएको देखिएको र प्रवन्धक तथा सहायक प्रवन्धक समेतले यो काम गर्नु वा गराउनु भनी दिएको तोक आदेश वा मौखिक आदेश पालना गर्नु मातहतका कर्मचारीको कर्तव्य हुने कुरालाई अन्यथा भन्न नसकिने ।
- प्रतिबादी वीरेन्द्रलाल छोटेलाई प्रतिबादी राधाप्रसाद साहले र प्रतिबादी श्यामकुमार श्रेष्ठलाई प्रतिबादी शिवचरण मण्डलले मंगतुराम समूहको कर्जा प्रवाहको सीमा रु.८५ करोड हो भनी केन्द्रीय कार्यालयको पत्र देखाएको हुंदा कागजात तयारगरी कर्जा प्रवाहको निर्णय भएको भन्ने यी प्रतिबादीहरूको बयान व्यहोराबाट देखिन आएको ।

- निजहरूले ऋणी समूहलाई गरेको कर्जा प्रवाहबाट यती रकम लिनु खानु गरेको थिए वा प्रवन्धक वा लेखा अधिकृतलाई प्रभावमा पारी ऋणी समूहलाई कर्जा प्रवाह गर्न उत्प्रेरित गरी पुरानो कर्जा बांकी हुंदाहुंदै स्वीकृत सीमा नघाई थप कर्जा प्रवाह भएको भन्ने तथ्य मिसिल संलग्न कागजबाट देखिन नआएको ।
- यी प्रतिवादीहरूको स्तरबाट कर्जा प्रवाह हुन सक्ने अबस्था पनि देखिन नआएको । वादी पक्ष स्वयंले कर्जा प्रवाह हुंदाको बखत यी प्रतिबादीहरू बैंकको निर्णायक भूमिका निर्वाह गर्ने जिम्मेवार पदाधिकारी नभएको भन्ने आरोपपत्रको अभियोग खण्डमा स्वीकार गरेको ।
- निजहरूले मतियारको भूमिका निर्वाह गरेको तथ्य ठोस रुपमा प्रमाणित हुन नआएको ।

पुनरावेदनका आधारहरू:

- प्रस्तुत मुद्दामा कर्जा कारोबार हुंदा कानूनी प्रावधान उल्लंघन गरी बैंकको केन्द्रीय कार्यालय तथा राष्ट्र बैंकले दिएका निर्देशन परिपत्र कार्य प्रणाली आदि पालन नगरी कर्जा दिएको र अत्यन्त न्यून धितोमा अत्यन्त बढी कर्जा लिए दिएको कारणले बैंकको कर्जा असूल हुन नसक्ने अबस्था भएको, कर्जा माथि दिनै नमिल्ने कर्जा दिई बैंकलाई हानी नोक्सानी पुगेको तथ्यलाई स्वीकार गरी प्रतिबादीहरू मध्येका ऋणी प्रतिवादी सुवोधकुमार अग्रवाल समेतको हकमा मागदावी बमोजिम र बैकका तत्कालिन कर्मचारीहरू राधाप्रसाद साह समेतका व्यक्तिहरू उपरको आंशीक कसूर ठहर भएको हुंदा तथ्यको सम्बन्धमा थप विबेचना गरिरहन परेन ।
- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) तथा दफा १७ बमोजिमको सजाय मागदावी भएका प्रतिवादीहरू राधा प्रसाद शाह, शीवचरण मण्डल, चन्द्रलाल अमात्य र भैरव प्रसाद पोखरेलको हकमा विशेष अदालत, काठमाडौंबाट फैसला हुँदा जनही ६।६ महिना मात्र कैद हुने गरी फैसला भएको देखिन्छ । जवकी निजहरूका हकमा दफा १७ बमोजिमको सजाय र विगो बमोजिम जरिवाना हुने नहुने के हो ? कुनै विवेचना र विष्लेषण गरिएको देखिदैन । सवै मागदावीका सम्बन्धमा फैसलामा वोलिनु पर्दछ । कुनै मागदावीको सम्बन्धमा बोली कुनैमा नबोली गरेको उक्त फैसला अ.बं. १९२ नं. को कानूनी व्यवस्थाको बर्खिलाप भै त्रुटीपूर्ण रहेकोले बदरभागी छ ।
- प्रतिबादी वीरेन्द्रलाल छोटे तथा श्यामकुमार श्रेष्ठले क्रमश: २०५६।४।१६ देखि २०५७।८।१४ सम्म र २०५८।४।१४ देखि २०५९।७।२९ सम्मको आफ्नो कार्यकालमा वीरेन्द्रलाल छोटे एल.सी. इन्चार्ज चेकर तथा निमित्त सहायक प्रवन्धक र प्रतिबादी श्यामकुमार श्रेष्ठ कर्जा असूली तथा कर्जा फाँट इन्चार्ज भई फाँट इन्चार्जको हैसियतले काम गर्दा कर्जा कारोवारमा संलग्न रहेको । वीरेन्द्रलाल छोटे समेतले प्रवन्धक तथा सहायक प्रवन्धक संगसंगै हस्ताक्षर गरी सावां रु ४,१०,३९,२३६।९० र श्यामकुमार श्रेष्ठ समेतले प्रवन्धक तथा सहायक प्रवन्धक संगसंगै हस्ताक्षर गरी सावां रु ११,९४,७०,८८८।२७ कर्जा दिएको देखिन आएको छ । प्रवाह भएको कर्जाहरू गैरकानूनी भई बैंकलाई हानी नोक्सानी पुगेको

तथ्यमा विवाद छैन । उल्लिखित कर्जाहरू प्रवाह गर्दा यी प्रतिबादीहरू समेत कसूर ठहर भएका कर्मचारीहरूको मातहतमा बसी कामकाज गरेको अवस्थालाई समेत फैसलाले स्वीकारेको छ । सहायक प्रवन्धकले दिएको तोक आदेश वा मौखिक आदेश सम्बन्धित कानून, बैंकिङ प्रचलन, नीति, नियम तथा केन्द्रिय कार्यालयले जारी गरेको परिपत्र कर्जाको सिमा अनुकुलको भएमा मात्र मातहतका कर्मचारीले पालना गर्ने हो । त्यसमाथि पनि अधिकृत जस्तो जिम्मेवार पदमा कार्यरत कर्मचारीले केवल लाए अह्राएको काम मात्र गर्ने हो भनी निजहरूको जिम्मेवारीलाई गलत अर्थ गरी सफाई दिने आधार बनाएको फैसला त्रुटिपूर्ण छ ।

- प्रतिबादी वीरेन्द्रलाल छोटेलाई प्रतिबादी राधाप्रसाद साहले र प्रतिबादी श्यामकुमार श्रेष्ठलाई प्रतिबादी शिवचरण मण्डलले मंगतुराम समूहको कर्जा प्रवाहको सीमा ८५ करोड हो भनी केन्द्रीय कार्यालयको पत्र देखाएको भनी बयानमा उल्लेख गरेको भन्ने निर्णयाधार बनाएको सम्बन्धमा पनि कसूर ठहर भएका प्रतिबादीहरूले स्वीकृत सीमा नघाई कर्जा प्रवाह गरेको भन्ने समेतको आधारमा प्रतिबादी राधाप्रसाद साह समेतका प्रतिबादीहरू उपरको कसूर ठहर भएको हुंदा सो निर्णायाधार कसूर ठहर भएका प्रतिबादीहरूको हकमा लिइएको निर्णयाधारसंग मेलखान आउंदैन । त्यसमाथि पनि प्रतिबादी वीरेन्द्रलाल छोटे तथा श्यामकुमार श्रेष्ठले क्रमशः २०५६।४।१६ देखि २०५७।८।१४ सम्म र २०५८।४।१४ देखि २०५९।७।२९ सम्मको आफ्नो कार्यकालमा वीरेन्द्रलाल छोटे एल.सी. इन्चार्ज चेकर तथा निमित्त सहायक प्रवन्धक र प्रतिबादी श्यामकुमार श्रेष्ठ कर्जा असूली तथा कर्जा फाँट इन्चार्ज भई फाँट इन्चार्जको हैसियतले काम गर्दा कर्जा कारोवारमा संलग्न रहेको अवस्था हुंदा समेत कर्जाको सिमा तोकिएको लगायतका विवरण निजहरूलाई जानकारी नहुने भन्ने प्रश्नै उठ्दैन ।
- यी प्रतिबादीहरू समेतबाट भएको कर्जा प्रवाहबाट बैंकलाई हानी नोक्सानी र कर्जावालाहरूलाई गैरकानूनी लाभ भएको तथ्यमा अदालत समेत सहमत भएको छ । यी प्रतिबादीको हकमा रकम लिनु खानु गरेको वा प्रवन्धक वा लेखा अधिकृतलाई प्रभावमा पारी ऋणी समूहलाई कर्जा प्रवाह भएको भन्ने तथ्य मिसिल संलग्न कागजबाट देखिन नआएको भनी फैसलामा उल्लेख भएतर्फ हेर्दा कसूर ठहर भएका बैंकका अन्य कर्मचारीको हकमा निजहरूले कर्जा प्रवाह गर्दा बैंकलाई हानी नोक्सानी र कर्जावालाहरूलाई गैरकानूनी लाभ भएको तथ्यमा अदालत समेत सहमत भएको र सो कार्य नै निजहरू उपरको कसूर ठहर हुन पर्याप्त मानी फैसला भएको हुंदा यी प्रतिबादीहरूको हकमा रकम लिनु दिनु गरेको वा प्रभावमा पारेको देखिनु पर्ने भनी अनावश्यक निर्णयाधार कायम गरी निजहरूलाई सफाई दिएको फैसलामा लिइएको आधार बस्तुनिष्ठ नभई आत्मनिष्ठ छ ।

- यी प्रतिवादीहरूको स्तरबाट कर्जा प्रवाह हुन सक्ने अबस्था देखिन नआएको र यी प्रतिबादीहरू बैंकको निर्णायक भूमिका निर्वाह गर्ने जिम्मेवार पदाधिकारी नभएको भन्ने आरोपपत्रको अभियोग खण्डमा स्वीकार गरेको भनी लिइएको आधारतर्फ हेर्दा पनि निजहरूको सो हैसियतलाई दृष्टिगत गरेर नै निजहरूले मुख्य कसूरदारको रुपमा नभई मतियारको भूमिका निर्वाह गरेको भनी अभियोग लगाइएको हो । कर्जा प्रवाह सम्बन्धमा बैंकको केन्द्रीय कार्यालय तथा राष्ट्र बैंकले दिएका निर्देशन, समय समयमा जारी भएका परिपत्रहरू, कार्य प्रणाली बारे जानकारी निर्विबाद रुपमा रहने अबस्थाका यी अधिकृत कर्मचारीहरूले त्यस्ता प्रावधानलाई लत्याई बैंकलाई नोक्सान र कर्जावालाहरूलाई गैरकानूनी फाइदा हुने गरी आफूमाथिका कर्मचारीहरूलाई गैरकानूनी तवरबाट कर्जा प्रवाह गर्न अनुकूल हुने गरी काम गरिदिई मतियारको भूमिका निर्वाह गरेको तथ्य ठोस रुपमा प्रमाणित भइरहेको अबस्थामा निजहरूलाई मतियार ठहर नगरेको फैसलामा तथ्य र प्रमाणको उचित मूल्यांकन हुन सकेको छैन ।

२. नेहरमान रायमाझीको नाति, हरिबीर रायमाझीको छोरा सुनसरी जिल्ला वक्लौरी गा.वि.स.वडा नं. ७ बस्ने केशर बहादुर रायमाझी .....

मुद्दा : नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको ।

फैसला मितिः २०६८।३।२४

आयोगको दावी र विशेष अदालतको फैसलाः

प्रतिवादी केशर बहादुर रायमाझी उपर बढुवा पाउनको लागि झूट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको कसूरमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीले सफाई पाउने ठहरी फैसला भएको ।

फैसलाका आधारहरूः

- प्रतिवादी केशर बहादुर रायमाझीले अदालतमा बयान गर्दा कसूरमा ईन्कार रही बयान गरेको एवं निज प्रतिवादीले पेश गरेको प्रमाणपत्रको सम्बन्धमा यकिन जवाफको लागी उच्च माध्यमिक शिक्षा परिषद्मा लेखि पठाउँदा परिषद्बाट दुईपटकसम्म १९८३"A" भन्ने प्रमाणपत्रको मात्र जवाफ प्राप्त भएकोले निजले पेश गरेको विहार विद्यालय परीक्षा समितिबाट १९८३ मा पास गरेको माध्यमिक परीक्षाको प्रमाणपत्रको संख्या १९८३"C" को प्रमाणपत्र गलत हो भनी प्रमाणीकरणबाट देखिन नआएकोले सो प्रमाणपत्र गलत हो भनी अर्थ गर्न मिल्दैन ।

- प्रतिवादीले कसूर गरेको भन्ने कुराको ठोस प्रमाणको अभावमा कसूरदार ठहर गर्न नमिलेकोले आरोपित कसूरबाट प्रतिवादीले सफाई पाउने ठहर्छ ।

पुनरावेदनका आधारहरू:

- यस आयोगको मिति २०६०।११।२० को पत्रबाट राष्ट्रिय बाणिज्य बैंकका कर्मचारीहरूको भारतीय शैक्षिक योग्यताको प्रमाणपत्रहरू छानबिन गर्न गठित टोलीले प्रमाणपत्रहरू छानबिन गरी प्रतिवेदनको आधारमा राष्ट्रिय बाणिज्य बैंक, केन्द्रीय कार्यालयको मिति २०६३।७।२६ को पत्रबाट उक्त बैंकका विराटनगर शाखाका खजान्ची पदका केशर बहादुर रायमाझीले विहार विश्वविद्यालय परीक्षा समिति, पटना, भारतबाट सन् १९८३" C "अनुक्रमांक ७५८ बाट माध्यमिक तहको उत्तीर्ण भनिएको शैक्षिक योग्यताका प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुर मार्फत विहार विद्यालय परीक्षा समिति, पटनाको दिनांक ५।५।२००७ को पत्रबाट "केशर रायमाझी ६११०-७५८-83(A)" समिति अभिलेख के अनुसार वा.मा. परीक्षा १९८३ के रोल कोड ६११० मे क्रमांक ७५८ का व्यवहार नही किया गया है" भनी प्रमाणीकरण भई लेखि आएको हुँदा प्रतिवादीले राष्ट्रसेबकको पदमा बढुवा लिने उद्देश्यले बदनियतपूर्वक आफ्नो शैक्षिक योग्यता ढाँटी झुट्ठा प्रमाणपत्र पेश गरी भ्रष्टाचारजन्य कसूर गरेको प्रमाणित भै निज उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन माग दाबी लिई विशेष अदालत, काठमाडौंमा आयोगको तर्फबाट मुद्दा दायर भएको हो ।
- आयोगको मिति २०६४।३।४ को पत्रबाट सो बैंकका विराटनगर शाखाका खजान्ची पदका प्रतिवादी केशर बहादुर रायमाझीलाई निलम्बन गरी यस आयोगमा हाजिर हुन भनी पत्र पठाएकोमा निज आयोगमा उपस्थित हुन नआएकोले आयोगबाट मिति २०६४।११।९ मा बाटोको म्याद बाहेक ३० दिनभित्र उपस्थित हुन आउनु भनी गोरखापत्रमा सूचना जारी गरिएकोमा सो म्यादमा समेत निज यस आयोगमा उपस्थित भै आफू बिरुद्ध लागेको आरोपबाट सफाई लिनु पर्नेमा आरोपलाई स्वीकार गरी बसेको देखिएकोले सम्मानित अदालतबाटै कानून बमोजिम निजको नाममा म्याद जारी गरी कारवाही हुन भनी भनिएको एवं उक्त शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुर मार्फत विहार विद्यालय परीक्षा समिति, पटनाको दिनांक ५।५।२००७ को पत्रबाट "केशर रायमाझी ६११०-७५८-83(A)" समिति अभिलेख के अनुसार वा.मा. परीक्षा १९८३ के रोल कोड ६११० मे क्रमांक ७५८ का व्यवहार नही किया गया है" भनी प्रमाणीकरण भई लेखी आएको देखिँदा

प्रतिवादीको उक्त विश्वविद्यालयले जारी गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा रहेको तथ्य प्रमाणित भईसकेको छ ।

- प्रतिवादीले बढुवा लिने उद्देश्यले पेश गरेको माध्यमिक तह उत्तीर्ण गरेको भन्ने शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने आधिकारिक संस्था विहार विश्वविद्यालय परीक्षा समिति, पटनाको दिनांक ५।५।२००७ को पत्रद्वारा प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र अभिलेखमा व्यवहार नही कियागया है भनी प्रमाणीकरण भईआएको अवस्थामा शैक्षिक योग्यताको प्रमाणपत्रहरू छानबिन गर्न गठीत टोलीले प्रमाणपत्रहरू छानबिन गरी प्रतिवेदनको आधारमा निज प्रतिवादीले पदमा बहाल रही रहँदा निजबाट आफ्नो विरुद्धको प्रमाण लोप गर्न सक्ने हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९(३) बमोजिम निजलाई सो पदबाट निलम्बन गरी आयोगलाई तुरुन्त जानकारी दिन र निजलाई ३ दिनभित्र शैक्षिक योग्यताको प्रमाणपत्रसहित आयोगमा उपस्थित हुन पठाई दिनु भनी आयोगको मिति २०६४।३।४ को पत्रबाट राष्ट्रिय बाणिज्य बैंक, केन्द्रीय कार्यालयमा पत्र पठाईएकोमा निज यस आयोगमा उपस्थित हुन नआएकोले आयोगबाट मिति २०६४।११।९ मा बाटोको म्याद बाहेक ३० दिनभित्र उपस्थित हुन आउनु भनी गोरखापत्रमा सूचना जारी गरिएकोमा निज सो म्यादभित्र यस आयोगमा उपस्थित हुन नआई आफू बिरुद्ध लागेको आरोपबाट सफाई लिनु पर्नेमा आरोपलाई स्वीकार गरी बसेको देखिएकोले निज प्रतिवादीको उक्त विश्वविद्यालयको पत्रको अभिलेखमा व्यवहार नही कियागया है भनी अनुसन्धानकै क्रममा प्रमाणित भईसकेको तथ्य विपरित निज प्रतिवादीले पेश गरेको प्रमाणपत्रको यकिन जवाफको लागी उच्च माध्यमिक शिक्षा परिषद् मार्फत लेखि पठाउँदा दुईपटकसम्म १९८३ "A" भन्ने प्रमाणपत्रको मात्र जवाफ प्राप्त भएकोले निजले पेश गरेको विहार विद्यालय परीक्षा समितिबाट १९८३ मा पास गरेको माध्यमिक परीक्षाको प्रमाणपत्रको संख्या १९८३"C" को प्रमाणपत्र गलत हो भनी प्रमाणीकरणबाट देखिन नआएकोले सो प्रमाणपत्र गलत हो भनी अर्थ गर्न मिल्दैन भनी सो संस्थाबाट लेखिएको संदिग्ध पत्रलाई आधार लिई प्रतिवादीलाई सफाई दिने गरी भएको विशेष अदालत, काठमाडौंको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

३. काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ३ उपभोक्ता मार्ग बस्ने सिल्भर फाइवर टेक्सटायल मिल्स प्राइभेट लिमिटेड गैडाकोट, नबलपरासीका तत्कालीन डि.ई. कन्सल्ट्यान्सी का इञ्जिनियर दिनेशनाथ चालिसे.....

ऐ. ऐ. वडा नं. ३३ ज्ञानेश्वर बस्ने नेपाल बंगलादेश बैंकका पूर्व प्रवन्धक निर्देशक नरेन्द्र भट्टराई .....

ऐ. ऐ. वडा नं. १५ विजेश्वरी स्वयम्भू मार्ग बस्ने ऐ. ऐ. का पूर्व सहायक महाप्रवन्धक वालकृष्ण शर्मा नेपाल .....

ऐ. ऐ. वडा नं. ३३ डिल्लीबजार बस्ने तत्कालीन ऐ ऐ का अधिकृत उज्वल पाण्डे ...

ऐ ऐ वडा नं. १, सितापाइला बस्ने कर्मचारी संचयकोष, पुल्चोक ललितपुरको तत्कालीन निमित्त प्रशासक राजेश राजकर्णिकार.....

ऐ ऐ वडा नं. ३५ सुविधानगर बस्ने ऐ ऐ का तत्कालीन लगानी विभाग प्रमुख शशिविक्रम राणा.....

ऐ ऐ वडा नं. ३४ ऐ ऐ का चार्टर्ड एकाउण्टेण्ट पदमा तत्काल कार्यरत रवीभूषण बैद्य.....

रुपन्देही जिल्ला, सिद्धाथनगर नगरपालिका वडा नं. ५ घर भई ऐ ऐ का परियोजना विश्लेषक पदमा कार्यरत विजयकुमार श्रेष्ठ.....

मुद्दा : कर्मचारी संचयकोषलाई गैरकानूनी हानी पुऱ्याई भ्रष्टाचार गरेको ।

फैसला मितिः २०६८।१।१२

आयोगको दावी र विशेष अदालतको फैसलाः

उल्लिखित प्रतिबादीहरू समेत भएको उक्त मुद्दामा विगो रु १९,६८,१३,४१५।०२ कायम गरी प्रतिबादीहरू मध्ये ठाकुरप्रताप थापा, जीवन विष्ट, किशोर बास्कोटा, दिनेशनाथ चालिसे, नरेन्द्र भट्टराई, वालकृष्ण शर्मा र उज्वल पाण्डेलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम तथा राजेश राजकर्णिकार, शशिविक्रम राणा, लक्ष्मीप्रसाद श्रेष्ठ, रविभुषण बैद्य र विजयकुमार श्रेष्ठलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र (३) बमोजिम सजायको मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा बिशेष अदालत काठमाडौंबाट प्रतिबादी ठाकुरप्रताप थापा, किशोर बास्कोटा र जीवन विष्ट उपरको कसूर ठहर भए तापनि किशोर बास्कोटाको हकमा बिगोको सम्बन्धमा केही नबोली र अन्य प्रतिबादीहरू दिनेशनाथ चालिसे, नरेन्द्र भट्टराई, वालकृष्ण शर्मा, उज्वल पाण्डे, राजेश राजकर्णिकार, शशिविक्रम राणा, लक्ष्मीप्रसाद श्रेष्ठ, रविभुषण बैद्य र विजयकुमार श्रेष्ठलाई सफाई दिई फैसलामा भएको ।

फैसलाका आधारहरूः

(क) प्रतिबादी दिनेशनाथ चालिसेको हकमाः

- निजले २०५७ सालमा मुल्यांकन गर्दा मिल्सका मेसिनरी उपकरणहरू साठी प्रतिशत चालु अबस्थामा रहेको ।

- अनिल शाक्यले मुल्यांकन गर्दा मिल्सका मेसिनरी उपकरणहरू पुरानो भई जीर्ण अवस्थामा रहेका, स्पेयर पार्टसहरू समेत नरहेका र १४।१५ बर्ष पुरानो भई मोडेल नै पुरानो रहेको भन्ने कुरा मूल्यांकन प्रतिबेदनमा उल्लेख भएको ।
- ९ बर्षको अन्तराल पछि बन्द रहेको मिल्सको मेसिनहरूको मुल्यांकनमा फरक पर्नु स्वभाविक नै रहेको ।
- तानहरूको मुल्य मिल्सका संचालक प्रतिबादीहरू ठाकुरप्रताप थापा र जीवन विष्टले दिएका विवरणको आधारमा यी प्रतिबादीले मूल्य कायम गरेको देखिएको ।
- ९ बर्ष पहिले चालु अवस्थामा भएको मिल्सको स्थिर जेथा मूल्यांकनलाई बदनियत साथ बढी मुल्यांकन गरेको भन्न विवेक सम्मत नभएको ।

(ख) प्रतिबादीहरू नरेन्द्र भट्टराई, वालकृष्ण शर्मा र उज्वल पाण्डेको हकमा:

- निजहरूले प्रतिबादीहरू ठाकुरप्रताप थापा र जीवन विष्टले किशोर बास्कोटाले तयार गरेको लेखा परीक्षण प्रतिबेदन र दिनेशनाथ चालिसेले तयार गरेको मिल्सको स्थिर जेथा मूल्यांकन प्रतिबेदन समेत संलग्न गरी प्रस्ताव गरेको र सोही आधारमा कर्जा स्वीकृत भएको देखिएको ।
- सिल्भर फाईवर टेक्टायल मिल्सका संचालक ऋणी द्वय ठाकुर प्रताप थापा र जीवन विष्टले पेश गरेको कागजातको आधारमा उक्त रिपोर्ट तयार भएको परिप्रेक्ष्यमा निजहरूको बदनियतपूर्ण कृयाकलापबाट ऋण लगानी भएको देखिन नआएको ।

(ग) प्रतिबादीहरू राजेशराज कर्णिकार, शशिविक्रम राणा, लक्ष्मीप्रसाद श्रेष्ठ, विजयकुमार श्रेष्ठ र रवीभूषण बैद्यको हकमा:

- यी प्रतिबादीहरू उक्त कोषको व्यवस्थापन समूहका कर्मचारी भएको र संचालक समितिको निर्णय कार्यान्वयन गर्नेसम्मको जिम्मेवारी व्यबस्थापनको हुने कुरालाई अन्यथा भन्न मिल्ने नदेखिएको ।
- शशिविक्रम राणा, राजेश राजकर्णिकार र रवीभूषण बैद्यले कर्जा कमिटीको तर्फबाट राय पेश गरेकोमा कोष संचालक समितिको बैठकले सो प्रस्तावमा हेरफेर गरी कर्जा स्वीकृत गरेकोमा त्यसरी राय प्रस्तावमा हेरफेर गरी निर्णय गर्ने संचालक समितिका अन्य पदाधिकारीहरूलाई प्रतिबादी कायमगरी मुद्दा चलाएको नदेखिएको ।
- कोष संचालक समितिको उक्त निर्णय कार्यान्वयन गर्नु यी प्रतिबादीहरूको नैतिक तथा कानूनी दायित्व रहेको

पुनरावेदनका आधारहरू:

- प्रस्तुत मुद्दामा प्रतिबादीहरू मध्ये ठाकुरप्रताप थापा, किशोर बास्कोटा र जीवन विष्ट उपरको कसूर ठहर भएबाट भ्रष्टाचारजन्य कार्य भएको तथ्यमा अदालत सहमत भएकै हुंदा

सो तथ्यमा थप विवेचना गरिरहन परेन । ऋणी सिल्भर फाइवर टेक्सटाइल मिल्स प्रा.लि. को मेसिनरी, उपकरण, भवन, जग्गा समेतको मूल्यांकन डि.ई. कन्सल्ट्यान्सी प्रा.लि. को तर्फबाट प्रतिबादी दिनेशनाथ चालिसेले गरेको तथ्यमा विबाद छैन । निजले उक्त मिल्सको मिति २०५७।११।११ को पत्रानुसार गरेको मूल्यांकनमा जग्गातर्फ प्रति रोपनी रू. ९,७५,०००।- मूल्य कायम गरेको भनी उल्लेख गरेकोमा २०६५।१२।२८ मा अर्थात् ८ बर्षपछि सो जिल्लाका प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, नापी अधिकृत र गा.बि.स. सचिवले स्थलगत अध्ययन गरी मूल्यांकन हुंदा समेत ती जग्गाहरू प्रति रोपनी रू. ८ लाख र १० लाख मूल्यांकन हुन आएको देखिन्छ । यसरी अधिराज्यभर जग्गा जमिनको मूल्य आकासिदै गएको सन्दर्भ र निजले यस आयोग समक्षको बयानमा उक्त मिल्सको जग्गा मूल्यांकनको आधार त्यस क्षेत्रमा बेचविखन भइसकेको दरभाउलाई आधार बनाएको भनेकोमा त्यस क्षेत्रको कुन जग्गा कहिले के कति दरभाउमा विक्रि भएको हो ? खुलाउन नसकेबाट समेत निजले बदनियतपूर्वक जग्गाको बास्तविक मूल्यभन्दा अत्याधिक बढी मूल्यांकन गरेको स्पष्ट देखिन आएको छ ।

जहांसम्म बिशेष अदालतले प्रतिबादीले मूल्यांकन गर्दा मिल्सका मेसिनरी उपकरणहरू साठी प्रतिशत चालु अबस्थामा रहेको भनी उल्लेख गरे तर्फ हेर्दा पनि निजले यस आयोग र अदालत समक्ष गरेको बयानमा साठी प्रतिशत मेसिनरी उपकरणहरू मात्र चालू हालतमा रहेको र सोही साठी प्रतिशतको मात्र मूल्यांकन गरेको भनी जिकीर लिन सकेको अबस्था छैन । त्यसैगरी निजले पेश गरेको प्रतिबेदनमा मिल्समा आ.व. २०५२।०५३, २०५४।०५५ र २०५५।०५६ मा यन्त्र उपकरणहरू जडान भएको भन्ने उल्लेख भएको देखिएकोमा ती आ.ब. हरूको अमेरिकी डलरको नेपाली मुद्रा कायम गर्दा सटही दर एकै कायम गरेबाट समेत उक्त मूल्यांकन प्रतिबेदन तथ्यपरक नरहेको स्पष्ट देखिन आएको छ । भवन मूल्यांकन गरेको आधार पनि निजले खुलाउन नसकेको र प्रतिवादी वार्षिक ९ प्रतिशतका दरले ह्रासकट्टी गर्दा समेत भवनहरूको मूल्यांकन रु १,८६,५५,१०३।२८ हुने भनी उल्लेख गरेकोमा धेरै बर्षको अन्तरालमा भएको मूल्य बृद्धि पश्चात् मूल्यांकन हुंदा समेत रु २,८१,८५,९६२।८१ मात्र हुन आउने देखिएतर्फ अदालतबाट कुनै व्याख्या विवेचना नभएबाट समेत फैसला न्यायसंगत देखिन आएको छैन । त्यसैगरी लुम जडान भएको सम्बन्धमा पनि सो मिलमा प्रथम चरणमा १९९४ मा आयात भई जडान भएको भनी निजकै प्रतिबेदनमा उल्लेख भएकोमा प्रतिबेदन साथ पेश भएको युनिभर्सल ट्रेडिङ कम्पनीको ६ फेब्रूअरी २००१ को इन्भ्वाइसबाट मिल्सको नाममा ३० थान लुम आयात भएको देखिन आएबाट प्रतिबेदन र विवरण फरक देखिन आएको अबस्थामा मूल्यांकन प्रयोजनको लागि नियुक्त भएका इञ्जिनियर जस्तो व्यक्तिले ठाकुरप्रताप थापा र जीवन विष्टले जे जस्तो विवरण दिए सोही आधारमा मूल्य कायम गरेको भनी पन्छिन मिल्दैन ।

- प्रतिबादीहरू नरेन्द्र भट्टराई, वालकृष्ण शर्मा र उज्वल पाण्डेलाई सफाई दिएतर्फ हेर्दा पनि लिड बैंकको रुपमा नेपाल बंगलादेश बैंक रहेको कुरा कन्सोर्टियम बैठकको पहिलो

निर्णयबाट देखिन्छ । राष्ट्र बैंकको निर्देशन अनुसार पनि सह वित्तीयकरण कर्जा लगानीमा लिड बैंकले पनि लगानी गर्नुपर्ने र यसैको आधारमा परिपासु संभौता हुनेमा लिड बैंकले आफूले लगानी गरेको नदेखिएबाट समेत यी प्रतिबादीहरूको नियत सफा देखिन आएको छैन । कर्जा लिन तयार भएका कागजातमा झुठा र गलत विवरण उल्लेख गरी कर्मचारी संचयकोषमा पेश भएको तथ्यमा अदालत सहमत भएकै छ । त्यस्तो झुठा विवरण कोषमा पठाउनु पूर्व बैंकको आफ्नै प्रतिनिधि सुभाष सापकोटा समेतले मिल्सको स्थलगत अध्ययन गरेको अवस्थामा बैंकको कुनै दायित्व नै नहुने हिसावले ऋणीले पेश गरेको कागजातको आधारमा नै अगुवा बैंकले परियोजना विश्लेषण प्रतिबेदन तयार गरेको भनी अदालतले लिएको आधार त्रुटिपूर्ण छ । स्थलगत अध्ययन गरी तयार भएको प्रतिबेदनमा नेपाल बंगलादेश बैंकले Project Apprisal Report बनाई कर्मचारी संचयकोषमा पेश गरेको र त्यसै रिपोर्टको आधारमा कारवाही अगाडि बढेकोमा उक्त रिपोर्टमा रुग्ण उद्योगलाई सवल भनी सह वित्तियकरण बैठक आयोजना भएको देखिन्छ । साथै Project Apprisal Report पनि मिल्सले पेश गरेको झुठा आर्थिक विवरणको आधारमा बनाएबाट पनि कर्मचारी संचयकोषलाई लगानी गर्न प्रेरित गरेको स्पष्ट छ ।

- Consortium बैठकको पहिलो निर्णय नं. ३ मा मिल्सले तीन वर्षको लेखापरीक्षण प्रतिबेदन बुझाउनु पर्ने भनी निर्णय गरेकोमा प्रतिबादीहरू ठाकूर प्रताप थापा र जीवन विष्टले तीन वर्षको लेखा परीक्षण प्रतिबेदन पेश नगरी आ.ब. २०५४।०५५ र २०५५।०५६ को मात्र पेश गरेको । त्यसमा पनि आ.ब. २०५४।०५५ को Final audit पेश भए तापनि आ.ब. २०५५।०५६ को Provisonal audit मात्र पेश भएको अवस्थालाई अदालतले समेत स्वीकार गरेको छ । यसरी उक्त बैठकको निर्णय बमोजिम पेश गर्नुपर्ने तीन आर्थिक बर्षको लेखा परीक्षण प्रतिबेदन मध्ये एक आ.व.को पेशै नभएको र पेश भएको अर्को आर्षिक बर्षको लेखा परीक्षण प्रतिबेदन पनि अन्तीम नभई Provisonal मात्र भएको अबस्थामा त्यस्ता कागजको आधारमा तयार गरेको परियोजना विश्लेषण जसरी भए पनि कोषबाट उक्त मिल्सलाई लगानी गराउने उद्देश्यले तयार भएको स्पष्ट नै छ ।
- ऋणी मिल्सको नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक लगायत स्वयं नेपाल बंगलादेश बैंकसंग पनि पुरानो कर्जा कारोबार भएको र सो कर्जा असूल उपर हुन नसकिरहेको अबस्थाबाट पनि यी प्रतिबादीहरूलाई सो मिल्सको आर्थिक अबस्था बारे जानकारी हुने अबस्था देखिन आएको छ । यस्तो अबस्थामा सो मिल्सबाट पेश हुन आएको लेखा परीक्षण प्रतिबेदनलाई हुबहु स्वीकार गरी परियोजना विश्लेषण प्रतिबेदन तयार गरी कोषमा पेश गरेको र सो को आधारमा कर्जा दिलाए पछि सो रकम आफू कार्यरत बैंकको लेना असूल गराएबाट पनि यी प्रतिबादीहरूको बदनियत स्पष्ट हुन आएको अवस्थामा यी प्रतिबादीहरूलाई सफाई दिएको फैसला त्रुटिपूर्ण छ ।

- प्रतिबादीहरू राजेश राजकर्णिकार, शशिविक्रम राणा, लक्ष्मीप्रसाद श्रेष्ठ र विजयकुमार श्रेष्ठ र विभुषण बैद्यलाई आरोपित कसूरबाट सफाई दिएतर्फ हेर्दा पनि नेपाल बंगलादेश बैंकले मार्च ३०, २००१ मा तयार गरेको Project Apprisal Report मा सो कम्पनी ११ प्रतिशत घाटामा रहेको । सो मिल्सले २०५७ साल पुस मसान्तसम्ममा तीनवटा बैंकहरूलाई रु १३,७९,४०,०००।- ऋण तिर्न बांकी रहेको र सो कारखानाको स्थलगत निरीक्षण गर्न गएको तीन सदश्य टोलीले दिएको प्रतिबेदनमा At the time of visit, most of the machines were not in operation, Some of the machines were found quite old. भनी Comments लेखिएकोमा सो यथार्थलाई लत्याई सो कारखानालाई कर्जा प्रवाह गराउने नियतले सह वित्तियकरण कर्जा अन्तर्गत दीर्घकालीन तथा अल्पकालीन ऋण प्रदान गर्न कोषको सन्चालक समितिमा प्रस्ताव पेश गर्ने निर्णय गरेबाट समेत निजहरूको बदनियत स्पष्ट भएको छ ।
- यी प्रतिबादीहरूले सो कर्जा लगानी सम्बन्धमा पर्याप्त अध्ययन, विश्लेषण र मूल्यांकन गरेर मात्र संचालक समितिमा पेश गर्नुपर्नेमा कोषमा वित्त विश्लेषक, धितो मूल्यांकनकर्ता लगायतका दक्ष जनशक्ति हुंदाहुंदै ऋणीको सम्पत्ति आफ्नै तर्फबाट मूल्यांकन नगरे नगराएको त छंदैछ, ऋणीले नियुक्त गरेको मूल्यांकन कर्ताले पेश गरेको चल अचल सम्पत्ति मूल्यांकनलाई पनि विश्लेषण गर्ने, मूल्यांकन गर्ने काम समेत नगरी ऋणीले तयार गरेको धितो मूल्यलाई नै सहर्ष स्वीकार गरी नेपाल बंगलादेश बैंकले सो परियोजनामा के कति कारणबाट दीर्घकालीन कर्जा प्रवाह नगर्ने निर्णय गरेको हो ? त्यसतर्फ समेत ध्यान नदिई परियोजनाका सवै पक्ष सवल रहेको भनी वित्त विश्लेषक विजयकुमार श्रेष्ठ र लगानी शाखा प्रमुख लक्ष्मीप्रसाद श्रेष्ठले व्यबस्थापनको तर्फबाट कर्जा लगानी गर्न सिफारिश गरेको र यसरी भएको सिफारिशलाई नै आधार मानी कोषको कर्जा कमिटिका सदस्यहरू शशिविक्रम राणा, रविभूषण बैद्य र राजेश राजकर्णिकारले परियोजनाको विस्तृत अध्ययन, विश्लेषण नगरी संचालक समिति समक्ष परियोजनामा कर्जा लगानी गर्न प्रस्ताव पेश गरेको अबस्थालाई असल नियतले भएको भन्न मिल्ने अबस्था छैन ।
- संचयकोषका संचालक समितिका अन्य पदाधिकारीहरूलाई प्रतिबादी कायम नगरेको भनी फैसलामा उल्लेख भएकोमा मुद्दा दायर गर्दा पदिय आधारमा नभई सो बदनियतपूर्ण कार्यमा संलग्नता देखिन आएका व्यक्तिहरू उपर मुद्दा दायर गरिएको हो । अनुसन्धानबाट उक्त कसूरमा संलग्न देखिन आएका सबै व्यक्तिहरू उपर मुद्दा दायर भएको छ । महेन्द्र शाक्यलाई मुद्दा नचलाएको भनी फैसलामा उल्लेख भएकोमा यस आयोगको मिति २०६६।१।३० को बैठकबाट भएको निर्णयमा नै निजले कारखानाको स्थलगत नीरिक्षण गरेको भए तापनि सो नीरिक्षण प्रतिबेदनमा कर्जा लगानी गर्न वा नगर्न कुनै किसमको सिफारिस गरेको नदेखिएको र सो कार्यमा निजको कुनै संलग्नता देखिन नआएको भन्ने उल्लेख भएबाट स्पष्ट हुन्छ ।

- कोष, बैंक र मिल्सका वीचमा मिति २०५८।५।१५ मा सम्पन्न भएको उक्त परिपासु ऋण संझौता यी तीनै पक्षलाई बाध्यकारी हुने र यसै संझौताबाट पक्षहरू वीच कानूनी दायित्व पनि सृजना हुने हो । कोषका तर्फबाट प्रतिबादी शशिविक्रम राणाले हस्ताक्षर गरेको उक्त संझौतामा उल्लिखित शर्तहरू हेर्दा कोषले उपलव्ध गराउने कर्जा के के प्रयोजनका लागि के कति रकम के कस्तो अवस्थामा उपभोग गराउने, कर्जा भुक्तानी तालिका के कस्तो हुने जस्ता अनिवार्य रुपमा खुलाउनु पर्ने शर्त बन्देजहरू उल्लेख नगरेको अबस्था देखिन आएको, मिल्सले उपलव्ध गराउने धितो छ महिनाभित्रमा धनि सहभागीहरूको नाममा पारित गरिदिने शर्त रहेकोमा थप धितो नदिएको अबस्थामा पनि सम्पूर्ण कर्जा रकम भुक्तानी दिएको अबस्था स्पष्ट देखिएको छ सो अबस्थालाई समेत स्वीकार गर्दै कोष संचालक समितिको मिति २०५८।२।११ को बैठकको निर्णय नं. ९०० कार्यान्वयन गर्नु यी प्रतिबादीहरूको नैतिक तथा कानूनी दायित्व रहेको कुरालाई पनि अन्यथा भन्न नमिल्ने भनी फैसलाले नै स्वीकार गरेको अबस्थामा पनि यी प्रतिबादीहरूको कसूर ठहर नगरेको फैसला त्रुटिपूर्ण छ ।
- प्रस्तुत सहवित्तियकरण लगानीका लागि सम्पन्न कन्सोर्टियम बैठकहरूमा कोषका तर्फबाट शशिविक्रम राणा र लक्ष्मीप्रसाद श्रेष्ठले प्रतिनिधित्व गरेको तथ्यमा बिबाद छैन । कोषको संचालक समितिबाट सो परियोजनामा लगानी गर्न स्वीकृति भइसकेपछि सम्पन्न चौथो र पांचौं कन्सोर्टियम बैठकमा मिल्सले ऋण माग गरेको उद्देश्यभन्दा विपरीत स्वीकृत कर्जा रकमबाट मिल्सको नेपाल बैंक लिमिटेडमा रहेको पुरानो कर्जा कोषले भुक्तानी गरिदिने शर्तमा कोषका प्रतिनिधिहरूले सहमति जनाई संचालक समितिबाट भएको निर्णय उल्लंघन गरेको । त्यसैगरी सोही कन्सोर्टियम बैठकको निर्णय नं. ५ मा मिल्सले थप धितो बापत रु ५,५०,००,०००।- उपलव्ध गराउने सम्बन्धमा धनी सहभागीहरूबाट सम्पूर्ण कर्जा रकम भुक्तानी भइसेकपछि मात्र उक्त शर्त लागू हुने व्यहोरामा यी प्रतिबादीहरू सहमत भएको देखिदा कोषका प्रतिनिधिहरूले उक्त शर्त कबोल गरी कर्मचारी संचयकोषलाई हानी पुऱ्याउने नियत राखेको स्पष्ट देखिन आएको अबस्थामा समेत यी प्रतिबादीहरूको कसूर ठहर नगरेको फैसला त्रुटिपूर्ण छ ।
- त्यसैगरी कसूर ठहर भएका प्रतिबादी किशोर बास्कोटाको हकमा बिगोको सम्बन्धमा फैसलामा केही उल्लेख नभएबाट समेत फैसला त्रुटिपुर्ण छ । यी प्रतिबादी उपरको कसूर ठहर भएपछि निजको हकमा समेत विगोको संबन्धमा बोल्नु पर्नेमा तत्सम्बन्धमा केही नबोलेको फैसला त्रुटिपूर्ण छ ।

४. सल्यान जिल्ला खलङ्गा गा.वि.स. घर भै राष्ट्रिय वाणिज्य वैंक, शाखा कार्यालय, गुलरीया, वर्दियाका सहायक प्रवन्धक (तत्कालिन निमित्त कार्यालय प्रमुख) पदमा कार्यरत सुविलकुमार राई.....

मुद्दा : बैंक ढुकुटीको रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।

फैसला मितिः २०६८।२।२६

आयोगको दावी र विशेष अदालतको फैसलाः

प्रतिबादीहरू प्रेमवहादुर सोडारी, अनिलकुमार मल्ल र सुविलकुमार राई उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (ज) वमोजिम सजाय गरी विगो रू.९०,५७,०००।- निजहरूवाट सोही ऐनको दफा १७ वमोजिम राष्ट्रिय वाणिज्य वैंकलाई दिलाई भराई पाउन मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिबादी मध्येका अनिलकुमार मल्ल र प्रेमवहादुर सोडारी उपरको कसूर ठहर भए तापनि सुविलकुमार राईले सफाई पाउने ठहर गरी मिति २०६८।२।२६ मा भएको फैसलाको जानकारी मिति २०६८।५।५ मा प्राप्त हुन आएकोमा प्रतिवादी सुविलकुमार राईलाई सफाई दिई फैसला भएको ।

फैसलाका आधारहरूः

- ढुकुटीको दुईवटा अलग अलग चावी मध्ये १/१ वटा चावी प्रवन्धक अनिलकुमार मल्ल र अर्को चावी नगद सहायक प्रेमवहादुर सोडारी जिम्मा रहेको देखिएको र प्रेमवहादुर सोडारी जिम्माको चावी निजले मिति २०६७।४।१६ गते नोट कोषको निरीक्षण गराई त्यही छोडी फरार रहेको देखिएको ।
- अर्को एउटा चावी कार्यालय प्रमुख अनिलकुमार मल्लको जिम्मामा रही निज विदा वस्दा वैंकका सहायक प्रवन्धक यी प्रतिवादी सुविलकुमार राईलाई दिएको देखिएको ।
- प्रतिवादी सुविलकुमार राई निमित्त प्रवन्धक भई कामकाज गरेको अवधिमा विवादमा आएको बैंक नोट कोषको रकम हिनामिना भएको कुरा मिसिल संलग्न कुनै पनि प्रमाणवाट तथ्ययुक्त रुपमा स्पष्ट भएको नदेखिएको ।
- प्रतिबादी प्रवन्धक अनिलकुमार मल्ल अनुपस्थित रहेको समयमा निमित्त भै कार्यालय संचालन गर्ने क्रममा ढुकुटीको एउटा साँचो यी प्रतिवादीको जिम्मामा रहे पनि अर्को साँचो प्रतिवादी प्रेमवहादुर सोडारीसँग रहेकोमा निजको मिलेमतोमा नोट कोषको रकम यी प्रतिवादीले निमित्त प्रवन्धक भै हिनामिना गरेको भन्ने ठोस रुपमा पुष्टि भएको नदेखिएको ।

पुनरावेदनका आधारहरूः

- प्रस्तुत मुद्दामा प्रतिबादीहरू मध्येका अनिलकुमार मल्ल र प्रेमबहादुर सोडारी उपरको कसूर ठहर भई सजाय समेत भएकोले भ्रष्टाचारजन्य कसूर भएको तथ्यमा थप विवेचना गरिरहन परेन ।

- बैंक नगद कोषमा रकम कम भएको र वैंकका प्रवन्धक अनिलकुमार मल्ल मिति २०६७।४।९ देखी १६ सम्म विदामा रहेको अवस्थामा ढुकुटीको २ वटा चावी मध्ये १/१ वटा प्रवन्धक तथा नगद सहायकसँग रहने र प्रवन्धक अनिलकुमार मल्ल अनुपस्थित रहेको समयमा निमित्त प्रवन्धक भई कार्यालय संचालन गर्ने क्रममा एउटा साँचो प्रतिवादी सुविलकुमार राईको जिम्मामा रहेको तथ्यलाई विशेष अदालतले समेत स्वीकार गरेकै छ । प्रवन्धक अनिलकुमार मल्ल कार्यालयमा अनुपस्थित रहेको समयमा सुविलकुमार राईले मिति २०६७।४।९ देखी १६ सम्म निमित्त प्रवन्धक भई कार्यालयको दैनिक कार्य संचालन गर्ने क्रममा ढुकुटीको २ वटा साँचो मध्ये १ वटा साँचो निजको जिम्मा रहेको देखिन्छ । वैंक ढुकुटीवाट रकम झिक्दा र राख्दा अपनाउनु पर्ने प्रक्रियागत कार्यविधि र अनिवार्य शर्तहरू पालना गर्नुपर्नेमा उक्त शर्तहरू अनिवार्य रुपमा पालना नगरेको भन्ने वैंक नगद कोषको भौतिक परीक्षणको अवस्थामा खडा भएको घटनास्थल मुचुल्काको कागजवाट समेत पुष्टि भैहेको छ भने बैंक नगद कोषको भौतिक परीक्षण गर्दाको अवस्थामा र तत्काल भएको घटनास्थल मुचुल्कामा समेत प्रतिवादीहरू अनिलकुमार मल्ल र सुविलकुमार राईले सहिछाप गरेको तथा वैंक नगदकोषमा रकम कम भएको भन्ने कुरा आफ्नो वयानमा समेत प्रतिवादी द्वयले स्वीकार गरी सकेको हुँदा उक्त प्रमाणहरूवाट ढुकुटीको रकम हिनामिना गरेको पुष्टि हुन आएको छ ।

- यसरी प्रतिवादीहरू अनिलकुमार मल्ल, सुविलकुमार राई र प्रेमवहादुर सोडारी समेत तीन जनाकै संलग्नतावाट बैंक नगद कोषको रकम हिनामिना भएको तथ्य स्पष्ट रुपमा पुष्टि भएको र निज प्रतिवादी सुविलकुमार राई समेतले वैंक नगदकोष हिनामिना गरेको स्पष्ट आधार रहँदा रहँदै यी मुख्य प्रतिवादी उपर कुनै कसुर कायम नगरी कार्यालय प्रमुख अनिलकुमार मल्ल र नगद सहायक प्रेमवहादुर सोडारीलाई मात्र कसुर कायम गरेको फैसला मिलेको छैन ।

- बैक ढुकुटी संवेदनशील विषय भएकोले ढुकुटीवाट रकम झिक्दा र राख्दा अपनाउनु पर्ने प्रक्रियागत कार्यविधि र शर्तहरू अनिवार्य रुपमा पालना गर्नुपर्ने हुन्छ । यसरी अनिवार्य रुपमा पालना गर्नुपर्ने उक्त शर्तहरू पालना नगरेको भन्ने घटनास्थल मुचुल्काको व्यहोरा र सो मुचुल्काको काम तामेल गर्ने भौतिक परीक्षणकर्ता सहायक लेखा अधिकृत रामचरण वि.सी.ले आयोग समक्ष गरिदिएको कागजवाट पुष्टि हुन आएको छ । यस्तो संवेनशील विषयमा पालना गर्नुपर्ने अनिवार्य शर्तहरू पुरा नगरेको कारणवाट वैंकको नगद हिनामिना भएको हुँदा सो को जिम्मेवार पदाधिकारी अनिलकुमार मल्ल समेत तीनै जनाको संलग्नता रहेको भन्ने स्पष्ट देखिन्छ । मिति २०६७।४।१६ गते राष्ट्रिय वाणिज्य वैंक, क्षेत्रीय कार्यालयवाट आकस्मिक निरीक्षण गरी भौतिक परीक्षण गर्दा रकम कम भएको हँदा तत्कालै गरेको मुचुल्कामा सो कुरा स्वीकार गरी प्रतिवादी सुविलकुमार राई समेत वैंकका अन्य कर्मचारीले सही गरेको वयानमा प्रतिवादीहरू अनिलकुमार मल्ल र सुविलकुमार राईले स्वीकार गरी सकेको हुँदा सो प्रमाणहरूवाट वैंकको नगद कम भएको पुष्टि भएको छ ।

- यसरी तत्काल गरेको भौतिक परीक्षणमा नगदकोषमा रकम कम भएको भन्ने मुचुल्कामा सही गरेको र प्रतिवादीहरू अनिलकुमार मल्ल र सुविलकुमार राईले आफ्नो वयानमा रकम कम भएको भन्ने स्वीकार गरेको अवस्थामा प्रतिवादी सुविलकुमार राईलाई आरोपित कसुरवाट सफाई दिने गरी भएको उक्त फैसलामा गम्भीर त्रुटि हुन पुगेको छ ।

५. चितवन जिल्ला बछयौली गा.वि.स.वडा नं.९ झुवानी वस्ने अच्यूतप्रसाद रिजाल.....

मुद्दा : अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको ।

फैसला मितिः २०६८।५।६

आयोगको दावी र विशेष अदालतको फैसलाः

उपर्युक्त प्रतिवादी समेत भएको प्रस्तुत मुद्दामा प्रतिवादी अच्यूतप्रसाद रिजाललाई साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ बमोजिम सजाय गरी विगो असुल गरीपाउँन समेत मागदावी लिई मुद्दा दायर गरिएकोमा विशेष अदालत, काठमाडौंबाट प्रतिवादी अच्यूतप्रसाद रिजाललाई कसुरठहर गर्दै तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिम कैद महिना ६(छ) हुने र विगो रू. २,३९,२०,४४१।७७ नेपाल बैक लिमिटेडले प्रतिवादी अच्यूतप्रसाद रिजालबाट भराई पाउने समेत ठहर्‍याई फैसला भएको ।

फैसलाका आधारहरूः

- प्रतिवादी अच्यूतप्रसाद रिजाल समेत साझेदार रहेका उद्योगहरूको मूल संचालकका रुपमा प्र. लक्ष्मी प्रसाद आचार्य रहेको निजको नाउमा दर्ता भएको र पछिबाट यी प्रतिवादी अच्यूतप्रसाद रिजाल समेतको नाउमा दर्ता सारेको उद्योगहरूको कारोवार दर्ता गरीसकेपछि पनि निज लक्ष्मी प्रसाद आर्चायले गर्ने गरेको,
- प्रतिवादी अच्यूतप्रसाद रिजाल समेत संचालक रहेको देखिएका उद्योगहरू लक्ष्मीप्रसाद आचार्य समूह भित्रकै रहेको र निजैकै अग्रसरतामा उद्योग दर्ता गर्ने, नामसारी गर्ने र कर्जाको कारोवार गर्ने गरेको देखिएकोले लक्ष्मीप्रसाद आचार्यले भनी अह्राए बमोजिम काम गर्ने देखिन आएको ।
- प्रतिवादी अच्यूतप्रसाद रिजाल र चिरञ्जीवी आचार्य समेत दुई जना साझेदार भएको रोशन ह्याण्डीक्याफ्टको विगो रू. ९९,९९,१३८।- को दुई भागको एक भाग र प्रतिवादी अच्यूतप्रसाद रिजाल, लक्ष्मी प्रसाद आचार्य र भरत कोइराला समेत साझेदार रहेको बागमती ऊनी धागो कताई उद्योग प्रा.लि.को विगो रू.५,६७,६२,६१८।२९ को तीन भागको एक भाग गरी जम्मा रू. २,३९,२०,४४१।७७ प्रतिवादीबाट नेपाल बैंक लिमिटेडले भरी पाउने ।

पुनरावेदनका आधारहरू:

- प्रतिवादीलाई कसुरदार ठहर गर्दा फैसलाको ठहर खण्डमा "यी प्रतिवादी समेत साझेदार रहेको उद्योगहरू मूल संचालकका रुपमा प्रतिवादी लक्ष्मीप्रसाद आचार्य रहेको देखिन्छ । निज लक्ष्मीप्रसाद आचार्यको नाममा दर्ता भएको र पछिबाट प्रतिवादी अच्यूतप्रसाद रिजाल समेतको नाउँमा दर्ता सारेका उद्योगहरूको कारोवार प्रतिवादी अच्यूतप्रसाद रिजाल समेतको नाउमा दर्ता सारि सकेपछि पनि लक्ष्मीप्रसाद आचार्यले गर्ने गरेको तथ्य लक्ष्मीप्रसाद आचार्यको रोशन ह्याण्डीक्याफ्ट प्र. अच्यूतप्रसाद रिजाल समेतका नाउमा २०५४।१।१६ मा नामसारी गरिदिए पश्चात पनि ०५४।८।१मा बैकसँग उक्त उद्योगको तर्फबाट कारोवार गर्ने अख्तियारी लक्ष्मी प्रसाद आचार्यले लिई कारोवार गरेको देखिएको । प्रतिवादी अच्यूतप्रसाद रिजाल समेत संचालक रहेको देखिएका उद्योगहरू लक्ष्मीप्रसाद आचार्य समूह भित्रैका रहेका र लक्ष्मीप्रसाद आचार्यकै अग्रसरतामा उद्योग दर्ता गर्ने, नामसारी गर्ने र कर्जाको कारोवार गर्ने गरेको देखिएकोले लक्ष्मीप्रसाद आचार्यले भनी अह्राए बमाजिम काम गर्ने देखिन आएका ..... भन्दै एकातिर यी प्रतिवादीलाई कसुरदार ठहर गरिएको छ भने अर्कोतिर रोशनी ह्याण्डीक्याफ्टको अभियोगपत्रमा कायम गरिएको विगो रू. ९९,९९,१३८।- लाई अच्यूतप्रसाद रिजाल र चिरञ्जीवी आचार्य समेत दुईजना साझेदार भएको भन्दै २ भागको एक भाग मात्र यी प्रतिवादीबाट भराउने भनी फैसलामा उल्लेख भएबाट प्रतिवादी लक्ष्मीप्रसाद आचार्यको संलग्नता स्वीकार गरेर पनि प्रतिवादी अच्यूतप्रसाद रिजालबाट दुई भागको एक भाग मात्र भराउने गरी भएको फैसला आफैमा द्विविधापूर्ण रहेको प्रष्टछ । विशेष अदालत, काठमाडौंबाट मिति २०६२।७।१३ मा भएको फैसलाको ठहर खण्डमा रोशनी ह्याण्डीक्याफ्ट अगाडी प्रतिवादी कृष्णप्रसाद आचार्य समेतको नाउँमा दर्ता भएकोमा सो उद्योगबाट निजले छाडी सकेपछि पनि आफैले कर्जा करोवार गरेको देखिन्छ । यसरी उद्योग छाडी सकेपछि आफैले दुषित कर्जा कारोवार गर्नुबाट निजको संलग्नता निरन्तर रहेकै स्थिति देखापर्दछ भने उद्योगको शेयर बेच्दैमा अगाडी गरेको कसूरजन्य कार्यबाट निजले फुर्सद पाउन सक्ने अवस्था समेत रहन्न .....भन्दै रोशनी ह्याण्डीक्याफ्ट तर्फको रू. ९९,९९,१३८।- विगो प्रतिवादी लक्ष्मीप्रसाद आचार्य, अच्यूतप्रसाद रिजाल र चिरञ्जीवी आचार्यबाट नेपाल बैंक लि.लाई भराई दिने भनी उल्लेख भएबाट एउटै अदालतबाट समान तथ्यमा भएको फैसलाको ठहर खण्ड समेत फरक फरक किसिमको रहेको र विगो भराउने सन्दर्भमा भएको फैसलाको ठहर खण्ड फरक पर्न गएको देखिदा सो हदसम्मको फैसला त्रुटीपूर्ण रहेको प्रष्ट छ ।
- प्रतिवादीलाई प्रस्तुत मुद्दामा कसुर ठहर गर्दा कैद महिना ६ हुने ठहऱ्याइएको छ तर प्रतिवादी सरहका अन्य प्रतिवादीहरूलाई विशेष अदालत, काठमाडौंबाट मिति

२०६२।७।१३ मा विगो बमोजिम जरिवाना गर्ने फैसला गरेको देखिन्छ । जवकी समान प्रतिवादीहरू मध्ये एक जनालाई मिति २०६८।५।६ गते न्यूनतम कैद सजाय हुने र अरु प्रतिवादीहरूलाई २०६२।७।१३ मा विगो बमोजिम जरिवाना गर्ने गरी भएको फैसलाहरू एकातिर समानहरूका विचमा असमान सजाय भएको देखिन्छ भने अर्कोतिर साविकको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ ले कैद वा जरिवाना वा दुवै सजाय हुन सक्ने प्रावधान राखेपनि प्रस्तुत मुद्दामा बैंकका कर्मचारी र कर्जावाला प्रतिवादी समेतको आपसी मिलेमतो मत सहमतबाट बैक सम्बन्धी ऐन, कानून, कर्जा सापट निर्देशिका एवं कार्य प्रणाली तथा बैंकको नीति नियम र परिपत्र समेतको उल्लघंन गरी ज्यादै कम मूल्य पर्ने सम्पत्तिको अत्यधिक बढी मूल्य पर्ने भनी मूल्यांकन गरी गराई धेरै मूल्यमा धितो पास गरी गराई गलत किसिमको स्टक मूल्यांकन समेतका आधारमा कर्जा सुरक्षीत नै हुन नसक्ने र असुल समेत हुन नसक्ने गरी कर्जा प्रवाह गरी गराई नेपाल बैक लिमिटेडलाई गैरकानूनी हानी नोक्सानी र कर्जावाला प्रतिवादीहरूलाई गैरकानूनी लाभ पुऱ्याई भ्रष्टाचार गरेको हुँदा प्रस्तुत जघन्य कसुरको मुद्दामा कसुरको मात्रा र गांभीर्यता समेतको आधारमा प्रत्यर्थी/प्रतिवादीलाई विगो बमोजिम जरिवाना समेतको सजाय हुनुपर्नेमा विगो बमोजिम जरिवाना नगरी ६ महिना कैद सजाय मात्र गर्ने गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले प्रतिवादीलाई विगो बमोजिम जरिवाना समेतको सजाय गरीपाउँ ।

६. जिल्ला भक्तपुर, चित्तपोल गा.वि.स.वडा नं. ७ स्थायी घर भै हाल का.जि.का.म.न.पा वडा नं. ३५ बस्ने नापी कार्यालय, डिल्लीबजारको सर्भेक्षक पदमा कार्यरत प्रकाश दुलाल .....

मुद्दा : घुस रिसवत लिई भ्रष्टाचार गरेको ।

फैसला मितिः २०६८।४।३१

आयोगको दावी र विशेष अदालतको फैसलाः

उपर्युक्त प्रतिवादी समेत भएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू देवीप्रसाद गौतम र प्रकाश दुलाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदावी गरी विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश गरिएकोमा उक्त अदालतबाट प्रतिवादी देवीप्रसाद गौतमलाई मागदावी बमोजिमको कसुर ठहर गरी महिना ४ कैद र विगो बमोजिम रू. १,००,०००।- जरिवाना हुने र प्रतिवादी प्रकाश दुलाललाई सफाई दिई फैसला भएको ।

फैसलाका आधारहरूः

- प्रतिवादीले आरोपित कसुरमा इन्कार रही बयान गरेको र निजको संगसाथबाट रिसवतको रकम बरामद नभएको ।

- सह अभियुक्त देवीप्रसाद गौतमले रिसवत लिने खाने कुरामा प्रतिवादी प्रकाश दुलालको समेत संलग्नता रहेको भनी अनुसन्धान र अदालत समक्षको बयानमा पोल गर्न नसकेको ।

पुनरावेदनका आधारहरू:

- का.जि.का.म.न.पा.वडा नं. २ बस्ने भमादेवी अर्यालको कि.नं. ६१ को जग्गा ०-६-३-० सम्बन्धमा हालसाविक गर्ने कार्यको लागि दिएको निवेदन समेत मालपोत कार्यालय, डिल्लीबजारको मिति २०६७।९।१३ को पत्रसाथ नापी कार्यालय, डिल्लीबजारमा पठाइएको र उक्त पत्र अनुसारको कार्य एकै दिनमा गर्न सकिने प्रकृतिको काम भएको तथ्य प्रतिवादी प्रकाश दुलाललाई मिति २०६७।११।३ मा तोक लागे पछि सोही दिन काम सम्पन्न गरी मिति २०६७।११।३ को पत्रबाट मालपोत कार्यालय, डिल्लीबजारमा पठाएको पत्रबाट स्पष्ट देखिन्छ । तर उक्त कामका लागि मिति २०६७।९।२६ मा नापी कार्यालय, डिल्लीबजारबाट प्रकाश दुलाललाई तोक लागेपछि सो पत्र अनुसारको काम २०६७।११।२ सम्म नभएको देखिएको छ । उजुरकर्ता कृष्ण प्रसाद घिमिरेले अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादी प्रकाश दुलालले अमिन देवी प्रसाद गौतमसँग कुरा मिलाउनु होस भनी भनेकोबाट पनि प्रतिवादी प्रकाश दुलालले गलत मनसाय राखेको पुष्टी भएको देखिन्छ ।
- त्यसैगरी प्रतिवादी प्रकाश दुलालले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान व्यहोराबाट उक्त हालसाविकको कार्यसम्बन्धी फायलका सम्बन्धमा निजलाई पूर्ण जानकारी रहे भएको एकातिर देखिएको छ भने अर्कोतिर प्रतिवादी प्रकाश दुलाललाई ०६७।९।२६ मा तोक लगाइएको र पुनः निजलाई नै ०६७।११।३ गते तोक लागेको र प्र.प्रकाश दुलालले उक्त फायलमा ०६७।११।३ गते देवी प्र.गौतमलाई तोक लगाएको फायलबाट देखिएको छ तर सो भन्दा पहिले देवीप्रसाद गौतम फिल्ड गएर आएको देखिएबाट समेत निज प्रकाश दुलालले ०६७।९।२६ देखि ०६७।११।२ सम्म काम नगरी गलत मनसायले फायल राखेको देखिन्छ ।
- प्रतिवादी प्रकाश दुलालले कसुरमा इन्कारी बयान गरेको देखिए पनि उक्त इन्कारी बयान मालपोत कार्यालयबाट पठाइएको फायलमा काम कहिले भयो भन्नेबाट निजको इन्कारी बयान समर्थित भयो वा भएन भनी हेर्नुपर्ने विषय समेत रहेको हुँदा प्रतिवादीले सेवाग्राहीको काम समयमानै नगरी देवी प्रसाद गौतमलाई भेटी मिलाउनु भनी निवेदकलाई भनेको समेतबाट निजको संलग्नता पुष्टी भएको छ ।
- प्रतिवादी प्रकाश दुलालका नाउमा मिति २०६७।११।३ गतेका दिन दोश्रो पटक तोक लाग्नु, त्यही दिन रिसवतको रकम प्रतिवादी देवी प्रसादबाट बरामद हुनु र त्यहि दिन हालसाविकको काम कारवाही गर्न देवीप्रसादलाई तोक लगाउनु र उक्त कार्य

सोही दिन सम्पन्न गरिनुबाट पनि प्रतिवादी प्रकाश दुलालको बरामद घुस रिसवत लिने कार्यमा संलग्नता पुष्टी भएको देखिन्छ ।

७ नुवाकोट जिल्ला गणेशस्थान गा.वि.स.वडा नं. १ कालिमाटी बस्ने राजन कुँवर

मुद्दा : भ्रष्टाचार रिसवत ।

फैसला मितिः २०६८।४।२६

आयोगको दावी र विशेष अदालतको फैसलाः

उपर्युक्त प्रतिवादी समेत भएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू शिव गिरी र राजन कुँवरलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र (३) को कसूरमा सोही ऐनको दफा ३ को उपदफा १ को खण्ड (ग) बमोजिम सजाय हुन मागदावी गरी विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश गरिएकोमा उक्त अदालतबाट प्रतिवादी शिव गिरीलाई आरोपपत्र मागदावी बमोजिम कसूर ठहर गरी कैद महिना ४ र विगो बमोजिम रू. १,००,०००।- जरिवाना हुने र प्रतिवादी राजन कुँवर उक्त ऐनको दफा ३(१)(ख) बमोजिम ३ महिना कैद र रू. ३,००,०००।- जरिवाना मात्र हुने ठहऱ्याई फैसला भएको ।

फैसलाको आधारः-

विशेष अदालत, काठमाडौंबाट प्रतिवादी शिव गिरीलाई आरोपपत्र मागदावी बमोजिम कसूर ठहर भै कैद र जरिवाना समेत भएको हदसम्मको फैसलाका सम्बन्धमा केही उल्लेख गरिएको छैन ।

विशेष अदालत, काठमाडौंबाट प्रतिवादीहरूलाई प्रहरी सेवामा जागीर लगाई दिन्छु भनि रिशवसत लिएको भन्ने तथ्य स्थापित भएको हुँदा सो सम्बन्धमा विस्तृत विवेचना गरिएको छैन ।

विशेष अदालत, काठमाडौंबाट प्रत्यर्थी/प्रतिवादी राजन कुँवरलाई मागदावी भन्दा घटी सजाय गर्दा मुख्यतः देहायका आधारहरू लिएको पाइयोः-

- प्रतिवादी राजन कुँवरले मलाई, तिर्थमान र मंगल तामाङ्गलाई जागिर लगाई दिन्छु भनि शिव गिरीलाई दिएको रू. १ लाख मध्ये मेरो रू. ३०,०००।- मंगल तामाङ्गको रू. ३०,०००।- र तीर्थमानको रू. ४०,०००।- जम्मा गरी दिएको भनी विशेष अदालतमा बयान गर्दा लेखाएको,
- प्रतिवादी राजन कुँवरबाट जम्मा रू. ३०,०००।- घुस दिएको देखिएको र रू. ७०,०००।- घुस दिने तिर्थमान र मंगल तामाङ्गका हकमा प्रतिवादी कायम गरेको पाइएन ।

पुनरावेदनका आधारः

- विशेष अदालत, काठमाडौंबाट प्रतिवादी राज कुँवर उपर विगो रू. १,००,०००।- रिशवत लिएकोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(ग) बमोजिम सजाय मागदावी

भएको विगो रू. ३०,०००।- कायम गरी ऐ.ऐनको दफा ३(१)(ख) बमोजिम सजाय गरिएको छ । प्रहरी सेवामा भर्ना गरिदिए बापत रिशवत दिने व्यक्ति राजन कुँवर रहेको सम्पूर्ण अनुसन्धानबाट पुष्टी भएको छ र प्रतिवादी शिव गिरीका हकमा रू. १,००,०००।- एक लाख नै विगो कायम भएको छ । प्रतिवादी शिव गिरीले अनुसन्धान अधिकृत समक्ष र अदालतमा गरेको बयानमा आफुले रकम लिएको नभै राजन कुँवर समेतलाई अमर के.सी.सँग भेटाई दिएको भन्ने बयान गरेको छ भने प्रतिवादी राजन कुँवरले अनुसन्धान अधिकृत समक्ष "आफुले प्रहरमिा जागीर लगाई दिन्छु भनेको हुँदा शिव गिरीलाई रू. १ लाख दिएको" भनि बयान गरेको छन । उक्त बयानमा अन्य व्यक्तिको नामबाट दिएको भन्ने केही उल्लेख छैन अदालतमा बयान गर्दा मंगल तामाङ्गबाट रू. ३०,०००।- र तिर्थ तामाङ्गबाट रू. ४०,०००।- उठाई १ लाख शिव गिरीलाई दिएको भनी लेखाएता पनि शिव गिरीलाई रिशवत दिने व्यक्ति आफु भएको तथ्य प्रहरीमा दिएको निवेदन, बयान समेत सम्पूर्ण कागजातबाट पृष्टि भएको छ । प्रतिवादी राजन कुँवरलाई रिशवत दिएको कसूरमा सजायको मागदावी लिएको छ र जुनसुकै उदेश्यले र जो सुकै व्यक्तिबाट रकम उठाएको भएता पनि रिशवत लिने दिने कुरा मिलाउने र रिशवत दिने व्यक्ति राजन कुँवर देखिएको र उक्त कुरा निजले अदालतको बयानमा पनि स्वीकारेका छन रिशवत रकम मध्ये केही अन्य व्यक्तिसँग उठाएको भन्ने भएता पनि शिव गिरीलाई उक्त रू. १ लाख दिने व्यक्ति यी प्रतिवादी राजन कुँवर नै रहेको देखिएको छ । उक्त रकम दिएको राजन कुँवरले स्वीकार गरेको बयानबाट देखिन्छ ।

- प्रतिवादी राजन कुँवरले आफ्नो रू. ३० हजार र अन्य व्यक्तिसँग रू. ७० हजार उठाई रू. १ लाख रिशवत शिव गिरीलाई दिएको तथ्य स्थापित भएको छ । रिशवत दिए बापत कसुर कायम गरी सजाय गर्दा दिएको रकम कति हो भन्ने कुरा महत्वपूर्ण हो रिशवत दिने व्यक्ति मंगल तामाङ्ग र तिर्थ तामाङ्ग हुन भन्ने देखिएको छैन केवल राजन कुँवरले आफुले दिएको रू. १ लाख रिशवत मा रू. ७० हजार अन्य व्यक्तिसँग उठाएर दिएको भन्ने बयानको आधारमा रू. ३० हजार मात्र विगो कायम गरिएको फैसला सरासर त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

८. जिल्ला सर्लाही मलंगवा नगरपालिका वडा नं. १ घर भै जिल्ला विकास समिति.सर्लाहीको गाउँ विकास समितिको सचिव पदमा कार्यरत छत्रधारी यादवको छोरा रामपुकार यादव ....

मुद्दा : भ्रष्टाचार गरी रकम हिनामिना गरेको ।

फैसला मितिः २०६८।३।१९

आयोगको दावी र विशेष अदालतको फैसला

उपर्युक्त प्रतिवादी भएको प्रस्तुत मुद्दामा प्रतिवादी रामपुकार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय गरी दफा १७ बमोजिम विगो रू. ६२,६००।- अशुल गरी पाउन मागदावी

लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश गरिएकोमा उक्त अदालतबाट विगो रू. १६,६००।- मात्र विगो ठहर गरी सजाय गर्ने ठहऱ्याई फैसला भएको ।

फैसलाका आधारहरू:-

विशेष अदालत, काठमाडौंबाट प्रतिवादी रामपुकार यादवलाई विधवा तथा जेष्ठ नागरिक भत्ता बापत मृत्यु भइसकेका मानिसको भुक्तानी गरेको रकम रू. १६,६००।- विगो ठहर भै सकेकोले सो तर्फ विस्तृत विवेचना गरिएको छैन ।

आरोपपत्रमा दावी गरेको बढि बैठक भत्ता भुक्तानी लिएको रू. ४६,०००।- को हकमा दावी नपुग्ने ठहर्छ भनि फैसला गर्दा विशेष अदालत, काठमाडौंबाट देहायका आधारहरू ग्रहण लिएको पाइयो :-

- जिल्ला प्रशासन कार्यालय, सर्लाहीबाट उक्त रकम ३ दिन भित्र बुझाउने भनि मिति २०६५।३।१६ मा पत्राचार गरिएकोले रकम अशुल गर्ने उद्देश्य देखिएको ।
- कर्मचारीले ऐन बमोजिम पाउने भन्दा बढी रकम लिए खाएमा बेरुजु कायम भै असुल गर्न सकिने ।

पुनरावेदनका आधारहरू:

- प्रतिवादी रामपुकार यादव उपर विभिन्न मृत्यु भएका व्यक्तिका नामबाट भत्ता वितरण गरेको रकम रू. १६,६००।- र बढि बैठक भत्ता लिएको रू. ४६,०००।- गरी जम्मा रू. ६२,६००।- रकम हिनामिना गरी भ्रष्टाचारको आरोपमा आरोपपत्र दायर भएकोमा, मृतकका नाममा विवरण गरेको भत्ता रू. १६,६००।- विगो ठहर भै विगो बमोजिम रू. १६,६००।- जरिवाना र एक महिना कैदको सजाय ठहर भएको अवस्था छ । बढि बैठक भत्ता लिएको रू. ४६,०००।- तर्फको दावी नपुग्ने ठहर गर्दा लिएको पहिलो आधार प्रतिवादी गा.वि.स.सचिवलाई जिल्ला प्रशासन कार्यालय, सर्लाहीले मिति २०६५।३।१६ मा गरेको पत्राचारमा "तीन दिनभित्र रकम बुझाउनु होला" भन्ने लेखेकोले रकम अशूल गर्ने उद्देश्य रहेको भन्ने आधार आफैमा तर्क संगत छैन । पत्र प्राप्त गरेपछि पनि रकम लिई खाएका राष्ट्रसेवकले आफ्नो कर्तव्य पालना नगरी रकम बुझाउने काम गरेका छैनन् । भ्रष्टाचार कसूरमा कारवाहीको २ वटा उद्देश्य रहन्छ कसूर दारलाई सजाय र भ्रष्टाचार भएको रकमको अशुली । रकम अशुल गर्न पत्राचार गर्दैमा भ्रष्टाचारको कसूरबाट उन्मूक्ति पाउने अवस्था रहदैन तसर्थ शुरु फैसलाको पहिलो आधार त्रुटिपूर्ण छ ।
- शुरु विशेष अदालत, काठमाडौंको फैसलाले लिएको दोश्रो आधार "कर्मचारीले ऐन बमोजिम पाउने भन्दा बढी रकम लिए खाएमा बेरुजु कायम भै अशुल उपर गर्न सकिने" भन्ने रहेको छ । प्रस्तुत मुद्दाको तथ्यबाट प्रस्तुत आधार पनि त्रुटिपूर्ण छ । "भ्रष्टाचारको कसूर र बेरुजुको कार्य" वीचको भिन्नता कसुरदारको मनसाय, नियतबाट प्रष्ट हुन्छ । कानून बमोजिम कर्मचारीले पाउने रकम भुक्तानी गर्दा सरकारी रकम हिनामिना गर्ने नियतले,

प्रष्ट कानूनी व्यवस्थालाई उल्लंघन गरी बढि रकम लिने कार्य बेरुजु हुन सक्दैन । गाउँ विकास समितिका सचिवले ऐनले पाउने भनि तोकिएको मासिक भत्ता रू. १०००।- मा प्रतिवादी रामपुकार यादवले उक्त गा.वि.स.मा काम गरेको ११ महिनाको ११,०००।- मात्र भत्ता पाउनेमा निजले रू. ५७,०००।- भुक्तानी लिएको कुरामा निजले समेत इन्कार गर्न सकेका छैनन् । यसरी बढी रकम रू. ४६,०००।- सरकारी रकम हिनामिना गरी फाइदा लिने नियतवस भएको प्रतिवादीको बयानमा गाउँ विकास समितिबाट निर्णय गरी लिएको भन्ने व्यहोराले प्रष्ट हुन्छ । निजले गाउँ विकास समितिबाट निर्णय गरी मासिक रू. १०००।- भत्ता लिन सक्छन तर नियत वस बढि रकम भुक्तानी गरिएको हुँदा उक्त कसूर बेरुजु नभै भ्रष्टाचार भएकोले शुरु फैसला बदरभागी छ ।

९. चक्रपाणी पाध्यको नाति, टीकाराम पाध्याको छोरा, पर्वत जिल्ला, पकुना गा.वि.स.वडा नं. २ घर भै का.जि.का.म.न.पा.नयाँवानेश्वर थापागाउँ बसोवास गरी जिल्ला शिक्षा कार्यालय, ललितपुरमा कार्यरत तत्कालीन जिल्ला शिक्षा कार्यालय, मनाङका का.मु.जिल्ला शिक्षा अधिकारी प्रकाश सुवेदी .....

बुद्धिलाल दाहालको नाति, मानबहादुर दाहालको छोरा, झापा जिल्ला जलथल गा.वि.स.वडा नं. ६ मंगलवारे घर भै हाल का.जि.का.म.न.पा.-३४ नयाँबानेश्वर राधामोहन मार्ग बसोवास गरी जिल्ला शिक्षा कार्यालय, मनाङमा कार्यरत सव-ईन्जिनियर जगत बहादुर दाहाल .....

स्व.बाबुलाल मण्डलको नाति, असर्फी मण्डलको छोरा, सप्तरी जिल्ला मधेपुरा गा.वि.स.वडा नं. ६ घर भै बिराटनगर उपमहानगरपालिका वडा नं. ९ बसोवास गरी जिल्ला शिक्षा कार्यालय, मनाङमा कार्यरत सव-इन्जिनियर पुरुषोत्तम मण्डल .....

शेर बहादुर डाँगीको छोरा रोल्पा जिल्ला ओत गा.वि.स.वडा नं. १ घर भै हाल मनाङ जिल्ला मनाङ गा.वि.स.स्थित अन्नपूर्ण माध्यमिक विद्यालयमा निर्माणाधिन दुर्गम हिमाली छात्रावास भवन निर्माणका ठेकेदार गौरीलाल डाँगी .....

मुद्दा : भवन निर्माणमा अनियमितता गरी भ्रष्टाचार गरेको ।

फैसला मितिः २०६८।४।३०

आयोगको दावी र विशेष अदालतको फैसलाः

उपर्युक्त प्रतिवादी समेत भएको प्रस्तुत मुद्दामा प्रतिवादीहरू प्रकाश सुवेदी, पुरुषोत्तम मण्डल र जगत बहादुर दाहाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) को कसुरमा सोही दफा बमोजिम सजाय हुन र प्र.गौरीलाल डाँगीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा सोही दफा बमोजिम सजाय हुन र बिगो रू. ८,५३,२००।७३ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम प्रतिवादीहरूबाट जिल्ला शिक्षा कार्यालय, मनाङलाई दिलाई भराई पाउन समेतको मागदावी लिई आरोपपत्र पेश गरिएकोमा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीहरूले आरोपित कसुरबाट सफाई पाउने ठहऱ्याई फैसला भएको ।

फैसलाका आधारहरू:

- विवादको निर्माण कार्य सम्पन्न हुनु पूर्व नै भुक्तानी भएको रकम बरावरको काम सम्पन्न भई सकेको देखिएको ।
- प्रतिवादीहरूले बदनियतपूर्वक भुक्तानी दिने लिने गरी हानी नोक्सानी गरे गराएको नदेखिएको ।
- हाल सम्पन्न भैसकेको कामको लागि प्रतिवादीहरूलाई दोषी भन्न मिलेन ।
- पेश्की रकमलाई भ्रष्टाचार भन्न नमिल्ने भएको र पेश्की रकम कानूनी प्रकृया बमोजिम असुल उपर हुन सक्ने भएको ।

पुनरावेदनका आधारहरू:

- प्रतिवादी प्रकाश सुवेदीले प्राविधिकको रिपोर्टको आधारमा आफुले ठेकेदारलाई रकम भुक्तानी दिएको तथ्यलाई स्वीकार गरेका छन भने प्रतिवादीहरू पुरुषोत्तम मण्डल र जगत बहादुर दाहालले पनि आफुहरूको सिफारिसको आधारमा रकम भुक्तानी भएको स्वीकार गरी बयान गरेका र ठेकेदार गौरीलाल डाँगीले पनि संझौता अवधि भित्र काम सम्पन्न नगरेको र विल भर्पाई एवं कागजातहरू पेश गरी रकम भुक्तानी र पेश्की रकम लिएको तथ्य स्वीकार गर्दै बयान गरेबाट प्रतिवादीहरूले नगरे नभएको कामको भुक्तानी लिएको प्रष्ट देखिन्छ ।
- विशेष अदालत, काठमाडौंबाट आरोपपत्र दायर गर्दाको अवस्थामा रू. २,५३,२००।७३ को काम सम्पन्न गर्न बाँकी रहेकै अवस्थामा भुक्तानी दिएकोमा विवाद भएन भन्ने तथ्यलाई स्वीकार गरी फैसला खण्डमा उल्लेख गरेबाट पनि काम सम्पन्न नै नभएको अवस्थामा रू. २,५३,२००।७३ भुक्तानी दिइएको तथ्य स्थापित रहेको प्रष्ट हुँदा प्रतिवादीहरू कसुरदार रहे भएको प्रष्ट छ ।
- मनाङ जिल्ला स्थित अन्नपूर्ण माध्यमिक विद्यालयमा निर्माण हुन लागेको दुर्गम हिमाली छात्रावास भवन निर्माण कार्यको ठेक्का लिएका प्रतिवादी गौरीलाल डाँगीले आफुले नगरेको कामको लागि भुक्तानी पाउनको लागि विल भरपाई पेश गरेका र सो नभएको कामलाई भएको हो भनी नापी किताबमा सब इन्जिनियर द्वय पुरुषोत्तम मण्डल र जगत बहादुर दाहालले लेखी लेखाई निजहरूकै सिफारिस बमोजिम रकम भुक्तानीका लागि का.मु.जि.शि.अ.समक्ष निवेदन पेश भएको र का.मु.जि.शि.अ.प्रकाश सुवेदीले प्रमाणित गरी रू. २,५३,२००।७३ भुक्तानी समेत गरेबाट नगरे नभएको कामलाई भए गरेको हो भनी विल भर्पाई एवं कागजातहरू पेश गरी भुक्तानी दिने र भुक्तानी लिने कार्यमा प्रतिवादीहरूको संलग्नता रहेको प्रष्ट हुँदा प्रतिवादीहरू कसुरदार रहेको प्रष्ट छ ।
- प्रतिवादीहरू प्रकाश सुवेदी, पुरुषोत्तम मण्डल, जगतबहादुर दाहाल र गौरीलाल डाँगीबाट ठेक्का सम्झौता बमोजिमको काम समयमा नै सम्पन्न नगरेको र सो समयमा नगरेको

कामको रकम भुक्तानी लिएको दिएको र आरोपपत्र दायर भए पश्चात आफुहरूलाई हुने सजायबाट उन्मूक्ती पाउनका लागि अनुसन्धान तहकिकात एवं अदालतमा मुद्दा चल्दा कै अवस्थामा भुक्तानी लिएको रकमको काम सम्पन्न गरेको भन्ने तथ्य स्वयं प्रतिवादीहरूकै बयान व्यहोराबाट प्रष्ट भै रहेको हुँदा प्रतिवादीहरूको आपसी मिलेमतो र बदनियतबाट काम सम्पन्न हुनु अगावै रकम भुक्तानी दिए लिएबाट प्रतिवादीहरू कसुरदार रहे भएको प्रष्ट छ ।

- प्रतिवादी गौरीलाल डाँगीले जिल्ला शिक्षा कार्यालय, मनाङबाट लिएको पेश्की रकम रू. ६,००,०००।- अनुसारको कुनै पनि काम नभएको अनुसन्धान तहकिकातका क्रममा प्राविधिकबाट दिइएको प्रतिवेदनबाट देखिएको छ । काम नभए पछि रकम असुल उपर गर्ने तर्फ कुनै पनि प्रकृया अपनाइएको नदेखिएबाट पनि प्रतिवादीहरूले बदनियतपूर्ण तवरले कार्य गरे गराएको प्रष्ट देखिदा प्रतिवादीहरू कसुरदार रहे भएको प्रष्ट छ ।

१०. भूकम्प पिडित क्षेत्र पुनः निर्माण तथा पुनः स्थापना आयोजना, सम्पर्क कार्यालय, उदयपुरका तत्कालीन सव-ओभरसियर रामचन्द्र यादव .....

मिठूलालको नाति, राम नारायण साहको छोरा, सर्लाही जिल्ला ब्रह्मपुरी गा.वि.स.वडा नं. ६ बस्ने भूकम्प पिडित क्षेत्र पुनः निर्माण तथा पुनः स्थापना आयोजना, सम्पर्क कार्यालय, उदयपुरका तत्कालिन सह-लेखापाल राज किसोर साह .....

मुद्दा : भ्रष्टाचार गरी रकम हिनामिना गरेको ।

फैसला मितिः २०६८।४।३२

आयोगको दावी र विशेष अदालतको फैसलाः

उपर्युक्त प्रतिवादीहरू समेत भएको प्रस्तुत भ्रष्टाचार मुद्दामा प्रतिवादीहरू महेश वहादुर वस्नेत, रामचन्द्र यादव, हरि नारायण माझी, मसीलाल चौधरी, दानालाल पण्डित लाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को कसुरको मात्रा अनुसार दफा ३ बमोजिम हदैसम्म सजाय हुन र दफा १७ बमोजिम निजहरूले मासेको विगो असुल उपर गर्ने र प्र.राजकिशोर साहलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम सजाय हुन समेत मागदावी गरी विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश गरिएकोमा उक्त अदालतबाट प्रतिवादी महेश बहादुर बस्नेतलाई रू. १,४३,७००।-, दानालाल पण्डितलाई रू. २,४१,३७२।-, मसीलाल चौधरीलाई रू. ३,०१,१९८।- र हरिनारायण माझिलाई रू. ५,३१,९९३।६० जरिवाना हुने र विगो वादी नेपाल सरकारले तत् तत् प्रतिवादीबाट भरी पाउने र ओभरसियर रामचन्द्र यादवको वास्तविक ठेगाना खुली आएका बखत कानून बमोजिम हुने नै हुँदा शिक्षक रामचन्द्र यादवलाई कसुर गरेको भनी

ठहर गर्न मिलेन र प्र. राजकिशोर साहले आरोपित कसुरबाट सफाई पाउने ठहऱ्याई फैसला भएको ।

फैसलाका आधारहरू:

- वादीले देखाएको वतनमा म्याद तामेल भै म्यादमा उपस्थित भै बयान गर्ने व्यक्ति ओभरसियर रामचन्द्र यादव नभई शिक्षक रामचन्द्र यादव भएको र ओभरसियर रामचन्द्र यादवको वास्तविक ठेगाना खुली आएका बखत कानून बमोजिम हुने ।
- कार्यालय प्रमुखले भुक्तानी दिने भनी तोक लगाई सकेपछि प्रतिवादी राज किशोर साहले अन्य प्रतिवादीहरूले पेश गरेको विल भरपाई नक्कली हो होइन भनी चेक जाँच गरी रकम भुक्तानी गर्ने अवस्था नहुने हुनाले प्रतिवादीको उल्लेखित रकम हिनामिनामा भूमिका थियो भनी अनुमानको भरमा दोषी ठहर गर्न न्यायोचित नभएबाट सफाई पाउने ।

पुनरावेदनका आधारहरू:

- प्रतिवादी रामचन्द्र यादव भुकम्प पुनः निर्माण तथा पुन स्थापना आयोजना जिल्ला सम्पर्क कार्यालय, उदयपुरको सव ओभरसियर पदमा काम गरेको र निजले रू. ४,२२,३२०।- बराबरको रकमको सिमेन्ट छड आदि सामाग्रि खरिद गर्न भनी पेश्की लिएकोमा उक्त रकमबाट कुनै पनि सामान खरिद नगरी आफुले रू. ३५,०००।- लिएको र अरु रकम ई.महेश बहादुर बस्नेतले लिएको र केही रकम पेश्की फछ्यौंट समेत गरेको भन्दै बयान गरेका छन् । निजले कुल विगो रू. २,५९,७७६।- भ्रष्टाचार हिनामिना गरेको भन्ने आरोपपत्र दावी मिसिल संलग्न रहेको विल भरपाई कागज प्रमाणहरूबाट स्थापित भएको देखिन्छ ।
- सव ओ.सी.रामचन्द्र यादवलाई आरोपपत्रमा प्रतिवादी बनाइएको हो । तर निजको वतनमा म्याद जारी हुँदा शिक्षक रामचन्द्र यादवले म्याद बुझी शिक्षक रामचन्द्र यादव विशेष अदालतमा हाजिर भएको मिसिलबाट देखिएको । निज सब ओ.सी. रामचन्द्र यादवको बैकल्पिक वतन भूकम्प पुनः निर्माण तथा पुनः स्थापना आयोजना जिल्ला सर्म्पक कार्यालय, उदयुरमा म्याद जारी गर्नु पर्नेमा विशेष अदालतबाट उक्त वतनमा एकातिर म्याद जारी गरिएको देखिएन भने अर्कोतिर आरोपपत्रमा प्रतिवादी वनाईएका सब ओ.सी. रामचन्द्र यादवको ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले निजलाई म्याद जारी गरी बुझाउन नसकिएको भए विशेष अदालत ऐन, २०५९ को दफा १०(९) बमोजिम विशेष अदालतमा मुद्दा दायर भएको संक्षिप्त विवरण उल्लेख गरी त्यस्तो व्यक्तिलाई तीस दिनसम्मको म्याद दिई उपस्थित हुन राष्ट्रिय स्तरको पत्रिकामा कम्तीमा दुई पटक सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने र त्यसरी सूचना प्रकाशन भएकोमा त्यस्तो व्यक्तिलाई रितपूर्वक म्याद तामेल भएको मानिने छ भन्ने कानूनी कार्यविधि अवलम्बन गर्नुपर्नेमा सो म्याद तामेलीको

कार्यविधि अवलम्बन नगरी वतन खुली आएका बखत कानून बमोजिम हुने गरी भएको फैसला कानूनतः त्रुटिपूर्ण रहेको छ ।

- त्यसैगरी विशेष अदालत ऐन, २०५९ को दफा १०(१०) मा "यस दफामा लेखीए देखि बाहेकमा म्याद तामेली सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुने" भन्ने रहेबाट प्रतिवादी सब ओ.सी.रामचन्द्र यादवका हकमा मुलुकी ऐन, अ.बं. ११२ नं. को प्रकृया अवलम्बन गरी म्याद तामेल गरी निज प्रतिवादीका हकमा समेत ठहर फैसला हुनुपर्नेमा सो नभएको विशेष अदालतको फैसला एकातिर त्रुटिपूर्ण रहेको छ भने अर्कोतिर कानूनी कार्यविधि अबलम्बन नगरी "वास्तविक ठेगाना खुली आएका बखत कानून बमोजिम हुने" भनी के कुन ऐन नियमका आधारमा निज सब ओ.सी.रामचन्द्र यादवको हकमा ठहर फैसला नगरिएको हो त्यो प्रष्ट नखुलाइएबाट पनि विशेष अदालतको फैसला मुलुकी ऐन अ.बं. १९२ नं. ले त्रुटिपूर्ण रहेको देखिन्छ ।

- प्रतिवादी राजकिशोर साहका हकमा यी प्रतिवादीले नक्कली विल भरपाई, माग फाराम तथा सामान बुझाएको नक्कली भरपाई समेतका आधारमा अन्य प्रतिवादीहरूलाई पेश्की दिने, पेश्की फछ्यौंट गर्ने र रकम सोधभर्ना दिने समेतका कार्य गरी आयोजनाको रकम हिनामिना हुनमा मतियारको भूमिका निर्वाह गरेको व्यहोरा उल्लेख गर्दै प्रतिवादी राजकिशोर साहलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम सजाय गरीपाउँ भनी आरोपपत्र मागदावी गरिएको छ । प्रतिवादी राजकिशोर साह मिति २०४९ भाद्र ८ देखि २०५१ भाद्र मसान्तसम्म आयोजनामा कार्यरत रहेकोमा विवाद देखिदैन । यी प्रतिवादीले प्रतिवादीहरू महेश बहादुर बस्नेत, दानालाल पण्डित, रामचन्द्र यादव, हरिनारायण माझी तथा मसीलाल चौधरी समेतलाई पेश्की तथा थप भुक्तानी गर्न रू. १४,७८,०३९।६० को चेकहरू काटी भुक्तानी दिनका लागि गोश्वरा भौचर नं. ६,७,८,१६,२९, ३२, ३३,४२,५५,६२,६३,७१,७५, ८५,८७,८८,९१,९५,९९,१०६, ११७, ११९,१२२, १२८, १३८, १४४ र १६९ हरू उठाएको मिसिलबाट देखिएको छ । सो तथ्यलाई विशेष अदालतले समेत स्वीकार गरेको पाईन्छ । कार्यालय प्रमुखले लेखा भनी तोक लगाएकै आधारमा नक्कली वील भरपाई, मागफाराम तथा सामान बुझाएको भन्ने नक्कली कागजातहरूलाई हेर्दै नहेरी र चेक जाँच नै नगरी रकम भुक्तानी नदिनु पर्नेमा निजले अन्य प्रतिवादीहरूको रकम हिनामिना गर्ने कार्यमा सहयोगी भूमिका निर्वाह गरेको प्रष्ट देखिन्छ । निजले नक्कली विल भरपाईको आधारमा रकम भुक्तानीका लागि चेक काट्ने समेतका कार्य नगरि दिएको भए कसुर नहुने अवस्था रहने कुरालाई पनि नकार्न सक्ने अवस्था छैन । त्यसैगरी अन्य प्रतिवादीहरूले रकम हिनामिना गर्नका लागि विभिन्न रकमको चेक र गोश्वरा भौचरमा सहिछाप गरी प्रतिवादीले अन्य प्रतिवादीहरूको रकम हिनामिना गर्ने कार्यमा सहयोग र मद्दतीको भूमिका निर्वाह गरी रहेको अवस्था देखिदा देखिदै सफाई दिने गरी भएको

फैसलाबाट प्रमाणको यथोचित मूल्यांकन हुन नसकेको हुदा स्वत बदर भागी छ, बदर गरी पाउँ ।

११. महोत्तरी जिल्ला, बथनाह गा.वि.स.वडा नं. ८ बस्ने जिल्ला विकास समिति, बाराका तत्कालीन निमित्त स्थानीय विकास अधिकारी, स्थानीय विकास मन्त्रालय, सिनियर डिभिजन इन्जीनियर पदमा कार्यरत श्यामसुन्दर मिश्र .....

बारा जिल्ला, कलैया नगरपालिका वडा नं. ५ बस्ने यादव ट्रेडर्सकी प्रोपाईटर श्रीमती विभा व्याहुत कलवार .....

मुद्दा : भ्रष्टाचार ।

फैसला मितिः २०६८।५।१२

आयोगको दावी र विशेष अदालतको फैसलाः

प्रस्तुत मुद्दामा प्रतिवादी श्यामसुन्दर मिश्रलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(झ) र दफा ७ को कसुरमा सोही ऐनको दफा ७ तथा दफा ३(१)(झ) बमोजिम र प्रतिवादी ठेकेदार श्रीमती वीभा व्याहुत कलवारलाई सोही ऐनको दफा २२ बमोजिम सजायको मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूले सफाई पाउने ठहर्‍याई फैसला भएको ।

फैसलाका आधारहरूः

- ८९ दिनको ठेक्का रकम मिनाहा दिने भनि भएको जिल्ला विकास समितिको बोर्ड बैठकको निर्णयलाई अन्यथा भन्ने अवस्था नरहने ।
- बारा जिल्ला अदालतबाट मिति २०६६।१०।२१ मा भएको मिलापत्र बदर नभई अन्तीम भएर वसेको ।
- प्रतिवादी विभा व्याहुत कलवारले मिनाहको निर्णय गराउन मतियारको भूमिका निर्वाह गरेको देखिएन ।

पुनरावेदनका आधारहरूः

- जिल्ला विकास समिति बाराको कर ठेक्का रकम अशुल गर्न ठेकेदार बिभा व्याहुत कलवारसँग भएको सम्झौता बमोजिम बन्द हडतालका कारण राजश्व उठ्न नसकेकोले १९४ दिनको रकम रू. ३,१४,३९,५७९।३९ मिनाहा पाउँ भन्ने ठेकेदारको निवेदन परी एक पटक मिनाह दिन नमिल्ने निर्णय भै अदालतमा मुद्दा परेकोमा प्रतिवादी श्यामसुन्दर मिश्र निमित्त स्थानीय विकास अधिकारी रहेको अवस्थामा ८९ दिनको रकम मिनाहा दिने गरी मिति २०६६।१०।२१ मा बारा जिल्ला अदालतबाट मुद्दा मिलापत्र गरे उपर मिनाह दिएको रकम रू. १,४४,२३,३११।५२ हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने दावी रहेको प्रस्तुत मुद्दामा मुख्यतः बर्तमान अवस्थामा

जिल्ला विकास समितिको निर्णय अधिकारीका रुपमा स्थानीय विकास अधिकारीलाई एकल रुपमा निर्णय गर्ने अधिकारी तोकिएको परिप्रेक्षमा ठेकेदारलाई ठेक्का रकम मिनाहा नदिने गरी मिति २०६६।३।२५ मा भएको निर्णय उपर ठेकेदारले अदालतमा मुद्दा दायर गरी सकेको अवस्थामा उक्त मिति २०६६।३।२५ को निर्णय पुनर्विचार गर्ने स्थानीय विकास मन्त्रालयको पत्रानुसार मिति २०६६।१०।१७ मा ८९ दिनको रकम मिनाहा दिने गरी निर्णय गरिएको छ । जुन निर्णय सर्वदलिय बैठकमा सर्वसम्मत हुन नसकेको र तत्काल विरोध भएको भन्ने पनि प्रतिवादीकै बयानबाट देखिन्छ । त्यस्तो निर्णयलाई आधार मानी तत्कालै मिति २०६६।१०।२१ मा प्रतिवादीहरू बीच बारा जिल्ला अदालतबाट मिलापत्र भएको देखिएकोले निर्णयमा नै बदनियत पुष्टि भएको छ । ठेकेदारलाई रकम मिनाहा दिने गरी भएको पछिल्लो मिति २०६६।१०।१७ को निर्णय र सोही विषयमा भएको मिति २०६६।३।२५ को निर्णयलाई हेर्ने हो भने अघिल्लो मिति २०६६।३।२५ को निर्णय आधार र कारण खोली भएको देखिन्छ भने पछिल्लो निर्णयमा आधारहरू खुलेको पाइदैन । तसर्थ विभिन्न राजनितिक दलहरूको विरोध हुँदा हुँदै प्रयाप्त आधार विना गरिएको दोश्रो निर्णयमा बदनियत रहेको पुष्टी हुन्छ । उक्त बदनियत साथ भएको निर्णयका आधारमा भएको मिलापत्र समेतबाट प्रतिवादीहरूले भ्रष्टाचार गरेको पुष्टि हुने हुँदा शुरु फैसला बदरभागी छ ।

- निर्णय गर्न अख्तियार पाएका प्रतिवादी निमित्त स्थानीय बिकास अधिकारी श्याम सुन्दर मिश्रले बदनियत साथ गरेको निर्णयका आधारमा मिति २०६६।१०।२१ मा प्रतिवादीहरू बीच बारा जिल्ला अदालतमा मुद्दा मिलापत्र गरेको भन्ने आरोपपत्रमा मागदावी रहेको प्रस्तुत मुद्दामा सार्वजनिक पद धारण गरेको व्यक्तिले सरकारी रकम हिनामिना हुने गरी ठेकेदारलाई फाइदा हुने कार्य बदनियत साथ गरेको भन्ने देखिई सकेपछि उक्त कसुरका आधारमा भएको मुद्दा मिलापत्र स्वतः बदर भागी हुन्छ तसर्थ मिलापत्र बदर नभएको भन्ने आधारमा बदनियत साथ भएको भ्रष्टाचारको कसूरबाट उन्मूक्ति हुन सक्दैन ।

- राजश्व रकम उठाउने ठेक्का पाएका प्रतिवादी बिभा व्याहुत कलवारले नियमानुसार मिनाहा पाउन नसक्ने रकम मिनाह माग गरी एक पटक माग अनुसारको रकम मिनाह दिन नमिल्ने गरी निर्णय भैसकेपछि पुनः निवेदन पेश गरी अर्का प्रतिवादी निमित्त स्थानिय विकास अधिकारीसँग मिलेमतो गरी पुनः मिनाह दिने निर्णय भएको मिसिल संलग्न प्रमाणबाट पुष्टी भएको छ । तसर्थ प्रस्तुत आधारबाट ठेकेदार प्रतिवादी बिभा व्याहुत कलवारलाई फाइदा पुगेको देखिएको हुँदा फाईदा हुने कार्यमा सार्वजनिक पद धारण गरेको व्यक्तिसँग निजले मिलेमतो गरेको पुष्टी भएको छ । निर्णय गराउन मतियारको भूमिका नरहेको भन्ने शुरु विशेष अदालत, काठमाडौंको फैसला त्रुटिपूर्ण छ ।

- प्रस्तुत मुद्दामा असहज परिस्थितिको कारण उठ्न नसकेको राजश्व छुट दिने सम्बन्धमा जिल्ला विकास समिति र ठेकेदार विभा व्याहुत कलवारका वीच मिति २०६५।५।१६ मा भएको सम्झौता नै महत्वपूर्ण आधार हो । उक्त मिति २०६५।५।१६ को सम्झौताको दफा १२ ले असहज परिस्थितिको कारण ठेक्का सन्चालन हुन नसकेमा स्थानिय विकास मन्त्रालयको निर्देशनमा छुट दिन सकिने छ भन्ने वाक्यांस रहेको र त्यस्तो "असहज परिस्थितिको निक्यौंल नेपाल सरकारको निर्देशनमा जिल्ला विकास समितिले गर्ने छ" भन्ने सम्झौतामा व्यहोरा परेकोले उक्त सम्झौता विपरित निमित्त स्थानिय विकास अधिकारीबाट एकलौटी रुपमा निर्णय भएको र उक्त दफाको व्याख्या नै नगरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण छ ।

१२. कुल विक्रम राणाको नाति, कृष्णविक्रम राणाको छोरा ललितपुर जिल्ला ललितपुर उप.न.पा.वडा नं. १४ शोभाहिटीमा बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी महानिरीक्षक ओम विक्रम राणा .....

धनरास गुरुङको नाति, हर्क बहादुर गुरुङको छोरा कास्की जिल्ला ल्वाङ घलेल गा.वि.स. वडा नं. ३ स्थायी घर भै हाल काठमाडौं जिल्ला खड्का भद्रकाली गा.वि.स.वडा नं.३ हात्तिगौंडा बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी महानिरीक्षक हेम बहादुर गुरुङ.....

किशन चन्द ठकुरीको नाति, नर बहादुर चन्द ठकुरीको छोरा दार्चुला जिल्ला, लाली गा.वि.स.वडा नं ९ भुल्लालीमा स्थायी घर भै हाल ललितपुर जिल्ला ललितपुर उप.न.पा. वडा नं. १० कुपण्डोल बस्ने नेपाल प्रहरीका तत्कालीन प्रहरी महानिरीक्षक भई हाल प्रधानमन्त्रीका सुरक्षा सल्लाहकार रमेश चन्द ठकुरी .....

रण बहादुर केशरको नाति, धर्मध्वजको छोरा धनुषा जिल्ला वेंगडावर गा.वि.स. वडा नं ७ स्थायी घर भै हाल ललितपुर जिल्ला ललितपुर उप.न.पा.वडा नं. १४ थसीखेल बस्ने नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक मदन बहादुर खड्का.....

भुपेन्द्र जंगको नाति, नरवीर जंगको छोरा कास्की जिल्ला रानीपौवा वडा नं. ११ पोखरा स्थायी घर भै हाल काठमाडौं जिल्ला हात्तिगौंडा गा.वि.स.वडानं ६ बस्ने नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक अर्जुन जंग शाही.....

कमान सिंह लिम्बुको नाति, कृष्ण बहादुर थाङ्देनको छोरा तेह्रथुम जिल्ला जलजले गा.वि.स. वडा नं. ५ पौरिन बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक दीपक सिंह थाङ्देन.....

दिल्ली बहादुरको नाति, खड्ग बहादुर थापाको छोरा कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. ११ घर भै हाल का.जि.का.म.न.पा.वडा नं. ४ धुम्बाराही बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक श्याम सिंह थापा .....

उद्धव सिंह विष्टको नाति, शेर बहादुर विष्टको छोरा कन्चनपुर जिल्ला, महेन्द्रनगर नगरपालिका वडा नं १६ स्थायी घर भै हाल काठमाडौं जिल्ला खड्का भद्रकाली गा.वि.स वडा नं ६ बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक दीपेन्द्र बहादुर विष्ट.....

शेर बहादुरको नाति, श्याम बहादुरको छोरा का.जि.का.म.न.पा.वडा नं १० बस्ने नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक रमेश विक्रम शाह .....

नगेन्द्र ध्वजको नाति, समशेर ध्वजको छोरा का.जि.का.म.न.पा.वडा नं. ३४ भिमसेन गोला बस्ने नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक टपेन्द्र ध्वज हमाल.....

रुद्रनारायणको नाति, गौरी नारायणको छोरा मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा.वडा नं २ तीनपैनी स्थायी घर भै हाल का.जि.का.म.न.पा. वडा नं १५ बस्ने पूर्व प्रहरी नायव महानिरीक्षक दीपक कुमार श्रेष्ठ .....

मन बहादुरको नाति, तेज बहादुरको छोरा रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स. वडा नं. ६ स्थायी घर भै हाल ललितपुर जिल्ला सुनाकोठी गा.वि.स. वडा नं. ९ ढोलाहिटी बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी नायव महानिरीक्षक निरज पुन.....

अर्जुन पालको नाति, कर्ण बहादुर पालको छोरा जिल्ला दार्चुला, उकु गा.वि.स. वडा नं. ४ र कन्चनपुर जिल्ला भिमदत्त नगरपालिका वडा नं. ५ मा स्थायी घर भै हाल का.जि.का.म.न.पा.वडा नं. ४ धुम्बाराही बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी नायव महानिरीक्षक सुरेन्द्र बहादुर पाल .....

देव प्रतापको नाति, उदय प्रतापको छोरा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ कपन मार्ग लोसाल बस्ने नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक रवी प्रताप राणा .....

वैरागी खड्काको नाति, धारे खड्काको छोरा बझाङ्ग जिल्ला, रिठापाटा गा.वि.स. वडा नं. ६ स्थायी घर भै हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ गा.वि.स. वडा नं. ४ बस्ने नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक श्याम बहादुर खड्का .....

शेर बहादुरको नाति, तिल बहादुरको छोरा काठमाडौं जिल्ला, स्यूचाटार गा.वि.स. वडा नं. ५ बस्ने नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक शिव लामिछाने .....

लालविरको नाति, नन्दमानको छोरा ताप्लेजुङ्ग जिल्ला चाक्सीबोटे गा.वि.स. वडा नं. ३ फाकसे घर भई हाल का.जि.का.म.न.पा.वडा नं. ९ चण्डीमार्ग बत्तिसपुतली बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी वरिष्ठ उपरीक्षक नरेन्द्र कुमार खालिङ्ग .....

पर्त बहादुरको नाति, गणेश बहादुरको छोरा पर्वत जिल्ला, देउराली गा.वि.स. वडा नं ३ लाङ्गदी घर भै हाल नेपाल प्रहरी अस्पताल महाराजगञ्जको क्वाटरमा बस्ने नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक डा.अजित कुमार गुरुङ्ग .....

लिलाधरको नाति, केशव दत्तको छोरा डडेलधुरा जिल्ला, बगरकोट गा.वि.स. वडा नं ५ घर भै हाल का.जि.का.म.न.पा. वडा नं ४ धुम्वाराही बस्ने नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक रमेश कुमार पाण्डेय .....

बल बहादुरको नाति, बम बहादुर नेउपानेको छोरा ईलाम जिल्ला, ईलाम न.पा. वडा नं.३ बस्ने नेपाल प्रहरीका प्रहरी उपरीक्षक मनोज नेउपाने.....

पदम बहादुरको नाति, ईन्दु बहादुरको छोरा का.जि.का.म.न.पा.वडा नं.४ बस्ने नेपाल प्रहरीका प्रहरी उपरीक्षक निरज बहादुर शाही .....

नन्दलालको नाति, सिंह बहादुरको छोरा स्याङजा जिल्ला, छाङछाङदी गा.वि.स. वडा नं. ३ बस्ने नेपाल प्रहरीको प्रहरी उपरीक्षक गुप्त बहादुर श्रेष्ठ .....

रामलालको नाति, शम्भुलालको छोरा का.जि.का.म.न.पा.वडा नं. १७ ठहिटी बस्ने नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक विजयलाल कायस्थ.....

कवि प्रसादको नाति, देवी प्रसादको छोरा प्यूठान जिल्ला, विजुबार बजार वडा नं. ६ घर भै हाल नेपाल प्रहरी अस्पताल महाराजगंजमा का.मु.प्रहरी उपरीक्षक पदमा कार्यरत डा. रामकृष्ण राजभण्डारी .....

लोकनाथको नाति, शेष रमणको छोरा काभ्रेपलान्चोक जिल्ला खोपासी गा.वि.स. वडा नं. १ घर भै हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३५ पेप्सीकोला बस्ने नेपाल प्रहरीका प्रहरी उपरीक्षक कृष्णप्रसाद गुरागाई .....

मेघ बहादुर सिंहको छोरा कन्चनपुर जिल्ला, बेलौटी गा.वि.स. वडा नं.७ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर उप.न.पा.वडा नं.१३ कुसुन्ती बस्ने नेपाल प्रहरीका प्रहरी उपरीक्षक संजय सिंह बस्नेत.....

भगीरथको नाति, होमनाथको छोरा जिल्ला ईलाम नामसालिङ्ग गा.वि.स. वडा नं. ५ स्थायी घर भै हाल का.जि.का.म.न.पा.वडा नं. ३२ घट्टेकुलो बस्ने नेपाल प्रहरीका प्रहरी उपरीक्षक पिताम्बर अधिकारी.....

गोपाल बहादुरको नाति, बद्री प्रसादको छोरा दैलेख जिल्ला, बजार गा.वि.स.वडा नं.२ स्थायी घर भै हाल काठमाडौं जिल्ला मनमैजु गा.वि.स. वडा नं.९ नेपालटार बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी नायव उपरीक्षक हरिहर श्रेष्ठ.....
हरिहर श्रेष्ठको छोरा ललितपुर जिल्ला लुभु गा.वि.स. वडा नं. ३ बस्ने नेपाल प्रहरीका प्रहरी नायब उपरीक्षक विद्याराज श्रेष्ठ.....

ईन्द्र बहादुरको छोरा स्याङ्जा जिल्ला, दहथुम गा.वि.स. वडा नं. ८ भारथान स्थायी घर भै का.जि.का.म.न.पा. वडा नं. ४ बस्ने नेपाल प्रहरीका प्रहरी नायब उपरीक्षक प्रकाश अधिकारी .....

केदार नाथको नाति, रघुनाथको छोरा काभ्रेपलाञ्चोक जिल्ला, पनौती नगरपालिका वडा नं. १० घर भै हाल का.जि.का.म.न.पा.वडा नं. ३४ बस्ने नेपाल प्रहरीका प्रहरी निरीक्षक अर्जुन प्रसाद तिमिल्सिना .....

सन्त बहादुरको नाति, रत्न बहादुरको छोरा का.जि.का.म.न.पा. वडा नं. १० बस्ने नेपाल प्रहरीका प्रहरी नायब उपरीक्षक दिनेश के.सी.....

जितमानको नाति, शिव प्रसादको छोरा जिल्ला नवलपरासी डेढगाउँ गा.वि.स. वडा नं. ३ मा बस्ने नेपाल प्रहरीका प्रहरी निरीक्षक लाल गोविन्द श्रेष्ठ .....

दुर्गा दत्तको नाति, नन्दलालको छोरा जिल्ला पर्वत, भंगरा गा.वि.स. वडा नं. ५ घर भै हाल का.जि.का.म.न.पा. वडा नं. २ लाजिम्पाट बस्ने नेपाल प्रहरीको प्रहरी निरीक्षक गिरीधारी शर्मा .....

501 International House 223 Regents Street, London W÷B 2QD स्थित Assured Risks Limited, London का Director Michael Rider .....

ऐ.ऐ.लि.का नेपाल स्थित स्थानीय प्रतिनिधि जोगी भारतीको नाति, पदम भारतीको छोरा डडेल्धुरा जिल्ला रुपाल गा.वि.स. वडा नं. ४ स्थायी घर भै हाल ललितपुर जिल्ला सैंबु गा.वि.स. वडा नं. ८ बस्ने भगवती ट्रेडर्सका प्रो. शम्भु भारती.....

मुद्दा :- सुडान मिसनका APC र सो को स्पेयर पार्ट खरिदमा भ्रष्टाचार ।

फैसला मितिः २०६८।११।१

आयोगको दावी र विशेष अदालतको फैसलाः

उक्त मुद्दामा प्रतिवादीहरू मध्ये Assured Risk Ltd. Company का डाइरेक्टर Michael Rider र सोही कम्पनीको Local Agent भई नेपालमा काम गर्ने भगवती ट्रेडर्सका प्रो.शम्भु भारतीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुरमा सोही दफा बमोजिम सजाय गरी भ्रष्टाचार गरेको विगो रू. २८,८१,६१,६२९।३० र फैसला हुँदाको मितिसम्मको व्याज प्रहरी कल्याण कोषलाई दिलाई भराइ पाउन र अन्य विरुद्धखण्डमा उल्लेखित प्रतिवादीहरूको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७,३(१) को खण्ड (झ), ८ (१) को खण्ड (घ) र (ञ) को कसुरमा सोही दफाहरूमा उल्लेखित सजाय हुन र प्रतिवादीहरू मध्ये ओम विक्रम राणा, हेम बहादुर गुरुङ्ग, रमेशचन्द्र ठकुरी, अर्जुनजंग शाही, दिपक सिंह थाङदेन, दिपेन्द्र बहादुर विष्ट, श्याम सिंह थापा, मदन बहादुर खड्का, विशिष्ट श्रेणीको प्रहरी कर्मचारी भएकोले सोही ऐनको दफा २४ बमोजिम थप सजाय हुन र सवै

प्रतिवादीहरूलाई विगो बमोजिम जरिवाना समेत गरिपाउन मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोप पत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरू ओमविक्रम राणा, हेमबहादुर गुरुङ्ग, रमेशचन्द्र ठकुरी, Michael Rider र शंभु भारतीले अभियोग मागदावी अनुसारको कसूर गरेको र दिनेश के.सी., गुप्त बहादुर श्रेष्ठ, विद्याधर श्रेष्ठ, दिपेन्द्रवहादुर विष्ट, शिव लामिछाने, सन्जय सिहं बस्नेत, टपेन्द्र ध्वज हमाल, अजितकुमार गुरुङ, रामकृष्ण राजभण्डारी, सुरेन्द्रवहादुर पाल, लाल गोविन्द श्रेष्ठ, श्यामवहादुर खड्का, मदन बहादुर खडका, प्रकाश अधिकारी, पिताम्बर अधिकारी, कृष्णप्रसाद गुरागाई, रमेश कुमार पाण्डे, हरिहर श्रेष्ठ, अर्जुनप्रसाद तिमल्सीना, गिरिधारी शर्मा, दिपक सिंह थाङदेन, मनोज न्यौपाने, निरज वहादुर शाही, निरज पुन, श्यामसिंह थापा, रवि प्रताप राणा, विजयलाल कायस्थ, दिपक कुमार श्रेष्ठ, नरेन्द्रकुमार खालिङ, अर्जुनजंग शाही र रमेशविक्रम शाह समेत ३१ जना प्रतिवादीहरूले अभियोग दावीबाट सफाई पाउने ठहर्‍याई फैसला भएको ।

फैसलाका आधारहरू:

- APC / Spare parts खरिद, ढुवानी तथा विमा बापत भुक्तानी दिएको रकम, चीनबाट खरिद गरिएको तीन थान Ambulance**,** तीनथान पानी टेकंर ढुवानी तथा विमा बापत भनी दिइएको भुक्तानी रकम गरी जम्मा रू. २८,८१,६१,६२९।३० विगो कायम गरी आरोपपत्र पेश गरिएकोमा चीनबाट खरिद गरिएको तीन थान एम्बुलेन्स र तीनथान पानी टेकरको ढुवानी र विमा बापत भुक्तानी गरिएको यू.एस.डलर ५१,४६७- को हुन आउने ने.रू.४१,४५,६२३।६० अनियमित भुक्तानी नदेखिएको हुँदा रू. २८,४०,१६,००६।०७ मात्र विगो कायम हुने ।
- २२ र २५ डिसेम्बर २००७ को Commercial Invoice CIF Sudan Port in US dollar भन्ने उल्लेख भएको भएतापनि १२ सेप्टेम्बर २००७ को नेगोसियसन गर्दा संलग्न Invoice मा FOB price in US dollars उल्लेख भएको र २ नोभेम्बर २००७ मा प्रस्तुत गरेको Invoice साथ संलग्न कागजमा पनि FOB उल्लेख भएको ।
- Assured Risk Ltd. Company London का डाइरेक्टर Michael Rider बाट विगो भराउन नपर्ने ।
- दिनेश के.शी. समेत ३१ जना प्रतिवादीहरू भ्रष्टाचार ठहरिएको कसुरजन्य कार्यको विभिन्न प्रकृया तथा काममा संलग्न भएता पनि यो यो प्रतिवादीले बदनियतसाथ यो यो काम गरी लिनु खानु गरेकोले भ्रष्टाचार गरे भन्ने कुरा आरोपपत्रमा किटानी साथ उल्लेख नभएको । प्रहरी महानिरिक्षकको आदेशमा ठेक्का पट्टा दिने, दिलाउने, सम्झौता गर्ने, भुक्तानीको सिफारिस गर्ने, भुक्तानी दिने समेतका काम गरेको देखिने । प्रहरी महानिरिक्षक कै विशेष निर्देशन र नियन्त्रणमा भैरहेको काममा मातहतका अधिकृतले अवज्ञा गर्ने अवस्था नहुने । Chain of command मा चल्ने संगठनमा तल्ला दर्जाका अधिकृतले व्यक्त गरेको कुराको सुनुवाई हुन नसक्ने । प्रकृयागत विभिन्न काम कारवाहीमा संलग्न भएता पनि यी सवै

प्रतिवादीहरूको विवादको ठेक्का दिने, दिलाउने र प्रहरी कल्याण कोषलाई हानि नोक्सानी पार्ने, बदनियत साथ APC लगायतका बन्दोवस्तीका सामान खरिद गर्ने प्रकृयामा संलग्न रहेको भन्ने देखिएन ।

- प्रतिवादी मदन बहादुर खड्का, रमेश कुमार पाण्डेय, श्याम बहादुर खड्का, शिव लामिछाने, रामकृष्णराज भण्डारी, गुप्तबहादुर श्रेष्ठ र निरज बहादुर शाहीले सुडान मिसनमा खर्च भएको रू. ४५,४२,१०,२८०।९८ पुरै रकम खर्च समर्थन गरेको देखिए पनि साधारण सभामा पेश गर्न अडिट प्रयोजनको लागि समर्थन गरेको देखिनुको साथै प्रतिवादीहरूले गरेको निर्णयको आधारमा खर्च भएको नभई विभिन्न मितिमा खर्च गरेको रकमलाई समर्थनसम्म गरेको र सो खर्च समर्थन गर्ने निर्णयलाई प्रतिवादी रमेश चन्द ठकुरीले प्रहरी महानिरीक्षकको हैसियतले सदर गरेको ।

- महानिरीक्षकको आदेशको अगाडी कोही बोल्न सक्ने, जवाफ लगाउन सक्ने अवस्था नभएकोले माथिल्लो तहको आदेशानुसार काम गरेको भन्ने प्रतिवादी पक्षको बयान जिकिर र वहसलाई अन्यथा भन्न सकिएन । आदेश पालन गर्ने सहायक अधिकारीका रुपमा रहेका यी ३१ जना प्रतिवादीहरूले असल नियतले काम गरेको देखिन आयो । असल नियतले गरेको काम कारवाहीलाई प्रहरी ऐन, २०१२ को दफा ३७ ले बचाउ गरेको छ । आयोग आफैले विभिन्न निम्न दर्जाका प्रहरी कर्मचारीले माथिल्लो दर्जाको अधिकृतको आदेशमा काम गर्ने हुनाले मुद्दा नचलाएको भन्ने कुरा अभियोगपत्रको पृष्ट ९९ मा उल्लेख भएबाट माथिल्लो अधिकृतको आदेशमा काम गर्ने दोषी हुन नसक्ने भन्ने कुरालाई स्वीकार गरेको ।

- प्रहरी कल्याण कोषको विधान २०५२ को दफा ९ ले संचालक समिति र दफा ६ ले केन्द्रिय समितिको व्यवस्था गरेको देखिन्छ । संचालक समितिले केन्द्रिय समितिको निर्देशनमा रही काम कारवाही गर्ने भन्ने विधानको दफा ११(१)(घ) मा उल्लेख भएको देखिएको र केन्द्रिय समितिको अध्यक्ष प्रहरी महानिरीक्षक नै हुने हुँदा प्रहरी कल्याण कोष संचालक समितिको काम कारवाही माथि प्रहरी महानिरीक्षकद्वारा प्रत्यक्ष नियन्त्रण गर्न सक्ने अवस्थाको विद्यमानता देखिएको हुँदा संस्थागत र पदीय हिसावमा विभिन्न काम कारवाहीको प्रकृया र बैठकमा उपस्थित भई अगाडि भई सकेको काम कारवाहीलाई समर्थन गरेको आधारमा मात्र कसुरदार ठहऱ्याउनु न्यायको रोहमा उचित नदेखिने ।

  विशेष अदालत, काठमाडौंबाट अभियोग मांगदावी बमोजिम भ्रष्टाचारको वारदात घटित भएको भनी केही प्रतिवादीहरूलाई कसुरदार ठहर गर्दा, मागदावी अनुसारको विगो बरावरको रकम भ्रष्टाचार गरेको नठहऱ्याई घटी विगो ठहर गरेको, प्रतिवादीहरू मध्ये दिनेश के.सी. समेतका ३१ जनालाई आरोपपत्र मागदावीबाट सफाई दिने ठहऱ्याएको, कसुर ठहर हुने प्रतिवादीहरूको हकमा भ्रष्टाचारको विगो बमोजिम जरिवाना गर्नुपर्नेमा सो नगरिएको र विगो भराउने निर्णय गर्दा फैसला हुँदासम्मको व्याज समेत भराई पाउ भन्ने

मागदावी लिइएकोमा सो सम्बन्धमा केही विवेचना नगरी भएको फैसला उपर देहाय बमोजिम बुँदागत रुपमा पुनरावेदन जिकिरहरू उल्लेख गरिएको छ :-

२. घटी विगो कायम गरिएको सम्बन्धमा:-

- खरिदकर्ता नेपाल प्रहरी र आपूर्तिकर्ता Assured Risks Ltd. London र निजको स्थानिय प्रतिनिधि भगवति ट्रेडर्सका प्रोपराइटर शम्भु भारती वीच चीनबाट खरिद गरिएका तीनथान एम्बुलेन्स र तीनथान पानीटेंकर सुडान पोर्टसम्म नि:शुल्क ढुवानी गरिदिने समझदारी भएको भन्ने तथ्य खरिद बोर्डका अध्यक्ष समेत रहेका प्रतिवादी दिपक कुमार श्रेष्ठ र अर्का प्रतिवादी रबिप्रताप राणाको मौकाको बयानबाट देखिएको र निजहरूको बयान व्यहोरा २२ र २५ डिसेम्बर २००७ को Commercial Invoice नं. AR/001-2007 र AR/002-2007 मा Total CIF Sudan Port in US Dollar भनी उल्लेख भएकोबाट पुष्टि भैरहेको छ।

- आपूर्तिकर्ताले नै सुडान पोर्टसम्म नि:शुल्क ढुवानी गरिदिने गरी भएको सहमति समझदारी विपरित प्रतिवादी आपूर्तिकर्ता र खरिदकर्ता बीच उक्त सामान ढुवानी गर्ने छुट्टै संझौता मिलेमतोको आधारमा गरी सो संझौता बमोजिम भनी ढुवानी र विमा बापतको रकम भुक्तानी दिने लिने कार्य नै भ्रष्टाचारजन्य कार्य हो भनी आरोपपत्र पेश भएको । आपूर्तिकर्ताले शुरुमा अर्थात १२ सेप्टेम्बर २००७ र २ नोभेम्बर २००७ मा पेश गरेको Invoice मा FOB price उल्लेख गरेको भए पनि सो पश्चात आपूर्तिकर्तासँग भएको समझदारी अनुसार सुडान पोर्टसम्म नै नि:शुल्क ढुवानी गरिदिने समझदारी भए अनुसार २२ र २५ डिसेम्बर २००७ को Commercial Invoice मा Total CIF Sudan Port in US dollars भन्ने उल्लेख भएको देखिन्छ। यसरी आपूर्तिकर्ताले शुरुमा पेश गरेको Commercial Invoice FOB price उल्लेख गरेता पनि पछि CIF Sudan Port in US dollar भनी Commercial Invoice मा उल्लेख भएको प्रमाणहरू पेश गर्दागर्दै पनि आपूर्तिकर्ताले पेश गरेको अघिल्लो Commercial Invoice लाई आधार मानी ढुवानी तथा विमा बापतको रकम रू. ४१,४५,६२३।६० नेपाल प्रहरीले तिर्न पर्ने प्रकृतिको देखिएकाले विगोमा समावेश गर्न मिलेन भनी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीहरू उपरको आरोपपत्रको मागदावी अनुसार नै भ्रष्टाचार गरिएको विगो रू. २८,८१,६१,६२९।३० कायम गरी सोही विगो अनुसार प्रतिवादीहरूलाई सजाय गरीपाउँ।

३. फैसला हुँदासम्मको व्याज दिलाउने भराउने सम्बन्धमा :-

- विशेष अदालत समक्ष भ्रष्टाचारको विगो रू. २८,८१,६१,६२९।३० र सोमा फैसला हुँदासम्मको प्रचलित नेपाल कानून बमोजिम लाग्ने व्याज समेत गणना गरी प्रहरी कल्याण कोषलाई दिलाई भराइ पाउन मागदावी लिई आरोपपत्र पेश गरिएकोमा

विगो दिलाउने भराउने फैसलामा व्यहोरा उल्लेख भए पनि आरोपपत्र मागदावी बमोजिम व्याज दिलाउने भराउने तर्फ केही नबोलिएको फैसला त्रुटिपूर्ण रहेको छ । अतः प्रतिवादीहरूबाट आरोपपत्र बमोजिम विगो र अन्तिम फैसला हुँदाको अबधीसम्मको प्रचलित नेपाल कानून अनुसार लाग्ने व्याज समेत गणना गरी प्रहरी कल्याण कोषलाई दिलाई भराइ पाउ ।

४. घटी सजाय गरेको सम्बन्धमाः-

- भगवती ट्रेडर्सका प्रोपराइटर शम्भु भारतीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) र दफा २२ अनुसारको कसुर गरेको ठहऱ्याई विशेष अदालतबाट फैसला भएता पनि जरिवाना गर्दा विगो बमोजिम जरिवाना नगरिएको र निजबाट विगो भराउदा सोको फैसला हुँदाको अबधीसम्मको व्याज समेत गणना गरी दिलाई भराई दिने नठहऱ्याई भएको हदसम्मको फैसला त्रुटिपूर्ण छ । प्रतिवादीलाई आरोपपत्रको मागदावी बमोजिम कै विगो अनुसारको रकम भ्रष्टाचार गरेको ठहर गरी सोही बमोजिम जरिवाना र अन्तिम फैसला हुँदाको अवधीसम्मको व्याज समेतको विगो दिलाई भराई पाउँ ।

- Assured Risk Ltd. Company London का डाइरेक्टर Michael Rider लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम कसुर गरेको ठहऱ्याई कैद वर्ष २ र विगो बमोजिम जरिवाना गर्ने फैसला गरिएको छ । विशेष अदालतबाट विगो रू. ४१,४५,६२३।६० घटी विगो कायम गरेको फैसला त्रुटिपूर्ण रहेको व्यहोरा माथिका प्रकरणहरूमा उल्लेख गरी सकिएको हुँदा सो रकम समेत विगोमा समाबेश गरी उक्त विगो बमोजिम प्रतिवादीलाई सजाय गरी पाउ । साथै प्रतिवादीबाट समेत विगो भरी पाउन आरोपपत्रमा मागदावी लिइएकोमा अन्य प्रतिवादीहरूबाट विगो भराउने फैसला गरी सकिएको भनी निज प्रतिवादीबाट विगो भराउनु नपर्ने भनी गरिएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा प्रतिवादीबाट आरोपपत्रको मागदावी बमोजिम अन्तिम फैसला हुँदासम्मको प्रचलित नेपाल कानून बमोजिम हुने व्याज समेत गणना गरी विगो दिलाई भराई पाउ ।

- पूर्व प्रहरी महानिरीक्षक ओम विक्रम राणा, हेम बहादुर गुरुङ्ग र रमेश चन्द ठकुरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७,३(१)(झ) र ८(१)(घ)(ञ) बमोजिमको कसुरमा सोही दफाहरू बमोजिम सजाय गरी पाउँन मागदावी लिई आरोपपत्र पेश गरिएकोमा विशेष अदालतबाट सोही ऐनको दफा ८(१) बमोजिम कसुर गरेको ठहऱ्याई अन्य दफाहरूको कसुर सम्बन्धमा केही नबोली भएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदरभागी रहेको छ । सवै प्रतिवादीहरूलाई विगो बमोजिम जरिवाना गरी पाउन मागदावी लिइएकोमा प्रतिवादीहरूले अनियमित तवरबाट भुक्तानी दिएको रकम बरावर मात्र निजहरूलाई जरिवाना गर्ने ठहऱ्याएको

फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा प्रतिवादीहरूलाई आरोपपत्रको मागदावी बमोजिम दफा १७,३(१)(झ) बमोजिम समेतको कसुरदार ठहऱ्याई सोही ऐनको दफा ३(१)(झ) बमोजिम समेत सजाय र विगो बमोजिम जरिवाना समेत गरीपाउँ ।

५ प्रतिवादीहरू दिनेश के.सी. समेत ३१ जनालाई आरोपित कसुरबाट सफाई दिने गरी भएको विशेष अदालतको फैसला निम्न आधार प्रमाणहरूबाट त्रुटिपूर्ण भई बदरभागी रहेको छ :-

- प्रतिवादीहरूको वारदातमा संलग्नता देखिएता पनि यो यो प्रतिवादीहरूले बदनियत साथ यो यो काम गरी लिनु खानु गरेकोले भ्रष्टाचार गरे भन्ने कुरा आरोपपत्रमा किटानीसाथ उल्लेख भएको नदेखिएको भन्ने निर्णयाधारको सम्बन्धमा कसुरदार ठहऱ्याइएका अन्य प्रतिवादीको हकमा पनि आरोपपत्रमा निजहरूले यो यो काम गरी यति यति रकम लिनु खानु गरेको भनी किटानी रुपमा उल्लेख नहुँदा नहुँदै पनि निजहरूको हकमा आरोपपत्रको मागदावी बमोजिमको कसूर ठहर भई रहेकोमा यी प्रतिवादीहरूको हकमा सफाई दिने ठहऱ्याएको शुरु फैसला त्रुटिपूर्ण छ ।

- भ्रष्टाचारजन्य कार्यमा संलग्न रहे भएको तथ्य स्थापित भैसकेपछि उक्त कार्य गर्दा बदनियत साथ गरेको अवस्थामा मात्र कसूर ठहर हुने हो ? वा लापरवाहीजन्य तरिकाबाट गरेको भएपनि कसूर ठहर हुने हो भन्ने सम्बन्धमा विद्यमान कानूनी व्यवस्था हेर्दा, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्ति लापरवाही वा बदनियत गरी हिनामिना हानी नोक्सानी वा दुरुपयोग गरे गराएमा निजलाई कसुरको मात्रा अनुसार दफा ३ बमोजिमको सजाय हुने भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ । भ्रष्टाचारजन्य कसुर स्थापित हुनको लागि बदनियत तत्व नै अनिवार्य रुपमा स्थापित हुनु पर्ने भन्ने अर्थ गर्न मिल्ने अवस्था रहदैन ।

- विशेष अदालतबाट प्रस्तुत मुद्दामा भएको फैसला (ठहर खण्ड पेज नं. १३६) मा प्रतिवादीहरूले यो काम गरे बापत यसरी यति रकम घुस रिसवत लिएको भन्ने अभियोग दावी नभएता पनि यी प्रतिवादीहरूको काम कारवाहीबाट ठेकेदार कम्पनीलाई गैरकानूनी नाफा र प्रहरी कल्याण कोषलाई गैर कानूनी हानी पुग्न गएको देखिन्छ । सो गैरकानूनी हानी नोक्सानी हुनु नै यो मुद्दामा भ्रष्टाचार भएको मान्नु पर्ने भनी यसै मुद्दाको अन्य प्रतिवादीहरूको हकमा कसुर ठहर गरी सकेपछि यी प्रतिवादीहरूको हकमा पनि सोही कुरा लागू गरी ठहर गरिनुपर्नेमा यी प्रतिवादीहरूको हकमा दोहोरो मापदण्ड लागू हुने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण छ ।

- प्रहरी महानिरीक्षक कै विशेष निर्देशन र नियन्त्रणमा भैरहेको काममा तलका अधिकृतले अवज्ञा गर्ने अवस्था नहुने, Chain of Command मा चल्ने फौजी संगठनमा तल्ला दर्जाका अधिकृतले व्यक्त गरेको कुराको सुनुवाई नहुने भन्ने आधारहरूको हकमा हेर्दा, प्रहरी महानिरीक्षकले दिएको कानून सम्मत आदेश मात्र तल्ला अधिकृतहरूले पालना गर्नु पर्ने हुन्छ । कानून संमत नभएको आदेश पालन गर्न तल्लो दर्जाको अधिकृत वाध्य हुदैनन् । कसुरजन्य कार्य गर्ने र गर्न लगाउने दुवै दोषी र सजायभागी हुन्छन । Chain of Command सैनिक कारवाहीमा सम्म अनिवार्य रुपमा लागू हुन सक्छ, तर प्रशासनिक तथा आर्थिक काम कारवाहीमा Chain of Command अनुसार माथिल्लो दर्जाको अधिकृतले दिएको आदेश तल्लो दर्जाको अधिकृतले अनिवार्य रुपमा पालन गर्नुपर्ने वाध्यता हुदैन । आदेश पालन गरी अनियमित र कानून विपरितको कार्य गर्ने गराउने कार्यमा संलग्न सवै प्रहरी अधिकृतहरू दोष भागी हुन्छन् भन्ने यथार्थलाई विशेष अदालतले समेत स्वीकार गरी प्रस्तुत मुद्दाको फैसलाको (१५० पृष्ठको) अन्तिम खण्डमा प्रहरी प्रधान कार्यालयले पनि शान्ति सुरक्षा बाहेक अन्य आर्थिक र प्रशासनिक काम कारवाही गर्दा सरकारी वकीलसँग कानूनी परामर्श लिने कार्य गर्नु गराउनु भनी प्रहरी प्रधान कार्यालय समेतको नाममा कानूनी निर्देश जारी हुने ठहर्छ भनि उल्लेख गरिएबाट पनि आर्थिक र प्रशासनिक विषयमा भएको अनियमित र गैरकानूनी कार्य गरी भ्रष्टाचार भएको सन्दर्भमा फौजी संगठनमा फौजी काम कारवाहीमा मात्र आकर्षित हुने Chain of Command भन्ने शब्दको गलत व्याख्या गरी दिनेश के.सी. लगायतका ३१ जना प्रतिवादीहरूलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण छ ।
- सफाई पाउने ठहऱ्याइएका प्रतिवादीहरू समेतको मिलेमतो र संलग्नतामा शुरु लागत अनुमान तयार गर्ने अवस्था देखि नै यस कार्यमा संलग्न अन्य जिम्मेवार प्रहरी अधिकृतले कानून बमोजिम गर्नु पर्ने कार्य नगरी प्रहरी प्रमुखले दिएको मौखिक आदेशलाई स्वीकार गरी कानूनी प्रावधान विपरित ठेकेदारले दिएको दरभाउ पत्र अनुसार दररेट तोक्ने, लागत अनुमान तयार गर्ने, लागत अनुमान संशोधन गर्ने, आफ्नो जिम्मामा भएको कागजातहरू ठेकेदार कम्पनीलाई फाइदा र प्रहरी कल्याणकोषलाई हानी पुग्ने गरी सच्याउन दिने, अनियमित भुक्तानीको प्रकृया अगाडी बढाउने, भुक्तानीको लागि सिफारिस गर्ने र भुक्तानी दिने कार्यमा समेत संलग्न हुने प्रतिवादीहरूलाई समेत आरोपपत्रको मागदावीबाट सफाई दिने गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण छ ।
- प्रहरी ऐन र नियमावलीले नै अधिकार र दायित्व सुम्पेका प्रहरी अधिकृतहरूले सुरक्षा सम्बन्धी काम बाहेक अन्य आर्थिक र प्रशासनिक कार्यहरू सम्पन्न गर्दा अन्य ऐनहरूमा भएको कानूनी व्यवस्थाको पनि पालना गर्नुपर्ने हुन्छ । सार्वजनिक

खरिद ऐन अन्तर्गत गरिने सम्पूर्ण खरिद प्रकृयाहरू सामूहिक जिम्मेवारी अन्तर्गत पर्दछन । प्रस्तुत मुद्दामा सुडान मिसनको लागि सामान खरिद गर्ने गराउने कार्य पनि सामूहिक जिम्मेवारी अन्तर्गत सम्पन्न गरिएको कुरा उक्त खरिद प्रकृया अगाडि बढाउन विभिन्न समिति, उप समिति गठन गरी सो समिति र उप समितिले दिएको प्रतिवेदन र सिफारिसको आधारमा गरिएकोबाट प्रष्ट हुन्छ । यसरी सामुहिक दायित्व र जिम्मेवारी अन्तर्गत गरिएको कार्य कानून विपरित गरिएको कसुरजन्य कार्य भएको ठहर भैसकेपछि खरिद प्रक्रियामा संलग्न प्रतिवादीहरू मध्ये केहिलाई कसुरदार ठहर गरी दिनेश के.सी. समेतका ३१ जनालाई सफाई दिने ठहऱ्याइएको फैसला सो हदसम्म त्रुटिपूर्ण छ ।

- असल नियतले गरेको कामको बचाउ प्रहरी ऐन २०१२ को दफा ३७ ले गरेको भएतापनि सफाई पाउने प्रतिवादीहरूको कार्य असल गरेको देखियो भन्ने कुनै पनि आधारहरू फैसलामा उल्लेख गरिएको पाइदैन । त्यसै गरी सुरक्षा वन्दोवस्तीका सामानको लागत अनुमान ठेकेदारले पेश गरेको दरभाउ पत्रको आधारमा तर्जुमा गर्ने, अस्वभाविक लागत अनुमान बढाउन प्रतिवेदन पेश गर्ने, आफ्नो जिम्मामा रहेको दरभाउ पत्र सच्याउन दिने, अनियमित भुक्तानीको लागि प्रकृया अगाडी बढाउने, सिफारिस गर्ने, सम्झौता विपरित ठेकेदारले आपूर्ति गरेका सामानहरू UN बाट Verfication नहुँदै भुक्तानीको तालिका मिति परिवर्तन गरी भुक्तानी दिन सिफारिस गर्ने, भुक्तानी नै दिने लगायतका कार्यहरू असल नियतले गरिएका हुन् भन्ने स्पष्ट आधार उल्लेख नगरी प्रतिवादीहरूलाई सफाई दिने ठहऱ्याई भएको फैसला त्रुटिपूर्ण छ ।
- विशेष अदालतबाट सफाई दिने ठहर भएका प्रतिवादीहरू तल्लो दर्जाका प्रहरी कर्मचारी होइनन् । प्रतिवादीहरू मध्ये दिपक सिंह थाङदेन, अर्जुनजंग शाही, दिपेन्द्र बहादुर विष्ट, श्याम सिंह थापा, मदन बहादुर खड्का लगायतका केही प्रतिवादीहरू विशिष्ट श्रेणीका प्रहरी अधिकृत हुन भने अन्य प्रतिवादीहरू पनि माथिल्लो दर्जाका प्रहरी अधिकृतहरू हुन । प्रस्तुत मुद्दामा भएको फैसलाको ठहर खण्ड (पेज नं. १३३) मा अरुलाई दोष दिएर आफु उम्कन खोज्नु विशिष्ठ श्रेणीको जिम्मेवार पदाधिकारीलाई मिल्ने देखिएन भनी स्पष्ट रुपमा बोलिएकोमा सोही मापदण्ड अन्य विशिष्ठ श्रेणीका प्रतिवादीहरूको हकमा अवलम्बन नगरी महानिरीक्षकको आदेशले काम गरेको भनी सफाई दिने ठहऱ्याएको फैसला त्रुटिपूर्ण छ ।

६. आयोगलाई अख्तियारको दुरुपयोग सम्बन्धमा अनुसन्धान तहकिकात एवं मुद्दा दायर गर्ने पूर्ण अधिकार संविधानले प्रदान गरेको अवस्थामा सो अधिकारमा संकुचन हुने गरी भएको विशेष अदालतको निर्देशनात्मक आदेश संवैधानिक व्यवस्था प्रतिकूल हुँदा सो निर्देशनात्मक आदेश समेत बदर एवं निष्कृय गरी पाउ ।

१३ इलाम जिल्ला साखेजुङ्ग गा.वि.स.वडा नं. १ घर भै हाल का.म.न.पा.वडा नं. ९ बस्ने नापी विभागको नापी अधिकृत पदमा कार्यरत बलम कुमार बस्नेत .....

सप्तरी जिल्ला पकरी गा.वि.स.वडा नं. ९ घर भै नापी कार्यालय, चावहिलको सर्भेक्षक पदमा कार्यरत ब्रजभान यादव .....

सप्तरी जिल्ला हरिहरपुर गा.वि.स.वडा नं ९ घर भै नापी कार्यालय, पाल्पाको नापी निरिक्षक पदमा कार्यरत ललित नारायण चौधरी .....

काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ४ घर भै नापी कार्यालय, चावहिलको खरिदार पदमा कार्यरत विन्दु शाह .....

सिन्धुपाल्चोक जिल्ला जन्म भै हाल का.म.न.पा.वडा नं. ७ चावहिल बुलबुले टोल वस्ने नापी कार्यालय, चावहिलको खरिदार पदमा कार्यरत तारा लामा ....

मुद्दा : कार्यालयमा रहेका सरकारी कागजात सच्याई सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरी भ्रष्टाचार गरेको ।

फैसला मितिः २०६८।११।१४

आयोगको दावी र विशेष अदालतको फैसलाः

उल्लेखित विपक्षीहरू भएको प्रस्तुत मुद्दामा रामनाथ मिश्र समेत सवै प्रतिवादीहरू उपर कार्यालयमा रहेको सरकारी कागजात सच्याई सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसुर गरेकोमा सोही दफा बमोजिम सजाय मागदावी लिइएकोमा विशेष अदालतबाट फैसला हुँदा प्रतिवादी रामनाथ मिश्रको हकमा मागदावी बमोजिम सजाय गरी अन्य प्रतिवादीहरू उपर दफा २२ बमोजिमको कसुर कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम प्रतिवादीहरू बलम कुमार बस्नेत, बज्रभान यादव, ललितनारायण चौधरी, विन्दुशाह र तारा लामालाई मतियार ठहराई आधा सजाय गर्ने गरी फैसला भएको ।

फैसलाका आधारहरूः

- विवादित कित्ता जग्गाहरूको फिल्डवुकको २०४२ सालमा लिइएका माइकोफिल्ममा नसच्चिएको अवस्थामा रहेकोमा मिति २०६४।१२।२४, मिति २०६५।३।२७, मिति २०६५।५।६ र मिति २०६६।९।२१ मा गरिएको प्रमाणित फिल्डवुकको किसान जग्गा धनि र विरह महलमा समेत व्यहोरा थपिएको अवस्थामा प्रतिवादीहरूले उतार र प्रमाणित गरिदिएको र कार्यालय प्रमुखबाट प्रमाणित समेत गरेको देखिन आएन ।
- सरकारी जग्गा दर्ता गराउन खोज्ने प्रतिवादी रामनाथ मिश्र समेतको मिलेमतोमा पछि व्यहोरा थपिएको फिल्डवुक उतार गर्ने, रुजु गर्ने तथा प्रमाणित गर्ने समेतको

कार्य गरी जग्गा दर्ता गर्न प्रमाण तयार गर्ने गराउने प्रतिवादी रामनाथ मिश्र समेतलाई सहयोग पुऱ्याएको देखिएको ।

- प्रतिवादी बल्लभ कुमार बस्नेत, बज्रमान यादव, ललितनारायण चौधरी, विन्दु शाह र तारा लामा समेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम मुख्य कसुरदारलाई भएको सजांयको आधा सजाय हुने ।

पुनरावेदनका आधारहरू:

- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ मा "सरकारी निकाय वा सार्वजनिक संस्थाको कागजातमा अनाधिकार वा गैह्रकानूनी तरिकाले सच्याउने, केरमेट गर्ने थपघट गर्ने वा हेरफेर गर्ने राष्ट्रसेवक वा अन्य व्यक्तिलाई कसुरको मात्रा अनुसार ३ महिना देखि २ वर्षसम्म कैद र ५० हजार रुपैयासम्म जरिवाना हुनेछ ।" भन्ने कानूनी व्यवस्था छ । सोही ऐनको दफा २२ मा "यस ऐनमा अन्यत्र छुट्टै व्यवस्था भएकोमा बाहेक यस ऐन अन्तर्गत सजाय हुने कुनै कसुरको मतियारलाई त्यस्तो कसुर गर्ने राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ" भन्ने उल्लेख भएबाट प्रतिवादीहरूले नेपाल सरकारलाई हानी पुऱ्याउने र रामनाथ मिश्र लगायतका व्यक्तिलाई फाइदा पुग्ने बदनियतले अनाधिकार वा गैरकानूनी कार्य गरेको देखियो । नापी कार्यालयमा सक्कल अभिलेखको रुपमा रहेको फिल्डवुक सोही कार्यालयमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको सहयोग र संलग्नता विना सजिलै रुपमा व्यहोरा सच्याउने तथा रेकर्ड प्रमाण उतार गर्ने कार्य असंभव नै हुन्छ । यसरी तत्कालिन समयमा उक्त कार्यालयमा कार्यरत रही फिल्डवुक जिम्मा लिने कर्मचारीहरूलाई फिल्डवुकको व्यहोरा सच्याउने रेकर्ड प्रमाण उतार गर्ने र प्रमाणित गर्ने कार्यमा प्रत्यक्ष रुपमा संलग्न प्रतिवादीहरूलाई केवल मतियारको रुपमा आधा सजाय मात्रै हुने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सबै प्रतिवादीहरूलाई आरोपपत्रको मागदावी अनुसार हदैसम्मको सजाय गरीपाउँ ।
- विमलराज भट्टराईले मालपोत कार्यालय, चावहिलमा जग्गा दर्ता प्रयोजनका लागि मिति २०६५।८।११ र मिति २०६६।७।११ मा पेश गरेको फिल्डवुकको नक्कलको प्रतिलिपिबाट चपली भद्रकाली ५(ख) कि.नं. १६० क्षेत्रफल ४७-१५-२-० को जग्गा साविक फिल्डवुकको किसानको महलमा पर्ती, जग्गाधनी महलमा खाली जनिई सरकारी पर्ती जग्गाको रुपमा नेपाल सरकारको नाममा दर्ता भएको जग्गामा नापी कार्यालय, चावहिलबाट किसानको व्यहोरा भन्ने महलमा "का.ई. बानेश्वर बस्ने विमलराज भट्टराईको दर्ता हो" भन्ने व्यहोरा थपी थप्न लगाई प्रतिवादी तारा लामाले मिति २०६५।३।२७ मा नक्कल उतार गरी सर्भेक्षक ब्रजमान यादवले सोही मितिमा प्रमाणित गरिदिएको साथै पुनः सोही जग्गाको फिल्डवुकको उतार खरिदार विन्दु साहले मिति २०६६।९।२१ मा गरी सोही मितिमा नापी अधिकृत बल्लम कुमार

बस्नेतले प्रमाणित गरिदिएको देखिएको । प्रतिवादी रामनाथ मिश्रले मालपोत कार्यालय, चावहिलमा साविक चावहिल वडा नं. ३ कि.नं. १२८,१७०,१९९,१७३, २०६,१६८,१६९, १३७,२०१ र २०४ का जग्गाहरू आफ्ना नाममा दर्ता गरी पाउन मिति २०६६।५।२ मा दिएको निवेदन साथ पेश गरेको फिल्डवुकको नक्कलको प्रतिलिपिबाट प्रतिवादीहरू खरिदार तारा लामा र विन्दु साहले नक्कल उतार गरी नापी निरीक्षक ललितनारायण चौधरीले मिति २०६४।१२।२४ मा र सर्भेक्षक ब्रजमान यादवले मिति २०६५।५।६ मा प्रमाणित गरिदिएको देखिन आएबाट नापी कार्यालयमा रहेको फिल्डवुक जस्तो सरकारी कागजात प्रतिवादीहरू आफै संलग्न भई बदनियत पूर्वक सच्याउने, उतार गर्ने र प्रमाणित गरी दिने जस्ता गैरकानुनी कार्य गरी नेपाल सरकारको नाममा रहेको पर्ति सरकारी जग्गा नेपाल सरकारलाई हानी पुऱ्याउने र विमलराज भट्टराई र प्रतिवादी रामनाथ मिश्रलाई फाइदा पुग्ने गरी बदनियतपूर्ण तवरले भ्रष्टाचारजन्य कसुरमा संलग्न भएका प्रतिवादीहरूलाई कसुरको मात्रा अर्थात आरोपपत्रको मागदावी बमोजिम सजाय नगरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

- खण्ड (ख) मा लिइएको आधारको सम्बन्धमा हेर्दा प्रस्तुत मुद्दाका अन्य प्रतिवादीहरूबाट सरकारी कार्यालयमा रहेको फिल्डवुक सरकारी कर्मचारी बाहेक कसैले सच्याउन नसक्ने कुरामा विवाद नभएको । यसरी उक्त जग्गाको हैसियतमा परिवर्तन नगरी २०४२ सालमा बनेको माइकोफिल्ममा देखिएको वास्तविक फिल्डवुकमा उल्लेख नै नभएको किसानको व्यहोराको महलमा समेत रामनाथ मिश्र तथा विमलराज भट्टराईको नाममा जग्गा दर्ता गर्न प्रमाण पुऱ्याउने बदनियतले कि.नं. १६० र १७० समेतका जग्गाहरूको फिल्डवुकमा व्यहोरा थप गरी सरकारी जग्गा व्यक्तिहरूको नाममा दर्ता गर्ने गराउने उद्देश्यले नक्कल उतार गर्ने र प्रमाणित गर्ने समेतका कार्यमा संलग्न प्रतिवादीहरूलाई कम सजाय गर्ने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

१४ सप्तरी जिल्ला गाउँ विकास समितिको कार्यालय हनुमाननगरका तत्कालिन मुखिया पदमा कार्यरत देवीलाल राय अमात .....

मुद्दा : बढुवा प्रयोजनको लागि झुठ्ठा शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको ।

फैसला मितिः २०६८।१२।१९।१

आयोगको दावी र विशेष अदालतको फैसलाः

प्रतिवादी देवीलाल राय अमात उपर विशेष अदालत, काठमाडौंमा निजले बढुवाका लागि झुठ्ठा एंव नक्कली टेष्ट परीक्षा पास गरेको प्रमाण पत्र पेश गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको कसूर गरेको देखिदा निज उपर सोही ऐनको दफा १६(१) बमोजिम सजाय गरीपाउन मागदावी लिई आरोपपत्र पेश गरिएकोमा विशेष अदालत,

काठमाडौंबाट फैसला हुँदा प्रतिवादी देवीलाल राय अमातलाई सफाई दिने ठहऱ्याई फैसला भएको ।

फैसलाका आधारहरू:

- प्रतिवादी देवीलाल राय अमातले लक्ष्मीबल्लभ नरसिंह उच्च माध्यमिक विद्यालय, बभनगामाकट्टी, सप्तरीबाट वि.सं. २०५७ सालमा टेष्ट परीक्षा उत्तिर्ण गरी शैक्षिक योग्यताको प्रमाण पत्र प्राप्त गरेको र सो प्रमाण पेश गरेकोमा विवाद देखिदैन ।
- प्रतिवादी देवीलाल राय अमातले अदालत समक्ष बयान गर्दा मेरो प्रमाणपत्र सक्कली हो । पुनः एकपटक अदालतबाट बुझी पाउँ भनी उल्लेख गरे बमोजिम यकिन जवाफ माग गर्दा लक्ष्मीबल्लभ नरसिंह उच्च माध्यमिक विद्यालयको मिति २०६८।५।७ को र जिल्ला शिक्षा कार्यालय, सप्तरीको मिति २०६८।९।११ को पत्रद्वारा देवीलाल राय अमातले २०५७ सालमा टेष्ट परीक्षा उत्तिर्ण गरेको हो भन्ने व्यहोरा प्रमाणीकरण भई आएकोबाट निज प्रतिवादीले पेश गरेको टेष्ट परिक्षाको प्रमाण पत्र नक्कली नभई सक्कली नै भएको तथ्य स्थापित हुन आयो ।
- प्रतिवादी २०५७ सलाको टेष्ट परीक्षामा सम्मिलित भई उत्तिर्ण भएको देखिदा निजले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ ।

पुनरावेदनका आधारहरू:

- प्रतिवादी देवीलाल राय अमातले लक्ष्मीबल्लभ नरसिंह उच्च माध्यमिक विद्यालयबाट टेष्ट पासको नक्कली प्रमाणपत्र बनाई स्थायी जागिर खाइ रहेको भनी आयोगमा मिति २०६५।५।५ मा निवेदन दर्ता भएको र आयोगको मिति २०६५।५।११ को निर्णय अनुसार सो सम्बन्धमा छानविन गर्न जिल्ला प्रशासन कार्यालय, सप्तरीमा लेखी पठाइएकोमा जिल्ला प्रशासन कार्यालय, सप्तरीबाट छानविन र अनुसन्धान कार्य सम्पन्न गरी मिति २०६६।२।२१ को पत्रद्धारा प्रमुख जिल्ला अधिकारीको राय टिप्पणी सहित आयोगमा मिसिल प्राप्त भएको देखिन्छ । प्रमुख जिल्ला अधिकारीले गरेको प्रारम्भिक अनुसन्धानबाट प्रतिवादीको शैक्षिक प्रमाणपत्र टेष्ट पासको नक्कली देखिनुको साथै नागरिकता समेत उमेर घटाई विवरण ढाँटी दोहोरो लिएको भन्ने देखिन आएको छ । यसरी प्रतिवादीले योजनाबद्ध रुपमा नक्कली प्रमाणपत्रको आधारमा स्थायी जागिर लामो समयसम्म खाने बदनियतपूर्ण उद्देश्य राखी उक्त कसूरजन्य कार्य गरेको स्पट रुपमा देखिन आएको छ । सो तर्फ कुनै विवेचना नै नगरी गरिएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।
- प्रतिवादी देवीलाल राय अमातले मौकामा र अदालतमा समेत बयान गर्दा मैले टेष्ट पासको सर्टिफिकेट प्रयोग गरी बढुवा पाएको होइन । म कार्य क्षमताको आधारमा २०५१ सालमा बढुवा भएको हो, मैले झुट्ठा प्रमाणपत्र पेश गर्ने भए २०५१ सालमा नै गर्ने थिए भनी कसुरमा पूर्ण इन्कार हुन खोजे पनि निज प्रतिवादीले २०६४ सालमा गाउँ विकास

समितिको कार्यालयमा खुलेको मुखिया पदमा आन्तरिक प्रतिस्पर्धामा भागलिने क्रममा निजले आफुले २०५७ सालमा पास गरेको भनेको टेष्ट परीक्षाको प्रमाण पत्र पेश गरी सोही प्रमाण पत्रको आधारमा मुखिया पदमा नियुक्ती पाएको देखिन्छ । निज २०५१ सालमा टेष्ट परिक्षा पास नहुँदै कार्य क्षमताको आधारमा मुखिया पदमा अस्थायी रुपमा नियुक्ती भएको भएपनि स्थायी नियुक्ति प्राप्त गर्नको लागि आवश्यक परेको टेष्ट परीक्षा उत्तिर्ण गरेको प्रमाण पत्र निजले २०६४ सालमा कार्यालयमा पेश गरी रहेको देखिदा देखिदै निजले कसुरबाट जोगिन सकिन्छ कि भनी उक्त टेष्ट पासको सर्टिफिकेटबाट कुनै फाइदा लिएको छैन भनी व्यहोरा समेत ढाँटी बयान गरेको प्रष्ट हुन्छ । प्रतिवादीको उद्देश्य, निजले गरेको कार्य र निजको मौकाको तथा अदालत समक्षको बयान व्यहोरा समेतको विवेचनानै नगरी एउटै विषयमा पटक पटक फरक फरक व्यहोराको जवाफ पठाउने विना प्रमाण र विना आधारको विद्यालयको पत्र जवाफलाई मुख्य प्रमाण मानी प्रतिवादीलाई अभियोग दावीबाट सफाई दिने ठहऱ्याएको विशेष अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

- प्रतिवादीले पेश गरेको २०५७ सालको टेष्ट परीक्षा उत्तिर्ण गरेको भन्ने प्रमाणपत्रको सम्बन्धमा सम्बन्धित विद्यालय लक्ष्मीबल्लभ नरसिंह उच्च माध्यमिक विद्यालय बभनगामाकट्टी, सप्तरीले मिति २०६६।२।१८ मा पठाएको पत्रमा २०५७ सालको टेष्ट परीक्षामा सम्मिलित भएको परीक्षार्थीहरूको अभिलेखमा देवीलाल राय अमात भन्ने विद्यार्थी नरहेको भन्दै प्रतिवादीले पेश गरेको स्थानान्तर प्रमाणपत्रको अभिलेख यस विद्यालयमा नभएको भनी स्पष्ट रुपमा प्रतिवादीले पेश गरेको टेष्ट पासको प्रमाणपत्र नक्कली तथा कीर्ते हो भनी जवाफ पठाएको देखिन्छ । प्रतिवादीले यस आयोग समक्ष बयान गर्दा आफुले शुल्क तिरेको रसिद/प्रवेश पत्र समेत प्राप्त गरेको भनी सोको प्रतिलिपि समेत पेश गरेकोमा सो सम्बन्धमा सम्बन्धित उच्च माध्यमिक विद्यालयलाई सोधिएको पत्रको जवाफमा मिति २०६७।२।४ मा लक्ष्मी बल्लभ नरसिंह उच्च माध्यमिक विद्यालयले प्रवेश पत्र तथा शुल्क तिरेको रसिद यसै विद्यालयको जस्तो भए पनि प्रंवेश पत्रमा भएको हस्ताक्षर तत्कालीन प्रधानाध्यापकले आफ्नो हस्ताक्षर होइन भनेको । पेश गरिएको रसिदको विद्यालय प्रति धमिराले खाएको भनी जवाफ पठाएकोबाट प्रतिवादीले पेश गरेको प्रमाण प्रवेश पत्र तथा शुल्क तिरेको रसिदबाट निजले २०५७ सालमा उक्त विद्यालयबाट टेष्ट परिक्षा दिएको रहेछ भन्ने तथ्य स्थापित हुन सकेको देखिदैन ।
- विशेष अदालतबाट प्रतिवादीले पेश गरेको प्रमाण पत्रको सम्बन्धमा लक्ष्मीबल्लभ नरसिंह उच्च माध्यमिक विद्यालयलाई जवाफ पठाउन लेखी पठाएको सम्बन्धमा मिति २०६७।१२।१५ को पत्रद्धारा देवीलाल राय अमातले २०५७ सालमा टेष्ट परिक्षा उत्तिर्ण गरेको भन्ने र पुनः सो मिति भन्दा पछि अर्थात मिति २०६८।१।२९ को पत्रद्धारा देवीलाल राय अमातले टेष्ट परिक्षा पास गरेको भनी पेश गरेको प्रमाण पत्रमा वि.एन.झा.को निमित्त प्रधानाध्यापक भनी २०६१।१।५ मा सहि भएको तर निजले २०५९ सालमा नै अनिवार्य अवकाश प्राप्त गरी सकेका व्यक्ति हुन् भनी आधार कारण सहित देवी लाल राय अमातले

पेश गरेको प्रमाण पत्र झुट्ठा भएको भन्ने व्यहोरा उल्लेख गरी पत्र पठाएको देखिन्छ । विशेष अदालतबाट यी दुवै पत्र फरक फरक व्यहोराको देखिएको भनी पुनः अभिलेख हेरी एकिन जवाफ पठाउन लेखी पठाएकोमा उक्त विद्यालयबाट मिति २०६८।५।७ मा पहिला आफुले देवीलाल राय अमातले पेश गरेको प्रवेश पत्रलाई तत्कालिन प्रधानाध्यापकले आफ्नो सही नभएको भनी लेखी पठाइएकोमा रहेकोमा सोही प्रवेशपत्र समेतको आधारमा २०५७ सालमा यस विद्यालयबाट टेष्ट परीक्षा पास गरको हो भनी पठाएको पत्र समेतको आधारमा विशेष अदालतबाट सम्पूर्ण प्रमाणहरूको यथोचित मूल्यांकन तथा विश्लेषण नगरी विद्यालयले यो यस्तो रेकर्ड फेला परेकोबाट टेष्ट परीक्षा दिएको प्रमाणित भएको भन्ने कुनै एकिन र विश्वासिलो जवाफ नदिदा नदिदै पनि परस्पर बाझिएका पत्रजवाफहरू मध्ये प्रतिवादीलाई फाइदा पुग्ने पत्रलाई आधार बनाई विशेष अदालतबाट प्रतिवादीले २०५७ सालमा टेष्ट परीक्षा उत्तिर्ण गरेको देखिएको भनी निजलाई अभियोग दावीबाट सफाई दिने ठहऱ्याएको फैसला त्रुटीपूर्ण हुँदा बदर गरी प्रतिवादीलाई आरोपपत्र मागदावी बमोजिम सजाय गर्ने ठहर फैसला गरी पाउ ।

- जिल्ला शिक्षा कार्यालय, सप्तरीबाट प्रतिवादीले २०५७ सालमा टेष्ट परीक्षा दिएको नदिएको सम्बन्धमा यकिन जवाफ पठाउन विशेष अदालतबाट पत्राचार गरिएकोमा उक्त कार्यालयबाट २०५७ सालमा भएको टेष्ट परीक्षा दिने विद्यार्थीहरूको रेकर्ड हेरी जवाफ दिएको नदेखिई विवादास्पद जवाफ पठाइ रहेको विद्यालयको पत्रलाई नै आधार मानी जिल्ला शिक्षा कार्यालय, सप्तरीले पत्र पठाएको देखिदा उक्त कार्यालयले स्वतन्त्र रुपमा प्रतिवादी देवीलाल राय अमातले टेष्ट परीक्षा पास गरेको रेकर्डबाट पुष्टि भएको नभनी रहेको अवस्थामा सो कार्यालयको मिति २०६८।९।११ को पत्रद्वारा प्रमाणीकरण भएको भन्ने समेत ग्रहण गरी गरिएको फैसला आधार स्वतः त्रुटिपूर्ण छ ।
- प्रतिवादी देवीलाल राय अमातले जुन विद्यालयबाट २०५७ सालमा टेष्ट परीक्षा पास गरेको भनेको हो, सोही विद्यालयमा कार्यरत शिक्षक लक्ष्मीप्रसाद राउतलाई बुझीपाउँ भन्ने निजको भनाई रहेकोमा लक्ष्मीप्रसाद राउत वरइले अनुसन्धानको क्रममा बयान गर्दा म २०५० सालदेखि लक्ष्मीबल्लभ नरसिंह उच्च माध्यमिक विद्यालयमा कार्यरत रहेको छु, प्रतिवादी देवी लाल राय अमात उक्त विद्यालयमा विद्यार्थीको रुपमा पढन आएको, टेष्ट परीक्षा दिएको आफुलाई जानकारी नभएको भनी स्पष्ट रुपमा उल्लेख गरिदिएबाट निज प्रतिवादी देवीलाल राय अमातको जिकिर पुष्टि नभएको । विद्यालयबाट परीक्षा दिएको भन्ने पुष्टि गराउन निजले पेश गरेको रसिदको अर्धकट्टी फेला नपरेको, निजले प्राप्त गरेको टेष्ट परीक्षाको प्रवेश पत्रमा भएको हस्ताक्षर तत्कालिन प्रधानध्यापकले आफ्नो हस्ताक्षर होइन भनी रहेको । टेष्ट परीक्षा पास गरेको अभिलेखमा समेत निजको नाम नरहेको भन्ने विद्यालयको भनाई खण्डित हुने थप प्रमाण फेला नपरेको । प्रमाणपत्रमा २०६१।१।५ मा निमित्त प्र.अ.भनी सही गर्ने वि.एन.झा. २०५९ सालमा नै अवकाश भएको भन्ने प्रमाण मौजुद हुँदाहुँदै थप कुन प्रमाणको आधारमा प्रतिवादीले टेष्ट परिक्षा पास गरेको देखियो

भन्ने लक्ष्मीबल्लभ नरसिंह उच्च माध्यमिक विद्यालयले नखुलाई रहेको अवस्थामा उक्त विद्यालयको विवादास्पद २०६८।५।७ को पत्रको आधारमा मात्र निजले टेष्ट परीक्षा पास गरेको रेकर्डबाट प्रमाणित भएको भन्न नमिल्नेमा विशेष अदालतबाट उक्त विरोधाभाष विवादस्पद पत्र जवाफलाई आधार मानी सफाई दिने ठहऱ्याई गरिएको फैसला बदरभागी छ ।

(ख) विशेष अदालतबाट भएका फैसलाहरू उपर यस आयोगबाट दायर भएका पुनरावेदनहरूः-

- का.जि.,का.म.न.पा.वडा नं.३३ घर भई हाल स्थानीय विकास मन्त्रालय अन्तर्गत दुर्गम क्षेत्र विकास समिति श्रीमहल पुल्चोक, ललितपुरमा शाखा अधिकृत पदमा कार्यरत गोविन्द प्रसाद पन्त .....

  तनहुँ जिल्ला, मनपाङ्ग गा.वि.स.वडा नं. ६ घर भई हाल स्थानीय विकास मन्त्रालय अन्तर्गत दुर्गम क्षेत्र विकास समिति श्रीमहल पुल्चोक, ललितपुरमा शाखाअधिकृत पदमा कार्यरत दीपक थापाक्षेत्री .....

  तनहुँ जिल्ला, सतिस्वारा गा.वि.स.वडा नं. १ घर भई हाल स्थानीय विकास मन्त्रालय अन्तर्गत दुर्गम क्षेत्र विकास समिति श्रीमहल पुल्चोक, ललितपुरमा उप सचिव पदमा कार्यरत कृष्णनाथ खनाल .....

  का.जि., का.म.न.पा.वडा नं. १९ घर भई हाल स्थानीय विकास मन्त्रालय अन्तर्गत दुर्गम क्षेत्र विकास समिति श्रीमहल पुल्चोक, ललितपुरमा लेखा अधिकृत पदमा कार्यरत राधादेवी श्रेष्ठ .....

  प्यूठान जिल्ला, धरम्पानी गा.वि.स.वडा नं. ९ घर भई हाल स्थानीय विकास मन्त्रालय अन्तर्गत दुर्गम क्षेत्र विकास समिति श्रीमहल, पुल्चोक, ललितपुरमा इन्जिनियर पदमा कार्यरत युवराज पौडेल .....

  तनहुँ जिल्ला, व्यास नगरपालिका वडा नं. ८ घर भई हाल स्थानीय विकास मन्त्रालय अन्तर्गत दुर्गम क्षेत्र विकास समिति श्रीमहल पुल्चोक ललितपुरमा शाखा अधिकृत पदमा कार्यरत बसन्त प्रसाद पौडेल .....

  का.जि.,का.म.न.पा.वडा नं. ३५ घर भई हाल स्थानीय विकास मन्त्रालय अन्तर्गत दुर्गम क्षेत्र विकास समिति श्रीमहल पुल्चोक ललितपुरमा शाखा अधिकृत पदमा कार्यरत महेन्द्रकुमार श्रेष्ठ .....

  महोत्तरी जिल्ला पोखरीय गा.वि.स.वडा नं. ५ घर भई हाल स्थानीय विकास मन्त्रालय अन्तर्गत दुर्गम क्षेत्र विकास समिति श्रीमहल पुल्चोक ललितपरमा सिनियर डिभिजनल इन्जिनियर पदमा कार्यरत रामकुमार लालकर्ण .....

का.जि.का.म.न.पा.वडा नं. १६ घर भई तत्काल स्थानीय विकास मन्त्रालयका सहसचिव एवं दुर्गम क्षेत्र विकास समिति श्रीमहल पुल्चोकका तत्कालिन सदस्य सचिव भई हाल अवकाश प्राप्त विष्णुनाथ शर्मा .....

प्यूठान जिल्ला राम्दी गा.वि.स.वडा नं. १ घर भई स्थानीय विकास मन्त्रालय अन्तर्गत दुर्गम क्षेत्र विकास समिति श्रीमहल पुल्चोकको तत्कालिन उपसचिव हाल अवकाश प्राप्त डुक वहादुर रोक्का .....

जिल्ला मुगु नार्थपु गा.वि.स.वडा नं. ३ घर भई स्थानीय विकास मन्त्रालय अन्तर्गत दुर्गम क्षेत्र विकास समिति श्रीमहल पुल्चोक ललितपुरका तत्काल उपाध्यक्ष हाल अवकाश प्राप्त चन्द्र बहादुर शाही .....

तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. ८ घर भई हाल स्थानीय विकास मन्त्रालय अन्तर्गत दुर्गम क्षेत्र विकास समिति श्रीमहल पुल्चोक ललितपुरमा इन्जिनियर पदमा कार्यरत वर्ष ४९ को विजयराज खनाल.....

मुद्दा : रकम असुल (निर्णय बदर) ।

फैसला मितिः २०६८।७१७

आयोगको दावी र विशेष अदालतको फैसलाः

उपर्युक्त प्रतिवादीहरूले विशेष अदालत, काठमाडौंमा पुनरावदेन दायर गर्नु भएको सम्बत २०६६ सालको स.फौ.नं. ९३-०६६-०००१६ र स.फौ.नं. ९३-०६६-०००१८ को प्रस्तुत रकम असुल (निर्णय बदर) मुद्दामा उक्त अदालतबाट फैसला भएको ।

फैसलाका आधारहरूः

- आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम १७९(३) मा अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, समारोह, निमन्त्रणा, बार्ता वा वैठकमा जाँदा पकेट खर्च पाउने व्यवस्था भैरहेकोमा सोही बमोजिम पकेट खर्च लिएको स्थितिमा विधिवत रुपमा टिप्पणी उठाई कर्मचारीहरूलाई भुक्तानी गरेको पकेट खर्चको रकम निजहरूले भुक्तानी लिन पाउने नपाउने बारे लेखा परीक्षण गर्ने साधिकार निकायबाट लेखा परीक्षण भई बेरुजु देखिन आए बेरुजु असुल उपर गर्ने कानूनी प्रकृया अनुसार असुल उपर हुन सक्ने अवस्थाको विद्यमानता रहे भएको ।
- पुनरावेदकहरूलाई बुझ्दै नबुझी अर्थ मन्त्रालयसँग सोधनी गर्दा भ्रमण खर्च नियमावली, २०६४ अनुसार कुनै मित्र राष्ट्र वा अन्तराष्ट्रिय संस्थाको तर्फबाट खाना बस्नको प्रवन्ध भै अध्ययन/अवलोकन भ्रमणमा आउने पदाधिकारीलाई पकेट खर्च उपलब्ध गराउन नसकिने भन्ने व्यहोराको पत्रबाट लेखी आए बमोजिम आयोगले पुनरावेदकहरूलाई पकेट खर्च बापतको रकम फिर्ता दाखिला गराउने भनी मिति

२०६६।९।२ मा गरेको निर्णय र सोका आधारमा भएको काम कारवाही समेत प्राकृतिक न्यायको सिद्धान्तको विपरित देखिएको ।

पुनरावेदनका आधारहरू:

- प्रतिवादीहरू दुर्गम क्षेत्र विकास समितिका पदाधिकारी र कर्मचारीहरू रहेको र छिमेकी मित्रराष्ट्र भारतका विभिन्न ठाउमा संचालित विकास मोडलहरू, सेवा कार्यसँग सम्बन्धीत कार्यक्रमको अध्ययन/अवलोकन भ्रमणका लागि मनोनयन भई सो भ्रमणमा गई प्रतिव्यक्ति २५ अमेरिकी डलर पकेट खर्च बापत भुक्तानी लिएको तथ्य निर्विवाद छ ।
- पकेट खर्चको सम्बन्धमा अर्थ मन्त्रालयबाट भ्रमण खर्च नियमावली, २०६४ अनुसार कुनै मित्रराष्ट्र वा अन्तराष्ट्रिय संस्थाको तर्फबाट खाना बस्नको प्रवन्ध भै अध्ययन/अवलोकन भ्रमणमा जाने पदाधिकारीलाई पकेट खर्च उपलब्ध गराउन नसकिने भन्ने व्यहोरा लेखी आएको हुँदा पकेट खर्च बापत लिएको रकम फिर्ता गराउनु पर्ने देखिएको भन्ने नेपाल सरकारबाट मिति २०६६।८।५ मा निर्णय भएको भन्ने समेत व्यहोराको स्थानिय विकास मन्त्रालयको मिति २०६६।८।७ को पत्रबाट लेखी आएको । भ्रमण खर्च नियमावली, २०६४ को नियम १४(८) बमोजिम पकेट खर्च नपाउने अवस्थामा पकेट खर्च लिएको हुँदा विपक्षी प्रतिवादीहरूले कानूनतः नपाउने पकेट खर्च बापतको रकम भुक्तानी लिई नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याउने कार्य गरेको देखिई उक्त रकम सम्बन्धीत कर्मचारीहरूबाट भरी भराउ गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क बमोजिम आयोगले मिति २०६६।९।२ मा निर्णय गरी स्थानिय विकास मन्त्रालयमा लेखी पठाइएको हुँदा आयोगको सो निर्णय बदर गर्ने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ ।
- अनुसन्धान तहकिकातको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क बमोजिमको आवश्यक आदेश वा निर्देशन दिनुपर्ने देखिएमा सो आदेश वा निर्देशन दिनसक्ने कानूनी व्यवस्था बमोजिम आयोगबाट पकेट खर्च बापत भुक्तानी लिएको रकम भरी भराउ गर्नका लागि निर्णय गरी लेखी पठाईएको हुँदा प्रतिवादीहरूलाई नबुझेको भन्ने आधार ग्रहण गरी आयोगको मिति ०६६।९।२ को निर्णय बदर गर्ने गरी भएको फैसला त्रुटिपूर्ण रहेको देखिन्छ ।
- शुरु अदालतबाट आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम १७९ (३) मा अन्तराष्ट्रिय सम्मेलन, सेमिनार, समारोह, निमन्त्रणा, बार्ता वा वैठकमा जाँदा पकेट खर्च पाउने व्यवस्था भई रहेको भन्ने निर्णयाधार ग्रहण गरिएको पाईन्छ । जवकी एकातिर उक्त नियममा अध्ययन/अवलोकन भ्रमणमा जानेले पकेट खर्च नपाउने स्पष्ट व्यवस्था भएको देखिन्छ भने अर्कोतिर कुनै मित्रराष्ट्र वा अन्तरराष्ट्रिय संस्थाबाट खान वस्नको लागि प्रवन्ध भै भ्रमणमा जाने पदाधिकारीलाई पकेट खर्च उपलब्ध नगराउने अर्थ मन्त्रालयबाट लेखी

आएको व्यहोरालाई कानूनतः अन्यथा भन्न सक्ने अवस्था नदेखिएको हुँदा अर्थ मन्त्रालयको व्यहोरा भ्रमण खर्च नियमावली, २०६४ मा भएको व्यवस्थासँग मेल खाएको अवस्था तर्फ ध्यान नदिई भएको फैसला त्रुटिपूर्ण रहेको प्रष्ट छ ।

- विशेष अदालत, काठमाडौं समक्ष विजयराज खनालले समेत पुनरावेदन गर्नु भएकोमा उक्त अदालतको मिति २०६८।७।१७ को फैसलाको विरुद्ध खण्डमा विजयराज खनालको नाम संलग्न भएको नहुँदा निजको हकमा पुनरावेदन बाँकी राखी अन्यको हकमा मात्र फैसला गरिएको अवस्था देखिन्छ जुन मुलुकी ऐन,अ.बं. १९२ नं.ले समेत त्रुटिपूर्ण रहेको हुँदा उक्त फैसला बदरभागी रहेको प्रष्ट छ ।

२. जिल्ला काठमाडौं का.म.न.पा.वडा नं. ८ पुरानो बानेश्वर वस्ने मोहन बहादुर बस्नेत .....

मुद्दा : निषेधाज्ञायुक्त परमादेश ।

फैसला मितिः २०६८।७।३०

आयोगको दावी र विशेष अदालतको फैसलाः

प्रस्तुत मुद्दाका निवेदकले यस आयोग समेतका विरुद्ध निषेधाज्ञा युक्त परमादेश जारी गरी पाउँ भन्ने रिट निवेदन दायर गरेकोमा पुनरावेदन अदालत, पाटनबाट निषेधाज्ञाको दावीको रिट खारेज हुने र रिट निवेदन मागदावी बमोजिम परमादेश जारी हुने ठहऱ्याई फैसला भएको ।

फैसलाका आधारः

निवेदनमा उल्लेखित कि.नं. ९७ र ९८ को जग्गा सम्बन्धमा पुनरावेदन अदालत, पाटनको मिति २०६६।१।२० को निर्णयलाई दृष्टिगत गरी जो जे गर्नु पर्छ गरी कानून बमोजिम निर्णय गर्नु होला भनि निवेदकहरूको माग बमोजिम आदेश जारी हुने ठहर्छ ।

पुनरावेदनका आधारहरूः

- रिट निवेदकले पुनरावेदन अदालत, पाटनको मिति २०६६।१।२० को फैसला कार्यान्वयन गर्न आयोगबाट रोक लगाएको भन्ने मुख्य दावी रहेकोमा आयोगमा का.म.न.पा.वडा नं. ३२ दमयन्तादेवी श्राद्ध गुठीको जग्गा गुठीबाट नक्कली मोही कायम गरी करौडौको भ्रष्टाचार हुने भएको भनी उजुरी परी आयोगबाट मिति २०६८।४।१८ मा पुनरावेदन अदालत, पाटनको मिति २०६६।१।२० को फैसलामा गुठी जग्गाको जग्गाधनि गुठी संस्थानलाई बुझेको नदेखिएकोले प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल समेत देखिएको कारणबाट उक्त फैसला विरुद्ध न्यायिक उपचारमा जान गुठी संस्थान केन्द्रिय कार्यालयलाई लेखी पठाउने निर्णय भै सो निर्णय उपर यी निवेदक मोहनबहादुर वस्नेतले विशेष अदालत, काठमाडौंमा पुनरावेदन गरेको । यसै विषयमा सर्वोच्च अदालतमासमेत रिट दायर भएको मिसिलबाट देखिएको छ ।

रिट निवेदकले दावी लिएको विषय आयोगबाट निर्णय भै सकेको र उक्त निर्णयले गुठीको जग्गा संरक्षण गर्न अदालतबाट भएको फैसला उपर कानूनी उपचारमा जान सम्बन्धीत निकायलाई लेखी पठाई सकिएको विषयमा परमादेश जारी हुनुपर्ने अवस्था नहुँदा पुनरावेदन अदालत, पाटनको आदेश त्रुटिपूर्ण हुँदा बदर गरी रिट निवेदन खारेज गरीपाँउ ।

गुठी संस्थानलाई विपक्षी नै नबनाई दुई पक्ष बीच मिलिभगतमा दायर भएको मोही कायम गरीपाउँ भन्ने मुद्दामा पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।१।२० मा भएको निर्णय प्राकृतिक न्याय र कानूनी दृष्टिबाट बदरभागी भै फैसला बदर हक कायमको लागि गुठी संस्थानबाट भूमीसुधार कार्यालय, काठमाडौंमा मिति २०६८।५।२१ मा मुद्दा दर्ता भैसकेको स्थितिमा उक्त फैसला अन्तिम रहेको कुरामानै प्रश्न उठी सकेपछि सोही फैसलालाई लिएर पुनरावेदन अदालत, पाटनबाट परमादेश जारी गर्न नै नमिल्ने अवस्था थियो । त्यसमा पनि आयोगको मिति २०६८।४।१८ को निर्णय उपर निवेदकले विशेष अदालत, कठामाडौंमा पुनरावेदन गरी बैकल्पिक बाटो रोजी सकेको स्थितमा रिट नै खारेज गर्नुपर्नेमा जारी हुने गरी भएको आदेश रिटको मान्य सिद्धान्त प्रतिकूल छ ।

३ जिल्ला महोत्तरी जलेश्वर नगरपालिका स्थित महेन्द्र आदर्श महिला माध्यमिक विद्यालय जलेश्वरको लेखापाल जलेश्वर नगरपालिका १० सारी बस्ने विजय कुमार ठाकुर .....

मुद्दा : निर्णय बदर (रकम असुल उपर) ।

फैसला मितिः २०६८।७।१७

आयोगको दावी र विशेष अदालतको फैसलाः

उल्लिखित प्रतिबादी भएको मुद्दामा आ.ब. २०४४ देखि २०४९ सम्मको लेखा परीक्षण प्रतिवेदन अनुसार कायम भएको विगो रू. १,०१,७३८।२४ तत्कालिन लेखापाल विजय कुमार ठाकुरबाट नियमित वा असुल उपर गर्ने गराउने भनि जिल्ला प्रशासन कार्यालय, महोत्तरीलाई लेखी पठाएको उपर लेखापाल विजय ठाकुरको तर्फबाट पुनरावेदन परी विशेष अदालत काठमाडौंबाट फैसला भएको ।

फैसलाको आधारहरूः

- प्रस्तुत विवाद लेखा सम्बन्धि कार्य भई बेरुजुसँग सम्बन्धित रहेको देखिन्छ ।
- बेरुजु सम्बन्धमा के कति रकम तिर्न बुझाउन वा नियमित गर्नु पर्ने हो सो विषयमा तथ्य प्रमाणको आधारमा विवेचना विश्लेषण भई तिर्नु बुझाउनु पर्ने बाँकी रकम असुल उपर हुन सक्ने अवस्था रहेको र त्यस्तो रकम असुल उपर गर्नुपर्ने वा नियमित गर्नुपर्ने कुराहरू आर्थिक कार्यविधि नियमित तथा व्यवस्था गर्न बनेको

आर्थिक कार्यविधि ऐन, २०५५ बमोजिम बेरुजु असुल फछ्यौंट हुन सक्ने अवस्था रहेको ।

पुनरावेदनका आधारहरू:

- विजयकुमार ठाकुरले बयानको क्रममा नै विद्यालयलाई बुझाउन बाँकी रकम सम्बन्धमा नियम कानून अनुसार हुने सबै प्रकृयालाई मान्न मन्जुर छु भनि स्वीकार गरी रहेको अवस्थामा आ.ब. २०४३।०४४ देखि २०४८।०४९ सम्मको लेखा परीक्षण प्रतिवेदन अनुसार लेखिएको आदर्श महिला माध्यमिक विद्यालय जलेश्वरको च.नं. १।०६१।६२ मिति २०६१।५।१० को पत्रानुसार रू. १,०१,७३८।२४ रकम दाखिला गर्न पत्राचार भई रहेको अवस्था छ ।
- आदर्श महिला मा.वि.जलेश्वरका तत्कालिन लेखापाल विजय कुमार ठाकुरको नाममा आ.ब. ०४४ देखि ०४९ सम्मको लेखा परिक्षण प्रतिवेदन अनुसार रू. १,०१,७३८।२४ असूल उपर गर्नुपर्ने बेरुजु देखाई विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार पटक-पटक कारवाही भई निलम्बन समेत भएको अवस्था अनुसन्धान तहकिकातको सिलसिलामा खडा भएको फायल संलग्न कागजहरूबाट देखिदा देखिदै विशेष अदालतले त्यसलाई वेवास्ता गरी फैसला गरेको प्रष्ट छ ।

४ का.जि.का.म.न.पा.वडा नं.८ पुरानो बानेश्वर बस्ने मोहन बहादुर बस्नेत ....

मुद्दा : निर्णय बदर ।

फैसला मितिः २०६८।१२।१९

आयोगको दावी र विशेष अदालतको फैसलाः

प्रत्यर्थी मोहन बहादुर बस्नेतले यस आयोगबाट मिति २०६८।४।१८ मा भएको निर्णय उपर चित्त नबुझाई उक्त निर्णय बदर गरी पाउन विशेष अदालत, काठमाडौंमा पुनरावेदन पत्र दायर गरेकोमा विशेष अदालत, काठमाडौंबाट मिति २०६८।१२।१९ गते आयोगबाट मिति २०६८।४।१८ मा गरिएको निर्णय बदर हुने ठहऱ्याई भएको फैसला ।

फैसलाका आधारहरू:

- साविक महादेवस्थान गा.वि.स.वडा नं. ३क कि.नं. १ र २ को जग्गा जिल्ला अदालत, काठमाडौंको मिति २०४६।१०।५ को फैसलाले दमयन्ती देवी छुट श्राद्ध गुठी कायम हुने ठहरेको र सो फैसला पुनरावेदन अदालत, पाटनबाट २०५२।३।१३ मा सदर भएको ।

- विवादको जग्गामा मोही कायम गरी पाउ भनी पुनरावेदक मोहन बहादुर बस्नेतले कारवाही चलाई पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।१।२० को फैसलाले मोही कायम हुने ठहऱ्याएको ।

- पुनरावेदन अदालतको फैसला अन्तिम भई रहेकोमा उक्त फैसला त्रुटिपूर्ण रहेको भन्ने आयोगको मिति २०६८।४।१८ को निर्णयमा पुनरावेदन सुने सरहका वाक्याशं प्रयोग गरी भए गरेको उक्त निर्णय अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को प्रतिवन्धात्मक वाक्याशको खण्ड (ख) विपरित देखिएको साथै अदालतको फैसला बमोजिम मोही कायम भएका व्यक्तिलाई बुझ्दै नबुझि प्राकृतिक न्यायको सिद्धान्त विपरित निर्णय भए गरेको देखिदा आयोगबाट भएको मिति २०६८।४।१८ को निर्णय बदर हुने ठहर्छ ।

पुनरावेदनका आधारहरू:

- दमयन्ती देवी श्राद्ध गुठी जग्गा धनी र मोहीको महल खाली (गुठी तैनाथी जग्गा) जनिई मालपोत कार्यालयमा दर्ता श्रेस्ता खडा भई गुठीको नाममा जग्गाधनि प्राप्त भएको जग्गामा अदालतबाट मोही कायम गर्ने निर्णय गरिदा जग्गाधनी (गुठी) लाई बुझ्दै नबुझी सुनवाईको मौका नै प्रदान नगरी निर्णय हुन गएको देखिएको र भैरवी वस्नेतले पहिला आफु उक्त जग्गाको मोही भएको भनी निवेदन दिएकी र पछि सोही जग्गा मोहन बहादुरले खन जोत गरी मलाई वाली बुझाएका हुन भनी निवेदन दिएको देखिएबाट निजहरू दुवै व्यक्ति मोहीको दावीकर्ता कसरी वादी प्रतिवादी भए ? सो तर्फ निर्णय फैसलामा विश्लेषण र व्याख्या नगरी निजहरूको मिलेमतोको निवेदनको आधारमा जग्गा धनी गुठी संस्थानलाई बुझ्दै नबुझी मोही कायम गर्ने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।१।२० को फैसला त्रुटिपूर्ण देखिएको हुँदा सो फैसलाबाट आफ्नो हक अधिकार कायम गराउन न्यायिक उपचारमा जान यस आयोगबाट गुठी संस्थान केन्द्रिय कार्यालयलाई निर्देशन दिने निर्णय गरिदा देहायका अवस्थाको विद्यमानता रहेको कुरा निर्णयमा खुलाइएको देखिन्छ ।

  - सावितकमा केदारेश्वर महादेव गुठीको नाममा दर्ता भएका उपरोक्त कि.नं. का जग्गा नदी उकास जग्गा भएको कारण शुरु देखि नै गुठी तैनाथी जग्गाको रुपमा दर्ता भएको र गुठी तैनाथी जग्गामा मोही कायम हुन नसक्ने भन्ने गुठी संस्थान ऐन २०३३ को दफा २ (ञ) मा उल्लेख भएको ।

  - गुठी संस्थानबाट भैरवी वस्नेतलाई उक्त दमयन्तादेवी गुठीको गुठियारमा नियुक्ति समेत नगरेको अवस्थामा गुठियारको हैसियतबाट भैरवी वस्नेतलाई प्रतिवादी वनाई पुनरावेदन अदालत, पाटनमा पुनरावेदन गरिएको तथा गुठीयारको हैसियतबाट भूमिसुधार कार्यालय काठमाण्डौमा मोहन वहादुर

वस्नेतलाई उल्लेखित जग्गामा मोही कायम गराई पाउन मन्जुरी निवेदन समेत दिनुबाट निज दुवै पक्षको मिलोमतोबाट गुठी जग्गा खाने नियत रहेको र गुठी संस्थान ऐन २०३३ को दफा १९ अनुसार गुठीयारका सम्पूर्ण हक अधिकार समाप्त भै गुठी संस्थान अन्तरगतको गुठी तैनाथी जग्गामा गुठीयार बनी खडा गरिएका मुद्दाको आधारमा भएको पुनरावेदन अदालत, पाटनको फैसला त्रुटिपूर्ण छ ।

- दमयन्तादेवी श्राद्ध गुठीको नाममा दर्ता भएका उल्लेखित कि.नं. ९८ र ६३६ समेतका जग्गा मेरो भोगचलनको भएकोले मेरो नाममा मोही कायम गरी पाउ भन्ने व्यहोराको निवेदन भैरवी वस्नेतले गुठी संस्थनमा ०६२।८।७ मा दिएको र भूमि सुधार कार्यालय काठमाण्डौमा उनै भैरवी वस्नेतले उल्लेखित जग्गामा मोहन वहादुर वस्नेतले खनजोत गरी मलाई वाली वुझाएका छन निजलाई मोही कायम गरी दिएमा मेरो मन्जुरी छ भनी ०६५।४।८ मा निवेदन दर्ता गराएको देखिंदा मोहन वहादुर वस्नेत र भैरवी कुमारी वस्नेत वादी/प्रतिवादी हुन सक्ने अवस्था नै देखिंदैन । दुवैको मिलोमतोमा गुठी तैनाथी जग्गामा मोही कायम गराई खाने उद्देश्यबाट मुद्दा गरेको देखिन आएको ।
- पुनरावेदन अदालत, पाटनको ०६७१।२० को फैसलामा गुठी जग्गाको जग्गा धनी गुठी संस्थानलाई वुझेको नदेखिएको र वास्तविक जग्गाधनीलाई बुझ्दै नवुझी गरेको फैसला, प्राकृतिक न्यायको सिद्धान्त प्रतिकुल रहेको ।
- भुमिसुधार कार्यालय, काठमाडौंमा रहेको उल्लेखित जग्गाको लगत (२ नं अनुसूची) मा मोहनवहादुर वस्नेतको नाम नभएको । भूमि सम्वन्धी ऐन २०२१ को दफा २५ (२) अनुसार कसैले कुनै जग्गावालाको जग्गा कुनै शर्तमा कमाए वापत त्यस्तो व्यक्तिलाई सो जग्गामा मोहीयानी हक प्राप्त हुने छैन भनि प्रष्ट रुपमा उल्लेख हुनुका साथै सोही दफाको उपदफा १ र २ मा उल्लेखित शर्तहरू पनि कायम रहेको अवस्था नभई २०६७ सालमा आएर उल्लेखित जग्गामा वाली वुझेको भरपाईको आधारमा मोही कायम हुनु भूमि सम्वन्धी ऐन, २०२१ को प्रतिकुल रहेको देखिन्छ ।

- विवादको जग्गामा मोही कायम हुने ठहऱ्याई पुनरावेदन अदालतबाट फैसला भएको देखिएको भन्ने फैसला आधारको हकमा हेर्दा मोही कायम गरी पाउँ भनी सर्वप्रथम भैरवी बस्नेतले मिति २०६२।८।२७ मा गुठी कार्यालयमा निवेदन दिएकी । पुनः भूमि सुधार कार्यालयमा मोही कायम गराउन निवेदन दिई मोहन बहादुर बस्नेतले उक्त जग्गा कमाई वाली बुझाउने गरेको भनी मोहीको दावी गर्ने व्यक्तिले नै मिलेमतोमा पुनः अर्को व्यक्तिलाई मोही कायम गराई दिने व्यहोराको निवेदन

दिएको । सोही व्यहोरालाई आधारमानी गुठी तैनाथी जग्गामा मोही कायम हुन नसक्ने कानूनी व्यवस्थाको विपरित पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।१।२० मा भएको फैसलाबाट गुठीको अधिकार हनन् भएको देखिएको आधारमा न्यायिक उपचारमा जान गुठी संस्थानलाई निर्देशन दिइएको हो ।

- विशेष अदालतबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (ख) विपरित अदालतको न्यायिक काम कारवाही सम्बन्धमा आयोगले पुनरावेदन सुने सरह पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेको भन्ने वाक्यांश प्रयोग गरी गरेको निर्णय त्रुटिपूर्ण देखिएको भन्ने फैसला आधारको हकमा हेर्दा यस आयोगबाट पुनरावेदन अदालत, पाटनको फैसलालाई पुनरावेदन सुने सरह हेरिएको होइन । कुनै पनि फैसला जो सुकैलाई हेर्न र पढन पाउने अधिकार हुन्छ । गुठीको जग्गा व्यक्तिले खान लागेको भन्ने आयोगमा प्राप्त उजुरीको सन्दर्भमा आयोगबाट अनुसन्धान तहकिकात हुँदा उक्त फैसलाबाट गुठी संस्थानको हक अधिकारमा आधात पारेकोले अदालतको फैसला बदर गराउन फैसला बदर हुन सक्ने आधारहरूसम्म इङ्गित गरी गुठी सस्थानलाई निर्देशन दिइएको अवस्थालाई विशेष अदालतले अन्यथा अर्थ गरी गरेको निर्णय त्रुटिपूर्ण छ । अदालतबाट भएको न्यायिक काम कारवाही बदर गर्ने वा सो निर्णयलाई अन्य तवरबाट प्रभावित गर्ने उद्देश्यले उक्त निर्णय भएको नभई जग्गाधनी गुठी संस्थानलाई बुझ्दै नबुझि अदालतबाट निर्णय भएको देखिएको समेत आधारमा गुठी संस्थान ऐन, २०३३ मा भएको कानूनी व्यवस्थाहरू औल्याउदै गुठी संस्थानलाई आफ्नो जग्गाको हक कायम गराउन कानूनी उपचारमा जानु भनी लेखी पठाएको सम्म हो । सम्मानित अदालतले गरेको काम कारवाहीको सम्बन्धमा अनुसन्धान तहकिकात गरिएको होइन । यसर्थ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४ को प्रतिवन्धात्मक वाक्याशको खण्ड .(ख) मा भएको कानूनी व्यवस्थाको गलत अर्थ लगाई विशेष अदालत, काठमाडौंबाट गरिएको फैसला आधार त्रुटिपूर्ण हुँदा उक्त फैसला बदरभागी छ, बदर गरीपाउँ ।

- यसमा पुनरावेदन अदालत, पाटनको फैसलालाई यस आयोगबाट बदर गरिएको अवस्था होइन । जव अदालतको फैसला आयोगबाट बदर गरिएकै छैन (यो अधिकार आयोगलाई नरहेको) भने मोही कायम गरिएका व्यक्तिलाई आयोगले बुझ्नु पर्ने वा प्राकृतिक न्यायको सिद्धान्त बमोजिम सुनवाईको मौका दिनु पर्ने अवस्था छैन । अत: विशेष अदालतको फैसला त्रुटिपूर्ण छ ।

  साथै जसरी सुनवाईको मौका पक्षलाई दिनुपर्छ भनी आफ्नै फैसलामा विशेष अदालतले बोलेको स्थिति छ त्यसै गरी गुठी जग्गामा गुठी संस्थानलाई बुझ्दै नबुझी पुनरावेदन अदालत, पाटनबाट भएको फैसलामा पनि प्राकृतिक न्यायको

सिद्धान्त बमोजिम सुनवाईको मौका नदिएकोबाट उक्त फैसलामा पनि सो बमोजिमको सिद्धान्त अवलम्बन नगरिएको भन्ने तर्फ विशेष अदालतले ध्यान दिइएको पाइदैन ।

परिच्छेद - ५

पुनरावेदन नगरिएका मुद्दाहरूको संक्षिप्त विवरण

आ.व. २०६८।०६९ मा आयोगबाट पुनरावेदन नगर्ने गरी निर्णय नभएको ।

परिच्छेद - ६
विभागीय कारबाही

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउने वा कसुरको मात्रा अनुसार कारण र आधार खुलाई विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउन सक्ने व्यवस्था छ। सोही अनुरूप आर्थिक वर्ष २०६८/२०६९ मा विभागीय कारबाहीका लागि विभिन्न निकायमा लेखी पठाइएको विवरण देहाय बमोजिम उल्लेख गरिएको छ।

गृह मन्त्रालय

१. काठमाडौं जिल्ला इन्द्रायणी गाउँ विकास समिति वडा नं. ७ कि.नं. ६६ को ६-७-१-० क्षेत्रफलको जग्गाको जग्गाधनी ललिता श्रेष्ठ समेतको श्रेस्तामा मोही कुल वहादुर खड्का जनिएको र मिति २०५८।६।१८ को अंशवण्डाले कि.नं ६६ कि.का. भई कि.नं ३३० क्षेत्रफल २-३-१-० ललिता श्रेष्ठ समेतवाट मृगेन्द्र मेहर श्रेष्ठको नाउँमा नामसारी हुन आएकोमा निज मृगेन्द्र मेहर श्रेष्ठको जग्गा धनी प्रमाण पुर्जामा मोही महलमा मोही कुलवहादुर खड्काको नाम उल्लेख भएको तर मालपोत कार्यालय, चावहिलबाट जग्गा धनी श्रेस्तामा भने मोही कुलवहादुर खड्काको नाम छुटाइएकोमा मालपोत कार्यालय चावहिलका तत्कालिन मालपोत अधिकृत हाल जिल्ला प्रशासन कार्यालय ताप्लेजुङ्गका प्रमुख जिल्ला अधिकारी देवराज ढकाललाई र मिति २०६५।९।२० मा मृगेन्द्र मेहर श्रेष्ठले का.जि. का.म.न.पा. वडा नं ७ वस्ने जुनु के.सी.लाई राजिनामाका लिखत गरी विक्री गर्दा पारित भएको राजिनामा लिखतमा मोहीको नाम कुलवहादुर खड्का उल्लेख भएको देखिन आएकोमा राजिनामाको लिखतमा र जग्गा दाता मृगेन्द्रमेहर श्रेष्ठको जग्गा धनी प्रमाण पुर्जामा मोहीको नाम उल्लेख हुंदाहुंदै कार्यालयमा रहेको जग्गा धनी दर्ता श्रेस्ता राम्रोसँग रुजु नै नगरी कार्यालयमा रहेको जग्गा धनी दर्ताश्रेस्तामा मोहीको नाम छुटाई श्रेस्ता कायम गराएको देखिएकोले निज तत्कालिन मालपोत अधिकृत हाल जिल्ला प्रशासन कार्यालय ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी देवराज ढकाललाई आयोगको मिति २०६८।११।१८ को निर्णयानुसार विभागीय कारवाहीको लागि गृह मन्त्रालयमा लेखी पठाईएको।

२. वारा जिल्ला पिप्रा विर्ता गाउँ विकास समितिवडा नं. ३ स्थित रहेको नेपाल राष्ट्रिय निम्न माध्यामिक विद्यालयका पूर्व प्रधानाध्यापक जगन्नाथ प्रसाद साह र विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष मनोज प्रसाद महतोले विद्यालयको रकम हिनामिना गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा उक्त विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष मनोज प्रसाद महतो र पूर्व पधानाध्यापक जगन्नाथ प्रसाद साहले जिल्ला शिक्षा कार्यालय, वारावाट विद्यालयको खातामा जम्मा भएको PCF कोटा अर्न्तगत शिक्षकको तलवको लागि निकासा भएको रकम रू.३,६५,७९०।- शिक्षक नियुक्ती नगर्दै मिति २०६६।४।८ गते निजहरूको

संयुक्त हस्ताक्षरवाट वैंकवाट झिकी नेपाल सरकारको रकम हिनामिना गरेकोमा उक्त रकम विद्यालयमा असुल उपर भइसकेको र निजहरूसँग कुनैपनि वाकी वक्यौता तथा हिनामिना गरेका अन्य उजुरी समेत नरहेको भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय वारा, जिल्ला शिक्षा कार्यालय वारा र नेपाल राष्ट्रिय निम्न माध्यामिक विद्यालय, पिप्रा, विर्ता, वाराको पत्र र सो साथ प्राप्त हुन आएको निजहरूले विद्यालयको खातामा उक्त रकम जम्मा गरेको भौचर समेतको आधारमा निजहरूवाट उक्त रकम असुल उपर भइसकेको देखिएता पनि विद्यालयको खातावाट रकम झिकी शिक्षक नियुक्ति नगरी रकम हिनामिना गरी अनुचित कार्य गरे उपर उक्त विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष मनोजप्रसाद महतोको सरकारी रकम हिनामिना गर्ने कार्यमा संलग्न भएकोले भविष्यमा कुनैपनि सरकारी जिम्मेवारीमा अयोग्य हुने भनी सम्वन्धित सवै निकायमा जानकारी गराउनका लागि आयोगको मिति २०६९।३।२७ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, वारामा लेखी पठाईएको ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

१. काठमाडौं जिल्ला इन्द्रायणी गाउँ विकास समिति वडा नं. ७ कि.नं. ६६ क्षेत्रफल ६-७-१-० जग्गाको जग्गाधनी ललिता श्रेष्ठ समेतको श्रेस्तामा मोही कुल वहादुर खड्का जनिएको र मिति २०५८।६।१८ को अंशवण्डाले कि.नं ६६ कि.का. भई कि.नं ३३० क्षेत्रफल २-३-१-० ललिता श्रेष्ठ समेतवाट मृगेन्द्र मेहर श्रेष्ठको नाउंमा नामसारी हुन आएकोमा निज मृगेन्द्र मेहर श्रेष्ठको जग्गा धनी प्रमाण पुर्जामा मोही महलमा मोही कुलवहादुर खड्काको नाम उल्लेख भएको तर मालपोत कार्यालय, चावहिलवाट जग्गा धनी श्रेस्तामा भने मोही कुलवहादुर खड्काको नाम छुटाइएकोमा मालपोत कार्यालय चावहिलका तत्कालिन मालपोत अधिकृत हाल तत्कालिन मालपोत अधिकृत जिल्ला प्रशासन कार्यालय ताप्लेजुङ्गका प्रमुख जिल्ला अधिकारी देवराज ढकाललाई र मिति २०६५।९।२० मा मृगेन्द्र मेहर श्रेष्ठले का.जि.का.म.न.पा. वडा नं ७ वस्ने जुनु के.सी.लाई राजिनामाका लिखत गरी विक्री गर्दा पारित भएको राजिनामा लिखतमा मोहीको नाम कुलवहादुर खड्का उल्लेख भएको देखिन आएकोमा राजिनामाको लिखतमा र जग्गा दाता मृगेन्द्रमेहर श्रेष्ठको जग्गा धनी प्रमाण पुर्जामा मोहीको नाम उल्लेख हुंदाहुंदै कार्यालयमा रहेको जग्गा धनी दर्ता श्रेस्ता राम्रोसंग रुजु नै नगरी कार्यालयमा रहेको जग्गा धनी दर्ताश्रेस्तामा मोहीको नाम छुटाई श्रेस्ता कायम गराएको देखिएकोले तत्कालिन खरिदार हाल मालपोत कार्यालय काभ्रेपलान्चोकका ना.सु. देवराज भट्टराईलाई आयोगको मिति २०६८।११।१८ को निर्णयानुसार विभागीय कारवाहीको लागि भुमिसुधार तथा व्यवस्थापन विभागमा लेखी पठाइएको ।

२. धनुषा जिल्ला रामजानकी दुल्हा भगवान वेला निकास कुटीका महन्थ धनेश्वर दास र चेलाको संयुक्त नाममा दर्ता रहेको जनकपुर न.पा. वडा नं. १३ स्थित कि.नं. १, ११, ५२ का जग्गा नक्कली जग्गा धनि खडा भई रजिष्ट्रेशन पारित भएको सम्बन्धमा यस आयोगको

मिति २०६८।११।४ को निर्णयबाट जग्गा धनि प्रमाण पुर्जा प्रतिलिपी दिने, राजिष्ट्रेशन गरी दिने कार्यमा संलग्न कर्मचारी शाखा अधिकृत (विशेष) राम नरेश राय, ना.सु. रामचन्द्र राउत, ना.सु. रामेश्वरलाल कर्ण र टा.ना.सु. शिवनारायण पण्डितलाई विभागीय कारवाहीको लागि किन सम्बन्धित निकायमा लेखी नपठाउने भनी सोधिएको स्पष्टीकरण उपर आयोगको वैठकमा छलफल हुँदा स्पष्टिकरण चित्त बुझ्दो नदेखिएको र निजहरूले जग्गा धनि प्रमाण पुर्जाको प्रतिलिपि दिने, श्रेस्तामा फोटो टाँस गर्ने र सोही जग्गा विक्रि राजीनामा लिखत पास गरीदिने काममा पदीय दायित्व अनुरुप राम्ररी केलाई छानविन गरी उच्च सतर्कता साथ कार्य गर्नु पर्नेमा सो गरेको नपाइदा निजहरूलाई आयोगको मिति २०६८।१२।२२ को निर्णयानुसार विभागीय कारवाहीको लागि भूमि सुधार तथा व्यवस्थापन विभागमा लेखी पठाईएको ।

भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय

नेपाल खानेपानी संस्थान, भरतपुर शाखाबाट खानेपानीको बक्यौता रकम मिनाहा गर्ने कार्य समेतमा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा खानेपानीको बक्यौता रकम नबुझाउने उपभोक्ताहरूको तीनपुस्ते नाम नामेसी सार्वजनिक गर्ने सम्मको कार्य गरी सरकारी बाँकि सरह बक्यौता रकम उठाउने र अधिकार प्राप्त निकायबाट बक्यौता रकम मिनाहा गर्ने निर्णय नभईसकेको अवस्थामा मिनाहको कार्य गर्ने गराउने नेपाल खानेपानी संस्थान विराटनगर शाखामा कार्यरत कायम मुकायम प्राविधिक अधिकृत चन्डेश्वर साहलाई आयोगको मिति २०६८।९।१३ को निर्णयानुसार आवश्यक बिभागिय कारबाही गर्न नेपाल खानेपानी संस्थानलाई लेखि पठाईएको ।

महिला, वाल वालिका तथा समाज कल्याण मन्त्रालय

धनगढी नगरपालिकाले सार्वजनिक निजी साझेदारी अन्तरगत गैर सरकारी संस्थालाई फोहोर उठाउने कार्य जिम्मेवारी दिँदा तत्कालिन धनगढी नगरपालिका कार्यकारी अधिकृत (हाल महिला तथा बालबालिका विकास विभागका शाखा अधिकृत) कृष्ण प्रसाद जैसीको अध्यक्षतामा बसेको बैठकले निर्ण गरेको र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७ को उप नियम (१) बमोजिम ५ वर्षसम्मको लागि सम्झौता गर्न पर्नमा ७ वर्षको सम्झौता गरिएको देखिएको र नगरपालिका कार्यालयले उक्त गैर सरकारी संस्थासंग गरिएको सम्झौता बमोजिम अनुगमन समिति गठन गरि उक्त समितिको प्रतिवेदन अनुसार सम्झौताको म्याद (अवधि) थप गर्न पर्नमा उक्त गैर सरकारी संस्था, VOC ले सम्झौता बमोजिमको काम नगरेको अवस्थामा पनि अनुगमन समिति नै गठन नगरी आर्थिक वर्ष २०६८/०६९ को लागि १ वर्ष म्याद थप गर्ने गरि तत्कालिन कार्यकारी अधिकृत कृष्ण प्रसाद जैसीको अध्यक्षतामा मिति २०६८/०३/२४ मा बसेको बैठकले निणय गरेको देखिएकोले निजको उक्त कार्य अख्तियार दुरुपयोग अनुसर्धान आयोगको ऐन, २०४८ को दफा ३ को उपदफा (ख), (ग), (घ) र (झ) समेतको विपरित भएको देखिएकोले

आयोगको मिति २०६८/१२/०७ को निर्णयानुसार स्पष्टीकरण सोधिएकोमा निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएकोले निजलाई आयोगको मिति २०६९।३।३१ को निर्णय विभागीय कारवाहीको लागि महिला, बालबालिका तथा समाज कर्याण मन्त्रालयमा लेखी पठाइएको ।

वन तथा भू-संरक्षण मन्त्रालय

पाँचथर जिल्लाको राँके मैदाने लगायतका स्थानहरूमा कटान आदेश विनाको ठूलो परिमाण खयर काठ फेला परेको सम्बन्धमा याशोक रेञ्जपोष्टका प्रमुख सत्यनारायण देव समेतका कर्मचारीहरूले हकवाला खोजी निजी आवादीका हुन् भन्ने पुष्ट्याइँ दिने प्रमाण खडा गर्ने उद्देश्यले काम गरेको भनी वन अतिक्रमण, वन विनाश तथा सामुदायिक वन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन, २०६७ ले औंल्याएको सम्बन्धमा अनुसन्धान हुँदा यासोक रेञ्जपोष्टका स. व. अ. अधिकृत सत्यनारायण देवले अवैध तरिकाले उक्त खयर काठ कटानी गरी राख्ने तर्फ कुनै कानूनी कार्वाही नगरी जग्गाधनी भनिएका व्यक्तिहरू खोजी निजहरूको हकभोग देखिने जस्ता कागजात संकलन गरी निजहरूकै जग्गाबाट उत्पादन भएको भनी प्रतिवेदन दिने तथा निजहरूका नाममा फाइल समेत खडा गर्ने काम गरेको र वनरक्षक द्वय नवराज घिमिरे र रामबहादुर कुरुवाङले स.व.अ.सत्यनारायण देवलाई उक्त कार्यमा सहयोग गरेकाले प्रमुख स. व. अ सत्यनारायण देव, वनरक्षक द्वय नवराज घिमिरे र राम वहादुर कुरुवाङलाई विभागीय कारवाही गर्न आयोगको मिति २०६९।२।२५ को निर्णयानुसार वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएको ।

शिक्षा मन्त्रालय

१. जीवन ज्योती मा.वि. काफलकोट, सुर्खेतको २०६७ सालको कक्षा ८ को जिल्ला स्तरीय परीक्षामा सहभागी नै नभएका विद्यार्थीहरू निर्मला महतरा, सुनीतादेवी यादव र जीवच्छ यादवलाई उक्त परीक्षा उत्तीर्ण गराएको भन्ने समेत व्यहोराको उजुरीका उपर अनुसन्धान हुँदा उक्त परीक्षामा वास्तविक विद्यार्थी नै नभएका निर्मला महतरा, सुनीतादेवी यादव र जीवच्छ यादवलाई परीक्षार्थी देखाई कक्षा ८ को परीक्षा उत्तीर्ण समेत गराएकोमा निजहरूको नतिजा जिल्ला स्तरीय परीक्षा समितिको मिति २०६८।३।२४ को निर्णयानुसार रद्ध गरिएको र निजहरूका नाममा शैक्षिक योग्यताको प्रमाणपत्रहरू तयार नगरिएको भन्ने समेत जिल्ला शिक्षा कार्यालय, सुर्खेतबाट प्राप्त पत्रहरूबाट देखिएको हुँदा परीक्षामा सहभागी नै नभएका निर्मला महतरा, सुनीतादेवी यादव र जीवच्छ यादवलाई कक्षा ८ को जिल्ला स्तरीय परीक्षा दिएको भनी अनियमित तरिकाले परीक्षा उत्तीर्ण गराएको अवस्था देखिन आयो । सो अनियमित कार्य गर्ने गराउने कार्यमा जीवन ज्योती मा.वि. काफलकोट सुर्खेतका प्र.अ. रेशमवहादुर महतरा र शिक्षक हरिनारायण यादवको संलग्नता र मिलेमतो रहे भएको देखिन आएको हुँदा उक्त अनियमित कार्य गर्ने गराउने कार्य गरी अनुचित कार्य गरेकोमा उक्त विद्यालयका प्र.अ. रेशमवहादुर महतरा र शिक्षक हरिनारायण यादवलाई प्रचलित

शिक्षा ऐन र शिक्षा नियमावली अनुसार कसुरको मात्रा अनुसारको स्पष्टीकरण लिई आवश्यक विभागीय कारवाही गरी सो को जानकारी आयोगमा गराउने भन्ने आयोगको मिति २०६९।१।७ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय सुर्खेतमा लेखी पठाईएको ।

२. जिल्ला शिक्षा कार्यालय, रौतहट अन्तरगत सरस्वती उच्च माध्यमिक विद्यालय, पिपरा, भलोहियाका प्र.अ. रविन्द्र झाले आर्थिक अनियमितता र भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान हुंदा प्र.अ. रविन्द्र झाले विद्यालयमा प्राप्त हुने विभिन्न शुल्क रकमहरू आफ्नो नाममा पेश्की देखाई महिनौ सम्म दाखिला नगरेको, अन्य शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायतलाई बिना औचित्य तलब लगायतका रकमहरू पेश्की दिने समयमा फछ्यौंट नगर्ने समेत गरेको देखिएकोले यस प्रकार आर्थिक ऐन नियमावली बिपरित खर्च गर्ने, अनाबश्यक पेश्की कारोबार गर्ने, निर्माण काम गर्दा ऐन नियमले तोके बमोजिमको प्रकृयाहरू पूर्ण रुपमा अबलम्वन नगर्ने कार्य गरेकोले निजलाई आवश्यक विभागीय कारवाही गर्न आयोगको मिति २०६९।२।५ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय, रौतहटमा लेखी पठाईएको ।

३. जिल्ला शिक्षा कार्यालय, रौतहट अन्तरगत श्री सरस्वती उच्च माध्यमिक विद्यालय, पिपरा, भलोहियाका प्र.अ. रविन्द्र झाले आर्थिक अनियमितता र भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान हुँदा खरिदार श्री अग्रज कुमार पाण्डेले आर्थिक कारोबार गर्दा अनिवार्य रुपले अवलम्वन गर्नु पर्ने प्रकृयाहरू अवलम्वन नगरेको, नियम विपरित हुने कार्यहरू नगर्न नगराउन प्र.अ. र अध्यक्षलाई नझकझकाएकोले निजलाई विभागीय कारवाहीको लागि आयोगको मिति २०६९।२।५ को निर्णयानुसारसरस्वती उच्च माध्यमिक विद्यालय, रौटहटमा लेखी पठाईएको ।

४. जिल्ला शिक्षा कार्यालय, रौतहट अन्तरगत श्री सरस्वती उच्च माध्यमिक विद्यालय, पिपरा, भलोहियाका प्र.अ. रविन्द्र झाले आर्थिक अनियमितता र भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान हुंदा जिल्ला प्राविधिक कार्यालय, रौतहटका सव-इन्जिनियर प्रेमचन्द्र झा, इन्जिनियर द्वय क्रमशः दिपेन्द्र प्रसाद यादव र विनोद कुमार ठाकुरले विद्यालयको बिभिन्न निर्माण कार्यको ल.ई. तयार गर्ने, नाप जांच गरी नापी कितावमा चढाउने, कार्य सम्पन्न भएको मूल्यांकन गर्ने र प्रतिवेदन गर्ने सिलसिलामा भए गरेको भन्दा बढी परिमाण देखाउने, दररेट बढी देखाउने जस्ता काम कारवाही गरेको देखिएकोले निजहरूलाई बिभागीय कारवाही गर्न आयोगको मिति २०६९।२।५ को निर्णयानुसार जिल्ला विकास समिति/जिल्ला प्राविधिक कार्यालय रौटहटमा लेखि पठाइएको ।

५. सरस्वती निम्न माध्यमिक बिद्यालय, हरनामपुर, कपिलवस्तुका प्रधानाध्यापक मिश्रीलाल चौधरी समेतले उक्त बिद्यालयमा रिक्त राहत शिक्षक दरबन्दीमा शिक्षक नियुक्ती गर्दा सफल उम्मेदवारलाई नियुक्ती नदिई अनियमित तरिकाले बैकल्पीक उम्मेदवारलाई नियुक्ती गरेको भन्ने बिषयको उजुरी उपर अनुसन्धान हुँदा शिक्षक छनौट प्रक्रियामा बिषय बिशेषज्ञको

रुपमा संलग्न मुनेश्वर मा.बि., बहरबासीका प्र.अ. सुकदेव प्रसाद तिवारी उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा ३ को देहाय खण्ड (६) अनुसार आफ्नो पदको प्रकृति अनुसार पालना गर्नु पर्ने विशेषज्ञको पदीय कर्तव्य पालन नगरी अनुचित काम गरेको कसुरमा शिक्षा नियमावली, २०५९ वमोजिम विभागीय कारवाहीका लागि अधिकार प्राप्त अधिकारीलाई लेखि पठाउन नपर्ने आधार र कारण भए खुलाई स्पष्टीकरण पेश गर्न निजलाई लेखिए अनुसार निज प्र.अ.सुकदेव प्रसाद तिवारीले पेश गरेको स्पष्टीकरणको जवाफ सन्तोषजनक नदेखिएको हुँदा निज उपर प्रचलित शिक्षा नियमावली, २०५९ वमोजिम विभागीय कारवाही गर्न आयोगको मिति २०६९।३।२५ को निर्णयानुसार जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालय कपिलवस्तुलाई लेखि पठाईएको ।

६. वारा जिल्ला पिप्रा विर्ता गाउँ विकास समितिवडा नं. ३ स्थित रहेको नेपाल राष्ट्रिय निम्न माध्यामिक विद्यालयका पूर्व प्रधानाध्यापक जगन्नाथ प्रसाद साह र विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष मनोज प्रसाद महतोले विद्यालयको रकम हिनामिना गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा उक्त विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष मनोज प्रसाद महतो र पूर्व पधानाध्यापक जगन्नाथ प्रसाद साहले जिल्ला शिक्षा कार्यालय, वारावाट विद्यालयको खातामा जम्मा भएको PCF कोटा अर्न्तगत शिक्षकको तलवको लागि निकासा भएको रकम रू.३,६५,७९०।- शिक्षक नियुक्ती नगर्दै मिति २०६६।४।८ गते निजहरूको संयुक्त हस्ताक्षरवाट वैंकवाट झिकी नेपाल सरकारको रकम हिनामिना गरेकोमा उक्त रकम विद्यालयमा उसुल उपर भइसकेको र निजहरूसँग कुनैपनि वाकी वक्यौता तथा हिनामिना गरेका अन्य उजुरी समेत नरहेको भन्ने समेत व्यहोराको जिल्ला प्रशासन कार्यालय वारा, जिल्ला शिक्षा कार्यालय वारा र नेपाल राष्ट्रिय निम्न माध्यामिक विद्यालय, पिप्रा, विर्ता, वाराको पत्र र सो साथ प्राप्त हुन आएको निजहरूले विद्यालयको खातामा उक्त रकम जम्मा गरेको भौचर समेतको आधारमा निजहरूवाट उक्त रकम असुल उपर भइसकेको देखिएता पनि निजहरूले विद्यालयको खातावाट रकम झिकी शिक्षक नियुक्ति नगरी रकम हिनामिना गरी अनुचित कार्य गरे उपर उक्त विद्यालयका पूर्व प्र.अ. जगन्नाथ प्रसाद साहलाई आयोगको मिति २०६९।३।२७ को निर्णयानुसार विभागिय कारवाही गर्न जिल्ला शिक्षा कार्यालय वारामा लेखी पठाईएको ।

सूचना तथा संचार मन्त्रालय

नेपाल टेलिभिजनबाट आ.व. २०६७।०६८ मा मिडिया हब प्रा.लि. लगायतले विज्ञापन प्रसारण/कार्यक्रम प्रायोजन गराए वापत उक्त संस्थानलाई बुझाउनु पर्ने सम्पूर्ण रकम चेक मार्फत बुझाएकोमा, बुझाइएको विभिन्न बैंकको १९ वटा चेकहरू वाउन्स भएको अवर्थामा पनि आ.व. २०६८।०६९ को लागि भएको बोलपत्रको शर्तनं १६ विपरीत उक्त कम्पनिहरूसंग संझौता गरेको हुँदा छानविन गरीपाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा Media Hub Pvt. Ltd. / World Vision Media Buying House ले आ.व.२०६७६८ मा

नेपाल टेलिभिजनबाट विज्ञापन प्रसारण/कार्यक्रम प्रायोजन आदि गराए वापत नेपाल टेलिभिजनलाई भुक्तानी गर्नपर्ने रकम बराबरको विभिन्न बैकको चेक उपलब्ध गराएकोमा सो चेकहरूबाट भुक्तानी हुन नसकेको जानकारी हुदाहुदै र बोलपत्रको शर्त नं. १६ बमोजिम भुक्तानी चुर्ता पत्र (Clearance Letter) पनि पेश नभएको स्थितिमा आ.व.२०६८।०६९ को लागि विज्ञापन प्रसारण/कार्यक्रम प्रायोजन आदिको लागि उक्त कम्पनिहरूसंग विभिन्न मितिमा गरिएको सम्झौता बोलपत्रको शर्त प्रतिकुल हुनुका साथै अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ (ख) बमोजिमको अनुचित कार्यभएकोले सो सम्झौतामा हर्ताक्षर गर्न नेपाल टेलिभिजन, र्यापार महाशाखाका निर्दशक राजन श्रेष्ठलाई नेपाल टेलिभिजन संर्थान कर्मारी सेवा शर्त (छैठौं संशोधन) विनियमावली, २०६६ बमोजिम विभागीय कारवाहीका लागि आयोगको मिति २०६०।२।४ को निर्णयानुसार नेपाल टेलिभिजनमा लेखि पठाइएको ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

१. जिल्ला सप्तरी दिघवा गाउँ विकास समितिको आ.व. २०६६।६७ को सामाजिक सुरक्षा अन्तर्गत जेष्ठ नागरिक, असहाय, विधवा, अपाङ्ग समेतलाई भत्ता वितरण गर्दा अनियमितता भएको भन्ने विषयको उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा सामाजिक सुरक्षा अन्तर्गत जेष्ठ नागरिक, असहाय, विधवा, अपाङ्ग समेतलाई भत्ता वितरण गर्न प्रा.स. मो.वकील मियाँले गाउँ विकास समिति कार्यालयवाट रकम पेश्की लिएको तर निजले तोकिए अनुसार भत्ता वितरण गरेको नदेखिँदा निज उपर प्रचलित स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार विभागीय कारवाही गर्न आयोगको मिति २०६८।११।३० को निर्णयानुसार जिल्ला विकास समिति, सप्तरीमा लेखिपठाइएको ।

२. जिल्ला सप्तरी दिघवा गाउँ विकास समितिको आ.व. २०६६।६७ को सामाजिक सुरक्षा अन्तर्गत जेष्ठ नागरिक, असहाय, विधवा, अपाङ्ग समेतलाई भत्ता वितरण गर्दा अनियमितता भएको भन्ने समेतको विषयको उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा गाउँ विकास समिति सचिव राम उदगार यादवले गाउँ विकास समिति को सामाजिक सुरक्षा अन्तर्गतको भत्ता वितरण गर्न प्रा.स. मो. वकील मियाँलाई गाउँ विकास समिति कार्यालयबाट रकम पेश्की दिई पठाएको तर मो. वकील मियाँबाट तोकिए अनुसारको भत्ता वितरण नभएको, कतिपयको नाम दोहोरो कायम रहेको, मृत्यु भैसकेको व्यक्तिको समेत लगतमा नाम कट्टा गरेको नदेखिएवाट निज उपर प्रचलित निजामती सेवा ऐन, २०४९ अनुसार विभागीय कारवाही गर्न आयोगको मिति २०६८।११।३० को निर्णयानुसार जिल्ला विकास समिति, सप्तरीमा लेखी पठाईएको ।

३. रुपन्देही जिल्ला शंकरनगर गाउँ विकास समिति सचिव लक्ष्मण अर्यालले व्यक्तिगत लाभ लिएर लुम्विनी सामुदायिक टेलिभिजन रुपन्देहीलाई रु. १ करोडभन्दा वढी मोल पर्ने सार्वजनिक जग्गामा टावर निर्माण गर्न दिई भ्रष्टाचार गरेको भन्ने उजुरी उपर अनुसन्धान

हुंदा जिल्ला रुपन्देही शंकरनगर गा.वि.स वार्ड न. ६ तिनाउ खोला किनार वगरको साविक कि.नं. ७६ हाल कि.न. ५४४ को सार्वजनिक जग्गामा लुम्विनी सामुदायिक टेलिभीजनलाई १० वर्षको लागि टावर निर्माण गरी प्रयोग गर्न दिने गरी मिति २०६६।६।१ मा शंकरनगर गाउँ विकास समितिको तर्फवाट सम्झौता गर्दा निज गाउँ विकास समिति सचिव लक्ष्मण अर्यालले नेपाल सरकारको स्विकृती लिने तर्फ ध्यान नदिई उल्लेखित आधार र कारणवाट गैर कानुनी पदीय आचरण विपरितको काम गरेको देखिएकोले निज गाउँ विकास समितिसचिव लक्ष्मण अर्याललाई विभागीय कारवाही गर्न आयोगको मिति २०६९।२।५ को निर्णयानुसार जिल्ला विकास समितिको कार्यालय रुपन्देहीमा लेखी पठाईएको ।

४. काठमाण्डौ वज्रयोगिनी गाउँ विकास समितिका सचिव रमेश प्रसाद दवाडीले जग्गा लेनदेनको विषयमा जीवित मान्छेलाई वेपत्ता भएको सिफारिश गरी १० लाख लिएको भनी हिन्दु साप्ताहिक पत्रिकामा प्रकाशित उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा उक्त गाविसका सचिव रमेश प्रसाद दवाडीले ४ जना दाजुभाई दिदी वहिनी बीच हक लाग्ने काठमाण्डौ साल्खा वज्रयोगिनी गाविस वडा नं. १ (ख) कि.नं. २२३ क्षेत्रफल ०–११–०–० रोपनी जग्गा एक जना हकवाला हर्षमान श्रेष्ठको निवेदनको आधारमा काठमाण्डौ पुखुलाछी गाविसमा वसोवास गर्ने अन्य ३ जना हकवालाहरू गाउँ घरमै रहको अवस्थामा सर्जमिन लगायत बुझनुपर्ने कुनैपनि कार्य नगरी करिव २० वर्ष अघि देखि वेखवर र वेपत्ता भएकोले उक्त जग्गा हर्षमान श्रेष्ठको नाममा नामसारी गरिदिनु हुन भन्ने समेत व्यहोराको मिति २०६७।३।२२ गतेको वज्रयोगिनी गाविसको पत्रद्वारा मालपोत कार्यालय, चावहिलमा सिफारिस पठाएको सम्वन्धमा निज गाविस सचिवले समेत यस आयोग समक्ष गरेको वयानमा आफुवाट गल्ती हुन गएको भनी उल्लेख गरेका आधार प्रमाणवाट निजले उल्लेखित अनुचित कार्य गरेको स्पष्ट हुन आएकोले निजले उपलव्ध गराएको उक्त सिफारिसको आधारमा मालपोत कार्यालय, चावहिलवाट मिति २०६७।४।२० गतेको गोरखापत्रमा प्रकाशित हकदावी सम्वन्धी सूचनाको आधारमा अन्य हकवालाले जानकारी पाई सवै हकवालाले आआफनो भाग वुझि लिएकोले उल्लेखित सिफारिस कार्यान्वयन नभएको र कसैको हक गएको अवस्था नरहेकोले निज गाविस सचिव रमेश प्रसाद दवाडीलाई निजले गरेको उल्लेखित अनुचित कार्य उपर निजामति सेवा ऐन, २०५५ को दफा ५९ बमोजिम हदैसम्मको विभागिय सजाय गर्नका लागि आयोगको मिति २०६९।२।११ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयमा लेखी पठाईएको

शहरी विकास मन्त्रालय

सिन्धुपाल्चोक जिल्ला चौताराको अस्पताल भवन निर्माण कार्यमा गुणस्तरहिन कार्य भएको भन्ने उजुरी उपर अनुसन्धान हुंदा आयोगको मिति २०६९।२।७ को निर्णयानुसार शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय धुलिखेलका तत्कालीन सि.डि.ई. सुरेशकुमार नेम्वाङ्ग, तत्कालीन इन्जिनियरहरू महेन्द्र पराजुली र हरिराम ढकाल तथा सव-

इन्जिनियर कमल नेपाललाई अभियोग र विभागीय कारवाहीको प्रस्ताव गरी स्पष्टीकरण सोधिएकोमा निजहरूले पेश गरेको स्पष्टीकरण संतोषजनक नदेखिएको र उक्त भवनको दोस्रो फेजको भवन निर्माण कार्यको सुपरभिजन र नापजाँच समेतको जिम्मेवारी प्राप्त निजहरूले उक्त निर्माण कार्य अन्तर्गतका स्लाव, विम, पिलर समेतका RCC कार्यहरू, पिलर र बिमका Joint हरू, गारो, प्लास्टर आदि कार्यहरूको स्वीकृत डिजाइन, स्पेशिफकेशन वमोजिम निर्माण कार्य गरेको नदेखिँदा निजहरूलाई आयोगको मिति २०६९।३।१३ को निर्णयानुसार विभागीय कारवाहीको लागि शहरी विकास तथा भवन निर्माण विभागमा लेखी पठाईएको ।

परिच्छेद - ७
सचेत

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (१) मा सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउन सक्ने व्यवस्था छ। सोही व्यवस्था अनुरूप आयोगबाट आर्थिक वर्ष २०६८/०६९ मा सचेत गराइएको विवरण देहायमा उल्लेख गरिएको छ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

१. चितवन जिल्ला पटिहानी गा.वि.स. वडा न. १(ग) कि.न. २६७, २६८ र ६२४ को जग्गाको उजुरी उपर अनसन्धान हुँदा उक्त जग्गाको सम्बन्धमा चितवन जिल्ला अदालतबाट वण्डा मुचुल्का भए अनुसार नक्सा सुधार गर्दा प्रक्रिया पूरा गरी नक्सा सुधार गर्नुपर्नेमा सो अनुसार भएको पाइएन। अतः आयोगबाट मिति २०६८।३।१२ को निर्णयबाट पुनः नक्साङ्कन गरी दुष्परिणाम सच्याउने निर्णय भएको र सोही निर्णय कार्यान्वयन गर्ने क्रममा प्रक्रिया नपुऱ्याई काम गरेको देखिएकोले नक्सा सुधारमा संलग्न कर्मचारी नापी अधिकृत पुष्पराज जोशी, नापी अधिकृत (विशेष) देशनाथ देवकोटा, सर्भेक्षक दिलिप कुमार सिंह र सर्भेक्षक (विषेश) लाल वहादुर गुरुङ्गलाई पुनः यस्ता कार्यहरु नदोहोऱ्याउने गरी निजहरुलाई आयोगको मिति २०६८।४।३० को निर्णयानुसार सचेत गराईएको।

२. काठमाडौं महानगरपालिका वार्ड नं. ३ कान्ती संगम टोलको उत्तर तर्फ सुकुम्वासी वस्ती नजिक सामाखुशी खोला किनाराको पर्ति कि.नं. ८ क्षे.फ. ८१.१० वर्ग मिटर जग्गा अतिक्रमण गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा साविकको काठमाण्डौ नगर २२ घ कि.नं. ७२६ को ०-२-२ जग्गा कृष्ण वहादुर अधिकारीको रहेको उक्त जग्गा हाल साविक गरिपाउँ भनी ६ नं. नापी गोश्वारामा निवेदन परी उक्त कार्यालयबाट हाल साविक हुँदा का.म.न.पा. वडा नं. ३ को सिट नं. १०२-०९८५-१० को कि.नं. ८ को क्षेत्रफल ८१.१० कायम गरी जग्गा हाल साविक दर्ता प्रमाण पूर्जा दिने गरी उक्त नापी गोश्वाराबाट मिति २०६१।६।२७ मा निर्णय भएको देखियो। यसरी नामसारी भै आएको उक्त जग्गा विभिन्न व्यक्तिहरु विच किन वेच हुँदै हाल कान्छी डंगोलको नाममा आइपुगेको देखियो। उक्त जग्गा सार्वजनिक पर्ति जग्गा भएको भनी उजुरी परी राष्ट्रिय सतर्कता केन्द्रबाट छानविन भै आयोगमा छानविन पश्चात फाइल प्राप्त भएको र आयोगबाट पनि सम्बन्धित कर्मचारी, हालको जग्गा धनि लगायतका व्यक्ति बुझ्ने काम भई साविक नक्सा र हालको नक्सा समेत भिडाई हेर्दा नापी कार्यालयबाट प्राप्त नक्साङ्कन समेतको आधार प्रमाणबाट हाल कान्छी डंगोलको नाममा दर्ता रहेको कि.नं. ८ को जग्गा सार्वजनिक पर्ति जग्गा देखिन आयो। जग्गा धनी कान्छी डंगोलको साविक नक्सा वमोजिमको जग्गा नदेखिएको र सार्वजनिक पर्ति जग्गा देखिंदा व्यक्ति विशेषको नाममा कायम रहन सक्दैन। अतः कि.नं. ८ को ८१.१०

क्षेत्रफल जग्गा साविक कि.नं. ७२६ सँग भिडि नयाँ कि.नं. ८ कायम गरी क्षेत्रफल ८१.१० को जग्गा धनि प्रमाण पूर्जा कृष्णवहादुर अधिकारीलाई दिने गरी भएको नापी गोश्वाराको मिति २०६१।६।२७ को निर्णय त्रुटिपूर्ण देखियो । सरकारी पर्ति जग्गा व्यक्ति विशेषको नाममा दर्ता भए पनि जहिले सुकै पनि वदर हुन सक्ने कानूनी व्यवस्था मालपोत ऐन, २०३४ को दफा २४(२) ले गरिरहेको हुँदा उक्त कानूनी व्यवस्थानुसार गर्ने तर्फ कारवाही उठाउन मालपोत कार्यालय, डिल्लीवजारलाई लेखी पठाउने । साथै कान्छी डंगोलको निवेदन परेमा वास्तविक जग्गा कुन हो पहिचान गरी साविक दर्ता वमोजिम जग्गा नवढ्ने गरी जग्गा हाल साविक गरिदिन मालपोत कार्यालय, डिल्लीवजारलाई निर्देशन दिने । हाल साविक गर्दा सरकारी सार्वजनिक जग्गा नपर्ने गरी गर्नु पर्नेमा सो सतर्कता हाल साविक निर्णय गर्दा अपनाएको पाइएन । अव उप्रान्त सो तर्फ उच्च सतर्कता अपनाउने भन्ने आयोगको मिति २०६९।६।४ को निर्णयानुसार निर्णय प्रक्रियामा संलग्न कर्मचारीलाई सचेत गराइएको ।

३. ललितपुर जिल्ला ललितपुर उप-महानगरपालिका वडा नं. ४(छ) कि.नं. ७२२ क्षे.फ. ०-१०-३-१ को जग्गा राजिनामा पारित गर्ने सम्बन्धमा घर बाटो सिफारिश गर्दा गलत सिफारिस गर्ने ल.पु.उ.म.न.पा.वडा नं. १३ का सचिवलाई कारवाही गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जग्गा धनी विनोद गजुरेलले आफ्नी भाउजु नर्मदा गजुरेललाई ललितपुर उप-महानगरपालिका वडा नं. ४(छ) कि.नं. ७२२ क्षे.फ. ०-१०-३-१ को जग्गा वकसपत्र दिनको लागि १३ नं. वडा कार्यालयबाट लिएको घर वाटो सिफारिस पत्रमा वडा सचिव प्रेम नारायण खनालले चक्रपथ भित्र पर्ने उक्त जग्गालाई चक्रपथ वाहिर पर्छ र वाटो गोरेटो छ भनी दिएको सिफारिश पत्रका आधारमा र.नं. २३२३ क मिति २०६६।८।२२ गते मालपोत कार्यालय ललितपुरबाट लिखत पास भै रु. १३,७४०।- राजस्व दाखिला भएको देखिन्छ । साथै केही समयपछि निज वडा सचिवले पुनः उक्त कित्ता नं. ७२२ को जग्गा चक्रपथ भित्रको जनाई राजस्व असूल गरी दिन हुन भनी लेखी पठाएको सिफारिश पत्रको आधारमा मिति ०६६।९।२१ मा नर्मदा गजुरेलबाट नपुग राजस्व रु. १०५८९।- दाखिला भएको देखिन्छ । नियम कानुनले वडा कार्यालयका सचिवलाई घर जग्गा वाटो सिफारिश गर्ने जस्ता जिम्मेवारीपूर्ण कामकाज सुम्पिएको अवस्थामा फिल्ड निरीक्षण र नक्सा अध्ययन नै नगरी चक्रपथ भित्रको जग्गालाई चक्रपथ वाहिर पर्छ भनी र वाटोको अवस्थाको पनि विचार नगरी गैर जिम्मवारी रुपले सिफारिश गर्दा सरकारलाई दाखिला हुनुपर्ने राजश्व रकममा ठूलो हानी नोक्सानी हुने हुँदा अव आइन्दा यसरी सिफारिश नगर्न निज वडा सचिव प्रेम नारायण खनाललाई आयोगको मिति २०६८।९।७ को निर्णयानुसार आयोगबाटै सचेत गराईएको ।

वन तथा भु संरक्षण मन्त्रालय

राष्ट्रिय प्रकृति संरक्षण कोषका D1 तहमा कार्यरत डा. सिद्धार्थबज्र बज्राचार्यलाई कोषको कार्यकारी निर्देशक, अधिकृत प्रथम श्रेणी D2 मा गरिएको बढुवा कोषको तत्काल प्रचलित

आर्थिक प्रशासन विनियमावली अनुरुप नभएको भनी आयोगमा परेको उजूरी सम्बन्धमा आयोगको वैठकमा मिति २०६६।२।८ मा भएको निर्णयानुसार निर्णय कार्यान्वयनका लागि कोषमा लेखी पठाउँदा कोष संचालक समितिको मिति २०६६।६।४ र ५ गतेको ३९ औं वैठकबाट निजको D2 तहमा भएको पदोन्नतीलाई समर्थन गरिएको र निज कोषको एक दक्ष एवं योग्य कर्मचारी भएको हुँदा आयोगको मिति २०६६।२।८ को निर्णयमा पुर्नविचार गर्न कोषका सदस्य सचिव समेतबाट २०६६।२।२२ मा आयोगमा लेखी आएपछि सो विषयमा आयोगमा छलफल हुँदा निज डा. सिद्धार्थवज्र बज्राचार्यलाई कार्यकारी निर्देशक अधिकृत प्रथम श्रेणी (D2) तहमा गरिएको बढुवालाई राष्ट्रिय प्रकृति संरक्षण कोषको मिति २०६६।६।४ र २०६६।६।५ गतेको ३९ औं वैठकबाट समर्थन गरिएको निर्णय सहित कोषका सदस्य सचिव जुद्धबहादुर गुरुङ्गबाट आयोगको मिति २०६६।२।८ को निर्णयलाई पुर्नविचार गर्न मिति २०६६।२।२२ मा लेखी आएको समेत विषयमा आयोगको मिति २०६६।८।३ को वैठकमा छलफल हुँदा "अब उपरान्त राष्ट्रिय प्रकृति संरक्षण कोषको कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०५३ मा बढुवा सम्बन्धी प्रकृया स्पष्ट र पारदर्शी वनाई निजामती सेवा ऐन नियमद्वारा निर्धारित प्रकृयाको सादृष्य हुने गरी संशोधन परिमार्जन जो जे गर्नु पर्छ गरी बढुवा प्रकृया अवलम्वन गर्न" भनी लेखी गइसकेको अवस्थामा हाल आयोगबाट सो विषयको कारवाहीको विवरणसम्म माग गरिएको सामान्य अवस्थामा कोषका सदस्य सचिवले संचालक समितिबाट अनुमोदित भैसकेको बढुवा निर्णयलाई र यस आयोगको मिति २०६६।८।३ को निर्णयले आपत्ति नजनाएको बढुवालाई एकल निर्णयबाट आयोगको पछिल्लो निर्णयबाट खण्डित भैसकेको अघिल्लो निर्णयलाई आधार बनाई सदस्य सचिवबाट निज डा. सिद्धार्थबज्र बज्राचार्यलाई लामो समयको अन्तराल पछि बढुवा बदर गर्ने गरी गरिएको हालको निर्णय माथि उल्लिखित आधार कारणहरुबाट त्रुटीपूर्ण देखिंदा यस्तो कार्य पुनः नदोहऱ्याउन कोषका सदस्य सचिव जुद्धबहादुर गुरुङ्गलाई आयोगको मिति २०६८।८।२७ को निर्णयानुसार सचेत गराईएको ।

शिक्षा मन्त्रालय

१. कुडुले मा.बि. बाग्लुङ्गका प्रधानाध्यापक टीकाराम सापकोटा र बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष गुरुप्रसाद आचार्यको मिलेमतोमा मा.बि.तहको राहत दरबन्दीमा दिपेन्द्र पोखरेल (बिज्ञान बिषय) र रामचन्द्र भुषाल (गणित बिषय) लाई नियुक्ती गरेको कागज बनाई निजहरुको नाममा जिल्ला शिक्षा कार्यालय, बाग्लुङ्गबाट तलव निकासा लिई प्रधानाध्यापकको नातेदार व्यक्तिहरुलाई पढाउन लगाई तलव भुक्तानी गर्ने जस्ता अनियमित कार्य गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा जिल्ला शिक्षा कार्यालय, बाग्लुङ्गका तत्कालिन जिल्ला शिक्षा अधिकारी मुक्तीसिं ठकुरी र बिद्यालय प्रशासन शाखाका शाखा अधिकृत बिष्णु प्रसाद तिवारीले कुँडुले मा.बि.मा राहत दरबन्दीमा शिक्षक नियुक्ती प्रकृया एवम् राहत दरबन्दीमा शिक्षकको तलव निकासा प्रकृयाका सिलसिलामा

आफ्नो पदको कार्यप्रकृति अनुसार काममा लापरवाही गरेको अवस्था देखिन आएको हुँदा निजहरुलाई आयोगको मिति २०६८।५।१९ को निर्णयानुसार आयोगबाट सचेत गराईएको ।

२. जिल्ला शिक्षा कार्यालय, रौतहट अन्तरगत सरस्वती उच्च माध्यमिक विद्यालय, पिपरा, भलोहियाका प्र.अ. रविन्द्र झाले आर्थिक अनियमितता र भ्रष्टाचार गरे भन्ने उजुरी उपर अनुसन्धान हुंदा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धर्मेन्द्र प्रसाद साह स्वयंले निर्माण काम लगायतका शिर्षकहरुमा बिना औचित्य पेश्की लिने समयमा फछ्यौंट नगर्ने, प्रचलित आर्थिक ऐन नियमावलीले तोकेको प्रकृया अवलम्वन नगरी निर्माण कार्यहरु गर्ने गरेको देखिएकोले आइन्दा यस प्रकारको कार्यहरु नगर्न नगराउन निज धर्मेन्द्र शाहलाई आयोगको मिति २०६९।२।५ को निर्णयानुसार सचेत गराईएको ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयले आ.व. ०६६।०६७ मा Security Checked Sticker को लागी रु. ३० लाखमा गरिएको वोलपत्रमा अनियमितता भएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा २४ लाख थान Security Checked Sticker का लागि प्रति स्टिकर रु.१।३० ले जम्मा रु.३१,१८,५६०।- को अनुमानित Cost Estimate गरेको र सो को लागी वोलपत्र आव्हान गर्दा भिमेश्वर सप्लायर्स एण्ड सरसफाई प्रा.लि. ले भ्याट वाहेक रु. ३० लाख, सुनगाभा सप्लायर्स एण्ड सरसफाई प्रा.लि. ले रु.३६ लाख, न्यू नेहा इन्टरप्राइजेजले रु.३२,६४,०००।- र डि.वी. क्लिनर्स सप्लाई एण्ड गार्डेन प्रा.लि. ले रु.३३,६०,०००।- अंक कवोल गरी वोलपत्र पेश गरेकोमा सवैभन्दा न्यून अंक कवोल गर्ने भिमेश्वर सप्लायर्स एण्ड सरसफाई प्रा.लि. को वोलपत्र मानी स्वीकृत गरेको पाईयो । भिमेश्वर सप्लायर्स एण्ड सरसफाई प्रा.लि., न्यू नेहा इन्टरप्राइजेज र सुनगाभा सप्लायर्स समेत ३ वटा वोलपत्रहरुको प्रंस्ताव एउटै व्यक्तिको हस्ताक्षरले लेखेको भन्ने देखिएको र सो कुरा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको च.नं. १६२२ मिति २०६७।३।४ को पत्रवाट ३ वटै वोलपत्रका हस्ताक्षरहरु लेखन गुणको आधारमा एक आपसमा मिल्छन् भन्ने प्रतिवेदनमा समेत उल्लेख गरेको हुंदा उक्त ३ वटा वोलपत्रहरु एक आपसमा मिलेमतो गरी दाखिला गरेको देखिन आयो । Sticker का लागि वजेट व्यवस्था भएको, स्वीकृत कार्यक्रम र Estimate भित्र परेको, सवैभन्दा न्यून अंक कवोल गर्ने वोलपत्र स्वीकृत गरेको, गुणस्तरयुक्त Sticker लिने उद्देश्यका लागि पेश भएका Sticker नमुना २ पटक अस्वीकार गरेको, रकम भुक्तानी गरीसकेको र Sticker प्रयोग पनि भैसकेको देखियो । वोलपत्रदाताहरुको मिलेमतो तर्फ ध्यान नदिई वोलपत्र मूल्यांकन गर्ने उपनिर्देशक देवेन्द्र के.सी., उपनिर्देशक सुरेशमान सिंह, लेखा अधिकृत जगन्नाथ निरौला, प्रशासकीय अधिकृत राजेन्द्र प्रसाद पौडेलले मूल्यांकन गरी स्वीकृतीको लागि पेश गरेको र त्यस्तो वोलपत्र तत्कालिन महाप्रवन्धक (हाल उपमहानिर्देशक) दिनेश प्रसाद श्रेष्ठले स्वीकृत गरी पूर्ण सजगता र जवाफदेहिता राम्ररी वहन गरेको नदेखिँदा अव उप्रान्त यस्तो कार्य नगर्नु नगराउनु भनी आयोगको मिति २०६८।४।३० को निर्णयानुसार निजहरुलाई सचेत गराउन नागरिक उड्डयन प्राधिकरणलाई लेखिपठाइएको ।

परिच्छेद – ८

असुल उपर

सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी, नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने व्यवस्था अख्तियार दुरुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. मा भए अनुरूप आर्थिक वर्ष २०६८/०६९ मा आयोगबाट निम्न बमोजिम गर्ने गरी अख्तियारवालालाई लेखी पठाइएको छ ।

कृषि विकास मन्त्रालय

१. राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि.का तत्कालीन महाप्रवन्धक युद्ध बहादुर पन्त समेतले एशियाली उत्पादकत्व संगठन जापानको सहयोगमा धुलीखेल लज रिसोर्टमा केही महिना अगाडी संचालित कार्यक्रममा सहभागिहरुको खाना र वासको लागि प्रतिव्यक्ति प्रति दिन ३५ अमेरिकी डलर खर्च भएकोमा प्रति व्यक्ति प्रति दिन ५५ अमेरिकी डलर खर्च भएको देखाएको, महाप्रवन्धक आफ्नो घर तनहुँ जाँदा काज देखाई रिजर्भ गाडीभाडा वढी लिएको, भन्ने समेत व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा तत्कालीन महाप्रवन्धक युद्ध वहादुर पन्त क्षेत्री तनहुँ काजमा जाँदा पोखरा विमानस्थलवाट पोखरा-दमौली (तनहुँ) जाँदा पहिलो पटक दुई दिनको गाडी भाडा रु.९,५००।-, दोश्रो पटक एक दिनको भाडा रु.३,५००।- र तेश्रो पटक दुई दिनको गाडी भाडा रु.६,५००।- भुक्तानी भएको देखिएको । एकै स्थान, अवधि र दुरीमा एकपटक २ दिनको रु.६,५००।- र अर्कोपटक पनि २ दिनकै सोही स्थान समान दुरी र समान अवधि मितिमा गाडी भाडा रु.९,५००।- देखिएकोले फरक रकम रु.३०००।- अस्वाभाविक भएको देखिँदा निज युद्ध वहादुर पन्त क्षेत्रीले पछि भन्दा पहिले वढी लिएको रु.३,०००।- निजले पाउने जुनसुकै रकमवाट कट्टा गरी सम्बन्धित कार्यालयवाट अविलम्व यस आयोगको खाता नं. (कार्यालयको कोड नं.२७-२०६-०१ कार्यालयको खाता नं.क-१-१-०९१) मा जम्मा गर्न लगाउने भन्ने आयोगको मिति २०६८।६।८ को निर्णयानुसार लेखी पठाईएको ।

२. कृषि विकास वैंक मुख्य शाखा कार्यालय वीरगञ्जवाट ऋणी रामवावु साह कानूलाई ऋण प्रवाह गर्दा कमशल धितो सुरक्षण लिई बढी रकम ऋण प्रवाह गरेको भन्ने उजुरी सम्वन्धमा अनुसन्धान हुंदा कृषि विकास वैंक मुख्य शाखा कार्यालय वीरगञ्जका ऋणी श्री रामवावु साह कानूले वैंकवाट लिएको ऋणको साँवा रु.८,८७,०००।- चुक्ता भैसकेको र उक्त व्याज वापतको रकम वैंकलाई बुझाउन वाँकी रहेको अवस्था देखिदा निज ऋणी रामवावु साह कानूवाट प्रचलित कानून बमोजिम उक्त व्याज वापतको रकम असुल उपर गर्न आयोगको मिति २०६८।६।८ को निर्णयानुसार कृषि विकास वैंक केन्द्रीय कार्यालयमा लेखी पठाईएको ।

३. राष्ट्रिय दुग्ध विकास वोर्डका लेखापाल ओमप्रकाश खरेलले लामो समय देखि निमित्त लेखा अधिकृत भई कर्मचारी संचयकोष तथा थप रकम समेत कटाए भन्ने उजुरी उपर अनुसन्धान हुंदा राष्ट्रिय दुग्ध विकास वोर्डमा कार्यरत विभिन्न कर्मचारीहरुले माथिल्लो पदमा निमित्त भई उक्त माथिल्लो पदको कर्मचारी संचयकोष तथा सो को सत प्रतिशत थप समेत अनियमित खर्च गरेको जम्मा रु २८४२३।- वावुकाजी पन्तवाट रु.१,५०४।, विदुर राईवाट रु.६८४।, डा.हसना मैया श्रेष्ठवाट रु.३४।, दिपेन्द्र अधिकारीवाट रु.२८३, ओमप्रकास खरेलवाट रु.१७४४८।, राजेश डि.सीवाट रु.५०३८। र नीता शर्मावाट रु.३४३२। असुल उपर गराउने भनी आयोगको मिति २०६८।९।४ को निर्णयानुसार राष्ट्रिय दुग्ध विकास संस्थानमा लेखी पठाइएको ।

भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय

१. नेपाल रेल्वे कम्पनीका नि. फोरम्यान राजेन्द्र प्रसाद रावतले आफूखुसी मनपरी तवरवाट रेल्वेका सामानहरु विक्री गरेको भन्ने उजुरी उपर अनुसन्धान हुंदा फोरम्यान राजेन्द्र प्रसाद रावतले निजको जिम्मा रहेको ३३७८ लि. डिजलको हरहिसाव हालसम्म फरफारक गरेको नदेखिएको, उक्त डिजलको जिन्सी खाता अंकित मूल्य रु.२६.४९९ प्रति लि. का दरले हुन आउने रकम रु.८९,५१३।६२ र मिति २०६४।१।१० मा कवाडी सामान विक्रीवाट प्राप्त रकम रु.५८,३००।- मध्ये मिति ०६४।१।२३ को वील बमोजिम खरीद ४ थान टायरको मूल्य रु.५७,४८७।०८ वाँकी रहन गएको रु.८१२।९२ दाखिला गरेको नदेखिएको हुँदा सो समेत गरी जम्मा रु.९०,३२६।५४ निजँसंग असूल उपर गरी सो को जानकारी आयोगमा पठाउन आयोगको मिति २०६८।४।२२ को निर्णयानुसार नेपाल रेल्वे कम्पनी जनकपुरमा लेखी पठाईएको ।

२. नेपाल खानेपानी संस्थान विराटनगरका तत्कालिन कार्यालय प्रमुख चन्देश्वर साह समेतको मिलोमतोमा स्टोरमा रहेका पुराना कवाडी मीटरहरु वेची हिनामिना गरेको भन्ने उजुरी उपर अनुसन्धान हुंदा आ.व.२०६७।०६८ मा शाखा कार्यालय विराटनगरको सवारी इन्जिन मर्मत संभार शिर्षकमा नेपाल खानेपानी संस्थान प्रधान कार्यालय काठमाण्डौको पूर्व स्विकृति वेगर विनियोजित वजेट भन्दा रु.१०,०००।- वढि रकम खर्च गरि संस्थानलाई अतिरिक्त व्ययभार पारेको र यसमा संचालक समितिले निज कर्मचारी माथि विनियामवली वमोजिम कारवाही गर्ने भनी निर्णय गरेको सन्दर्भमा वजेट भन्दा वढि खर्च गरेको सो रकम रु.१०,०००।- नेपाल खानेपानी संस्थान, विराटनगर शाखाका तत्कालिन कार्यालय प्रमुख चन्देश्वर साहवाट असुल उपर गराउने भनी आयोगको मिति २०६८।११।९ को निर्णयानुसार नेपाल खानेपानी संस्थान, विराटनगर शाखामा लेखी पठाईएको ।

शिक्षा मन्त्रालय

१. कुडुले मा.वि. बाग्लुङ्गका प्रधानाध्यापक टीकाराम सापकोटा र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गुरुप्रसाद आचार्यको मिलेमतोमा मा.वि.तहको राहत दरबन्दीमा दिपेन्द्र

पोखरेल (बिज्ञान बिषय) र रामचन्द्र भुषाल (गणित बिषय) लाई नियुक्ती गरेको कागज बनाई निजहरुको नाममा जिल्ला शिक्षा कार्यालय, बाग्लुङ्गबाट तलव निकासा लिई प्रधानाध्यापकको नातेदार व्यक्तिहरुलाई पढाउन लगाई तलव भुक्तानी गर्ने जस्ता अनियमित कार्य गरेको भन्ने समेत व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा बिद्यालयको स्थानिय श्रोतबाट तलव खर्च लेख्ने गरी नियुक्त भएका निज शिक्षकहरुलाई बिद्यालय व्यवस्थापन समितिको निर्णयबाट तोकिए भन्दा बढी (राहत दरबन्दीको स्केल बमोजिम) तलव खर्च लेखेबाट बिद्यालयलाई बढी व्ययभार पर्न गएको देखिएको रकम रु. १,७९,०८०।- कुँडुले मा.बि.को बिद्यालय व्यवस्थापन समितिका तत्कालिन अध्यक्ष गुरुप्रसाद आचार्य र तत्कालिन प्रधानाध्यापक टीकाराम सापकोटाबाट असूल उपर गरी बिद्यालयको खातामा जम्मा गराउन आयोगको मिति २०६९।५।१९ को निर्णयानुसार बाग्लुङ्गका जिल्ला शिक्षा अधिकारीलाई लेखि पठाईएको ।

२. जिल्ला शिक्षा कार्यालय रौतहट अन्तर्गत श्री सरस्वती उच्च माध्यमिक विद्यालय, पिपरा, भलोहियाका प्र.अ. रविन्द्र झाले आर्थिक अनियमितता गरेको भन्ने उजुरी उपर अनुसन्धान हुंदा २०६७ कार्तिक देखी २०६८ असार सम्म विशेष पाठ्यक्रम सञ्चालन गरे वापत प्र.अ. रविन्द्र झा र खरिदार अग्रज कुमार पाण्डेले ७ जना शिक्षकहरुको तलव खर्च भनी १,४८,५००।- वैंकवाट बुझी लिएको देखिएको, तर सो रकम खर्च भएको तथा दाखिला भएको नदेखिएकोले तलव वितरण (विशेष कक्षा) शिर्षकमा अनियमितता गर्ने प्र.अ. रविन्द्र झा र खरिदार अग्रज कुमार पाण्डेवाट रु.१४,८५००।- असुल उपर गर्ने गराउने ।

भवन निर्माण गर्दा ६ वटा छडको प्रयोग गर्नुपर्नेमा ४ वटा मात्र छड प्रयोग भएको र विद्यालयको प्रागणमा माटो सम्म गर्दा अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्ष दररेट अधिक कायम भएको पाइएको । नपुग छड वापत कुल परिमाण २१६।३६ के.जी. को रु.६४ का दरले रु.१३,८४७।०४ र माटोको काममा पछिल्लो वर्ष जम्मा परिमाण ३५२।१२ घ.मि. को रु.१२२।- (फरक रकम) का दरले रु.४२,९५८।६४ वढी खर्च देखाइएको र उक्त रकम विद्यालयमा दाखिला भएको नपाईदा वढी खर्च देखाउने पदाधिकारी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धर्मेन्द्र प्रसाद साह र प्र.अ. रविन्द्र झावाट उक्त वढी देखाएको रकम असुल उपर गर्ने गराउने ।

त्यसैगरी प्र.अ. रविन्द्र झाले विहानको एकै समयमा उच्च माध्यमिक तहमा अध्यापन गराए वापत मासिक रु.३,०००।- र व्यवस्थापन हेरे वापत रु.२,५००।- एकै समयमा दोहोरो भत्ता वुझि लिएको देखिदा एकै समयमा दोहोरा भत्ता लिएको वि.एड. तर्फको आ.व. २०६६।०६७ देखी २०६८ वैशाखसम्म ३४ महिनाको मासिक रु.२,५००।- का दरले बुझी लिएको कुल रकम रु.८५,०००।- निज प्र.अ. रविन्द्र झावाट असुल उपर गर्ने गराउने भनी आयोगको मिति २०६९।२।५ को निर्णयानुसार सम्वन्धित निकायमा लेखी पठाइएको ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

दुर्गम विकास समितिमा कार्यरत लेखा प्रमुख कृष्णनाथ खनालले अनियमितता गरेको भन्ने उजुरी उपर अनुसन्धान हुंदा निज कृष्णनाथ खनालवाट बदनियतपूर्वक अनियमितता गरेको आ.व. ०५१।५२ र ०५२।५३ मा वैठक भत्ता वापत कर कट्टी गर्नु पर्नेमा कट्टी नभई रु.१५,१७५।- असुल उपर हुनुपर्ने वेरुजु कायम भएको सो मध्ये रु.६,५७०।- असुल फछ्यौंट भई सम्परीक्षण समेत भई सकेको अवस्था देखिएकोले वाँकी रकम कडाईकासाथ अविलम्व असुल उपर गरी फछ्यौंट गर्ने भन्ने आयोगको मिति ०६८।१२।२६ को निर्णयानुसार दुर्गम क्षेत्र विकास समितिमा लेखि पठाइएको ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

लुम्बिनी अञ्चल अस्पताल बुटवलका कर्मचारी सुबिता सैजु समेतले बिना स्वीकृति बी.एन.(B.N.) अध्ययन गरीरहेको तथा सो अस्पतालमा इण्टर्नसिप गर्न आएका बिद्यार्थीहरुबाट अनियमितरुपमा रकम असूल गरी बाँडेर खाएको भन्ने समेत व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा मन्त्रिपरिषद्को मिति २०५८।१।६ को निर्णयानुसार प्रशिक्षण वापत उठेको शुल्कको १२ .५% मात्र लिन खान पाउनेमा लुम्बिनी अञ्चल अस्पताल बुटवलमा प्रयोगात्मक कक्षाका लागि आउने प्रशिक्षार्थीहरुबाट लिएको इण्टर्नसिप शुल्क रकमलाई OJT भत्ता भनी अस्पतालका कर्मचारीहरुले आपसमा बाँडी खाएको देखिँदा सोलाई कानून सम्मत भन्न सकिएन । तसर्थ यसरी अनियमित तरिकाबाट लिए खाएको रकम निज बाँडी खानेहरुबाट असूल उपर गरी राजस्व खातामा दाखिला गर्नु पर्ने भनी यस आयोगवाट मिति २०६७।६।१८ मा निर्णय भईसकेको समेत देखिँदा यसरी अनियमित रुपले लिए खाएको रकम सम्वद्ध कर्मचारीहरुबाट असूल उपर गरी राजस्व खातामा दाखिला गर्ने भनी आयोगको मिति २०६८।३।२८ को निर्णयानुसार लेखी पठाइएको ।

परिच्छेद - ९

ध्यानाकर्षण

सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने कानूनी व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. मा भए अनुरूप आ.ब.२०६८/०६९ मा विभिन्न निकायमा कार्यरत पदाधिकारीहरूबाट भएका काम कारबाहीहरू उपर देहाय बमोजिम ध्यानाकर्षण गराइएको छ ।

उर्जा मन्त्रालय

आ.व. २०६४/०६५ मा नेपाल विद्युत प्राधिकरण शाखा कार्यालय, धनकुटाका कार्यालय प्रमुख रोशन अग्रवाल समेतले विद्युत लाईन विस्तार, कार्यालय भवन रंगरोगन तथा गार्ड रुम निर्माण कार्य समेतमा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सामान सप्लाईको लागि आर.के. ईन्टरप्राईजेज धरानका प्रतिनिधिसँग गरेको २ वटा सम्झौतामा एउटा मात्र मञ्जुरनामा राखेको साथै कतिपय कागजातमा कार्यालय र कार्यालय प्रमुखको छाप नलागेको, दर्ता/चलानी केरमेट र मिति समेत फरक परेको जस्ता केही त्रुटीपूर्ण कार्य भए गरेको देखिन आएकोले यसमा कार्यालय प्रमुखले आफ्नो पदीय कर्तव्य, उत्तरदायित्व अनुसार जवाफदेही पूर्ण ढंगले कार्य गर्न गराउन सकेको अवस्था नदेखिँदा अब आइन्दा यस्तो गल्ती नदोहोऱ्याई गम्भीरतापूर्वक कार्य गर्न गराउन धनकुटा शाखाका तत्कालिन कार्यालय प्रमुख रोशन अग्रवाललाई आयोगको मिति २०६८।६।८ को निर्णयानुसार आयोगबाटै ध्यानाकर्षण गराईएको ।

कृषि विकास मन्त्रालय

(१) राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लि.का तत्कालीन महाप्रवन्धक युद्ध बहादुर पन्त समेतले एशियाली उत्पादकत्व संगठन जापानको सहयोगमा धुलीखेल लज रिसोर्टमा केही महिना अगाडी संचालित कार्यक्रममा सहभागिहरूको खाना र वासको लागि प्रतिव्यक्ति प्रति दिन ३५ अमेरिकी डलर खर्च भएकोमा प्रति व्यक्ति प्रति दिन ५५ अमेरिकी डलर खर्च भएको देखाएको, महाप्रवन्धक आफ्नो घर तनहुँ जाँदा काज देखाई रिजर्भ गाडीभाडा वढी लिएको, भन्ने समेत व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा वित्तीय व्यवस्थापन तथा लेखा शाखा प्रमुख पदमा कार्यरत चन्द्र भक्त श्रेष्ठले आर्थिक प्रशासन सम्बन्धी ऐन, नियम तथा वित्तीय कारोवार सम्बन्धी केन्द्रको विनियमावलीको पूर्ण जानकारी तथा पालना गर्ने गरेको नदेखिएको, मितव्ययीता अपनाउन सक्षम र प्रभावकारी भूमिका खेलेको पनि नदेखिएको । विल, भर्पाईमा गम्भीर त्रुटीहरू हुँदा हुँदै भूक्तानी दिएको र कार्य सम्पन्न भ्रमण प्रतिवेदन

वेगरै दैनिक भ्रमण भत्ता भूक्तानी दिने समेत गरेको देखिएको हुँदा अव उप्रान्त आर्थिक कारोवार गर्दा प्रचलित कानूनको प्रतिकूल नहुने गरी अझ वढी गम्भीर भै काम काज गर्न चन्द्र भक्त श्रेष्ठलाई आयोगको मिति २०६९।६।८ को निर्णयानुसार आयोगबाटै ध्यानाकर्षण गराईएको ।

(२) राष्ट्रिय सहकारी वोर्डका सह अध्यक्ष सरोज कुमार शर्माले मलाई दरवन्दी नै नरहेको ठाउँ भरतपुर चितवनमा सरुवा गरेको र गैर कानूनी रुपमा पदपूर्ति गर्न लागेकोले रोकी छानविन गरिपाउँ भन्ने उजुरी उपर अनुसन्धान हुंदा सहकारी विकास वोर्डको मिति २०६८।३।१० को निर्णयले निर्देशक डा. विश्वमोहन आचार्यलाई महाशाखा परिवर्तन गरी चितवन भवन निर्माणको जिम्मेवारी तोकेकोमा कृषि तथा सहकारी मन्त्रालयले समेत रद्द गर्न पत्राचार गरेको र सहकारी विकास वोर्डले मिति २०६८।८।१९ को निर्णयबाट सच्याई सकेको देखिंदा सो तर्फ केही बोल्न परेन तर दरवन्दी नै नभएको ठाउँमा कर्मचारी खटाउने उक्त कार्यलाई उचित र राम्रो मान्न सकिएन । दरवन्दी नै नभएको ठाउँमा कर्मचारी खटाउने कार्य अव, उप्रान्त नगर्न आयोगको मिति २०६९।२।३१ को निर्णयानुसार राष्ट्रिय सहकारी विकास वोर्डलाई ध्यानाकर्षण गराईएको ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

काठमाण्डौ महानगरपालिका वडा नं. १० को कि.नं. ३७० को जग्गा व्यक्ति विशेषका नाममा अनधिकृत तवरले दर्ता गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा रावल आयोगले मिति २०५२।३।१ मा निर्णय गरी नेपाल सरकारको नाममा कायम भईसकेको कि.नं. २६२ क्षेत्रफल ०-४-२-० जग्गामध्ये ०-२-२-० जग्गा गुठी संस्थान केन्द्रिय कार्यालयको मिति २०६५।३।१६ को आदेशानुसार विना कानूनी आधार गुठीको नाममा उक्त जग्गा कायम भए गरेको पाईंदा आईन्दा यस्ता कार्यको सम्वन्धमा एकपटक नेपाल सरकारको नाममा कायम भईसकेका यस्ता प्रकृतिका जग्गाहरू बिना कानूनी आधार गुठीको नाममा कायम नगर्न नगराउन आयोगको मिति २०६८।६।६ को निर्णयानुसार गुठी संस्थान केन्द्रिय कार्यालयलाई ध्यानाकर्षण गराईएको ।

भौतिक योजना निर्माण तथा यातायात व्यवस्था मन्त्रालय

भौतिक योजना निर्माण तथा यातायात व्यवस्था मन्त्रालय र सो अर्न्तगतका यातायात व्यवस्था विभाग लगायतका सम्वन्धित निकायहरूसंग आयोगमा प्राप्त उजुरीहरू र विगतमा दिएका निर्देशनहरू कार्यान्वयन स्थितीबारे मिति २०६८।८।४ का दिन सम्वद्ध पदाधिकारीहरू समेतको उपस्थितिमा आयोगमा छलफल एवं अर्न्तकृया हुँदा यातायात व्यवस्था कार्यालयहरूले सवारी चालक अनुमती पत्रको लागि परीक्षा प्रणालीमा समय सापेक्ष सुधार गरि मर्यादित, व्यवस्थित र गुनसो रहित बनाउन कानून बमोजिम एकपटक अनुत्किर्ण व्यक्तिले पूनः परीक्षामा सहभागी हुन ९० दिन व्यतित हुनुपर्न व्यवस्था, परीक्षा स्थल ट्रायल परीक्षामा सि.सि.क्यामरा जडान गर्न पर्ने लगायतका विषयमा दिइएका निर्देशनहरू सवै

कार्यालयहरूमा एकसाथ कार्यान्वयन हुन सकेको नपाइएको हुँदा उक्त निर्दशन कार्यान्वयन गर्नगराउन, सार्वानिक यातायातको भाडा वृद्धि सम्बन्धमा यस अघि नै आयोगबाट भएको निर्णय कार्यान्वयन भएको अवस्था नदेखिएकोले आयोगको पूर्व निर्णय अनुसार भाडा समायोजन गर्न व्यवस्था मिलाउन, अन्तर्राष्ट्रिय सभा समारोहमा संथागत र व्यक्तिगत रूपमा प्रतिनिधित्व गर्दैजाने प्रतिनिधिहरूको क्रियाकलापबाट राष्ट्रिय प्रतिस्ठामा पर्नसक्ने प्रभाव तर्फगम्भीर भई छनौट गर्दा विशेष सतर्कता अपनाउन र राष्ट्रिय प्रतिष्ठा विपरित क्रियाकलापमा संलग्न व्यक्ति/संस्था उपर कानून बमोजिम कडाईका साथ दण्डित गर्ने परिपाटी वसाल्न, आयोगबाट मगाएका कागजात, जवाफ तथा वुझ्नुपर्ने व्यक्ति उपस्थितिको लागि जानकारी पाएपछि यथा समयमा जे जो गर्न पर्न गरि अनुसन्धान कार्यमा सहयोग गर्न भौतिक योजन, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय मातहतका सवै निकाय तथा कार्यालयहरूलाई आयोगको मिति २०६८।८।६ को निर्णयानुसार ध्यानाकर्षण गराईएको।

वन तथा भूसंरक्षण मन्त्रालय

राष्ट्रिय भू उपयोग आयोजनाका आयोजना प्रमुख बामदेव दीप अधिकारी, ना.अ.दिनेश काफ्ले र लेखापालले बजेट बाँडचुड गरी खाने गरेको तथा तहाँ कार्यरत कर्मचारीहरूले TADA को रकमको नक्कली वील बनाएर पेश गरी भुक्तानी लिएको उजुरीको उपर अनुसन्धान हुँदा विभिन्न पदका २२ जना व्यक्तिहरूले भुक्तानी लिएको होटल वास खर्च वापतको रकम नेपाल राष्ट्र बैंक बैंकिङ्ग कार्यालय, थापाथली, काठमाडौंमा खाता नं. क-१-१-०९१, राजश्व शीर्षक नं.१४२२१ राजश्व खातामा दाखिला भईसकेको भएतापनि सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ तथा आर्थिक कार्यविधि ऐन २०५५ एवं सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६८ बमोजिम बिज्ञापन, शुभकामना, समवेदना एवं भिजिटिङ्ग कार्ड जस्ता सामग्रीहरूको निर्माण तथा छपाई खर्च कार्यालयको बजेटबाट भुक्तानी नदिने भनी आयोगका मिति २०६८।११।१६ को निर्णयानुसार सम्वन्धित कार्यालयलाई ध्यानाकार्षण गराईएको ।

शिक्षा मन्त्रालय

जनक शिक्षा सामाग्री केन्द्र प्रा.लि. का प्रवन्ध संचालक रामचन्द्र सिलवालले पद वहाली भए लगतै इन्धन सुविधा वृद्धि, अधिक कर्मचारी भर्ना र सि.सि.टि.भी खरिद लगायतका विषयमा अनियमितता गरेको उजुर उपर अनुसन्धान हँदा जनक शिक्षा सामाग्री केन्द्रको कूल दरबन्दी ६३१ रहेको र सो भन्दा बढी राखेको कर्मचारीलाई हटाउन आयोगबाट मिति ०६५।१२।२० मा निर्णय गरी निर्देशन गरेको । उक्त निर्णय लामो समय पछि लागु गराउन सम्पूर्ण कर्मचारीवाट दस्तखत लिई आवश्यक कर्मचारी राखी वाँकीलाई सेवामुक्त गरी दरवन्दी अनुसार कर्मचारी मिलान गरेपछि, पुनः आवश्यकता अनुसार केहि समयका लागि भन्दै दरवन्दी भन्दा वाहिर ११२ जना कर्मचारी आफुखुसी मनोमानी ढङ्गबाट स्वीकृत दरवन्दी भन्दा वढी संख्यामा कर्मचारी भर्ना गरी केन्द्रलाई अनावश्यक आर्थिक बोझ बोकाएको

देखिएकोले यसरी मनोमानी ढङ्गबाट स्वीकृत दरवन्दी भन्दा बढी रहेका जनशक्तिलाई तत्कालै अवकास दिन केन्द्रका प्रवन्धक संञ्चालक रामचन्द्र सिलवालाई आयोगको मिति २०६८।११।६ को निर्णयानुसार पुनः ध्यानाकर्षण गराईएको ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

१. स्वास्थ्य सेवा विभाग विभाग आपूर्ति महाशाखा र Atlas Medicine Concern Pvt. Ltd। बिच मिति सन् ९ जुलाई २०१० मा सम्झौता भई सप्लायर्सबाट प्राप्त हुन आएका 2 Rod Contraceptive Implants (5Years Effectiveness), Jadelle मध्ये ठेकेदार र महाशाखाका कर्मचारी मिलेर गत वर्ष नै आपूर्ति महाशाखामा प्राप्त भैसकेको २५० थान औषधीको रकम पुनः लिन खोजिएको भन्ने समेत व्यहोराको उजुरीका उपर अनुसन्धान हुँदा Atlas Medicine Concern Pvt. Ltd. को तर्फबाट सम्झौता बमोजिम सप्लाई गरेका Implant सेटहरू मध्ये विभिन्न व्याच नं./लट नं. का शंकास्पद २५० सेट Implants के, कहाँबाट, कसरी प्राप्त गरी स्वास्थ्य सेवा विभाग, आपूर्ति महाशाखामा बुझाउन ल्याएको हो, यकिन गर्न नसकिएको र आयोगको मिति २०६८।११।१६ को निर्णय अनुसार सप्लायर्सको तर्फबाट उल्लेखित शंकास्पद २५० थान Implants को तोकिएको जम्मा मुल्य ५,९३,७५०।- मिति २०६८।१२।२ मा रसिद नं. 1866 बाट राजश्व दाखिला भैसकेको देखिएको । स्वास्थ्य सेवा विभाग आपूर्ति महाशाखामा प्राप्त हुन आएका Implant सेटहरू स्वास्थ्य सेवा विभाग मातहत जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय तथा क्षेत्रीय मेडिकल स्टोर्समा पठाउँदा के, कुन लट नं./व्याच नं. का Implant Set हरू के, कसरी, कहिले कुन जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय तथा क्षेत्रीय मेडिकल स्टोर्समा कसले, कसरी पठाइएको हो, सोको अभिलेख राख्ने व्यवस्था मिलाई जिम्मेवारी तोक्ने कार्य मिलाउन स्वास्थ्य सेवा विभागलाई लेखी पठाउने, यस कामको नियमित अनुगमन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट गर्ने व्यवस्था मिलाउन आयोगको मिति २०६८।१२।१३ को निर्णयानुसार उक्त मन्त्रालयको ध्यानाकर्षण गराईएको ।

२. परोपकार प्रसूती तथा स्त्रीरोग अस्पताल, थापाथलीले टेण्डर नगरी नियम विपरित कोटेशनबाट औषधि तथा उपकरण खरिद गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा परोपकार प्रसूती तथा स्त्री रोग अस्पताललाई आ.व. ०६६।०६७ मा औषधी खरिदमा जम्मा रू. २,२०,३५,०००।- बजेट रहेको । उक्त बजेट अनुसार अस्पतालले अत्यावश्यक औषधिमा रू. १,३०,७२,९४०।-, सर्जिकल सामानमा रू. १,६२,१३,१८६।-, आवश्यक पर्ने औषधीमा रू. १,०२,०५९ एनेस्थेसिया सम्बन्धी औषधिमा रू.८,६९,७१० को लगत इष्टिमेट अस्पताल प्रमुखबाट स्वीकृत गरेको देखियो । अत्यावश्यक औषधीमा छुट्टयाएको रकमबाट औषधी खरिदका लागि मिति २०६६।७।१३ को गोरखापत्रमा बोलपत्रको सूचना प्रकाशित भएको देखिन्छ । उक्त सूचना अनुसार पर्न आएका बोलपत्रहरू मध्येबाट बोलपत्र मूल्यांकन समितिको मिति २०६६।१०।१२ को सिफारिश अनुसार अस्पतालले सँघाई फर्मास्यूटिकल

प्रा.लि. को रू.२९,०८,११२।४० ड.वी. मेडिसिन सेन्टरको रू. १४,५२,२१९।१२ र विवेक विशेष फर्माको रु २१,९९,०३३।२४ (जम्मा रू.६५,५९,३६४।७६) आईटम वाईज रुपमा स्वीकृति भएको देखियो । उक्त टेण्डर गरी बाँकी भएको रकमबाट अस्पतालले सूचीकृत फर्महरूबाट विभिन्न मितिमा सोझै औषधि खरिद गरेको खुल्न आउछ । यसैगरी अस्पतालमा निःशुल्क औषधि दैनिक करिव ७० देखि ८० हजारसम्मको खर्च हुने गरेकाले टेण्डर प्रकृया पूरा नहुञ्जेल सम्मको अवस्थामा सोझै खरिद गरिएको हो भन्ने अस्पताल प्रमुखले बयानमा समेत उल्लेख भएको देखिएको छ ।

यसैगरी, अस्पतालले IUI सेवालाई विस्तार गरी IVF (In vitro Fertilization) सेवा थप गर्न विभिन्न ३ वटा कम्पनीबाट कोटेशन माग गरि न्यूनतम कबोल अंक रू.१,८०,०००००।- को कोटेशन स्वीकृत गरी निजको स्थानीय एजेन्ट हस्पिटेकसँग मिति २०६७।३।२९ मा खरिद संझौता भएको । IUI सेवा पनि सोही कम्पनीको भएको र उक्त सेवालाई अपग्रेड गरी IVF सेवा पनि सोही कम्पनीको कबोल अंक पनि न्यूनतम नै भएकाले सोही कम्पनीसँग संझौता गरिएको भन्ने अस्पतालको प्रतिकृया प्राप्त भएको ।

प्रस्तुत उजुरीका सम्बन्धमा प्रसूति तथा स्त्री रोग अस्पतालले औषधि टेण्डर प्रकृया पुरा नहुन्जेलसम्म र टेण्डर गरेर वचत भएको रकमबाट सूचीकृत कम्पनीबाट टेण्डर दरमा औषधि खरिद गरेको समेत देखियो । यसैगरी उक्त अस्पतालमा विगत वर्षदेखि संचालन हुदै आएको IUI सेवालाई विस्तार गरी IVF कार्यक्रम संचालन गर्न परेकाले यस्का लागि आवश्यक पर्ने उपकरणमा थप सेवा विस्तार गर्नका लागि ती उपकरण वाहेक अन्य उपकरण खरिद गर्न सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(३) बमोजिम खरिद गर्न सकिने अवस्थामा पनि नियम ८५(६) बमोजिम सूचना प्रकाशित गर्नु पर्नेमा सूचना ननिकाली अस्पतालले नेपालका अन्य हस्पिटल जहा IVF सेवा संचालन गर्न सप्लाई गरेका त्यस्ता ३ वटा सप्लायर्ससँग मूल्य मागी न्यूनतम अंक कबोल गर्ने सँग मिति २०६७।३।२९ मा संझौता गरी हाल उक्त सेवा संचालन भएको भन्ने अस्पतालको र उक्त मेशिन स्पेशिफिकेशन अनुसार नै भएको भन्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जवाफ समेत प्राप्त भएको देखिएकोले अव उप्रान्त खरिद सम्बन्धी काम कारवाही गर्दा प्रचलित सार्वजनिक ऐन नियममा भएका व्यवस्थाहरूको कडाईका साथ पालना गरी काम कारवाही गर्न गराउने भनी आयोगको मिति २०६८।१२।२० को निर्णयानुसार उक्त अस्पताललाई ध्यानाकर्षण गराईएको ।

परिच्छेद - १०
सुझाव/निर्देशन

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ मा आयोगले आफ्नो काम कारवाहीको सिलसिलामा जानकारीमा आएका तथ्यहरूका आधारमा सम्वन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुझाव दिन सक्ने कानुनी व्यवस्था भए अनुरुप आर्थिक वर्ष २०६८/०६९ मा आयोगले दिइएको सुझाव/निर्देशनको विवरण निम्नानुसार छ ।

(क) उर्जा मन्त्रालय

१. अपर तामाकोशी हाईड्रोपावर लिमिटेड (माथिल्लो तामाकोशी जलविद्युत आयोजना) मा पूर्व योग्यताको छनौटमा नाम नै नभएको Andritz Hydro Pvt Ltd India कम्पनीले जेभीका नामबाट समेत बोलपत्र प्रस्ताव पेश गरेको भन्ने उजुरी सम्वन्धमा अनुसन्धान हुँदा सार्वजनिक खरीद ऐन, २०६३ को दफा ६५(१)(ङ) ले सार्वजनिक खरीद ऐन, वा नियम अन्तर्गत हुने खरिद प्रकृयाका सम्बन्धमा सार्वजनिक निकायले राय परामर्श माग गरेमा राय परामर्श दिने काम सार्वजनिक खरिद अनुगमन कार्यालयलाई तोकेको पाईन्छ । उक्त कानूनी व्यवस्था अनुसार अपर तामाकोशी हाईड्रोपावर लिमिटेड (माथिल्लो तामाकोशी जलविद्युत आयोजना) ले लट नं. ३ Mechanical and Electrical Equipment उपलब्ध तथा जडानको ठेक्काको सम्बन्धमा द्विविधा परी उक्त कार्यालयसंग राय परामर्श माग गरेको र उक्त कार्यालयले राय परामर्श प्रदान गरेको समेत देखियो । उक्त ठेक्काको कारबाही प्रकृया यस आयोगबाट वा अन्य निकायबाट छानबिन गर्ने क्रममा अगाडी नबढाउने भनी रोक लगाइएको अवस्था समेत देखिएन । माथिल्लो तामाकोशी जलविद्युत आयोजना निश्चित समयावधिभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना रहेको कुरामा कुनै विवाद छैन । यस्तो महत्वपूर्ण आयोजनामा गरिने कुनै पनि निर्णयहरू समयमा नगरिँदा आयोजनाको निर्धारित समयमा लक्ष्य पुरा हुन सक्ने अवस्था हुदैन । आफूले कानून बमोजिम गर्नु पर्ने निर्णय समयमा नगरी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट राय परामर्श माग गर्ने र राय परामर्श प्राप्त भै सकेपछि पनि कानून बमोजिम निर्णय नगरी बसिरहेको अवस्थालाई उचित र राम्रो मान्न सकिएन । अतः प्रस्तुत ठेक्काको सम्बन्धमा राष्ट्रिय हित अनुकुल हुने गरी प्रचलित कानून बमोजिम पारदर्शी ढंगबाट प्रकृया अगाडि बढाई निर्णय लिन र सो को जानकारी आयोगलाई दिन आयोगको मिति २०६८।५।१ को निर्णयानुसार अपर हाइड्रोपावर लिमिटेडलाई लेखिपठाईएको ।

२. नेपाल विद्युत प्राधिकरणका सम्बन्धमा आयोगमा दर्ता हुन आएका बिभिन्न उजुरीहरू उपर आयोगबाट अनुसन्धान हुँदा "मिति २०६७ चैत्र ९ गते नेपाल सरकारले बर्तमान उर्जा संकटको समाधानका सम्बन्धमा व्यवस्थापिका-संसदसमक्ष प्रस्तुत सरकारको धारणा र भावी कार्यक्रम सम्बन्धी सार्वजनिक जानकारी बक्तव्यको बुंदा १५ (घ) मा ऊर्जा संकटको वर्तमान स्थितिलाई

मध्यनजर राखी कसैलाई पनि विशेष सुविधामा विद्युत आपूर्ति गरिने छैन । साथै नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरूलाई हाल दिई आएको निःशुल्क विद्युत सेवा खारेज गरिने छ । यसैगरी विद्युत् वक्यौता तिर्न वाँकी व्यक्ति वा निकायहरूलाई त्यस्तो वक्यौता रकम तिर्न १५ दिनको समयावधि दिइने छ । अटेरी गरी विद्युत महसुल नबुझाएमा मौका दिएको अवधिपछि विद्युत सेवा आपूर्ति कटौती गरिनेछ" भन्ने उल्लेख भएको पाईयो । नेपाल विद्युत प्राधिकरण अत्यधिक घाटामा संचालन भैरहेको अवस्था देखियो । नेपाल सरकारले आफ्नो अवधारणा व्यवस्थापिका-संसदसमक्ष प्रस्तुत गरिसकेको अवस्था पछि पनि बिभिन्न कारण देखाई बिगत देखी नै करोडौंको बिजुली आफ्ना कर्मचारीहरूलाई निःशुल्क बितरण गर्दै आएको कुरालाई स्वच्छ र उचित मान्न सकिएन । अतः यस कुरालाई तत्काल रोक्न नेपाल विद्युत प्राधिकरण संचालक समितिलाई लेखी पठाउने । आउँदो हिउँदमा विद्युत आपूर्ति कम हुने अवस्थालाई मध्यनजर गरी विद्युत चोरी नियन्त्रण गर्न नियमित अनुगमनको व्यवस्था गर्ने । विद्युत चोरी गरी उपभोग गर्ने व्यवसायी/व्यक्ति/कार्यालयको नाम, ठेगाना (तीनपुस्ते) र रकम समेत सार्वजनिक गर्न, विद्युत महशुल बाँकी बक्योता समेत असुलउपर गर्न तदारुकताका साथ कारबाही अगाडी बढाउन, Time Of The Day मिटर डाउनलोड गरी प्राप्त भएको तथ्याङ्क एवं बिवरणको आधारमा तत्कालै कानूनी कारबाही गरी त्यसको सम्पूर्ण बिवरणहरू यस आयोगमा पठाउन लगाउने । नेपाल विद्युत प्राधिकरण भन्दा बाहिरका छुट्टै अस्तित्वमा रहेका बिभिन्न आयोजनामा कार्यरत नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरूलाई नेपाल विद्युत प्राधिकरणमा फिर्ता गर्ने वा सम्बन्धित आयोजना/निकायहरूमा नै स्थायी रुपमा रहन दिने । दोहोरो पद ओगट्ने प्रबृत्तिलाई तुरुन्त रोक्ने बारे तत्कालै निर्णय लिन, नेपाल विद्युत प्राधिकरणलाई आवश्यक पर्ने जनशक्तिको बिषयमा O & M सर्भेक्षण गरी सोही अनुसार दरबन्दी सृजना गरी पारदर्शी ढंगबाट दक्ष र योग्य कर्मचारीहरू राख्ने व्यवस्था मिलाउने । निम्नस्तरका कर्मचारीहरूलाई बिगतदेखि विभिन्न वहानामा ज्यालादारी/करार/अस्थायी अवस्थामा अनाबश्यक रुपमा नराख्ने । अतः सेवा करारबाट संचालन हुन सक्ने कामहरू (निजामती सेवा ऐनले तोकेको जस्तो) सेवा करारबाट लिई कार्य सम्पादन गर्ने गरी आवश्यक निर्णय लिन आयोगको मिति २०६८।४।८ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरणलाई लेखिपठाईएको ।

३. अपर तामाकोशी हाइड्रोपावर लिमिटेड (माथिल्लो तामाकोशी जलविद्युत आयोजना) को संचालक समितिको बैठक नियमित रुपमा बस्न नसकेको कारणबाट आयोजनाको निर्माण कार्यहरू (जस्तैः कम्पनीको व्यवस्थापन समूह नियुक्ति प्रकृया, आयोजनाको निर्देशक नियुक्ति र खर्च व्यवस्थापन) प्रभावकारी रुपमा अगाडी बढ्न नसकेको सम्बन्धमा यस आयोगको ध्यानाकर्षण भई सो सम्बन्धमा आयोगमा परेका उजुरी उपर उर्जा मन्त्रालयका सचिव, सूचना तथा सञ्चार मन्त्रालयका सचिव, नेपाल टेलीकमका महाप्रबन्धक, कर्मचारी संचयकोषका कार्यकारिण प्रमुख तथा नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक समेतको उपस्थितिमा आयोगमा बृहत छलफल हुँदा अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

(माथिल्लो तामाकोशी जलविद्युत् आयोजना) राष्ट्रिय गौरवप्राप्त आयोजना भएको कुरा सवैलाई बिदितै छ । निश्चित समयावधिभित्र सम्पन्न गरिने भनिएको उक्त आयोजना अनेक बहानामा अगाडि नबढाई काममा बाधा व्यवधान आउनुलाई राम्रो र उचित मान्न सकिंदैन । आयोजनाबाट सम्पन्न गर्नुपर्ने कार्यहरूलाई संचालक समितिबाट तत्कालै निर्णय लिनु नितान्त जरुरी भएको तर सञ्चालक समितिको बैठक नियमित रुपमा बसी समस्या समाधान गर्न सक्रिय भएको देखिएन । अतः नेपाल विद्युत प्राधिकरण संचालक समितिले मिति २०६८।११।१४ (५९६ औं बैंठक) देखि आयोजनाका सन्दर्भमा गरिएका निर्णयहरू फिर्ता (Withdraw) गरी तत्काल अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको संचालक समितिको बैठकले आयोजनाका सम्बन्धमा राष्ट्रिय हित अनुकूल हुने गरी प्रचलित कानून बमोजिम पारदर्शी ढंगबाट निर्णय लिन र सो को जानकारी आयोगलाई दिन आयोगको मिति २०६९।२।११ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरण,अपर तामाकोशी हाइड्रोपावर लिमिटेड (माथिल्लो तामाकोशी जलविद्युत् आयोजना) लाई लेखिपठाइएको ।

(ख) कृषि विकास मन्त्रालय

उदयपुर बहुमुखी सहकारी संस्था लिमिटेड गाईघाटका कर्मचारीहरूले विनियम स्वीकृत नगराई काम गरेको, पदाधिकारी र सदस्यहरूको नक्कली हस्ताक्षर गरी फर्जि कागज तयार गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा उक्त सहकारीका अध्यक्ष रामभक्त यादव र सचिव अर्जुन कुमार पोखरेललाई झिकाई बुझ्दा निजहरूले गरेको वयान कागज अनुसार उजूरीमा उल्लेखित कार्यहरू आफूहरूबाट नभएको र सो सम्बन्धमा प्राप्त आवश्यक कागजातहरू समेत अध्ययन गरी हेर्दा उजूरीमा औल्याईएका कार्यहरू भए गरेको देखिन नआएको । यस आयोगबाट सहकारी विभाग नयाँ बानेश्वरमा पत्राचार गरी उक्त उजूरीको सम्बन्धमा उक्त सहकारी संस्था लिमिटेडमा स्थलगत निरीक्षण गरी उक्त कसुर भए गरेको ठहरेमा कानून बमोजिम आवश्यक कारवाही गरी यस आयोगलाई जानकारी दिनु हुन भनि लेखी पठाउँदा सहकारी विभागवाट उजूरीमा उल्लेखित भएका विषयमा स्थलगत अनुगमन तथा निरीक्षण गर्दा उक्त कार्य भए गरेको नपाईएकोले तत्काल नियमित गराउन निर्देशन दिएको भनि सहकारी विभागबाट यस आयोगमा जानकारी गराएको पाइयो । साथै उजूरीमा उल्लेखित कार्यहरू निजहरूबाट भए गरेको नपाईएकोले तत्काललाई नियमित अनुगमन गरी सहकारीको कार्य संचालन चुस्त दुरुस्त पार्न आयोगको मिति २०६९।३।२४ को निर्णयानुसार समय समयमा निर्देशन दिनको लागि सहकारी विभाग र डिभिजन कार्यालय उदयपुरलाई लेखिपठाइएको ।

(ग) गृह मन्त्रालय

सशस्त्र प्रहरी बलमा रहेका सशस्त्र प्रहरी जवान पदको पदपूर्तिका लागि हालै प्रकाशित विज्ञापन अनुसार प्रहरी भर्नाको क्रममा पदको दुरुपयोग गरी भ्रष्टाचार गरेको भनी यस आयोगमा पर्न आएको उजूरीको सन्दर्भमा यस सम्बन्धी छानविनको टुङ्गो नलागेसम्म सो

पदको परीक्षाफल प्रकाशित नगर्नु भनी तत्काल सो परीक्षाफल रोक्का गरी अनुसन्धान प्रारम्भ गरिएकोमा सो परीक्षा लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोक सेवा आयोगको सदस्यको अध्यक्षतामा नेपाल सरकारका २ जना सचिवहरू एवं नेपाली सेनाका उपरथी सदस्य तथा सशस्त्र प्रहरी महानिरीक्षक सदस्य सचिव भएको सशस्त्र प्रहरी सेवा आयोगद्वारा "सशस्त्र प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त २०६४" बमोजिम संचालित भएको देखिन आयो । यसै विषयमा आयोगद्वारा परीक्षा संचालनको कार्यविधि लगायत सो परीक्षामा सोधिएका प्रश्नपत्र तथा उत्तर पुस्तिका समेत आयोगमै झिकाई अध्ययन गर्नुका साथै सो सँग सम्बन्धित पदाधिकारीहरू समेतबाट आवश्यक जानकारी लिनुका अतिरिक्त यस सम्बन्धमा आवश्यक छानविन गरी आयोग समक्ष प्रतिवेदन पेश गर्न गृह सचिव तथा सशस्त्र प्रहरी महानिरीक्षकलाई लेखिपठाइएकोमा निजहरूबाट प्राप्त प्रतिवेदन समेत अध्ययन गरी हेर्दा परीक्षा संचालन सम्बन्धमा केही सुधार गर्नु पर्ने देखिएता पनि हाल उक्त परीक्षाको अन्तिम नतिजा प्रकाशन भईनसकेको र उजूरीकर्ताले उजूरीमा उल्लेख गरे अनुसार सो भर्नामा पदको दुरुपयोग गरी रकम लिई भ्रष्टाचार गरेको भन्ने तथ्ययुक्त आधार प्रमाण समेत देखिन नआएको हुँदा सो सम्बन्धमा थप केही गरिरहनु पर्ने नदेखिएकोले यस आयोगबाट मिति २०६८।९।२४ को पत्रद्वारा रोक्का गरिएको उक्त सशस्त्र प्रहरी जवानको परीक्षाफल नियमानुसार प्रकाशन गर्नु भनी रोक्का फुकुवा गरी सम्वद्ध निकाय गृह मन्त्रालय तथा सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा लेखी पठाई सो को बोधार्थ सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालयमा दिने र अब आयन्दा यस्ता परीक्षा संचालन गर्दा देहायका कुराहरू समेत लागु गर्नु भनी आयोगको मिति २०६८।१२।७ को निर्णयानुसार सशस्त्र प्रहरी वल प्रधान कार्यालयमा लेखिपठाईएको ।

<u>सुझावहरू:</u>

- हाल प्रचलित "सशस्त्र प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त २०६४" मा सशस्त्र प्रहरी जवानको लागि लिइने लिखित परीक्षा सम्बन्धी अन्य पदको लागि लिइने लिखित परीक्षामा जस्तै सो परीक्षामा समावेश हुने विषय र अंक भारको विस्तृत व्यवस्था गर्ने गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।
- सशस्त्र प्रहरी सेवा आयोगको तर्फबाट यस्ता परीक्षा संचालन गर्दा पर्याप्त रुपमा नियमित सुपरीवेक्षण र अनुगमन गर्ने गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।
- परीक्षा संचालनका लागि स्थानीयस्तरमा गठन भएका वा पछि गठन हुने समितिहरूलाई सशस्त्र प्रहरी सेवा आयोग कै प्रत्यक्ष नियन्त्रण र निर्देशनमा राखी सोही अनुरुप भर्ना सम्बन्धी कार्य संचालन गर्ने गराउने व्यवस्था गर्ने ।

- "सशस्त्र प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त २०६४" मा सशस्त्र प्रहरी जवान पदको लागि पनि शारीरिक/स्वास्थ्य परीक्षाका मापदण्ड बारे उल्लेख गर्ने गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।
- लिखित परीक्षा अगाडि हुने विभिन्न शारीरिक परीक्षणमा उम्मेदवारको उपयुक्तता सम्बन्धी मापन गर्ने आधार तयार गरी सो वापत पनि अंक दिने व्यवस्था मिलाउने ।
- तोकिएको योग्यतासँग मिल्दो जुल्दो हुने गरी परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने र सोही अनुरुपको प्रश्नपत्र तयार गर्ने व्यवस्था मिलाउने ।
- भर्ना सम्बन्धी स्पष्ट कार्यविधि तैयार गरी भर्ना प्रणाली, उपयुक्तताको मापदण्ड, योग्यता सूची (Merit List), परीक्षा संचालन, र उत्तर पुस्तिका परीक्षण विधि सम्बन्धमा लोक सेवा आयोगद्वारा स्थापित र मान्य सिद्धान्त अनुसार गर्ने गराउने तर्फ स्पष्ट व्यवस्था गर्ने ।
- भर्नाका क्रममा अनुत्तीर्ण उम्मेदवारलाई आफू के कति कारणले सो परीक्षामा अनुत्तीर्ण भएको हो सो को जानकारी दिने व्यवस्था गर्ने गराउने ।
- भर्नाका क्रममा शारीरिक रुपमा अयोग्य मानिने कुराहरूको विस्तृत जानकारी परीक्षाको विज्ञापन गर्दाकै अवस्थामा सम्बन्धित उम्मेदवारले यथेष्ठ रुपमा जानकारी पाउन सक्ने व्यवस्था गर्ने ।
- प्रत्येक विषयको प्रश्न पत्र तयार गर्दा सम्बन्धित पदको लागि तोकिएको पाठ्यक्रम अनुसार सो कार्यालयसँग असम्वद्ध दक्ष व्यक्तिहरूबाट कम्तिमा ५ सेट प्रश्नपत्र अति गोप्य रुपमा निर्माण गरी सो सेटहरूबाट उपयुक्त प्रश्नहरू छानी Question Moderation गरी अन्तिम प्रश्नपत्र निर्माण गर्ने गराउने व्यवस्था गर्ने ।
- प्रश्नपत्रमा उम्मेदवारको परिचय (नाम थर) खुल्न सक्ने प्रश्न जस्तै सम्बन्धित उम्मेदवारको वास्तविक नाम थर उल्लेख गरी चिट्ठी लेख्ने जस्ता प्रश्नहरू समावेश नगर्ने ।
- उत्तर पुस्तिकामा लोक सेवा आयोगद्वारा अपनाउने कार्यविधि जस्तै कोडिङ्ग, डिकोडिङ्ग, डवलकोडिङ्ग लगायतका कार्यविधि अपनाई सकेसम्म सो उत्तर पुस्तिका कुन उम्मेदवारको हो सो कुरा परीक्षकलाई थाहा नहुने व्यवस्था गर्ने ।
- उत्तर पुस्तिका परीक्षण गर्न परीक्षकको घरमा नपठाई कार्यालयमै अत्यन्त गोप्य तवरबाट परीक्षण गर्ने गराउने व्यवस्था गर्ने ।
- सकेसम्म एक क्षेत्रभित्रको उत्तर पुस्तिका अर्को क्षेत्रमा पठाई परीक्षण गर्ने गराउने व्यवस्था मिलाउने ।

- लिखित परीक्षा भन्दा अगाडि लिइने शारीरिक परीक्षण लगायतका अन्य परीक्षा निष्पक्ष, पारदर्शी एवं धाँधली रहित होस भन्ना खातिर विश्वसनीय बनाउन संचारकर्मी, पत्रकार, नागरिक समाज एवं अन्य स्वतन्त्र वुद्धिजीवी/व्यक्तिहरूलाई अवलोकन गर्न दिने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।
- लिखित परीक्षा भन्दा अगाडि लिइने विभिन्न शारिरीक परीक्षण सम्बन्धी परीक्षा संचालन गर्दा एकै दिन धेरै उम्मेदवारको परीक्षा नलिई सो परीक्षाको लागि आवश्यक पर्ने न्यूनतम समय परीक्षार्थीलाई दिई परीक्षा संचालन गर्ने गराउने व्यवस्था गर्ने ।

(घ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपाल सरकारको नाममा रहेका सार्वजनिक, पर्ती जग्गाहरू विभिन्न व्यक्ति/सार्वजनिक एवं गैर सरकारी संस्थाहरूलाई सामाजिक कार्यको नाममा बेमनासिव तरिकाले भोगाधिकार दिने गरिएकाले तत्काल रोकि पाउँ भन्ने उजुरीको सम्बन्धमा भूमि सुधार तथा व्यवस्था मन्त्रालयबाट प्राप्त भोगाधिकार दिइएका र भोगाधिकार दिन कारवाहीको क्रममा रहेका संघ संस्थाको विवरण सहितको पत्र समेतमा अनुसन्धान हुँदा विगतमा भोगाधिकार दिइएका जग्गाहरूको वितरण पारदर्शि नभएको, पहुँचको आधारमा भोगाधिकार दिइएको गुनासो बारम्बर आउने गरेको र भोगाधिकार दिंदै जाँदा भविष्यमा नेपाल सरकारलाई आवश्यक पर्ने जग्गा उपलब्ध हुन नसकी महंगो मूल्यमा स्वयम नेपाल सरकारले खरिद गर्नुपर्ने स्थिति आउन सक्ने र साथै नेपाल सरकारले यस्ता सार्वजनिक पर्ती जग्गाहरू आफ्नो र आफ्ना कार्यालय बाहेक अन्य कुनै पनि संघ/संस्था/निकाय/व्यक्तिको नाममा असीमित परिमाण एवं अनिश्चित कालसम्म भोगाधिकार दिंदै जाँदा भविष्यमा हुनसक्ने प्राकृतिक प्रकोपबाट हुने भौतिक एवं मानवीय क्षति न्यूनिकरण गर्न खुल्ला क्षेत्रको रुपमा यस्ता सरकारी सार्वजनिक पर्ती जग्गाहरू राज्यबाट संरक्षण एवं सम्वर्द्धन गर्नु पर्ने नितान्त जरुरी देखिँदा हालको भोगाधिकारको लागि जग्गा वितरण गर्ने कार्य तुरुन्त रोक्नु पर्ने देखियो । तसर्थ यस्तो कार्य तुरुन्त रोक्न नेपाल सरकार मन्त्रिपरिषदलाई नेपाल सकारका मुख्य सचिव मार्फत र यस्ता कार्यहरूमा कारवाही अगाडी नवढाउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयका सचिवलाई लेखी पठाउने, सरकारी पर्ती जग्गा भोगाधिकार दिने काम नेपाल सरकारले गर्नु नै पर्ने वाध्यात्मक परिस्थिति भएमा विषयवस्तुको गहन अध्ययन गरी सम्बन्धित ऐनमा नै व्यवस्था गर्न, हालसम्म व्यक्ति/संघ संस्था/निकायले भोगाधिकार प्राप्त गरेका जग्गा उद्देश्य विपरीत आफुखुसी गरी अन्य व्यापारिक फर्म/व्यक्तीलाई प्रयोग गर्न दिएको हुन सक्ने अवस्था समेतलाई मध्यनजर गरी त्यस्तो विकृति विसंगति तत्काल रोक्न जरुरी भएको हुँदा भोगाधिकार दिइएको जग्गाको प्रयोजन अनुसार भए नभएको अनुगमन र मूल्यांकन गरी दुरुपयोग गरिएको देखिएमा नेपाल सरकारले तुरुन्त फिर्ता लिने व्यवस्था गर्न

समेत आयोगको मिति २०६८।८।७ को निर्णयानुसार नेपाल सरकार मन्त्रीपरिषदलाई सुझाव लेखिपठाइएको ।

(ङ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय

१. विराटनगर स्थित रिजाल क्यानिङ उद्योग प्रा.लि. लाई उद्योग संचालन गर्न प्राप्त हदवन्दी भित्रको जग्गा जफत गर्नु पर्नेमा विक्रि गर्न इजाजत दिएको भन्ने उजुरी उपर अनुसन्धान हुंदा मिति २०४८।१२।२३ मा नै रिजाल क्यानिङ उद्योग प्रा.लि. को सुनसरी, इटहरी स्थित जग्गा र विराटनगर स्थित जग्गा नेपाल सरकारले हदवन्दी भन्दा वढीको जग्गा देखाई जफत गरिसकेको भएतापनि क्षेत्राधिकारको अभावमा नेपाल सरकारको उक्त निर्णय सर्वोच्च अदालतबाट वदर भएको देखियो । सम्बन्धित भूमि सुधार अधिकारीलाई उक्त जग्गा जफत गर्ने सम्बन्धी कारवाही अगाडि वढाउन रोक लगाइएको अवस्था पनि देखिएन । करिव १५ वर्षसम्म कुनै निर्णय नगरी सोही हदवन्दी भन्दा वढीको जग्गालाई सट्टापट्टा गरी खरिद गर्न (सहरी क्षेत्रबाट ग्रामीण क्षेत्रमा) अनुमति दिने नेपाल सरकारको कार्यलाई राम्रो र उचित मान्न सकिएन । समयमै कानूनी प्रक्रिया अवलम्वन नगर्दाको उपजको रुपमा यसलाई लिनैपर्ने हुन्छ । समयमै आफ्नो दायित्व निर्वाह नगर्ने सम्बन्धित भूमि सुधार अधिकारी, विभाग र सो सम्बन्धी मन्त्रालयको कार्य प्रणाली एवं क्रियाकलापलाई मूल्यांकनको विषयवस्तु वनाइ नेपाल सरकारबाट छुट्टै छानविन गर्नु उपयुक्त हुने देखिन्छ । सो गर्न समेत नेपाल सरकारलाई सुझाव पठाउने । अतः नेपाल सरकारको निर्णयबाट सट्टापट्टा गर्न अनुमति दिई खरीद गरिएको रिजाल क्यानिङ उद्योग प्रा.लि. को नाममा कायम हुन आएको मोरङ वनिगामा गा.वि.स. स्थित जग्गा र सुनसरी इटहरी स्थित उक्त उद्योगको नाममा हदवन्दी भन्दा वढी जग्गा देखिरहेको अवस्था हुँदा उक्त हदवन्दी भन्दा वढीको जग्गा तुरुन्त रोक्का राखी जफत गर्नेतर्फ कारवाही अगाडि वढाइ निर्णय गर्न आयोगको मिति २०६८।६।४ को निर्णयानुसार भुमिसुधार कार्यालय मोरङका भुमि सुधार अधिकारीलाई लेखिपठाईएको ।

२. धादिङ्ग जिल्ला निलकण्ठ गा.वि.स. वडा नं. ५ वस्ने इश्वरी प्रसाद अधिकारी र मालपोत कार्यालय धादिङ्गका कर्मचारी मिलि भैरवी गुठीको खान्गी गुठी जग्गाको मोही हक विक्री गर्ने कार्य भएको भन्ने उजुरी उपर अनुसन्धान हँदा धादिङ्ग जिल्ला सुनौलो वजार स्थित भैरवी गुठीको निलकण्ठ गा.वि.स. वडा नं. ५(च) कि.नं. ३२, ३३ र ऐ. वडा नं. ५ (घ) कि.नं. १४६ र १४७ का खान्गी गुठीको जग्गा भएको र खान्गीदार टेके दमाई, चन्द्रे दमाई भएको । खान्गीदारहरूबाट इश्वरी प्रसाद अधिकारीले मोही हक खरिद गरेको खान्गी गुठीको जग्गामा खान्गीदारले मोही हक प्राप्त गर्न नसक्ने र मोहीको हैसियतबाट खान्गीदारले उल्लेखित कि.नं. ३२, ३३, १४६, १४७ समेतबाट विक्री गरेको स्वत वदर हुने भनी गुठी संस्थानबाट मिति ०५२।११।८ मा गरेको निर्णय विरुद्ध चन्द्रे दमाई र इश्वरी प्रसाद अधिकारी सर्वोच्च अदालतमा रिटमा गएकोमा सर्वोच्च अदालतबाट २०५६।११।२७ मा रिट खारेज हुने गरी निर्णय भै गुठीको ०५२।११।८ को निर्णय अन्तिम भएको देखियो । सर्वोच्चको २०५६।११।२७

को फैसलाको जानकारी मालपोत कार्यालयमा प्राप्त हुनु अघि उक्त गुठीका जग्गाको मोही हक इश्वरी प्रसाद समेतले विभिन्न व्यक्तिलाई विक्रि गरेको सम्बन्धमा कर्मचारीले वद्नियतसाथ काम गरेको पुष्टि हुन नसकेको भनी आयोगबाट ०६५।५।१८ मा निर्णय भैसकेको देखिन आयो । उक्त गुठी जग्गाको मालपोत कार्यालय धादिङ्गमा रहको श्रेस्तामा सर्वोच्च अदालतको फैसला समेतको आधारमा मोही वदर भैसकेको तर श्रेस्ता छरिएर रहेको देखिन आएकोले भैरवी गुठी (खान्गी गुठी) को नाममा दर्ता भएका जग्गा मध्ये कि.नं. १४६ र १४७ मध्येबाट केही जग्गा गुठी संस्थानले रैतान परिणत गरी विक्रि समेत गरेको हुँदा यसरी विक्रि भएका जग्गा वाहेक उक्त कि.नं. १४६ र १४७ बाट वाँकी रहेका कित्ता नम्वरको जग्गा कि.नं. ३२, ३३ बाट विभिन्न मितिमा कित्ताकाट भै कायम भएका सम्पूर्ण कित्ता नम्वर हरूलाई वदर गरी पुर्ववत अवस्थामा एकिकरण गर्न र सोही अनुसार जग्गाधनी श्रेस्ता र नक्सा कायम गर्न आयोगको मिति २०६८।६।४ को निर्णयानुसार मालपोत कार्यालय धादिङ्ग र नापी कार्यालय धादिङ्गलाई लेखिपठाइएको ।

३. काठमाडौं जिल्ला चुनिखेल गा.वि.स. वडा नं. १ (क), १(ख), २(क), २ (ख) अन्तरगतका जग्गाहरूको दर्ता सम्वन्धी कारवाही मिसिल मालपोत कार्यालय चावहिलले निर्णय नगरी आलटाल गरेको भन्ने सम्वन्धी उजुरी उपर अनुसन्धान हुँदा काठमाडौं जिल्ला चुनिखेल गा.वि.स. वडा नं. १ (क) कि.नं. ३५ ऐ २(ख) कि.नं १२६, १२८, १३०, १३१, १३३, १७० र १८२ ऐ १ (क) कि.नं १७ ऐ. २(क) कि.नं. ५, १५ ऐ. ३(क) कि.नं १२३ का जग्गा सम्वन्धमा मालपोत कार्यालय चावहिलवाट निर्णय भैनसकेको र निर्णयको प्रकृयागत अवस्थामा रहेको देखिँदा यस तर्फ केही गरिरहनु परेन । मालपोत कार्यालय चावहिलले उल्लेखित कित्ताका जग्गाहरू दर्ता गर्दा सरकारी सार्वजनिक प्रकृतिका हुन वा होइनन् पूर्ण रुपमा छानविन गरेर मात्र दर्ता गर्न आयोगको मिति २०६८।७।२२ को निर्णयानुसार मालपोत कार्यालय चावहिललाई लेखिपठाईएको ।

४. रुपन्देही जिल्ला मोतिपुर गा.वि.स. अन्तर्गत तिनाउ नदी किनारामा रहेको सरकारी जग्गा मध्येबाट केही जग्गा राजेशमान श्रेष्ठको नाममा दर्ता गर्न लागेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट प्राप्त मिसिल फाइलहरू समेतको अनुसन्धान हुंदा रुपन्देही जिल्ला मोतिपुर गा.वि.स. वडा नं. १(क) कित्ता नं. ४७ को जग्गाको साविक नापीको फिल्डबुकमा तिनाउ नदी जनिई नेपाल सरकारको नाममा दर्ता प्रमाणित भई रहेको अवस्थामा कपिलमान श्रेष्ठको छोरा राजेशमान श्रेष्ठले उक्त कि.नं. ४७ को जग्गा मध्येबाट ज.वि. ९-०-० जग्गा मेरो भोगमा रहेकोले मेरो नाममा दर्ता गरी प्रमाण पूर्जा पाउँ भनी मिति २०६३।८।१० मा माननीय भूमिसुधार तथा व्यवस्था मन्त्रीज्यू समक्ष निवेदन गरी मन्त्रीज्यूको आदेश अनुसार मालपोत कार्यालय रुपन्देहीबाट दर्ता कारवाही अगाडी बढाएको देखियो । छुट जग्गा दर्ता अन्तर्गत दर्ता माग गर्ने राजेशमान श्रेष्ठले मुख्य प्रमाणको रुपमा आफ्ना बाबु कपिलमान श्रेष्ठले २०२२।७।२२ मा नारायण बिक्रम शाहसंग खरिद गरिलिएको भन्ने जिकिर रहेकोमा नारायण बिक्रम शाहसंग खरिद गरेको जग्गाको

जग्गाधनी प्रमाण पूर्जा कपिलमान श्रेष्ठले शुरु नापीबाट नै प्राप्त गरी सकेको देखियो । एक पटक बाबुले जग्गाधनी प्रमाण पूर्जा लिई सकेको अवस्थामा लामो समयको अन्तराल पछि बुटवल नगरपालिका क्षेत्र भित्र पर्ने अति संवेदनशिल जग्गालाई छुट जग्गा अन्तर्गत दर्ता गरी पाउन माग गर्नुलाई न्यायोचित र सान्दर्भिक मान्न सकिएन । तसर्थ शुरु नापीको समयमा नै कानूनी प्रकृया पुरा गरी नेपाल सरकारको नाममा दर्ता प्रमाणित समेत भएको यस्तो जग्गा नेपाल सरकारको रहे भएको कुरामा कुनै विवाद गर्नु पर्ने अवस्था देखिदैन । यस्ता सरकारी जग्गामा कसैले अतिक्रमण गरी भोगचलन गरेको भन्ने वहानामा सरकारी जग्गा व्यक्ति विशेषको नाममा दर्ता हुन सक्दैन । अत: यस्तो सरकारी सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता गर्ने गरी प्रकृया नै अगाडी नबढाउने भनी आयोगको मिति २०६८।९।७ को निर्णयानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिपठाईएको ।

५. मेरो नाममा दर्ता श्रेस्ता भएको साविक झापा जिल्ला चन्द्रगढी गा.वि.स. वडा नं. ९ हाल भद्रपुर नगरपालिका वडा नं. १४ मा पर्ने कि.नं. २२९० को जग्गाको नक्सा नापी कार्यालय झापाका कर्मचारीले विगारी दिएकोले छानवीन गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा निवेदकको नाममा दर्ता भएको सवीन्द्र चन्द्रगढी गा.वि.स. वडा नं. ९ हाल भद्रपुर नगरपालिका वडा नं. १४ कि.नं. २२९० को जग्गाको फाइल नक्सा अनुसार नक्सा कायम भैसकेको देखियो । उक्त कि.नं. २२९० को जग्गा नयाँ नापी अनुसार भद्रपुर नगरपालिका वडा नं. १४ सिट नं. १८०-०३९७-०७ कित्ता नं. ९१ अन्तरगत ब्लकमा नापी भएको र निवेदकले हाल साविक गरी नलिएको समेत देखिन आयो । कित्ता नं. २२९० को फाइल नक्सा अनुसारनै सक्कल नक्सा कायम भएको तथा नयाँ नापी अनुसार तयार भएको नक्सा नापी गोश्वारा कार्यालयबाट तयार भएकोले नापी कार्यालय भद्रपुर झापाका कर्मचारीबाट निवेदकको जग्गाको नक्सा विगारियो भन्ने आधार देखिएन । नापी कार्यालयबाट सम्पादन गरिने हाल साविक लगायतका कार्य गर्दा हालसाविक र फिल्डको स्थितिलाई अध्ययन गरी विवाद नआउने गरी गर्न आयोगको मिति २०६८।११।१८ को निर्णयानुसार नापी कार्यालय झापालाई लेखिपठाइएको ।

६. काठमाडौ जिल्ला कपन गा.वि.स. वडा नं. १ ग कि.नं. ४१४ को रोक्का जग्गा अनियमित तवरले रजिष्ट्रेशनको लिखत पास गरी दा.खा.गरेको भन्ने बिषयको उजूरी निवेदन उपर अनुसन्धान हुँदा मालपोत कार्यालय चावहिलबाट यस आयोगमा प्राप्त पत्रमा उक्त जग्गा दा.खा.गर्ने प्रकृतिको लिखत नभएकाले एक प्रति मोठ फाँटमा नपठाई सोझै दृष्टिबन्धक लिखत पारित गराई लिनेले बुझि लिएको र सो आफुले बुझी लिएको लिखत प्रति मोठ रोक्का फाँटमा दृष्टिबन्धकको व्यहोरा जनाउन नलगाएको संभावना देखिएको, दृष्टिबन्धक लिखत पारित भएपछि मोठ श्रेस्तामा सो व्यहोरा जनाउन त्रूटी हुन गै जग्गाधनीको बदनियतले सो जग्गा अन्यलाई बिक्री गरी बिभिन्न व्यक्तिहरूमा सुक्रिबिक्री भएको भनी खुलाई पठाएको देखिँदा मालपोत कार्यालय चावहिलका तत्कालिन फाँटवाला कर्मचारीहरूको लापरवाहीको कारण मोठ श्रेस्तामा सो व्यहोरा नजनाई जग्गा धनीले सो जग्गा अन्यलाई

बिक्री गरी बिभिन्न व्यक्तिहरूमा सुक्रिबिक्री भएको देखिँदा उक्त कार्यालयका तत्कालिन कर्मचारीहरू मालपोत अधिकृत उपेन्द्र काफ्ले, खरिदारहरू मानप्रसाद श्रेष्ठ, माधवराज पाण्डे तथा मुखिया भोजराज विनाडी समेतको लापरवाहीको कारण उक्त कार्य भएको देखियो । तथापि निज कर्मचारी मध्ये मालपोत अधिकृत उपेन्द्र काफ्ले र डोर फाँटका खरिदार माधवराज पाण्डे अनिवार्य अवकाश भै तथा मुखिया भोजराज विनाडी राजीनामा दिई हाल सेवाबाट अलग भैसकेको तथा खरिदार मानप्रसाद श्रेष्ठ तत्कालिन अवस्थामा रजिष्ट्रेशन फाँटमा खटिएको देखिएको हुँदा यस्ता प्रकारका गम्भिर लापरवाही हुन नदिनका लागि मातहतका सबै मालपोत कार्यालयहरूमा तत्काल निर्देशन दिई सोको जानकारी शिघ्र यस आयोगमा दिने भनी आयोगको मिति २०६८।१२।२० को निर्णयानुसार भूमि सुधार तथा व्यवस्थापन बिभागलाई लेखिपठाईएको ।

७. चपली भद्रकाली गा.वि.स. वडा नं. २ क कि.नं. ६९ जग्गा उनाउ व्यक्तिले नामसारी गरी विक्रि गरेको भन्ने समेत व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा का.जि. चपली गाउँ वार्ड नं. २ (क) कि.नं. ६९ क्षे.फ. १-१२-३ रोपनी जग्गा काठमाण्डौ लगन टोल वस्ने नानी श्रेष्ठ समेतले पेश गरेको नाता प्रमाण, गा.वि.स. को सिफारिस, सर्जमिन, नागरिकताको प्रमाण पत्रको प्रतिलिपी समेतको प्रमाणलाई आधार मानी मालपोत कार्यालय चावहिलबाट मिति २०६७।४।२० को निर्णयले नानी श्रेष्ठ समेतको नाममा नामसारी भएको देखियो । उक्त जग्गा गलत मानिसले नामसारी गरी लिएका हुन् वास्तविक हकवाला म हुँ भनी सत्यनारायण डंगोलको मालपोत कार्यालय चावहिलमा निवेदन परी मालपोत कार्यालय चावहिलबाट जग्गा रोक्का राखी छानविन प्रारम्भ गरेको देखियो । जग्गाको फिल्डवुक उतार हेर्दा किसान महलमा मनदेव लामा र जग्गा धनि महल खाली भए पनि कैफियतमा यो जग्गा लगन वस्ने विष्णु वहादुर श्रेष्ठको हो भनी जनिएको पाइयो । अतः जग्गा व्यक्तिहरूकै रहेको कुरामा विवाद नदेखिंदा जग्गाको वास्तविक हकवाला म हुँ भनी सत्यनारायण डंगोलले मालपोत कार्यालय चावहिलमा निवेदन दिएपछि नामसारी भएको जग्गा रोक्का राखी सम्बन्धित पक्ष एवं कर्मचारी समेतलाई बुझ्ने कार्य मालपोत कार्यालय चावहिलबाट भएको देखिन्छ । मालपोत कार्यालयबाट छानविन प्रारम्भ गरेको तर मिसिल यस आयोगमा आएको कारण कुनै निर्णयमा पुगिसकेको अवस्था रहेन । अतः छानविन पछि मालपोत कार्यालयले निर्णय दिन वाँकी नै रहेको देखियो । निर्णय गर्दा नामसारी गलत वा संकास्पद देखिए सो प्रकृयामा संलग्न कर्मचारीलाई विभागीय सजाय गर्न र माथिल्लो दर्जाका कर्मचारीहरू संलग्न देखिए माथिल्लो निकायमा पठाउन आयोगको मिति २०६९।२।३१ को निर्णयानुसार मालपोत कार्यालय, चावहिललाई लेखिपठाइएको ।

(च) भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय

(१) काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडबाट कर्मचारी पदपूर्तिका लागि गरेको बिज्ञापनमा सबैले प्रतिस्पर्धामा भाग लिन नपाउने गरी सीमित ब्यक्तिहरूका लागि मात्र सीमित प्रतियोगिताको नाममा ब्यापक अनियमितता गर्न लागेको र केहि ब्यक्तिलाई मिलाएर नियुक्ति गर्ने मनसाय राखि परीक्षा लिने कार्य समेतमा अनियमितता गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा लोकतान्त्रीक ब्यवस्थामा सबैका लागि समान अवसरको सिद्धान्त र समाबेसी नीति अनुसरण नगरी सीमित ब्यक्तिहरूका लागि मात्र गरिने प्रतिस्पर्धालाई न्याय संगत छ भन्न सकिने अवस्था देखिदैन। तसर्थः कर्मचारीको पदपूर्ति गर्दा सीमित ब्यक्तिहरूका लागि मात्र सीमित प्रतियोगिता नगराई समावेसी नीति समेत अनुसरण गरी सबैले प्रतिस्पर्धामा भाग लिन पाउने ब्यवस्था मिलाई दरबन्दी भित्रका पदहरूमा मात्र स्वच्छ, पारदर्शी एवं निष्पक्षता समेतको सुनिश्चिता गरेर मात्र पदपूर्तिको कार्य गर्ने गराउने र खानेपानी जस्तो सम्बेदनशील बिषयको प्रणाली मर्मत गर्ने कार्यका लागि छुट्टयाइएको रकमबाट ज्यालादारीमा जथाभाबि कर्मचारी राखि खर्च गर्ने प्रवृतिलाई तत्काल बन्द गरी कर्मचारी ब्यवस्थापनका लागि आवश्यक पर्ने स्पस्ट बजेट बिनियोजन गरेर दरबन्दी भित्र रहेर मात्र खर्च गर्ने ब्यवस्था मिलाउन आयोगको मिति २०६८।११।१५ को निर्णयानुसार काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई लेखिपठाइएको।

(२) आयोगमा परेको बृहत्तर जनकपुर क्षेत्र विकास परिषदका कार्यकारी निर्देशक नेवल चौधरीले पदमा रहंदा भ्रष्टाचार र अनियमित कार्य गरेको भन्ने बिषयको उजूरी उपर अनुसन्धान हुँदा अनुसन्धानको सिलसिलामा जिल्ला प्रशासन कार्यालय धनुषाबाट यस आयोगमा प्राप्त हुन आएको कागजातमा बृहत्तर जनकपुर क्षेत्र विकास परिषदको कार्यकारी निर्देशक स्थायी कर्मचारीको रुपमा खुल्ला प्रतिस्पर्धाबाट ४ बर्षको लागि नियुक्त भएकाले परिषदको नियमावली २०५८ को परिच्छेद १२ को नियम १२.५ को (१) मा भएको व्यवस्था र संचालक परिषदको मिति २०६१।१।२४ को निर्णयानुसार संचयकोष कट्टा गरिएको तथा परिषदको नियमावली २०५८ को नियम १२.१(१) मा भएको व्यवस्था र संचालक परिषदको मिति २०६४।१।२४ गतेको निर्णयानूसार नेपाल सरकारको सह-सचिवले पाउने तलवको शुरु स्केल बराबरको रकम भुक्तानी दिएको देखियो।

राम मन्दिर जीर्णोद्धार गर्दा बृहत्तर जनकपुर क्षेत्र विकास परिषदको संचालक परिषद र कार्यकारिणी समितिले राममन्दिर जीर्णोद्धार गर्न रू. ५ लाख बार्षिक बजेटमा छुट्याउने निर्णय भए बमोजिम राम मन्दिर जीर्णोद्धार उपसमितिसंग मिति २०६३।१।२१ गते परिषद्का तत्कालीन कार्यकारी निर्देशक चिरञ्जीवि ढुंगानाले सम्झौता गरी उक्त जीर्णोद्धार समितिको मिति २०६३।३।४ गतेको पत्रले माग भए बमोजिम परिषदको मिति २०६३।२।३१ गतेको बैठकको निर्णयबाट नियमानुसार उक्त रकम प्रदान गरेको देखियो।

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद नियमावली, २०५८ को नियम १५.५ मा भएको व्यवस्था बमोजिम मिति २०६४।३।३ को कार्यकारिणी समितिको बैठकबाट निर्णय गराई बिभिन्न फर्महरूसंग कोटेशन दरभाउ पेश गर्नका लागि माग गरी कमल निर्माण सेवाको दररेट सबैभन्दा कम हुन आएकोले उक्त फर्मलाई निर्माण कार्य गर्नका लागि सम्झौता गराई कार्यादेश दिएको । उक्त निर्माण सेवावाट निर्माण कार्य सम्पन्न भै अन्तिम विल पेश गरीकार्य सम्पन्न प्रतिवेदन समेत तयार भइसकेपछि भ्याट रकम सहित रू. ३,७१,४६८।- भुक्तानी दिएको देखियो । बृहत्तर जनकपुर क्षेत्र विकास परिषद जस्तो संस्थाले आफ्ना कार्यक्रम संचालन गर्दा अपनाउनु पर्ने विधि र प्रकृयालाई पूर्णतया पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी समेत वनाउनु पर्ने सन्दर्भ समेतलाई मध्यनजर गरी आफ्नो नियमावली, २०५८ लाई सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ मा भएका कानूनी व्यवस्थाको सादृश्यता रहने गरी संशोधन गर्न समेत आयोगको मिति २०६८।११।१५ को निर्णयानुसार वृहत्तर जनकपुर क्षेत्र विकास परिषद्लाई लेखिपठाईएको ।

३. भौतिक पूर्वाधार क्षेत्र विकास आयोजनाको आयोजना प्रमुखले आफूखुशी निर्णय गरी मिलेमतोमा मैतिदेवी मन्दिर क्षेत्रमा निर्माणको लागि ल्याएको डण्डी बिक्री गरी व्यक्तिगत फाइदा लिएको भन्ने समेत बिषयको उजूरी उपर अनुसन्धान हुंदा मैतिदेवी मन्दिर अन्तर्गतको भोजघर परिसरमा रहेको अन्दाजी ५५१ के.जी. (सदस्य सचिव, कर्मचारी तथा मन्दिरको पुजारीको रोहवरमा नाप जाँच गरी प्राबिधिकको रिपोर्ट अनुसारको तौल) फलामे डण्डीहरू हराएपछि प्रबन्ध समितिले तत्कालै महानगरीय प्रहरी प्रभाग, कमलपोखरी र जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई आवश्यक छानवीन एवं कारवाहीको लागि पत्र लेखि आवश्यक कारवाही भैरहेकोमा हराएको उक्त डण्डी केही दिन पछि यथास्थानमा भेटिएको र यस सम्बन्धमा प्रबन्ध समितिको मिति २०६६।९।२४ गते वसेको बैठकले सर्जमिन मुचुल्का खडा गरी नाप जाँच गर्दा उक्त डण्डीको तौल ५५७.२ अर्थात हराएको भन्दा ६.२ के.जी बढी देखिएको तसर्थ प्रबन्ध समितिबाट कानूनी परामर्श लिई आवश्यक कारवाहीको लागि विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना समन्वय समितिमा मार्फत शहरी विकास तथा भवन निर्माण बिभागमा पत्राचार भैरहेको देखिँदा उक्त बिभागबाट प्राप्त कानूनी राय अनुसार जो जे गर्नुपर्ने हो गर्न मैतिदेवी प्रबन्ध समितिलाई निर्देशन दिने निर्णय भएको ।

मैतिदेवी क्षेत्र प्रबन्ध समितिको मिति २०५८।११।६ गतेको निर्णयानूसार मैतिदेवी मन्दिर मातहतको कम्पाउण्डले घेरिएको कि.नं ९५ को २-०-०-० दुई रोपनी क्षेत्रफल जग्गा हिराकाजी महर्जनलाई नर्सरी संचालनको लागि भाडा दिएको सम्बन्धमा उक्त जग्गामा नर्सरी संचालन गर्नुपूर्व स्थानीय व्यक्तिहरूले फोहोर फाल्ने स्थानको रुपमा प्रयोग गर्नुको साथै अतिक्रमणको संभावना समेत रहेको हुँदा प्राकृतिक रुपमा समेत असर नपर्ने गरी नर्सरीलाई भाडामा दिने गरी भएको निर्णय सान्दर्भिक देखिएतापनि सम्झौता पत्रमा उल्लेखित प्रत्येक २ बर्षमा १० प्रतिशतका दरले थप दस्तुर लिने तथा २०५८ चैत्र १

गतेबाट २० बर्षको लागि बार्षिक रू. ४० हजारमा भाडामा दिने भनी गरिएको सम्झौता हालको समय र परिस्थित अनुसार सान्दर्भिक नदेखिएको हुँदा मैतिदेवी क्षेत्र (उक्त भाडामा दिइएको जग्गाको वरपर) मा रहेका अन्य जग्गाहरूको प्रचलित भाडा दर अनुरुप उक्त जग्गाको विद्यमान भाडा दरलाई पुनरावलोकन गरी लागु गरी सो को जानकारी यस आयोगमा दिन आयोगको मिति २०६९।१।२८ को निर्णयानुसार विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना बबरमहल, काठमाडौंलाई लेखिपठाइएको ।

(४) यातायात व्यवस्था कार्यालय बाँकेले सवारी चालक अनुमति पत्रको लागी मिति २०६८।२।२० को विज्ञापन अनुसार संचालन गरेको परिक्षामा रू. २१ लाख २५ हजार रकम असुल गरी अनुत्तीर्ण व्यक्तिलाई उत्तीर्ण गराई भ्रष्टाचार गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा उक्त मितिमा संचालित परीक्षामा नयाँ परिक्षार्थी १११४ जना मध्ये ९९६ जना र थप तर्फ २११ जना मध्य १७८ जना उत्तिर्ण भई ८६.५% औषत परीक्षार्थी उत्तीर्ण भएको देखियो । उजुरीमा उल्लेख भए बमोजिम रू. २१ लाख २५ हजार लिई उत्तीर्ण गराएको भन्ने आरोप स्थापित हुने प्रमाण नदेखिए पनि उत्तीर्ण प्रतिशत उच्च रहेको देखिन्छ । यातायात व्यवस्था कार्यालयहरूवाट लिइने यस्तो परीक्षामा नियमित निगरानी राख्न प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरोलाई लेखि सकिएको र परीक्षालाई मर्यादित, गुनासो रहित र वास्तविक बनाउन आयोगको मिति २०६९।३।१३ को निर्णयानुसार सम्बन्धित मन्त्रालय र विभागमा लेखिपठाइएको ।

(छ) वन तथा भू संरक्षण मन्त्रालय

जनजागरण सामुदायिक वन उपभोक्ता समुह तनहुँका अध्यक्ष वल वहादुर थापाले विना निर्णय मनोमानी ढङ्गले समुहको रू.१,८०,०००।- झिकेको, सोलार खरिद गरी समुहका सदस्यलाई वितरण गर्दा अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा यस आयोगबाट अनुसन्धानको क्रममा झिकाइएका फायल कागजातहरूको अध्ययन एवं आरोपितको वयान समेतको आधारमा निज वलवहादुर थापाले जनजागरण सामुदायिक वन उमभोक्ता समुह तनहुँको अध्यक्ष भै कार्यरत रहँदाको अवधिमा उक्त वन समुहको निर्णयानुसार वन गोडमेलको लागि रू.१,८०,०००।- बैंकबाट निकालेकोमा उक्त कार्य जनश्रमदानबाट गराई निकालिएको सो रकम सोलार खरीद, फर्निचर, भाडा, अनुदान आदिमा खर्च गरी सो को लेखापरीक्षण समेत गराइसकेको देखिँदा हिनामिना गरेको भन्न सकिने अवस्था देखिएन । साथै सोलार खरिद सम्वन्धमा सोलारको क्षमता अनुसार मूल्य अस्वाभाविक हो कि भन्ने तर्फ विचार गर्दा यसमा भ्रष्टाचार भएको भनी किटानी गर्न सकिने अवस्था नदेखिएवाट तनहुँ जिल्लाको दुर्गम गाउँमा वसोवास गर्ने समुहका १५१ सदस्य (घरधुरी) लाई समुहको रकमवाट सोलार खरिद गरी वितरण गरेको विषयलाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन । साथै समूहबाट वितरित सोलारको हालको अवस्था सम्वन्धमा वुझ्दा भिरकोट प्रहरी चौकी तनहुँबाट ती सवै सोलार हाल चालु अवस्थामा

रहेको भनी लेखी आएको देखिएबाट समेत निज थापाले अनियमितता गरेको भनी एकीन साथ भन्न सकिने अवस्था देखिन आएन । तर समूहको कोषको रकम खर्च गर्दा अपनाउनु पर्ने प्रचलित कानूनी प्रकृयाको अवलम्वनमा भने सामान्य कमजोरी देखिन आएकोले आयन्दा यस्ता कार्य गर्दा गराउँदा समूहको विधान, कार्ययोजना, वन ऐन एवं अन्य प्रचलित कानूनी प्रकृया पूरा गरेर मात्र गर्नु भनी आयोगको मिति २०६९।२।१६ को निर्णयानुसार सो समुहलाई निर्देशन दिईएको ।

(ज) शिक्षा मन्त्रालय

१. नारद आदर्श उच्च माध्यामिक विद्यालय उदयपुरमा नियम विपरित प्रधानाध्यापक पदमा नियुक्ति गरेको हुँदा कारवाही गर्नको लागी उक्त विद्यालयका शिक्षक पदम कुमार राईले दिएको उजुरी उपर अनुसन्धान हुँदा विद्यालयहरूमा शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ को कार्यान्वयन नगरी आफूखुशी नियम मिचेर कनिष्टलाई प्रधानाध्यापक तोक्नेजस्ता कार्य गर्ने प्रस्तुत उजुरी लगायत शिक्षक नियुक्ति, विद्यालय भवन निर्माण, छात्रवृत्तिमा अनियमितता आदि विद्यालयसंग सम्बन्धित धेरै विषयहरूमा उजुरीहरू आईरहेको हुँदा शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ को पूर्ण कार्यान्वयन गर्न र सबै विद्यालयहरूमा निःशुल्क पुस्तक, छात्रवृत्ति, विद्यार्थीहरूलाई दिइने सुविधाहरूको विवरण आदि उल्लेख गरी नागरिक वडापत्र समेत राख्ने व्यवस्था तत्काल गर्न गराउन आयोगको मिति २०६८।५।७ को निर्णयानुसार सबै जिल्ला शिक्षा कार्यालयहरूलाई निर्देशन दिन शिक्षा मन्त्रालयलाई लेखिपठाईएको ।

२. उच्च माध्यमिक शिक्षा परिषदले कक्षा ११ को परिक्षा संचालनको लागि आवश्यक पर्ने उत्तरपुस्तिका तोकिएको संख्या भन्दा कम छपाएका, परीक्षा केन्द्रमा थोरै पठाई धेरै उल्लेख गरेको भन्ने बिषयको उजूरी उपर अनुसन्धान हुँदा छपाई भै आएका उत्तरपुस्तिकाहरूको गुणस्तर परीक्षण, गणना तथा उचित भण्डारणका साथै बितरणको मुख्य जिम्मेवारी पाएका भण्डार अधिकृत (स्टोर प्रमुख) ले छपाई भै आएका उत्तरपुस्तिका गणना नै नगरी भरपाई गरी बुझि लिएको देखिँदा परिषदका जिम्मेवार अधिकृतले बुझि लिएका उत्तरपुस्तिकाहरू ठूलो परिमाणमा भएकाले मानवीय कमजोरीले बण्डलमा केही कमी हुन गएको देखिँदा भविष्यमा यस प्रकारको त्रूटी नदोहोरियोस् भन्नका लागि उच्च माध्यमिक शिक्षा परिषदका तत्कालीन स्टोर किपर रमाकान्त तिवारी, स्टोरकिपरलाई प्रत्यक्ष रेखदेख गर्ने प्रशासन महाशाखाको समेत कमी कमजोरी देखियो । नियन्त्रण गर्न प्रत्यक्ष रुपमा कुनै भूमिका नखेलेको तथा यस किसिमको त्रूटी नियन्त्रण तथा न्यून गर्न कुनै कदम चालेको नपाइएको हुँदा तत्कालीन प्रशासन महाशाखा प्रमुख ढाल बहादुर खड्का तथा थप उत्तर पुस्तिका छपाई गर्दा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ बमोजिम १५ प्रतिशत सम्मको भेरिएशनमा भेरिएशन आदेश जारी गर्न सक्ने तर १५ प्रतिशत भन्दा बढी भेरिएशन भएमा तोकिए बमोजिमको कार्यविधी अपनाई कार्य गर्नुपर्नेमा सो नगरी पहिले गरेकै सम्झौताका

आधारमा २५ प्रतिशत उत्तरपुस्तिका थप छपाई गर्दा परिषदको लेखा अधिकृतले आर्थिक मामिलाको ज्ञाता भई परिषदको हरेक आर्थिक कार्यमा सल्लाहकार समेत भई कार्य गर्नुपर्नेमा सो नगरी सार्वजनिक खरिद ऐन २०६३ को मर्म र भावना विपरित कार्य हुँदा समेत मौन रहेको देखिएकोले तत्कालीन लेखा नियन्त्रक कामेश्वर मण्डल, तत्कालिन स्टोरकिपर रमाकान्त तिवारी र तत्कालिन महाशाखा प्रमुख ढाल वहादुर खड्कालाई परिषदकै नियमावली बमोजिम कारवाही गर्न आयोगको मिति २०६८।९।२७ को निर्णयानुसार उच्च माध्यमिक शिक्षा परिषद सानो ठिमी भक्तपुरलाई लेखिपठाईएको ।

३. साझा प्रकाशनका अध्यक्ष तथा महाप्रवन्धक ममता झाले संस्थाको भवन निर्माण, कागज खरिद, गाडी तथा ट्रक खरिद, छपाइ मेसिन खरिद, घर मर्मत संभार समेतमा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजुर उपर अनुसन्धान हुँदा उल्लेखित विषयमा कृषि तथा सहकारी मन्त्रालयबाट गठित छानविन समितिले पनि भ्रष्टाचार भएको भन्न सकेको देखिएन । तसर्थ उल्लेखित विषयवस्तुलाई हेर्दा ट्रक तथा गाडी खरिद समितिको निर्णयबाट सोझै नेपाल स्थित डिलरबाट खरिद गरिएको अवस्था देखिँदा यसमा भ्रष्टाचार भएको भनी भन्न सकिने अवस्था नभए पनि पारदर्शी ढंगबाट टेण्डर प्रक्रियाबाट गरेको भए राम्रो हुने कुरालाई नकार्न सकिंदैन । कागज खरिद टेण्डर प्रक्रियाबाट गरिने व्यवस्थाको थालनी भैसकेको देखिँदा सो तर्फ थप चर्चा गर्नु परेन । छपाइ मेसिन खरिद प्रक्रियाको सम्बन्धमा आर्थिक निर्देशिकाकै अधिनमा खरिद भएकोले सो तर्फ पनि थप वोल्न पर्ने अवस्था देखिएन । भवन मर्मत तथा थप ५ आयोजनाको हकमा रू. १० लाख भन्दा कमका आयोजना भए पनि संस्थाको आर्थिक निर्देशिका वमोजिम टेण्डर प्रक्रियामा गएको पाइएन । खरिद ऐनको प्रयोग गरी कोटेशनको आधारमा काम भएको अवस्था हुँदा भ्रष्टाचार भएको छ भनी भन्न मिल्ने अवस्था नभए पनि संस्थाले कहिले सार्वजनिक खरिद ऐनको प्रयोग गर्ने कहिले संस्थाको निर्देशिका प्रयोग गरी काम गरी दोहोरो मापदण्ड अवलम्वन गरेकोलाई राम्रो मान्न सकिएन । सवै काम संचालक समितिको स्वीकृति अनुमोदनमा भएका भए पनि संस्थाले नेपाल सरकारबाट अनुदान सहयोग पाएको र पाउने अवस्था हुँदा यसले अवलम्वन गर्ने आर्थिक कारोवारमा सार्वजनिक खरिद ऐन नियमसँग मिल्ने गरी संस्थाको आर्थिक निर्देशिका वनाउन साझा प्रकाशनलाई निर्देशन दिने । उक्त निर्देशिका नबनुन्जेल सार्वजनिक खरिद ऐन, नियमसँग तादम्यता राखी कार्य गर्न समेत आयोगको मिति २०६८।१२।२२ को निर्णयानुसार साझा प्रकाशनमा लेखिपठाइएको ।

४. शिक्षा ज्योति नि.मा.वि.खोटाङ्गमा राहत दरबन्दीमा प्रतिस्पर्धा नगराई विद्यालयका का.मु.प्र.अ.खगेन्द्र प्रसाद फूयाल र अभिभावक टेक बहादुर थापा र देवी बहादुर थापा समेतको मिलेमतोमा शिक्षा नियमावली विपरित आर्थिक लेनदेन गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा जि. उदयपुर हडिया गा.वि.स. वडा नं. ७ वस्ने राम प्रसाद चौधरीलाई शिक्षा ज्योति नि.मा.वि.चौतारा, देवीस्थान-८, खोटाङ्गमा जिल्ला शिक्षा कार्यालयको राहत अनुदान तथा गा.वि.स.को स्रोतबाट तलव भत्ता पाउने गरी नि.मा.वि.शिक्षकमा मिति

२०६४।०५।०१ गते देखि लागू हुने गरी नियुक्ती गरेको र पटक पटक म्याद समेत थप गर्दै आइरहेकोमा मिति २०६६।१२।१२ गते व्यवस्थापन समितिको अध्यक्ष टंक बहादुर थापाको अध्यक्षतामा वसेको विद्यालय व्यवस्थापन समितिको बैठकले प्रस्ताव नं. २ बमोजिम विद्यालयलाई प्राप्त हुदै आएको नि.मा.वि.राहत अनुदान मिति २०६६।४।१ गतेदेखि लागू हुने गरी नि.मा.वि.राहत कोटामा समायोजन गरिएको हुंदा उक्त राहत कोटामा विद्यालयमा कार्यरत रहदै आएका शिक्षक राम प्रसाद चौधरीलाई नै २०६६ श्रावण १ गतेदेखि नै लागू हुने नियुक्ति गर्ने निर्णय गरेको देखियो । निज शिक्षक रामप्रसाद चौधरीको नियुक्तीका सम्बन्धमा जिल्ला शिक्षा कार्यालय खोटाङ्ग एवं सम्बन्धित विद्यालयबाट प्राप्त हुन आएको कागजात तथा प्रतिवेदन समेतको अध्ययनबाट शिक्षक नियुक्ति सम्बन्धी शिक्षा नियमावलीमा व्यवस्था भए अनुसार अस्थायी शिक्षक नियुक्ति सम्बन्धी शिक्षा नियमावली २०५९ (संशोधन समेत) को नियम ९७ को प्रक्रिया पुरा गरी राहत कोटामा शिक्षक नियुक्ति हुने व्यवस्था भएकोमा नि.मा.वि शिक्षक रामप्रसाद चौधरीको शुरु नियुक्ति र कोटा कायम भएपछिको नियुक्तिमा समेत उल्लेखित नियमावलीको नियम ९७ को प्रक्रिया पुऱ्याई नियुक्ति गरेको नदेखिएको हुँदा निज शिक्षक राम प्रसाद चौधरीको नियुक्ति बदर गरी शिक्षा नियमावली २०५९ (संशोधन समेत) को नियम ९७ मा उल्लेख भए बमोजिमको प्रक्रिया पुऱ्याई उक्त राहत कोटामा शिक्षक नियुक्ति गर्न आयोगको मिति २०६९।१।२१ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय खोटाङ्गलाई लेखिपठाइएको ।

५. जुम्ला बहुमुखी क्याम्पस जुम्लाका प्रशिक्षण सहायक त्रय प्रकाश चन्द्र खत्री, नरेन्द्र बहादुर सेजुवाल तथा डम्बर बहादुर महतले क्याम्पसको पूर्णकालीन शिक्षक पदमा रहदै अन्य छुट्टै निकायमा समेत पूर्णकालीन कर्मचारीको रुपमा कार्य गरी दोहोरो तलव सुबिधा लिएको समेतका उजुरीका उपर अनुसन्धान हुँदा हाल तीनै जनाले क्याम्पस बाहेकको अन्य निकायहरूको नोकरी छाडी सकेको अवस्था रहेको हुँदा यसमा थप केहि गरिरहन परेन, अव उप्रान्त जुम्ला बहुमुखी क्याम्पसले अन्य निकायमा कार्यरत योग्य जनशक्ति करारमा लिनुपर्ने भएमा सम्बन्धित निकायको सहमति पत्र दाखिला गरेमा मात्र लिने व्यवस्था गर्न आयोगको मिति २०६९।१।२१ को निर्णयानुसार उक्त क्याम्पसलाई लेखिपठाइएको ।

६. त्रिभुवन जनता उच्च माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकको मिलेमतोमा अनियमितता भएको भन्ने उजुरी उपर अनुसन्धान हुंदा उच्च माध्यामिक शिक्षा परिषद सम्बन्धन सम्बन्धी बिनियमहरू २०५५ को परिच्छेद २ को खण्ड २.१.१ को (ढ) तथा (फ), तथा उच्च माध्यामिक शिक्षा ऐन २०४६ को दफा ९ समेतलाई समग्रमा अध्ययन गर्दा उच्च माध्यामिक बिद्यालयमा अध्यापन गराउनको लागि सम्बन्धित बिषयमा स्नातकोत्तर तह उत्तीर्ण हुनु पर्ने उल्लेख भएको छ । बिद्यालय व्यवस्थापन समितिको बिभिन्न मितिको निर्णयले निजी श्रोतबाट खर्च व्यहोर्ने आधारमा शिक्षकहरूको नियुक्ति गर्दा अपनाउनु पर्ने प्रकृया समेत पनि पूरा गरेको नपाईएको र परीक्षा संचालन प्रकृया अपारदर्शी भएको समेत देखिएको छ । यस सन्दर्भमा यस्ता बिद्यालयहरूले पनि सुशासन कायम गर्ने र शैक्षिक गुणस्तरीयताको अभिबृद्धि गर्ने सामाजिक

जिम्मेवारी रहने भएकोले शैक्षिक गुणस्तर अभिबृद्धिको लागि शिक्षकहरू तथा कर्मचारीको नियुक्ति गर्दा तोकेको योग्यता हासिल गरेकाहरूबाट प्रतिस्पर्धा गराई नियुक्ति गर्नु अपरिहार्य रहेको सन्दर्भमा प्रचलित कानुनको प्रकृया पुऱ्याई योग्यता पुगेकाहरूमध्येबाट नियुक्ति गरी आगामी शैक्षिक वर्षदेखि अध्यापनमा लगाउन बिद्यालय व्यवस्थापन समितिलाई र सम्बन्धन प्रदान गरिएका बिद्यालयहरूको अध्यापन लगायतका अन्य बिषयमा सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने अधिकार उच्च माध्यामिक शिक्षा ऐन २०४६ को दफा १३ख बमोजिम शिक्षा बिभागको महानिर्देशकलाई प्रदान गरेको र उच्च माध्यामिक शिक्षा नियमावली २०५२ को नियम १९ (घ) बमोजिम उपाध्यक्षले गराउन सक्ने हुनाले यस्ता बिद्यालयहरूको अनिवार्य रुपमा नियमित अनुगमन गर्ने व्यवस्था मिलाउने बिषयमा आयोगको मिति २०६९।२।१६ को निर्णयानुसार शिक्षा विभागका महानिर्देशकलाई लेखिपठाइएको ।

७. जिल्ला शिक्षा कार्यालय पर्साबाट स्थायी अध्यापन अनुमतिपत्रका निमित्त परीक्षा दिई उत्तीर्ण भएकोमा मलाई अनुमति पत्र नदिई परीक्षामा सहभागी नभएको अर्कै व्यक्तिलाई अनुमतिपत्र दिन लागेकोले आवश्यक कारवाही होस् भनी परेको उजुरी उपर अनुसन्धान हुँदा अनिता कुमारी देवीको प्रवेशपत्र र उत्तरपुस्तिकामा ख लेखी परीक्षा लिएको हो भन्ने त्रिजुद्ध महावीर प्रसाद रघुविर राम उच्च मा.वि.परिक्षा केन्द्रका केन्द्राध्यक्षको बयान, परीक्षा उत्तरपुस्तिकामा रोल नं. १५०४८५ क उल्लेख गर्ने विनय शर्मा उत्तिर्ण र १५०४८५ ख उल्लेख गर्ने अनिता कुमारी देवी अनुत्तिर्ण रहेको अभिलेखबाट देखिन्छ भन्ने शिक्षक सेवा आयोग परीक्षा शाखाका शाखा अधिकृतको बयान, कार्यालयको दर्ता अभिलेखमा उल्लेख नभएपनि अनिता कुमारी देवी र विनय शर्मा दुवैको आवेदन फाराम एकै रोल नं. बाट स्विकृत भएको देखिन्छ भन्ने जिल्ला शिक्षा कार्यालय पर्साका विद्यालय निरीक्षक नेपालेन्दु साहको बयान तथा संकलित कागजातहरू समेतका आधारमा निवेदन दर्ता किताबमा रितपुर्वक दर्ता भएको नदेखिएतापनि अनिता कुमारी देवी र विनय शर्मा दुवै मिति २०६६।११।२१ मा सञ्चालित प्राथमिक तहको अध्यापन अनुमति पत्रको परीक्षामा सहभागी भएको देखिन आयो । परीक्षाको नतिजा प्रकाशित हुँदा रोल नं. १५०४८५ क उल्लेख गर्ने विनय शर्मा उत्तीर्ण र रोल नं. १५०४८५ ख उल्लेख गर्ने अनिता कुमारी देवी अनुत्तीर्ण देखिएकोले रोल नं. १५०४८५ उत्तिर्ण भएको भए मलाई प्रमाणपत्र दिलाई दर्ता किताबमा उल्लेख नभएका विनय शर्माका नामको अध्यापन अनुमतिपत्र बदर गरीपाउं भन्ने समेतको अनिता कुमारी देवीको दावी पुग्न सक्ने देखिएन । एकै रोल नं. मा दुईजना परीक्षार्थी हुनजाने यस प्रकारका विवाद भविष्यमा आउन नदिनका लागि स्वचालित प्रविधिबाट दर्ता तथा सिम्वल नं. वितरण गर्ने व्यवस्था गर्नू भनी आयोगको मिति २०६९।३।८ को निर्णयानुसार शिक्षक सेवा आयोगलाई लेखिपठाइएको ।

(झ) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

१. दशरथचन्द नगरपालिका, वैतडी अन्तर्गतका खानेपानी आयोजना लगायतका अन्य आयोजना तथा कार्यक्रममा रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा उपभोक्ता समितिको बैंक खाता अख्तियार प्राप्त आधिकारिक कर्मचारीको सिफारिस नआएसम्म राष्ट्रिय बाणिय बैंकमा रोक्का गरिएकोमा ओभरसियर चन्द्र नारायण प्रसादले अख्तियारी बिना फुकुवा गरेकोले निजलाई ५ बर्षका लागि बढुवा रोक्का गर्ने गरी नगरपालिकाबाट कारवाही भएको देखिँदा सो तर्फ केही बोलिरहन परेन । बवेत खानेपानी योजनाको बाँकी रहेको भनिएको Pipe Line पुर्ने कामका सम्बन्धमा प्राविधिक सहितको टोलीबाट मूल्याङ्कन गरी गराई सार्वजनिक सुनुवाई गरी टुङ्गो लगाउन दशरथचन्द नगरपालिका बैतडीलाई लेखिपठाईएको । दशरथचन्द नगरपालिका-१ को चक्रपथ निर्माणमा सो कार्यालयबाट आ.व. २०६६ र ०६७ मा विनियोजित गरिएको रकमको निर्माण कार्य भएको भन्ने विवरण प्राप्त भएको देखिँदा केहि गरिरहनु पर्ने देखिएन । दशरथचन्द नगरपालिका.-१ को गोठालापानी बसपार्कमा के कति काम भएको हो ? विग्रे भत्किएको भनिएको र जिल्ला प्रशासन कार्यालय, वैतडीको प्रतिवेदनमा (छानवीन टोलीले पेश गरको) मूल्याङ्कनमा फरक देखिएको भनिएका संरचनाहरू समेतका सम्बन्धमा प्राविधिकवाट मूल्यांकन गराई सार्वजनिक सुनुवाई गरी गराई आवश्यक निर्णय लिन आयोगको मिति २०६९।३।१८ को निर्णयानुसार दशरथचन्द नगरपालिका बैतडीलाई लेखिपठाइएको ।

२. ओखलढुङ्गा जिल्लाको सेरावेशी कोषहाट मोटरबाटो निर्माण गर्ने क्रममा हर्कपुर सडक योजना र जिल्ला विकास समितिको रकम एकै खण्डमा दोहोरो खर्च गरि सरकारी रकम हिनामिना गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा आ.व. ०६६।०६७ मा जि.वि.स. ले सेरावेशी कोषहाट मोटरबाटोमा ट्रयाक खोल्न रू. ३,९०,०००।- बजेट विनियोजन गरिएको र सो सडकको चेनेज २८+१७५ देखि चेनेज २८+६१५ सम्मलाई लगत ईष्टिमेटं तयार गरि बाटो खनिएको तथा आ.व. २०६६/०६७ मा हर्कपुर सडक योजनाबाट कि.मि. २३+४५० देखि कि.मि. २८+१७५ सम्म ट्रयाक खोल्ने कार्य गरेको देखिएकोले दोहोरो रकम परेको नदेखिएको । आर्थिक वर्षको अन्त्य मिति २०६६।३।१४ मा योजना सम्झौता गरि पहिलो किस्ता पेश्की दिएको र पुन: मिति २०६७।३।२५ मा पहिलो किस्ता पेश्की फछर्यौट नगरी दोस्रो किस्ता पेश्की दिएको देखिएकोले आ.व. को अन्तिम समयमा योजना सम्झौता गरि पेश्की दिनु र पहिलो पेश्की फछर्यौट नगरी दोस्रो पेश्की दिन नमिल्ने प्रचलित कानूनी व्यवस्थालाई जि.वि.स.ले पालना गरेको नदेखिएकोले अब उप्रान्त आ.व.को अन्त्यमा कुनै किसिमको योजना सम्झौता नगर्न तथा पहिलो पेश्की फछर्यौट नगरी दोस्रो पेश्की नदिने व्यवस्था हुन आयोगको मिति २०६९।३।२८ को निर्णयानुसार जिल्ला विकास समिति, ओखलढुङ्गालाई लेखिपठाइएको ।

(त्र) संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पशुपति क्षेत्र विकास कोषले कर्मचारीलाई नियुक्ति गर्ने क्रममा परीक्षा लिई खरिदारमा फेल भएकालाई स्थायी पियनमा काम तोकिसकेको अबस्थामा त्यस्तो व्यक्तिलाई रातारात निर्णय सच्याई पुनः खरिदारमा लगेको र विना प्रकृयामा नै २८ जना Y.C.L. लाई सुरक्षा कर्मीमा नियुक्त गरिएको भन्ने उजुरी अनुसन्धान हुँदा अनुसन्धानको क्रममा संकलित भई आएका पशुपति क्षेत्र विकास कोषबाट प्राप्त विभिन्न मितिको पत्र तथा विवरणहरू, पशुपति क्षेत्र विकास कोष कर्मचारी सेवा सर्त र सुविधा सम्बन्धि नियमावली, स्वीकृत दरबन्दीको विवरण, कोषमा कार्यरत कर्मचारीहरूको विवरण, तत्कालिन सदस्य सचिव परमानन्द शाक्य र निर्देशक भोला प्रसाद सिटौलाले यस आयोग समक्ष दिएको वयान समेतलाई अध्ययन विश्लेषण गर्दा कोषमा कार्यरत रहेका घनश्याम पराजुली, रामकृष्ण श्रेष्ठ, मनोज कस्पाल, केदार प्रसाद अधिकारी र सरोज घिमिरे समेतले सह-सहायक/सह-लेखापाल/प्लम्बर पदको लागि आन्तरिक प्रतियोगीता परीक्षामा समावेश भई वैकल्पीक उमेदवारको रुपमा रहेको र निजहरूले नियमावलीको, नियम २२ (ग) वा २१ बमोजिम पदपूर्ति समितिबाट सिफारिस गराई स्थायी नियुक्ति पाउँन निवेदन पेश गरेको देखिन्छ। निजहरूको निवेदन उपर कारवाही हुँदा कानून अधिकृत कमल बोगटीको लिखित राय र लोकसेवा आयोगका प्रतिनिधि उप-सचिव खगेन्द्र सुवेदी समेत रहेको पदपूर्ति तथा बढुवा समितिको सिफारिस अनुसार नियम, २२(ग) बमोजिम नियुक्ति गर्ने निर्णय भई निजहरूले नियुक्ति पाएको देखिंदा निजहरूलाई गरेको नियुक्तिमा अनियमितता भएको तथा अबैधानिक रुपले नियुक्ति गरेको भन्न मिल्ने अवस्था देखिंदैन। त्यसै गरी रातारात निर्णय गरी २८ जना Y.C.L. लाई सुरक्षाकर्मीमा नियुक्ति गरि अनियमितता गरेको भन्ने उजूरीलाई पुष्टी गर्ने आधार प्रमाण हालसम्मको अनुसन्धानको क्रममा संकलित कागजातबाट नदेखिएको हुँदा करारमा नियुक्ति भई हाल कार्यरत सुरक्षाकर्मीहरूको करार अवधि समाप्त भए पश्चात कोषलाई आवश्यक परेमा प्रतिस्पर्धा गराई पारदर्शी रुपमा सुरक्षाकर्मी भर्ना लिनका लागि आयोगको मिति २०६९।३।२८ को निर्णयानुसार पशुपति क्षेत्र विकास कोषलाई निर्देशन लेखिपठाइएको।

(ट) सहकारी तथा गरीवी निवारण मन्त्रालय

राष्ट्रिय सहकारी वोर्डका सह अध्यक्ष सरोज कुमार शर्माले मलाई दरवन्दी नै नरहेको ठाउँ भरतपुर चितवनमा सरुवा गरेको र गैर कानूनी रुपमा पदपूर्ति गर्न लागेकोले रोकी छानविन गरिपाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा पदपूर्ति तर्फ हेर्दा वोर्डकै निर्णयबाट प्रतिशत निर्धारण समेत गरी विज्ञापन भएकोलाई अन्यथा भन्नु पर्ने अवस्था देखिएन। राष्ट्रिय सहकारी विकास वोर्ड कर्मचारी प्रशासन विनियमावलीमा पदपूर्ति समितिको व्यवस्था गरेको सो मा सह अध्यक्ष, राष्ट्रिय सहकारी वोर्डका अध्यक्ष र सदस्य सचिव, कृषि तथा सहकारी मंत्रालयको अधिकृत प्रतिनिधि विशेषज्ञ सदस्य र वोर्डकै मानव संसाधन विकास महाशाखा

प्रमुख सदस्य सचिव रहने व्यवस्था देखियो । उक्त महाशाखामा उप निर्देशक कृष्ण प्रसाद दाहाललाई सरुवा गरिएको भए पनि निज स्वयं निर्देशक अधिकृत प्रथमको उम्मेदवार भएकोले उक्त पदपूर्ति समितिको सदस्य सचिवको जिम्मेवारी सम्हाल्न नमिल्ने लिखित जानकारी बोर्डलाई गराएको पनि पाइयो । अतः बढुवा नै भइनसकेको, वढुवा प्रकृया अगाडी वढाउन विज्ञापन सम्म भएको स्थिति हुँदा यसमा अनियमितता भयो भन्न सकिने अवस्था रहेन । निष्पक्ष र पारदर्शी रुपमा वढुवा प्रक्रिया अगाडि वढाउन आयोगको मिति २०६२।३१ को निर्णयानुसार राष्ट्रिय सहकारी बोर्डलाई निर्देशन लेखिपठाइएको ।

(ठ) स्वास्थ्य मन्त्रालय

१. जिल्ला स्वास्थ्य कार्यालय, धनुषाका प्रमुखले नियम विपरित आफ्ना मान्छेलाई काजमा राखेको, विद्यालय टि.टि.खोप कार्यक्रमको रकम हिनामिना गरेको, परिवार नियोजन कार्यक्रममा कपोलकल्पित भारतिय नागरिकको नाम राखी अनियमितता गरेको, म्याद गुज्रेको भ्याक्सिन प्रयोग गरेको भन्ने उजुरी उपर अनुसन्धान हँदा म्याद गुज्रेको भ्याक्सिन प्रयोग गरेको भन्ने सन्दर्भमा छानवीन गर्न आन्तरिक समिति गठन भएको तथा उक्त समितिले समेत म्याद गुज्रेको भ्याक्सिन प्रयोग नभएको भन्ने प्रतिवेदन दिएको साथै उक्त भ्याक्सिनहरू केन्द्रवाट खरिद भै प्रयोग तथा भण्डारणका लागि जिल्ला स्वास्थ्य संस्थाहरूमा निकासा हुने गरेको पाइयो । स्टाफ मिटिङ्गको निर्णयानुसार जिल्ला भित्रका केही कर्मचारीलाई आन्तरिक काजमा राख्नु नियम संगत देखिएन । ट्रेड युनियन सम्बद्ध कर्मचारीहरूको अवरोधका कारण लक्ष्य अनुसार टि.टि.खोप कार्यक्रम संचालन हुन नसकि पेश्कि रकम वेरुजु खातामा दाखिला गरेको पाइयो । औषधी खरिद वजेट समयमा सम्पूर्ण निकासा नभई ढिलो खरिद भएको विषयमा समयमा नै कार्यक्रम, वजेट तथा अख्तियारी स्वीकृत गरि गराई जिल्ला तहमा पठाउन आयोगवाट यस अघि नै स्वास्थ्य सचिव तथा स्वास्थ्य विभागका महानिर्देशकलाई निर्देशन भैसकेको अवस्था हो । यसर्थ यसमा जिल्ला भित्र आन्तरिक काजमा राखिएका कर्मचारीहरूलाई तत्काल आफ्नो पदाधिकार रहेको संस्थामा काज फिर्ता गर्न, वाँकी पेश्कि रकम फछ्यौंट अविलम्व गर्न गराउन तथा औषधी उपकरण लगायतका खरिद प्रकृयामा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनिवार्य पालन गर्न गराउन आयोगको मिति २०६८।४।११ को निर्णयानुसार जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुखलाई लेखिपठाइएको ।

२. शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुमा कार्यरत उपसचिव श्री पुरुषोत्तम न्यौपाने (सिटरोल नं. ७९८२) ले पहिले नै अवकाश पाइसक्नु पर्नेमा सो नभई रेकर्ड नै फेला नपर्ने गरी हराएको भन्ने बुझिएकोले निजले मिति सच्याई सरकारलाई ठगेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा उक्त अस्पतालका उपसचिव (विशेष) पुरुषोत्तम न्यौपाने (क.सं.नं. ७९८२) जन्म मितिका आधारमा मिति २०६५।१।२ देखिनै अवकाश हुनु पर्नेमा निज सो मितिभन्दा पछाडि पनि सरकारी सेवामा रहँदै आएको र निजामती किताखानाको मिति

२०६७।१०।२७ को पत्रानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिति २०६७।११।१ को पत्रद्वारा निज उप-सचिव (विशेष) पुरुषोत्तम न्यौपानेलाई मिति २०६५।१।२ देखि लागू हुने गरी अनिवार्य अवकाश दिएको देखिँदा निजले मिति २०६५।१।२ देखि २०६७।११।१ सम्म सरकारी सेवामा रही तलव, भत्ता, क.सं. कोष थप, दशैं खर्च लगायतका सुविधा एवं अस्पताल विकास समितिको तर्फबाट कुनै किसिमको सुविधा लिएको भएमा सो समेत निजले लिएका सबै सुविधाहरू असुल उपर गर्ने र मिति २०६५।१।१ सम्मको सेवा अवधि गणना गरी पेन्शनपट्टा बनाई दिने । त्यसैगरी शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका शाखा अधिकृत (विशेष) हिरण कुमार थापा मिति २०६८।१।२२ मा अनिवार्य अवकाश भएको भन्ने सो अस्पतालबाट जानकारी प्राप्त भएको सम्बन्धमा निज शाखा अधिकृत (विशेष) हिरण कुमार थापाको वैयक्तिक विवरण तथा प्रमाण कागजात पुनः जाँच गरी निजको अवकास हुने मिति सम्बन्धमा राय सहित आयोगमा जानकारी पठाउने । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालले आफ्ना कर्मचारीहरूको अभिलेख दुरुस्त राख्ने कार्यलाई प्राथमिकतामा नराखेको र प्रशासनिक कार्यलाई व्यवस्थित गर्नेतर्फ आवश्यक ध्यान दिएको नदेखिँदा सो अस्पतालले निजामती किताबखानासँग समन्वय गरी ३ महिनाभित्र सम्पूर्ण कर्मचारीहरूको अभिलेख दुरुस्त राख्ने कार्य सम्पन्न गरी कार्य सम्पन्न भएको जानकारी आयोगमा उपलब्ध गराउन आयोगको मिति २०६८।४।१८ को निर्णयानुसार उक्त अस्पताललाई निर्देशन लेखिपठाइएको ।

३. नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का कार्यकारी अध्यक्ष समेतको मिलेमतोमा तालिम अधिकृत पद-१ समेत अन्य विभिन्न पदहरूमा अनियमित तवरले आफ्नो मान्छे पास गराउने उद्देश्य राखी योग्यता तथा तालिम अनुभव आदिमा विनियम संशोधन गरि पाठ्यक्रम तथा प्रश्नोत्तर तयार गर्न लागेको भन्ने समेतको उजुरी उपर अनुसन्धान हुंदा तालिम अधिकृत, वरिष्ठ तालिम सहायक, वरिष्ठ पूस्तकालय तथा सूचना सहायक पदहरूमा क्रमशः विजय कुमार झा, प्रदिप वेलवासे तथा घनश्याम चौधरीलाई मिति ०६७।९।१ मा गरिएको स्थायी नियुक्ती तत्काल रद्द गर्न, यसरी नियम विपरित गरिएको सो नियुक्तिवाट सम्बन्धित कर्मचारीहरूलाई शुरु स्थायी नियुक्ति भए देखि २०६८ साल आषाढ मसान्त सम्म तलव भत्ता भुक्तानी गरि परिषदलाई हानी नोक्सानी पुऱ्याएको रकम रू.४,७६,२६९।४० परिषद्का कार्यकारी अध्यक्ष डा.चोपलाल भुषाल तथा सदस्य सचिव डा.शंकर प्रताप सिंहवाट दामासाहीले असुल उपर गर्ने गराउने । परिषद्को कर्मचारी प्रशासन विनियमावली, २०६७ को अनुसूचि-२ को सि.नं.४,५,६,७,१०,११ र १२ मा खुल्ला प्रतिस्पर्धावाट पूर्ति गरिने पदको आवश्यक न्यूनतम् योग्यता महलमा उल्लेखित केहि वर्षको कार्य अनुभव सम्बन्धी व्यवस्था हटाई न्यूनतम शैक्षिक योग्यता निर्धारण गर्न, स्थायी पदपूर्ति सम्बन्धमा आयोगवाट विगत मिति २०६६।६।२८ मा भएको निर्णयलाई कार्यान्वयन नगरि आयोगको निर्देशन अवहेलना गरेको अभियोगमा सो परिषद्वाट निज कर्यकारी अध्यक्ष तथा सदस्य सचिवलाई हटाउन, परिषद्मा करारमा कार्यरत कर्मचारीले स्थायी पदमा आवेदन गर्दा उमेरको हदवन्दि

नलाग्ने भनी कर्मचारी प्रशासन विनियमावली, २०६७ को विनियम २.१(२) भएको व्यवस्था खारेज गर्न, तालिम अधिकृत (प्राविधिक पद) का लागि पाठ्यक्रम तथा सेवा, समूह सँग प्रत्यक्षत: तादम्य तथा सम्बद्धता हुने गरि लोक सेवा आयोगको परामर्श समेत लिई उपयुक्त न्यूनतम शैक्षिक योग्यता पुन: निर्धारण गर्न आयोगको मिति २०६८।६।६ को निर्णयानुसार नेपाल स्वास्थ्य अनुसन्धान परिषद्लाई लेखिपठाइएको ।

४. जिल्ला स्वास्थ्य कार्यालय दोलखाका परिवार नियोजन सुपरभाईजर पदम बहादुर मोक्तानले कार्यालय प्रमुख हाजीर भएको अवस्थामा निमित्त कार्यालय प्रमुख भनी लेखापाल रामकृष्ण बस्नेतको भ्रमण आदेश स्वीकृत गरी अख्तियारको दुरुपयोग गरेको उजुरी उपर अनुसन्धान हुँदा यस्ता प्रकृतिका कार्यालयहरूमा अधिकांश कर्मारीहरु कार्यालयमा हाजिरि भर्दा बढि समय फिल्डमा काज खटि जाने प्रवृति हावी भएको देखिएकोले त्यसलाई निरूत्साहित गर्नकामको आवश्यकता र औचित्य समेत पुष्टि हुने गरी मितव्ययी तरिकाले अख्तियारी प्राप्त अधिकारीले मात्र काज खटाउने, भ्रमण प्रतिवेदन अनिवार्यरूपमा लिने अन्यथा भएको पाईएमा काज खटाउने अधिकारीबाट असुल उपर गरी विभागीय कारवाही गर्न भ्रमण खर्च नियमावली २०६४ मा भएका व्यवस्थालाई कडाइका साथ पालना गर्नगराउन मातहत निकायहरूमा परिपत्र जारी गर्न आयोगको मिति २०६८।६।८ को निर्णयानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखि पठाइएको ।

५. क्षेत्रीय क्षयरोग केन्द्र, पोखराको Regional TB Coordinator को रुपमा कार्यरत रेडियोग्राफर हरी बहादुर कुँवर विगत दशौ वर्षदेखि विभिन्न शक्ति केन्द्रको आडमा एवं स्वास्थ्य मन्त्रालयका सिमित कर्मचारीहरूलाई आर्थिक प्रलोभनमा पारी कहिले WHO को स्रोतबाट कहिले Global Fund को स्रोतबाट मासिक लाखौं तलवभत्ता बुझ्ने गरेको हुँदा हरि बहादुर कुँवर (रेडियोग्राफर) मिति २०३८ सालदेखि अ.हे.व.पदमा स्थायी नियुक्ति भई मिति २०४७।११।२६ देखि रेडियोग्राफर (रा.प.अनं.प्र.प्रा) पदमा रही मिति २०६४।२।१४ देखि अधिकृत छैठौं तहमा स्तरवृद्धि भएको देखिन्छ । निजले मिति २०६३।१०।१८ देखि २०६६।१०।१७ (तीन वर्षको) सम्मको असाधारण बिदा उपभोग गरिसकेको र निजले मिति २०६६।१०।१८ गतेबाट लागू हुने गरि मिति २०६८।१।२६ मा दिएको राजीनामा हालसम्म स्वीकृत भएको अवस्था नदेखिएको र स्वास्थ्य सेवा विभागको प्रतिकृया समेतबाट मिति २०६६।१०।१८ मा राजीनामा दिएको मिति र सो पछि पनि पदाधिकार रहेको कार्यालयमा हाजिर नभएको भन्ने देखिएकोले स्वास्थ्य सेवा ऐन,२०५३ को दफा ७४ को उपदफा (१) को (ज) बमोजिम बिदा स्वीकृत नगराई लगातार ६० (साठी) दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेको सम्बन्धमा आवश्यक कारवाही गर्न आयोगको मिति २०६८।८।२६ को निर्णयानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखिपठाइएको ।

६. पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखराले मृगौला रोगीको उपचारमा प्रयोग गरिने Arkamin Tablet(100 mg) नामक औषधि बजार मूल्य प्रति चक्की दुई रुपैया भन्दा कममा पाईनेमा

औषधिको ठेक्का पाएका हिम सागर मेडिकलले प्रति चक्की रू.१४,००। का दरले असुल्ने गरीरहेको भन्ने विषयमा कान्तिपुर दैनिकको मिति २०६७।१२।२९ मा प्रकाशित समाचार अनुसार अनुसन्धान हुँदा अस्पतालको तर्फबाट मृगौला रोगीको लागि प्रयोग हुने ७० वटा आईटमका औषधीहरूको कूल लागत अनुमान रू.१०,५१,७६१।३३ रहेको मिति २०६७।६।२१ गतेको अन्नपूर्णपोष्टमा बोलपत्रको सूचना प्रकाशित भएको देखिन्छ । उक्त सूचना अनुसार पर्न आएका बोलपत्रहरूमध्ये हिमसागर मेडिकल हल प्रा.लि.को रू.९,२५,१८७।- रहेको र निजसँग खरिद सम्झौता समेत भएको देखियो । उक्त सम्झौता अनुसार हिमसागरले Arkamin Tablet(100mg) औषधिको प्रति यूनिट मूल्य रू.१४००। उल्लेख गरेको र जम्मा परिमाण २०० Tablet रहेको देखिन्छ । पछि अस्पतालले उक्त औषधिको प्रति यूनिट मूल्य रू.१।५२ का दरले उपलब्ध गराउने भनी सोही टेण्डरवालासँग पुरक सम्झौता मिति २०६७।१०।२७ मा गरेको समेत देखियो । यसमा उक्त औषधी अस्पतालबाट रू.१,४००।- का दरले भुक्तानी भएको नपाईएतापनि औषधि जस्तो सम्वेदनशील बस्तुको सहि रुपमा लागत अनुमान तयार नगरी पुरक सम्झौता समेत भएको लापरवाहीपूर्ण कार्य गरेको देखिएकोले उक्त खरिद प्रकृयामा संलग्न बोलपत्र मूल्यांकन समितिमा रहनु भएका डा. बुद्धि बहादुर थापा, डा. वसन्त कुमार ताम्राकार, लेखा अधिकृत जयराम पौडेल, कानूनी सल्लहकार शिव वहादुर सुनार र शाखा अधिकृत हरि बहादुर भुजेललाई अब यस्तो लापरवाहीपूर्ण कार्य नगर्न आयोगको मिति २०६८।९।२७ को निर्णयानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत सचेत गराउन लेखिपठाइएको ।

७. बर्दिया जिल्ला अस्पतालमा कार्यरत सि.अ.हे.व. अमर बहादुर खड्काले निजामती सेवा तथा स्वास्थ्य सेवा ऐन नियम विपरित व्यापार व्यावसाय गरेको, उद्योग बाणिज्य संघ गुलरियाको सदस्यता लिई अध्यक्ष पदमा मनोनयन भएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा सि.अ.हे.व.(छैठौ तह) उक्त अस्पतालमा कार्यरत अमर बहादुर खड्काले उद्योग वाणिज्य संघ, बर्दियाको साधारण सदस्यमा मिति २०५८ सालदेखि संलग्न रही अध्यक्ष पदमा मिति २०६७ सालदेखि निर्वाचित भई कामकाज गर्दै आएको देखिन्छ । निजले व्यापार व्यवसाय गर्न भनि नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५को नियम ११२ बमोजिम स्वीकृति लिएको देखिए तापनि उद्योग वाणिज्य संघको पदाधिकारी हुन पाउने गरी छुट दिएको अवस्था देखिदैन । उद्योग वाणिज्य संघको अध्यक्ष पदमा निर्वाचित समेत भएको निजको कार्य प्रचलित नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५९ र ६५ को अनूकुल रहेको नदेखिएकोले निजलाई प्रचलित कानून अनुसार विभागीय कारवाही अघि बढाउनका लागि आयोगको मिति २०६८।११।९ को निर्णयानुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखिपठाइएको ।

परिच्छेद - ११
आयोगवाट भएका अन्य कारवाहीहरू

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क. मा सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानी, नोक्सानी पुर्‌याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरि भराउगर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारवाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखिपठाउने र ऐनको दफा १२ ख मा सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउनका लागि आयोगले सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्ने व्यवस्था भए अनुरुप आर्थिक वर्ष २०६८/०६९ मा आयोगबाट निम्न बमोजिम गर्ने गरी अख्तियारवालालाई लेखिपठाइएको छ ।

अर्थ मन्त्रालय

१. मंगलद्विप डिष्ट्रीव्युटर्सको तर्फवाट कृषि विकास वैंक कञ्चनपुर शाखा मार्फत सुमि डिष्ट्रीलरी प्रा. लि. को पक्षमा जारी भएको विविध वैंक ग्यारेण्टी वापत रू.१४,००,०००।- वैंकका कर्मचारीहरू र सुमि डिष्ट्रीलरी प्रा.लि. को मिलेमतोमा स्टकमा रहेको सामानको कुनै हिसाव नै नगरी जवरजस्ती रुपमा भुक्तानी लिई आफुलाई टाट पल्टाएको भन्ने मंगलद्विप फर्मका आधिकारीक प्रतिनिधि डम्वर सिं कार्कीको उजुरी निवेदनका सम्बन्धमा देहाय बमोजिम गर्न गराउन आयोगको २०६८।१०।९को निर्णयानुसार सम्वन्धित निकायमा लेखिपठाइएको ।

- मंगलद्विप डिष्ट्रीव्युटर्सको दावी अनुसार स्टकमा रहेको भनिएको मदिरा सम्वन्धमा आवश्यक कारवाही गर्न आन्तरिक राजस्व विभागमा लेखिपठाइएको ।
- कृषि विकास वैंक लि. कञ्चनपुर शाखा, मंगलद्विप डिष्ट्रीव्युटर्स र सुमि डिष्ट्रीलरी वीचको वैंक ग्यारेण्टी भुक्तानी सम्वन्धी विवाद तथा कृषि विकास वैंकवाट लिएको ऋण सम्वन्धमा मंगलद्विप डिष्ट्रीव्युटर्सको भनाई समेत सुनी प्रचलित कानुन बमोजिम समाधान गर्न गराउन कृषि विकास वैंक लि. संचालक समितिलाई लेखिपठाइएको ।
- मंगलद्विप डिष्ट्रीव्युटर्स र सुमि डिष्ट्रीलरी वीचको लेनदेन र सामानको स्टक सम्वन्धि विवाद समाधान गराउन नेपाल उद्योग वाणिज्य संघमा लेखिपठाइएको ।

२. आयोगमा परेको "नव क्षितिज सहकारी संस्था लि. डिल्लीबजारको कालो सूचीमा परेका गीता राणालाई कानून विपरित कालो सूचीबाट हटाइएको" भन्ने बिषयको उजुरीका सम्बन्धमा ग्यालेक्सी पब्लिक स्कूलको लेटरप्याडमा सो स्कूलकी प्रिन्सिपल गीता राणाले हस्ताक्षर गरी जारी गरेका जमानत पत्रको आधारमा नव क्षितिज सहकारी संस्था लिमिटेडले

शैक्षिक समाज सहकारी संस्थालाई ऋण दिएकोमा उक्त ऋणको सावाँ तथा ब्याज नबुझाएको । नव क्षितिज सहकारी संस्था लिमिटेडको निवेदनमा मिति २०६०।९।२२ मा शैक्षिक समाज सहकारी संस्था लगायत ग्यालेक्सी पब्लिक स्कूललाई जमानतकर्ताको आधारमा कर्जा सूचना केन्द्रले कालो सूचीमा राखेको । ग्यालेक्सी पब्लिक स्कूलले आफूलाई बद्नियतपूर्वक कालोसूचीमा राखेको हुँदा हटाई पाउँ भनी कर्जा सूचना केन्द्रमा दिएको निवेदनका सम्बन्धमा उक्त केन्द्रले उचित निकासको लागि मिति २०६३।५।९ मा नेपाल राष्ट्र बैंकमा पत्राचार गरेकोमा उक्त बैंकबाट मिति २०६३।६।२९ गतेको पत्रद्वारा कर्जा सूचना केन्द्र लि.को संचालक समितिले नै प्रचलित कानूनको अधीनमा रही आवश्यक निर्णय गर्न सक्ने भनी पत्राचार गरे पश्चात कर्जा सूचना केन्द्रले प्रचलित कानूनमा के व्यवस्था गरेको छ भनी कानूनी सल्लाहाकार तथा कानून व्यवसायीसंग राय माग गर्दा कानून व्यवसायी शैलेन्द्र कुमार दाहाल तथा केन्द्रका कानूनी सल्लाहकार जगदीश दाहालसमेतले उक्त स्कूललाई कालो सूचीबाट हटाउन उपयुक्त हुने भनी राय दिएको । मिति २०६३ कार्तिक ३० गते बिहीबार, नेपाल बैंकर्स संघको कार्यालयमा वसेको कर्जा सूचना केन्द्र लिमिटेडको संचालक समितिको २४ औं बैठकले उक्त ग्यालेक्सी पब्लिक स्कूललाई कालोसूचीबाट हटाउने निर्णय गरेको देखिएकोले कालोसूचीबाट हटाउने सम्बन्धी कर्जा सूचना केन्द्रले गरेको निर्णय कानून सम्मत देखिन आएन । उक्त निर्णयका सम्बन्धमा आवश्यक छानवीन गरी कारवाही गर्न र सो को जानकारी आयोगलाई समेत दिन आयोगको मिति २०६८।१०।२२ को निर्णयानुसार नेपाल राष्ट्र बैंकलाई लेखिपठाइएको ।

३. गैर बजेटरी रकम खर्च गर्न लागेको भन्ने सम्बन्धमा विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारहरू, आयोगमा पर्न आएका उजुरीहरू, हालै संसदको सार्वजनिक लेखा समितिबाट भएको निर्णय, आयोगबाट विगतमा भएका निर्देशनहरू समेत उपर छलफल हुँदा विभिन्न बजेट शिर्षकमा छुट्याईएको खर्च हुन नसकेको बजेट यो वा त्यो वहानामा राजनीतिक दलका प्रभावशाली नेताहरू समेतको दवावमा अनावश्यक रुपमा रकमान्तर गरेर सरकारी कोषको दुरुपयोग भई भ्रष्टाचारजन्य कार्य भए गरेकाले त्यस्ता कार्यहरू रोक्नुपर्ने भनी विभिन्न पत्रपत्रिकाहरूमा समाचार प्रकाशित भएको र यस विषयमा आयोगमा उजुरीहरू प्राप्त भई नै रहेकाले आयोगको गम्भिर ध्यानाकर्षण भएको छ । आर्थिक वर्षको अन्त्य हुन तीन महिनाभन्दा कम समय मात्र बाँकी रहेको र विगत वर्षहरूमा पनि यस्ता खर्चहरूमा पारदर्शिता नभई अनियमितता हुन गई दुरुपयोग भएको देखिएकोले राष्ट्रिय गौरवका आयोजनाहरू, राष्ट्रिय पहिलो प्राथमिकता प्राप्त आयोजनाहरू (P1), काठमाडौं उपत्यका लगायत अन्य नगरपालिका क्षेत्रभित्र गर्न लागिएका सडक विस्तारका योजना, दैवी प्रकोप उद्धार बाहेक अन्य कुनै पनि कामको लागि आफूखुशी कार्यक्रम तयार गरी रकमान्तर गरी खर्च नगर्न, नगराउन साथै देहाय बमोजिम गर्न, गराउन आयोगको मिति २०६९।१।१४को निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, अर्थ, भौतिक योजना तथा निर्माण, स्थानीय विकास, शिक्षा, सिंचाई, उर्जा, कृषि तथा सहकारी,

पर्यटन तथा नागरिक उड्डयन, शान्ति तथा पुनर्निर्माण, स्वास्थ्य तथा जनसंख्या र वन तथा भूसंरक्षण मन्त्रालयका सचिवलाई लेखी पठाइ उपरोक्त निकायबाट यस प्रकारको कार्यक्रमको निकासा माग भई आएमा निकासाको कार्य नगर्ने, नगराउन महालेखा नियन्त्रकलाई समेत लेखिपठाइएको ।

- राष्ट्रिय योजना आयोगबाट स्वीकृत नभएका र बजेटमा व्यवस्था नभएका आयोजनाहरू आर्थिक वर्षको अन्त्यमा संचालन नगर्ने, नगराउने ।
- प्राविधिक रुपमा लागत इष्टीमेट नभएका र बोलपत्रको प्रक्रिया नअपनाई आफूखुशी तर्जुमा गरिएका योजनाहरू आर्थिक वर्षको अन्तमा संचालन नगर्ने, नगराउने ।
- आर्थिक वर्षको अन्त्यमा काम प्रारम्भ गरी दीर्घकालीन रुपमा सरकारलाई आर्थिक भार पार्ने आयोजनाहरू संचालन नगर्ने, नगराउने ।
- विभिन्न मन्त्रालय र मातहत निकायमा अवण्डामा एकमुष्ट रकम राखी हालसम्म पनि बाँडाफाँड नगरिएका कार्यक्रमहरूको रकम बाँडफाँड नगर्ने, नगराउने ।
- पूर्व योजना छनौट र स्वीकृत नभई आफूखुशी हचुवाको भरमा तर्जुमा गरी जनसहभागिताको नाममा बनाइएका कार्यक्रमहरूमा रकम बाँडफाँड नगर्ने नगराउने ।

कुनै पनि कार्यको लागि गैर बजेटरी रकम निकासा र खर्च नगर्नु नगराउन र आयोगबाट भएको यस प्रकारको निर्णय विपरीत कामकारवाही भए-गरेको पाइएमा भ्रष्टाचारजन्य कार्य गरेको मानी प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा समेत लेखिपठाइएको ।

वाणिज्य तथा आपूर्ति मन्त्रालय

विशालबजार कम्पनीबाट हुन लागेको साधारण सभाको बैठकको सम्बन्धमा विशालबजार कम्पनी लिमिटेडले भोग गरिरहेको अधिकांश जग्गा नेपाल सरकारको रहेको कुरा सर्वोच्च अदालतको फैसलाबाट समेत ठहर भई सोको शेयर नेपाल सरकारका नाउमा कायम गर्न निर्देश भएको । नेपाल सरकारबाट जग्गाको मूल्यांकन भई शेयर कायम गर्ने तर्फ कारवाही उठान भई रहेको अवस्थामा नेपाल सरकारको कायम हुन आउने शेयर र सोबाट प्राप्त हुने प्रतिफललाई छल्ने उद्देश्यबाट मिति २०६८।८।१६ गते साधारण सभा बैठक वसी नेपाल सरकारलाई प्राप्त हुने शेयर र लाभांशमा प्रतिकूल असर पार्ने गरी निर्णय हुन लागेको भन्ने बुझिएको हुँदा मिति २०६८।८।१६ मा हुने साधारण सभा स्थगित गरी नेपाल सरकारसंग समन्वय कायम गरेर मात्र उक्त साधारण सभा गर्न आयोगको मिति २०६८।८१५को निर्णयानुसार विशालबजार कम्पनी लिमिटेडलाई लेखिपठाइएको ।

कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय

१. जिल्ला चितवन भरतपुर नगरपालिका वडा. नं. १२ बस्ने डेबिट वि.क.लाई कम उमेरको प्रमाणित गराएको भन्ने उजुरी उपर आयोगवाट अनुसन्धान हुँदा निज डेविट वि.क.को जन्मदर्ता रजिष्ट्रमा रहेको जन्म मिति २०५१ लाई २०५२ बनाएको भन्ने विधि विज्ञान प्रयोगशाला खुमलटारबाट प्रमाणित भै आएको हुँदा यस विषयमा सरकारी मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्रको सरकारी कागज कीर्ते गरेको देखिँदा यसमा अनुसन्धान गरी मुद्दा दायर गर्न जिल्ला प्रहरी कार्यालय चितवनम दर्ता रजिष्ट्र सहितको फायल पठाई निज डेबिट वि.क. उपर चितवन जिल्ला अदालतमा दायर गरिएको डाका मुद्दामा समेत पुरक मागदावी लिने तर्फ आवश्यक कारवाही गर्न आयोगको मिति २०६८।५।२७ को निर्णयानुसार जिल्ला सरकारी वकील कार्यालय चितवनमा समेत लेखिपठाइएको ।

२. संविधान सभा तथा व्यवस्थापिका संसदका पदाधिकारीहरूको हैसियतमा प्राप्त गरेका गाडी र सवारी साधनहरू संविधानसभा विघटन भएको डेढ हप्ता वितिसक्दा पनि फिर्ता नगरेको भन्ने समेतको प्रकाशित समाचार तर्फ आयोगको ध्यानाकर्षण भई कानूनले तोकिदिए बमोजिम बाहेकका सुविधा एवं सवारी साधनको उपभोगमा वन्देज लगाउने गरी सर्वोच्च अदालतबाट मिति २०६८।८।२२ मा निर्णय आदेश भई सो आदेशको कार्यान्वयन भए नभएको सम्वन्धमा आयोगबाट अनुगमन गर्ने भनी निर्देशनात्मक आदेश समेत जारी भएको सन्दर्भमा संविधानसभा तथा व्यवस्थापिका संसदका पदाधिकारी वा सदस्यहरूलाई राज्यका तर्फबाट उपलव्ध गराइएका भौतिक सुविधा (जस्तै सवारी साधन) संविधान सभा एवं व्यवस्थापिका संसद विघटन भएको ७ दिन विति सक्दापनि कतिपय तत्कालिन पदाधिकारी एवं सदस्यहरूले फिर्ता नगरेको भनी पत्र पत्रिकामा समाचार सम्प्रेषण भई रहेको हुँदा त्यस्ता सवारी साधन तत्काल फिर्ता गर्न गराउन आयोगको मिति २०६९।२।२३को निर्णयानुसार व्यवस्थापिका संसद सचिवालयका महासचिवलाई लेखिपठाइएको र यस्ता सवारी साधन प्रयोग भईरहेको पाईएमा तत्कालै नियन्त्रणमा लिई व्यवस्थापिका संसद सचिवालयमा बुझाईदिने र त्यसको जानकारी आयोगमा पठाउन लागि प्रहरी प्रधान कार्यालय समेतलाई लेखिपठाइएको ।

गृह मन्त्रालय

१. महोत्तरी जिल्ला कारागार शाखा जलेश्वरमा थुनामा रहेको व्यक्तिहरूलाई छुटाई दिन्छु भनी रू.२ लाख रुपैयाँ लिएको भन्ने विषयमा आयोगमा परेको उजुरी सम्बन्धमा जेल जस्तो संवेदनशील स्थानमा वाहिरी व्यक्तिको पहुँच सहज हुनु अत्यन्त गम्भिर तथा संवेदनशील विषय भएको हुँदा व्यस्ता ठाँउहरूको कडा निगरानी हुनु जरुरी भएकोले सवै जेलहरूमा

सुरक्षा गार्ड तथा निगरानीको समुचित व्यवस्था गर्न गराउन आयोगको मिति २०६८।५।१९ को निर्णयानुसार गृह मन्त्रालयका सचिवलाई लेखिपठाइएको ।

२. मालपोत कार्यालय रुपन्देहीका तत्कालिन ना.सु.नारायणमणि खनालले अनियमित काम गरी करोडौं रुपैयाँ लिएर खाएको मुद्दामा अनुसन्धान नै नगरी प्रमुख जिल्ला अधिकारी नागेन्द्र झाले तामेलीमा राखेको भन्ने उजुरीका सम्बन्धमा छानविन भएको प्रस्तुत उजुरीमा उल्लेखित प्रक्रिया पुरा नगरी आफूखुशी तामेलीमा राखेको देखिएकोले सह-सचिव नागेन्द्र झालाई ध्यानाकर्षण गराउन र आयोगको २०६३।१०।१ को सूचना बमोजिमका कार्यविधि पूर्ण रुपमा परिपालन गर्न गराउन सम्बन्धित सबै कार्यालयहरूमा परिपत्र गर्न आयोगको मिति २०६८।९।४को निर्णयानुसार गृह मन्त्रालयमा लेखिपठाइएको ।

३. काठमाडौ जिल्ला दहचोक गाउँ विकास समिति वडा नं. १ मा पर्ने कुत्ते खोला मिचि गाउँ विकास समिति सचिवको मिलेमतोमा मधु गिरी र नरहरी गिरी समेतले कम्पाउण्ड वाल लगाएको उजुरी उपर अनुसन्धान हुँदा उक्त कुत्तेखोलाको साविक भाग मिचि दहचोक गाउँ विकास समितिवडा नं. १'ङ' को कित्ता नं. ११४ का जग्गाधनी प्रकाश अर्याल, कित्ता नं. १२५ का जग्गाधनी मधु गिरी र कित्ता नं. १२६ का जग्गाधनी नरहरी गिरीले कम्पाउण्ड वाल लगाएको हुँदा उल्लेखित जग्गाधनीहरूले खोला मिचि लगाएको कम्पाउण्ड वाल भत्काउन र उक्त वाल भत्काई खोलाको साविक सिमाना कायम नभएसम्म दहचोक गाउँ विकास समिति वडा नं. १'ङ' को कि. नं. ११४, १२५, र १२६ का जग्गाहरू अन्य व्यक्तिको नाममा हक हस्तान्तरण गर्ने कार्य समेत रोक्का राखी साविकको खोलाको क्षेत्रफल मिचि लगाएको वाल भत्काउन वा सम्वन्धित जग्गा धनीहरूलाई भत्काउन लगाई तीन महिना भित्र आयोगलाई जानकारी दिन आयोगको मिति २०६८।९।५को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, काठमाडौंका प्रमुख जिल्ला अधिकारी र गाउँ विकास समितिको कार्यालय दहचोकलाई लेखी पठाईएको ।

४. काठमाडौं जिल्ला स्युचाटार गाउँ विकास समिति वडा नं ३ कि.नं १ क्षेत्रफल ३-०-०-० को जग्गा दिने दिनेश भक्त श्रेष्ठ र लिने अशोक लाल श्रेष्ठ भएको रजिष्ट्रेशन पारीतको लागि पेश भएका कागजात शंकास्पद भएको र श्रेस्ता पूर्जा दूषित देखिएको हुँदा कारवाही गरी पाउं भन्ने समेत मालपोत कार्यालय, कलंकीबाट पत्र प्राप्त हुन आएको सम्वन्धमा मालपोत कार्यालय कलंकीमा दर्ता प्रमाणित भनी कम्प्युटर इन्ट्री र श्रेस्तामा लेखिएको कैफियत र दर्ता प्रमाणितलाई वदर गरी पूर्ववत दर्ता वांकी अवस्थामा राख्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख. वमोजिम मालपोत कार्यालय, कलंकीलाई लेखि पठाइ कीर्ते कागजात तयार गरी जग्गा दर्ता गर्न आउने दिनेश भक्त लगायत संलग्न व्यक्तिलाई सरकारी कार्यालयको श्रेस्तामा किर्ते कैफियत र दर्ता वांकी जग्गालाई दर्ता प्रमाणित भनी गरिएको दस्तखत र दर्ता प्रमाणित भएको भनी कम्प्युटर इन्ट्री समेत गरिएको कार्य सरकारी कागज कीर्ते गरेको हुँदा सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९

वमोजिम प्रस्तुत विषयको अनुसन्धान गरी कारवाही गर्न आयोगको मिति २०६८।११।४ को निर्णयानुसार महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौंलाई लेखी पठाईएको ।

५. जिल्ला प्रशासन कार्यालय पर्साका तत्कालीन प्रमुख जिल्ला अधिकारी नागेन्द्र झाले हातहतियार खरखजाना ऐन, २०१९ वमोजिम न्यायिक अधिकार प्रयोग गर्दा सम्वद्ध ऐनको गलत प्रयोग गरेको र मुद्दाको फैसला भएपछि सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयलाई जानकारी नदिने गरेको भन्ने उजुरीका सम्बन्धमा हुँदा देहाय वमोजिम गर्न आयोगको मिति २०६९।१।२८ को निर्णयानुसार गृह मन्त्रालयमा लेखिपठाइएको ।

- जिल्ला प्रशासन कार्यालय पर्साले हातहतियार/खरखजाना ऐन अर्न्तगतका गम्भिर प्रकृतिका मुद्दा फैसला गर्दा मूल ऐन र संशोधत दफाहरू ख्याल नगरि मुद्दाको फैसला गर्ने गरेको र मुद्दाको फैसला तथा पेशीको जानकारी पनि समयमै सम्बन्धित सरकारी वकिल कार्यालयलाई नदिएको पाईयो । त्यस्ता प्रकारका त्रुटिहरू हुनुमा प्रमुख जिल्ला अधिकारीको अपरिपक्वता एवं विशेषज्ञताको अभावको कारणले हुन गएको पाईएकोले अब आईन्दा प्रमुख जिल्ला अधिकारी जस्तो संवेदनशील पदमा पदस्थापन वा सरुवा गर्दा प्रशासन क्षेत्रमा विज्ञता हासिल गरेका, कानूनमा दखल भएका र खटाउनु पूर्व अनिवार्य रुपमा प्रमुख जिल्ला अधिकारीको तालीम लिएका व्यक्ति मात्र खटाउने व्यवस्था मिलाउने ।

- जिल्ला प्रशासन कार्यालय धनुषामा पदाधिकार राखी हाल जिल्ला प्रशासन कार्यालय पर्सामा काजमा कार्यरत ना.सु.ललित झालाई निजामती सेवा ऐन,२०४९ र निजामती सेवा नियमावली,२०५० विपरित एक बर्ष भन्दा बढि अवधि देखि जिल्ला प्रशासन कार्यालय पर्सामा काजमा राखी कामकाज गराई राखेको अवस्था पाईएकोले निजलाई ७ दिन भित्रमा निजको पदाधिकार रहेको कार्यालयमा काज फिर्ता गरी आयोगमा जानकारी पठाउने ।

- जिल्ला प्रशासन कार्यालयहरूले मुद्दाको फैसलाको जानकारी समयमै सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयमा पठाउने गरेको नपाइएको हुँदा मुद्दाको पेशी र फैसलाको जानकारी सबै जिल्ला प्रशासन कार्यालयहरूले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयलाई समयमै अनिवार्य रुपमा दिन लगाउने व्यवस्था गरी सो कार्यको नियमित अनुगमन समेत गर्ने ।

उर्जा मन्त्रालय

१. नेपाल विद्युत प्राधिकरणका निमित्त कार्यकारी निर्देशकबाट अनावश्यक रुपमा सामान खरीद गरी भुक्तानी गर्नलागेको, व्यापक रुपमा आर्थिक चलखेलगरी कर्मचारीहरूको सरुवा गर्नलागेको, ठेक्का पट्टामा अनियमतिता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।८।१३ को निर्णयानुसार देहाय वमोजिम गर्न गराउन उर्जा मन्त्रालयका सचिव र नेपाल विद्युत प्राधिकरणका अध्यक्षलाइ लेखिपठाइएको ।

- नेपाल सरकार मन्त्रीपरिषदबाट नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकको छनौट खुल्ला प्रतिस्पर्धाबाट गर्ने निर्देशन भैसकेको भएपनि हालसम्म विज्ञापन प्रकृया अगाडि बढाईएको नदेखिदा खुल्ला प्रतिस्पर्धाबाट कार्यकारी निर्देशक छनौटगर्ने प्रकृया तुरुन्त अगाडी बढाउने ।
- विगतमा वितरण तथा ग्राहक सेवामा शाखा प्रमुख देखि महाप्रवन्धकको भूमिकामा रहँदा हालका निमित्त कार्यकारी निर्देशकले अनावश्यक सामान खरीदगरी गराई भुक्तानी दिन बाँकी राखेको र उक्त रकम अनिवार्य अवकासको अल्प अवधि बाँकीरहेका निमित्त कार्यकारी निर्देशकको आदेशबाट भुक्तानी गर्न लागेको भन्ने उजुरीका सम्बन्धमा त्यस्तो भुक्तानी तत्काल नगर्न, भुक्तानी गर्नु नै पर्ने भए संचालक समितिबाट स्वीकृत लिएरमात्र भुक्तानी दिने व्यवस्था गर्न नेपाल विद्युत प्राधिकरणलाई तत्काल निर्देशन दिने ।
- निकट भविष्यमै खुल्ला प्रतिस्पर्धाबाट कार्यकारी निर्देशक नियुक्ति हुने अवस्था रहेका कुनै पनि सार्वजनिक संस्थाको प्रमुख नहुँदाको अवस्थामा निमित्त कार्यकारी प्रमुखले सामान्य दैनिक प्रशासनिक कार्यबाहेक अन्य महत्वपूर्ण निर्णय नगर्ने प्रचलन रहेको सन्दर्भमा निमित्त कार्यकारी निर्देशकबाट सामान्य दैनिक प्रशासन बाहेक सरुवा, बढुवा तथा प्राधिकरणलाई दीर्घकालिन दायित्वपर्ने कुनै पनि संभौता, खरीद आदेश जस्ता महत्पूर्ण कार्यहरू गर्नु मनासिव देखिदैन । अतः सरुवा लगायत संस्थालाई दीर्घकालिन असरपर्ने दायित्व सिर्जना हुने कुनैपनि आदेश, संभौता वा निर्णय निमित्त कार्यकारी निर्देशकबाट नगर्ने नगराउने व्यवस्था गर्ने ।
- निमित्त कार्यकारी निर्देशकको अनिवार्य अवकास हुने वेला पारी नेपाल विद्युत प्राधिकरणको सरुवामा ठूलो आर्थिक चलखेल भएको भन्ने बुझिएको हुँदा यस बीचमा निमित्त कार्यकारी निर्देशकका हैसियतबाट कुनै सरुवा, बढुवा वा दायित्व सिर्जना हुने वा संस्थालाई दीर्घकालिन असरपर्ने कुनै निर्णय भए गरेको भए सोको विवरण तीन दिन भित्र लिई त्यस्ता निर्णयहरू आयोगको छानविन नटुङ्गिन्जेलसम्म कार्यान्वयन नगर्न, नगराउन नेपाल विद्युत प्राधिकरणलाई लेखिपठाइएको ।

सिचाई मन्त्रालय

१. सिंचाई मन्त्री महेन्द्र यादवले कार्यक्रम स्वीकृत गरेवापत एक प्रतिसत रकम मागे पछि ठेक्का लगाई सक्नु पर्ने म्याद गुज्रिदा पनि अरबौ रूपियाँका सिंचाई योजनाका कार्यक्रम स्वीकृत हुन नसकेको भनी आयोगमा परेको उजुरी तथा दैनिक पत्रपत्रिकामा प्रकाशित समाचार प्रति आयोगको ध्यानाकर्षण भई आयोगबाट मिति २०६८।८।११ को निर्णयानुसार मन्त्रालयस्तरका सम्पूर्ण कार्यक्रमहरू पत्र प्राप्त भएको मितिले तिनदिन भित्र स्वीकृत गरी सम्वन्धित निकायमा स्वीकृत कार्यक्रमहरू पठाउन र सो को जानकारी आयोगमा पठाउन सिंचाई मन्त्रालयलाई र तिन दिन भित्र कार्यक्रम स्वीकृत नभएको अवस्थामा सम्माननीय

प्रधानमन्त्री मार्फत विभागीय मन्त्रीलाई र सिचाई मन्त्रालयका सचिवलाई सम्पूर्ण काग जात सहित छानविनको लागी आयोगमा पठाई दिने व्यवस्थाका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा सिंचाई मन्त्रालयमा लेखिपठाइएको ।

२. विश्व बैंकको ऋण सहायतामा करिब ४ वर्ष अगाडि ऋण सम्झौता भई ठेक्का बन्दोबस्त भएको भरतपुर हेटौंडा प्रसारण लाइनको निर्माण कार्य हालसम्म प्रारम्भ नभएको र खिम्ती-ढल्केबर ट्रान्समिसन लाइन निर्माण कार्यमा अवरोध भई विद्युत् लाइनको निर्माण कार्य सुरु नभएकोमा आयोगको ध्यानाकर्षण भई ऊर्जा, राष्ट्रिय योजना आयोग, वन तथा भूसंरक्षण, भौतिक योजना तथा निर्माण, कृषि तथा सहकारी मन्त्रालयका सचिवसहितका पदाधिकारीहरूसँग छलफल गरी देहाय वमोजिम गर्न गराउन आयोगको मिति २०६८।९।२७ को निर्णयानुसार ऊर्जा, वन तथा भूसंरक्षण गृह तथा रक्षा मन्त्रालयमा लेखिपठाइएको ।

- उक्त आयोजना निर्माण गर्न ४/५ वर्ष अघि लिएको ऋण समयमा उचित प्रयोग हुन नसक्दा देशले ठूलो हानि नोक्सानी व्यहोरिसकेको विद्यमान अवस्थालाई दृष्टिगत गरी १५ दिन भित्र दुईमन्त्रालय (ऊर्जा र वन तथा भूसंरक्षण मन्त्रालय) बीच प्रसारण लाइन निर्माण गर्ने कार्यमा जे जस्तो निर्णय लिनुपर्ने हो लिई यथाशीघ्र काम सुरु गर्ने ।
- खिम्ती-ढल्केबर ट्रान्समिसन लाइनको निर्माण कार्यमा समेत विभिन्न बहाना देखाई ठाउँ ठाउँमा लाइन तान्न अवरोध भएबाट देशले आजकै मितिमा पनि खिम्ती र भोटेकोसीबाट उत्पादित विद्युतको उचित वितरण गर्न नसकी दैनिक ८ देखि १० मेघावाटसम्म विद्युत्को नोक्सानी व्यहोर्नु परिरहेको छ । जसबाट देशलाई दैनिक करोडौं रुपैयाँको हानि नोक्सानी भइरहेको अवस्था देखियो । यस्तो संवेदनशील विषयलाई तत्काल समाधान गर्न ऊर्जा, गृह र रक्षा मन्त्रालयबाट पहल गर्ने । निर्माण कार्यमा कुनै पनि रोकावट हुन नदिने । स्थानीय स्तरमा कसैको गुनासो वा सुझाव वा बाधा विरोध भएमा त्यसलाई छुट्टै संयन्त्र बनाई छानबिन गरी समस्याको समाधान गर्ने । समस्या देखाई वा समस्या समाधान नहुने बहाना बनाई ट्रान्समिसन लाइन निर्माण गर्ने काममा कुनै अवरोध उत्पन्न हुन नदिने व्यवस्था तत्काल मिलाउने । यी दुवै राष्ट्रिय प्राथमिकता प्राप्त विद्युत प्रसारण आयोजनाको कार्यको नियमित अनुगमन तथा मूल्यांकन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगलाई समेत लेखिपठाइएको ।

३. नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक नियुक्ति गर्दा ठूलो आर्थिक चलखेल गरी उमेरको हदबाट अवकास प्राप्त व्यक्तिलाई सार्वजनिक संस्थान निर्देशन बोर्ड आदेश,२०६८ को प्रावधान बिपरित गर्न लागेको भन्ने समेत व्यहोराको उजुरी उपर आयोगको ध्यानाकर्षण भै नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक छनौट प्रक्रियामा रहेकोमा सो गठन आदेशको दफा ३० (२) ले स्वत: यस आदेश बमोजिम गठन हुने बोर्डले कार्य संचालन शुरु

नगरेसम्म यथावत राख्नु पर्नेमा सो नगरी नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशकको नियुक्ति आफूखुसी गर्न लागेको देखिएकोले सो प्रक्रिया तत्काल रोकी गठन आदेश बमोजिम गर्न गराउन र यस्तै नियुक्ति प्रकृयामा रहेका अन्य संस्थानहरूको हकमा समेत उल्लेखित गठन आदेशको व्यबस्था लागु गर्न गराउन आयोगको मिति २०६८।१०।२ को निर्णयानुसार नेपाल सरकारका मुख्य सचिव मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय एवं नेपाल सरकारका सम्पूर्ण मन्त्रालयका सचिवहरूलाई लेखिपठाइएको ।

पररा‍ष्ट्र मन्त्रालय

पररा‍ष्ट्र मामिला अध्ययन प्रतिष्ठानका कार्यकारी निर्देशक टिकाजंग थापाको शैक्षिक योग्यता कम रहेको, निजले विभिन्न अनियमितता तथा भ्रष्टाचार गरेकोले आवश्यक कारवाही होस् भन्ने उजूरीका सम्बन्धमा हालका निर्देशक टिकाजंग थापाको शैक्षिक उपाधी उक्त जिम्मेवारी वहन गर्न उपयुक्त नदेखिएकोले निजलाई जिम्मेवारीमुक्त गरी वर्तमान पररा‍ष्ट्र मामिला अध्ययन प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०६८ बमोजिम नियुक्ति गर्ने सम्बन्धमा आवश्यक कारवाही हुन, ऐन र नियमावली लागू भैसकेपछी तोकिएको प्रक्रिया बिना व्यक्तिगत निवेदन, नाता, प्रभावका आधारमा नियुक्ति गरिएका लेखापाल विनिता श्रेष्ठ लाइब्रेरियन (ना.सु.)सानुराजा पुरी सहायक स्टोर किपर दिपा न्यौपाने र शाखा अधिकृत राजिव कुंवरको करार नियुक्ति रद्द गरी कानूनी प्रक्रिया पूरा गरेर मात्र करारमा लिने व्यवस्था गर्न, मिति २०६८।८।२७ को निर्णयानुसार पररा‍ष्ट्र मन्त्रालयमा लेखिपठाइएको ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

१. मन्त्रिपरिषद्को मिति २०६१।८।२१, सो भन्दा पूर्व र सो पछि हालसम्म भएका निर्णयका आधारमा सरकारी कोषमा आर्थिकभार हुनेगरी पूर्व प्रधानमन्त्री, पूर्व उप प्रधानमन्त्री, पूर्व गृह मन्त्री, पूर्व मन्त्रीहरू, पूर्वराज्य मन्त्रीहरू, पूर्व सांसदहरू, सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधिसहरू, कुनै पनि सरकारी कामकाजको जिम्मेवारी नभएका राजनीतिक दलका सभापती वा दलसंग आवद्ध प्रभावकारी व्यक्तिहरू र पूर्व राजपरीवारका सदस्यहरूलाई कानूनको अख्तियारीविना घर भाडा, सवारी साधन, इन्धनखर्च लगायतका अन्य गैर कानूनी सुविधा तत्काल बन्द गर्न मिति २०६८ साल मंसिर २२ गतेका दिन सर्वोच्च अदालतबाट नेपाल सरकारका नाममा निर्देशनात्मक आदेश जारी भई निर्देशन अनुसार भए नभएको कुराको अनुगमन गर्न आयोगलाई समेत निर्देशन भएको हुदा,आयोगको मिति २०६८।८।२५ को निर्णयानुसार निम्नानुसार गर्ने निर्णय भएको : -

- यसरी सुविधा प्राप्त गरिरहेका व्यक्तिहरूबाट तत्काल सो सुविधा फिर्ता लिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयमा लेखिपठाइएको र सम्वन्धीत पदाधिकारीलाई यसरी लिएका सुविधाहरू तत्काल फिर्ता गर्न जानकारी गराइएको ।

- निजहरूले यसरी पाइरहेको आर्थिक सुविधा तत्काल रोक्नका लागि अर्थ मन्त्रालयललाई बजेट व्यवस्था नगर्न र महालेखा नियन्त्रक कार्यालयलाई निकासा नदिन लेखिपठाइएको।

- फैसला भएकै मिति देखि लागुहुनेगरी अव उप्रान्त यस्ता सुविधाहरू कुनैपनि पदाधिकारी वा व्यक्तिलाई दिनेगरी निर्णय नगर्न नेपालसरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयमा लेखिपठाइएको ।

- उल्लेखित पदाकिारीहरूले अटेरगरी यस्ता सुविधाहरू प्रयोग गरिरहेको थाहा भएमा सो को जानकारी आयोगलाई गराउन मिडिया लगायत सरोकार वालालाई अनुरोध गरिएको ।

२. सर्वोच्च अदालतको मिति ०६८।८।५ को अन्तरिम आदेश वमोजिम नेपाल खाद्य संस्थानका महाप्रवन्धकलाई हटाउने कार्य नगर्नु नगराउनु भन्ने आदेश हुँदाहुँदै नियम विपरित मन्त्रीस्तरीय निर्णय अनुसार महाप्रवन्धकको सवै अधिकार प्रयोग गर्नेगरि राजेन्द्र बास्कोटालाई निमित्त महाप्रवन्धक दिएको उजुरीका सम्बन्धमा सबै सार्वजनिक संस्थानको प्रमुख कार्यकारी अधिकृत वा महाप्रवन्धकको नियुक्तिका विषयमा सरकार आफैंले तय गरेको खुला प्रतिस्पर्धाको माध्यमबाट संस्थान सुधारको स्पष्ट योजना प्रस्तुत गर्नसक्ने योग्य, सक्षम, व्यवसायीक तथा क्षमतावान व्यक्तिलाई पारदर्शी ढंगले नियुक्ति गर्ने नीतिलाई व्यवहारमा अक्षरशः पालना गर्न र सम्मानित अदालतले सार्वजनिक संस्थानको प्रमुखमा पुनर्वहाली वा यथावत कामकाज गर्न दिएको निर्णय वा अन्तरिम आदेशलाई तत्काल कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन आयोगको मिति २०६८।८।२६ को निर्णयानुसार नेपाल सरकारका मुख्य सचिव मार्फत मन्त्रीपरिषदलाई र सम्बन्धित मन्त्रालयका सचिवलाई लेखिपठाइएको ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

१. काठमाडौं महानगरपालिका वडा नं. ३२ स्थित दमयन्तादेवी श्राद्ध गुठीको जग्गा र साङ्ला गाउँ विकास समिति वडा नं. ९ स्थित करीव १६ रोपनी जग्गामा गुठी संस्थान केन्द्रीय कार्यालयबाट मोही कायम गर्न लागेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।४।१८ को निर्णयानुसार देहाय बमोजिम गर्न गराउन लेखिपठाइएको :-

- दमयन्तादेवी श्राद्ध गुठीको नाममा दर्ता भएका गुठी तैनाथी जग्गा मध्ये नगर ३२ कि.नं. ९८ को २-२-३-२ क्षेत्रफल र ऐ. कि.नं. ६३६ को ०४४१.०६ वर्ग मिटर क्षेत्रफल जग्गाहरूमा मोहन वहादुर वस्नेतलाई मोही कायम गर्ने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६७।१।२० मा फैसला भएको देखियो । उक्त फैसला त्रुटिपूर्ण देखिंदा र उक्त फैसलाले गुठीको एकाधिकार समाप्त गरेकोले उक्त फैसला विरुद्ध गुठी जग्गाको हक कायम गराउन गुठी संस्थान ऐन, २०३३ बमोजिम न्यायिक उपचारमा जान र आयोगलाई जानकारी दिन गुठी संस्थान केन्द्रिय कार्यालयलाई लेखिपठाइएको ।

- साङ्ला गाउँ विकास समिति वडा नं. ९ (झ) को कि.नं. ११, १२ र १३ का जग्गा साविक नापीको फिल्डवुकमा क्रमशः खोल्सो, वगर भनी नाप नक्सा भएको सोही गाउँ विकास समितिको ९ क कि.नं. १२३ र १२४ को जग्गा साविक नापीमा वगर भनी नापनक्सा भएको र नेपाल सरकारको नाममा दर्ता प्रमाणित समेत भएको देखिएकोमा, गुठी संस्थानका गुठी प्रशासकबाट मिति २०६७।४।५ मा उल्लेखित कि.नं. ११, १२, १३, १२३ र १२४ को जग्गालाई नरदेवी स्वेतकालीका सुनछाना गुठीको नाउमा दर्ता गराई पुर्जा झिकाउने ठहर्छ र कि.नं १२३ र १२४ को जग्गा नेपाल सरकारको नाउमा दर्ता भएका हुँदा गुठी संस्थान ऐन २०३३ को दफा ३९ (२) को प्रयोजनको लागि नेपाल सरकार भूमि सुधार तथा व्यवस्था मन्त्रालयका नाँउमा म्याद दिने भनी गरेको निर्णय, गुठी संस्थान ऐन २०३३ को दफा ३९ (१) को प्रतिकूल हुने गरी क्षेत्राधिकार भन्दा वाहिर गै सरकारी/सार्वजनिक जग्गा गुठीका नाउमा दर्ता गर्ने त्रुटीपूर्ण निर्णय भएको देखिएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ ख वमोजिम दुष्परिणाम सच्याउनको लागि गुठी संस्थान केन्द्रिय कार्यालय/संचालक समितिलाई लेखी सो को जानकारी आयोगलाई गराउने ।
- काठमाडौं जिल्ला साङ्ला गाउँ विकास समिति वडा नं. ९ (झ) को कि.नं. ११, १२ र १३ का जग्गाको साविक फिल्डवुकको व्यहोराबाट सरकारी/सार्वजनिक प्रकृतिको देखिएकोले आवश्यक प्रकृया पूरा गरी नेपाल सरकारको नाममा दर्ता गरी जग्गा धनी प्रमाण पुर्जा जिल्ला प्रशासन कार्यालय काठमाण्डौमा पठाई सोको जानकारी आयोगमा समेत गराउन मालपोत कार्यालय काठमाण्डौमा लेखिपठाइएको ।

२. जिल्ला काठमाडौं नाङ्गलेभारे गाउँ विकास समितिको कार्यालयका सचिव रमेश प्रसाद दवाडीले घर बाटोको सिफारिश गर्दा नर्सामा मोटर बाटो भएको र फिल्ड बुकमा बाटो जोडिएको भनी उल्लेख भएको काठमाडौं जिर्ला नाङ्गलेभारे गाउँ विकास समिति वडा नं. १ग१ को कि.नं. २०८ को १-१०-०-० क्षेत्रफलको जग्गालाई बाटो नभएको भनी सिफारिश गरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा नक्सामा स्पष्ट रुपले मोटर बाटो भएको सो जग्गालाई बाटो नभएको भनी सिफारिश गरेकोमा सोही सिफारिश को आधारमा दिने सावित्री तिवारी र लिने ज्ञान प्रसाद चौलागाई भएको राजीनामाको लिखत पारीत गर्दा मोटर बाटो भएको सो जग्गाको रजिष्टेशन दस्तुर कम असुल भएको देखिएकोले जग्गा लिने ज्ञान प्रसाद चौलागाईबाट उक्त बाँकि राजश्व रकम असुल उपर गरी सोको जानकारी आयोगलाई गराउन र उक्त कमी गरिएको राजश्व बापतको रकम असुल उपर नभएसम्म सो जग्गा बिक्रि लगायत कुनै प्रकारले हक हस्तान्तरण हुन नपाउने गरी रोक्का राख्न आयोगको मिति २०६८।५।७ को निर्णय अनुसार मालपोत कार्यालय चावहिल काठमाडौंलाई लेखिपठाइएको । नक्शामा प्रष्ट मोटरबाटो रहेको देखिंदा देखिदै बाटो नभएको भनी सिफारिश गर्न गाउँ विकास समिति सचिव रमेश प्रसाद दवाडीलाई अब आइंदा यस्तो गल्ति कार्य नगर्न

निजामती सेवा ऐन, २०४९ को दफा ५५क बमोजिम चेतावनी दिई आयोगलाई जानकारी गराउन जिल्ला विकास समितिको कार्यालय काठमाडौंमा लेखिपठाइएको ।

३. पर्वत जिल्ला देविस्थान गाउँ विकास समिति वडा नं. ९ को कि.नं. १७५, २१६, २२७, १७८, २२२, २३६, २१२, २१४, २३० र ६२९ समेतका जग्गाको किसिममा खर चाहार, बुटेन उल्लेख भएका नेपाल सरकारका नाउँमा हुनु पर्ने जग्गा मालपोत कार्यालय, पर्वतले व्यक्तिको नाममा दर्ता गरेकोले कारवाही गरी पाउँ भन्ने उजुरी सम्बन्धमा मालपोत कार्यालयले मिति २०६५।१२।१८ को निर्णयबाट आनन्द प्रसाद तिवारी समेतका ७ जना व्यक्तिहरूको नाममा बुटेन जग्गा दर्ता गरेको देखिएकाले उपरोक्त बमोजिमका देविस्थान गाउँ विकास समिति वडा नं. ८ को कि.नं. ६२९ को ५-१५-२-२ क्षेत्रफल तथा ऐ.ऐ. वडा नं. ९ कि.नं. २१६ को ०-३-३-३ क्षेत्रफल कि.नं. २२७ को २-१०-२-२ क्षेत्रफल, कि.नं. १७८ को ४-३-३-१ क्षेत्रफल, कि.नं. २२२ को ६-६-०-३ क्षेत्रफल, कि.नं. २३६ को ४-१५-१-३ क्षेत्रफल, कि.नं. २१२ को०-९-३-३ क्षेत्रफल, कि.नं. २१४ को०-६-३-३ क्षेत्रफल, कि.नं. २३० को ४-१०-१-० क्षेत्रफल र कि.नं. १७५ को ६-४-०-० क्षेत्रफल गरी जम्मा ३६-६-३-० क्षेत्रफल रोपनी जग्गा मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम एक महिना भित्र नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम गरी सक्कल जग्गाधनी प्रमाण पूर्जा जिल्ला प्रशासन कार्यालय, पर्वतमा पठाउन र सो को जानकारी आयोगमा दिन आयोगको मिति २०६८।६।८ को निर्णयानुसार मालपोत कार्यालय, पर्वतलाई लेखीपठाइएको ।

४. पोखरा उप-महानगरपालिकाको विभिन्न वडाहरूमा रहेको १९ कित्ता भन्दा बढी जग्गा खरिद बिक्रीको क्रममा मालपोत कार्यालय, कास्कीमा मध्यराती २३ करोडको चलखेल भन्ने समेत व्यहोराको मिति २०६७।५।१ मा विभिन्न पत्र पत्रिकामा प्रकाशित समाचारका सम्बन्धमा आयोगका मिति २०६८।८।२६ को निर्णयानुसार अब आइन्दा कार्यालय समयभन्दा बाहिर कार्यालयले काम कारवाही गर्नुपर्दा कार्यालय प्रमुखले कारण सहितको अभिलेख राखी समय जनाई स्थानीय प्रशासनलाई पूर्व जानकारी दिई कार्य गर्ने व्यवस्था मिलाउने र सो प्रयोजनका लागि अभिलेख राखी प्रमाणित गरी राख्न र अनुगमन तथा निरीक्षणका बखत उक्त अभिलेख समेत अनुगमन गर्न गराउन मालपोत कार्यालय कास्कीमा लेखिपठाइएको ।

५. मालपोत कार्यालय नवलपरासीका प्रमुख मालपोत अधिकृत र निजका सहयोगी समेतले विपक्षीहरूसंग लाखौं रुपैंया लिनुखानु गरी जमुनिया गाउँ विकास समिति ८ अन्तर्गत कि.नं. १६०, १६१, १६२, १६४, १६६ र १७२ का सार्वजनिक जग्गाहरू दर्ता गर्ने काम भएको हुँदा सार्वजनिक जग्गाको दर्ता वदर गरी पाउँ भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा नवलपरासी जिल्ला जमुनिया गाउँ विकास समिति ८घ साविक कि.नं. ५८ को क्षेत्रफल ४४-१३-८ विगाह जग्गा मिति २०२४।११।२९ मा भएको नापीका समयमा जोताहाको नाम थर वतन महलमा जंगल र कैफियतमा आवाद वेलायक भनी जनिएको । नापी कार्यालय नवलपरासीको फिल्डबुकमा "मालपोत कार्यालय नवलपरासीको मिति २०५१।४।२४ निर्णय

५।०५१।१२ ले श्री ५ को सरकारका नाउँमा दर्ता भएको जानकारी प्राप्त" भन्ने उल्लेख भएको सो जग्गा हाल विभिन्न ५० व्यक्तिका नाममा कित्ता काट गरिएको देखिएकाले यस्तो प्रकृतिको जग्गा व्यक्ति विशेषले दर्ता गराएको अवस्थामा पनि उक्त दर्ता बदर भै नेपाल सरकारको नाममा कायम हुने मालपोत ऐन, २०३४ को दफा २४ मा व्यवस्था रहेको देखिदा २०२४ साल मै सरकारी सार्वजनिक प्रकृतिको देखिएको उक्त कि.नं. ५८ लाई कित्ताकाट गरी कायम भएका संपूर्ण कित्ता जग्गा उल्लेखित कानूनी व्यवस्था अनुसार जे जो प्रक्रिया पुरा गर्नु पर्ने हो गरी नेपाल सरकारको नाममा श्रेस्ता पूर्जा जग्गा तयार भएपछि सक्कल जग्गाधनी प्रमाण पूर्जा जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा पठाउन र सो को जानकारी आयोग तथा जिल्ला वन कार्यालय नवलपरासीमा दिन आयोगको मिति २०६८।९।६ को निर्णयानुसार मालपोत कार्यालय, नवलपरासी र नापी कार्यालय, नवलपरासीलाई लेखी पठाइको ।

६. जिल्ला सुनसरी कप्तानगन्ज गाउँ विकास समिति वडा नं. ७ कि.नं. ३५ को०-१-१२ विगाह क्षेत्रफल ऐलानी जग्गा कित्ताकाट गरी कि.नं. १३९ को ०-०-५ क्षेत्रफल अशोक कुमार भगत र कि.नं. १४० को ०-१-७ क्षेत्रफल बांकी बरमेश्वर भगतको नाममा मालपोत कार्यालय सुनसरीका कर्मचारीहरूले मिलेमतोमा दर्ता गरे गराएकाले छानविन गरी कारवाही र सजाय गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा "यो घर अघि देखि ऐलानी जग्गामा घर बनाई वसोवास गरी आएको हो" भन्ने व्यहोरा उल्लेख भएकोमा अंश मुद्दामा अदालतमा पेश गरेको तायदातीमा परेको आधारमा अदालतबाट फैसला हुँदा यो जग्गा वण्डा भित्र परेको देखिन्छ । अदालतबाट वण्डा भै जग्गाहरू नामसारी हुन आएपछि ती जग्गाको दर्ता श्रेस्ता हेर्ने र दर्ता श्रेस्ताको आधारमा मात्र नामसारी गरिनु पर्ने दायित्व कर्तव्य मालपोत कार्यालयको हुन्छ । सरकारी पर्ती जग्गा जस्को कुनै दर्ता श्रेस्ता छैन त्यस्तो जग्गा व्यक्ति व्यक्तिले तायदाती (अंश मुद्दा) मा पेश गरेको आधारमा वण्डा फैसलामा परेकै कारण मालपोत कार्यालयले नामसारी गरी दिन मिल्ने हुँदैन । अतः उक्त सार्वजनिक ऐलानी जग्गालाई अदालतको आदेशको हवाला दिंदै साविक कि.नं. ३५ को ०-१-१२ क्षेत्रफल जग्गालाई कित्ता काट गरी मालपोत कार्यालयको मिति २०६०।११।०८ को निर्णयले कि.नं. १३९ अशोककुमार भगत र कि.नं. १४० बांकी परमेश्वर (वरमेश्वर) भगतको नाममा दर्ता गरेको देखिन्छ। नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम भै ऐलानी जनिएको यस्तो प्रकृतिको जग्गा व्यक्ति विशेषले दर्ता गराएको अवस्थामा पनि उक्त दर्ता बदर भै नेपाल सरकारको नाममा कायम हुने व्यवस्था मालपोत ऐन, २०३४ को दफा २४ मा रहेको देखिएकाले उक्त ऐन अनुसार साविक कि.नं. ३५ को जग्गालाई १५ दिन भित्र आवश्यक प्रकृया पुरा गरी नेपाल सरकारको नाममा दर्ता कायम गरी सक्कल जग्गाधनी प्रमाण पूर्जा जिल्ला प्रशासन कार्यालय, सुनसरीमा पठाउन र सो को जानकारी आयोगमा दिन आयोगको मिति २०६८।९।६ को निर्णयानुसार मालपोत कार्यालय, र नापी कार्यालय, सुनसरीलाई लेखीपठाइएको ।

७. सिन्धुपाल्चोक जिल्ला सिन्धुकोट गाउँ विकास समिति वडा नं. २ को कि.नं. ५२२ र ५२४ को जग्गा केही समय अगाडि र पछाडीको प्रमाणित नक्सा हेर्दा नक्सा सच्याई क्षेत्रफल थप गरेको र उक्त कार्य जग्गा धनी कृष्ण प्रसाद लुइटेल र नापी कार्यालय सिन्धुपाल्चोकका कर्मचारीहरूको मिलोमतोमा नक्सा सच्याई क्षेत्रफल थप गरी अख्तियार दुरुपयोग गरेकोले छानविन गरी दोषी माथी कारवाही गरी पाउँ भन्ने उजुरीका सम्बन्धमा नापी कार्यालय सिन्धुपाल्चोकबाट प्राप्त पत्र, आयोगबाट खटीएको टोलीले पेश गरेको प्रतिवेदन र भू-अभिलेख विभागको प्रिन्ट नक्सा अनुसार सिन्धुपाल्चोक जिल्ला सिन्धुकोट गाउँ विकास समिति वडा नं. २ को कि.नं. ५२२ र ५२४ को जग्गाहरुमा नक्सामा लाइन सच्याई कित्ता सिमाना फेरवदल गरी क्षेत्रफल वढाएको देखिएको र उक्त कार्य नापी कार्यालय सिन्धुपाल्चोकको पत्र तथा सर्भेक्षक राजु थापाले आयोगमा नक्सा सच्याई क्षेत्रफल वढाउने कार्य आफैले गरेको हुँ भनी सावितो बयान दिएकोले उक्त कार्य सर्भेक्षक राजु थापाले नै गरेको देखिएकोले विभागीय कारवाहीको लागि स्पष्टीकरण माग गर्ने र कित्ता सिमाना फेरवदल गरेकोलाई वदर गरी भू-अभिलेख विभागमा रहेको नक्सा अनुसार नापी कार्यालय सिन्धुपाल्चोकमा रहेको नक्सा सुधार गरी यथास्थितिमा राख्न तथा क्षेत्रफल वढाएको हकमा वढाएको क्षेत्रफल वदर गरी सावीक फिल्डवुक अनुसारको क्षेत्रफल श्रेस्ता र पुर्जामा यथास्थितिमा राख्नको लागि आयोगको मिति २०६८।९।७ को निर्णयानुसार मालपोत कार्यालय र नापी कार्यालय सिन्धुपाल्चोकमा लेखिपठाइएको ।

८. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं ३ महाराजगन्जमा रहेको कि.नं ८८ को जग्गा दर्ता सम्वन्धी उजुरीका सम्वन्धमा काठमाडौं जिल्ला सावित नगर २२(ञ) कि.नं २६ हाल का.म.न.पा. वडा नं ३ कि.नं ८८ को जग्गा दर्ता गरीपाउँ भनी मालपोत कार्यालय, डिल्लीबजारमा विभिन्न पक्षको निवेदन परेको देखियो । जग्गा दर्ता प्रकृयामा रहेको तर मालपोत कार्यालयबाट कुनै निर्णय भएको पाइएन । अतः यसमा जग्गा नेपाल सरकारको हक लाग्ने प्रकृतिको हो कि ? सो तर्फ समेत हेरी कानून वमोजिम निर्णय गर्न आयोगको मिति २०६८।११।४ को निर्णयानुसार मालपोत कार्यालय डिल्लीबजारलाई लेखिपठाइएको ।

९. काठमाडौं जिल्ला स्युचाटार गाउँ विकास समिति वडा नं ३ कि.नं १ क्षेत्रफल ३-०-०-० को जग्गा दिने दिनेश भक्त श्रेष्ठ र लिने अशोक लाल श्रेष्ठ भएको रजिष्ट्रेशन पारीतको लागि पेश भएका कागजात शंकास्पद भएको र श्रेस्ता पूर्जा दूषित देखिएको हुँदा कारवाही गरी पाउं भन्ने मालपोत कार्यालय, कलंकीबाट पत्र प्राप्त हुन आएको सम्वन्धमा आयोगको मिति २०६८।११।४ को निर्णयानुसार मालपोत कार्यालय कलंकीमा दर्ता प्रमाणित भनी कम्प्युटर इन्ट्री र श्रेस्तामा लेखिएको कैफियत र दर्ता प्रमाणितलाई वदर गरी पूर्ववत दर्ता वांकी अवस्थामा राख्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ ख वमोजिम मालपोत कार्यालय, कलंकीलाई लेखिपठाइएको ।

१०. साविक लोहेरौलीको हाल पाल्ही गाउँ विकास समिति वडा नं. ४ को कि.नं. ३९८ को पर्ती जग्गा सुकुम्वासी समस्या समाधान आयोग जिल्ला समितिको कार्यालय नवलपरासीको निर्णयानुसार सुरेन्द्र प्रसाद यादवले जग्गा दर्ता गरी धनी प्रमाण पूर्जा समेत प्राप्त गरेकोमा सो दर्ता श्रेस्ता वदर गरी पाउँ भन्ने विषयको पाल्ही गाउँ विकास समिति कार्यालय नवलपरासीको आयोगमा समेत परेको उजुरीका सम्बन्धमा उल्लेखित जग्गाको विषयमा छानविन गर्न आयोगको मिति २०६८।११।१४ को निर्णयानुसार सकुम्बासी समस्या समाधान आयोग जिल्ला कार्यालय नवलपरासी र भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिपठाइएको ।

भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय

१. आयोगको मिति २०६६।१२।२९ को निर्णयानुसार रोक्का गरिएको आयोगको प.सं. ३-अनु-रुद्र २०६६।०६७ च.नं. ८४७ मिति २०६७।१।५ को पत्रद्वारा रोक्का गरिएको दुम्कीवास- त्रिवेणी मोटरबाटो (गजेन्द्र मोक्ष मार्ग) निर्माणको लागि स्थानीय जनताहरूको माग बमोजिम वजेट विनियोजन हुन भनी तत्कालीन निर्माण तथा यातायात मन्त्रीज्यू समक्ष त्रिवेणी सुस्ता गाउँ विकास समिति लगायतका विभिन्न ८।९ वटा गाउँ विकास समितिहरूबाट सिफारिस प्रस्तुत भएको देखिंदा सो बाटो स्थानीय जनताको चाहना बमोजिम नै निर्माण भएको हो भन्ने देखिन आएको तथा सो बाटो नयाँ नभई पुरानो हुलाकी मार्गलाई मर्मत संभार एवं विस्तार गरिएको र सो कार्य भैसकेको हुँदा यस्को लागि अर्को ट्रयाक खोल्नु पर्ने अवस्था नहुनुका साथै सो सडक विस्तार गर्दा कम भन्दा कम क्षति हुने गरी सावधानीपूर्वक कार्य गरी त्यस क्षेत्रमा रुख, झाडी आदि फडानी गर्नु पर्ने अवस्था नरहेको भन्ने समेतको व्यहोरा श्री अखण्ड ज्योती बाबा स्वामीश्रीजी च्यारिटेवल ट्रष्टको मिति २०६८।६।१ को पत्रमा उल्लेख भै आएको देखिंदा ट्रयाक खुलिसकेको बाटोलाई रोक्का राखी राख्नु आवश्यक नदेखिएकोले आयोगको मिति २०६८।६।२६ को निर्णयानुसार सडक सुचारु गर्ने सम्बन्धमा वातावरणीय पक्षमा संवेदनशील भई सम्भव भए सम्म क्षतिलाई न्यूनिकरण गरी कार्य संचालन गर्न सम्बन्धित निकायमा लेखिपठाइएको ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

१. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रीले समाज कल्याण परिषद्वाट गाडी सुविधा लिएको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट सो फिर्ता गराउन लेखीपठाए पश्चात पनि पुनः अर्को गाडी सुविधा लिएको भन्ने विषयको उजुरीका सम्बन्धमा राज्यका साधन स्रोतलाई कानुनी दायराको उल्लंघन गरी दुरुपयोग गर्ने कार्यले लोकतन्त्रमा सिमित सरकारको मान्यतालाई अवमूल्यन गर्दै सुशासन एवं कानूनी राजलाई कमजोर तुल्याई अन्ततोगत्वा दण्डहीनतालाई प्रोत्साहन गर्ने हुँदा वहालवाला र भूतपूर्व पदाधिकारी लगायत कोही कसैले कानूनमा व्यवस्था भएदेखि वाहेकको सवारी साधन, इन्धन, ड्राइभर, मर्मत खर्च लगायतका अन्य कुनै सुविधा अनधिकृत रुपमा उपयोग गरिरहेको भए तत्काल फिर्ता वा

बन्द गर्न र त्यस्तो प्रकारको गैरकानूनी सुविधा कोही कसैलाई पनि उपलब्ध नगर्ने नगराउने व्यवस्था समेत मिलाउने अन्यथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कडाईका साथ कारवाही हुने व्यहोरा व्यवस्थापिका संसद सचिवालय लगायत सबै मन्त्रालयका सचिवहरूलाई लेखिपठाइएको । सो को जानकारी नेपाल सरकारका मूख्य सचिव मार्फत मन्त्रीपरिषदलाई गराइएको ।

वन तथा भू- संरक्षण मन्त्रालय

१. वन विभागमा तत्काल कार्यरत महानिर्देशक अन्नपूर्णानन्द दासलाई करीव दुई महिना मात्र सो पदमा कार्यरत रहेको छोटो अवधि भित्रै योग्यता नै नमिल्ने वनस्पति विभागमा वर्तमान वन तथा भू-संरक्षण मन्त्रीबाट मिति २०६८/७/१३ गतेका दिन सरुवा गरेको र निजामति कर्मचारीको केन्द्रीय निकायको रुपमा रहेको सामान्य प्रशासन मन्त्रालयले कुनै ठोस र वस्तुनिष्ठ आधार प्रमाण विना नै हचुवाको भरमा सरुवा सहमति दिएको तथा पूर्वान्चल क्षेत्रीय वन निर्देशनालय विराटनगरमा कार्यरत कनिष्ठ सहसचिव (प्रा.) बज्रकिशोर यादवलाई सरुवा गर्दा ठूलो आर्थिक चलखेल भएको भनी आयोगमा परेका विभिन्न उजुरीहरू र समाचार माध्यमहरूमा प्रकाशित समाचारका सम्बन्धमा वन विभाग र वनस्पति विभागको सह सचिव स्तरको महानिर्देशक पद विशेषज्ञताको सेवा लिनुपर्ने पद रहेको, सो पदमा नियुक्ति गर्दा सम्बन्धित कर्मचारीको योग्यता, जेष्ठता, कार्यदक्षता, अनुभव र सेवा समुहको समेत विशेष ख्याल गरी नियुक्ति, वढुवा तथा सरुवा गर्दा कर्मचारीहरूको उच्च मनोवल श्रृजना हुने गरी गर्नु पर्नेमा निजामती कर्मचारीको केन्द्रीय निकायको रुपमा रहेको सामान्य प्रशासन मन्त्रालयले ठोस र वस्तुनिष्ठ आधार विना नै हचुवाको भरमा महानिर्देशकको सरुवा गर्न दिएको सहमति र वन तथा भू संरक्षण मन्त्रीवाट मिति २०६८।७।८ मा निजहरूलाई काजमा राख्न र मिति २०६८।७।३० मा निजहरूलाई सरुवा गर्न गरेको निर्णय प्रचलित निजामती सेवा ऐन, २०४९ ले अवलम्बन गरेको सामान्य सिद्धान्तको प्रतिकूल भएको देखियो । अतः निज अन्नपूर्णानन्द दासको योग्यता नै नमिल्ने वनस्पती विभागमा सरुवा गर्न दिएको सहमति सात दिन भित्र सच्याउन सामान्य प्रशासन मन्त्रालयलाई र मिति २०६८।७।३० मा वन तथा भू संरक्षण मन्त्रिवाट भएको सरुवालाई सात दिन भित्र सच्याउन आयोगको मिति २०६८।९।४ को निर्णयानुसार वन तथा भूसंरक्षण मन्त्रालयलाई लेखिपठाइएको ।

२ राजनैतिक एवम् प्रशासनिक मिलेमतोमा नेपालको विभिन्न जिल्लामा वन फडानीको क्रम तिब्र भइरहेको विकराल अवस्थालाई तत्काल नियन्त्रण नगर्ने हो भने नेपालको जमिन मरुभूमिकरण हुदै जाने, वातावरणीय जोखिम हुने, शुद्ध पिउने पानीको कमि हुने, वातावरण दुषित भई कार्वन ट्रेडिङ्गमा समेत प्रतिकूल असर गर्ने, हिम तालहरू फुट्न गई देशले ठूलो क्षति व्यहोर्नु पर्ने स्थिति आउन सक्ने देखिएकोले वन विनासलाई तत्काल रोक्नु पर्ने भनीविभिन्न अध्ययन अनुसन्धानबाट देखिएको छ । जिल्लामा वन विनासको क्रम

नरोकिएको र त्यसमा राजनैतिक कर्मीहरू नै प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न रहने गरेको र तिनीहरूका भातृ संगठनहरू पनि वन विनास गर्न, काठ तस्करी गर्न सक्रिय रहेको पाइयो । वन कर्मचारीहरू त्यस्ता गैह्र कानूनी काममा कतिपय ठाउँमा संलग्न रहने गरेको र आफूले कानूनी रुपमा गर्नु पर्ने दायित्व समेत पुरा गरेको नपाइएको तथा अनुसन्धान तहकिकात गरी वन मुद्दा चलाउनु पर्ने दायित्व बोकेको वन अधिकृत आफनो कर्तव्य पालना गर्न उदासीन रहेको, स्वयम् जिल्ला वन कार्यालयहरूले तोकिएको निर्देशिकाको प्रक्रिया पुरा नगरी कटान, मुछान, तथा संकलन गरी आपसी मिलेमतोमा न्यून मूल्यमा काठ दाउरा बिक्री वितरण गर्ने गरेको समेत पाइयो । सामुदायिक वन उपभोक्ता समूहहरूले जिल्ला बाहिर व्यवसायिक प्रयोजनका लागि उच्च गुणस्तरका गोलिया काठहरू न्यूनतम मूल्यमा लिलाम बिक्री वितरण गरी राजस्वमा ठूलो नोक्सान पारी कार्य योजना भन्दा बाहिर गई (कतिपय अवस्थामा जिल्ला वन कार्यालयबाट कटान सहमति र लिलाम सहमति नलिई, छपान भन्दा बाहिरका रुखहरू अघिल्लो वर्षमा कटान गरी खपत गर्नु पर्ने परिमाणलाई कटान गरेको भनीकागजमा देखाई पछिल्लो वर्षमा आफूखुशी कटान गरी वन व्यवस्थापनको सिद्धान्त भन्दा बाहिर गई कटान गरेको अवस्थामा समेत जिल्ला वन कार्यालयहरूले सामुदायिक वनको अनियमित कामलाई वैधता दिने गरेको देखिन आएकोले आयोगको ध्यानाकर्षण भई आयोगको २०६८।९।२१को निर्णयनुसार यस विषयमा वन तथा भू संरक्षण मन्त्रालयका सचिवलाई निम्नानुसारका कार्य तत्काल गर्न गराउन र त्यसको अनुगमन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई लेखिपठाइएको :

- व्यवस्थापिका संसद, प्राकृतिक स्रोत साधन समितिले समग्र वन क्षेत्रको अध्ययन गरी दिएको सुझाव एवम् निर्देशन २०६७ तथा पराजुली आयोगले मन्त्रालय/विभाग/कार्यालय स्तरबाट गर्नु पर्ने भनी औल्याइएका सुझावहरू समेत तत्काल लागु गर्ने ।
- वन तथा भू संरक्षण मन्त्रालयले मिति २०६५।६।१९ मा जारी गरेको सामुदायिक वन हस्तान्तरण गर्ने सम्बन्धी निर्देशनको पालना नभएको र मिति २०६८।२।९ को निर्णय पश्चात् गठन गरिएको संयन्त्रले नै काम नगरेकोले यस्तो औचित्य हिन संयन्त्र तत्काल खारेज गरी नयाँ क्रियाशील संयन्त्र निर्माण गर्ने । साविकमा दिईएको निर्देशन तथा खडा गरिएको संयन्त्रले गर्नु पर्ने काम र तोकिएको दायित्व पुरा गरे नगरेको छानविन गरी छानविनबाट दोषि पाइएका संलग्न व्यक्तिहरूलाई कानून बमोजिम कारवाही गर्ने ।
- सामुदायिक/निजी/साझेदारी/कबुलियती/धार्मिक/सरकारी वन जंगलबाट बिक्री वितरणको लागि काठ एवम् दाउरा बिक्री गर्दा यो र त्यो बहानामा अप्राकृतिक एवम् अमिल्दो किसिमले न्यूनतम मूल्यमा नै असमानता कायम गरी कम मूल्यमा

बिक्री वितरण गरी ठूलो राजश्व हिनामिना समेत गरेको जनगुनासो प्राप्त भएकोले काठ एवं दाउरा बिक्री वितरण गर्दा एउटै मूल्य तत्काल कायम गर्ने ।

- वन नियमावली एवम् काठ दाउरा संकलन एवम् बिक्री वितरण निर्देशिकामा उल्लेख भएको समयमा कार्य प्रारम्भ नगरी आर्थिक वर्षको अन्तमा बजेट विनियोजन विना नै आफू र आफ्ना मानिस एवम् सरकारी कर्मचारीहरू समेतको मिलेमतोमा नियमानुसार ठेक्का पट्टा नगरी अमानतमा जंगल कटान गराई पछि तिनै व्यक्तिहरूले पहिले नै लगानी गरी सकेको देखाई पूर्ण प्रतिस्पर्धा वेगर मिलीभगत रुपमा तयार गरिएका व्यक्तिहरूलाई फाइदा पुग्ने गरी कागज मिलाई काठ दाउरा बिक्री वितरण गर्ने गरिएको पाइएकोले त्यस्तो कार्य तत्काल रोकी छुट्टै बजेट विनियोजन गरी काठ, दाउरा कटान एवम् संकलन गर्ने र पूर्ण प्रतिस्पर्धाको आधारमा लिलाम गर्ने व्यवस्था मिलाउने । काठ दाउरा पारदर्शी ढंगले टेण्डर प्रक्रियाका (e–bidding) को माध्यमबाट बिक्री वितरण गर्ने व्यवस्था मिलाउने ।
- कतिपय जिल्लाका सामुदायिक वनको कार्य योजना स्वीकृत गर्दानै वन जंगल विनास गर्ने, निहित उद्देश्यबाट भएको देखिएको हुदाँ यस्तो कार्य योजना स्वीकृत गर्दा जिल्ला वन कार्यालयले सामुदायिक वनको वार्षिक कार्य योजना तयार गर्ने, क्षेत्रीय वन कार्यालयले नियमित अनुगमन गर्ने वन विभागले यस्तो कार्य योजना स्वीकृत गरी वन तथा भू संरक्षण मन्त्रालयलाई जानकारी दिने र यस्को नियमित अनुगमन एवम् मूल्यांकन वन तथा भू संरक्षण मन्त्रालयले गर्ने व्यवस्था मिलाउने ।
- अनधिकृत रुपमा सरकारी एवम् सामुदायिक वन फडानी गरी कृतिम कागज तयार गरी त्यस्ता काठ दाउरालाई निजी आवादीको देखाई व्यापक अनियमतता हुने गरेको देखिएकोले निजी आवादीको काठ, दाउराको कटान ओसार पसार एवम् बिक्री वितरण गरिंदा उक्त क्षेत्रको गाउँ विकास समिति सचिव, तथा सम्वन्धित जिल्लाको नापी कार्यालय, भूमिसुधार कार्यालय, वन कार्यालयका प्रतिनिधिहरू समेत संलग्न भएको संयन्त्र खडा गरी स्थलगत अध्ययन एवम् छानविन गरी स्थानीय स्तरमा सार्वजनिक सुनवाई समेत गरी ठिक देखिएमा मात्र त्यस्तो काठ दाउरा ओसार पसार एवम् बिक्री वितरण गर्न दिने व्यवस्था मिलाउने ।
- नेपाल सरकारको नीति नियम विपरित हुने गरी सामुदायिक साझेदारी/कबुलियत/धार्मिक वन जंगलको व्यवस्थापन भइरहेको देखिएमा तत्काल त्यस्ता पदाधिकारीहरूलाई कानून बमोजिम कारवाही गर्ने र त्यस्ता वन जंगल तत्काल नेपाल सरकारकै जिम्मामा फिर्ता लिई संरक्षण गर्ने व्यवस्था मिलाउने ।
- वन तथा भू संरक्षण मन्त्रालय वा अन्तर्गतका निकायहरूमा कुनै औचित्य आवश्यकता वेगर हुदै नभएको तजविजी अधिकार प्रयोग गरी आर्थिक लाभ हासिल गर्ने उद्देश्यबाट कर्मचारीहरूको सरुवा, पदस्थापन, काज, नियुक्ति आदि हुने गरेको

देखिएकोले यस्तो विकृति विसंगती तत्काल नियन्त्रण गर्न मिति २०६८।८।१४ र २०६८।९।४ मा आयोगबाट भएका परिपत्रहरूलाई कडाईका साथ लागू गर्ने ।

- सुदूर पश्चिमान्चल क्षेत्रको कैलाली, कन्चनपुर, डडेल्धुरा, डोटीमा कर्मचारी र वन तस्करहरूको मिलेमतोमा तिब्र वन फडानी भई रहेको समाचारहरू छापा एवम् विद्युतीय माध्यमबाट आइरहेकोले तत्कालै ती जिल्लाहरूमा भइरहेको वन फडानीको स्थलगत अध्ययन गरी वन विनास गर्न मिलेमतो गरी सहयोग गर्ने वन अधिकृत एवम् कर्मचारीहरूलाई तत्कालै छानविन गरी निलम्बन र तत्पश्चात् त्यस्ता संलग्न कर्मचारीको विरुद्ध कानूनी कारवाईको प्रक्रिया अगाडि बढाउने । उपभोक्ता समितिमा रहेका व्यक्तिहरू र वन तस्करको रुपमा रहेका सरोकारवालाको पहिचान गरी संलग्न भएको व्यक्तिहरूलाई हिरासतमा लिई कानूनी कारवाही गर्ने । यस्तो गैह्र कानूनी रुपमा काम गर्ने सामुदायिक/साझेदारी/कबुलियत/वनसंग नेपाल सरकारको तर्फबाट भएको सम्झौता कानून बमोजिम रद्द गरी तत्काल नेपाल सरकारको नाममा फिर्ता लिने र त्यस्को वास्तविक स्थिति १५ दिन भित्र आयोगमा पठाउन समेत वन तथा भू संरक्षण मन्त्रालयलाई लेखिपठाइएको ।

३. चितवनको राष्ट्रिय निकुञ्ज मासेर पर्शाको ठोरी देखि नवलपरासीको त्रिवेणी सम्म हुलाकी सडक बनाउने तयारी भएको भनी प्रकाशित समाचार प्रति आयोगको ध्यानाकर्षण भई आयोगबाट मिति २०६८।९।२१ मा भौतिक योजना, तथा निर्माण मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका सचिवहरूलाई सो सम्वन्धमा तत्काल काम रोकी प्रतिकृया उपलव्ध गराउन पत्राचार भएको । मिति २०६८।९।२६ गतेका दिन राष्ट्रिय योजना आयोग, उर्जा, वन तथा भू-संरक्षण, भौतिक योजना तथा निर्माण, कृषि तथा सहकारी मन्त्रालयका सचिव, अर्थ मन्त्रालयका प्रतिनिधि, सडक विभागका महानिर्देशक र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक सहितका पदाधिकारीहरू संग छलफल समेत हुदा हुलाकी सडक आयोजनाबाट रेखाङ्कन हुनुनै नपर्ने यूनेस्कोबाट संवेदनसिल ठहर्‍याएको र विश्व सम्पदा सूचीमा परेको चितवन राष्ट्रिय निकुञ्ज भित्र पर्ने ठोरी देखि त्रिवेणी सम्मको निकुञ्ज क्षेत्रमा उक्त आयोजनाबाट सडकको प्रारम्भिक अवधारणा स्वरुप रेखाङ्कन सार्वजनिक गरेको पाईयो । राष्ट्रिय योजना आयोगको स्वीकृत कार्यक्रममा नपरेको, अर्थ मन्त्रालयबाट वजेट स्वीकृत नभएको, भौतिक योजना तथा निर्माण मन्त्रालय एवं सडक विभागलाई समेत कुनै जानकारी नभएको रेखाङ्कन नै हुन नसक्ने क्षेत्रमा रेखाङ्कनको प्रारुप सार्वजनिक हुनु लाई राम्रो र उचित मान्न नसकिएकोले उक्त क्षेत्रमा सडक निर्माण गर्न प्रारम्भिक रेखाङ्कन, डिजाइन, लागत इष्टिमेट लगायतका सम्पूर्ण कार्य नगर्न नगराउन आयोगको मिति २०६८।९।२६ को निर्णयानुसार राष्ट्रिय योजना आयोग, भौतिक योजना तथा निर्माण मन्त्रालय, अर्थ मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय र राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण विभागमा लेखिपठाइएको । यस्को अनुगमन एवं मूल्याङ्कन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत लेखिपठाइएको ।

४. कपिलवस्तु जिल्लाको इलाका वन कार्यालय, चन्द्रौटा मातहतका खरेन्द्रपुर र चम्पापुर रेञ्जपोष्ट अन्तर्गतको कजरहन वन क्षेत्रबाट २०६६ सालको सितलहरको समयमा १९९ वटा साल र अस्नाका हरिया रुखहरू काठ तस्करहरूले कटान गरी साइकल, वयलगाडा, ट्रेक्टरमा ढुवानी गरी भारततर्फ निकासी गरेको, पूर्व पश्चिम राजमार्गको दक्षिण छेउमा रहेको पिपरा गाउँदेखि दक्षिण तर्फ सशस्त्र प्रहरी वेस क्याम्प हुँदै पटना गाउँसम्म १० हजार हेक्टर भन्दा बढी वन अतिक्रमण भएको देखिएको भन्ने समेत व्यहोरा उल्लेख गरी राष्ट्रिय सतर्कता केन्द्रबाट आयोगमा जानकारी प्राप्त हुन आएकोले सो विषयका सम्बन्धमा उल्लेखित वन क्षेत्रमा सितलहरको समयमा कर्मचारीको पहुँच कम भएको समय पारी रुखहरू कटानी भएको पाइएको हुँदा काठ तस्करहरूले यस्तै मौका खोजी थप वन विनास गर्न सक्ने हुँदा सो क्षेत्रमा कर्मचारीहरूको सहज, सुलभ र यथेष्ट पहुँच बनाई सो कार्य नियन्त्रण गर्न छानविन गरी आवश्यक कारवाही गर्न आयोगको मिति २०६९।१।३१ को निर्णयानुसार वन विभागका महानिर्देशकलाई लेखिपठाइएको ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

१. राष्ट्रिय क्षयरोग केन्द्र, ठिमीमा कार्यरत स्टोर किपर समेतको मिलोमतोमा नक्कली साइकल किनी वढि रकमको बील वनाई भुक्तानी गरेको, ट्रकको वील वनाउन ५० हजार लागेकोमा रू.१ लाख को वील वनाइ पेश गरेको, खकार संकलन गर्ने बट्टा, कम्प्यूटर खरिद, छपाईमा अनियमितता गरेको भन्ने समेतको उजुरीका सम्बन्धमा आयोगवाट मिति २०६८।४।११ को निर्णयानुसार अव उप्रान्त सबै प्रकारको खरिद कार्यमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ अनुसार गर्न गराउन, जिल्ला स्तरमा उपलव्ध हुन सक्ने औषधि उपकरणहरूका हकमा जिल्ला वाटै खरिद गर्ने व्यवस्था मिलाउन, महालेखा परीक्षकको प्रतिवेदनले औल्याएका वेरुजुहरू तिव्रता पूर्वक फछ्यौंट गर्न, विगतमा ताँहावाट अन्यत्र कार्यालयमा सरुवा भैसकेका विभिन्न तह/श्रेणीका कर्मचारी मध्ये अदालतको अन्तरिम आदेशवाट रोक्का रहेको वाहेक अन्य सवै कर्मचारीलाई ७ (सात) दिनभित्र रमाना दिई सरुवा भएको कार्यालयमा पठाउन राष्ट्रिय क्षयरोग केन्द्रका निर्देशकलाई लेखिपठाइएको ।

२. स्वास्थ्य मन्त्रालय वा अन्तर्गतका निकायहरूमा कार्यरत चिकित्सक, प्यारा मेडिकल कर्मचारीहरूको अध्ययन विदा सम्वन्धमा आयोगमा प्राप्त गुनासो, उजुरीका सम्बन्धमा देहाय बमोजिम गर्न गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवलाई लेखिपठाइएको ।

- वृत्ति विकासको लागि उच्च शिक्षा आर्जन गर्ने सन्दर्भमा विभिन्न स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूले अध्ययन विदा, असाधारण विदाहरू स्विकृतनै नभई, विदा नै नलिई आफुखसी स्वदेश, विदेशमा अध्ययन संस्थानमा भर्ना भई अध्ययन गर्न थालेपछि मात्र मन्त्रालय, विभागमा विदा माग गर्ने गरेको देखिएकोले स्वास्थ्य तथा जन संख्या मन्त्रालयमा प्राप्त यस्ता प्रकृतिका फाईल, निवेदन उपर प्रचलित स्वास्थ्य

सेवा ऐन तथा नियमावली बमोजिम यथाशिघ्र निर्णय गरि निवेदकलाई जानकारी दिने ।

- अध्ययन विदाका सम्वन्धमा विद्यमान कानून अपर्याप्त महशुस भै कार्यान्वयन गर्न अप्ठेरो परेको भए समयानुकुल शंसोधन, परिमार्जन गर्ने व्यवस्था मिलाउने ।

३. बिरामी ओसार पसार तथा स्वास्थ्य उपचारमा क्रियाशील एम्बुलेन्सहरू बिभिन्न बिकृतिमा संलग्न रहेको भन्ने समेतको बिषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिब लगायतका पदाधिकारीहरूसंग भएको अन्तरकृया, उपलब्ध फाइल कागजातको अध्ययन बिश्लेषण एवं प्रारम्भिक छानविन हुँदा एम्बुलेन्स जस्ता अत्यावश्यक साधनको प्रभावकारी परिचालन एवं अनुगमन गर्न तथा अवाञ्छित र गैह्र कानूनी कृयाकलापहरूलाई नियन्त्रण गर्ने सन्दर्भमा देहाय बमोजिम गर्न गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिब एवं अर्थ मन्त्रालयका सचिबलाई लेखिपठाइएको ।

- नेपाल भित्र हालसम्म सरकारी, सार्वजनिक र निजीस्तरमा के कति एम्बुलेन्सहरू को कसको स्वामित्वमा कहाँ कसरी सञ्चालन भईरहका छन ? सोको बिस्तृत बिवरण सहितको प्रतिवेदन १ (एक) महिना भित्र आयोगमा पठाउने ।

- एम्बुलेन्स सेवा नभएका दुर्गम, पिछडिएको क्षेत्र, सार्वजनिक यातायातको सञ्जाल नपुगेको क्षेत्र पहिचान गरी त्यस्ता क्षेत्रहरूमा एम्बुलेन्स सेवा बितरण गर्न पहिलो प्राथमिकता दिने व्यवस्था मिलाउने ।

- प्रत्येक बर्ष के कति, कसरी, कहाँ र कहिले एम्बुलेन्स वाहन बितरण गरियो ? त्यस्को विवरण सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्ने व्यवस्था मिलाउने ।

- नेपाल रेडक्रस सोसाईटी र नेपाल परोपकार संघ बाहेक अन्य संघ संस्थाहरूद्वारा हाल सञ्चालनमा रहेका तथा भविष्यमा सञ्चालन गर्न प्रस्ताब गरिएका एम्बुलेन्स सेवाहरू केन्द्रिय अस्पतालर क्षेत्रीय अस्पताल, अञ्चल अस्पताल र जिल्ला अस्पताल वा स्थानिय स्तरका प्राथमिक स्वास्थ्य केन्द्र स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी संग प्रत्यक्षतः आवद्ध एवं सञ्जालिकरण गरी तत् तत् स्वास्थ्य संस्थाहरूको प्रत्यक्ष नियन्त्रण, रेखदेख, अनुगमन एवं सुपरिवेक्षणमा मात्र सेवा सञ्चालन गर्ने प्रभावकारी व्यवस्था मिलाउने ।

- निजी र सार्वजनिक स्तरमा एम्बुलेन्स खरिद गरी सञ्चालन गर्ने व्यक्ति र संघ संस्थाहरूलाई सेवाको अनुगमन, मूल्याङ्कन जस्ता कार्यमा सहयोगीको भूमिकामा मात्र सहभागी गराउने व्यवस्था मिलाउने ।

- बैदेशीक सहायताबाट प्राप्त वा स्वदेशमा नै खरिद गरी भन्सार छुटमा आयात भई सञ्चालन गरिएका वा गरिने एम्बुलेन्समा "नेपाल सरकारबाट भन्सार सहुलियत प्राप्त एम्बुलेन्स" भन्ने स्पष्ट देखिने गरी लेख्ने व्यवस्था गर्ने ।

- नेपाल सरकारले "एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका" जारी गरी सकेपछि सोको प्रतिकूल हुने गरी वा एम्बुलेन्स सेवाको सञ्चालन अनुगमन गर्दा बिरामी ओसार पसार बाहेक अन्य प्रयोजनमा प्रयोग भएको पाईएमा एम्बुलेन्सको भन्सार छुट वापतको राजस्व रकम सञ्चालकबाट असूल उपर गर्ने गराउने एवम् सञ्चालन अनुमती रद्द गरी एम्बुलेन्स जफत समेत गर्न सकिने ब्यवस्था मिलाउने ।
- एम्बुलेन्सको दुरुपयोग लगायत यस्ता बिकृती, बिसंगती हटाउन एम्बुलेन्स सेवाको निरन्तर अनुगमन गर्ने ब्यवस्था मिलाउने ।
- माथि उल्लेखित बुँदाहरू, आर्थिक ऐन, २०६८ को अनुसूची-१ मा उल्लेख भए बमोजिम एवम् समयानुकुल अन्य आवश्यक प्रावधानहरू समेत समेटिने गरी अर्थ मन्त्रालयको राय सुझाब सहित एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०६८ परिमार्जन गरी नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत गराई मात्र एम्बुलेन्स सञ्चालन गर्ने गराउने ब्यवस्था मिलाउने ।

४. जिल्ला स्वास्थ्य कार्यालय, इलामका प्रमुख समेतको मिलोमतोमा निःशुल्क कार्यक्रम तर्फको औषधि खरिदमा अनियमितता गरेको भन्ने समेतको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६९।२।३१ को निर्णयानुसार औषधि लगायत सबै खरिद प्रकृयामा सार्वजनिक खरिद ऐन तथा नियममा भएका व्यवस्थालाई पालन गर्न गराउन जिल्ला स्वास्थ्य कार्यालय, इलामका प्रमुखलाई निर्देशन दिइएको आर्थिक वर्षको अन्त्य तिर थप वजेट तथा अख्तियारी जिल्लामा पठाउने प्रचलनलाई तत्काल अन्त्य गर्न तथा जिल्ला जनस्वास्थ्य कार्यालय इलामको छुट्टै प्रमुखको पद तत्काल पूर्ति गर्ने व्यवस्था मिलाउन स्वास्थ्य तथा जनसंख्या मंत्रालयका सचिवलाई लेखिपठाइएको ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

१. बालाजु बाईसधारा उद्यान क्षेत्रलाई सार्वजनिक निजी साझेदारी नीति अनुरुप लिजमा सन्चालन गर्ने विषयमा मिति २०६१।१०।२८ मा काठमाडौं महानगरपालिकाबाट निर्णय भएको र तत् पश्चात् सो विषयमा महानगरापलिकाबाट पटक पटक लिजमा दिने प्रयास भए तापनि विभिन्न विवादले गर्दा हालसम्म लिजमा दिई नसकेको अवस्थामा २०६१ सालमा गरेको मूल्यका आधारमा काठमाडौं महानगरपालिकाले पहिलो ३ वर्षका लागि रू. ५२ लाख र तत् पश्चात् प्रत्येक ३ वर्षमा १०% का दरले बृद्धि हुने गरी लिज सम्झौता गर्न लागेको भनी आयोगमा पर्न आएको उजुरीका सम्बन्धमा स्थानीय निकायमा जनप्रतिनिधि नभएको संक्रमणकालमा राष्ट्र सेवकहरूबाट स्थानीय निकाय संचालन भइरहेको सन्दर्भमा राष्ट्रिय सम्पत्तिको संरक्षण र सम्बर्द्धन गर्नु पर्ने दायित्व बोकेका राष्ट्र सेवकबाटै महानगरपालिकालाई घाटा पर्ने गरी २०६१ सालदेखि हालसम्म हुन नसकेको सम्झौतालाई पुनः मौकाको फाइदा उठाउने गरी सोही सम्झौता हालको मितिमा गर्न खोज्नु तत्कालिन महानगरपालिकाका कार्यकारी अधिकृत गणेश राईको नियतलाई राम्रो मान्न नसकिएको हुँदा निज राईलाई

भविष्यमा नेपाल सरकारको कुनै पनि महत्वपूर्ण र सम्वेदनशील पदहरूमा जिम्मेवारी नदिन आयोगको मिति २०६८।८।२१ को निर्णयानुसार स्थानीय विकास मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखिपठाइएको ।

बालाजु बाईसधारा पार्कको ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् वातावरणीय महत्व र ताहाँ रहेको अपार जलसम्पदा समेतलाई दृष्टिगत गरी बालाजु उद्यान क्षेत्रको सो जग्गा लिजमा दिने सम्झौता गर्ने कार्य तत्काल रोकी सो सम्बन्धी कुनै कारवाही अगाडि नबढाउन काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृतलाई लेखिपठाइएको ।

२. जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिको कार्य सन्चालनको सन्दर्भमा समन्वय गर्न विभिन्न मितिमा व्यवस्था गरिएका सर्वदलीय संयन्त्रबाट स्थानीय निकायको विकास निर्माण गर्न विनियोजन भएको रकमको व्यापक दुरुपयोग गरी संयन्त्रबाट भ्रष्टाचार भएको भन्ने आयोगमा परेका उजुरीहरू, यस्ता प्रकारका संयन्त्रबाट गठन गरिएका उपभोक्ता समितिहरू तदर्थ रुपमा अन्य क्षेत्र र जिल्लाका राजनैतिक दलका भातृ संगठन एवम् तिनका कार्यकर्ताहरूबाट गैर कानूनी रुपमा गठन गरिएका र स्थानीय सेवाग्राहीको प्रतिनिधित्व नभएको कारणबाट भ्रष्टाचार र राजनीतिक पर्यायवाची भई विकास निर्माणका कार्यहरूमा व्यापक भ्रष्टाचार भएको भन्ने विभिन्न उजुरी तथा विभिन्न पत्र पत्रिकामा प्रकाशित समाचारहरूले स्थानीय स्तरका राजनैतिक नेता, कार्यकर्ता संलग्न भई भ्रष्टाचार व्याप्त रहने तथ्य उजागर गरेको तथा आयोगबाट विभिन्न मितिमा गरेको स्थलगत निरीक्षणबाट समेत उपभोक्ता समिति तथा संयन्त्रले गरेका काममा भ्रष्टाचार भएको आशंकामा आयोगले विभिन्न विषयमा अनुसन्धान तथा छानविन गरिरहेको आधारमा समेत आयोगको ध्यानाकर्षण भई निम्नानुसार लेखिपठाइएको :

- जिल्ला विकास समिति र नगरपालिकाको सर्वदलीय संयन्त्रमा संविधान सभामा प्रतिनिधित्व भएका र सो सभाको निर्वाचनमा पहिलो निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत सम्बन्धित जिल्लाका उम्मेदवारी दिएका राजनैतिक दललाई एक दल एक प्रतिनिधिको आधारमा संयन्त्रमा प्रतिनिधित्व गराउने गरी स्थानीय विकास मन्त्री स्तरबाट मिति २०६६।३।२५ मा भएको निर्णय नेपालको अन्तरिम संविधानको धारा १३९ अनुसारको मर्म र भावना अनुकूल भएको देखिएन । साथै स्थानीय निकायको विकास निर्माण गर्ने कार्यमा कार्य सन्चालनको लागि समन्वय गर्न बनाइएका मौजुदा संयन्त्रको काम कर्तव्य, अधिकार, जिम्मेवारी र उत्तरदायित्व कहिंकतै स्पष्ट रुपमा किटान भएको समेत नदेखिएको हुँदा सो संयन्त्र जनता प्रति उत्तरदायि हो भन्ने प्रष्ट आधार समेत भएको देखिएन । साथै संविधान तथा प्रचलित कानूनको विपरित हुने गरी संयन्त्र बनाइएको समेत पाइएकोले जिल्ला विकास समिति, महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका, गाउं विकास समितिको कार्य सन्चालनको समन्वय गर्न विभिन्न मितिमा कानूनी व्यवस्था पुरा नगरी बनाइएका

यस्ता सम्पूर्ण सर्वदलीय संयन्त्रहरूलाई तत्काल खारेज गर्न स्थानीय विकास मन्त्रालयलाई लेखिपठाइएकोा । साथै स्थानीय निकायको कार्यलाई चुस्त दुरुस्त तथा प्रभावकारी रुपमा संचालन गर्न काम कर्तव्य अधिकार जिम्मेवारीको स्पष्ट किटान गरी स्थानीय निकाय गठन गर्न आयोगको मिति २०६८।९।८ को निर्णयानुसार स्थानीय विकास मन्त्रालय तथा प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेखिपठाइएको ।

स्थानीय सेवाग्राहीको समुचित प्रतिनिधित्व हुने गरी गठन भएका उपभोक्ता समितिहरू वाहेकका अन्य सम्पूर्ण उपभोक्ता समितिलाई तत्काल खारेज गर्ने तथा उपभोक्ता समितिको काम, कर्तव्य, अधिकार, उत्तरदायित्व र जिम्मेवारी स्पष्ट किटान हुने गरी निम्न बुँदाहरू समावेश गरी उपभोक्ता समितिबाट कार्य गराउने मामदण्ड सहितको निर्देशिका बनाई १५ दिनभित्र लागू गर्न स्थानीय विकास मन्त्रालयलाई र निर्देशिका बमोजिम कार्य भए नभएको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने संयन्त्र तयार गरी लागू गर्न सम्बन्धित सरोकारवाला मन्त्रालय /निकाय/ कार्यालयमा लेखिपठाइएको ।

- उपभोक्ता समिति गठन गर्दा अनिवार्य रुपमा समावेशी सहित सरोकारवाला मात्रको गर्ने ।
- उपभोक्ता समितिको पदाधिकारीमा कुनै पनि राजनैतिक तहको पदमा आसिन व्यक्ति नभई तटस्थ व्यक्ति समावेश गर्ने ।
- उपभोक्ता समिति गठन गर्दा उपभोक्ता समितिले अनिवार्य रुपमा दाखिला गर्नु पर्ने रकम दाखिला गरी सकेपछि मात्र सम्बन्धित कार्यालयले उपभोक्ता समितिसंग सम्झौता गर्ने ।
- उपभोक्ता समितिले गरेको कामको मात्र भुक्तानी दिने । आर्थिक वर्षको अन्तमा उपभोक्ता समितिलाई काम भइसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि हालतमा रकम भुक्तानी नदिने ।
- उपभोक्ता समितिले गरेको काम सम्पन्न भएपछि प्राविधिकबाट जाँचपास गरी कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि स्थानीय स्तरमा सार्वजनिक सुनवाई गरी/गराई अन्तिम किस्ता भुक्तानी गर्ने ।
- तोकिएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक काम भन्दा बढी काम गरेको देखाई अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पुरा गरेको देखाई लागत अनुमान भन्दा बढी रकम माग्ने र भुक्तानी दिने व्यवस्था तत्काल बन्द गर्ने ।

- उपभोक्ता समितिले कुनै पनि बहानामा मेशीन, उपकरण (एक्साभेटर, बुल्डोजर जस्ता हेभि इक्युपमेन्टहरू) प्रयोग गर्न गराउन नपाउने व्यवस्था मिलाउने । पर्यावरणलाई उच्च प्राथमिकता दिई उपभोक्ता समितिले काम गर्नु पर्ने व्यवस्था मिलाउने ।

३. आयोगमा परेका विभिन्न मितिका विभिन्न उजुरीहरू समेतबाट कारवाही शुरु भएका स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक समेतले अधिकार दुरुपयोग गरे भन्ने विषय समेतको उजुरीका सम्बन्धमा कर्मचारी ऋषिराम खनाललाई नियम विपरित उमेर नाघेपछि पनि अस्थायी नियुक्ति दिएको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट प्राप्त कागजातहरूबाट पुष्टि भएकोले त्यस सम्बन्धमा भएका त्रुटीहरूलाई सच्याई कानूनसम्मत कारवाही गर्न गराउन स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको परिषद्लाई लेखिपठाइएको ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

१. खप्तड क्षेत्र पर्यटन विकास समितिको आर्थिक वर्ष २०६६/०६७ को विनियोजित बजेटबाट भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान हुँदा देहाय वमोजिम गर्न गराउन आयोगको मिति २०६८।८।२६ को निर्णयानुसार पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखिपठाइएको :-

- आर्थिक वर्ष २०६६/०६७ सम्मका निम्नानुसारका र अन्य कामहरूको बाँकी भुक्तानी दिने सम्बन्धमा हालसम्म भएका कामहरूको प्राविधिक मूल्यांकनको आधारमा सर्वदलीय एवं सर्वपक्षिय सार्वजनिक सुनुवाई गरी भुक्तानी गर्ने व्यवस्था मिलाउने ।
- यस सम्बन्धी बाँकी निर्माण कार्यहरू गर्न गराउने सम्बन्धमा अब आइन्दा उपभोक्ता समितिबाट नगराई सार्वजनिक सूचनाद्वारा निर्माण व्यवसायीहरू बीच प्रतिस्पर्धा गराई मात्र गर्ने ।
- सिलगढी-बगलेख-भिंग्राना सडकका केही थानहरूमा हाल पैह्रोको कारणले गाडी नचल्ने अवस्थामा रहेकोमा सो निर्माण कार्य गर्न उपभोक्ता समितिबाट नै उक्त सडक निशुल्क मर्मत गर्न लगाई पुनः गाडी संचालन गर्न सकिने अवस्थामा ल्याए पछि मात्र बाँकी रकम भुक्तानी दिन आवश्यक व्यवस्था मिलाउने ।
- खप्तड क्षेत्र पर्यटन विकास समितिबाट हुने विकास निर्माण सम्बन्धी कार्यक्रम र योजनाहरूको प्राविधिक कर्मचारीद्वारा नियमित सुपरीवेक्षण र अनुगमन गर्ने/गराउने व्यवस्था मिलाउने र यस सम्बन्धमा आयोगबाट मिति २०६८/०२/१७ मा भएको निर्णय कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन समेत गर्ने/गराउने ।

२. त्रिभुवन विमानस्थल अन्तराष्ट्रिय टर्मिनल भवनको माथिल्लो तलाको प्रस्थान कक्षमा पसल संचालनको लागि पसल कवल टेण्डरमा अनियमितता भएको भन्ने समेतको उजुरीका

सम्बन्धमा नेपाल नागरिक प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०६७ बमोजिम पसल कवल भाडामा दिने ठेक्काको म्याद थप सम्बन्धी व्यवस्था त्रुटीपूर्ण देखिएको हुँदा आवश्यक परिमार्जन गर्न र प्रतिस्पर्धाबाट मात्र पसल कवल भाडामा दिने व्यबस्था मिलाउन मिति २०६८।११।२१ को निर्णयानुसार नेपाल सरकार मन्त्रिपरीषद् र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखिपठाइएको ।

३. पुरातत्व विभागवाट हाल जीर्णोद्वारको क्रममा रहेको मुक्तिनाथ मन्दिरको जीर्णोद्वार गर्दा सम्वन्धित सरोकारवालाको सहभागिता पनि भएन र पर्यटकीय, सांस्कृतिक, भौगोलिक तथा धार्मिक पक्षलाई समेत उपेक्षा गरियो भन्ने उजुरीका सम्बन्धमा पवित्र तीर्थ स्थल मुक्तिनाथ मन्दिरको धार्मिक, पुरातात्विक, पर्यटकीय, महत्व समेतलाई दृष्टिगत गरी दीर्घकालिन सोच राखी गुरु योजना नै वनाई अगाडि वढ्नु उचीत र मनासिव हुने देखियो । यस प्रयोजनको लागि, भौतिक योजना तथा निर्माण मन्त्रालय, पुरातत्व विभाग, गृह मन्त्रालय, गुठी संस्थान, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, खानी तथा भू-गर्भ विभाग, वातावरण मन्त्रालय, स्थानीय प्रशासन, मुक्तिनाथ मन्दिर र यसको विकास एवं प्रचारप्रसारका लागि संगठित संस्थाहरू, स्थानीय समुदाय वा धार्मिक संस्थाहरूको समेत सहयोग र सहभागिता समेतमा त्यस्तो गुरुयोजना तयार गर्ने । मुक्तिनाथ मन्दिर जीर्णोद्वार गर्न पुरातत्व विभागवाट निश्चित रकम विनियोजित भएको भन्ने बुझिएकोले उक्त रकमवाट यसै आर्थिक वर्षमा उक्त मन्दिरको जीर्णोद्वार गर्ने व्यवस्था मिलाउन तत्कालिन संघीय मामिला, संविधान सभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयका सचिवलाई लेखिपठाइएको ।

सामान्य प्रशासन मन्त्रालय

१. निजामती सेवा ऐन २०४९ को दफा ५३ (३) बमोजिम आधिकारिक ट्रेड यूनियनको गठन लामो समयसम्म हुन नसकेको विषयलाई उचित र जायज मान्न सकिएन । अतः आधिकारिक ट्रेड यूनियनको गठन सञ्चालन सम्वन्धी कार्य कानून बमोजिम यथाशीघ्र गरी व्यवस्थित गर्न श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सचिवलाई र सोको समन्वय गर्न सामान्य प्रशासन मन्त्रालयका सचिवलाई लेखी यसको जानकारी नेपाल सरकारका मुख्य सचिव मार्फत मन्त्रिपरिषदलाई समेत दिइएको ।

२. सामान्य प्रशासन मन्त्रालयवाट २०६८ माघ महिनामा सरुवा भएका निजामती कर्मचारीहरूको सम्वन्धमा ऐन नियम विपरित भएको भनीविभिन्न पत्र-पत्रिकामा व्यापक रुपमा प्रकाशित समाचारहरू एवं सो सम्बन्धमा आयोगमा पर्न आएको उजुरीहरूको सम्बन्धमा छानविन समितिको प्रतिवेदन, मन्त्रिपरिषदवाट भएको निर्णय एवं सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त सरुवा सम्बन्धी विवरण एवं कागजात समेत अध्ययन गर्दा उक्त सरुवा ऐन, नियमको प्रावधान विपरित भएको, अवधि नपुगेका कर्मचारीलाई विना औचित्य र कारण सरुवा गरेको, सरुवा सम्बन्धमा वाध्यात्मक रुपले पालना गर्नुपर्ने कार्यविधि एवं प्रकृयाको पालना नगरेको, अतिरिक्त समूहमा धेरै कर्मचारीहरूको पदाधिकार सारेको,

विशेषज्ञता नै शून्य हुने गरी कुनै कुनै मन्त्रालयवाट कर्मचारी सरुवा गरेको, वजेट कारोवार वढी भएका र जनसम्पर्क वढी हुने कार्यालयमा वढी मात्रामा सरुवा गरेको समेत देखिएको हुँदा सामान्य प्रशासन मन्त्रालयवाट भएका उक्त सम्पूर्ण सरुवा तत्काल रद्द गर्न र अब आइन्दा कर्मचारीको सरुवा सम्बन्धमा निजामति सेवा ऐन नियमले तोकेको मापदण्ड पूरा गरेका कर्मचारीको जुनसुकै वखत पनि सरुवा हुन सक्ने गरी आवश्यक व्यवस्था मिलाउन समेत आयोगको मिति २०६८।१२।१२ को निर्णयानुसार सामान्य प्रशासन मन्त्रालयलाई लेखिपठाई नेपाल सरकारका मुख्य सचिव मार्फत मन्त्रिपरिषदमा समेत जानकारी गराइएको ।

सूचना तथा संचार मन्त्रालय

१. कुनै अमुक कम्पनीलाई फाइदा पुऱ्याउने उद्देश्यले सोमबार बेलुकी ८:५० मा प्रसारण हुने जिरे खोर्सानी, विहिबार बेलुकी ८:५० मा प्रसारण हुने तितो सत्य र शनिवार बेलुकी ८:५० मा प्रसारण हुने मेरी बास्सै हाँस्य शृंखलाहरूको कार्यक्रमको लागि बोलपत्र गर्दा बोलपत्रमा राखिएको शर्त कारणले अन्य कार्यक्रमहरू आउन नसकि संस्थानलाई प्राप्त हुने ठूलो रकम नोक्सानी भएको र नेपाल टेलिभिजनबाट कुनै कम्पनीलाई बैकिङ समय (खपत नभएको विज्ञापन समय) प्रयोग गर्न दिने भन्ने कुनै मापदण्ड नभएको अस्वथामा अन्य आर्थिक बर्षहरुमा बैकिङ विज्ञापन प्रसारण गर्न दिने गरी निर्णय गरको तर आर्थिक वर्ष २०६४।०६५ मा कुनै निर्णय नगरी सिंक्रो मिडिया प्रा.लि.लाई भेदभावपूर्ण कार्य गरेको भन्ने समेतको उजुरीका सम्बन्धमा देहाय वमोजिम गर्न गराउन नेपाल टेलिभिजनलाई लेखिपठाइएको ।

- नेपाल टेलिभिजनबाट सोमबार बेलुकी ८:५० मा प्रसारण हुने जिरे खोर्सानी, विहिबार बेलुकीको ८:५० मा प्रसारण हुने तितो सत्य र शनिवार बेलुकी ८:५० मा प्रसारण हुने मेरी बास्सै हाँस्य शृंखलाहरूको आर्थिक वर्ष २०६६।०६७ को समय विक्रीका लागि बोलपत्रबाट प्रस्ताव आह्वान गर्दा सम्बन्धित कलाकार/निर्माताको स्वीकृत पत्र सहित प्रस्ताव पेश गर्नुपर्ने शर्त राख्ने भनी नेपाल टेलिभिजन संचालक समितिको मिति २०६६।४।१५ को निर्णय बमोजिम शर्त राखी गरेको बोलपत्रका कारण उल्लेख्य प्रतिस्पर्धा हुन नसकि उक्त कार्यक्रमहरूका निर्माता/कलाकारहरूको स्वीकृत पत्र प्राप्त गर्नसक्ने कम्पनीले मात्र भाग लिने अवसर पाई प्रतिस्पर्धालाई सीमित बनाएको कारणबाट नेपाल टेलिभिजनले समय विक्रीको लागि प्रत्येक कार्यक्रमको प्रति स्लटमा प्राप्त हुन सक्ने भनी निर्धारण गरेको न्यूनतम रकममा नै बोलपत्र स्वीकृत गर्नु पर्ने अवस्था सिर्जना भएबाट नेपाल टेलिभिजनले आशातित आम्दानी गर्न सकेको नदेखिदा प्रतिस्पर्धालाई सीमित बनाउने तवरका यस किसिमका शर्त नराखी अब उप्रान्त समय विक्रीका लागि बोलपत्र आह्वान गर्ने व्यवस्था मिलाउने ।

- आर्थिक वर्ष २०६५।०६६ देखि उर्जा संकट वापत राहत भनी विभिन्न कम्पनी/विज्ञापन एजेन्सिहरूलाई नेपाल टेलिभिजनले उर्जा राहत सुविधा दिएको देखिन्छ। विगत ५-६ बर्षदेखि नेपालमा लोडसेडिङ भइरहेको छ। नेपाल टेलिभिजनले विभिन्न कार्यक्रम प्रायोजन/समय विक्री लगायतका लागि बोलपत्र आह्वान गर्दा बोलपत्रमा सहभागी हुने बोलपत्रदाताहरूले लोडसेडिङ हुन्छ भन्ने महशुस गरी सहभागी जनाएकोले लोडसेडिङबाट हुने नाफा नोक्सान समेत लाई ख्याल गरी बोलपत्र प्रस्ताव पेश गर्ने हुँदा उर्जा संकट राहत भनी छुट दिनु उपयुक्त नहुने साथै अमुक परिस्थिति सृजना भए उर्जा संकट सुविधा दिनु पर्ने भन्ने प्रावधान पनि नेपाल टेलिभिजन व्यपार निर्देशिका, २०६१ मा उल्लेख नभएको तथा नेपाल टेलिभिजन र छनौट भएको बोलपत्रदाता बीच कार्यक्रम प्रायोजन/समय विक्री सम्बन्धी संझौता हुँदा ऊर्जा राहत दिने बारे कुनै प्रावधान नभएको अवस्थामा उर्जा संकट राहत भनी विभिन्न कम्पनी/एजेन्सिहरूलाई सुविधा दिने गरी भएको निर्णयलाई उचित मान्न सकिदैन। यसर्थ कुनै पनि कम्पनी/एजेन्सिहरूलाई यस किसिमको सुविधा उपलब्ध नगराउने।

- नेपाल टेलिभिजनले एक आर्थिक बर्षमा कायक्रम प्रायोजन/समय विक्रि लगायतका लागि गरेको बोलपत्रमा सहभागी भइ छनौट भएका कम्पनी/एजेन्सिहरूलाई नेपाल टेलिभिजनले निर्धारण गरिएको समय उपलब्ध गराएको अवस्थामा सो समयको भरपुर प्रयोग गरी विज्ञापन प्रसारण लगायतका कार्य गर्ने दायित्व सम्बन्धित कम्पनी/एजेन्सिहरू कै हो। कम्पनी/एजेन्सिहरूले उपयोग गर्न नसकेको समयको क्षतिपूर्ति अर्को आर्थिक बर्षमा पाइनु पर्ने भन्ने नेपाल टेलिभिजन व्यापार निर्देशिका २०६१ मा कहि पनि उल्लेख नभएको साथै नेपाल टेलिभिजन संचालक समितिको मिति २०६४।५।१० को निर्णयानुसार आर्थिक वर्ष २०६४।६५ देखिका संझौता अनुसारका कारोवारका हकमा प्रसारण बाँकी विज्ञापन समय समायोजन एवं विज्ञापन समय बैकिंङ सुविधा प्रदान नगर्न भनी निर्णय भइसकेको देखिएकोले सो निर्णय बमोजिम नै कार्य गर्ने।

- FIFA WORLD CUP-2010 (South Africa) को प्रत्येक प्रसारणका लागि नेपाल टेलिभिजनले Terrestrial Broadcasting Rights नपाएको अवस्थामा सो Rights प्राप्त गरेको मिडिया हव प्रा.लि.बाट रु ४०,६९,५००। लिने गरी २०१० जुन ११ देखि २०१० जुलाई ११ सम्मका ६४ खेलहरू प्रसारण गरे वापत १२८० मिनेट विज्ञापन समय निशुल्क उपलब्ध गराउने गरी नेपाल टेलिभिजन संचालक समितिको मिति २०६७।२।२३ को निर्णयलाई अन्यथा भन्न सकिएन। तर Schedule बमोजिम हुने यस्ता महत्वपूर्ण कार्यक्रमहरूको समय पहिला नै निर्धारण हुने हुँदा सोहि बमोजिम कार्य तालिका बनाइएमा त्यस्ता कार्यक्रमहरूमा आफ्नो पहुंच पुग्ने भई यथोचित समयमा नै समय विक्रीका लागि बोलपत्रको प्रक्रिया अवलम्बन गर्न संभव हुने

भएकोले यसतर्फ सजग भई अब उप्रान्त यस किसिमको प्रवृति नदोहोरिने व्यवस्था मिलाउने ।

शिक्षा मन्त्रालय

१. बूढानिलकण्ठ स्कूलद्वारा षडयन्त्र मूलक ढंगबाट मिति २०६८/७/१९ गते संचालन गर्न लागिएको छात्रवृत्ति परीक्षा स्थगित गरी पाउँ भनी उक्त स्कूलका स्टाफ युनियनले आयोगमा दिएको उजुरीका सम्बन्धमा बूढानिलकण्ठ स्कूलद्वारा वार्षिक रुपमा लिने गरिएको कक्षा-५ को छात्रवृत्ति सम्बन्धी परीक्षा मिति २०६८/७/१९ गते हुने भनी गोरखापत्रमा प्रकाशित सूचना अनुसारको परीक्षा तत्काल स्थगित गरी सो परीक्षाको कार्यक्रम शैक्षिक सत्र मिलान हुने गरी पुनः प्रकाशित गर्ने व्यवस्था मिलाई देहाय वमोजिम गर्न गराउन आयोगको मिति २०६८/७/१३ को निर्णयानुसार वूढानिलकण्ठ स्कूल संचालक समितिका अध्यक्ष एवं शिक्षा मन्त्रालयका सचिवलाई लेखिपठाइएको :-

- छात्रवृत्तिको लागि विद्यार्थी छनौट प्रक्रियालाई नियमित, व्यवस्थित, पारदर्शी, मर्यादित एवं समावेशी बनाई सोको लागि पर्याप्त समय दिई सबैको पहुँच हुने गरी परीक्षाको सूचना प्रकाशित गर्ने ।
- छात्रवृत्तिको परीक्षा संचालन गर्दा वार्षिक कार्य योजना तयार गरी संचालन गर्ने व्यवस्था मिलाउने ।
- परीक्षाको नतिजा प्रकाशित गर्दा छनौट भएका परीक्षार्थीको अतिरिक्त वैकल्पिक सूची प्रकाशित गरी वरियाताक्रम अनुसार अनिवार्यरुपमा छनौट गर्ने व्यवस्था मिलाउने ।
- झूटा विवरण दिने विद्यार्थीहरूका विरुद्ध सरोकारवालाहरूबाट उजुरी दिने व्यवस्था मिलाई सोको छानविन गरी झूट्ठा विवरण दिने कर्मचारी, अभिभावक, विद्यार्थी समेतलाई कारवाही गरी योग्यता पुगेका विद्यार्थीलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउने।
- उपरोक्तानुसारको व्यवस्था तत्काल मिलाउन बूढानिलकण्ठ स्कूलका प्रधानाध्यापकलाई लेखिपठाउने ।

२. त्रिभुवन विश्वविद्यालय अन्तरगत शिक्षा शास्त्र केन्द्रीय बिभाग, कीर्तिपुरका बिभागीय प्रमुख जगदीश नारायण मानन्धरले सेवाबाट अनिवार्य अवकास पाउने अन्तिम दिनमा अनियमित तवरबाट ५ (पाँच) जना कर्मचारी नियुक्त गरेको भन्ने बिषयको उजुरीका सम्वन्धमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत बिभिन्न क्याम्पस तथा निकायहरूमा तोक आदेशको भरमा अनियमित तवरबाट करार एवम् ज्यालादारीमा कर्मचारीहरू नियुक्ती गरेको भन्ने समेत बिषयको पूर्व उजुरी उपर कारबाहीको सिलसिलामा गैह्र कानूनी ढङ्गबाट साविकमा नियुक्ती पाएका व्यक्तिहरूलाई तत्कालै सेवाबाट अलग गर्न आयोगको मिति २०६८।९।२६को

निर्णयानुसार त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारलाई लेखिपठाई सकिएको समेत देखिन आएकोले त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्दीय बिभागको आन्तरिक श्रोतबाट तलवभत्ता खर्च लेख्ने गरी करार एवम् ज्यालादारीमा कर्मचारीहरू नियुक्त गर्दा कानून सम्मत प्रक्रिया अवलम्बन नगरीएको अवस्था र आयोगको उल्लेखित पूर्व निर्णय समेतलाई दृष्टिगत गरी त्रि.बि. शिक्षा शास्त्र केन्द्रीय बिभागको आन्तरिक श्रोतबाट तलव भत्ता खर्च लेख्ने गरी बिभिन्न मितिमा करार तथा ज्यालादारीमा नियुक्त गरिएका सम्पूर्ण कर्मचारीहरूलाई १५(पन्ध्र) दिन भित्र सेवाबाट हटाउन आयागको मिति २०६८।११।४को निर्णयानुसार त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारलाई लेखिपठाईएको ।

३. परीक्षा नियन्त्रण कार्यालयहरूबाट प्रमाणीकरण हुँदा नक्कली देखिएका शैक्षिक प्रमाणपत्रधारी गैर राष्ट्रसेवकहरू उपर तत्काल प्रचलित कानून बमोजिम सम्वन्धित निकायहरूबाट समन्वयात्मक र प्रभावकारी रुपमा कारवाही अघि नवढाईएको, नियमिततर्फका विद्यार्थीले अन्तिम परीक्षामा सम्मिलित हुन आवश्यक पर्ने न्यूनतम हाजिरि दिन र प्रतिशत नपुगेको अवस्थामा पनि परिक्षामा सामेल हुने गरेको र परिक्षाको नतिजा प्रकाशनमा ढिलाई भएको भन्ने समेत विषय उपर सरोकारवाला निकायका पदाधिकारीहरू समेत संग छलफल भई आयोगको मिति २०६९।२।४ को निर्णयानुसार देहाय बमोजिम गर्न लेखिपठाइएको ।

- परीक्षा नियन्त्रकहरूले प्रहरी प्रधान कार्यालय र नजिकको प्रहरी प्रशासनसँग समन्वय गरी प्रमाणिकरणबाट नक्कली देखिएका शैक्षिक प्रमाणपत्रधारीहरू उपर तत्कालै कानूनी कारवाहीको लागि पहल गर्न परीक्षा नियन्त्रकहरू (त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालय) लाई लेखी पठाइ प्रहरी प्रधान कार्यालयबाट पनि सूचना र अनुसन्धानको लागि तत् तत् निकायहरूसंग समन्वय गर्ने संयन्त्र निर्माण गर्न प्रहरी प्रधान कार्यालयलाई लेखिपठाइएको ।
- नियमित तर्फका विद्यार्थीको हाजिरी सम्बन्धी हालको व्यवस्थालाई पुनरावलोकन गर्न त्रिभुवन विश्वविद्यालय र उच्च माध्यमिक शिक्षा परिषद्लाई लेखिपठाइएको ।
- परीक्षाफल प्रकाशित हुने मिति समेत समेटिने गरी सकभर सबै संकायको लागि Operation Calender तयार गरी कार्यान्वयनमा ल्याउन त्रिभुवन विश्वविद्यालय लगायत सबै परीक्षा नियन्त्रण कार्यालयहरूलाई लेखिपठाइएको ।

४. बारा जिल्ला स्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, औरैयामा रिक्त रहेको शिक्षक पद पुर्ति गर्दा अनियमितता भएको भन्ने उजूरीका सम्बन्धमा बारा जिल्ला स्थित नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, औरैयामा रिक्त रहेको (एकजना महिला समेत गरी) अस्थायी राहत कोटा शिक्षक पद दुई पुर्तिका लागि गठीत शिक्षक छनौट समितिले उक्त पद पुर्तिको लागि मिति २०६७।१०।२ मा परीक्षाको किसिम लिखित तथा अवलोकन र निबेदन दिने अवधि मिति २०६७।१०।२ देखि २०६७।१०।११ सम्म उल्लेख गरी सूचना प्रकाशन गरेको देखियो ।

समुदायबाट संचालन हुने विद्यालयमा रिक्त शिक्षकको पद खुला प्रतियोगिताबाट पूर्ति गर्न विज्ञापन गर्दा कम्तीमा तीस दिनको म्याद दिई विज्ञापन गर्नुपर्ने भनी शिक्षा नियमावली, २०५९ को नियम २२ङ.(१) मा व्यबस्था भएकोमा सो बमोजिम नगरी दरखास्त दिने म्याद १० दिन मात्र उल्लेख गरी सूचना प्रकाशन गरेबाट उक्त कानूनी व्यबस्थाको उल्लंघन हुन गै ती पदहरूमा पर्याप्त प्रतिस्पर्धा हुन नसकेको अबस्था देखिन आयो । उक्त नियमावलीको नियम २२ ङ. (४) मा उम्मेदवारहरू छनौट गर्न लिइने परीक्षा लिखित प्रयोगात्मक तथा अन्तरवार्ता हुने भनी उल्लेख भएकोमा अन्तरवार्ता नै नलिई लिखित र प्रयोगात्मक परीक्षा मात्र लिईएबाट लिखित र प्रयोगात्मक परीक्षामा सफल उम्मेदवारले अन्तर्वार्तामा प्राप्त गरेको अंक समेत जोडी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम नियुक्तिका लागि सिफारिस गर्नु पर्नेमा सो नगरेको अवस्थाबाट नियम २२ ङ (१०) मा भएको प्रावधानको समेत पालना नभएको हुादा निज ध्रुवप्रसाद यादव र विन्दालाल प्रसादलाई दिइएको अस्थायी शिक्षकको नियुक्ति कानूनसम्मत देखिन नआएकोले कानून बमोजिमको प्रकृया अपनाई उक्त शिक्षक पद पुर्ति गर्न आयोगको मिति २०६८।९।५ को निर्णयानुसार नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, औरैया बारा तथा सोको व्यबस्थापन समितिलाई लेखिपठाइएको ।

श्रम तथा रोजगार मन्त्रालय

निजामती सेवा ऐन २०४९ को दफा ५३ (३) बमोजिम आधिकारिक ट्रेड यूनियनको गठन लामो समयसम्म हुन नसकेको विषयलाई उचित र जायज मान्न सकिएन । अत: आधिकारिक ट्रेड यूनियनको गठन सञ्चालन सम्वन्धी कार्य कानून बमोजिम यथाशीघ्र गरी व्यवस्थितगर्न आयोगको मिति २०६८।११।२६को निर्णयानुसार श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सचिवलाई र सोको समन्वय गर्न सामान्य प्रशासन मन्त्रालयका सचिवलाई लेखी यसको जानकारी नेपाल सरकारका मुख्य सचिव मार्फत मन्त्रिपरिषद्लाई समेत दिइएको ।

ट्रेड यूनियनहरूको गठन हुँदा देखिएको सदस्य संख्या कूल कर्मचारी संख्याको अनुपातमा अमिल्दो र अस्वभाविक रहेको भन्ने सम्वन्धमा पत्र पत्रिका एवं सरोकारवालाहरूवाट समेत प्रश्न चिन्ह उठीरहेको सन्दर्भमा ट्रेड यूनियन दर्ता गर्दा सदस्य कर्मचारीहरूको नाम, पद, संकेत नम्वर जस्ता आधिकारीक विवरणहरू निजामती किताखानाको अभिलेखसंग भिडाई अन्य ट्रेड यूनियनसंग दोहोरो तेहोरो नपर्ने गरी वास्तविक कर्मचारीहरूको ट्रेड यूनियन दर्ता गर्ने व्यवस्था मिलाउन र भईरहेका ट्रेड यूनियनहरूले पेश गरेको सदस्यको विवरण समेत उल्लेखित आधारमा अनुगमन गर्न श्रम विभागमा लेखिपठाइएको ।

राष्ट्रिय सतर्कता केन्द्र

१. जिल्ला शिक्षा कार्यालय, कैलाली अन्तरगत माध्यामिक विद्यालय भवनहरू निर्माण गर्दा अनियमितता भएको भन्ने समेत उजुरीका सम्बन्धमा जिल्ला शिक्षा कार्यालय, कैलाली अन्तरगत आर्थिक वर्ष ०६३।०६४ र ०६४।०६५ मा निर्माण भएको माध्यमिक विद्यालय

भवनहरूको गुणस्तर निम्नस्तरको भएको, लागत अनुमान भन्दा अत्यधिक बढी छड प्रयोग भएको भनी भुक्तानी दिएको, M20 ग्रेडको कंक्रिट प्रयोग गर्नु पर्नेमा सो को एकिन नगरी सिमेन्ट कंक्रिटको काम गरेको प्राविधिक प्रतिवेदन समेतबाट देखिंदा निम्नानुसारका १५ वटै माध्यमिक विद्यालय भवनहरूको प्राविधिक परीक्षण, नमूना संकलन, प्रयोगशाला परीक्षण, सार्वजनिक सुनुवाई लगायत जो जे गर्नु पर्ने गरी यथासिघ्र छुट्टाछुट्टै मूल्यांकन प्रतिवेदन उपलव्ध गराउन आयोगको मिति २०६८।५।२७ को निर्णयानुसार राष्ट्रिय सतर्कता केन्द्रमा लेखिपठाइएको :

तपसिल

१,	नवदुर्गा मा.वि. मोहना, ध.न.पा.	२,	शारदा मा.वि. जुगेडा, ध.न.पा.
३,	जन कल्याण मा.वि. जुगेडा, ध.न.पा.	४,	दुर्गा लक्ष्मी उ.मा.वि. अन्तरिया
५,	गुहेश्वरी मा.वि.गेटा	६,	सरस्वती मा.वि. सेहरी, वेलादीपुर
७,	शैलेश्वरी मा.वि. बेहडा	८,	दुर्गा मा.वि.कुसमघाट, भजनी
९,	राष्ट्रिय मा.वि. खेलाड	१०,	राष्ट्रिय मा.वि. बसौटी
११,	लक्ष्मी मा.वि.उदासीपुर	१२,	अरुणोदय मा.वि. खैरी फाँटा
१३,	खडक स्मृति मा.वि. टिकापुर	१४,	राष्ट्रिय मा.वि.मानिकापुर, टिकापुर
१५,	कर्णाली उ.मा.वि.सत्ती		

२ राष्ट्रिय सतर्कता केन्द्र काठमाडौंबाट आर्थिक वर्ष २०६६।६७ समाप्त भएका मितिले ६० दिनभित्र सम्पत्ति विवरण नबुझाएका सार्वजनिक पद धारण गरेका ३५,००० राष्ट्रसेवक कर्मचारीहरुको नामावली सहितको विवरण प्राप्त भएकोमा आयोगको २०६८।८।७ को निर्णय अनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा ३ बमोजिम जनही रू. ५,०००।- जरिवाना गरी सो जरिवाना असुल उपर गर्नका लागि सम्बन्धित मन्त्रालय/सचिवालय/निकायमा लेखिपठाइएको ।

परिच्छेद – १२
विभागीय वा अन्य कारबाही गर्न लेखिएका विषयमा कार्यान्वयन सम्पन्न भई आएको

अनुचित कार्यको अनुसन्धानको सिलसिलामा विभागीय कारबाही लगायत अन्य कारबाही गर्ने गरी आयोगले गरेका निर्णयहरूको कार्यान्वयनका लागि नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग तथा अन्तर्गतका कार्यालयहरूलाई लेखि पठाउने गरेको छ। प्रत्येक महिनामा हुने फोकल प्वाइण्टको बैठकमा सबै मन्त्रालय/विभाग/निकायहरूबाट फोकल प्वाइन्टको रूपमा प्रतिनिधित्व गराई कार्यान्वयन स्थितिको समीक्षा गराउँदा आयोगका निर्णयहरूको कार्यान्वयन स्थितिमा क्रमिक रूपमा सुधार भएको देखिएको छ। आयोगबाट भएका विभिन्न निर्णयहरूमध्ये आ.व.२०६८।०६९ को अवधिमा कार्यान्वयन भई आएका निर्णयहरूको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

(क) विभागीय कारबाही

क्र. सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६६।१।६	कर्मचारी र एजेन्सी मिली विभिन्न प्रकारको जालसाजी फायल खडा गरी हानी नोक्सानी पुऱ्याएको भन्ने उजुरीको सम्बन्धमा मिति २०६६।१।६ को निर्णय अनुसार हिमालयन ल्याण्ड ट्राभल एजेन्सीबाट उठाउन बाँकी रकम र दुबईबाट फर्काएका यात्रुहरूको विषयमा छानबिन गरी रकम उठाउन तथा संलग्न कर्मचारीलाई सिफारिस अनुसार नसिहत दिन नेपाल वायुसेवा निगमलाई लेखिपठाइएको	पर्यटन ताथा नागरिक उड्डयन मन्त्रालयको मिति २०६८।४।३० को पत्रानुसार संलग्न कर्मचारी इश्वरी वानिया र धर्मकृष्ण श्रेष्ठलाई नसिहत दिएको जानकारी प्राप्त।
२.	२०६६।१२।२०	जिल्ला रूपन्देही वोदयार गाउँ विकास समितिद मा सञ्चालित पशुपति प्रा.वि. ललितपुर पर्सा रूपन्देहीका प्रधानाध्यापक प्रताप नारायण चौधरीले अनियमित रूपमा शिक्षक नियुक्ति गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।१२।२० को निर्णय अनुसार प्रधानाध्यापक प्रताप नारायण चौधरीलाई विभागीय कारबाही गर्न र कानून विपरीत भएको नियुक्ति बदर गरी उक्त राहत कोटा अन्तर्गतको शिक्षक पदमा नियमानुसार विज्ञापन गरी प्रतिस्पर्धा गराई नियुक्ति	शिक्षा मन्त्रालयको मिति २०६८।१२।२४ को पत्रानुसार तीन वर्ष तलव वृद्धि रोक्का भएको जानकारी प्राप्त भएको। शिक्षा मन्त्रालयको मिति २०६८।५।२ को पत्रानुसार निर्देशन

		गर्न जिल्ला शिक्षा कार्यालय रूपन्देहीमा लेखिपठाइएको	पालना भएको जानकारी प्राप्त भएको ।
४.	२०६८।३।२९	काभ्रेपलाञ्चोक धुलिखेल स्थित भैरवनाथ मन्दिरको दाहिने पट्टिको जग्गामा हचुवाको हिसाबबाट मोल मोलाई गरी एकमुष्ट रकम लिएको भन्ने उजुरीको सम्वन्धमा धुलिखेल नगरपालिकाका ईन्जिनियर जैसीलाल मण्डल र सव ओभरसियर टंकध्वज कार्कीलाइ विभागीय कारवाही गर्न धुलीखेल नगरपालिकालाई लेखिपठाइएको ।	कमलामाई न.पा. कार्यालय सिन्धुलीको मिति ०६८।५।२३ को पत्रानुसार निज सव ओसी टंकध्वज कार्कीलाई नसिहत दिइएको जानकारी प्राप्त ।
५.	२०६३।६।९	कीर्तिपुर न.पा. वडा नं. ६ सामलटोल बस्ने गुरुङ्गचा भन्ने वेखा बहादुर महर्जन जोताहा मोहीको रुपमा कायम रहेको का.जि.पालिफल गाउँ विकास समिति ५ कित्ता नं.१०४ को जग्गा मालपोत कार्यालयका कर्मचारीको मिलेमतोमा गैर कानूनी रुपमा सिद्धि बहादुर महर्जन समेतको नाममा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।१२।९ को निर्णय अनुसार वडा सचिव लक्ष्मी बहादुर महर्जनलाई विभागीय कारवाही गर्न स्थानीय विकास मन्त्रालयमा लेखिपठाएको	स्थानीय विकास मन्त्रालयको मिति २०६८।८।१५ को पत्रानुसार वडा सचिव लक्ष्मीवहादुर महर्जनको २ वर्ष वढुवा रोक्का गरिएको जानकारी प्राप्त ।
६.	२०६८।९।१४	मा. वि. तह सम्म निशुल्क पढाउने ब्यवस्था हुँदा पनि जन आदर्श उ.मा.वि. शिव गञ्जले शुल्क लिने गरेको भन्ने उजुरीकासम्बन्धमा मिति २०६८।९।१४ को निर्णय अनुसार उपरोक्तानुसारको कारबाही टुङ्गो लगाई आयोगमा जानकारी दिन जिल्लाशिक्षा कार्यालय झापामा लेखिपठाइएको ।	जि.शि.का. झापाको मिति २०६८।११।१ को पत्रानुसार जन आदर्श मा. वि शिव गञ्जका प्र. अ.टंकनाथ शर्माको १ वर्ष वढुवा रोक्का गरी कारवाही गरिएको जानकारी प्राप्त ।
७.	२०६८।९।५	स्याङजा जिल्ला गह्रौ कालिका प्रा. वि. तथा माझकोट शिवालय उच्च मा. वि. का शिक्षक सूर्य प्रसाद पौडेल विद्यालयमा ५ वर्ष देखि अनुपस्थित रहेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।९।५ को निर्णय	शिक्षा मन्त्रालयको मिति २०६९।३।७ पत्रानुसार शिक्षक सूर्य प्रसाद पौडेललाई

		अनुसार शुशिला अर्याल तथा महेन्द्र सुबेदिको स्थलगत प्रतिबेदन अनुसार बिना सुचना मिति २०६६।८।३ देखि हाल सम्म विद्यालयमा अनुपस्थित प्राबिधिक शिक्षक सुर्यप्रसाद पौडेलको सम्बन्धमा शिक्षा ऐन नियम अनुसार उक्त बिषयमा तत्कालै निर्णय गरी सो को जानकारी आयोगमा पठाउन क्षेत्रिय शिक्षा निर्देशनालय पोखरा तथा जिल्ला शिक्षा कार्यालयमा लेखिपठाइएको ।	अवकास गरिएको जानकारी प्राप्त भएको

(ख) असुल उपर

क्र. सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६३।१२।२७	सदस्य सचिव अग्नीप्रसाद काफ्लेले CTEVT का मंगलदास कर्माचार्य, शम्भुप्रसाद भट्टराई, रामधारी यादवलाई परिषद्को नियमावली २०४९ अनुसार ५८ वर्ष पूरा भएका कर्मचारीलाई अवकाश दिनुपर्नेमा नदिई आर्थिक मिलेमतोमा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६३।१२।२७ को निर्णय अनुसार समयमै विनियममा भएको संशोधनको जानकारी नगराउने र उमेर पुगेपछि अवकाश नदिने तत्कालीन सदस्य सचिव डा. अग्नि प्रसाद काफ्ले र आफ्नो अवकाश उमेर अवधिको सम्बन्धमा स्वयं जानकारी लिनुपर्ने कानूनी व्यवस्था र त्यस्तो जानकारी प्राप्त गर्न सक्ने अवस्था रहँदा रहँदै अवकाश पत्र नदिएको भन्ने गैरकानूनी आधार बनाई अवकाश हुने उमेर पुगेपछि पनि बढी अवधिमा लिएको तलब भत्ता लगायतका अन्य सुविधाहरू बापतको रकम परिषद्को नियम अनुसार असुल उपर गरी आयोगलाई जानकारी दिन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा र आयोगले निर्णय गरिसकेको विषयलाई अवज्ञा गर्ने मनसायले	शिक्षा मन्त्रालयको मिति २०६८।४।१७ को पत्रसाथ भौचर प्रतिलिपी अनुसार उप-निर्देशक शम्भु प्रसाद भट्टराईवाट रू.२८,०२१।- असुल भएको जानकारी प्राप्त ।

		मिति २०६५।४।१६ का दिन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को १०० औँ बैठकबाट भएको निर्णय कानूनसम्मत मान्न नमिलेकाले यस सम्बन्धमा आयोगको पूर्व निर्णय बमोजिम १ महिनाभित्र बढी अवधिको तलब खाने कर्मचारीबाटै असुल उपर गर्न, सो हुन नसके निर्णय गर्ने पदाधिकारीबाट ३ महिनाभित्र असुल उपर गर्न आयोगको मिति २०६५।९।३ को निर्णय अनुसार शिक्षा मन्त्रालयमा लेखिपठाइएको ।	
२.	२०६३।११।२	सप्तरी स्थित राजेन्द्र देवकी निम्न माध्यमिक विद्यालयको आय श्रोत हिनामिना गरी गैरकानूनी तरिकाले खर्च गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६३।११।२ को निर्णय अनुसार विद्यालयका प्रधानाध्यापक मुरारी प्रसाद सिंहबाट भएको बेरुजु सम्बन्धमा एक महिनाभित्र टुंगो लगाई आयोगलाई जानकारी दिन जिल्ला शिक्षा कार्यालय सप्तरीमा लेखिपठाइएको ।	शिक्षा मन्त्रालयको मिति २०६८।९।२४ को पत्रानुसार तत्कालिन प्र.अ. मुरारी प्रसाद सिंहवाट वेरुजु रकम रू.९३,१००।- विद्यालयको खातामा जम्मा गरेको जानकारी प्राप्त भएको ।
३.	२०६४।१२।४	जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्धक उद्धवप्रसाद गौतमले क्षेत्रीय कार्यालय नेपालगन्ज र अनुगमन कार्यालय जनकपुरमा रहँदा नक्कली कागजातहरू तयार गरी विभिन्न आर्थिक अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६४।१२।४ को निर्णय अनुसार प्रबन्धक उद्धव प्रसाद गौतमबाट रू.१३,४६९।- असुल उपर गर्न जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा लेखि पठाइएको ।	शिक्षा मन्त्रालयको मिति २०६८।४।१७ को पत्रानुसार निजवाट रू.१३,४६९।५१ असुल उपर भएको जानकारी प्राप्त ।
४.	२०६७।८।६	थापाथली क्याम्पसमा अरिक्तराज तुलाधरलाई दैनिक ज्यालादारीमा हेड असिष्टेन्ट पदमा नियुक्ति गरी कामकाज गराएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।९।२७ को निर्णय अनुसार प्रचलित त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवा सम्बन्धी नियममा दैनिक ज्यालादारीमा	शिक्षा मन्त्रालयको मिति २०६८।५।१ को पत्रानुसार दैनिक ज्यालादारीमा रहेका अरिक्तराज तुलाधरलाई हटाइएको र

		कर्मचारी नियुक्ति गर्न सक्ने प्रावधान नदेखिएको हुँदा निज अरिक्तराज तुलाधरलाइ हेड असिष्टेन्ट सेवाबाट तुरुन्त हटाउने । दैनिक ज्यालादारीमा नियुक्त अरिक्तराज तुलाधरलाई मिति २०६७।६।२० मा दशै खर्च वापत रू.९,३९५।- भुक्तानी दिएको भन्ने पारिश्रमिक भुक्तानी विवरणवाट देखिएको सन्दर्भमा दैनिक ज्यालादारीमा नियुक्त कर्मचारीलाई दशै खर्च भुक्तानी गर्न मिल्ने नदेखिएकोले उक्त रकम खर्च लेख्ने पदाधिकारीबाट असुल उपर गर्न थापाथली क्याम्पसका क्याम्पस प्रमुखलाई लेखिपठाइएको ।	रू.९,३९५।-असुल उपर भएको जानकारी प्राप्त भएको ।
५.	२०६२।१२।१८	राजस्व असुलीमा ढिलाई गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।८।५ को निर्णय अनुसार अल्का अस्पताल प्रा.ली ललितपुरबाट रू.३,०८,२७,७८३।९९ असुल उपर गर्न आन्तरीक राजस्व विभागमा लेखिपठाइएको ।	अर्थ मन्त्रालयको मिति ०६९।२।३ को पत्रानुसार रू.३,०८,२७,७८३।९९ असुल उपर भएको जानकारी प्राप्त ।
६.	२०६५।९।२२	राष्ट्रिय वाणिज्य बैंक खाँदवारी शाखाले कमसल धितो लिई ऋण प्रवाह गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६५।९।२२ को निर्णय अनुसार खाँदवारी शाखाको कर्जा नं. ३८/४७, ३८/४८, ३८/४९, ३८/५०, ३८/५१, ३८/५२, ३८/५३, ३८/५४, ३८/५६, र ३८/५७ अन्तर्गतको ऋण ६ महिनाभित्र असुल उपर गर्न राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयमा लेखिपठाइएको	अर्थ मन्त्रालयको मिति २०६९।३।७ को पत्रवाट निर्णय कार्यान्वयन भएको जानकारी प्राप्त ।
७.	२०६८।१।१९	जिल्ला शिक्षा कार्यालय नवलपरासिबाट ठाडो तोक आदेशमा निम्न माध्यमिक विद्यालय तहको राहत कोटामा नियम विपरित खुल्ला प्रतिष्पर्धा नगरी शिक्षक नियुक्ती गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।१।१९ को निर्णय अनुसार जीवनज्योती उच्च मा.वि. कावासोति शिव मन्दिर-१ नवलपरासिमा राहत कोटामा नियुक्त लक्ष्मी आचार्यको नियुक्ति प्रकृया अध्ययन गर्दा शिक्षा नियमावली २०५९ (शंसोधन सहितको)	शिक्षा मन्त्रालयको मिति २०६८।४।२६ को पत्रानुसार निर्देशन बमोजिम नियुक्ति बदर गरिएको जानकारी प्राप्त भएको ।

		नियम ९७ को उप नियम २ द्वारा व्यवस्थित प्रकृया अवलम्वन गरेको देखिन नआएको हुँदा सो नियुक्ती बदर गर्न जिल्ला शिक्षा कार्यालय नवलपरासिलाई लेखिपठाइएको ।	
८.	२०६७।३।१५	ओखलढुंगा मालपोत कार्यालय भवन निर्माण गर्दा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।३।१५ को निर्णय अनुसार मालपोत कार्यालय भवनको निर्माणका क्रममा प्राविधिक तथा ठेकेदारबाट प्रर्याप्त ध्यान नपुऱ्याएको कारणबाट भवनको स्लावबाट वर्षातको पानी चुहीन गएकोमा उक्त चुवाहट नियन्त्रण गर्ने प्रयोजनका लागि जिल्ला विकास समितिको कार्यालय ओखलढुंगाबाट खर्च भएको रू.९८,५००।- ठेकेदार ववि कन्स्ट्रक्सन ओखलढुंगा ९ ले पाउने जुनसुकै रकमबाट असुल उपर गरी नेपाल सरकारको राजस्व खातामा दाखिला गर्न शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय ओखलढुंगामा लेखि पठाएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६८।११।१६ को पत्रानुसार वर्वा कन्सट्रक्सन ओखलढुंगा-९ वाट रू.९८,५००।- असुल उपर भएको जानकारी प्राप्त भएको ।
१०.	०६७।११।२९	अवकास पछि पनि निरन्तर काम गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।११।२९ को निर्णय अनुसार जिल्ला विकास समिति पर्साका अवकास प्राप्त खरिदार गोविन्द प्रसाद कँडेल अवकास हुने समय व्यतित भईसक्दा पनि सेवारत रहेकाले सम्वन्धीत निकायबाट छानविन भएबाट मात्र अनिवार्य अवकास लिएको देखिएकाले जेजति वढी समय कार्यरत रहि सरकारी रकम लिए खाएको वा दुरुपयोग गरेको हो त्यति रकम निजबाट असुल उपर गरी जिल्ला विकास समितिको कोषमा दाखिला गरि गर्न लगाई आयोगलाई जानकारी दिन जिल्ला विकास समितीको कार्यालय पर्सामा लेखिपठाएको ।	स्थानिय विकास मन्त्रालयको मिति २०६८।८।१५ को पत्रानुसार खरिदार गोविन्द प्रसाद कडेलले वढी लिएको रकम रू.३३,९०७।७४ निजले नोकरी अवकास हुँदा पाउने रकमबाट कट्टा गरी भुक्तानी भएको जानकारी प्राप्त ।
११.	०६८।३।७	का. जि. चपली भद्रकाली गा वि स वडानं ८(क)कि नं २०२ र २०८ को घरजग्गा **झुठ्ठा** विवरण	भूमिसुधार मन्त्रालयको मिति २०६८।७।२३ को

		दिई किनबेच भइ राजस्व ठगेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।३।७ को निर्णय अनुसार का. जि. चपली भद्रकाली गाउँ विकास समिति वडा.नं.८(क) कि. नं. २०२ र २०८ को घरजग्गा मिति २०६५।११।६ मा रू.९५,००,०००।- मुल्य कायम गरी खरिद बिक्रि भएको र २०६६।११।१५ मा झुठो घर बाटोको सिफारिस बनाइ रू.१९,८७,५००।- मुल्य कायम गरि खरिद बिक्रि हुँदा राजस्व ठगि भएको सम्बन्धमा जग्गा खरिदकर्ता जयमाता भगवती रियल स्टेटका संचालक सुदर्शन खड्काले मिति २०६७।११।२३ मा रू.७५,१२,५००।- को ३५% जम्मा रू.२,६२,९३८।- थप राजस्व बुझाएको सम्बन्धमा मालपोत कार्यालयको संलग्नता नदेखिएको, जग्गा खरिदबिक्रि कर्ता मध्येका झुठो विवरण पेश गरेको हुँदा मालपोत ऐन २०३४ को दफा २९ क बमोजिम निजहरूलाई कारबाही गर्न र फरक परेको रजिष्ट्रेशन दस्तुर रू.२,६२,९३८।- को ब्याज समेत असुल गर्न मालपोत कार्यालय चावहिलमा लेखिपठाइएको ।	पत्रानुसार नपुग राजश्व र सो को दश प्रतिशत व्याज समेत र जरिवाना गरी जम्मा रू.४९,८०२।- असुल उपर भएको जानकारी प्राप्त भएको ।
१२	२०६८।५।१९	गाउँ विकास समिति सचिव बिन्दा शाह तेली र ठेकेदार मदन प्रसाद स्वर्णकारले आफुले बुझाउनुपर्न रकम नबुझाएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।५।१९ को निर्णय अनुसार गाउँ विकास समिति सचिव विन्दा शाह तेलीवाट रू.४,४०,७००।- ठेकेदार मदन प्रसाद स्वर्णकारबाट रू.१२,१०,८४३।- र संझौता नं. ४ अनुसार बिलम्व जरिवाना समेत असुल गर्न जिल्ला विकास समिति पर्सालाइ लेखिपठाइएको ।	जिल्ला विकास समिति पर्साको मिति २०६८।६।२५ को पत्रानुसार गाउँ विकास समिति सचिव, विन्द्रा शाह तेलीबाट रू.४,४०,७००।- असुल उपर भएको जानकारी प्राप्त ।
१३.	२०६८।५।१९	कुडुले मा. वि वागलुङमा शिक्षक नियुक्तिमा अनियमितता गरको, उजुरीका सम्बन्धमा मिति २०६८।५।१९ को निर्णय अनुसार कुडुले मा.वि. बाग्लुङका तत्कालिन प्र.अ. टिकाराम सापकोटा	जिल्ला शिक्षा कार्यालय वाग्लुङको मिति २०६८।११।३० को पत्रानुसार

		र बिद्यालय ब्यवस्थापन समितिका अध्यक्षबाट रू.१,७९,०८०।- असुल गर्न जिल्ला शिक्षा कार्यालय वागलुङलाई लेखिपठाइएको ।	रू.१,७९,०८०।- असुल उपर भएको जानकारी प्राप्त ।
१४.	२०६८।९।२०	नेपाल पारा भेटनरी एण्ड लाइभस्टक एसोसिएसनले जग्गा खरिद गर्दा राजस्व छलेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।९।२० को निर्णय अनुसार नेपाल पारा भेटनरी एण्ड लाइभस्टक एसोसिएसनवाट रू.४०,९७५।- असुल गर्न कृषि मन्त्रालयमा लेखिपठाइएको ।	कृषि मन्त्रालयको मिति २०६८।१२।१३ को पत्रानुसार रकम असुल उपर भएको जानकारी प्राप्त ।
१५	२०६७।१०।१२	राजस्व अनुसन्धान विभाग अन्तर्गत रहेका कर्मचारीले व्यापारीलाई दुःख दिई पैसा असुल गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।१०।१२ को निर्णय अनुसार विराटनगर स्थित जर्दा फ्याक्ट्री लगायत १० वटा फर्महरूको बारेमा छानविन गरी कर असुल उपर गर्नुपर्ने देखिएमा कर असुल उपर गरी सोको जानकारी आयोगमा पठाउन राजस्व अनुसन्धान विभागलाई लेखिपठाइएको ।	अर्थ मन्त्रालयको मिति २०६९।२।३ को पत्रानुसार रकम असुल भएको जानकारी प्राप्त भएको

सुझाव निर्देशन

१.	२०६८।३।२९	नापी कार्यालयका कर्मारीले व्यक्ति बिशेषको नाम थपि सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गराउन लागेकोले छानविन गरी आवश्यक कारबाहि गरी पांउ भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।३।२९ को निर्णयानुसार धापासी ९ क कित्ता नं २८ को ३-८-०-० क्षेत्रफल भएको जग्गाको साबिक नापीको फिल्डबुकको जोताहा महलमा पर्ती, अन्य महल खाली रहेको भू-सूचना तथा अभिलेख बिभागबाट प्राप्त फिल्डबुकको माइक्रो फिल्म उतारमा देखिएको । नापी कार्यालय चाबहिलमा रहेको फिल्डबुकको कोसानको ब्यहोराको महलमा "ठूली कान्छी थपिनीले २०२१ साल देखि भोग गरिआएको छु" भन्ने उल्लेख भएको देखिदा नापी कार्यालय चाबहिलको फिल्डबुकको किसानको ब्यहोरामा ब्यक्तिको नाम थपिएको पुष्टि	मालपोत कार्यालय चावहिल मिति २०६८।७।३ को पत्र अनुसार उक्त जग्गा पुर्ववत नेपाल सरकारको नाममा कायम गरिएको जानकारी प्राप्त ।

		हुन आएको र साबिक नापीको फिल्डबुकको ब्यहोरामा कित्ता नं. २८ को जग्गा सरकारी प्रकृतिको जग्गा देखिएकोले उक्त कित्ता नं. २८ को फिल्डबुकको किसानको ब्यहोरामा थपिएको ब्यहोरालाई बदर गरी पूर्ववत राख्न र उक्त कित्त नं. २८ को जग्गालाई आवश्यक प्रकृया पुरा गरी नेपाल सरकारको नाममा दर्ता गरी सक्कल धनि प्रमाण पुर्जा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पठाई सो को जानकारी आयोगलाई समेत दिन मालपोत कार्यालय चावहिलमा लेखिपठाइएको ।	
२.	२०६५।९।२८	पोखरा उपमहानगरपालिका वडा नं.८ पृथ्वीचोकस्थित कित्ता नं.१०४ को करिब ३२ रोपनी जग्गा तिब्बती शरणार्थी वाङ्गे लामाको नाममा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६५।९।२८ को निर्णय अनुसार कित्ता नं. ११५९४ ६-९-२-० क्षेत्रफल जग्गाधनी भृकुटी सुपरमार्केट कम्प्लेक्स प्रा.लि., कित्ता नं. ११५९५, १७-९-०-० क्षेत्रफल जग्गाधनी भृकुटी सुपरमार्केट कम्प्लेक्स प्रा.लि र. कित्ता नं. ११५९६ ७-१०-२-२ क्षेत्रफल, जग्गाधनी श्रीमती डेकु लामाका नाममा जग्गाको दर्ता मालपोत ऐन २०३४ को दफा ३२ (ख) र अन्य प्रचलित कानूनका आधारमा बदर गरी नेपाल सरकारको नाममा कायम गरी दुष्परिणाम सच्याउन महानिर्देशक भूमिसुधार तथा व्यवस्था विभागमा लेखि पठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६९।२।२९ को पत्रवाट आयोगको निर्णय कार्यान्वयन भएको जानकारी ।
३.	२०६७।१२।१५	पोखरा उप महानगरपालिका वडा नं.१ अन्तरगत पर्ने साविक कि.नं.१७६१ को केही सार्वजनिक जग्गाको बाटोलाई अनियमित तवरले व्यक्तिको नाममा दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६७।१२।१५ को निर्णय अनुसार पोखरा उप महानगर पालिका वडा नं.१ को साविक कि.नं. १७६१ को ६-१३-३ क्षेत्रफलको साविक सार्वजनिक बाटो कायम भएको जग्गा मिति २०४४।९।१९ मा मालपोत कार्यालय कास्कीका तत्कालिन कार्यालय प्रमुख पुष्पराज उपाध्याय समेतको मिलेमतोमा पोखरा उप महा	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६८।१०।१९ को पत्रवाट निर्णय कार्यान्वयन भएको जानकारी ।

		न.पा.वडा नं.१ बस्ने छविलाल चापागाईको नाममा ०-०-२.५ क्षेत्रफल जग्गालाई ०-०-१.५ क्षेत्रफल बढाइ ०-१-० क्षेत्रफल जग्गा कायम गरी दर्ता गरेको देखिएकोले उक्त जग्गा साविक देखि सार्वजनिक बाटो कायम भई रहेको हुँदा आवश्यक प्रकृया पुरा गरी सरकारी सार्वजनिक कायमगरी सोको जानकारी आयोगलाई दिन मालपोत कार्यालय र नापी कार्यालय कास्कीलाई लेखिपठाइएको ।	
४.	२०६८।३।२२	काठमाडौं जिल्ला साबिक सांखु सार्खा गाउँ विकास समिति वडा नं ७(क) कि नं ५५ को ४-१०-२-० क्षेत्रफलको दर्ता बाँकि जग्गा मालपोत कार्यालयमा रहेको श्रेस्तामा किर्त छाप दस्तखत लगाई श्रेस्ता प्रमाणित गरेको भन्ने उजुरीको मिति २०६८।३।२२ को निर्णयानुसार मालपोत कार्यालय चाबहिलमा रहेको श्रेस्तामा लगाइएको छाप र दस्तखत संकास्पद भनी सो कार्यालयबाट लेखि आएको, कार्यालयमा भएको श्रेस्तामा लगाइएको अन्य छाप भन्दा सो छाप नयाँ मसि भै फरक देखिएको मोहिको हकदार भनिएका व्यक्तिले यो जग्गा दर्ता प्रमाणित हुन बाँकि भनी गरेको बयान छानविनबाट जग्गा दर्ता प्रमाणित नदेखिएको हुँदा दर्ता प्रमाणित भएको भनिएको छाप र दस्तखतलाई बदर गरी पूर्ववत दर्ता बाँकी अवस्थामा राख्न मालपोत कार्यालय चावहिलमा लेखिपठाइएको ।	भुमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६९।३।२२ को पत्रवाट निर्णय कार्यान्वयन भएको जानकारी प्राप्त ।
५.	२०६८।३।३१	जिल्ला सिराहा साबिक ठाडीं विश्वासपट्टि गाउँ विकास समिति वडा नं. १ कित्ता नं १४८ र १४९ को ऐ गाउँ विकास समिति वडा नं ३ कित्ता नं १४१, १५०, १५१ र १५२ तथा ऐ गाउँ विकास समिति वडा नं. ७ क को कित्ता नं २० समेतका जग्गा मलपोत कार्यालय सिराहाका प्रमुख समेतले मिलेमतो गरी ब्यक्ति विशेषका नाममा दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।३।३१ को निर्णय अनुसार जिल्ला सिराहा साबिक ठाडीं विश्वासपट्टि गाउँ विकास समिति वडा नं १ कित्ता नं १४८ र १४९ को ऐ गाउँ विकास समिति वडा नं ३ कित्ता नं १४१, १५०,१५१ र	भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयको मिति २०६८।१०।१५ को पत्रवाट निर्णय कार्यान्वयन भएको जानकारी प्राप्त ।

		१५२ तथा ऐ गाउँ विकास समिति वडा नं ७ क को कित्ता नं २० समेतको जग्गा नेपाल सरकारका नाममा दर्ता प्रमाणित भएको देखिएकोले कित्ता नं १४८, १४९, १५० र २० समेतका जग्गाका सम्बन्धमा नेपाल सरकारको नामबाट अन्यथा नहुने बन्दोबस्त मिलाउन जिल्ला सिराहा ठाडीं विशावासपट्टि गाउँ विकास समिति वडा नं ३ को कित्ता नं १४१ को ०-४-९ क्षेत्रफल र १५१ को १-७-८ क्षेत्रफल मध्ये मिति २०३२।९।३० को निर्णानुसार वडा नं. ३ कित्ता नं. १४१ को जग्गा फिल्डबुक उतारबाट ठाडीं विश्वासपट्टि वडा नं. १ बस्ने रघुनन्दन चौधरी का छोरा भगवती प्रसाद चौधरी तथा नेपाल सरकारका नाममा दोहोरो श्रेस्ता कायम हुन आएको देखिदा जग्गामा दोहोरो स्वामित्व कायम हुन सक्ने स्थिति नदेखिदा साबिकमै नेपाल सरकार जनिएको जग्गा देखिदा त्यस्तो जग्गा ब्यक्तिको नाममा रहन नसक्ने हुँदा उक्त दोहोरो श्रेस्ता हटाई उक्त जग्गा नेपाल सरकारको नाममा मात्र रहने गरी श्रेस्ता मिलाउन कित्ता नं १५१ बाट कित्ताकाट भई नै कायम भएका सम्पुर्ण कित्ताहरूको हकमा हेर्दा मिति २०२६।५।२८ मा तयार भएको जग्गा धनी दर्ता श्रेस्ता मै नेपाल सरकार ऐलानी पर्ती पोखरी जनिएको जग्गा देखिंदा यस्तो प्रकृतिको जग्गा ब्यक्ति विशेषले दर्ता गराएको अवस्थामा पनि उक्त दर्ता बदर भई नेपाल सरकारको नाममा कायम हुने मालपोत ऐन २०३४ को दफा ३४ मा रहेको देखिंदा २०२६ सालमै नेपाल सरकारको नाममा श्रेस्ता कायम भएको जग्गा उक्त ऐन अनुसार १ महिना भित्र नेपाल सरकारको नाममा दर्ता कायम गरी सक्कल जग्गाधनी प्रमाण पुर्जा जिल्ला प्रशासन कार्यालय सिराहामा पठाउने र सो को जानकारी आयोगमा दिन मालपोत कार्यालय, नापी कार्यालय लहान, सिराहामा लेखिपठाइएको ।	
६	२०६८।६।४	सार्वजनिक जग्गा अतिक्रमण गरी घर टहरा निर्माण गरेको भन्ने भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।६।४ को निर्णय अनुसार साविक काठमाडौ	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६९।३।१९ को

		नगर २२, हाल काठमाडौ महानगरपालिका ३ को सिट नं.१०२-०९८५-१० को कि. नं. ८ को ८१.१० वर्ग मिटर क्षेत्रफल जग्गा साबिक कि. नं ७२६ संग भिडी नयां कि. नं. ८ कायम गरी जग्गा धनी प्रमाण पुर्जा कृष्ण बहादुर अधिकारीलाई दिने गरी भएको नापि गोश्वाराको मिति २०६१।६।२७ को निर्णय त्रुटिपूर्ण देखिएकोले सरकारी पर्ती जग्गा व्यक्ति विशेषको नाममा दर्ता भए पनि जहिले सुकै बदर हुन सक्ने कानूनी व्यवस्था मालपोत ऐन २०३४ को दफा २४ (२) ले गरिरहेको हुदा उक्त कानुनी व्यबस्था अनुसार गर्ने तर्फ कारबाही उठाउने । साथै कान्छी डंगोलको निबेदन परेमा बास्तबिक जग्गा कुन हो पहिचान गरी साबिक दर्ता बमोजिम जग्गा नबढ्ने गरी जग्गा हाल साबिक गरी दिन र तत्कालीन नापी अधिकृत नागेन्द झा नापी अधिकृत कैलाश नाथ पाण्डे सर्भक्षक कल्याण कुमार झालाई सचेत गराउन मालपोत कार्यालय डिल्ली बजारलाई लेखिपठाइएको ।	पत्रवाट निर्णय कार्यान्वयन भएको जानकारी प्राप्त ।
७	२०६८।८।९	काठमाडौ जिल्ला मुलपानी गाउँ विकास समिति २ ग कि.नं.८४ को १६-८-०-० क्षेत्रफलको सरकारी पर्ती जग्गा भूमाफियाको संलग्नतामा अनियमित तरिकाले दर्ता गर्नलागेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।८।९ को निर्णय अनुसार काजि मुलपानी गाउँ विकास समिति स्थित कि.नं.८४ को १६-८-०-० क्षेत्रफल को उक्त जग्गाको लालपुर्जा १५ दिन भित्रनेपाल सरकारको नाममा बनाई जिल्ला प्रशासन काठमाडौंमा पठाईदिन मालपोत कार्यालय चावहिलमा लेखिपठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति ०६९।१।२६ को पत्रवाट निर्णय कार्यान्वयन भएको जानकारी प्राप्त भएको ।
८	२०६८।८।१३	काठमाडौं जिल्ला खडका भद्रकाली गाउँ विकास समिति २ को कि.नं.३३३ को सरकारी सार्बजनिक जग्गा व्यक्तिको नाममा घुसाई प्लटिङमा पारी बिक्रि बितरण गर्नलाई कारबाही गरी पाँउ भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।८।१३ को निर्णय अनुसार काठमाडौं जिल्ला खडका भद्रकाली गाउँ विकास समिति २ को कि.नं. ३३३ को सरकारी सार्बजनिक	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति ०६८।९।२९ को पत्रवाट निर्णय कार्यान्वयन भएको जानकारी प्राप्त

		जग्गा नेपाल सरकारको नाममा रहे सोही र नरहेको भए नेपाल सरकारको नाममा श्रेस्ता तयार गरि जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि आयोगमा पठाउन मालपोत कार्यालय चावहिलमा लेखिपठाइएको ।	भएको ।
९	२०६८।९।६	छानबिन गरी कारवाही गरी पाउ भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।९।६ को निर्णय अनुसार जिल्ला पर्सा औराहा गाउँ विकास समिति वडा नं ७ कित्ता नं ६६ को फल्डबुकको कैफियत महलमा ऐलानी जग्गा भनी उल्लेख भएकोले उक्त कित्ता नं. ६६ को जग्गा नेपाल सरकारको नाममा कायम गर्न मालपोत कार्यालय पर्सामा लेखिपठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति ०६९।३।२२ को पत्रवाट निर्णय कार्यान्वयनको जानकारी प्राप्त भएको ।
१०	२०६८।९।७	छानबिन गरी कारवाही गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा आयोगको मिति २०६८।९।७ को निर्णयानुसार साबिक पशुपति गाउँ विकास समिति वडा नं. ३ कित्ता नं ११२ को सार्वजनिक बाटो हाल काठमाडौ महानगरपालिका वडा नं. ८ सिट नं १०२-१०६७-१७ कित्तानं १४८, १५१, १५२, १५३, १५९ र १६० समेत का कित्ताहरूमा पर्न देखिएको हुँदा उक्त कित्ताहरूबाट साबिक बमोजिमका सार्वजनिक बाटो कट्टागरी नेपाल सरकारको नाममा कायमगर्न मालपोत कार्यालय र नापी कार्यालय चावहिललाई लेखिपठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति ०६९।३।२२ को पत्रवाट निर्णय कार्यान्वयनको जानकारी प्राप्त भएको ।
११	२०६८।९।४	छुट रहेको जग्गा नामसारी गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।९।४ को निर्णय अनुसार रामनगर भुटाहा गाउँ विकास समितिवडानं ९ ख कित्तानं २१६ को ०-४-३ क्षेत्रफल भएको जग्गा नेपाल सरकारको नाममा १५ दिन भित्र कायम गरी आयोगलाई जानकारी दिन मालपोत कार्यालय कार्यालय सुनसरीलाई लेखिपठाइएको ।	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति ०६९।३।२२ को पत्रवाट निर्णय कार्यान्वयनको जानकारी प्राप्त भएको ।
१२.	२०६८।८।१४	सार्वजनिक जग्गा दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।८।१४ को निर्णय अनुसार कव्रस्थान भनी उल्लेख भएको साविक कि .न. २९ वाट कित्ताकाट भइ कायम कि.न. १२८८को जग्गा	भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६९।३।२२ को पत्रवाट निर्णय

		पूनः नापीमा विरगञ्ज उपमहानगरपालिका १६ सिट न.११३–०३११–२० कि.नं. १३७ को जग्गा फील्डवुकमा कब्रस्थान उल्लेख भएको स्थलगत अध्ययनवाट पनि सोहि देखिएकोले सार्वजनिक प्रकृतिको जग्गा हुँदा उक्त जग्गा नेपाल सरकारको नाममा श्रेस्ता तयार गरी कैफियतमा कब्रस्थान लेखी श्रेस्ताको प्रतिलिपि आयोगमा पठाउन मालपोत कार्यालय कार्यालय पर्सालाई लेखिपठाइएको ।	कार्यान्वयनको जानकारी प्राप्त भएको ।
१३.	२०६८।८।२७	परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानमा कानुन बमोजिम प्रकृया पुरा नगरी व्यक्तिगत निर्देशनका आधारमा करारमा नियुक्ति गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।८।२७ को निर्णय अनुसार हालका कार्यकारी निर्देशक टिकाजंग थापाको शैक्षिक उपाधि उक्त जिम्मेबारी बहन गर्न उपयुक्त नदेखिएकोले निजलाई जिम्मेबारी मुक्त गरी परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान (गठन) आदेश बमोजिम नियुक्ति गर्ने सम्बन्धमा आवश्यक कारवाही हुन र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ लागू भइसकेपछि तोकिएको प्रकृया बिना व्यक्तिगत निबेदन नाता प्रभावका आधारमा नियुक्त गरिएका कर्मचारिहरूको नियुक्ति रद्द गरी कानुनी प्रकृया पूरा गरेर मात्र करारमा लिने व्यवस्था गर्न परराष्ट्र मन्त्रालयमा लेखिपठाइएकोा ।	परराष्ट्र मन्त्रालयको मिति २०६८।१०।२२ को पत्रानुसार निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त
१४.	२०६८।१०।१७	गैरकानुनी र ठाडो तोक आदेसमा ना.सु नियुक्ति गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।१०।१७ को निर्णय अनुसार बरिष्ठ कानुनी सल्लाहकार कृष्ण कुमार झाको नियुक्ति बदर गरी आयोगलाई जानकारी दिन रेल्वे बिभागमा लेखिपठाइएको ।	भौतिक योजना तथा निर्माण मन्त्रालयको मिति २०६८।१२।२५ को पत्रानुसार आयोगको मिति २०६८।१०।१७ को निर्णय कार्यान्वयन भएको भनी जानकारी प्राप्त ।
१५	२०६५।४।१५	कोशी अञ्चल अस्पतालले पोषण वार्ड निर्माण	स्थास्थ्य तथा

		गराउँदा आर्थिक ऐन विपरीत अनियमित कार्य भएको भन्ने उजुरीको सम्बन्धमा मिति २०६५।४।१५ को निर्णय अनुसार अब उप्रान्त पेश्की निकासासम्बन्धी प्रावधानको अनिवार्य पालन गर्न गराउन एवं बाँकी रकम एक महिनाभित्र पेश्की फर्छ्यौट गर्न गराउन कोशी अञ्चल अस्पतालमा लेखिपठाइएको ।	जनसंख्या मन्त्रालयको मिति ०६९।३।१४ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त भएको ।
१६.	०६६।९।८	सानो गौचरणका सटरहरूको भाडा उठाई काठमाडौं जिल्ला खेलकुद विकास समितिका पदाधिकारीहरूले व्यक्तिगत प्रयोजनमा खर्च गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६६।९।८को निर्णय अनुसार पारदर्शी रूपमा प्रतिस्पर्धाको आधारमा नयाँ सम्झौता गरी भाडा लगाउन र समितिको लेखापरीक्षण हुन बाँकी अवधिको शीघ्र लेखापरीक्षण गराउन र तत्कालीन कार्यालय प्रमुख सुधिर प्रसाद पोखरेलबाट रू. ३७,४००।- असुल उपर गर्न काठमाडौं जिल्ला खेलकुद विकास समिति सानो गौचरणमा लेखिपठाइएको ।	युवा तथा खेलकुद मन्त्रालयको मिति ०६८।११।२६ को पत्रानुसार सुझाव कार्यान्वयन भएको जानकारी प्राप्त
१७.	२०६७।११।१५	तारागाऊँ विकास समितिले कर्मचारी सेवा सर्त नियमावली विपरित कर्मचारीहरूको दरवन्दी कायम गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६७।११।१५ को निर्णय अनुसार स्वीकृत दरवन्दी भन्दा नबढने गरी कर्मचारीहरूको आन्तरिक एवं खुल्ला प्रतियोगिताद्वारा समितिको विनियममा व्यवस्था भए बमोजिम कर्मचारीहरू नियुक्ति प्रकृया अवलम्वन गर्न तारागाऊँ विकास समितिलाई लेखिपठाइएको	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मिति ०६९।३।१७ को पत्रानुसार आयोगको निर्देशन पालना भएको जानकारी प्राप्त भएको ।
१८.	२०६८।५।१९	त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयले नर्सिङ क्याम्पस महाराजगंजले हेड असिस्टेन्ट पद-२ मा बिना प्रतिस्पर्धा ठाडो निबेदनका आधारमा नियुक्ति गरे भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।५।१९ को निर्णय अनुसार त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०६७।५।२८ को मासिक ज्यालादारिमा नियुक्ति गर्न स्वीकृति दिने सम्बन्धि निर्णय र रजिष्ट्रार	शिक्षा मन्त्रालयको मिति २०६८।१२।५ को पत्रानुसार आयोगको निर्देशन पालना भएको जानकारी प्राप्त भएको ।

		कार्यालयले नर्सिङ क्याम्पस महाराजगंजको रिक्त हेड असिस्टेन्ट पद-१ र भण्डारपाल पद-१ मासिक ज्यालादारीमा नियुक्ति गर्दा अबलम्बन गरेको प्रकृया कानुन सम्मत नदेखिएको हुँदा कानुन सम्मत निर्णय गर्न त्रि.वि.कार्यकारि परिषद, त्रि.वि.रजिष्ट्रारको कार्यालयमा लेखिपठाइएको ।	
१९.	२०६८।३।६	सत्यदेवी उच्च माध्यमिक विद्यालय जुबिथा कालिकोटका नि.मा.बि स्तरका शिक्षक शोभितलाल यादवलाई शिक्षा नियमावली २०५९ को व्यवस्था विपरित ठाडो तोक आदेशद्वारा जिल्लान्तर सरूवा गरिएको भन्ने भन्ने उजुरीको सम्बन्धमा मिति २०६७।११।१५ को निर्णय अनुसार सिराहा जिल्लाका तत्कालिन जिल्ला शिक्षा अधिकारी द्वारिकाप्रसाद यादवले कालिकोट जिल्लाको सत्यदेवी उच्च माध्यमिक बिद्यालय जुबिथाबाट सिराहा जिल्ला अन्तर्गत श्री निम्न माध्यमिक बिद्यालय भुल्केको दरबन्दीमा निम्न माध्यमिक विद्यालय शिक्षक शोभितलाल यादवको मिति २०६७।२।१८ मा सरूवा गर्न र ऐ जिल्लाको सु.ज.मा.बि.औरहीमा काजमा राख्ने गरी तोक आदेशद्वारा गरेको निर्णय कानूनत: मिलेको नदेखिदा सो सरूवा तथा काज संबन्धी आदेश रद्द गर्न शिक्षा मन्त्रालयमा लेखिपठाइएको ।	शिक्षा मन्त्रालयको मिति ०६८।७।३० को पत्रानुसार आयोगको निर्देशन अनुसार सोभितलाल यादवलाई गरिएको सरुवा रद्द गरिएको जानकारी प्राप्त ।

परिच्छेद – १३

कार्यान्वयन हुन बाँकी विभागीय वा अन्य कारबाहीको विवरण

भ्रष्टाचार तथा अनुचित कार्यको छानबिन तथा अनुसन्धानको क्रममा विभागीय कारबाही लगायत अन्य कारबाही गर्ने गरी आयोगबाट भएका निर्णयहरू कार्यान्वयनका लागि विभिन्न मन्त्रालय, विभाग र अन्तर्गत कार्यालय तथा निकायहरूलाई लेखिएकोमा केही निर्णयहरूको कार्यान्वयन हुन सकिरहेको देखिँदैन । आर्थिक वर्ष २०६८।०६९ सम्ममा विभिन्न कारणबाट कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरूको विवरण निम्न अनुसार रहेको छ ।

अर्थ मन्त्रालय

१. कानून अधिकृत केदार मैनालीले कायमी धितोलाई कम मूल्यांकन गरी आफ्नै सालीलाई धितो सकार गर्न लगाई राष्ट्रिय वाणिज्य बैंक मैतिदेवीको धितो हिनामिना गरी अनुचित कार्य गरे भन्ने उजूरीका सम्बन्धमा मिति २०६२।५।३० को निर्णय अनुसार ऋणी धर्मानन्द अवस्थीले लिएको रकम रू. १०,००,०००। असुल उपर गर्नका लागि राखेको धितोबाट असुल उपर हुन नसकेमा धर्मानन्द अवस्थीबाट र निजबाट पनि असुल उपर हुन नसकेमा कित्ता नं. १५ को ३-११-० क्षेत्रफल जग्गाको लिलाम स्वीकृत गर्ने व्यक्तिहरू उपर कानून बमोजिम मुद्दा दायर गरी असुल उपर गर्न राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. राष्ट्रिय वाणिज्य बैंकका उपत्यकास्थित विभिन्न शाखा कार्यालयहरूबाट जगरनाथ प्रसाद सोनार सम्बद्ध काठमाडौं टुकटुक र अनिता इलेक्ट्रिकल प्रा.लि.सप्लायर्स रही टेम्पोमा कर्जा लगानी गर्दा अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा मिति २०६५।३।८ को निर्णय अनुसार बैंकले निर्धारण गरेको अवधि आषाढ मसान्तदेखि ३ महिनाभित्र कडाइका साथ बाँकी बक्यौता असुली गरी सो को जानकारी आयोगलाई दिन राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. राष्ट्रिय बीमा संस्थानका सबै कर्मचारीहरूले आ.व. ०५१।५२ देखि नियम विपरीत पुरस्कार रकम लिएको भन्ने उजुरीको सम्बन्धमा आयोगको मिति २०६५।४।१३ को निर्णय अनुसार सो कर्मचारीहरूबाट रू. ८,३५,७४,७१३।५५ असुल उपर गर्न र प्रस्तुत सन्दर्भमा आवश्यक परे मन्त्रिपरिषद्को बैठक समेतमा पेश गरी निकासा भए बमोजिम आवश्यक कार्यान्वयन गरी प्रस्तुत विषयमा टुंगो लगाउन अर्थ मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. विशालबजार कम्पनीले पसल कवल भाडामा दिँदा अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगको मिति २०६५। ११।२५ को निर्णय अनुसार आयोगबाट मिति २०६५।११।१५ मा विशेष अदालतमा भ्रष्टाचार मुद्दाको आरोपपत्र दर्ता गर्दा प्रतिवादी

बनाइएका काठमाडौं महानगरपालिका वडा नं. २७ बस्ने रमेशमान श्रेष्ठले मिति २०६०।९।३ मा १६०० कित्ता शेयर रू. २२,४०,०००। मा खरिद गरेको देखिँदा के कुन श्रोतबाट सो शेयर खरिद गरेको हो, आयकर तिरेको छ छैन ? सो विषयमा छानबिन गर्न राजस्व अनुसन्धान विभागमा लेखिपठाइएकोमा हालसम्म छानबिन र कारबाही टुंगो लागेको जानकारी प्राप्त नभएको ।

५. नेपाल चिया विकास निगम लिमिटेडले खरिद बिक्री गर्दा करोडौं भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा मिति २०६६।४।३० को निर्णय अनुसार नेपाल चिया विकास निगमको नाममा रहेको जग्गाको क्षेत्रफल यकिन गरी जग्गा भाडासम्बन्धी सम्झौता बमोजिम जग्गाको अनुपातमा भाडा समायोजन गर्दै जान जग्गाको नापजाँचको कार्य तुरुन्त प्रारम्भ गर्न, शेयर खरिद बिक्री सम्झौतामा उल्लेख भए बमोजिम धुलाबारी स्थित निगमको परिसर र गोदाममा रहेको चियापत्ती लगायतका चल सम्पत्ति तुरुन्त लिलाम वा अन्य प्रक्रियाद्वारा बेचबिखन गरी सरकारी कोषमा रकम दाखिला गराउन, दोश्रो सम्झौता अनुरूपको प्रतिवेदन बुझाउनुपर्ने भनिएको रू. ४० लाख पनि बुझाएको नदेखिएकोले सो उपर मन्त्रालयले समयमा आवश्यक कारबाही चाल्न र नेपाल सरकारको सहमति बिना निगमको सम्पत्ति र बगानको जग्गा कुनै पनि प्रयोजनको लागि धितोमा राख्न नपाउने व्यवस्था गर्न अर्थ मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. मेलम्चि खानेपानी आयोजनाको लागि भंसार छुटको सुबिधामा लिइएको हेभि इक्विपमेन्ट सबारी साधन र मेसिन औजारहरू फिर्ता नगरी मिलेमतो गरी विक्रि गरेको भन्ने विषयमा जिल्ला काठमाडौ काठमाण्डौं महानगरपालिका वडा नं. १५ स्वयम्भु हलचोक स्थित ग्यालेक्सि बिल्डस् प्रा. लि. को ग्यारेजमा रहेको र रमाकान्त प्रसाद चौरसिया समेतले हनिल कोनेको जेभिसंग खरिद गरिएको भनिएको Petibone 40 Multi Crane को सवारी दर्ता प्रमाणपत्र लगायत कुनै पनि कागजपत्र नपाइएको हुंदा सो उपकरणको संबन्धमा प्रचलित कानून बमोजिम कारबाही गरी सो को जानकारी १५ दिन भित्र आयोगमा उपलब्ध गराउन आयोगको निर्णयानुसार भन्सार विभागमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी हालसम्म्म प्राप्त नभएको ।

उद्योग मन्त्रालय

१. गैरकानूनी रूपमा वन पैदावारमा आधारित उद्योगहरू दर्ता गरी वन कार्यालय र घरेलु तथा साना उद्योग कार्यालय दाङका कर्मचारीले रकम भागबन्डा गरी खाए भन्ने उजूरीका सम्बन्धमा मिति २०६४।६।२१ को निर्णय अनुसार वन क्षेत्रबाट वन पैदावारमा आधारित उद्योगहरू दर्ता गर्दा वातावरण संरक्षणसम्बन्धी नियमहरू पटक पटक संशोधन गर्न युक्तिसंगत नदेखिने हुँदा आगामी दिनमा नियमावलीमा यस विषयलाई समावेश गरी व्यवस्थित रूपमा लागू गर्ने तथा दाङ जिल्लाको देउखुरी क्षेत्रमा कानून विपरीत दर्ता भएका वन पैदावरमा आधारित १४ वटा उद्योगहरूको सम्बन्धमा आवश्यक व्यवस्था मिलाई

आयोगमा जानकारी पठाउन उद्योग मन्त्रालयमा लेखिपठाइएकोमा हाल निर्णय कार्यान्वयन नगर्न नगराउन सर्वोच्च अदालतवाट अन्तरिम आदेश जारी भई कार्यान्वयन नभएको ।

२. विशालबजार कम्पनी लिमिटेडले पसल कवल भाडामा दिँदा अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा मिति २०६४।११।२५ को निर्णय अनुसार विशालबजार कम्पनीको शुक्रपथस्थित भवनका ३४६ वटा पसल कवल बोलपत्र बिना आफू अनुकूलका व्यक्तिहरूलाई कम भाडादरमा बाँडफाँड गर्दै आएको र पसल कवल प्राप्त गरेका अधिकांशले अन्य व्यापारीहरूलाई बढी रकममा पुन बहालमा दिँदै आएबाट कम्पनीले प्राप्त गर्ने आम्दानी रकम व्यक्ति विशेषले प्राप्त गर्दै आएको हुँदा कम्पनीको प्रचलित विनियमावली २ महिनाभित्र, सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुने गरी संशोधन गरी २०६६ श्रावण १ गतेदेखि अनिवार्य रूपमा बोलपत्र प्रक्रियाद्वारा पारदर्शी रूपमा भाडामा लगाउन विशालबजार कम्पनी लिमिटेड, शुक्रपथमा लेखी पठाइएको र सो को अनुगमन गर्न कम्पनी रजिष्ट्रारको कार्यालयमा लेखिपठाइएकोमा अदालतमा विचाराधिन भइ कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. बेल्जियम नागरिक Kent B.Crane ले २०५०।५।१० मा नेपालमा वाइल्ड लाइफ डेभलपमेण्ट नामको संस्था दर्ता गराई (भीसाको प्रयोजनको लागि) अनियमित कार्य भएको भन्ने उजूरीका सम्बन्धमा मिति २०६५।१२।४ को निर्णय अनुसार शुरुमै रू. २४,३७,४०,०००।- लगानी गर्ने भनिए पनि एक करोडभन्दा केही बढी रकम उक्त कम्पनीले लगानी गरेको देखिएकोले शर्त अनुसार आगामी ६ महिनाभित्र पूरै रकम मात्र लगानी गरी उद्देश्य अनुरूप कार्य गर्न लगाउन उद्योग विभागका महानिर्देशकलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा हिनामिना गरि गैर कानूनी फाइदा लिने गरेको भन्ने उजूरीका सम्बन्धमा मिति २०६३।४।१ को निर्णय अनुसार नेपाल सरकारले विशाल बजार कम्पनीलाई दिएको जग्गा बापत मूल्यांकन भएको रू. ३९ करोड ६० लाख बराबरको रकमलाई नेपाल सरकारको शेयरको रुपमा परिणत गर्न आवश्यक कारबाही गरी आयोगलाई जानकारी गराउन उद्योग मन्त्रालयलाई लेखि पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

ऊर्जा मन्त्रालय

१. चिलिमे जलविद्युत कम्पनीको शेयर बाँडफाँडमा अनियमितता भएको भन्ने उजूरीका सम्बन्धमा मिति २०६५।७।१० को निर्णय अनुसार प्रचलित कानून बमोजिम सर्वसाधारणका लागि शेयर निष्कासनसम्बन्धी कार्य ३ महिनाभित्र गर्न गराउन चिलिमे जलविद्युत कम्पनी, धितोपत्र बोर्ड थापाथलीमा र उच्च दरमा विद्युत खरिद सम्झौता गरी नोक्सान व्यहोर्नुपरेको देखिएकोले नोक्सान नहुने गरी साविकको विद्युत खरिद सम्झौता (Power Purchase Agreement) मा पुनरावलोकन गरी सोको जानकारी आयोगलाई दिन नेपाल विद्युत

प्राधिकरणको सञ्चालक समितिमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. माथिल्लो त्रिशूली-१, जलविद्युत आयोजनाको विद्युत उत्पादन सर्भेक्षण अनुमतिपत्र जारी गर्दा अनियमितता भएको भन्ने उजूरीका सम्बन्धमा मिति २०६६।७।२९ को निर्णय अनुसार आयोगको नेपाल वाटर एण्ड इनर्जी डेभलपमेण्ट कम्पनी लिमिटेडले पटक पटक पेश गरेको Work Schedule बमोजिम कार्य प्रगति नगरेको, कम्पनी रजिष्ट्रारको कार्यालयबाट जारी गरेको कम्पनी दर्ता प्रमाणपत्रमा उल्लेख भए बमोजिमको जारी पुर्जी नभई प्रवर्द्धक कम्पनी स्वयं सन्देहात्मक भएको र निजले नयाँ तिथि मिति राखी समय तन्काई खोला ओगटी राख्ने मात्र मनसाय देखिएको हुँदा नेपाल सरकारको मिति २०६५।४।२८ को सचिवस्तरको निर्णयानुसार मिति २०६५।३।२४ देखि मिति २०६७।३।२३ सम्म सो प्रा.लि.ले थप भएको त्रिशुली-१ जलविद्युत आयोजनाको विद्युत सर्वेक्षण अनुमति पत्र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ ख बमोजिम रद्द गर्ने र सो परियोजना सञ्चालन गर्न इच्छुक प्रवर्द्धकसँग १ महिनाभित्र प्रस्ताव आह्वान गरी आयोगमा जानकारी गराउन ऊर्जा मन्त्रालयका सचिवलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. भोजपुर जिल्लाको सिक्देल खोला जलविद्युत पुनः निर्माण आयोजनामा भ्रष्टाचार भएको भन्ने उजूरीका सम्बन्धमा मिति २०६६/९/१२ को निर्णय अनुसार नेपाल विद्युत प्राधिकरणका निर्देशक गोविन्द शर्माले आर्थिक अनुशासनको बर्खिलाप गरेको देखिएकोले विनियमावली बमोजिम कारबाही गर्न, उक्त जलविद्युत पुनःनिर्माण आयोजनाका लागि नेपाल विद्युत प्राधिकरणबाट निकासा भएको रू. ५७,७०,०००।- ले अपुग भई जिल्ला विकास समिति भोजपुरबाट अनुदान रू. ६ लाख, गाउँ विकास समिति बाट अनुदान रू. २ लाख र उपभोक्ताहरूका तर्फबाट रू. ३६,८९,३७८/- उठाई जम्मा रू. ९४,५९,३७८/- उपभोक्ता समितिबाट खर्च गरेको भनी बयान र कागजबाट देखिन आएको हुँदा प्राधिकरणबाट निकासा भएको अतिरिक्त उल्लेखित लगानी भएको भनिएको अन्य रकम यकिन गरी खर्च भएको रकम को कसबाट दिनु तिर्नुपर्ने हो, आवश्यक व्यवस्था गरी सो आयोजनाको मर्मतसम्भार तथा सञ्चालनको सम्पूर्ण जिम्मा प्राधिकरणले लिई प्राधिकरणले पाउनुपर्ने लिजको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्ने व्यवस्था गर्न नेपाल विद्युत प्राधिकरणमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. नेपाल विद्युत प्राधिकरणको कर्मचारी सेवा विनियमावली विपरीत बढुवा गर्न (तह ७ मा) लागेकोले सूचना रद्द गरी पाऊँ भन्ने उजूरीका सम्बन्धमा मिति २०६६।८।२९ को निर्णय अनुसार विगतमा स्नातक तहको शैक्षिक योग्यता भएकाहरूबाट खुला प्रतियोगिताबाट तह ६ को पदपूर्ति गर्ने प्रावधान भएकोमा हाल स्नातकोत्तर तहको शैक्षिक योग्यता भएकाहरूबाट तह ७ मा खुला प्रतियोगिताबाट पदपूर्ति गर्ने प्रावधान रहेको पाइएकोले तह

६ को लागि आवश्यक पर्ने प्रमाणपत्र तहको शैक्षिक योग्यता भएका कर्मचारी बढुवाद्वारा तह ६ सम्म मात्र जान पाउने र तह ७ वा सो भन्दा माथिल्लो पदमा बढुवा हुनका लागि न्यूनतम स्नातक तहको शैक्षिक योग्यता आवश्यक पर्ने गरी विद्यमान नेपाल विद्युत प्राधिकरण सेवा नियमावली २०६२ लाई संशोधन गर्ने र बढुवा सिफारिस समितिको मिति २०६५।५।१५ को निर्णयानुसार प्रकाशित तह ७ को बढुवासम्बन्धी सूचनालाई समेत संशोधित शैक्षिक योग्यता लागू गरी पुनः बढुवाको सूचना प्रकाशित गर्न नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. नेपाल विद्युत प्राधिकरणमा रिक्त १ र २ तहको स्थायी पदपूर्तिका लागि अन्तर्वार्ता परीक्षामा अनियमितता भएको भन्ने उजूरीका सम्बन्धमा मिति २०६७।५।२३ को निर्णय अनुसार नेपाल विद्युत प्राधिकरण तह १ र २ को उक्त भर्ना प्रक्रिया हस्तक्षेपमुक्त एवं स्वच्छ, निस्पक्ष तथा पारदर्शी तवरले कानून संगत प्रक्रियाबाट भएको भन्न नसकिदा तत्सम्बन्धी सम्पुर्ण प्रक्रिया वदर गर्न नेपाल विद्युत प्राधिकरण संचालक समितिलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. चमेलिया आयोजनाका कर्मचारीले काठमाडौमा बसी दुर्गम भत्ता खाएको भन्ने उजूरीका सम्बन्धमा मिति २०६७।११।२७ को निर्णय अनुसार कम्तीमा २० कार्य दिन हाजिर भएपछि मात्र दार्चुलाको वलौचमा पाउने भत्ता दिने भनि नेपाल विद्युत प्राधिकरण संचालक समितिको ४९६ र ४८९ औ बैठकबाट भएको निर्णयको प्रतिकूल हुने गरी भत्ता दिएको भन्ने देखिदा त्यसरी दिइएको भत्ता यकिन गरी निजहरूबाट असुल उपर गर्ने र अब उप्रान्त संचालक समितिको निर्णय अनुसार मात्र गर्न चमेलिया जलविद्युत आयोजनाका आयोजना प्रमुखलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(घ) कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय

१. सार्वजनिक पद धारण गरेको व्यक्ति राष्ट्रसेवक बाहेक अन्य व्यक्तिले नेपालको शैक्षिक संस्थाको नामबाट नक्कली शैक्षिक प्रमाणपत्रको प्रयोग वा कारोवार गरेको तथ्य सम्बन्धित शैक्षिक संस्थामा प्रमाणीकरण गर्ने क्रममा खुल्न जाने गरेको भन्ने उजुरीको सम्बन्धमा आयोगको मिति २०६६।३।१८ को निर्णय अनुसार कानून बमोजिम स्थापित विश्वविद्यालय र शिक्षण संस्थाहरूबाट जारी हुने शैक्षिक योग्यताका प्रमाणपत्र वा सोसँग सम्बन्धित कुनै पनि कागजातहरू किर्ते गरेको मुद्दालाई सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को अनुसूची १ मा समावेश गर्ने प्रबन्ध मिलाउन कानून तथा न्याय मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. बैदेशिक रोजगारमा पठाउन रु. ५० लाख लिई नपठाइएको र रकम पनि फिर्ता नदिएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६८।५।१९ को निर्णय अनुसार शा अ कृष्ण कुमार कार्कीलाई विभागीय कारवाही गर्न कानून तथा न्याय मन्त्रालयमा लेखि पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ङ) गृह मन्त्रालय

१. मंगलचन्द्र संखुलिया (शर्मा) भन्ने भारतीय नागरिकले जिल्ला प्रशासन कार्यालय भद्रपुर झापाबाट नेपाली नागरिकता लिए भन्ने उजूरीका सम्बन्धमा मिति २०६४।४।३० को निर्णय अनुसार यस विषयमा गृह मन्त्रालयबाटै आवश्यक कारबाही गरी आयोगलाई जानकारी दिन गृह मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. काठमाडौं महानगरपालिका वडा नं. ३ रानीबारीस्थित सामाखुसी किनारमा रहेको सार्वजनिक जग्गा आसपासमा रहेका जग्गाधनीहरूले अतिक्रमण गरेको भन्ने उजूरीका सम्बन्धमा मिति २०६४।१।४ को निर्णय अनुसार काठमाडौं महानगरपालिका वडा नं. ३ स्थित सिट नं. १०२-१८५-२२ को सार्वजनिक जग्गा र कित्ता नं. ८४, १६५, १५२, १५३, २५५, ५१, ५४, ५५, ७३, ४२, ४१, समेतले केही सार्वजनिक जग्गा अतिक्रमण गरेको हुँदा उल्लिखित कित्ता नं. जग्गाका धनीहरूले आफ्नो कित्तामा घुसाई अतिक्रमण गरेको हदसम्मको सार्वजनिक जग्गा सम्बन्धित प्राविधिकहरूद्वारा यकिन गरी गराई अतिक्रमित सार्वजनिक जग्गा सम्बन्धित कित्ता नं. बाट झिकी सार्वजनिकीकरण गरी सो को जानकारी ३ महिनाभित्र आयोगलाई दिन काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. काठमाडौं महानगरपालिका वडा नं. ३४ भीमसेनगोला कात्यायनी मन्दिर आसपासको १०, १२ रोपनी सार्वजनिक जग्गा व्यक्तिले प्रयोगमा ल्याएको भन्ने उजूरीका सम्बन्धमा मिति २०६५।१।८ को निर्णय अनुसार आयोगको निर्णयमा उल्लिखित कित्ता नं. हरूले आफ्नो कित्तामा घुसाएको अतिक्रमण गरेको हदसम्मको सार्वजनिक जग्गा सम्बन्धित कित्ता नं.बाट झिकी प्राविधिकहरूद्वारा यकिन गरी गराई ३ महिनाभित्र आयोगलाई जानकारी दिन काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. महोत्तरी जिल्ला स्थित महेन्द्र आदर्श महिला माध्यमिक विद्यालयका प्रधानाध्यापक विश्वनाथलाल कर्णले आर्थिक एव प्रशासनिक भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा मिति २०६७।३।२३ को निर्णय अनुसार जिल्ला स्थित महेन्द्र आदर्श महिला माध्यमिक विद्यालयको आ व ०६२।६३ को लेखापरिक्षण प्रतिवेदनको अनुसुची १ मा उल्लेखीत रू. १,३७,८७३।- र अनुसुची २ मा रू. ३१,६००।- मध्ये रू. ३१,०००।- बेरुजु रकम तत्कालीन प्रधानाध्यापक विश्वनाथलाल कर्णबाट र आ.व.२०४४ देखि २०४९ सम्मको लेखापरिक्षण प्रतिवेदन अनुसार रू. १,०१,७३८।२४ बेरुजु रकम तत्कालीन लेखापाल विजय कुमार ठाकुरवाट असुल उपर गर्नुपर्ने भनी देखाईएको हुँदा निजहरूवाट असुल उपर गर्नु पर्ने भनी उल्लेख भएको रकम नियमित वा असुल उपर गर्न गराउन र मिथिला ईन्स्टिच्यूट अफ रिसर्चट्रेनिङ संस्थाले घर भाडा वापत विद्यालयलाई बुझाउनु पर्ने बाँकि रकम रू. ५७,०००।- का सम्वन्धमा ईन्स्टिच्यूटका तत्कालीन संचालकहरू विश्वनाथलाल कर्ण,

उमा शर्मा, लेखापाल विजयकुमार ठाकुरकी श्रीमती निलमदेवी यादव तथा मदन मिश्र समेतवाट दामासाहीले असुल उपर गरी कर्मचारी तथा शिक्षकहरूको विगतमा बाँकि रहेको संचयकोष दाखिला गराई सोको जानकारी गराउन जिल्ला प्रशासन कार्यालय महोत्तरीलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. मालपोत कार्यालय चावहिल काठमाडौंबाट काठमाडौं जिल्ला इन्द्रायणी गाउँ विकास समिति कि.नं.६६ मोही नभएको जग्गामा मोही कायम भएको भन्ने विषयमा आयोगको मिति २०६८।११।१८को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय ताप्लेजुङ्गका प्रमुख जिल्ला अधिकारी देवराज ढकाललाई विभागीय कारवाही गर्न गृह मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. महालेखा परीक्षकको वार्षिक प्रतिवेदनले औंल्याइएका मन्त्रालयको अनियमितता सम्वन्धी बुदाहरूका सम्वन्धमा आयोगको मिति २०६८।५।२० को निर्णयानसार जिल्ला प्रशासन कार्यालय सर्लाहीले रू. २,७०,०००।- राजश्व रकम कम दाखिला गरेको मध्ये रू. १,२७,०००।- दाखिला भै रू. १,४३,०००।- दाखिला गर्न वाँकी देखिएकोले दाखिला गराउन गृहमन्त्रालयलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. जिल्ला प्रशासन कार्यालय सप्तरीवाट एकै व्यक्तिले तिनवटा नागरिकता लिएको भन्ने सम्बन्धमा मिति २०६९।२।२५ को निर्णयानुसार महिला तथा वालवालिका कार्यालय ओखलढुङ्गाका तत्कालिन लेखापाल उद्धव प्रसाद दाहालले जिल्ला प्रशासन कार्यालय, ओखलढुङ्गावाट मिति २०३३।१०।२० मा उद्धव प्रसाद दाहाल, सोही कार्यालयवाट २०४०।४।२२ मा हुद्धराज दाहाल तथा जिल्ला प्रशासन कार्यालय सप्तरीवाट २०४०।११।२२ मा उद्धव प्रसाद दाहालको नामवाट तिनवटा नागरिकताको प्रमाणपत्र लिएको सम्वन्धमा त्यस कार्यालयवाट थप कारवाही भयो ? भएन ? कारवाही नभएको भए यथाशिघ्र अनुसन्धान गरी आवश्यक कानूनी कारवाही गर्न आयोगका मिति २०६९।२।२५ को निर्णयानुसार जिल्ला प्रहरी कार्यालय ओखलढुङगालाइ लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. खोटाङ स्थित हलेसी महादेवस्थान गुठीको १ हजार रोपनी भन्दा बढी जग्गा उक्त मन्दिरका पूर्व महन्थ धन ब. गिरी समेतले आफ्नो बनाई विक्रि गरेको र अन्य विभिन्न स्थानको गुठी जग्गा पनि अन्य व्यक्तिले उपयोग गरेको भन्ने उजूरीका सम्बन्धमा मिति ०६९।३।१८ को निर्णयानुसार गुठी जग्गाहरूको विवरण प्राप्त गरी संरक्षण गर्न स्थानियस्तरमा खोटाङका प्रमुख जिल्ला अधिकारीले नेतृत्वदायी भूमिका निर्वाह गरी मालपोत कार्यालय र नापी कार्यालयको सहयोग लिई गर्न जिल्ला प्रशासन कार्यालय खोटाङमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(च) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

१. नेपाल वायुसेवा निगमले गर्ने गराउने कामका बारेमा भएको सहमति गर्ने बारेको उजुरीको सम्बन्धमा आयोगबाट आयोगको मिति २०६०।१०।२६ को निर्णय अनुसार विभिन्न ४ बुँदाको कार्यान्वयन सम्बन्धमा कार्यनीति तयार गरी आयोगमा २०६०।११।१ सम्ममा महाप्रबन्धक नेपाल वायुसेवा निगमलाई पेश गर्न लेखिपठाइएकोमा २ वटा बुँदाहरूको कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल भवनमा रहेका पसलको बक्यौता भाडा असुल उपर गर्ने उजूरीका सम्बन्धमा मिति २०६२/८/६ को निर्णय अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको मिति २०६२/७/१४ को पत्रमा उल्लिखित प्रतिबद्धता ३ महिनाभित्र सम्पन्न गरी आयोगलाई जानकारी दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. त्रिभुवन विमानस्थल नागरिक उड्डयन कार्यालयको स्टोरमा रहेका सामानहरूमा भ्रष्टाचार भएको भन्ने उजूरीका सम्बन्धमा मिति २०६२।१०।९ को निर्णय अनुसार उल्लिखित त्रुटिहरूका सम्बन्धमा खरिद गरिएका र विभिन्न परियोजनाहरूबाट हस्तान्तरण गरिएका जिन्सी सामानहरूको नियमानुसार निरीक्षण गरी निरीक्षण प्रतिवेदन तयार पार्न र सो प्रतिवेदन तयार पार्दा परियोजनाहरूबाट खरिद गरिएका सामानहरूको साविक र हालको लगत भिडाई सामान नपुग भए सामान बुझ्ने बुझाउने उत्तरदायी व्यक्ति समेत पहिचान गरी विवरण तयार गर्न, मासिने नासिने सामानहरू र खर्च नहुने सामानहरूको लगत लिई मिन्हा गरी मिन्हा नहुने सामानहरू को कसका जिम्मामा छन् पत्ता लगाई सामानहरूको सोधभर्ना गराउन, नभए कुन कर्मचारी उपर कानूनी कारबाही हुनुपर्ने हो विवरण पेश गर्न, कार्यालयका कर्मचारीहरूको कार्य विवरण लागू गरी उत्तरदायित्व र जिम्मेवारी तोक्न, कार्यालय प्रमुख त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल गौचरमा विभिन्न किसिमका व्यवस्थापन लगायत अन्य अनियमितता सम्वन्धमा आयोगको मिति को निर्णयानुसार विमानस्थलमा कार्यरत लोडरहरूले विना खल्तीको यूनिफर्म लगाउनु पर्ने अन्तराष्ट्रिय मान्यतालाई त्रिभुवन विमानस्थलमा तुरुन्त लागू गर्न पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. कर्मचारी र एजेन्सी मिली विभिन्न प्रकारको जालसाजी फायल खडा गरी हानी नोक्सानी पुऱ्याएको भन्ने उजुरीको सम्बन्धमा आयोगको मिति २०६६।१।६ को निर्णय अनुसार हिमालयन ल्याण्ड ट्राभल एजेन्सीबाट उठाउन बाँकी रकम र दुबईबाट फर्काएका यात्रुहरूको

विषयमा छानबिन गरी रकम उठाउन तथा संलग्न कर्मचारीलाई सिफारिस अनुसार नसिहत दिन नेपाल वायुसेवा निगमलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

परराष्ट्र मन्त्रालय

१. मलेसियामा रोजगारीमा गएका नेपालीको सव बेपत्ता पारिएको हुँदा पासपोर्ट र नागरिकता दिलाई कारवाही होस भन्ने विषयमा मिति २०६८-२-१० को निर्णयानुसार मलेशियामा बैदेशिक रोजगारको सिलसिलामा मृत्यु भएका रामनारायण मुखियाकी श्रिमती दुलारी देवीलाई श्रम तथा यातायात व्यवर्था मन्त्रालय र परराष्ट्र मन्त्रालयको समन्वयमा यथाशिघ्र क्षतिपूर्ति उपलब्ध गराई आयोगलाई जानकारी दिन परराष्ट्र मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

१. मकालु वरुण राष्ट्रिय निकुन्ज संखुवासभाको मध्यवर्ती क्षेत्रको कार्ययोजना काल्पनिक रूपमा तयार गरी गैरसरकारी संस्थाबाट रकम लिई भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा मिति २०६२।१२।९ को निर्णय अनुसार कतिपय मन्त्रालय, विभाग तथा कार्यालयहरूले विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्था लगायत अन्य अन्तर्राष्ट्रिय संस्थाहरूबाट आर्थिक सहयोग रकम स्वीकार गर्दा भैरहेको कानूनको परिपालन नगरी सोझै सहयोग रकम लिने र आफ्नै खातामा राखी आफूखुसी खर्च गर्ने गरेको अनुसन्धानबाट देखिएकाले यसरी सहयोग स्वीकार गर्दा कानूनी प्रक्रिया अवलम्बन गरी लिने परीपाटी बसाल्न मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. विदेशी सहयोगमा सञ्चालित अधिकांश गैरसरकारी संस्थाहरूमा अनियमितता तथा भ्रष्टाचार भएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६२।१०।१२ को निर्णयानुसार गैरसरकारी संस्थाहरूबाट सार्वजनिक सरोकारका विषयमा प्रभाव पर्ने गरी कार्य हुने गरेको पृष्ठभूमीमा तिनीहरूभित्र हुने अनुचित कार्य र भ्रष्टाचार नियन्त्रण गर्न सक्ने गरी कानूनी व्यवस्था मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. पाल्पा जिल्लाको रामपुर गाउँ विकास समिति का विभिन्न सार्वजनिक जग्गा अतिक्रमण गरी करिव १७०० घर टहरा निर्माण भएको भन्ने उजुरीका सम्बन्धमा मिति २०५८।१२।१ र २०६७।९।२६ को निर्णयानुसार यस सम्बन्धमा रकम लिइ वितरण गरिएको सार्वजनिक जग्गालाई सार्वजनिक नै कायम गर्ने , सार्वजनिक जग्गा उपलव्ध गराए वापत लिएको रकम निजहरूलाई फिर्ता गरी दिने, त्यसरी वितरण गरिएको सरकारी जग्गाको हकमा प्रचलित कानून अनुरुप नेपाल सरकारबाट उपयुक्त निर्णय गराइ सोही बमोजिम गर्ने । सरकारी जग्गा वितरण गरे वापत उठेको रकमका हकमा नेपाल सरकारले नै आवश्यक निर्णय लिने । अब उप्रान्त यस प्रकार जग्गा वितरण नगर्न नेपाल सरकारबाट आवश्यक निर्णय

गरी स्थानीय निकायलाई सार्वजनिक र सरकारी जग्गा वितरण गर्ने कार्य तत्काल रोक्ने व्यवस्था गर्ने र सोको निर्णय कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयलाई निर्देशन लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. नेपाल रेल्वे कम्पनीको निमित्त फोरम्यान राजेन्द्र प्रसाद राउतले आफु खुसी मनपरी तवरबाट रेल्वेका सामानहरु विक्री गरेको भन्ने सम्वन्धमा मिति २०६८।४।२२ को निर्णयानुसार नेपाल रेल्वे कम्पनीको स्वामित्वमा रहेको सम्पत्तिको सहि लेखांङकन गरी अभिलेख राख्ने ब्यबस्था मिलाउन आवश्यक पहल गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र निमित्त फोरम्यान राजेन्द्र प्रसाद राउतवाट जम्मा रू. ९०,३२६।५४ अशुल उपर गर्न नेपाल रेल्वे कम्पनी जनकपुरमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

वन तथा भू-संरक्षण मन्त्रालय

१. खोटाङ जिल्ला खार्मी गाउँ विकास समितिमा पर्ने सामुदायिक वन अवैध रूपमा कटान गरी भ्रष्टाचार गरे भन्ने उजुरीका सम्बन्धमा मिति २०६२/७/२४ को निर्णय अनुसार खिसापत्रे सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीबाट बराबरीका हिसाबले हिनामिना भएको रू. २,०९,२८०।- असुल उपर गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत शाही शुक्लाफाँट वन्यजन्तु आरक्ष क्षेत्रभित्र व्यवसाय सञ्चालन गरे बापत एक ठेकेदारसँग रू. ३,९९,०००। तीन किस्तामा बुझाउने गरी सम्झौता भएकोमा पहिलो किस्ता बुझाएको र दुई किस्ता बापतको रू. २,६६,०००।- र वार्षिक २० प्रतिशतले हुने जरिवाना समेत रू. ३,१९,०००। असुल हुनुपर्ने भन्ने महालेखा परीक्षकको विभागको वार्षिक प्रतिवेदन २०६१ अनुसार असुली नभएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६२/११/२२ को निर्णय अनुसार शाही शुक्लाफाँट आरक्ष अन्तर्गत पर्यटन व्यवसाय सञ्चालन गर्ने साइलेन्ट सफारी प्रा.लि. का प्रो. हिक्मतबहादुर विष्टबाट असुल उपर गर्नुपर्ने आ.व. २०५९/६० सम्मको जम्मा रू. ७,८०,०४१।८५ सरकारी बाँकी सरह असुल उपर गर्न केन्द्रीय तहसिल कार्यालयमा २०६२/१०/१९ मा शाही शुक्लाफाँट वन्यजन्तु आरक्षले लेखी पठाएकोमा केन्द्रीय तहसिल कार्यालयमा लगत कस्ने कार्य बाँकी रहेकोले उक्त प्रा.लि.बाट असुल उपर गर्नुपर्ने रकम प्रचलित कानून बमोजिम लगत कस्न लगाउने कार्य सम्पन्न गरी उक्त प्रा.लि. ले करारनामाको उल्लंघन गरेकोमा सम्झौता बमोजिम गर्नुपर्ने कार्यान्वयनसमेत ३ महिनाभित्र टुंगो लगाई आयोगमा जानकारी गराउन वन तथा भू-संरक्षण मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. तातोपानी नाकाबाट भन्सार कर्मचारीको मिलेमतोमा जडिबुटी तस्करी गरी राजस्व छलेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६४।२।२१ को निर्णय अनुसार रक्तचन्दन पक्रिएको/भेटिएको केसमा सबैलाई एकै प्रकारको कारबाही हुनुपर्दछ । रक्तचन्दन तस्करी

गर्दा जुन जुन केसमा जो जो संलग्न छन् ती सबैलाई त्यहाँबाट कारबाही गरी आयोगलाई जानकारी दिन वन तथा भू-संरक्षण मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. बाँके जिल्लाको बैजापुरमा वन कार्यालयको कर्मचारी समेतको मिलिमतोमा करिब ४० करोड मूल्य बराबरका साल सिसौं खयर आदि रूखहरू काटी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६४।३।११ को निर्णय अनुसार वन ऐन २०४९ र वन नियमावली २०५१ विपरीत गई संकलन भएको उल्लिखित वन पैदावरहरू प्रतिदिन सडीगली जाने विद्यमान अवस्था रहेकाले वन विभागको माग बमोजिम प्रचलित वन ऐन नियम बमोजिम लिलाम बिक्री वितरण गरी सोबाट प्राप्त रकम धरौटी खातामा राखी आयोगलाई जानकारी दिन वन विभागका महानिर्देशकलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. वाणगंगा सिंचाइ आयोजना समेतमा अनधिकृत ठेक्कापट्टा गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६५।९।६ को निर्णय अनुसार जगदिशपुर जलाशय सीमसार क्षेत्रको व्यवस्थापन र संरक्षण कार्य कुनै पनि निकायबाट भए गरेको नदेखिएकाले उक्त क्षेत्रको व्यवस्थापन र संरक्षण एवं प्रवर्द्धन कार्य गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. चितवन राष्ट्रिय निकुन्जका कर्मचारीहरूले एकसिङ्गे गैंडाको खाग बिक्री गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६५।१२।२५ को निर्णय अनुसार कायम मुकायम संरक्षण अधिकृत (हाल सहायक वातावरण अधिकृत) कमलगंज कुँवर र सहायक संरक्षण अधिकृत अणनाथ बराल समेतलाई विभागीय कारबाही गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. बर्दिया राष्ट्रिय निकुन्ज क्षेत्रमा दर्ता नभई सामुदायिक स्वास्थ्य सेवा सञ्चालन गरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६५।१२।१८ को निर्णयानुसार निकुन्ज सामुदायिक स्वास्थ्य सेवा केन्द्रमा लेखासम्बन्धी कर्मचारीको व्यवस्था गर्न र निकुन्ज सामुदायिक स्वास्थ्य सेवा केन्द्र ठाकुरद्वारा बर्दियालाई कानून बमोजिम दर्ता गर्न राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभागमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. जिल्ला कपिलवस्तु धनकौलीस्थित सरस्वती सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरूले मनोमानी किसिमबाट रूख कटान गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६६।२।२६ को निर्णय अनुसार बढी परिमाणमा संकलित सालको काठमध्ये सार्वजनिक विद्यालय मदरसालाई वितरित काठका सम्बन्धमा उक्त वन (सरस्वती सामुदायिक वन) उपभोक्ता समितिबाट आगामी वर्षमा संकलन सहमति माग भएका बखत उक्त परिमाण समायोजन गर्न लगाउन, घाटगद्दीमा मौज्दात रहेको १२९.३३ क्युबिक फिट

काठ वन ऐन नियममा भएको व्यवस्था अनुसार जिल्ला वन कार्यालय कपिलवस्तुले जफत गरी कानून बमोजिम लिलामको व्यवस्था गर्न, जिल्ला वन कार्यालयबाट स्वीकृत संकलन सहमतिभन्दा बढी परिमाणमा संकलन गरी लिलाम कागजातको आधारमा लिलाम गरेको देखिएकोले १६२.२२ क्युबिक फिट काठ बराबरको राजस्व रकम उक्त सामुदायिक वन उपभोक्ता समितिबाट नेपाल सरकारको राजस्व खातामा दाखिला गर्न र हाल भैरहेको सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शनमा भएको व्यवस्थाको अतिरिक्त सामुदायिक वनको वन पैदावार संकलन तथा वितरण प्रणालीलाई प्रभावकारी, विश्वसनीय एवं पारदर्शी बनाई विद्यमान विसंगतिलाई हटाउन राष्ट्रिय वनको हकमा लागू भैरहेको प्रकृतिको सामुदायिक वनको वन पैदावार संकलन वितरण निर्देशिका तयार गरी लागू गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. बारा जिल्लाको रतनपुरी रेञ्जपोष्ट अन्तर्गत वन क्षेत्रबाट खयरको काठ चोरी निकासी भएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।५।९ को निर्णय अनुसार स्थानीय जनजागृति माध्यमिक विद्यालयको प्राङ्गणमा घाटगद्दी गरी राखिएको १७५ थान अर्थात ५.४५।४९ क्यु.फिट खयरको काठ जिल्ला वन कार्यालय बाराले जिम्मा लिई ३ महिनाभित्र व्यवस्थापन गरी आयोगलाई जानकारी गराउन र उक्त खयर चोरी निकासी भएको समयमा कार्यरत कर्मचारीउपर ३ महिनाभित्र विभागीय कारबाही गर्न सचिव वन तथा भू-संरक्षण मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. संखुवासभा जिल्लाका तत्कालीन जिल्ला विकास समितिका उपसभापति हेमराज घिमिरेले चिचिला वेतवारी सामुदायिक वनका रूखहरू कटान गरी बिक्री गरी सामुदायिक वन उपभोक्ता समूहको सम्पत्ति हानी नोक्सानी गरे बापत समितिले गरेको जरिवाना रू. १,८०,०००।- समितिलाई नबुझाएकोले भरिभराउ गर्ने भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।५।१ को निर्णय अनुसार सामुदायिक वन उपभोक्ता समितिले गरेको जरिवाना रकमलाई वन ऐन, २०४९ तथा वन नियमावली, २०५० बमोजिम आवश्यक कारबाही गरी ब्याज सहित असुल गर्न जिल्ला वन कार्यालय संखुवासभामा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. राष्ट्रिय प्रकृति संरक्षण कोषमा करोडौंको आर्थिक हिनामिना भएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।५।१७ को निर्णय अनुसार गैंडा वाइल्ड लाइफ क्याम्पबाट रू. ४९,९७,२४६।४५ असुल उपर गर्न वन तथा भ-ूसंरक्षण मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. जिल्ला सिन्धुपाल्चोक तारामराङ्ग गाउँ विकास समितिसमेतमा अनुमती भन्दा बढि रुख कटान गर्न छोड पुर्जी दिएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।९।१२ को निर्णय अनुसार लामिडाडा सामुदायिक वनमा संकलन अनुमति भन्दा वढि रुख कटान भएको तारामराङ्ग गा .वि.स.मा नम्वरी आवादी जग्गाको रुख वन कार्यालयको सहमति विना नै

कटान गरेको सम्बन्धमा वन ऐन नियम अनुसार कारबाही गर्न जिल्ला वन कार्यालय सिन्धुपाल्चोकलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. जिल्ला वन कार्यालय बारा र हलेरीया साझेदारी वन व्यवस्थापन समितिको मिलेमतोमा राष्टिय वन क्षेत्रबाट रुख काटी तस्करी गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।३।१२ को निर्णय अनुसार प्रस्तुत विषय स्थानीय स्तरवाट समाधान हुन नसकेको हुँदा वन विभागबाटै छानविन गरि कटानीको कानूनी आधार समेत हेरी मुद्दा चलाउनु पर्ने अवस्था देखिएमा मुद्दा समेत चलाउने र सोको प्रतिवेदन १५ दिन भित्र आयोगमा पठाउन वन विभागका महानिर्देशकलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. काल्पनिक जग्गाधनी खडा गरी रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६९।२।५ को निर्णयानुसार वन रक्षक नवराज घिमिरे थासोक रेञ्जपोष्टका प्रमुख सहायक वन अधिकृत सत्यनारायण देव र राम वहादुर कुरुवाङलाई विभागीय कारवाही गर्न र थासोक रेञ्जपोष्ट अन्तर्गत राके लगायत विभिन्न ११ ठाउंमा वेवारिसे भेटिएको खयर थान ७९७ परिमाण ५,२८७.२९ क्यु. फिट जफत गरी लिलाम विक्री गर्न जिल्ला वन कार्यालय, पांचथरमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. कालिका सामुदायिक बन उपभोर्ता समितिले गरेको अनियमितताको संबन्धमा छानबिन समितिले दिएको प्रतिवेदन उपर कारबाही नगरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।४।१५ को निर्णय अनुसार/कालिका सामुदायिक वन उपभोता समितिले जिल्ला वन कार्यालय सुर्खेतमा पेश गरेको छानविन प्रतिबेदनका सम्बन्धमा छानविन गरी छानविनबाट कारबाही गर्न पर्न देखिन आएमा कारबाही समेत गरी सो को जानकारी आयोगमा गराउन जिल्ला वन कार्यालय सुर्खेतलाई लेखिपठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. जिल्ला बन कार्यालय सुर्खेत अन्तर्गका कार्यालयबाट अनियमित कार्यभएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।३।१५ को निर्णय अनुसारभेंडाबारी सामुदायिक वन उपभोक्ता समिति लगायत यस प्रकृतिका बिबादहरू भएका अन्य उपभोक्ता समितिहरू समेतमा बिबादित बोलपत्र लगायतका ठेक्का प्रकृया रद्द गरी नेपाल सरकार बाट हालै निर्णय भए बमोजिम काठको न्यूनतम मूल्य कायम गरी पुनः बोलपत्र लगायत प्रकृया शुरु गर्न जिल्ला वन कार्यालय सुर्खेतमा लेखिपठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

वाणिज्य तथा आपूर्ति मन्त्रालय

१. विशालबजार कम्पनी लिमिटेडले पसल कवल भाडामा दिँदा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६५।११।२५ को निर्णय अनुसार विशालबजार कम्पनीको शुक्रपथस्थित भवनको ३४६ वटा पसल कवल बोलपत्र बिना आफू अनुकूलका व्यक्तिहरूलाई कम भाडादरमा बाँडफाँड गर्दै आएको र पसल कवल प्राप्त गरेका अधिकांशले अन्य व्यापारीहरूलाई बढी रकममा पुनः बहालमा दिँदै आएबाट कम्पनीले प्राप्त गर्ने आम्दानी रकम व्यक्ति विशेषले प्राप्त गर्दै आएको हुँदा कम्पनीको प्रचलित विनियमावली

२ महिनाभित्र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुने गरी संशोधन गरी २०६६ श्रावण १ गतेदेखि अनिवार्य रूपमा बोलपत्र प्रक्रियाद्वारा पारदर्शीरूपमा भाडामा लगाउन विशालबजार कम्पनी लिमिटेडमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. साल्ट ट्रेडिङ कर्पोरेसनका प्रबन्धक व्रजेशकुमार झाले कालीमाटीस्थित तरकारी तथा फलफूल व्यापार केन्द्रको प्रबन्धक भै काम गर्दा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६५।११।२६ को निर्णय अनुसार कुनै कारोबार गर्दा गराउँदा प्रचलित नियम कानूनको अधीनमा रही नोक्सानी घटाई नाफा बढाउनेतर्फ आवश्यक नीति एवं संयन्त्र निर्माण गरी व्यवस्थित गर्नुपर्नेमा सो भएको नपाइएकोले त्यस्तो संयन्त्रको निर्माण नै नभै तरकारी केन्द्र खोली लगानी गरी बन्दसमेत गरेको देखिएको तथा कर्पोरेसनबाट गरिने उधारो कारोबारमा समेत कुनै निश्चित नीति बनाई अवलम्बन गरेको नदेखिएकोले अब सोही किसिमको काम गर्दा सो बारेमा यथेष्ट अध्ययन गरी आवश्यक संयन्त्र तथा नीतिको व्यवस्था मिलाई कार्य गर्न गराउन एवं हाल बन्द तरकारी तथा फलफूल आयात निर्यात तथा खरिद केन्द्रबाट गएका उधारो रकमहरूका सम्बन्धमा कडाइका साथ असुल उपर गराई आयोगलाई जानकारी दिन साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

भौतिक योजना निर्माण तथा यातायात व्यवस्था मन्त्रालय

१. सडक विभाग अन्तर्गत डिभिजन सडक कार्यालय, दोलखा समेतले नियम विपरीत ल्याप्स, चेयर्स र वेस्ट बापतको रकम भुक्तानी गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६२।१२।१८ को निर्णयानुसार अनियमित रूपमा रकम भुक्तानी दिने कर्मचारी उपर विभागीय कारबाही गरी आयोगमा जानकारी पठाउन र डिभिजन सडक कार्यालय, जनकपुरबाट रू. १३,७६२।६६ र डिभिजन सडक कार्यालय, हेटौंडाबाट रू. १,११,२७७।०६ असुल उपर गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. सार्वजनिक बाटो जग्गा मिचेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६५।१।१० को निर्णय अनुसार विष्णुमती किनारबाट मापदण्डभन्दा कम सेट व्याक छोडी निर्माण गरिएका सबै घर संरचना प्रचलित कानूनको रीत पुऱ्याई भत्काई निर्धारित मापदण्ड कायम राखी ३ महिनाभित्र आयोगलाई जानकारी दिन काठमाडौं उपत्यका नगर विकास समितिमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. प्राथमिक स्वास्थ्य केन्द्र भिमाद, तनहुँको भवन, डाक्टर क्वाटर तथा स्टाफ क्वाटरको निर्माण कार्यमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।६।२२ को निर्णय अनुसार इन्जिनियर रविन्द्र बोहोराबाट रू. १,२९,३९९।९५ र ओभरसियर अनन्तराज पौडेलबाट रू. १,२९,३९९।९५ असुल उपर गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. ओखलढुंगा मालपोत कार्यालय भवन निर्माण गर्दा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।३।१५ को निर्णय अनुसार मालपोत कार्यालय भवनको निर्माणका क्रममा प्राविधिक तथा ठेकेदारबाट प्रर्याप्त ध्यान नपुऱ्याएको कारणबाट भवनको स्लावबाट वर्षातको पानी चुहीन गएकोमा उक्त चुवाहट नियन्त्रण गर्ने प्रयोजनका लागि जिल्ला विकास समितिको कार्यालय ओखलढुंगाबाट खर्च भएको रू. ९८,५००।- ठेकेदार ववि कन्स्ट्रक्सन ओखलढुंगा ९ ले पाउने जुनसुकै रकमबाट असुल उपर गरी नेपाल सरकारको राजस्व खातामा दाखिला गर्न शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय ओखलढुंगामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. भैरहवा-परासी भुमही सडक खण्डको निर्माण कार्यमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।९।२० को निर्णय अनुसार भैरहवा-परासी भुमही सडक खण्डको पिच गर्ने क्रममा बाँकी रहेको निर्माण सामाग्रीहरू सफा नगरी सडकको साइडमा ढिस्को जस्तो पारी कतिपय ठाउँमा त्यसै छाडिएको, रोहिणि खोला पूल छेउमा करिव ४ मीटर सडक खोलाले वगाई भत्केकोमा गिट्टि राखिएको, पिच नभएको वाटोमा रहेको पुल र कल्भर्टको Joint मा Bumping वढी पाइएको, देवकोटा चोकको आसपासको क्षेत्र भुमहीचोकको आसपासको क्षेत्र र रोहिणि पुल अगाडि देखिएका Fault हरू हाल उक्त सडक DLP अवधिभित्र रहेको देखिदा अविलम्व रुपमा सच्याइ सम्पूर्ण उक्त Fault हरूको निदान गरी गर्न लगाई सडकलाइ दूरुस्त वनाई सो को जानकारी आयोगलाई दिएरमात्र निर्माण कम्पनीलाई भुक्तानी दिइ सडक जिम्मा लिन सडक विभागमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. यातायात व्यवस्था कार्यालय वागमतीवाट सवारीचालक अनुमतिपत्र दिंदा लिईने परीक्षामा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।४।२६ को निर्णय अनुसार परिक्षण स्थलको भौतिक स्थीति क्षमता तथा जनशक्तिलाई मध्यनजर गरी सम्बद्ध प्राविधिक समेतको राय लिई परीक्षा लिन सकिने दैनिक समय र संख्या किटान गरि प्रयोगात्मक परीक्षा संचालन गराउने व्यवस्था मिलाउन, प्रयोगात्मक परीक्षा स्थलमा सिसि टिभि तथा मनिटरको व्यवस्था गरि नतिजा रेकर्ड गर्न र परिक्षण दृष्य समेत अध्ययन गरि परीक्षा समितिवाट निर्णय गर्न, ट्रायल परीक्षामा बास्तविक दक्षता स्पष्ट मापन हुने गरि बहुपद्धति अवलम्बन गर्न रोड टेष्टको माध्यमबाट परीक्षण गर्ने व्यवस्था मिलाउन, र अभिलेख व्यवस्थापन तर्फ आगामी पौष महिना सम्ममा सम्पूर्ण अभिलेख हरू कम्प्युटरमा राखी अद्यावधिक गर्ने गराउने व्यवस्था मिलाउन यातायात व्यवस्था विभागमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. यातायात व्यवस्था कार्यालय वागमती ललितपुरका कर्मचारीले घुस रिसवत लिई लाईसेन्स बनाई दिने गरेको उजुरीका सम्बन्धमा मिति २०६५।४।१९ को निर्णय अनुसार शाखा प्रमुख अर्जुन राज पन्त, शाखा अधिकृत गोकुल खडका, शाखा अधिकृत कुष्ण वहादुर कटुवाल,

मेका.इ टेकराज वोहरा, ना.सु कमलराज गौतम, खरिदार वलराम पण्डीत, टाइपिष्ट ख. रञ्जुसेन ठकुरीलाई विभागीय कारवाही गर्न र दैनिक झण्डै ६ लाख राजश्व आम्दानी गर्ने र लाइसेन्स वितरण गर्ने कार्यालयका रेकर्ड व्यवस्थीत तथा सुरक्षीत गर्न Computer Networking को कार्य यथाशिध्र अवलम्वन गर्न तत्कालिन श्रम तथा यातायात मन्त्रालयमा लेखि पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

१. सुकुलढोका केदारेश्वर महादेवस्थानको नाममा दर्ता भएको गुठीको जग्गा गुठी संस्थानका कर्मचारीहरूको मिलेमतोमा अनधिकृत व्यक्तिलाई गुठियार कायम गर्न खोजी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६१/९/२ को निर्णयानुसार गुठी संस्थान ऐन, २०३३ को दफा ३९ बमोजिम जे जस्तो निर्णय गर्नुपर्ने हो गरी ३ महिनाभित्र आयोगलाई जानकारी दिन गुठी संस्थान केन्द्रीय कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. काठमाडौं, ललितपुर र भक्तपुर मालपोत कार्यालयमा रजिस्ट्रेसन पास गर्दा कम राजस्व दाखिला गरी राजस्व मस्यौट गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६३।४।१६ को निर्णय अनुसार कम राजस्व दाखिला गरी गराई जग्गा रजिष्ट्रेसन पास गर्ने, मस्यौट गर्ने कर्मचारीहरू विरुद्ध विभागीय कारबाही गरी आयोगलाई जानकारी गराउन र नियमानुसार लाग्ने राजस्व रकमभन्दा कम राजस्व असुल हुने गरी लिखत पारित भएका जग्गाको नियमानुसार नपुग राजस्व ३ महिनाभित्र असुल गरी रोक्का रहेका जग्गा फुकुवा गर्ने व्यवस्था मिलाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. सकुम्बासी समस्या समाधान आयोग मोरङले बिक्री वितरण गरेको जग्गामा अनियमितता भयो भन्ने उजुरीका सम्बन्धमा मिति २०६३।११।२७ को निर्णय अनुसार अनियमित रूपमा मालपोत ऐन २०३४ को प्रतिकूल हुने गरी दर्ता भएको सरकारी जग्गालाई दर्ता बदर गरी सरकारी जग्गा कायम गर्न मातहतको विभाग कार्यालयलाई निर्देशन दिनुपर्ने दायित्व भएको मन्त्रालयले सो नगरी सचिवस्तरबाट भएको रोक्का निर्णयलाई मिति २०५८।११।१५ मा मन्त्रीस्तरीय निर्णय गराई फुकुवा गरी सरकारी जग्गा संरक्षण गर्ने दायित्वबाट पन्छिएको देखिन आएको हुँदा मालपोत ऐन २०३४ को दफा २४ (२) लाई प्रभावकारी कार्यान्वयन गरी कानूनले तोकेको दायित्व पूरा गर्न र जालसाजीपूर्ण कार्यगरी झुट्ठा व्यहोरा पेश गरी गैरसुकुम्बासी गैरअव्यवस्थित बसोबासी र क्षेत्रीय कार्यालय विराटनगरले वितरण नगरेको जग्गालाई तत्कालीन बसोबास प्रशासकको दस्तखतसँग मिल्लोजुल्दो गरी जालसाजी श्रेस्ता पुर्जा पेश गरी अनधिकृत रूपमा जग्गा दर्ता गराएको हुन सक्ने देखिएकोले यस सम्बन्धमा सम्बन्धित मन्त्रालयले कुनै पदाधिकारी तोकी वा समिति गठन गरी यकिन गर्नुपर्ने हुँदा सुकुम्बासी समस्या समाधान आयोग कार्यनीति २०५६ (संशोधन सहितको) दफा ५ र

सुकुम्बासी समस्या समाधान आयोग कार्यविधि २०५७ को दफा २१ अनुसार कारबाही गरी सो को जानकारी ६ महिनाभित्र आयोगलाई गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. काठमाडौं महानगरपालिका वडा नं.३२ धोबीखोला स्थित कित्ता नं. १४३ को २३ रोपनी जग्गा व्यक्तिहरूले अनियमित रूपमा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६५।८।९ को निर्णय अनुसार उल्लिखित कित्ताहरूमध्ये कुन कुन कित्ता नेपाल सरकारको नाउँमा कायम भइसकेको छ ? सो को विवरण र नेपाल सरकारका नाउँमा कायम गर्न बाँकी रहेका कित्ताहरू उल्लिखित कानूनी व्यवस्था अनुसार नेपाल सरकारका नाममा कायम गर्नेतर्फ कार्यान्वयन गरी सो को जानकारी १ महिनाभित्र आयोगलाई गराउनका लागि मालपोत कार्यालय, डिल्लीबजारमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. जनकपुरमा पर्ने तोताडी मठरानी पारी मठका गुठीका जग्गालाई नापीको समयमा मठका पुजारी चर्तुरभुज उपाध्यायले रैतान नम्बरी दर्ता गराई अनियमितता गरे भन्ने उजुरीका सम्बन्धमा मिति २०६५।१२।११ को निर्णय अनुसार तोताडी मठरानी पाटीका जग्गाको रैतान नम्बरीतर्फको लगत कट्टा गरी साविक बमोजिम दर्ता गरी आयोगमा जानकारी पठाइदिन गुठी संस्थान केन्द्रीय कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. काठमाडौं महानगरपालिका भीमसेन गोलाको कित्ता नं.१९७ को सार्वजनिक पर्ती जग्गा आफ्नो नाममा दर्ता गराउन लागेकोले आवश्यक कारबाही गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।४।६ को निर्णय अनुसार काठमाडौं जिल्ला भीमसेनगोला वडा नं.१ ख.कित्ता नं.७३ को जग्गा हाल काठमाडौं महानगरपालिका वडा नं.१० सिट नं.१०२–११४७–०२ को हालको कित्ता नं. १७९, १८०, १६१, १६९, ३७१, १६३ को जग्गाभित्र व्यक्तिको जग्गामा घुसेको देखिँदा साविक ७३ नं. कित्ता हालको कित्तामा घुसेको जति क्षेत्रफलको जग्गा सम्बन्धित व्यक्तिहरू समेत बुझी कानूनको रीत पुऱ्याई नेपाल सरकारको नाममा कायम गर्न मालपोत कार्यालय डिल्लीबजारमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. साविक पाटन यनमुगल ६६।५६ नं. लगतमा त्रैलोकघर समेत ६ जनाको नाममा गुठी जनिएको टिकाथली गाउँ विकास समिति वडा नं.१(ख) को कित्ता नं.१२ को क्षेत्रफल ६-४-०-० जग्गा कर्मचारीसँग मिलेमतो गरी फिल्डबुकमा केरी सच्चाई गुठी जग्गा रैकरमा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।५।१५ को निर्णय अनुसार नापी अधिकृत भीमबहादुर कार्की, नापी निरीक्षक सत्यनारायण चौधरी, अमिन राजप्रवोध कुमार महासेठ र कार्यालय सहयोगी नातिबाबु सुवेदीलाई विभागीय कारबाही गर्न नापी विभागमा र ललितपुर जिल्ला टीकाथली गाउँ विकास समिति १ (ख) कित्ता नं.१२ को क्षेत्रफल ६-४-०-० जग्गाको मिति २०६५।११।१२ मा बुद्धरत्न शाक्यको नाममा दर्ता हुने गरी मालपोत कार्यालय

ललितपुरले गरेको निर्णय कानूनसम्मत नभएकोले उक्त जग्गालाई पूर्ववत निजी गुठी नै कायम गरी दर्तासम्बन्धी कारबाही निष्क्रिय गर्न मालपोत कार्यालय ललितपुरमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. बालाजुको सार्वजनिक जग्गा व्यक्ति विशेषले मिच्ने र हडप्ने कार्य गरी व्यक्तिको नाममा गराएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।८।४ को निर्णय अनुसार साविक बालाजु ४ कित्ता नं.४ क्षेत्रफल साविक ४-७-२-० को जग्गा पर्ती भएको देखिएको र पुनः नापी हुँदा उक्त जग्गाको साथमा कतैकतै भोगको आधारमा आफ्नो नाममा गराएको भए पनि नक्सा सुधार गर्ने एवं रावल आयोगले रोक्का राखेको पाइएकोले उक्त जग्गा हाल सार्वजनिक बाटो चउर एवं कहींकतै व्यक्तिगत रूपमा प्रयोग गर्ने समेत गरेको पाइएको, उक्त साविक बालाजु ४ नं. कित्ता जग्गालाई हालको तथा नापीमा कुन कुन कित्तामा पर्दछ यकिन गरी जग्गा छुट्याई नेपाल सरकारका नाममा कायम गरी १ महिनाभित्र जग्गाधनीको पुर्जाको प्रतिलिपि सहित आयोगमा जानकारी गराउन मालपोत कार्यालय डिल्लीबजारमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. काठमाडौं जिल्ला बालुवा गाउँ विकास समिति ९ (ख) को जोताहा मोहीलाई खारेज गरी दर्तावालालाई मोही कायम गर्ने गरी निर्णय गरी गुठी संस्थानबाट भ्रष्टाचार भएको उजुरीका सम्बन्धमा मिति २०६६।७।२५ को निर्णय अनुसार मुलुकी ऐन अदालती बन्दोबस्तको ३५ नं.बमोजिम क्षेत्राधिकार बाहिर भई कायम रहन नसक्ने देखिएको काठमाडौं जिल्ला बालुवा गाउँ विकास समिति वडा नं.९(ख) कित्ता नं.१७० र ऐ.गाउँ विकास समिति वडा नं.९(३) कित्ता नं.११ का जग्गाहरू कित्ताकाट भै हाल भएका सम्पूर्ण कित्ता नं.का जग्गामा ३ महिनाभित्रमा साविकको जोताहा मोही काले दमाईको नाम कायम गरी सो को जानकारी आयोगलाई गराउन भूमिसूधार कार्यालय काठमाडौंमा र सोही अनुसार आआफ्नो श्रेस्ता सुधार गर्न गुठी संस्थान र मालपोत कार्यालय काठमाडौंमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. काठमाडौं जिल्ला साबिक बौद्ध गाउँ विकास समिति वडा नं. ४ क कित्ता नं. ३२ को २-१४-३ क्षेत्रफल हाल नापीमा नगर वडा नं.६ सिट नं. १०२-१०६८-०८ कित्ता नं.६४ को २-१४-३ क्षेत्रफल भएको जग्गा अनियमित तरिकाले दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।७।९ को निर्णय अनुसार मालपोत कार्यालयबाट भएको हाल साविक नामसारी कानूनसम्मत नभएकोले उल्लिखित दुष्कृतिजन्य निर्णय सच्याई प्रस्तुत विवादको सक्कलै फाइल मोही तेरोमेरोको विवादको टुंगो लगाउन भूमिसुधार कार्यालयमा पठाउन प्रशासक, गुठी संस्थान केन्द्रीय कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११ . काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ बस्ने बत्तिनानी प्रधानले साविक काठमाडौं महानगरपालिका वडा नं. २९(क) मा आफ्नो नाममा जग्गाधनी प्रमाणपुर्जा कायम भएको कित्ता नं. १७७ र १७८ को ०-१०-० र १-१०-० क्षेत्रफल नम्बरी जग्गा नयाँ

नापीपछि मालपोत र नापी कार्यालयबाट हाल साविक गरी नदिएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा मिति २०६६।९।१६ को निर्णय अनुसार नेपाल सरकारले कसैलाई भोगाधिकार दिएको भए व्यक्तिको जग्गामा अर्काको भोगाधिकार रहन नसक्ने हुँदा र भोगाधिकार फिर्ता गर्न सकिने नै हुँदा मालपोत ऐन तथा नियमको अधीनमा रही निवेदिकाको जग्गा हाल साविक गरी दिन, सेवाग्राहीको गर्न मिल्ने काम समयमै गरिदिने गर्न नमिल्ने वा अर्कै निकायले गर्नुपर्न भए सो को जानकारी गराउनुपर्नेमा मालपोत कार्यालय डिल्लीबजार र नापी शाखा डिल्लीबजारका तत्कालीन कार्यालय प्रमुखहरूले त्यस्तो गरेको देखिन नआएको हुँदा निजहरूलाई सख्त ध्यानाकर्षण गराउने र ३ महिनाभित्र हाल साविकको टुंगो लगाई आयोगलाई जानकारी गराउन मालपोत कार्यालय डिल्लीबजारमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. कास्की जिल्ला अर्धौढले पिपल देउमाडी ठूलाकोटमा अवस्थित भैरव गुठीको करिब ४९ रोपनी गुठी तैनाथी जग्गा सम्बन्धित गुठीको नाम जग्गाधनी महलमा कायम राखी गुठी तैनाथीमा दर्ता गर्नुपर्नेमा गुठियार मधुमाया योगीलाई मोही कायम गर्ने गरी गुठी संस्थानबाट निर्णय भएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।८।२६ र २०६६।९।१३ को निर्णय अनुसार उप-प्रशासक दीपकबहादुर पाण्डेलाई विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था विभागमा र गुठी संस्थान केन्द्रीय कार्यालयबाट निर्णय गर्दा गुठी संस्थानको हकहितलाई ध्यानमा नराखी कित्ता नं.२२२, १०३, १२३, १७१, १७२, १९२, १९३ र १९४ का जग्गाको मोही महलमा मधुमाया योगीको नाम श्रेस्ता र पुर्जामा कायम गर्ने गरी गरेको निर्णय सर्वोच्च अदालतको प्रतिपादित सिद्धान्त तथा गुठी संस्थान ऐन विपरीत देखिएकाले गुठी संस्थानको २०६६।२।१० को निर्णयमा मधुमाया योगीको नाम उल्लेखित जग्गाको श्रेस्ता र पुर्जाको मोही महलमा कायम गर्ने निर्णय प्रत्यक्ष त्रुटिपूर्ण हुँदा दुष्कृति सच्याउन र कानूनी सल्लाहकारद्वय सुश्री अंजिता खनाल र सोमराज तिम्सिनाको करार समाप्त गर्न सञ्चालक समिति गुठी संस्थानमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. काठमाडौं जिल्ला चपली भद्रकाली गाउँ विकास समिति वडा नं.७ (ग) कित्ता नं.२७४, २७७, २८७ र २८८ समेतका जग्गाहरूको नामसारीसम्बन्धी निवेदन उपर कुनै कारबाही नै नगरी गोपाल थापाको नाममा एकतर्फी नामसारी गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६६।९।१६ को निर्णय अनुसार काठमाडौं जिल्ला चपली भद्रकाली गाउँ विकास समिति वडा नं.७ (ग) कित्ता नं.२७४, २७७, २८७ र २८८ समेतका जग्गाहरू मालपोत कार्यालय चाबहिलको साविक श्रेस्तामा दर्ता बाँकी जग्गा देखिएको, उल्लिखित दर्ता बाँकी जग्गालाई मालपोत कार्यालय चाबहिलबाट कृत्रिम नामसारी मिसिल नं.९३।०६५।१०।२६ को निर्णयले गोपाल थापाको नाममा श्रेस्ता कायम गरी प्रमाणित गरेको समेत देखिएकोले कृत्रिम नामसारी मिसिल नं. र मितिबाट गोपाल थापाको नाममा कायम भएको उल्लिखित जग्गाको श्रेस्ता कायम रहन नसक्ने भएकोले गोपाल थापाको नामको उल्लेखित श्रेस्ता बदर गरी साविक बमोजिमको दर्ता बाँकी श्रेस्तामा कायम राखी सो को जानकारी आयोगलाई

गराउन र मालपोत कार्यालय चाबहिलको कृत्रिम मिसिल नं.र मितिबाट नामसारी भएका उपरोक्त कित्ता नं. २७४, २७७, २८७ र २८८ का जग्गाको नामसारी दर्ता गैरकानूनी देखिएकोले कानूनसम्मत तरिकाले दर्ता नभएसम्म रोक्का राख्न मालपोत कार्यालय चाबहिलमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. गुठी सस्थान केन्द्रीय कार्यालयका उपनिर्देशक दिपकबहादुर पाण्डेले गुठी संस्थानलाई हानी नोक्सानी पुऱ्याएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा मिति २०६७।२।२६ को निर्णय अनुसार उपप्रशासक दिपकबहादुर पाण्डेलाई विभागीय कारबाही गर्न गुठी संस्थान केन्द्रीय कार्यालयलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. नापी कार्यालय चावहिलका कार्यालय प्रमुख राम विनय कुमार सिंह समेतको मिलेमतोमा सार्वजनिक जग्गाको नक्शा सच्याइ अनियमित कार्य भएको भन्ने उजुरीको सम्बन्धमा मिति २०६७।४।६ को निर्णय अनुसार सरकारी सार्वजनिक दर्ता भैसकेको जग्गालाई सरकारी कायम गर्नुका साथै गलत काम गर्ने कर्मचारीहरू उपर नापी विभागबाट कारवाही उठान भैसकेको देखिदा निजहरूलाई विभागीय कारवाही गरेको जानकारी आयोगमा पठाउन नापी विभागमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. भूमाफीया विरुद्ध कारवाही गर्ने भन्ने उजुरीको सम्बन्धमा मिति २०६७।९।२६ को निर्णय अनुसार साविक कलंकी गाउँ विकास समिति वडा नं. ८ (क) कित्ता नं.१७० को ०-१३-१-० रोपनी क्षेत्रफलको जग्गा सर्भे नापीको फिल्ड बुकमा जोताहा जग्गाधनी तथा किसानको व्यहोरा समेत खाली भै मालपोत कार्यालय कलंकीको दर्ता बाकी श्रेस्ताको मोठ पाना नं. २९७१ मा रहेकोमा उक्त श्रेस्तामा कुनै व्यहोरा उल्लेख नगरी मालपोत कार्यालय कलंकीको मोठ ठेली नं.५ को पाना नं.१२६२ मा धर्म महर्जनको नाममा मिति २०३६।१०।२९ को निर्णयबाट दर्ता भएको भन्ने कैफियत लेखि दर्ता भएको देखिएको र मालपोत कार्यालय डिल्लीवजार काठमाडौंबाट प्राप्त मिति २०६६।११।२६ र २०६७।८।७ को पत्र, राय किताव, तामेली दर्ता रजिष्टरको प्रतिलिपि एवं संकलित मिसिल संलग्न कागजात प्रमाणबाट उक्त कि.नं.१७० को जग्गा कानूनी प्रक्रिया पुरा गरी धर्म महर्जनको नाममा दर्ता गर्ने गरी मिति २०३६।१०।२९ मा निर्णय भएको नदेखिएको र दुषित कार्य गर्ने कर्मचारीको पहिचान समेत हुन नसकेकोले उक्त कि.नं.१७० को जग्गाको दर्ता सम्बन्धमा मोठ ठेली नं.५ को पाना नं.१२६२ मा लेखिएको मिति २०३६।१०।२९ को निर्णयले धर्म महर्जनको नाममा दर्ता भएको भन्ने कैफियत व्यहोरालाई वदर गरी श्रेस्ता पुर्जा वनाई नेपाल सरकारको नाममा दर्ता गरी आयोगमा जानकारी पठाउन मालपोत कार्यालय कलंकीलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. कीर्ते विल भरपाई वनाई लाखौं खाएको भन्ने उजुरीको सम्बन्धमा मिति २०६७।११।२२ को निर्णय अनुसार गुठी संचालन सहयोग समितिका अध्यक्ष मनोज कुमार शाहले गाडी मर्मत गराउन पेश्की लिएको रू. ४०,०००।- तुरुन्त फर्छ्यौट गराउन र फछ्र्यौटका लागि पेश

हुने विल भरपाई यथार्थ कार्य भए अनुरुप हो होइन ? जाचबुझ गरी फछ्यौंट गर्न गुठी संस्थान केन्द्रीय कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. कीर्तिपुर न.पा.वडा नं. ६ सामलटोल बस्ने गुरुङ्गचा भन्ने वेखा बहादुर महर्जन जोताहा मोहीको रुपमा कायम रहेको का.जि.पालिफल गाउँ विकास समिति वडा नं. ५ कित्ता नं.१०४ को जग्गा मालपोत कार्यालयका कर्मचारीको मिलेमतोमा गैर कानूनी रुपमा सिद्धि बहादुर महर्जन समेतको नाममा दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६७।१२।९ को निर्णय अनुसार नापी अधिकृत दुर्गा दास महर्जन हाल नापी कार्यालय पर्सालाई विभागीय कारवाही गर्न र छोरा वडा सचिव भई आमाको नाममा जग्गा दर्ता गर्ने सिफारिस गरी आफ्नो आमाको नाममा सवुत प्रमाण नपुग्ने उक्त विवादित जग्गा (पालिफल गा.वि.स ५स्थीत कि.नं.१०४) दर्ता गराएको देखिएकोले वदर गरी कानून बमोजिम दर्ता सम्बन्धी काम कारवाही गर्ने व्यवस्था मिलाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१९. भक्तपुर जिल्ला सुडाल गा.वि.स वडा नं.४क कि.नं.२५१ र २५२ को सरकारी सार्वजनिक जग्गा भक्तपुर स्थित गुठी संस्थान शाखा कार्यालयबाट जंगम मठ गुठीको नाममा दर्ता गरी स्थानीय व्यक्तीको नाममा मोही कायम गरी हिनामिना गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६७।११।१३ को निर्णय अनुसार उपरोक्त भक्तपुर जिल्ला सुडाल गा.वि.स वडा नं.४क कि.नं.२५१ र २५२ क्षेत्रफल क्रमशः २४-८-०-० र ४६-८-०-० रोपनी जग्गा २०२१ सालको नापीमा पर्ती भनी जनिएको सरकारी सार्वजनिक जग्गा जनिई हाल सम्म सरकारी सार्वजनिक भनी श्रेस्ता कायम भएको साथै सरकारी कार्यालयमा आधिकारीक निर्णयको मिसिल श्रेस्ता नभएको एवं परम्परा देखिनै कमाई व्यक्ति विशेषको जग्गा रहेको भन्ने पुष्टि हुन नआएको हुँदा उल्लेखित जग्गाहरू मालपोत ऐन २०३४ को दफा २४(२) बमोजिम नेपाल सरकारको नाममा कायम गर्न अविलम्ब निर्णय गरी सोको जानकारी आयोगलाई दिन मालपोत कार्यालय भक्तपुरलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२०. बालाजु गाउँ विकास समिति वडा नं.९(ख) कि.नं.९० को १-१०-० रोपनी क्षेत्रफल को जग्गा अनियमित तरिकाले सम्बन्धित व्यक्तिको नाममा दर्ता सम्बन्धी कारवाही गरेकोले छानविन गरी पाउ भन्ने उजुरीको सम्बन्धमा मिति २०६७।१२।९ को निर्णय अनुसार यस सम्बन्धमा कानून वमोजिम गरी त्यसको जानकारी आयोग लाई दिन मालपोत कार्यालय डिल्लीवजार लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२१. नरसिं गाउँ विकास समिति३ सुनसरी वस्ने रामानन्द महतोले र.नं.१४६०७ मालपोत कार्यालय सुनसरीबाट रजिष्ट्रेशन गरी शम्भुभक्त श्रेष्ठबाट खरिद गरेको जग्गाको क्षेत्रफल नमिलेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६७६।४ को निर्णय अनुसार यसमा कि.नं.१६०७ को जग्गा रजिष्ट्रेशन पास गरी लिएकोमा सो रजिष्ट्रेशन गरी लिएको जग्गाको

क्षेत्रफल नमिलेको भन्ने समेत विवाद देखिएकाले नापी कार्यालयबाट पहल गरी साविक जग्गा धनी र हाल खरिद कर्तालाई समेत झिकाई रजिष्ट्रेशन बमोजिमको जग्गाको क्षेत्रफल सम्बन्धि समस्या समाधान गर्न नापी कार्यालय सुनसरीमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२२. नापी कार्यालय डिल्लीबजार काठमाडौका प्रमुख नापी अधिकृत नारायण चौधरी समेतले साविक नगर २८(ख) कि.नं.१८२ लाई कि.नं.१८३ कायम गरी हाल साविक गरी भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६७।१२।१३ को निर्णय अनुसार दोहोरो श्रेस्ता भएको कि.नं.१८२ का हकमा कानून बमोजिम दोहोरो श्रेस्ता मिलान गर्नुपर्ने हुँदा दोहोरो श्रेस्ता के कसरी तयार भयो ? दोहोरो श्रेस्ता तयार गर्ने क्रममा को को कर्मचारी संलग्न भएका थिए? दोहोरो श्रेस्ता तयारका क्रममा सरकारी कागजात किर्ते भएको छ छैन ? सो समेत यकिन गरी १ महिना भित्र दोहोरो श्रेस्ता मिलान गर्ने कार्य र सरकारी कागजात कीर्ते गर्ने कर्मचारीहरू उपर कानून बमोजिम कारवाही गर्न जिल्ला प्रहरी कार्यालय हनुमान ढोकामा लेखि पठाई कारवाहीको जानकारी आयोगमा पठाउन मालपोत कार्यालय डिल्लीवजारलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२३. भक्तपुर नगरपालिका वडा नं ११ कि.नं.१८ को ७०-१-०-१ क्षेत्रफलको गुठीको घरजग्गा व्यक्तिको नाममा दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।१।१६ को निर्णय अनुसार भविष्यसम्म पुजाआजा र धर्म परम्परालाई निरन्तरता कायम गर्न उक्त घरजग्गालाई गुठि नै कायम गर्नपर्न भएकाले गुठी संस्थान ऐन २०३३ को दफा २५(४) को आधारमा उक्त ऐनको दफा ३९(१) बमोजिम भक्तपुर नगरपालिका वडा नं. ११ कि.नं १८७ क्षेत्रफल ०-१-०-१ क्षेत्रफल रोपनीको घरजग्गा भद्रकाली गुठीको रोटी पकाउने घरको कायम गरी गुठीमा दर्ता गर्न गुठी संस्थान केन्द्रिय कार्यालयलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२४. साबिक चाबहिल ९(ख) कि न ६४को ४-७-०-० क्षेत्रफलको करोडौ मूल्य पर्ने जग्गा अनियमित तवरले दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६८।३।२२ को निर्णय अनुसार उक्त जग्गाको मिसिल फायल गुठी कार्यालय पशुपति अमालकोट कचहरीबाट माग गरी राष्ट्रिय सतर्कता केन्द्रको निर्णय कार्यान्वयन गर्न मालपोत कार्यालय चावहिलमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२५. भक्तपुर जिल्ला दुवाकोट गा बि स वडा नं २ को (ग) कि. नं. ८० प्र ७ को भैरवी गणेश प्राथमिक विद्यालय र नारायणको मन्दिर रहेको उक्त जग्गाको साबिक क्षेत्रफल १-४-३-० भएको सो जग्गाको वरिपरि जग्गा प्लटिङ गर्नेहरूले अतिक्रमण गरेको उजूरीको सम्बन्धमा मिति २०६८।३।१३ को निर्णय अनुसार मालपोत कार्यालय भक्तपुरले आफ्नो प्रतिक्रियाको जबाफ ३ मा दिएको सुझाब मनासिब देखिदा सो अनुसार गर्न र नं ८० संग जोडिएका चारै तर्फका कित्ता जग्गाहरू फिल्डबुक र नक्सा अनुसार के कति क्षेत्रफल थियो यकिन गरी

हाल कुन कुन कित्तामा क्षेत्रफल बढि भई कुन कित्तामा घट्न गएको रहेछ एकिन गरी अर्को कित्तामा घुसेको सरकारी जग्गालाई साबिक अनुसार आफैमा गाभेर क्षेत्रफल सुधार गर्नु पर्ने देखिएको हुँदा नापी बिभाग मार्फत नापी कार्यालय भक्तपुरलाई साबिक नक्सा फिल्डबुक अनुसार गाउँ विकास समितिभवन विद्यालय भवन रहेको र सो मा जोडिएका सबै कित्ता बाटोहरू समेत नापजांच गरी साबिक अनुसारको क्षेत्रफल कायम गर्न भूमिसुधार व्यवस्था बिभागमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२६. भक्तपुर ताथली गा. बि. स. वडा नं ९ क कित्ता नं ९६ को २-१-०-० क्षेत्रफलको सरकारी जग्गा समेत मालपोत कार्यालय भक्तपुरबाट नक्कली निर्णय गरी समेत दर्ता गरी लिनु खानु गरेको उजुरीको सम्बन्धमा मिति २०६८।३।१ को निर्णय अनुसार भक्तपुर ताथली ९ क कित्ता नं १२० को २-०-०-० क्षेत्रफल र कित्ता नं १२१ को ५-६-२-० क्षेत्रफलको जग्गा मालपोत ऐन २०३४ को दफा ३४ बमोजिम नेपाल सरकारको नाममा दर्ता गरी श्रेस्ता बनाई सो को जानकारि १ महिना भित्र आयोगलाई दिन मालपोत कार्यालय भक्तपुरमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२७. भक्तपुर जिल्ला दिव्येश्वरी गा. बि. स. वडा नं ९ ग कित्ता नं १९८ को सार्वजनिक खोला मालपोत कार्यालय भक्तपुरले कित्ताकाट गरी दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।३।२१ को निर्णय अनुसार सर्वोच्च अदालतको आदेश बमोजिम कित्ता नं १९८ बाट गुणमाया चक्धर समेतको नाममा कित्ताकाट भई गएको कित्ता नं ३१३ क्षेत्रफल २-८-०-० बाहेक बाकी रहन आएको कित्ता नं ३१४ क्षेत्रफल २-१०-०-० र कित्ता नं ३१५ को क्षेत्रफल ४६-४-० गरी जम्मा ४८-१४-०-० क्षेत्रफल जग्गा २०२१ सालको फिल्डबुक र नक्सामा मनहरा नदी जनाइएको, मालपोत ऐन २०३४ को दफा २ को ख २ अनुसार सरकारी जग्गाको परिभाषा भित्र पर्न नेपाल सरकारको हक लाग्ने जग्गा देखिंदा र मालपोत कार्यालय भक्तपुरको मिति २०४९।३।३० मा नेपाल सरकारको नाममा कायम गर्न निर्णय भईसकेको आधारमा मालपोत ऐन २०३४ को दफा २४ अनुसार नेपाल सरकारको नाममा दर्ता गरी श्रेस्ता पुर्जा बनाई पुर्जा सहितको जानकारी १ महिना भित्र आयोगलाई पठाउन मालपोत कार्यालय भक्तपुरमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२८. तत्कालिन इचंगुनारायण गा. बि. स. का सचिव लेखनाथ भट्टराईले जग्गा दर्ता सम्बन्धमा अनियमित रुपमा जग्गा दर्ता गर्न सिफारिश गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।३।५ को निर्णय अनुसार इचगुंनारायण गाउँ विकास समिति का सचिव लेखनाथ भट्टराई, लाई बिभागीय कारबाही गर्न जिल्ला विकास समिति काठमाडौमा र यसमा उल्लेखित जग्गाहरूको जग्गाधनी निसन्तान भएको देखिदां उपरोक्त जग्गाहरू (कित्ता नं ३२१, ३१५, ३१६, ३१८, ३२१, ३४२, ३९६, ४००, ४११ र ४१३) लाई नेपाल सरकारको नाममा कायम गर्न प्रकृया अगाडि बढाउन मालपोत कार्यालय कलंकीमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२९. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं १९ कि.नं. ३०९ को ०-१३-१ क्षेत्रफलको सार्वजनिक जग्गा केही व्यक्तिहरूले आफ्नो नाममा दर्ता गर्न लागेको हुँदा दर्ता रोक्का गरी छानविन गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।४।१२को निर्णय अनुसार काठमाडौ महानगर पालिका वडानं १९ क कित्ता नं. ३०९ को ०-१३-१ क्षेत्रफलको जग्गा मालपोत ऐन २०३४ को दफा २४ अनुसार नेपाल सरकारको नाममा दर्ता गरी श्रेस्ता पूर्जा बनाई सो को जानकारी आयोगलाई दिन मालपोत कार्यालय डिल्लीबजारमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३०. काडमाडौं महानगरपालिका वडा नं ५ सिट नं १०२-१०६६-२१ मध्येको जग्गा गोकर्णेश्वर पंचामृत गुठिको नाममा दर्ता भएको संबन्धमा(आफ्नो पैतृक जग्गा गुठीको नाममा दर्ता गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।१।१६ को निर्णय अनुसार यसमा काठमाडौं महानगरपालिका वडा नं २५ क कित्ता नं ५०५ को जग्गा २०४४।८।२३ को मालपोत कार्यालय डिल्लीबजारको निर्णयले नेपाल सरकारको नाममा दर्ता भैसकेको देखिंदा उक्त कित्ता नं ५०५ बाट हाल नयां नापीमा कायम भएका सम्पूर्ण कित्ता जग्गाहरू यथावत नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम राख्न मालपोत कार्यालय डिल्लीबजारमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३१. जिल्ला रौतहट धर्मपुर गाउँ विकास समिति वडा नं. २ क कित्ता नं. २५१ को जग्गा फुकुवा एवं नामसारी दाखिल खारेज समेत गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।४।६ को निर्णयानुसार भूमिसुधार कार्यालय रौतहट बाट मिति २०६६।१२।२० मा भएको जग्गा कुबर्रनीको हदबन्दीको हदबन्दी छानविन संबन्धी निर्णयमा भूमि संबन्धी ऐन २०२१ को पांचौ संशोधन २०५८ ले जग्गा धनीले ११ बिगाहा सम्म जग्गा राख्न पाउने कानूनी व्यवस्था गरेकोमा सो संबन्धमा निर्णयमा उल्लेख गरेको नदेखिएकोले सो तर्फ पनि कानून बमोजिम निर्णय गर्न र मिति २०६६।१२।२० को निर्णयबाट नेपाल सरकारको नाममा प्राप्त हुने भनी उल्लेख भएको जग्गा १५ दिन भित्रमा नेपाल सरकारको नाममा कायम गरी सो को जानकारी आयोगलाई समेत गराउन मालपोत कार्यालय र भूमि सुधार कार्यालय रौतहटमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३२. साबिक न.पा. २२ क कि.नं. १६० र १६१ मिलि हाल न. पा. ३ कि. नं. १०२ को १-१३-३० क्षेत्रफल र कि.नं. १०५ को ०-१०-०-१ क्षेत्रफल कायम भएको जग्गा बाँकी प्रतिबादीका नाममा साबिक बमोजिम दाखिला खारेज र कित्ता काट हुंदा हालको कित्ताहरूमा रावल आयोगले रोक्का राखेको जग्गा व्यक्तिको नाममा घुसाइएको हुँदा बदर गरी पाँउ भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।०६।६ को निर्णयानुसार रावल आयोगबाट रोक्का रहेको जतिको जग्गा कट्टा गरी बांकी जग्गा मध्येबाट अदालतको फैसला अनुसार काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०६२।१।२९ को बण्डा मुचुल्का बमोजिम ३० दिन भित्र कित्ताकाट

गरी आयोगलाई जानकारी दिन मालपोत कार्यालय, डिल्लिबजारमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३३. कोटेश्वर ९ ख कि. नं.१४५४ को ०-३-१ क्षेत्रफलको जग्गालाई सार्वजनिक जग्गा समेत मिलाई ०-५-० क्षेत्रफल बनाई जग्गाधनी प्रमाण पूर्जा लिन लागेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।७।१८ को निर्णयानुसार सरकारी सार्वजनिक ऐलानी जग्गाको उचित संरक्षण र संवर्द्धन गर्न व्यवस्था मिलाउन र सार्वजनिक बाटो वा जग्गा व्यक्तिको नाममा दर्ता नगर्न नघुसाउन लेख्ने र मालपोत कार्यालयबाट काम सम्पन्न गरेपछि त्यसको जानकारी आयोगलाई दिन मालपोत कार्यालय डिल्लिबजार र नापी कार्यालय डिल्लीबजारमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३४. सार्वजनिक जग्गा छुट्याई पाउँ भन्ने उजुरीको सम्बन्धमो मिति २०६८।७।१८ को निर्णयानुसार साबिक बौद्ध वडा नं. ९ (ग)कित्ता नं. ६० को हाल काठमाडौं महानगरपालिका वडा नं. ६ सिट नं १०२-०९८८-२४ कित्ता नं २५ समेतको जग्गा नेपाल सरकारको नाममा कायम गर्न मालपोत कार्यालय चाबहिल, नापी कार्यालय चाबहिल, जिल्ला प्रशासन कार्यालय काठमाडौ, महानगरिय प्रहरी परिसर काठमाडौ, काठमाडौं महानगरपालिका ६ नं. वडा कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३५. अतिक्रमण गरेको सडक छुट्याइ, पाउँ भन्ने उजुरीको सम्बन्धमा मिति २०६८।९।२० को निर्णयानुसार भिमसेनगोला ओरालो(बागमती पुल नजिकै)बाट शान्तिनगर प्रवेश गर्न प्रयाग मार्गी मुख लगायत शान्तिनगर गेट तर्फजाने प्रयाग मार्गी बाटोको दाँया बाँया तर्फ सार्वनिक सरकारी जग्गा व्यक्तिहरूले मिचि घर टहरा बनाई अतिक्रमण गरेको नक्साबाट प्रष्ट देखिदां नापी कार्यालयबाट नक्सा अनुसार सिमाङ्कन गराई अतिक्रमण गर्ने व्यक्तिहरूलाई निश्चित समयमा घर टहरा खाली गर्न सूचना दिई अतिक्रमण हटाउने कार्य २ महिना भित्र सम्पन्न गरी आयोगलाई जानकारी दिन जिल्ला प्रसासन कार्यालय काठमाडौ, काठमाडौ महानगरपालिका, काठमाडौं महानगरपालिका ३४ नं. वडा कार्यालय, नापी कार्यालय डिल्लीबजार र महानगरिय ट्राफिक प्रहरी कार्यालय, सिंहदरबारमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३६. रिङ्गरोडको जग्गा अनियमित रुपमा जग्गा खरिद बिक्री गरेको उजुरीको सम्बन्धमा मिति २०६८।९।६ को निर्णयानुसार रिङ्गरोडको लागि सरकारले अधिग्रहण गरेको जग्गाको लगत कट्टा गर्ने कार्य र श्रेस्ता मिलान गर्न कार्य संबन्धित निकायबाट हालसम्म भएको नदेखिएको र सरकारले अधिग्रहण गरेको सरकारी जग्गा व्यक्तिको नाममा अनधिकृत रुपमा खरिद विक्री भैरहेको हुंदा मुलुकभर रहेका सडकको मापदण्ड भित्र परेका जग्गाको अनिवार्यरुपमा लगत कट्टा गरी श्रेस्ता मिलान गर्ने । अब उप्रान्त सडकको मापदण्ड भित्रको जग्गा खरिद विक्रि हुन नदिने व्यवस्था अनिवार्यरुपमा गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालय भूमिसुधार तथा व्यवस्था विभागमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३७. कानूनी कारवाही गरी सजांय गरी पाउँ भन्ने उजुरी उपर मिति २०६८।९।१६ को निर्णयानुसार नेपाल सरकारको नाममा कायम रहेको हनुमन्ते खोला किनारको जग्गामा ए टु जेड सप्लाई एण्ड डिष्ट्रिब्युटर्स प्रा.लि. द्वारा लगाइएको पर्खाललाई बैध मान्न सकिएन । अत: उक्त खोला किनारको जग्गाबाट लगाइएको पर्खाल हटाउन जिल्ला प्रशासन कार्यालय भक्तपुर, महानगरीय प्रहरी परिसर भक्तपुर, मध्यपुर थिमि नगरपालिका कार्यालय, काठमाडौ उपत्यका नगर बिकास आयोजना कार्यान्वयन समिति भक्तपुर, ए टु जेड सप्लाई एण्ड डिष्ट्रिब्युटर्स प्रा.लि. थापाथलीलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३८. सरकारी जग्गा ब्यक्तिको नाममा दर्ता गरे भन्ने उजुरी उपर मिति २०६८।९।१५ को निर्णयानुसार काठमाडौं जिल्ला धापासी गा.बि.स.वडा नं. ९(क) कि.नं. १८, १९ र २८ का जग्गामा अतिक्रमण गरी टहरा बनाउने, भाडामा दिने, बालुवा विक्री गर्ने जस्ता गैरकानूनी कामलाई रोकी पाउँ भन्ने निबेदन आयोगमा पर्न आएको निवेदनका सम्बन्धमा नापीकै बेला सरकारी पर्ती जनिएको उक्त जग्गा तत्काल नेपाल सरकारको नाममा कायम गरी सो को जानकारी १५ दिन भित्र आयोगमा पठाउन मालपोत कार्यालय चाबहिलमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३९. फिल्डबुकमा गुठी जनिएको जग्गा ब्यक्तिको नाममा दर्ता गरी विक्रि भएको भन्ने उजुरी उपर मिति २०६८।११।४ को निर्णयानुसार जनकपुर स्थित दशरथ तलाउको पूर्व पट्टी रहेको जनकपुर नगरपालिका-६ नक्सा नं. १३५५-२३ कि.नं. ७१ ०-२-० क्षेत्रफल जग्गाको फिल्डबुकको जग्गा धनी महलमा गुठी सस्थान।राजेश्वर दास बैष्णब भई मोहि महल खाली भएको देखियो । दोहोरो जग्गा धनी कायमै हुन नसक्नेमा गुठी संस्थान जग्गाधनी भएको जग्गामा ब्यक्तिको नाम समेत समाबेश गरी पछि ब्यक्तिकै नाममा जग्गा दर्ता कायम गरेको देखिन आयो । यसरी फिल्डबुकमा गुठी जनिएको ब्यक्ति जग्गाधनी कसरी हुन पुगेका हुन ? यसमा छाबिन तथा आवश्यक जो जे प्रकृया पूरा गर्न पर्न हो गरी २ महिना भित्र उक्त जग्गाको जग्गाधनीको संबन्धमा निर्णय गरी निर्णको जानकारी आयोगलाई गराउन गुठी संस्थान केन्द्रीय कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४०. मोहिको नाम लगत बाट कर्टा गरेको भन्ने उजुरी उपर मिति २०६८।११।२६ को निर्णयानुसार सर्ज महर्जले यस भन्दा अघि नै भुमिसुधार कार्यालय काठमाडौमा मोहि नामसारिका लागि निबेदन गरेकोमा सो उपर नामसारी हुनु पर्ने नपर्ने के हो? बुझि निर्णय नहुँदै यस आयोगमा उजुरी परेको देखियो । भूमिसुधार कार्यालय काठमाडौंमा परेको निबेदनको मोहि नामसारीको निबेदन उपर जे जो बुझ्न पर्न बुझि कानून बमोजिम टुङ्गो लगाई सो को जानकारी आयोगलाई दिन भूमिसुधार कार्यालय काठमाडौंमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४१. बालाजु १(क) कि.न. ३२१ हाल कि.न. ६३१ को १ रोपनी सार्वजनिक जग्गा दर्ता गर्न लागे भन्ने भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।९।६ को निर्णयानुसार काठमाडौ जिल्ला साबिक बालाजु वडा नं. १ कि.न. ३२१ हाल काठमाडौं महानगरपालिका १६ कि. न. ६३ को १-०-०-० क्षेत्रफल सरकारी जग्गा साबिक फिल्डबुकमा जोताहा महलमा पर्ति, जग्गा धनि महलमा किसानको ब्यहोरा र कैफियत खाली देखियो । मालपोत कार्यालयले पर्ति जग्गा ब्यक्तिको नाममा दर्ता हुन नसक्ने भनी मिति २०५२।६।३१ मा निर्णय गरेको समेत पाईयो । उक्त निर्णय उपर सर्वोच्च अदालतमा रिट परी अदालतबाट मिति २०५३।५।१७ को उत्प्रेषणको आदेश द्वारा बदर भएको र पुनः सर्वोच्च अदालतबाटै मिति २०५८।४।३१ मा चाडो कार्यसम्पन्न गर्नु भनी आदेश समेत जारी भएको देखियो । अतः यसमा साबिक फिल्डबुकको अवस्था र प्रमाण मालपोत कार्यालयको पूर्व निर्णय समेतलाई मध्यनजर राखी प्रमाणको मूल्यांकन गर्दा नेपाल सरकारको हित समेत हेरी यस बिषयमा सर्वोच्च अदालतको आदेश मुताबिक जे जे बुझ्नु पर्ने प्रमाण समेत बुझि कानून बमोजिमको निर्णय यथासक्य चाडो गर्न र निर्णयको जानकारी आयोगलाई समेत दिन भूमिसुधार तथा व्यवस्था मन्त्रालय र भुमिसुधार तथा व्यवस्थापन विभागमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४२. मकवानपुर जिल्ला भैसे गाउँ विकास समितिअन्तरगत वनक्षेत्रको पूर्जा निकाली मुआव्जा दावी गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।१०।१९को निर्णयानुसार मकवानपुर जिल्ला भैसे गाउँ विकास समिति वडा नं.८ स्थित कि.नं.३२६ देखि ३३५ सम्मको १० कित्ताका जग्गाका सम्वन्धमा फिल्ड अध्ययन गर्दा कुनै व्यक्ति विशेषको घरवास गरेको र भोग गरेको देखिएन । सम्पूर्ण जग्गा हेटौडा सिमेण्ट उद्योग लिमिटेड ले प्रयोग गरिरहेको पाइयो । मालपोत कार्यालय मकवानपुरको मिति २०४०।२।२ को निर्णयले उक्त कित्ताहरू मध्ये ३३४ को जग्गा वाहेक अन्य कित्ता वदर भएको । उक्त जग्गाको दर्ता बदर गर्ने निर्णय गर्दा जग्गाधनीलाई बुझ्दै नबुझी विपक्षी राप्ती दुन डिभिजन कार्यालयले रिट निवेदकको जग्गाको दर्ता वदर गरेको र सोही निर्णय बमोजिम लगत कट्टा गर्ने मालपोत कार्यालयको निर्णय प्राकृतिक न्यायको सिद्धान्तको विपरित भएको हुँदा उत्प्रेषणको आदेशद्वारा विपक्षी कार्यालयहरूको निर्णय वदर गरी कानून बमोजिम असर पर्ने पक्षलाई जो जे वुझ्नु पर्दछ वुझी कानून वमोजिम निर्णय गर्नु भनी विपक्षी कार्यालयको नाममा मिति २०४२।२।७ मा परमादेशको आदेश जारी गरेको देखिएको र हालसम्म उक्त फैसला कार्यान्वयन भएको पाइएन । सम्पूर्ण व्यहोरा अध्ययन गर्दा मकवानपुर जिल्ला भैसे गाउँ विकास समिति वडा नं. ८ कि.नं.३२६ देखि ३३५ सम्मका १० कित्ता जग्गा नेपाल सरकारका जग्गा हुन भन्नेमा कुनै दुविधा देखिदैन । तसर्थ माथि उल्लेखित कित्ता जग्गाहरू सर्वोच्च अदालतको फैसला अनुसार सम्वन्धित पक्ष वुझी निर्णय गर्न मालपोत कार्यालय हेटौडामा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४३. काठमाडौ जिल्ला स्यूचाटार गाउँ विकास समिति -३ कि.नं. १ को ३ रोपनी जग्गा कीर्ते दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।११।४ को निर्णयानुसार काठमाडौं जिल्ला स्यूचाटार गाउँ विकास समिति -३ कि.नं. १ १-०-०-० क्षेत्रफल जग्गा विक्रि गर्नका लागि जग्गाधनी दिनेशभक्त श्रेष्ठ, पूर्जा, लिखित, सिफारिस, नागरीकता प्रमाण पत्र सहित मालपोत कार्यालय कलंकी गएकोमा रजिष्ट्रेशन पारित गर्ने क्रममा चेक जाँच गर्दा कागजात छोडी भागी गएको । उक्त पूर्जा श्रेस्ता दुषित प्रकृतिको भनी मालपोत कार्यालय कलंकीवाट लेखि आएको देखियो । साविक फिल्डवुक हेर्दा सो जग्गा दर्ता भएको देखिएन । जग्गाधनी दर्ता श्रेस्ता जग्गाधनी दर्ता प्रमाण पूर्जा र कम्प्यूटर इन्ट्रि समेत फर्जि देखिएको वयानका क्रममा समेत सो जग्गा दर्ता भएको भन्ने आधार प्रमाण दिन नसकेको हुंदा उक्त जग्गा दर्ता प्रमाणित हो भन्न सकिने आधार देखिएन । मालपोत कार्यालय कलंकीमा दर्ता प्रमाणित भनी कम्प्यूटर इन्ट्री र श्रेस्तामा लेखिएको कैफियत र दर्ता प्रमाणितलाई वदर गरी पूर्ववत वाँकी अवस्थामा राख्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०६८ को दफा १२ ख बमोजिम राख्ने, कीर्ते कागजात तयार गरी जग्गा दर्ता गर्न आउने दिनेशभक्त श्रेष्ठ लगायत संलग्न व्यक्तिलाई सरकारी कार्यालयको श्रेस्तामा किर्ते कैफियत र दर्ता वाँकी जग्गालाई दर्ता प्रमाणित भनी गरिएको दस्तखत र दर्ता प्रमाणित भएको भनी कम्प्यूटर इन्ट्री गरिएको कार्य सरकारी कागज किर्ते गरेको हुंदा सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ वमोजिम प्रस्तुत विषयको अनुसन्धान गरी कारवाही गर्न महानगरीय प्रहरी परिसर हनुमानढोका काठमाडौंलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४४. कीर्ते व्यक्ति खडा गरी जग्गा रजिष्ट्रेशन पास गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।१२।२२ को निर्णयानुसार मालपोत कार्यालय, धनुषाका शाखा अधिकृत रामनरेश राय, भूमि सुधार तथा व्यवस्थापन विभागका ना.सु. रामचन्द्र राउत, ना.सु. रामेश्वरलाल कर्ण र टा.ना.सु. शिवनारायण पण्डितलाई विभागीय कारवाही गर्न मालपोत कार्यालय, धनुषामा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४५. घर भएको जग्गालाई घर नभएको भनी राजश्व छलेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।११।१५को निर्णयानुसार जग्गाधनी शिवराम कार्की सुनाकोठी १/ङ, कि.नं. १३२ ०-६-३-० क्षेत्रफलको जग्गा र सो जग्गामा बनेको घरको समेत मूल्याङ्कन गरी नियमानुसार लाग्ने राजश्व जग्गाधनीवाट असूल उपर गर्न मालपोत कार्यालय, ललितपुरमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४६. हदवन्दी भन्दा बढी रोक्का रहेको जग्गा मध्ये केहि जग्गा फुकुवा गराई अनुचित कार्य गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६९।३।८को निर्णयानुसार २५-१७-१४-$\frac{१}{२}$ क्षेत्रफल जग्गा फुकुवा गर्नुपर्नेमा २७-१०-५ क्षेत्रफल जग्गा फुकुवा गरेको देखिन आएकोमा बढी फुकुवा भएको १-१२-११ $^{१}/_{२}$ क्षेत्रफल जग्गा पूर्ववत रुपमा पुनः रोक्का गरी हदभन्दा बढी ८९-१४-० $^{१}/_{२}$ क्षेत्रफल जग्गाको श्रेस्ता नेपाल सरकारको नाममा कायम गरी सो जग्गा धनी

पूर्जा जिल्ला प्रशासन कार्यालय सप्तरीमा पठाउने व्यवस्था गर्न मालपोत र भूमि सुधार कार्यालय, सप्तरीमा लेखिपठाइएको र सप्तरीका तत्कालिन भूमि सुधार अधिकारी दिवाकर वास्तोला (हाल उपसचिव लोक सेवा आयोग पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा) तत्कालीन भूमि सुधार कार्यालय सप्तरीका शाखा अधिकृत (हाल मालपोत कार्यालय बेलवारी मोरङका मालपोत अधिकृत) प्रेम प्रसाद दाहाललाई विभागीय कारवाही गर्न अख्तियारवालालाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४७. जनकपुरस्थित राम मन्दिर गुठी तैनाथी जग्गालाई मोही कायम गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।११।१४को निर्णयानुसार जनकपुर स्थित राम मन्दिर गुठीको जनकपुर नगरपालिका वडा नं.७ कि.नं. १४७ बाट हाल कायम कि.नं. २९ र ३० जग्गामा भूमि सुधार कार्यालय धनुषावाट क्रमशः मोही रम्वादेवी रञ्जितकार र माधवराज गिरी कायम हुने गरी मिलापत्र गरेको पाइयो । साविकमा गुठी जनिएको उल्लेखित जग्गा गुठी तैनाथी वा गुठी अधिनस्त कुन प्रकृतिभित्र पर्छ ? मोही कायम हुने गरी भूमि सुधार कार्यालयवाट मिलापत्र भएको कानून अनुरुप छ, छैन ? छैन भने बदर गराउने तर्फ जानुपर्ने लगायतका विषयमा निर्णय गर्ने र कानूनी उपचार खोज्ने सम्वन्धित निकाय गुठी संस्थान भएको हुंदा उल्लेखित प्रश्नहरूका विषयमा जे जो निर्णय वा कानूनी प्रक्रिया अवलम्वन गर्नुपर्ने हो गरी भएको निर्णय समेत जानकारी आयोगलाई दिन गुठी संस्थान, केन्द्रीय कार्यालयम लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४८. सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।११।२६को निर्णयानुसार जिल्ला रौतहट पेमपुर गोनाही गाउँ विकास समिति वडा नं.९ कि.नं.४९ र ५० को जग्गा नेपाल सरकारको नाममा कायम गरी जग्गाधनी पूर्जा प्रमुख जिल्ला अधिकारी जिल्ला प्रशासन कार्यालय रौतहटमा पठाउन मालपोत कार्यालय, रौतहटमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४९. ऐलानी जग्गा दर्ता गरेको भन्ने उजूरीका सम्बन्धमा मिति २०६८।९।६ को निर्णयानुसार जिल्ला सुनसरी कप्तानगञ्ज गाउँ विकास समिति वडा नं.७ कि.नं.१३९ र १४० को जग्गा नेपाल सरकारको नाममा कायम गरी सक्कल जग्गा धनी प्रमाण पूर्जा जिल्ला प्रशासन कार्यालय, सुनसरी पठाउन मालपोत कार्यालय र नापी कार्यालय, सुनसरीमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५०. सार्वजनिक जग्गा दर्ता गरेको भन्ने उजूरीका सम्बन्धमा मिति २०६८।११।४ को निर्णयानुसार जिल्ला नवलपरासी जमुनिया गाउँ विकास समितिवाड नं.८ कि.नं.५८ वाट कित्ताकाट भई कायम कि.नं.१६०, १६१, १६२, १६४, १६६ र १७२ को जग्गा नेपाल सरकारको नाममा कायम गरी ज.ध.प्र.पू.जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा पठाउन मालपोत कार्यालय र नापी कार्यालय, नवलपरासी लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५१. जिल्ला रौतहट धर्मुर गा.बि.स.वडानं. २क कित्ता नं.२५१ को जग्गाको अभिलेख केरमेट गरी फुकुवा एवं नामसारी दाखिल खारेज समेत गरेको भन्ने सम्वन्धमा मिति २०६८।४।६ को निर्णयानुसार भूमिसुधार कार्यालय रौतहटबाट मिति २०६६।१२।२० मा भएको जग्गा कुबर्रनीको हदबन्दीको हदबन्दी छानविन संबन्धी निर्णयमा भूमि सम्बन्धी ऐन २०२१ को पांचौ संशोधन २०५८ ले जग्गा धनीले ११ बिगाहा सम्म जग्गा राख्न पाउने कानूनी ब्यवस्था गरेकोमा सो सम्बन्धी निर्णयमा उल्लेख गरेको नदेखिएकोले सो तर्फ पनि कानून बमोजिम निर्णय गर्न र मिति २०६६।१२।२० को निर्णबाट नेपाल सरकारको नाममा प्राप्त हुने भनी उल्लेख भएको जग्गा १५ दिन भित्रमा नेपाल सरकारको नाममा कायम गरी सो को जानकारी आयोगलाई गराउन मालपोत कार्यालय र भूमि सुधार कार्यालय रौतहटलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५२. साबिक नगरपालिका २२ क १६० र १६१ मिलि हाल न. पा. ३ कि. नं. १०२ को १-१३-३-० क्षेत्रफल र कि.नं. १०५ को ०-१०-०-१ क्षेत्रफल कायम भएको जग्गा बाँकी प्रतिबादीका नाममा साबिक बमोजिम दाखिला खारेज र कित्ता काट हुंदा हालको कित्ताहरूमा रावल आयोगले रोक्का राखेको जग्गा व्यक्तिको नाममा घुसाइएकोले बदर गरी पांउ भन्ने सम्बन्धमा मिति २०६८।४।६ को निर्णयानुसार रावल आयोगबाट रोक्का रहेको जतिको जग्गा कट्टा गरी बांकी जग्गा मध्येबाट अदालतको फैसला अनुसार काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०६२।१।२९ को बण्डा मुचुल्का बमोजिम ३० दिन भित्र कित्ताकाट गरी आयोगलाई जानकारी दिन मालपोत कार्यालय डिल्लीबजारमा लेखी पठाईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

महालेखा नियन्त्रक कार्यालय

१. जिल्ला विकास समिति दार्चुला अन्तर्गत DRILP आयोजनामा स्थानीय विकास अधिकारी दण्डपाणि बरालले भ्रष्टाचार/अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६५।११।१९ को निर्णय अनुसार सहलेखापाल केशवराज भट्टलाई विभागीय कारबाही गर्न महालेखा नियन्त्रकको कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. प्राथमिक स्वास्थ्य केन्द्र भिमाद, तनहुँको भवन, डाक्टर क्वाटर तथा स्टाफ क्वाटरको निर्माण कार्यमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।६।२२ को निर्णय अनुसार लेखापाल ज्ञानराज भट्टराईबाट रकम रू. १,९२,५५९।- असुल उपर गर्न महालेखा नियन्त्रकको कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. जिल्ला प्रशासन कार्यालय सप्तरीवाट एकै व्यक्तिले तीनवटा नागरिकता लिएको भन्ने उजूरीका सम्बन्धमा मिति २०६९।२।२५ को निर्णयानुसार लेखापाल उद्धव प्रसाद दाहाललाई विभागीय कारवाही गर्नका लागि महालेखा नियन्त्रक कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

१. समाज कल्याण परिषद्मा विभिन्न अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।१।१० को निर्णय अनुसार नियममा स्पष्ट नभएको कार्यरत सेवाभन्दा अलग्गै सेवाको पदमा बढुवाको लागि उम्मेदवार बनाउने कार्य कानूनसम्मत नदेखिएकोले नियममा व्यवस्था गरेर मात्र कार्यान्वयन गर्न, कुनै पदका लागि निर्धारण गरिने न्यूनतम शैक्षिक योग्यता नियमावलीमा व्यवस्था गरी तोक्न, रिक्त पदमध्ये खुला वा बढुवाबाट के कति पद कति कति अवधिमा पूर्ति गर्ने भन्ने पारदर्शी रूपमा नियममा व्यवस्था गर्न, नगद सहायता रकम वितरण गर्दा स्पष्ट र पारदर्शीको आधार निर्माण गर्न, निष्पक्ष रूपमा वितरण गर्ने व्यवस्था मिलाउन, कोषका पदाधिकारीलाई उपलब्ध गराउने सुविधाको हकमा प्रचलित कानून बमोजिम पाउने भए मात्र कानूनले तोकेको सुविधा उपलब्ध गराउने अन्यथा त्यस्तो रकम उपलब्ध नगर्ने व्यवस्था गर्न र समाज कल्याण परिषद् कार्य सञ्चालन समितिको मिति २०६४।११।१० को निर्णय तथा मिति २०६४।११।१२ को सम्झौता अनुसार घरभाडामा ७५ प्रतिशतले छुट दिने गरी भएको सम्झौता रद्द गरी घरजग्गा भाडामा लगाउनुपर्दा विद्यमान सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुकूल हुने गरी व्यवस्था मिलाउन समाज कल्याण परिषद्मा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. नेपाल रेडक्रश सोसाइटीले रक्त संचार केन्द्रको लागि किट्स केमिकल खरिद गर्दा भ्रष्टाचार भयो भन्ने उजुरीका समबन्धमा मिति २०६२।५।१६ को निर्णयानुसार टेण्डर स्वीकृत प्रक्रियामा भएको अनियमितताबाट नेपाल रेडक्रश सोसाइटीलाई नोक्सान पर्न गएको रु १९,१७,५००। का सम्बन्धमा नेपाल रेडक्रस सोसाइटी केन्द्रिय कार्य समितिको वैठकमा पेश गरी केन्द्रिय कार्य समितिबाट भएको कारवाहीको जानकारी ३ महिना भित्र आयोगमा पठाउन अध्यक्ष नेपाल रेडक्रश सोसाइटीलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

युवा तथा खेलकुद मन्त्रालय

१. नेपाल एमेच्योर एथलेटिक्स एसोसिएसन संघका तत्कालीन अध्यक्ष रुक्मशमशेर राणा समेतले संघको रकम दुरुपयोग गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६५।९।१४ को निर्णय अनुसार नेपाल एमेच्योर एथलेटिक्स एसोसिएसन (NAAA) को नियमानुसार लेखापरीक्षण गराई कानून बमोजिम छानबिन तथा कारबाही गरी आयोगमा जानकारी गराउन राष्ट्रिय खेलकुद परिषद्मा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. नेपाल क्रिकेट संघले पिच रोलर एवं क्रिकेट खेल सामग्री खरिद गर्दा लाखौं रुपैयाँ रकम घोटाला गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६५।१०।५ को निर्णय अनुसार (आयोगको पूर्व निर्देशन मिति २०६५।४।६ को निर्णय) प्रचलित खेलकुद विकास ऐनमा भएका

प्रावधानसमेतका आधारमा प्रस्तुत उजुरीका सम्बन्धमा आवश्यक छानबिन तथा कारबाही गर्न राष्ट्रिय खेलकुद परिषद्मा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. राष्ट्रिय खेलकुद परिषद् अन्तर्गतको स्नुकर हाउस र चमेनागृह भाडामा दिने कार्यमा अनियमितता गरेको भन्ने भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।७९ को निर्णय अनुसार काठमाडौं स्पोर्टस क्लबलाई परिषद्बाट मिति २०५८।७३ मा सोधभर्ना सापटी फिर्ता गर्ने गरी रू. ७५ हजार निकासा भएकोमा उक्त रकम हालसम्म सोधभर्ना गरेको नदेखिएकोले राष्ट्रिय खेलकुद परिषद्को आर्थिक प्रशासनसम्बन्धी नियमावली २०६२ को परिच्छेद ८ नियम ७९ ले बेरुजु कायम भइसकेको अवस्थामा सोही नियमावलीको परिच्छेद ३ नियम २० ले फछ्यौंटसम्बन्धी व्यवस्था गरेकोले सोही अनुसार गरी ३ महिनाभित्र कारबाहीको जानकारी आयोगलाई दिन राष्ट्रिय खेलकुद परिषद्मा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. राष्ट्रिय खेलकुद परिषदले विद्यालय स्तरीय फुटबल प्रतियोगिता संचालन गर्न रू. १८ लाख पेश्की दिई पेश्की रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।६।४ को निर्णय अनुसार नेपाल फुटवल संघलाई गएको रू. १८ लाख पेश्की लामो समय व्यतित भई सक्दा पनि फछ्यौंट नभएकाले यथाशिघ्र फछ्यौंट गरी/गराई आयोगलाई जानकारी दिन युवा तथा खेलकुद मन्त्रालयका सचिवलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत ९०० जना सि.अ.हे.ब. मध्ये १५ जनालाई अनियमित तरिकाले पदस्थापन गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६५।९।२ को निर्णय अनुसार मन्त्रीस्तरीय निर्णय अनुसार व्यक्तिगत निवेदनका आधारमा गरिएको १४ सि.अ.हे.ब.को पदस्थापन कानूनसम्मत नदेखिएको र यसबाट सँगै स्तरवृद्धि भएका सि.अ.हे.ब.को पदस्थापन हुने हक कुण्ठित भएको हुँदा पदस्थापनसम्बन्धी मिति २०६५।४।७ को उक्त निर्णय बदर गरी सि.अ.हे.ब. लगायत पदस्थापन हुन बाँकी रहेका सबै कर्मचारीका लागि स्पष्ट आधार सहितको नीति नियम बनाई लागू गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. भेरी अञ्चल अस्पताल विकास समितिले नेपालको अन्तरिम संविधानको भावना विपरीत पदहरू पूर्ति गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६६।२।१४ को निर्णय अनुसार समितिले पदपूर्ति गर्न सूचना प्रकाशित गर्दा विज्ञापन समावेशी रूपमा ननिकालेको, खुला प्रतियोगिताबाट पदपूर्ति गर्ने सूचनामा परीक्षाको किसिम लिखित समेत हुनुपर्नेमा सो नभएको तथा वान्छनीय योग्यता राखेर पूर्ण प्रतिस्पर्धामा रोक लगाइएको जस्ता प्रक्रियागत त्रुटिहरू देखिएकाले उक्त विज्ञापन बदर गरी नेपालको अन्तरिम संविधान

२०६३ को धारा १२६(६) अनुसार गर्न भेरी अञ्चल अस्पताल विकास समितिमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. स्वास्थ्यमन्त्री, राज्यमन्त्री तथा सचिव जस्ता जिम्मेवार पदाधिकारीहरूले प्रचलित स्वास्थ्य ऐन नियमावली विपरीत लामो समय कार्यालयमा अनुपस्थित कर्मचारीलाई हाजिर गराई वा अनियमितता गराएको भन्ने उजुरीको सम्बन्धमा मिति २०६६।३।१५ को निर्णय अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वास्थ्य सेवा विभाग सम्मिलित एउटा कार्यदल बनाई विभागीय सजायसम्बन्धी सिफारिस भई आएका फायलहरू असाधारण बिदा माग भई आएका फाइलहरूमा एउटा निश्चित अवधि तोकी छिनोफानो गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. जनकपुर अञ्चल अस्पतालको करोडौं मूल्य पर्ने महत्वपूर्ण जग्गा व्यापारी प्रयोजनका लागि नेपाल मेडिकल एसोसियन जनकपुर शाखालाई हस्तान्तरण गरी अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६६।६।२७ को निर्णय अनुसार समितिको निर्णय र शर्त विपरीत स्वामित्व हस्तान्तरण नभएको सरकारी जग्गामा भवन निर्माण गरी संस्थाको आम्दानीका लागि व्यापारिक प्रयोजनमा लगाइरहेको देखिँदा नेपाल सरकारलाई प्रत्यक्ष राजस्व हानी नोक्सानी भइरहेको देखियो, यसर्थ उद्देश्य विपरीत प्रयोग भइरहेको उक्त भवन नेपाल मेडिकल एसोसिएसन जनकपुर शाखालाई तत्काल आफ्नो अधीनमा लिन र अब उप्रान्त उक्त भवनमा रहेका सटरहरूको भाडा दर नियमानुसार कायम गरी भाडा आम्दानी कोषमा नियमित दाखिला गर्न जनकपुर अञ्चल अस्पताल विकास समितिमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. प्राथमिक स्वास्थ्य केन्द्र भिमाद, तनहुँको भवन, डाक्टर क्वाटर तथा स्टाफ क्वाटरको निर्माण कार्यमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।६।२२ को निर्णय अनुसार डा. पिताम्बर सुवेदीबाट रू. १,९२,५५९।- असुल उपर गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. वीर अस्पतालको एक्सरे विभागमा प्रयोग हुने फिल्म पाताहरू हिनामिना गरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।१।२९ को निर्णय अनुसार डार्करुम असिस्टेन शतेन्द्र यादवलाई विभागीय कारबाही गर्न र निजबाट रू. १७,६७,८०१।३० असुल उपर गर्न चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान काठमाडौंमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. २०५९ सालमा जनकपुर अञ्चल अस्पतालको काउन्टरबाट रुपैया लिई फरार भएका मुखिया नारायण राउतलाई अनियमित तरिकाले पुनरवहाली गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।४।२१ को निर्णय अनुसार मुखिया नारायण राउतलाई विभागीय कारबाही गर्न जनकपुर अञ्चल अस्पतालमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. राप्ती उप क्षेत्रीय अस्पतालको नाममा रहेको १-१०-० क्षेत्रफल जग्गा अतिक्रमण गरेर घर निर्माण गरी विक्रि गरेको भन्ने उजूरीका सम्बन्धमा मिति २०६८।३।१६ को निर्णयानुसार अस्पतालको अतिक्रमित जग्गा स्थानीय प्रशासनको पहलमा अस्पतालको भोगमा ल्याई तत्कालै कम्पाउण्ड वाल वा अन्य तवरवाट घेर्ने व्यवस्था गर्न स्वास्थ्य मन्त्रालय र जिल्ला प्रशासन कार्यालय दाङ्गमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. क्षेत्रिय क्षयरोग केन्द्र पोखराको Regional TB Cordinater हरि बहादुर कुवरले अनियमिता गरी तलव भत्ता बुझेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।८।२६ को निर्णयानुसार निज हरि बहादुर कुवंरले मिति २०६६।१०।१८ मा राजिनामा दिएको र सो पछि पनि पदाधिकार रहेको कार्यालयमा हाजिर नभएको भन्ने देखिएकोले स्वास्थ्य सेवा ऐन २०५३ को दफा ७४ को उपदफा १ को (ज)बमोजिम बिदा स्विकृत नगराई लगातार ६० दिन दिनसम्म आफ्नो कर्यालयमा अनुपस्थित रहेको संबन्धमा आवश्यक कारवाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. जिल्ला अस्पताल बर्दियाका तत्कालीन सि.अ.हे.व.अमर बहादुर खर्काले प्रचलित ऐन नियम बिपरित व्यापार व्यवसाय गर्न उद्योग बाणिज्य संघको अध्यक्षता ग्रहण गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।८।२६ को निर्णयानुसार जिल्ला अस्पताल बर्दियाका सि.अ.हे.व. अमर बहादुर खड्कालाई विभागिय कारवाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

१. काठमाडौं महानगरपालिकाले गरेका विकास निर्माण र खरिदमा भ्रष्टाचार भएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६०।१०।२ को निर्णय अनुसार लेखापरीक्षणबाट कायम भएको बेरुजु फछ्यौंट गर्ने गराउने दायित्व निकासा दिने अधिकारीको भएको हुँदा २०६१ असार मसान्तभित्र फछ्यौंट गर्न काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. दोस्रो पर्यटन विकास आयोजना अन्तर्गत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६१/७/१० को निर्णय अनुसार सो आयोजनामा संलग्न अनक कन्स्ट्रक्सनबाट रू. १५,२८,८००।- र सन्तोषी टि.एस.जि. जेभीबाट रू. १७,४२,००१।९२ असुल उपर गर्न पोखरा उपमहानगरपालिकामा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. इन्जिनियर सुरेशहर्ष बज्राचार्यले एकै समयमा अध्ययन र कार्यालयमा काम गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६३।५।५ को निर्णय अनुसार इन्जिनियर सुरेशहर्ष बज्राचार्यले कार्यालय समयमा अध्ययन गरेको अवधिमा निजले पाएको तलब भत्ता निजबाट असुल उपर गरी नगरपालिकामा जम्मा गर्न र निजले दिवा समयमा अध्ययन गरेको अवधि असाधारण

बिदामा कायम गर्न काठमाडौं महानगरपालिकामा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. काठमाडौं महानगरपालिका वार्ड नं.८ का तत्कालीन अध्यक्ष हंशराज कर्माचार्यले नियम विपरीत दुई स्थानमा कार्यरत रही दोहोरो सुविधा लिएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६४।५।१३ को निर्णयानुसार तत्कालीन वार्ड नं.८ का अध्यक्ष हंशराज कर्माचार्यले लिएको मोबाइल सेट खरिद पेश्की रू. १५,०००।-र परिवहन पेश्की रू. १५,०००।- समेत जम्मा रू. ३०,०००।- फछ्यौंट भएको नदेखिएकोले उक्त पेश्की रकम यथाशीघ्र फछ्यौंट गरी आयोगलाई जानकारी दिन काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. काठमाडौँ महानगरपालिका वडा नं. ३ रानीवारीस्थित सामाखुसी किनारमा रहेको सार्वजनिक जग्गा आसपासमा रहेका जग्गाधनीहरूले अतिक्रमण गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६४।१।४ को निर्णय अनुसार काठमाडौं महानगरपालिका वडा नं. ३ स्थित सिट नं. १०२-०९८५-२२ को सार्वजनिक जग्गा र कित्ता नं. ८४, १६५, १५२,, १५३, २५५, ५१, ५४, ५५, ७३, ४२, ४१, ले समेत केही सार्वजनिक जग्गा अतिक्रमण गरेको हुँदा उल्लिखित कित्ता नं. जग्गाधनीहरूले आफ्नो कित्तामा घुसाई अतिक्रमण गरेको हदसम्मको सार्वजनिक जग्गा सम्बन्धित प्राविधिकहरूद्वारा यकिन गरी गराई अतिक्रमित सार्वजनिक जग्गा सम्बन्धित कित्ता नं. बाट झिकी सार्वजनिकीकरण गरी ३ महिनाभित्र आयोगलाई जानकारी दिन काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. काठमाडौं महानगरपालिका वडा नं. ३४ भीमसेनगोला कात्यायनी मन्दिर आसपासको १०,१२ रोपनी सार्वजनिक जग्गा व्यक्तिले प्रयोगमा ल्याएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६५।१।८ को निर्णय अनुसार आयोगको निर्णयमा उल्लिखित कित्ता नं. हरूले आफ्नो कित्तामा घुसाएको अतिक्रमण गरेको हदसम्मको सार्वजनिक जग्गा सम्बन्धित कित्ता नं.बाट झिकी प्राविधिकहरूद्वारा यकिन गरी गराई अतिक्रमित सार्वजनिक जग्गा सम्बन्धित कित्ता नं.बाट झिकी सार्वजनिकीकरण गरी ३ महिनाभित्र आयोगलाई जानकारी दिन काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. धर्म महर्जन समेतले काठमाडौं महानगरपालिका वडा नं. १५, सार्वजनिक पर्ती जग्गामा अनियमित तरिकाले टहरा निर्माण गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६५।३।१६ को निर्णय अनुसार उजुरीमा उल्लिखित विपक्षीहरूले उक्त जग्गा आफूले परापूर्वकालदेखि भोगचलन गरी आएको र हाल मालपोत कार्यालय कलंकीमा हालसाबिकको प्रक्रियामा रहेको भन्ने निवेदनमा नै जनाएकाले सो हालसाबिक गर्ने प्रक्रियामा त्यस कार्यालयबाट सिफारिश भएको छ छैन ? साविकदेखिको भोगचलन प्रमाणित गर्ने कार्य भएको छ छैन ? आदि समेत कानूनी प्रमाणको आधारमा पर्ती जग्गा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ (

१) ञ (३) अनुसार कर्तव्य निर्वाह गर्न काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. उमादेवी श्रेष्ठ काठमाडौं महानगरपालिका १ ले सडक मिची घर निर्माण गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६५।३।१२ को निर्णय अनुसार मापदण्ड अनुसार नक्सा पास गर्ने र पारित नक्सा अनुसार निर्माण कार्य भए नभएको अनुगमन गरी मिचेर बनाएको भए कानून बमोजिम कार्यान्वयन गर्न काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.२८ बांगेमुडास्थित धार्मिक महत्वको स्थानमण्डपको नामले प्रसिद्ध सार्वजनिक सतल भत्काई केशरीवदन समेतले काठमाडौं महानगरपालिकाबाट नक्सा पास गराई घर निर्माण गर्न लागेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।३।२८ को निर्णय अनुसार उक्त सम्पदाको संरक्षण गर्न काठमाडौं महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. जिल्ला विकास समितिको कार्यालय सर्लाहीका तत्कालीन सभापति सूर्यनारायण यादव समेतले नियम विपरीत खर्च गरेको भन्ने उजुरीको सम्बन्धमा मिति २०६६।०९।१३ को निर्णय अनुसार आ.व.२०६२/०६३ को लेखापरीक्षण प्रतिवेदनबाट चालू खर्चतर्फ इलाका सदस्य १० जनाले लिएको पेश्की रू. २४,०००/- स्थानीय निकाय (आ.प्र.) नियमावली २०५६ को परिच्छेद ८ को नियम ११५, ११६, ११७ र ११९ अनुसार अविलम्ब फछ्यौंट गरी ३ महिनाभित्र कारबाही गरी आयोगलाई जानकारी दिन जिल्ला विकास समितिको कार्यालय सर्लाहीमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. जिल्ला विकास समिति कैलालीले मटिया (खुटिया सडक निर्माणमा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।९।९ को निर्णय अनुसार आ.व. ०६३/६४ मा खुटिया (मटियानी ग्रामीण सडक (१० कि.मि.) को सुधार तथा निर्माण गर्न ३ वटा कन्ट्रयाक्ट प्याकेज अन्तर्गत ठेक्का भई अन्तिम भुक्तानी भएकोमा उक्त सडक क्षतिग्रस्त भएको हुँदा Slice-1 अन्तर्गत चे ३+५०० कि.मि.देखि चे. ५+०० कि.मि.सम्मका अधिकांश खण्ड र Slice-2 को चे ५+१२५ कि.मि. तथा चे ६+२०० कि.मि.मा केही खण्ड पुनः क्षतिग्रस्त भएको हुँदा उक्त क्षतिग्रस्त सडक खण्ड तोकिएको कार्यविधि अनुसार जिल्ला विकास समितिको प्राविधिक तथा सुपरीवेक्षणमा ठेकेदारबाट गराउन तथा सो को प्रतिवेदन पठाउन जिल्ला विकास समितिको कार्यालय कैलालीमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. महेन्द्र विक्रम शाहले नगर निर्वाचन २०६२ मा गैरकानूनी रूपमा रकम बुझी लिएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।९।१७ को निर्णय अनुसार महेन्द्र विक्रिम शाह (शाही) बाट रू. २,२७,४००।- असुल उपर गर्न जिल्ला विकास समितिको कार्यालय काभ्रेपलाञ्चोकमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. २०६१ साल माघ १९ गते पछि राजनैतिक दलहरूद्वारा संचालित शान्तिपूर्ण आन्दोलन दवाउन जिल्ला विकास समिति मोरंगद्वारा अनियमित रुपमा खर्च गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।३।३१ को निर्णय अनुसार पेश्की लिई फछ्यौंट नगरेका तत्कालिन इलाका सदस्यहरू इलाका नं.१ सदस्य विजय कुमार तिवारीबाट रू. १,०००।-, इलाका नं.४ सदस्य गणेश कुमार भट्टराईबाट रू. १,०००।-, इलाका नं. ५ सदस्य खड्ग वन्जराबाट रू. ४,०००।-, इलाका नं. ६ सदस्य श्याम वहादुर कार्कीबाट रू. ५४,०००।-, इलाका नं.१२ सदस्य जय प्रकाश गच्छदारबाट रू. ४,०००।-, इलाका नं.१६ सदस्य हरिनारायण चौधरीबाट रू. ४,०००।- र इलाका नं. १७ सदस्य जयनारायण माझीबाट रू. ४,०००।- स्थानीय निकाय (आर्थिक पशासन सम्बन्धी) नियमावली २०५६ को नियम १०२ अनुसार कारवाही गरी सरकारी वाँकी सरह व्याज सहित पेश्की रकम असुल उपर गर्न जिल्ला विकास समिति मोरङ्गमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. उच्च स्तरीय छानविन आयोग २०६३ को प्रतिवेदनमा उल्लेख विरगंज उप महानगरपालिकाका तत्कालीन उप प्रमुखले स्वीकृत वजेट भन्दा बढि खर्च गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।४।१० को निर्णय अनुसार तत्कालिन उप-प्रमुख पुरुषोत्तमलाल झाबाट रू. ६,८४,३७३।५० असुल उपर गर्न विरगंज उपमहानगरपालिका कार्यालय, पर्सामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. उच्च स्तरीय जाँचबुझ आयोग २०६३ को प्रतिवेदनमा उल्लेख स्थानीय निकायमा भएको अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।९।११ को निर्णय अनुसार नगर निर्वाचन एवं जनपरिचालन लगायतका कार्य गर्न जिल्ला विकास समितिकास्कीले आ.व.०६२।६३ मा लिएको पेश्की रू. १,८०,०००। हाल सम्म कायम रहेकाले वेरुजु फछ्यौंटका साथै सम्परीक्षण गर्न वा असुल उपर जे जसो गर्नु पर्ने हो गरी सो सम्वन्धी वेरुजु फछ्यौंट गरी आयोगलाई जानकारी दिन जिल्ला विकास समितिकास्कीलाई लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. उच्च स्तरीय जाँचबुझ आयोग २०६३ को प्रतिवेदनमा उल्लेख स्थानीय निकायमा भएको अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।९।११ को निर्णय अनुसार जिल्ला विकास समितिलमजुङ्गले तत्कालीन श्री ५ को पश्चिमाञ्चल विकास क्षेत्र भ्रमण स्वागतद्वार एवं जनपरिचालन लगायतका कार्य गर्न आ.व.०६२।६३ मा लिएको पेश्की रू. १,४८,०००। लेखापरिक्षण वेरुजु भई सम्परीक्षण समेत नभएकाले सम्परीक्षण, असुल उपर जे जसो गर्नु पर्ने गरी वेरुजु फछ्यौंट गरी आयोगलाई जानकारी दिन जिल्ला विकास समितिलमजुङ्गलाई निर्देशन लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. ईन्द्रावती खोलाको दहत्तर वहत्तरको टेण्डर गर्दा ठेकेदार र स्थानीय विकास अधिकारी समेतको मिलेमतोमा राजस्व छली क्रसर उद्योग संचालन गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।१०।१९ को निर्णय अनुसार स्था.वि.अ.कृष्ण प्रसाद अर्यालबाट रू. ९,६४९।-

असुल उपर गर्न र दुवै आ.व.मा ठेकेदारलाई आयकर वुझाउन लगाउने प्रयास नै नगरी ठेक्का सम्झौता एवं कार्यादेश दिने कार्य भएको देखिदा तत्कालिन कार्यालय प्रमुख स्था.वि.अ.लाई सचेत गराउने र सम्वन्धित ठेकेदारबाट ३ महिना भित्र आयकर दाखिला गराउन जिल्ला विकास समितिको कार्यालय सिन्धुपाल्चोकमा र मुल्य अभिवृद्धि कर र आयकरको हकमा आन्तरीक राजस्व विभागले जिल्ला विकास समितिको ठेक्का सम्बन्धमा ठुला करदाता कार्यालय र सवै आन्तरीक राजस्व कार्यालयहरूलाई मिति २०६७।९।१२ मा गरेको परिपत्र अनुसार गर्ने गराउने व्यवस्था मिलाउने । जिल्ला विकाससमितिको कार्यालयले आफुले प्राप्त गरेको भुक्तानी विवरण अनिवार्य रुपमा सम्वन्धीत आन्तरीक राजस्व कार्यालयमा पठाउने र आन्तरीक राजस्व कार्यालयले कर ठेकेदारबाट असुल उपर गर्न र वातावरण संरक्षण ऐन तथा नियमावली वमोजिम वातावरणीय प्रभाव मुल्याङ्कन गरेर मात्र संसदको प्राकृतिक श्रोत साधन समितिले समय समयमा दिएको निर्देशनको अधिनमा रही ढुंगा गिटी वालुवा आदि संकलनको ठेक्का बन्दोबस्त गर्ने व्यवस्था मिलाउनस्थानीय विकास मन्त्रालयलाई लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. सार्वजनिक जग्गा मिचि घर वनाएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।५।१५ र २०६७।९।११ को निर्णय अनुसार पोखरा उप महानगरपालिका वडा नं.१ साविक कि.नं.३४२ को आफ्नो जग्गा भित्र क्षेत्रफल र मापदण्ड भित्र घर नवनेको देखिदा प्रचलित ऐन कानूनको परिधि भित्र रही जो जे गर्नु पर्ने हो गरी आयोगलाई जानकारी गराउन निर्देशन र अमिन मदन भण्डारी पोखरा उप महानगरपालिकाको कार्यालयका अमिन मदन भण्डारीलाई आवश्यक कारवाही गर्न पोखरा उप महानगरपालिकामा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१९. जिल्ला विकास समितिको कार्यालय सर्लाहिका निमित्त स्थानिय विकास अधिकारी इन्जिनीयर राजकुमार गोईतले अख्तियारी भन्दा बढी विविध शिर्षकमा खर्चगरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।३।२० को निर्णय अनुसार तत्कालिन निमित्त स्थानिय विकास अधिकारी इन्जिनीयर राजकुमार गोईत र लेखापाल राम विनय रायलाई विभागीय कारवाहि गर्न स्थानिय विकास मन्त्रालय र जिल्ला विकास समितिको कार्यालय सर्लाहिमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२०. थुमकी गाउँ विकास समितिकास्कीका सचिव दुर्गाराज सुवेदीले वदनियत राखी व्यहोरा प्रमाणित गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।३।१२ को निर्णयानुसार गा. वि. स. सचिव वुद्वि वहादुर खड्का हाल रुपाकोट गा.वि. स. कास्कीलाई विभागीय कारवाही गर्न र थुमकी गा. वि. स. को जन्म दर्ता कितावको दर्ता न. ८० मा रहेको गलत विवरण कानून वमोजिम सच्याउन स्थानीय विकास मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२१. जिल्ला विकास समिति अछाम अन्तर्गत स्थानीय विकास कोषको रिक्त सामाजिक परिचालक पदपूर्ति गर्दा स्थानीय विकास अधिकारी र कोषका सचिवले अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।३।२० को निर्णयानुसार इन्जिनीयर सुरेन्द्र घिमिरे र स्थानीय विकास कोष सचिव रतन रावललाई विभागीय कारवाही गर्न स्थानीय विकास मन्त्राालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२२. सर्लाहीका स्थानीय विकास अधिकारीले कार्यक्रम अधिकृतबाट रकम लिई अधिकार प्रत्योजन गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।३।३१ को निर्णयानुसार आइन्दा सबै जिल्ला विकास समितिहरूलाई कानून बमोजिम बाहेक अधिकार प्रत्योजन नगर्न एवं तयार गरेको गाइडलाइन कार्यान्वयन गराउन स्थानीय विकास मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२३. काभ्रेपलान्चोक जिल्लास्थित भैरवनाथ मन्दिरको दाहिने पट्टिको जग्गामा हचुवाको हिसाबबाट मोल मोलाई गरी एकमुष्ट रकम लिएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।३।२९ को निर्णयानुसार ईन्जिनियर जैसीलाल मण्डललाई विभागीय कारवाही गर्न धुलिखेल नगरपालिकामा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२४. गाउँ विकास समिति सचिव बिन्दा शाह तेली र ठेकेदार मदन प्रसाद स्वर्णारले आफुले बुझाउनुपर्न रकम नबुझाएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।५।१९ को निर्णयानुसार ठेकेदार मदन प्रसाद स्वर्णकारवाट रू. १२१०८४३। र संझौता नं. ४ अनुसार बिलम्व जरिवाना समेत असुल उपर गर्न जिल्ला विकास समिति पर्सामा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२५. दहचोक १ कुत्तेखोलामा नरहरी गिरी र मधु गिरी समेतले गाउँ विकास समिति सचिवको मिलोमतोमा कम्पाउण्ड वाल लगाएको भन्ने उजुरीका सम्बन्धमा मिति२०६८।९।५ को निर्णयानुसार कुत्तेखोलाको साबिक भाग मिचि दहचोक १ (ङ)को कि.न.११४ का जग्गा धनी प्रकाश अर्याल, कि.न. १२५ का जग्गा धनी मधु गिरी र कि.न. १२६ का जग्गा धनी नरहरि गिरिले कम्पाउण्ड वाल लगाएको नापी बिभागबाट प्राप्त स्थलगत अध्ययन प्रतिबेदनबाट पुष्टि हुन आएको हुंदा उल्लेखित जग्गा धनीहरूले खोला मिचि लगाएको कम्पाउण्ड वाल भत्काउन र उक्त वाल भत्काई खोलाको साबिक सिमाना कायम नभएसम्म दहचोक १(ङ) को कि.नं. ११४, १२५ र १२६ को जग्गाहरू अन्य व्यक्तिको नाममा हक हस्तान्तरण गर्ने कार्य समेत रोक्का राखि साबिकको खोलाको क्षेत्रफल मिचि लगाएको वाल भत्काउन वा संबन्धित जग्गा धनीहरूलाई भत्काउन लगाई ३ महिना भित्र आयोगलाई जानकारी दिन जिल्ला प्रशासन कार्यालय काठमाडौं र दहचोक गाउँ विकास समिति लाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२६. दिधवा गाउँ विकास समिति सप्तरीका तर्कालिन सचिव राम उर्गार यादवले भत्ता बितरणमा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।११।३० को निर्णयानुसार गाउँ

विकास समितिसचिव राम उद्धार यादव र प्राविधिक सहायक मो.वकिल मिंयालाई विभागीय कारवाही गर्नका साथै प्राविधिक सहायक मो. वकिल मिंयावाट रु.१,७३,०००।- असुल उपर गर्न समेत जिल्ला विकास समितिलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२७. पर्सा, तुल्सीमर्वा गाउँ विकास समिति का सचिव योगेन्द्र राय यादवले आ.व. २०६६।०६७ र २०६७।०६८ को ५० लाख अनुदान रकम र पोखरीको ठेक्का रकमवाट रू. १५ लाख जतिको काम गरी अन्य वाँकी रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा तुलसी मर्वा गाउँ विकास समितिकार्यालयले आ.व. २०६६/०६७ सम्ममा विभिन्न व्यक्तिहरूलाई विकास निर्माण सम्वन्धी कार्य (पूँजिगत) का नाममा दिएको पेश्की रू. ३८,५१,१४८।-, आ.व. २०६७।०६८ को थप पेश्की रू. १८,७६,०४२।४० गरी जम्मा रु ५७,२७,१९०।४० को पेश्की फछ्यौंटको विवरण ७ दिन भित्र पठाउन र उक्त समय सीमाभित्र पेश्की फछ्यौंट हुन नसके पेश्की रकम र व्याँज समेत गाउँ विकास समितिसचिव र सम्वन्धित व्यक्तिवाट १ महिनाभित्र उठाउन, सचिव तुलसीमर्वा गाउँ विकास समितिपर्सावाट आ.व. २०६५।०६६ को कर्मचारी संचय कोष वापतको रू. १०,५००।-, आ.व. २०६६।०६७ को कर्मचारी संचय कोष वापतको रू. १४,०००।-, आ.व. २०६६।०६७ को पारिश्रमिक कर वापतको रू. १, ५३७८० र आ.व. २०६७।०६८ मा सामाजिक सुरक्षा कर वापतको तलव भुक्तानीको १% का दरले हुने रकम असुल उपर गर्न आयोगको मिति २०६८।१२।२२ को निर्णयानुसार स्थानीय विकास मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२८. काठमाडौ महानगरपालिका वडा नं. ६ निवासी शोभाकर न्यौपानेले सडक मिची पर्खाल बनाएको भन्ने उजुरीका सम्बन्धमा मिति ०६९।२।७ को निर्णयानुसार काठमाडौं महानगरपालिकाको कार्यालयको निर्णय बमोजिम पर्खाल, टहरा ७(सात) दिनभित्र भत्काई आयोगमा जानकारी दिन काठमाडौं महानगरपालिका, कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२९. सर्वदलीय समितिको मिलोमतोमा आर्थिक हिनामिना भएको भन्ने उजुरीका सम्बन्धमा मिति ०६८।११।३० को निर्णयानुसार खगेन्द्रपुर महाराजगञ्ज हदौना सडक, दोहोनी कुवागाउँ कचीहवा सडक र शिवलता लवनी सडक मर्मत सुधार उपभोक्ता समितिको कार्यको प्रगति र खर्चको विवरणका सम्वन्धमा स्वच्छ र पारदर्शी रुपले सार्वजनिक सुनुवाई गर्न जिल्ला विकास समिति, कपिलवस्तुमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३०. जीवित व्यक्तिलाई वेपत्ता भनी सिफारिस लिएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६९।२।११ को निर्णयानुसार काठमाडौं जिल्ला बज्रयोगिनी गाउँ विकास समितिका सचिव रमेश प्रसाद दवाडीलाई विभागीय कारवाही गर्न जिल्ला विकास समिति काठमाडौंलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

सामान्य प्रशासन मन्त्रालय

घरेलु तथा साना उद्योग कार्यालय काभ्रेपलान्चोकबाट उद्योग दर्ता गर्दा अनियमित कार्य भएको भन्ने उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा मिति २०६३।३।२६ को निर्णय अनुसार कार्यालय प्रमुख कृष्णबहादुर कार्कीलाई विभागीय कारबाही गर्न सामान्य प्रशासन मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

सूचना तथा संचार मन्त्रालय

१. नेपाल टेलिभिजन संस्थान संचालक समितिको निर्णयानुसार एड एभिन्यूजले संस्थानलाई भुक्तानी गर्न बाँकी रकम रू. ७१ लाख भुक्तानी नगरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।८।९ को निर्णय अनुसार एड एभिन्यूज लि. वाट नेपाल टेलिभिजनलाई वुझाउनु पर्ने रकम एक महिना भित्र असुल गरी आयोगलाई जानकारी गराउन नेपाल टेलिभिजनलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. महालेखा परीक्षकको वार्षिक प्रतिवेदन २०६४ भाग-१ मा उल्लेखित विभिन्न मन्त्रालयको अनियमितता सम्वन्धी बुदाहरूको सम्वन्धमा मिति २०६८।५।२० को निर्णयानुसार महालेखा परीक्षकको वार्षिक प्रतिवेदन २०६४ भाग १ को दफा ५.४ अनुसार राष्ट्रिय प्रशारण नियमावली २०५२ को नियम ११ बमोजिम प्रशारण तथा वितरण शुल्क नेपाल सरकारलाई बुझाउनु पर्ने रकम तिरेको नदेखिएकोले सम्वन्धित सवै संस्थाहरूसंग बेरुजु असुल उपर गर्न सूचना तथा सञ्चार मन्त्रालयमा लेखिपठाइएकोमासो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

शिक्षा मन्त्रालय

१. त्रिभुवन विश्वविद्यालय अन्तर्गत महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगरका तत्कालीन क्याम्पस प्रमुख उपेन्द्रकुमार कोइरालाले विभिन्न अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०५९।११।२० को निर्णय अनुसार अनियमितता गर्ने उपर कारबाही गरी डा. सूर्यमणी अधिकारीको प्रतिवेदन लागू गर्न उपकुलपति, त्रिभुवन विश्वविद्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. विश्वभाषा क्याम्पस प्रशासन समेतबाट कार्यक्रम सञ्चालन र सामान खरिदमा भ्रष्टाचार भयो भन्ने उजुरीका सम्बन्धमा मिति २०६१।९।९ को निर्णय अनुसार पेश्की दिएको रकम असुल उपर गरी जानकारी पठाउन त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. वन विज्ञान अध्ययन संस्थान पोखराका डिन अशोककुमार मल्लिकले गाडी खरिद र विद्यार्थी भर्नामा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६३।११।२७ को निर्णय अनुसार उपप्राध्यापक शैलेन्द्रनाथ अधिकारीलाई त्रिभुवन विश्वविद्यालय कर्मचारी सेवा शर्त सम्बन्धी नियम २०५० बमोजिम सेवाबाट बर्खास्त गर्न र ओभर हेड खाताबाट पेश्की लिई

फछ्र्यौट हुन बाँकी जम्मा रू. ३,१०,२७१।८० मध्ये प्रा.डा. अभय कुमार दासबाट रू. ७,४८२।७०, प्राध्यापक देवनारायण ठाकुरबाट रू. ५,०००।-, सहायक प्राध्यापक अच्युतराज ज्ञवालीबाट रू. १०,४२१।३०, उपप्राध्यापक केशरप्रसाद काफ्लेबाट रू. २०,०००।-, सहायक प्राध्यापक देवेद्रप्रसाद लिगलबाट रू. ३०,०००।-, सहलेखापाल शम्भु राज ढुंगेलबाट रू. १२,०००।-, सहायक प्राध्यापक इश्वरेन्द्र प्रसाद इन्द्रबाट रू. ३८,०००।-, सहायक प्राध्यापक अशोक कुमार मल्लिकबाट रू. १०,०००।-, लेखा अधिकृत दिनानाथ जमरकट्टेलबाट रू. ९,२६७।७०, उपप्राध्यापक कृष्णमोहन श्रेष्ठबाट रू. ५,०००।-, उपप्राध्यापक श्याममोहन मिश्रबाट रू. ३०,०००।-, सहायक प्राध्यापक सुकदेव चौधरीबाट १५,०००।-, कर्मचारी इकाई संघबाट रू. १९,५००।-, सहायक प्राध्यापक समसुहकबाट रू. ३०,०००।-, सहायक प्राध्यापक मकबुल हुसेन खाँबाट रू. १०,०००।-, सहायक प्राध्यापक केदारनाथ पौडेलबाट रू. ६००।-, उपप्राध्यापक गिरीराज त्रिपाठीबाट रू. १५,०००।-, डा. सफेदराज उद्दिनबाट रू. १२,५००।-, प्र.प्रेमकाजी गुरुङबाट रू. ७,५००।-, मे.न्यायदेव खतिवडाबाट रू. १२,०००।-, उपप्राध्यापक राम प्रसाद शर्माबाट रू. १०,०००।-, स.स्टोर किपर देवनारायण यादवबाट रू. १,०००।-, र वन विज्ञान अध्ययन संस्थान कार्यालय खर्चको लागि प्रदान गरिएको जम्मा रू. ३,४०,०००।- मध्ये वन विज्ञान अध्ययन संस्थान सम्पर्क कार्यालयबाट रू. १,००,०००।-, वन विज्ञान अध्ययन संस्थान डिनको कार्यालयबाट रू. १,७०,०००।-, वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसबाट रू. ७०,०००।- असुल उपर गर्न त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. टेलिफोन एक्चेन्ज बोर्ड, एयर कन्डिसन सेनिटरी मर्मत र भवन निर्माणमा समेत अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा मिति २०६४।२।१७ को निर्णय अनुसार संयोजक मुरारीनाथ शर्मा समेतको समितिले औल्याएका तथ्यहरू उपर कारबाही गरी आयोगलाई जानकारी दिन त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. रुकुम जिल्लाका निमित्त जिल्ला शिक्षा अधिकारी महेन्द्र कुमार बोहोराले दरबन्दीभन्दा बढी शिक्षक नियुक्ति गरी सरकारी रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६५।४।२० को निर्णय अनुसार के कति दरबन्दीभन्दा बढी शिक्षक नियुक्ति गरिएको हो ? सो प्रतिवेदनबाट खुल्न नआएकोले कस कसको पालामा कति जना बढी शिक्षक नियुक्ति भएका हुन् सो यकिन गरी दरबन्दीभन्दा बढी शिक्षकलाई तलब भत्ता भुक्तानी दिने पदाधिकारी उपर कानून बमोजिम उक्त रकम असुल उपर गर्न र नियम विपरीत अध्ययन बिदा स्वीकृत गरेको देखिएकोले निमित्त जिल्ला शिक्षा अधिकारीलाई विभागीय कारबाही गर्न शिक्षा मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. त्रिचन्द्र क्याम्पस अन्तर्गत स्व.वि.यु.ले विभिन्न शीर्षकमा आर्थिक वर्ष २०६५।६६ मा प्राप्त रकम हिनामिना गरेको भन्ने उजूरीका सम्बन्धमा मिति २०६५।११।१९ को निर्णय अनुसार खर्चसम्बन्धी विषयलाई नियमावलीद्वारा व्यवस्थित गर्न र स्व.वि.यु.कोष विद्यार्थी कल्याणकारी कोष त्रिचन्द्र क्याम्पसबाट के कुन आ.व.मा के कुन पदाधिकारीको कार्यकालमा के कति रकम बढी खर्च भएको हो ? यकिन गरी बढी खर्च भएको रकम तत्तत् पदाधिकारीबाट असुल उपर गर्न त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. जिल्ला शिक्षा कार्यालय अछामका जिल्ला शिक्षा अधिकारी र लेखापालले आर्थिक वर्ष ०६१।६२ मा सबैको लागि शिक्षा कार्यक्रम सञ्चालन गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।३।३१ को निर्णय अनुसार प्राविधिक सहायक चक्र बहादुर कुँवरबाट रू. ७८,७१९।४७ असुल उपर गर्न जिल्ला शिक्षा कार्यालय अछाम र जिल्ला शिक्षा अधिकारी झंकरबहादुर विष्टलाई विभागीय कारबाही गर्न शिक्षा विभागमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. पूर्वाञ्चल विश्वविद्यालयको २०६६।१।३१ मा बसेको विश्वविद्यालय सभाको बैठकले उक्त विश्वविद्यालयमा अस्थायी, करार सेवामा कार्यरत शिक्षकहरू र कर्मचारीहरूलाई स्वत: स्थायी, स्थायी शिक्षकहरूलाई एकतह स्वत: बढुवा, स्थायी सेवा अवधि पाँच वर्ष पुगेका कर्मचारीहरूलाई स्वत: एक तह बढुवा र दस वर्ष सेवा अवधि पुगेकालाई स्वत: दुई तह बढुवा गर्ने सम्बन्धी प्रस्ताव जबर्जस्ती पारित गरी हाल सो कार्यान्वयन समेत गराएको र अनुचित लाभ लिई एकै रातमा होटलमा बसेर २६ वटा कलेजलाई सम्बन्धन प्रदान गरेको र विश्वविद्यालय केन्द्रीय कार्यालयका लागि नेपाल सरकारले गोठगाउँ मोरङमा प्रदान गरेको नवनिर्मित भवन प्रयोगमा नल्याएको भन्ने समेत उजूरीका सम्बन्धमा मिति २०६६।५।१५ को निर्णय अनुसार पूर्वाञ्चल विश्वविद्यालयको उक्त नवनिर्मित केन्द्रीय कार्यालय भवनमा सार्ने सम्बन्धी मिति २०६५।२।२७ को निर्णय ६ महिनाभित्र कार्यान्वयन गर्न उपकुलपति पूर्वाञ्चल विश्वविद्यालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. मनोहर मा.वि.गोंगबु काठमाडौंको लेखापरीक्षण हुँदा औल्याइएको बेरुजु रकम विद्यालयका प्र.अ.इन्द्र नारायण मल्लिक र लेखापालबाट फछ्यौंट हुनुपर्नेमा नभएको भन्ने उजुरीको सम्बन्धमा मिति २०६६।९।८ को निर्णय अनुसार मनोहर मा.वि.गोंगबुका तत्कालीन प्र.अ.इन्द्रनारायण मल्लिकले नियमानुसार प्राप्त गर्ने पेन्सन पट्टा तथा पेन्सन बापतको रकम रोक्का नराख्ने, प्राप्त लेखापरीक्षण प्रतिवेदन विश्वसनीय नदेखिएकोले सक्षम लेखापरीक्षक नियुक्त गरी पुन: लेखापरीक्षण गराई सो परीक्षणबाट देखिएको बेरुजु रकम प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिहरूबाट असुल उपर गर्न जिल्ला शिक्षा कार्यालय काठमाडौंमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुर क्याम्पसले उप प्राध्यापक पद तह-४ अनावश्यक रुपमा दरवन्दि सृजना गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।३।३१ को निर्णय अनुसार रामपुर क्याम्पसको लागि आवश्यक नै नभएका पदहरू सृजना गरि अपारदर्शि एवं अनियमित तरिकावाट पदपूर्ति करार सेवामा गर्न लागेको भन्ने विषयका सम्वन्धमा रामपुर क्याम्पसका लागि उप प्राध्यापक पद तह ४ को दरवन्दि सृजना गर्नको आवश्यकता र औचित्य विश्लेषण गर्नका साथै उक्तानुसारका पदहरूको पदपूर्ति प्रक्रियामा पारदर्शिता र निश्पक्षता कायम भए नभएको समेतका विषयमा छानविन गरी कुनै अनियमितता वा कमजोरी देखिएमा आवश्यक कारवाही समेत गरि आयोगलाई जानकारी गराउन त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. कविराज राधिका थपलियालाई नेपाल सरकारको छात्रवृत्तिमा चीनमा अध्ययनरत रहेको अवधिमा लोक सेवा आयोगबाट वढुवा शिफारीस गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।५।४ को निर्णय अनुसार शिक्षा मन्त्रालयको मिति २०६५।१२।१५ को निर्णय अनुसार मनोनयन गरी पठाईएकोमा निजले विचैमा एम.डि.अध्ययन छाडि नेपाल सरकारको पुर्व स्वीकृति वेगर नेपाल फर्किएको पुष्टि हुन आएको र यसबाट प्रचलित छात्रवृत्ति ऐन २०२१ को दफा ४(घ) उल्लंघन भएको देखिदा यस्मा प्रचलित छात्रावृत्ति ऐन २०२१ अनुसार कारवाही गरी आयोगलाई जानकारी दिन शिक्षा मन्त्रालयलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. त्रिभुवन विश्वविद्यालय अन्तर्गत ललितकला क्याम्पसमा स्नाकोत्तर तहमा भर्ना भएका विद्यार्थीबाट उठाइएको शुल्क अनियमित रुपमा खर्च भएको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।१।२७ को निर्णय अनुसार त्रिभुवन विश्वविद्यालय रजिष्ट्रारको कार्यालयवाट गठीत छानविन समितिले पेश गरेको प्रतिवेदनले ललितकला क्याम्पसमा संचालित स्नाकोत्तर तहको कार्यक्रमहरूमा स्वीकृति प्राप्त भन्दा वढि संख्यामा विद्यार्थीहरू भर्ना गरेको, क्याम्पस प्रमुखको तोक आदेशमा खर्च गरीएको स्थानीय श्रोतबाट संचालन गर्ने भनीएको कार्यक्रममा विश्वविद्यालयको स्थायी दरवन्दीका शिक्षकहरू समेत उपयोग गरिएको, मालसामान खरिद गर्दा सार्वजनिक खरिद ऐन नियम तथा त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन सम्बन्धि प्रचलित नियमहरूको समेत उचित पालना नगरीएको, आम्दानी खर्चको श्रेस्ता व्यवस्थित नगरीएको एवं उक्त कार्यक्रम अन्तर्गतको आम्दानी खर्चलाई लेखापरीक्षणको दायरामा नल्याईएको भन्ने जस्ता कमी कमजोरी एवं अनियमितता औल्याइएको हुँदा उक्तानुसारका कमी कमजोरी एवं अनियमितताहरू उपर आवश्यक कारवाही गरी आयोगलाई जानकारी पठाउन त्रिभुवन विश्वविद्यालयका रजिष्ट्रारलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. पूर्वाञ्चल विश्व विद्यालयवाट सम्वन्धन प्राप्त लिटिल बुद्ध कलेज अफ हेल्थ साईन्सले सम्झौता अनुसार छात्रवृत्ति प्रदान नगरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।११।२ को निर्णय अनुसार लिटिल बुद्ध कलेज अफ हेल्थ साईन्स चावहिल काठमाडौलाई ४ बर्षे व्याचलर अफ फार्मेसी विषयको कार्यक्रम संचालन गर्नका लागि सम्वन्धन दिदा पालना गर्नु पर्ने शर्त अन्तर्गत बुँदा नं १६ मा पिछिडिएको वर्ग दलित,अल्पसंख्यक महिला तथा अपाङगहरूलाई कुनै पनि शैक्षिक कार्यक्रममा भर्ना भएको अवस्थामा न्यूनतम १ जना र वढिमा २० जनासम्मलाई निःशुल्क शिक्षाको व्यवस्था गर्नु पर्नेछ भन्ने सम्झौतामा उल्लेख भएको देखिएकोले उक्त शर्त सम्वन्धन प्राप्त गर्ने कलेजले पालना नगरेको भन्ने जानकारी हुन आएकोले सम्वन्धन दिदाका शर्त पालना गराउने दायित्व शर्त निर्धारण गर्ने निकायमा रहने हुँदा उक्त शर्त तत्काल अनिवार्य रुपमा पालना गराउन पूर्वाञ्चल विश्वविद्यालय विराटनगरका फ्याकल्टी अफ मेडिकल एण्ड एप्लाइड साइन्सका डिनलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. त्रिभुवन विश्वविद्यालय अन्तर्गत सरस्वती वहुमुखी क्याम्पसमा स्थायी सहप्राध्यापक पदमा कार्यरत कृष्ण प्रसाद न्यौपानेले माध्यामिक विद्यालयमा समेत पूर्णकालिन शिक्षक पदमा काम गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।१२।१४ को निर्णय अनुसार सह प्राध्यापक कृष्ण प्रसाद न्यौपानेलाई विभागीय कारवाही गर्न त्रिभूवन विश्वविद्यालय केन्द्रीय कार्यालय, कीर्तिपुरमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. त्रिचन्द्र क्याम्पसमा उप प्राध्यापक पदमा कार्यरत शसीधर खनालले विभिन्न अन्य निकायमा पूर्ण कालिन करार शिक्षक भई काम गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६७।१२।१४ को निर्णय अनुसार उप प्राध्यापक शशीधर खनाललाई विभागिय कारवाही गर्न त्रि.वि.केन्द्रीय कार्यालय किर्तीपुरमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. जिल्ला शिक्षा कार्यालय नवलपरासिबाट ठाडो तोक आदेशमा निम्न माध्यमिक विद्यालय तहको राहात कोटामा नियम विपरित खुल्ला प्रतिष्पर्धा नगरी शिक्षक नियुक्ती गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।१।१९ को निर्णय अनुसार जीवनज्योती उच्च मा.वि. कावासोति शिव मन्दिर-१ नवलपरासिमा राहत कोटामा नियुक्त लक्ष्मी आचार्यको नियुक्ति प्रकृया अध्ययन गर्दा शिक्षा नियमावली २०५९ (शंसोधन सहितको) नियम ९७ को उप नियम २ द्वारा व्यवस्थित प्रकृया अवलम्वन गरेको देखिन नआएको हुँदा सो नियुक्ती बदर गर्न जिल्ला शिक्षा कार्यालय नवलपरासिलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. आयोगको निर्देशन समेतका आधारमा २०६७ जेठ १ गते देखि करार सेवाबाट हटाइएका इन्दिरा लम्साल समेत ६ जनालाई गैरकानूनी तवरले सेवा निरन्तरताको नाममा पुनर्वहाली गरेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।५।१९ को निर्णयानुसार इन्दिरा लम्साल समेत ६ जना हेड असिस्टेन्टहरूलाई भुक्तानी गरिएको र निजहरू क्याम्पसको सेवामा नरहेको

अवधिसम्मको तलब भत्ताबापतको रकम असूल उपर गरी क्याम्पसको खातामा दाखिला गरी सो को प्रमाण समेतको जानकारी आयोगलाई गराउन महाराजगंज क्यम्पसका प्रमुखलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. शिक्षक नियुक्तिमा अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा मिति२०६८।३।६ को निर्णयानुसार जनता निम्न माध्यमिक विद्यालय खोजपुर सप्तरीमा २०६६ सालमा ५ जना शिक्षक अस्थायी नियुक्ति गर्दा अबलम्वन भए गरेको प्रकृया शिक्षक सेवा नियमावली २०५७ को नियम २२ मा गरेको उपरोक्त व्यवस्थाहरु अनुरुप भएको नदेखिएको हुंदा उक्त विद्यालयले शिक्षक पद अस्थायी तवरबाट पूर्ति गर्न सिलसिलामा मिति २०६६।६।२६ र २०६६।७।१० मा लिएको लिखित परीक्षा तथा अन्तर्वार्ता रद्द गरी हाल प्रचलित कानून बमोजिम पदपूर्ति व्यवस्था गर्न जिल्ला शिक्षा कार्यलय सप्तरीमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१९. सामुदायिक अध्ययन केन्द्र संचालन निर्दशिका २०६२ को दफा ३३ बिपरित खाता संचालन बदल्न र चेक बुक लिन सिफारिस गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०६८।३।६ को निर्णयानुसार जिल्ला शिक्षा कार्यालय रौतहटका शा.अ. शुरेस कुमार सिंहलाई विभागिय कारवाही गर्न शिक्षा मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२०. नेपाल राष्ट्रिय प्राथमिक विद्यालय बारामा अनियमित नियुक्ती रोकी खुल्ला विज्ञापन गराई पाऊँ भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।९।४ को को निर्णयानुसार शिक्षा नियमावलीको नियम २२(ङ) (१) मा व्यवस्था भए वमोजिम नगरी दर्खास्त हाल्ने म्याद १० दिन मात्र उल्लेख गरी सूचना प्रकाशन गरी कानूनी व्यवस्थाको उल्लंघन गरेर शिक्षक नियुक्ती पाएका शिक्षकहरू ध्रुव प्रसाद यादव र विन्दालाल प्रसादलाई दिइएको अस्थायी शिक्षकको नियुक्ती कानून सम्मत नदेखिएकोले कानून सम्मत तरिकाले विज्ञापन गरी शिक्षक नियुक्त गर्न विद्यालय व्यवस्थापन समिति ने.रा. प्राथमिक विद्यालय ओरैया वारामा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

श्रम तथा रोजगार मन्त्रालय

१. रामनारायण मुखियाको सव बेपत्ता पारिएको हुँदा पासपोर्ट र नागरिकता दिलाई कारवाहि होस भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।२।१० को निर्णयानुसार मलेशियामा बैदेशिक रोजगारको सिलसिलामा मृत्यु भएका रामनारायण मुखियाकी श्रीमती दुलारी देवीलाई श्रम तथा यातायात व्यवस्था मन्त्रालय र पररा्ष्ट्र मन्त्रालयको समन्वयमा यथाशिघ्र क्षतिपुर्ति उपलब्ध गराई आयोगलाई जानकारी दिन श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. रोजगारीको सिलसिलामा सडक दुर्घनामा परि मृत्यु भएकोमा सत्यतथ्य पत्ता लगाई आवश्यक पहल गरि दिनु हुने छ भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।३।१३ को

निर्णयानुसार गरामनी-९ झापाका सन्तोष घिमिरे (राहदानी नं ३८२४५२८) को बैदेशिक रोजगारीको सिलसिलामा दुर्घनामा परी मिति २०६७।७।१४ मा मृत्यु भएकोमा बैदेशिक रोजगार विभागवाट मन्त्रालयमा पत्राचार भएको विषयमा अविलम्व कारवाहि गरी कार्यान्वयनको जानकारी आयोगलाई दिन श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. नर्थपोल ओभरिजले नक्कली भिषा बनाई वहराईन पुऱ्याई फिर्ता हुँदा कम्पनीलाई बुझाएको रू. १ लाख ३५ हजारमा रू. ५० हजार फिर्ता गरि बाँकी रकमको बैंक खातामा रकम नभएको चेक दिएको हुँदा कारवाही गरीपाउँ भन्ने उजुरीका सम्बन्धमा मिति २०६८।३।२० को निर्णयानुसार उजुरीको विषयमा कानून बमोजीम तुरुन्त फरफारक गरी गराई सोको जानकारी आयोगलाई गराउन बैदेशिक रोजगार विभागलाई लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

सर्वोच्च अदालत

धादिङ जिल्ला पिडा गाउँ विकास समिति वडा नं.८ का विभिन्न व्यक्तिको नाममा रहेको मोटरबाटो नजोडिएको जग्गालाई मोटरबाटो जोडिएको भनी सिफारिस गरिएको आधारमा उक्त जग्गा धितो राखी अभियुक्त छुटेको भन्ने उजुरीका सम्बन्धमा मिति २०६६।९।८ को निर्णय अनुसार धादिङ जिल्ला अदालतका डिठ्ठा खड्गबहादुर श्रेष्ठलाई विभागीय कारबाही गर्न सर्वोच्च अदालतमा लेखिपठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

परिच्छेद - १४
तामेली

आर्थिक वर्ष २०६८/०६९ मा आयोगमा पर्न आएका उजुरीहरूमा प्रारम्भिक छानबिन गर्ने क्रममा ऐनको हदम्याद नाघेका, आयोगको अधिकार वा कार्यक्षेत्रभित्र नपरेका, प्रथम दृष्टि (Prima Facie) मै तथ्ययुक्त नदेखिएका, अदालतमा मुद्दा परिरहेका, कुनै कारणले कारबाही गर्न सम्भव नभएका, अस्पष्ट, अधुरा, अपुरा प्रमाणहरू भएका, कुनै तथ्यगत आधार नभएका, व्यक्तिगत रिसइबी साँध्ने खालका, अत्यन्त सामान्य र मामुली विषयका सम्बन्धमा परेका उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० बमोजिम आयोगबाट त्यस्ता उजुरीहरू तामेलीमा राख्न सक्ने प्रावधान अनुसार तामेलीमा राखिएका र आर्थिक वर्ष २०६८/०६९ मा विस्तृत अनुसन्धान भई आयोगबाट विभिन्न मितिमा तामेलीमा राख्ने निर्णय भएका उजुरीहरूको विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

१. नेपाल खानेपानी संस्थानका तत्कालीन उप-प्रबन्धक डा. कृष्ण प्रसाद कडेंलले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा बिस्तृत अनुसन्धान हुँदा निज कृष्ण प्रसाद कंडेलले मिति २०४२।१।२८ गते नेपाल खानेपानी संस्थानको सहायक द्वितीय इन्जिनियर पदमा सेवा प्रवेश गरी मिति २०६६।५।१ गतेबाट संस्थानको उप-प्रबन्धक पदबाट सेवा निवृत्त भएको । निजले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात हाल सम्ममा तलवबाट रू.२१,९८,८३४।- श्रीमतीको तलव भत्ताबाट प्राप्त रकम रू.७,२०,०००।- कर्मचारी संचय कोष ऋण सापटी लिएको रकमबाट रू.४,४३,६००।- तथा घर भाडा वापत रू.१०,८०,०००।-, घर जग्गा विक्रीबाट मिति २०६१।८।४ मा रू.८,७५,०००।-, मिति २०६१।९।१९ मा रू.७,५०,०००।-, मिति २०६२।७।७ मा रू.४१,००,०००।- , मिति २०६२।११।१३ मा रू.२०,००००००।- र मिति २०६५।३।११ मा रू.६३,३२,९०८।- समेत गरी रू.१,४०,५७,९०८।- आय आर्जन गरी समग्रमा जम्मा रू.१,८४,९१,३४४।- आय आर्जन गरेको देखिन आयो । त्यसै गरी निजले सेवा निवृत्त हुँदाको अबधी सम्ममा जग्गा खरिदमा रू.३७,७९,०००।- घर निर्माण गर्न रू.४५,४४,५५६।-, शेयर खरिदमा रू.२३,३०,३९६।-, सवारी साधन खरिद गर्न रू.५,००,०००।-, बचतपत्र खरिद गर्न रू.१३,५०,०००।- घर भाडा कर तिर्न रू.१,६२,०००।- सेवारत रहेको अबधी सम्मको बैंक मौज्दात रकम रू.५,०२,५८३।६४ समेत गरी जम्मा रू.१,३१,४८,५३५।६४ खर्च तथा लगानी गरेको देखियो । समग्रमा निज कृष्ण प्रसाद कंडेलको खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिंदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था पुष्टि हुनआएको नदेखिंदा पछि कहीं कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा आयोगको मिति २०६८।४।२ को निर्णयानुसार तामेलीमा राखिएको ।

२. तत्कालिन विशेष प्रहरी विभागको आदेशले रोक्का रहेको ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ५ त (हाल वडा नं. १५) कि.नं. २३७ मधु प्रधानको नामको जग्गा फुकुवा गरिपाउँ भन्ने निवेदन उपर छलफल हुँदा तत्कालिन विशेष प्रहरी विभागबाट

उक्त जग्गा के कुन सन्दर्भ र प्रयोजनको लागि रोक्का राखिएको हो भन्ने आयोगको अभिलेखमा नदेखिएको, रोक्का राख्न पठाइएको भनिएको तत्कालिन विशेष प्रहरी विभागको मिति २०४१।५।२१ को पत्र र सोसँग सम्बन्धित मिसिल फेला नपरेको र यस आयोगको कुनै निर्णय वा आदेशबाट निज मधु प्रधानको जग्गा रोक्का राखिएको अवस्था नहुँदा तत्कालिन विशेष प्रहरी विभागबाट रोक्का राखिएको निवेदकको जग्गा फुकुवा गरिदिन लेखी पठाउन सकिने अवस्था नभएकोले आयोगको मिति २०६८।४।१५ को निर्णयानुसार तामेलीमा राखिएको ।

३. नेपाल इन्भेष्टमेण्ट बैंकको अगुवाइमा वालाजी इन्भेष्टमेण्ट प्रा.लि. लाई कर्जा प्रदान गर्दा अनियमतिता भएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा उजुरीमा उल्लेख भए झै ऋणीको नाममा जग्गा नआईकन नै नेपाल इन्भेष्टमेण्ट बैंकको अगुवाईमा अन्य बैंकहरूले कर्जा प्रवाह गरेको भन्ने देखिएन । ऋणी वालाजी इन्भेष्टमेण्ट प्रा.लि. को नामको जग्गा कूल क्षेत्रफल ३३३ आना सम्बन्धित ऋण प्रवाह गर्ने बैंकहरूको नाममा धितो दृष्टिवन्धक पास गरी नियमित रुपमा व्याँज बुझाउँदै आएको भन्ने सम्वन्धित बैंकहरूको भनाई रहेको र स्थलगत अवलोकन गर्दा समेत धितो राखिएको जग्गा काठमाण्डौको लाजिम्पाट पानीपोखरी मूल सडक संग जोडिई Prime Location मा रहेको एवं प्रति आना ४० देखि ५० लाख सम्म पर्ने भनि बुझिन आएको समेत हुँदा बैंकहरूको रू.५६ करोड ऋण डुव्ने स्थिति नदेखिंदा आयोगको मिति २०६८।४।१५ को निर्णयानुसार तामेलीमा राखिएको ।

४. पश्चिम नेपालको दार्चुला जिल्ला स्थित अपी नाम्पा क्षेत्रमा वन्यजन्तु संरक्षण क्षेत्र घोषणा गर्ने क्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उ.स.(प्रा.) शेरसिंह ठगुन्नाको संयोजकत्वमा गठित कार्यदलले केन्द्रमा नै बसेर व्यवस्थापन योजना बनाई सो कार्यको लागि बिनियोजित रकम रू.७,००,०००।- भ्रष्टाचार गरेको भन्ने मिति २०६६।५।३ को उजुरी उपर बिस्तृत अनुसन्धान हुँदा नेपाल सरकारको मिति २०६५।१०।१७ को राज्य मन्त्री स्तरिय निर्णयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उ.स.(प्रा.) शेरसिंह ठगुन्नाको संयोजकत्वमा जिल्ला वन अधिकृत दार्चुला र जिल्ला भू-संरक्षण अधिकृत दार्चुला समेत रहेको कार्यदलले सम्बन्धित जिल्लामा गई स्थानीय व्यक्तिहरू संग छलफल गरी व्यवस्थापन कार्ययोजना तयार गरेको, सो कार्यको लागि रू.४,२०,५००।-रकम बिनियोजन भएकोमा संयोजकले रू.३,२०,०००। मात्र पेश्की लिएको देखिन्छ । निज बिभिन्न मितिमा जिल्लामा गएको कुरा भ्रमण आदेश एवं ल्पेन टिकटबाट समेत प्रष्ट हुन्छ । सो कार्यमा काज जांदा निजले ल्पेन टिकट मात्र भुक्तानी लिएको अन्य रकम कार्यक्रम बजेटबाटै खर्च गरेको देखिन्छ । यस सम्बन्धमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट नियमानुसार पेश्की फछ्यौंट समेत भई सकेको अवस्था देखिएकोले आयोगको मिति २०६८।४।१५ को निर्णयानुसार तामेलीमा राखिएको ।

५. काठमाण्डौ जिल्ला साविक बौद्ध गा.पं. वडा नं. ६ ख कि.नं. ११३ हाल कायम कि.नं. १४८ पशुपतिनाथको जग्गा गुठी संस्थानले कंडेल चोक भगवती गुठी कायम गरी हिनामिना गरेको भन्ने सम्बन्धमा पर्न आएको रामहरि शर्माको उजुरी उपर अनुसन्धान हुंदा उजुरीकर्ताले आफ्नो उजुरीमा उठाएको विषयवस्तु यस अघि आयोगमा मिति २०६१।७।२६ मा दर्ता भएका र मिति २०६१।९।२८ मा समेत शिव शर्माको नामबाट प्राप्त उजुरीमा पनि समान तवरबाट उठाइएको पाइयो । उल्लेखित उजुरी उपर आयोगबाट मिति २०६२।४।२० मा निर्णय भई मिति २०६२।५।२६ को निर्णयले ५ थान फाइल समेत गुठी संस्थानमा फिर्ता पठाएको पाइयो । कुन गुठी कायम हुने विषयमा विवाद भई विभिन्न मुद्दा परी शुरु जिल्ला तथा पुनरावेदन अदालत समेतबाट निर्णय भएको अवस्था समेत देखियो । सर्वोच्च अदालतको २०६४।१०।३ को फैसलाले गुठी संस्थानको मिति २०४३।१०।१९ को निर्णय अन्तिम भएर रहेको र आयोगको पूर्व निर्णय समेतको आधारमा आयोगको मिति २०६८।४।१८ को निर्णयानुसार तामेलीमा राखिएको ।

६. लक्ष्मीनिया मा.वि. लक्ष्मीपुर वगेवा धनुषाका प्रधानाध्यापक कारी यादव समेतले आर्थिक अनियमितता भ्रष्टाचार गरेको भन्ने विषयमा आवश्यक कारवाहीको लागी जिल्ला प्रशासन कार्यालय धनुषाको मिति २०६७।८।५ को पत्र बमोजिम अनुसन्धान हुंदा अनुसन्धानको सिलसिलामा लक्ष्मीनीया मा.वि. लक्ष्मीपुर वगेवा धनुषा समेतबाट प्राप्त हुन आएको कागजात तथा सम्बन्धित व्यक्तिले आयोग समक्ष गरेको वयान समेतलाई अध्ययन गर्दा, प्रधानाध्याक कारी यादवको कार्यकालमा उक्त लक्ष्मीनीया मा.वि. लक्ष्मीपुर वगेवा धनुषाको खेती योग्य जमिन/घर भाडामा लगाएको, माछा पोखरी ठेक्कामा लगाएको, आम्दानीको हिसाव दुरुस्त राखेको, माछापोखरीको आम्दानी र त्यस वापत वाँकी उठन रहेको हिसाव दुरुस्त रहेको एवं सम्वन्धित ठेक्का लिने ठेकेदारवाट रकम उठाईदिनको लागि सम्वन्धित निकायमा पत्राचार गरी पहल गरेको, विद्यालयको आम्दानीको आय व्यय दुरुस्त राखेको, भौतिक निर्माण गर्दा विभिन्न संघ संस्थावाट सहयोग माग गरेको र हिसाव पारदर्शी राखेको, निज उक्त विद्यालयमा २०६० सालमा हाजिर भए पश्चात् उक्त स्कूलको खाली जमीन त्यहाका स्थानीय व्यक्तिले अनाधिकृत रुपमा भोगचलन गरेकोमा अथक प्रयासले स्कुलको सम्पत्ति सुरक्षित गर्न विभिन्न प्रयासका वावजुत सफल भई उक्त जग्गा जमिनको आम्दानी उठाउन सफल भएको भनी खुल्न आएको देखियो ।

त्यसैगरी विद्यालयको जग्गा जमिन एवं पोखरी ठेक्का लिई सम्झौता अनुरुप रकम नतिर्ने विभिन्न व्यक्तिहरूलाई कानूनी कारवाहीको दायरामा ल्याउन विभिन्न निकायमा पत्राचार गरी जरीवाना सहित रकम असुल उपर गरेको, विभिन्न संघ संस्था, मन्त्रालय, राजदूतावाससंग सहयोगका लागि प्रयास गरी विद्यालयको भौतिक निर्माण गरेको, उक्त लक्ष्मीनीया मा.वि.लाई उ.मा.वि. मा परिणत गर्न अथक प्रयास गरी रकम संकलन गरी उच्च मा.वि.वनाई संचालन गरेको भनी खुल्न आएको हुँदा आयोगको मिति २०६८।४।१८ को निर्णयानुसार तामेलीमा राखिएको ।

७. पर्सा जिल्ला, मिर्जापुर गाँऊ विकास समितिका सचिव अच्छेलाल साह कानुले मिर्जापुर गाँऊ विकास समितिमा कार्यालय सहायक पदपूर्ति गर्दा अनियमितता गरेको सम्बन्धमा छलफल हुँदा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१५(१) ख बमोजिम गठित पदपूर्ति समितिको अनुरोधमा लिखित परीक्षाको प्रश्नपत्र निर्माण देखि अर्न्तवार्ताको नतिजा प्रकाशन सम्मका सम्पूर्ण परीक्षा सम्बन्धी काम लोक सेवा आयोग, नारायणी अञ्चल कार्यालय हेटौडा, मकवानपुरले सम्पन्न गरेको अनुसन्धानबाट देखिएको र लोक सेवा आयोग, नारायणी अञ्चल कार्यालय हेटौडाले गरेको काम कारबाहीको सम्बन्धमा लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगरलाई राय माग गर्दा नियम सम्मत रहेको राय प्राप्त भएकोले प्रस्तुत उजुरी माथि थप कारवाही गरिरहन नपर्ने देखिएको हुँदा आयोगको मिति २०६८।४।२२ को निर्णयानुसार तामेलीमा राखिएको ।

८. यति डिष्टिलरी नारायणगढ, सिद्धबाबा डिष्टिलरी, भैरहवा लगायतले अन्तःशुल्क स्टिकर प्रयोग गरे पनि अन्तःशुल्क रकम भुक्तानी नगरेको हुँदा छानविन गरी कारबाही गरिपाउ भन्ने समेतको उजुरी उपर विस्तृत छानविन हुँदा राजस्व अनुसन्धान विभाग पश्चिमान्चल इकाई कार्यालय, बुटवलले प्रस्तुत उजुरीका सम्बन्धमा छानविन गरी पठाएको प्रतिवेदनमा आन्तरिक राजस्व कार्यालय, भैरहवाबाट कार्यालयको कर्मचारी मार्फत उपलब्ध गराएको अन्तशुल्क स्टिकरहरू सम्बन्धित डिष्टिलरीहरूले प्रयोग गरी बाकी रहेको स्टिकर कार्यलयको अभिलेखसंग मेल खाएको अवस्था प्राप्त प्रतिवेदनबाट देखिन आएकोले अन्तःशुल्क स्टिकरमा अनियमितता भएको भने पाइएन । राजस्व अनुसन्धान विभागको मिति २०६८।३।३० को छानविन प्रतिवेदन र राजस्व अनुसन्धान विभाग पश्चिमान्चल इकाई कार्यालय, बुटवलको मिति २०६७।४।२६ को छानविन प्रतिवेदनमा यति डिष्टिलरी प्रा.लि. को छानविन गर्दा फरक मौज्दात मु.अ.कर तथा अन्तःशुल्क वापत रू.१,८६,३६७।- को कर निर्धारण समेत भै आयकर वापत रू.३२,४०१।- धरौटीमा रही कूल रकम रू.२,१८,१९८।- राजस्व असूली गरेको, शशी डिष्टिलरी प्रा.लि.बाट अन्तशुल्क रू.१,४४,४०,६०८।२९ मु.अ.कर रू.१८,६१,१८५।-, सिद्धबाबा डिष्टिलरी प्रा.लि. बाट अन्तशुल्क रू.९,३४,९७,०४५।०४ मु.अ.कर रू.१,८४,१४,६३०।- र रेन्बो डिष्टिलरी प्रा.लि.बाट अन्तशुल्क रू.२,९४,४२,७९१।५२ मु.अ कर रू.२९,०९,०५९।- प्राप्त भएको भनि उल्लेख भएको देखिँदा प्रस्तुत उजुरी उपर थप छानविन गर्नु नपरेकोले आयोगको मिति २०६८।५।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

९. जिल्ला स्वास्थ्य कार्यालय बाराका कोल्डचेन अधिकृत बाबुलाल सहनीले नक्कली शैक्षिक प्रमाणपत्रका आधारमा सरकारी पदमा रही विभिन्न गैरकानूनी, अनियमितता र भ्रष्टाचार गरेको भन्ने उजूरी उपर विस्तृत अनुसन्धान हुँदा निवेदन पेश गर्नेले यस आयोगको क्षेत्राधिकार बाहिरका लागू औषधको कारोबार, जबर्जस्ती चन्दा असूली, चेलीबेटी बेचविखन, गांजा एवं सुनचांदी तस्करी जस्ता आरोपहरू समेत लगाएकोमा निवेदनको बोधार्थ प्रमुख जिल्ला अधिकारी बारा, जिल्ला प्रहरी कार्यालय बारा, राष्ट्रिय अनुसन्धान कार्यालय बारा

समेतमा दिएको देखिन आएकोले उक्त कार्यालयहरूबाट आवश्यक छानविन हुने नै हुँदा आयोगबाट केही गरिरहनु पर्ने देखिएन । साथै निजले स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ११९(३) ले तोकेको म्यादभित्रै सेवा अवधी जोडाउनका लागि निवेदन दिई निजामती किताबखानामा तालुक कार्यालय मार्फत पेश गरेको । निज कार्यरत कार्यालयका तत्कालीन कार्यालय प्रमुखको बयान, कार्यालयबाट प्राप्त प्रतिक्रिया तथा कागजातहरू, लेखापरीक्षण प्रतिवेदन, जिन्सी निरीक्षण आदि समेतका आधारमा आरोपित कर्मचारी बाबुलाल सहनीले भ्रष्टाचार गरेको भन्ने पुष्टी हुन नआएको हुँदा आयोगको मिति २०६८।५।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

१०. नुवाकोट जिल्ला, सिके गाउँ विकास समिति ,वडा.नं.७ ढुङ्गेडाँडास्थित स्याउरी भूमे उच्च मा.वि.का.प्रधानाध्यापक ठाकुर थापा, आर्थिक समितिका संयोजक विष्णु प्रसाद खड्का र व्यवस्थापन समितिका पूर्व अध्यक्ष राम वहादुर थापा समेतले विद्यालयको आर्थिक हिनामिना गरी शैक्षिक पठन पाठन वन्द हुने स्थिति रहेको र विद्यालयका नाउँमा उठाएको चन्दा रकम समेतको हिसाव किताव पारदर्शी नभै एकलौटी तरिकाले खर्च गरेको भन्ने मिति २०६७८।६ को उजुरी निवेदन उपर अनुसन्धान हुँदा, विद्यालयको के कति रकम कसरी हिनामिना भएको हो भन्ने उजुरीमा किटानी उल्लेख नभएको । सम्बन्धित विद्यालय निरीक्षकको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदनहरू एवं सामाजिक परीक्षण लगायतका कागजातहरू हेर्दा विद्यालयको रकम हिनामिना एवं अनियमित तवरले खर्च भएको भन्ने उजुरी दावी पुष्टी हुने आधार नदेखिएकोले आयोगको मिति २०६८।५।१९ को निर्णयानुसार तामेलीमा राखिएको ।

११. त्रिभुवन विश्वविद्यालय अन्तरगत नेपाली केन्द्रीय शिक्षण बिभागका बिभागीय प्रमुख प्राध्यापक राजेन्द्र सुवेदीले उक्त विश्वविद्यालय अन्तरगत नेपाली बिषय स्नातकोत्तर तहको पाठ्यक्रममा पाठ्य सामग्रीको रुपमा समावेश नभएको “सघन तुँवालो” नामको पुस्तक पाठ्यसामग्रीमा समावेश भएको भनि उक्त पुस्तकका लेखक रामकृष्ण बान्तवा, हङ्गकङ्गलाई बिभागीय प्रमुखको हैसियतले पत्राचार गरी अनुचित कार्य गरेको भन्ने उजुरीका सम्वन्धमा आयोगको मिति २०६८।४।१७ को बैठकमा छलफल भै निर्णय भए अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ११ बमोजिम निज प्राध्यापक राजेन्द्र सुवेदीलाई सोधिएको स्पष्टिकरणको जवाफ उपर छलफल हुँदा यसमा निज राजेन्द्र सुवेदीले मिति २०६८।४।३२ मा आयोगमा दर्ता गराएको स्पष्टिकरणको जवाफ र सो साथ संलग्न त्रि.वि.रजिष्ट्रार कार्यालयको मिति २०६८।३।१० को पत्रको छायाँप्रति समेतबाट निजले मिति २०६८।२।३ देखि त्रि.वि. सेवाबाट अनिवार्य अवकास प्राप्त गरीसकेको भन्ने देखिन आएकोले आयोगको मिति २०६८।५।१९ को निर्णयानुसार तामेलीमा राखिएको ।

१२. जिल्ला विकास समिति सप्तरीले महादेवा गाउँ विकास समितिमा आ.व. २०६५।६६ मा निकाशा दिएको रू.११,८६,०००।- हिनामिना भएको भन्ने उजुरीका सम्बन्धमा छानविन हुँदा जिल्ला विकाश समितिले महादेवा गाउँ विकास समिति लाई आ.ब. २०६५।६६ मा पुजिंगत

खर्चको लागी निकाशा दिएको रकम तोकिएको काममा उपभोक्ता समिति मार्फत खर्च गरेको र हालै जिल्ला प्राबिधिक कार्यालय सप्तरीबाट उल्लेखित कामको बर्तमान स्थिति जांची बुझी प्राप्त भएको मूल्याङ्कन प्रतिबेदन समेतको आधारमा आर्थिक अनियमितता तथा हिनामिना गरेको पुष्टि हुन नआएको हुंदा आयोगको मिति २०६८।५।१९ को निर्णयानुसार तामेलीमा राखिएको ।

१३. सम्पति न्यायिक जाँचवुझ आयोगको प्रतिवेदन बमोजिम शिक्षा विभाग, सानोठिमीका शाखा अधिकृत मधुसुदन पराजुलीले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पतिको स्रोत सम्वन्धमा अनुसन्धान हुंदा निज मधुसुदन पराजुलीले मिति २०३६।२।२७ देखि मुखिया पदमा प्रवेश गरी मिति २०६४।११।२७ मा शाखा अधिकृत पदमा वढुवा भई हाल शिक्षा विभाग सानोठिमीमा निरन्तर कार्य गर्दै आएको देखियो ।सार्वजनिक सेवामा प्रवेश गरेपछि निज मधुसुदन पराजुलीको श्रीमतीको नाममा का.म.पा.वडा नं.३५ कोटेश्वरको जग्गा मिति २०६५।९।२ मा रू.२५,६४,०००।- मा खरीद गरेको र निज संग वैंक मौज्दात समेत गरी व्ययतर्फ जम्मा रू.२६,४८,३३८।-।- खर्च भएको देखियो भने निजले उपरोक्त सम्पतिको श्रृजना गर्न प्रयोग गरेको आयतर्फ हेर्दा सार्वजनिक सेवामा कार्यरत रहंदा निजको तलव भत्ता रू.८,०९,८१०।-, जग्गा विक्रीवाट रू.२०,५६,५९९।- र कर्मचारी संचय कोषवाट ऋण सापटीवाट रू.१,७८,०००।-समेत गरी जम्मा रू.३०,४४,४०९।- आय भएको देखियो । आय व्ययको समग्र अवस्थालाई हेर्दा निजले श्रोत नखुलेको सम्पति आर्जन गरी अस्वभाविक अमिल्दो रुपमा सार्वजनिक जीवन निर्वाह गरेको देखिन नआएकोले आयोगको मिति २०६८।५।१९ को निर्णयानुसार तामेलीमा राखिएको ।

१४. वारा जिल्ला लिपनीमाल गाउँ विकास समिति वडा नं. ३ मा रहेको अरिहन्त ईण्डष्ट्रिज प्रा.लि.का नाउँमा रहेको कि.नं. ३०,३१,३२,३५ र वडा नं. २ को कि.नं. १५ को जग्गामा भएको घर नदेखाई जग्गाको मात्र मुल्यांकन गरी रजिष्ट्रेसन पारित गराउँदा अनियमितता गरी भ्रष्टाचार गरेको रकम असुल उपर गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा विवादित जग्गाको लिखत पारित गर्दाको अवस्थामा उक्त लिखतमा घर सम्वन्धी विवरण उल्लेख नभएको तथा कार्यालयमा रहेको श्रेष्तावाट समेत घर भएको नदेखिएको तर विवादित कि.नं. ३० र ३५ को जग्गामा घर समेत रहेको भन्ने नापी शाखा कार्यालय वाराको मिति २०५५।१।६ को फिल्ड निरीक्षण प्रतिवेदनको प्रतिलिपिवाट देखिएको र लिखत पारित हुँदाका अवस्थामा कम लिएको राजस्व रू.३,१५,७७०। मिति २०६६।४।३० मा असुल उपर भैसकेको । विवादित जग्गाको उजुरीको सम्वन्धमा मिति २०६६।६।६ मा आयोगको वैठकमा छलफल हुँदा “हालको जग्गा धनी दिपककुमार टिवडेवाल र प्रकाशकुमार टिवडेवालवाट मिति २०६६।४।३० मा नपुग राजस्व रू.३,१५,७७०। असुल उपर भैसकेको देखिन आएको भएतापनि मिति २०५४।३।३० देखी २०६६।४।३० सम्मको प्रचलित कानुन वमोजिम लाग्ने व्याज असुल उपर भएको नदेखिएको हुँदा मालपोत कार्यालय वारालाई उक्त अवधिको सयकडा १० प्रतिशत व्याज समेत असुल उपर गरी आयोगमा जानकारी गराउन

लेखी पठाउने र व्याज असुल उपर नभएसम्म उक्त घरजग्गा रोक्का राख्न निर्देशन दिने" भन्ने आयोगको निर्णयानुसार कम लिएको राजस्व रू.३,१५,७७०। को व्याज रू.३,८१,५५६। समेत मिति २०६८।५।७ मा असुल उपर भैसकेको भन्ने मालपोत कार्यालय वाराको मिति २०६८।५।७ को पत्रवाट आयोगमा जानकारी प्राप्त भएको देखिँदा आयोगको मिति २०६८।६।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

१५. जनकपुर चुरोट कारखाना लि. ले विना पूर्व सूचना मिति २०६६।३।२६ गते देखि लागू हुने गरी कारखानामा कार्यरत २४१जना कर्मचारीलाई अवकाश दिएको विरुद्धमा सर्वोच्चअदालतमा मुद्दा परेको र संचालक समितिले गठन गरेको वार्ता टोलीसँग वार्ता गरी क्षतिपूर्ति जनही रू.७१,०००।- रकम लगायत अन्य सुविधा समेत एकमुष्ट रकम दिने भन्ने सम्झौता भएकोमा अर्थ मन्त्रालयबाट २६ करोड रुपैया दिई सक्दा पनि भुक्तानी नपाएकोले अविलम्व भुक्तानी पाउँ भनी आयोग समक्ष पर्न आएको उजुरी सम्बन्धमा अनुसन्धान हुदाँ यसमा २४१ कर्मचारी कारखानाको विनियमावली संशोधन पछि अवकास पाएकोमा ती कर्मचारी मध्ये ३ जना वाहेक अरु सवैले पाउने तलव भत्ता लगायतको सुविधा पाइसकेको अवस्था देखियो । तलव भत्ता सुविधा हालसम्म नपाउनेको हकमा हेर्दा विजय चन्दको हकमा भुक्तानी प्रक्रियामा रहेको, विन्देश्वर प्रसाद शाहको हकमा विशेष अदालतमा मुद्दा चलिरहेको र गोपाल नकर्मीको हकमा तत्काल निज कार्यरत रहेको कार्यालयबाट कागजात प्राप्त नभएको कारण हिसाव फरफारक हुन र सुविधा भुक्तानी दिन वाँकी रहेको व्यहोरा जनकपुर चुरोट कारखानाको पत्रबाट देखियो । अतः अवकास हुँदा पाउने सुविधाको सम्वन्धमा थप केही वोली रहन पर्ने अवस्था देखिदैन ।

करारमा कर्मचारी नियुक्ति सम्बन्धमा हेर्दा विनियमावली संशोधन भै सो बाट अवकास हुने कर्मचारीको दरवन्दी कटौती गर्ने अर्थ मन्त्रालयको निर्देशन भए मुताविक सो पदहरूमा कसैलाई पनि करारमा नियुक्ति नगरिएको भन्ने ज.चु.का.लि. को स्पष्टोक्ति रहेको र सो पद वाहेकको पदमा ३ जनालाई करार नियुक्ति गरिएको भए पनि १ वर्षको करार समयावधि भुक्तानी भैसकेको देखिंदा सो तर्फ पनि केही वोल्नु पर्ने अवस्था रहेन । तत्कालिन महाप्रवन्धक समेतले रू.७१ हजार सेवाबाट हटेकाको हकमा क्षतिपूर्ति दिने भनी संझौता गरेको तर्फ हेर्दा उक्त संझौता कारखानाको विनियमावलीमा त्यस्तो रकम दिने व्यवस्था नरहेको र हालसम्म सो कम दिइएको अवस्था समेत नहुँदा उक्त कानून विपरितको संझौताको कुनै अस्तित्व नहुने हुँदा सो तर्फ पनि थप केही गरिरहन पर्ने नदेखिएकोले आयोगको मिति २०६८।६।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

१६. तत्कालिन कर कार्यालय १ नं.शाखाका शाखा अधिकृत उद्धवराज न्यौपानेले स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा, सिन्धुली, रानीवास-५ घर भई हाल भक्तपुर जिल्ला वालकोट-२ मा बसोवास गर्ने उद्धवराज न्यौपानेले मिति २०५१ देखि २०५३ सालमा शिक्षक पेशा र २०५३-२०५५ सम्म निजामती सेवाको खरिदार, २०५६-

२०६२ सम्म अदालतको ना.सु. र २०६२ देखि हालसम्म राजश्व समूहको शाखा अधिकृतमा नियुक्त भई हाल आन्तरिक राजश्व कार्यालय भैरहवाको कर अधिकृत पदमा कार्यरत रहेको देखियो । निज सार्वजनिक सेवाको पदमा प्रवेश गरेपछि निजको आय र व्यय तर्फ हेर्दा निजले आ.व. २०६७।६८ सम्म तलब भत्ताबाट रू.१३,२२,४७३।-, श्रीमती निमा कुमारी न्यौपानेको शिक्षण पेशाबाट प्राप्त तलब रू.६,६९,४१६।-, उद्धवराजको प्रोत्साहन भत्ता वापत रू.७,२२,४९२।-, क.सं.कोष ऋण/सापटीबाट रू.१७,०५,२९६।-, नागरिक लगानी कोषबाट ऋण रू.१,६६,४००।- र कृषि आयबाट रू.१,००,०००।- र जग्गा विक्रीबाट रू.४,२०,०००।- समेत गरी रू.५१,०६,०७७।- आम्दानी गरेको देखिन्छ भने व्यय तर्फ हेर्दा जग्गा खरिदमा रू.१९,००,०००।-, घर निर्माणमा रू.२०,००,०००।, मोटरसाइकल खरिदमा रू.१,५०,०००।-, बैंक मौज्दात रू.१,६२,७४१।- समेत गरी रू.४२,१२,७४१।- खर्च गरेको देखिन्छ ।

यसरी उक्त आयबाट व्यय भएको रकम कटाउँदा निजसंग रू.८,९३,३३६।- मौज्दात देखिए तापनि हाल बैंक मौज्दात रू.१,६२,७४१।- मात्र देखिंदा हालसम्मको निजको मौज्दात रकम रू.१,६२,७४१।- मात्र मान्ने निर्णय गरीयो । तसर्थ निजको आयभन्दा व्यय न्यून देखिन आएकोले पछि कहीँ कतैबाट अन्य थप प्रमाण फेला परेका बखत निज उपर कानून बमोजिम हुने नै हुँदा आयोगको मिति २०६८।६।६ को निर्णयानुसार तामेलीमा राखिएको ।

१७. जिल्ला विकास समिति ललितपुरले आ.व. २०६६।०६७ मा नियम बिपरित सोझै HDP पाईप खरिद लगायतका कार्यहरूमा अनियमितता गरेको भन्ने बिषयमा आयोगमा दर्ता भएको उजुरीका सम्बन्धमा भएको छानविन प्रतिवेदन पेश हुँदा खरिद भएका HDP पाईपहरू कुनै ठूलो एउटै योजनाको लागि खरिद गरेको नभै बाढी पहिरो, आगलागिबाट भएका क्षतिका कारण बिभिन्न गा.बि.स.का उपभोक्ता समिति तथा बिद्यालयहरूको माग, गा.बि.स.को सिफारिस र ल.ई. अनुसार स-सानो परिमाणको पाईप आयोजना अनुसार पटक पटक (३० योजनाको लागि) खरिद भएको देखिएकोले यसबाट तत्काल अनियमितता भएको पुष्टि हुन नआएको हुँदा आयोगको मिति २०६८।६।८ को निर्णयानुसार तामेलीमा राखिएको ।

१८. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदनमा इन्जीनियर गोपीनाथ सिलवालको जम्मा रू.१५,७०,४६८।- को सम्पत्ति मध्ये निप्पन कोई, केयरमा काम गरेको र जग्गा विक्रि प्रमाण पेश नगरेको, रू.६,८०,७९९।- को सम्पत्तिको श्रोत प्रमाणित हुन नसकेको भनी उल्लेख भएको आधारमा विस्तृत अनुसन्धान हुँदा, यसमा सम्पत्ति न्यायिक जाँचवुझ आयोगले निप्पन कोई, केयरमा काम गरेको र जग्गा विक्रि प्रमाण पेश नगरेको भनी उल्लेख गरेतर्फ हाल निज इन्जीनियर गोपीनाथ सिलवालबाट उक्त प्रमाण पेश हुन आएको देखियो ।

निज इन्जीनियर गोपीनाथ सिलवालको सम्पत्तिको श्रोतको सम्बन्धमा निज सरकारी नोकरीमा प्रवेश गरे देखि आ.व. ०६६।६७ सम्म निजले सृजित गरेको आधारमा हेर्दा इन्जीनियर गोपीनाथ सिलवालसँग केही पैत्रिक सम्पत्तिको अलावा निजी आर्जनका रुपमा

काठमाण्डौ म.न.पा. वाडं नं. ९ कि.नं. १८१, १८४ को क्षे.फ. ०-१०-१-० जग्गामा वनेको कूल लागत रू.३१,०८,८७०।- पर्ने ३$\frac{१}{२}$ तलाको घर, का.म.न.पा. वार्ड नं. २० ख कि.नं. ५९६, का.म.न.पा. वत्तिसपुतलीको कि.नं. ३०६, ३०८, ३१० समेत कित्ताको कूल क्षे.फ. ०-१५-० जग्गा र भक्तपुर छालिङ ५ मा कि.नं. ५८१, ८३५ को क्षे.फ. १-१२-३ जग्गा, आफ्नो तथा परिवारका सदस्यको नाममा विभिन्न वैंकमा कूल रू.१,७९,९९२।- रकम, केही सुन र चाँदीबाट निर्मित सामान तथा विभिन्न वित्तीय संस्थाको कूल रू.१,८९,१००।- वरावरको शेयर एवं राष्ट्रिय वचत पत्र रहे भएको पाइयो । मूल्य एकिन भएका सम्पत्तिमा जग्गा खरिद तर्फ रू.५,२९,२९८।- घर निर्माण तर्फ रू.३१,०८,८७०।-, मौज्दात रू.१,७९,९९२।-, शेयर तथा राष्ट्रिय वचत पत्रमा रू.१,८९,१००।- समेतको निज गोपीनाथ सिलवालको कूल आर्जित सम्पत्ति देखियो । निजको आय तर्फ हेर्दा तलव भत्ता वापत (निप्पन कोइ र केयर नेपालमा काम गरेको समेत) रू.१३,४५,८७५।-, कर्मचारी संचय कोष सापटी रू.३,२६,०६२।-, घर वहाल वापत रू.१०,५०,०००।- (घर वहाल कर दाखिला गरेको भौचर समेत पेश भएको) राय सल्लाह परामर्श वापत रू.६,६९,११२।-, जग्गा विक्रीबाट रू.९३,१९०।-, ऋण पत्रको व्याज प्राप्ती रू.४०,०००।-, निजको ससुराले तीन छोरीहरूको संयुक्त नाममा बैंक खाता खोली जम्मा गरिदिएको रकमबाट निजको पत्निको भागमा पर्न आउने नगद रू.२,००,०००।- र घर निर्माणको समयमा गरगहना विक्री गरेको, व्यक्तिगत सापटी प्राप्त गरेको र कृषि आय समेत आर्जन गरेको भन्ने निजको भनाइ समेतलाई विचार गर्दा आयको तुलनामा निजको मौजुदा सम्पत्ति अमिल्दो र अस्वभाविक देखिन नआएकोले आयोगको मिति २०६८।७।२ को निर्णयानुसार तामेलीमा राखिएको ।

१९. जिल्ला स्वास्थ्य कार्यालय, बाजुराका लेखापाल दील बहादुर ऐरले जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र बाजुराले प्रयोग गरेको १२ कोठे भाडाको घरमा कार्यालय प्रमुखलाई समेत झुक्याई घर धनीसँग मिलेर ४ वटा कोठाहरू जिल्ला स्वास्थ्य केन्द्रले प्रयोग गर्ने भनी एकै घरको दोहोरो घर भाडा भुक्तानी गर्ने गरेको, कम्प्यूटर खरिद नै नगरी आम्दानी बाँधी रकम खाएकोले छानविन गरी पाउँ भनी मिति २०६७।८।६ मा आयोगमा दर्ता हुन आएको उजुरी उपर अनुसन्धान हुँदा, जिल्ला स्वास्थ्य कार्यालय, बाजुराले प्रयोजनका लागि भनी ४ कोठा भएको घर भाडा लिने बारेको सूचना मिति २०६६।१०।४ मा प्रकाशित गरेको । उक्त सूचना अनुसार रेन्ट कमिटिको मिति २०६७।१।२३ को निर्णयानुसार प्रति महिना रू.४,५००।- का दरले ४ कोठा भएको मातादेबी बुढाको घर भाडामा लिने निर्णय भई संझौता समेत भएको । पछि घर धनीले मिति २०६७।८।१७ मा घरखाली गरी पाउँ भनी कार्यालयमा निवेदन दिएकोमा मिति २०६७।८।१ देखि लागू हुने गरी घरखाली गरिएको देखिन्छ । उक्त कार्यालयले करिव ८ महिना जति घर भाडामा लिएको देखिन्छ । यसैगरी उक्त कार्यालयबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार कार्यालयमा ८ सेट कम्प्यूटर र ३ थान ल्यापटप मौज्दात रहेको देखिन्छ । कार्यालयले मूल्यांकन कमिटिको निर्णय अनुसार विभिन्न सामानहरूको जम्मा एकमुष्ट न्यूनतम मूल्य रू.२,७९५।- कायम गरेको र लिलाम

विक्रीको सूचना प्रकाशन गरी रू.२,९००।- मा लिलाम विक्री गरेको समेत देखिएकोले आयोगको मिति २०६८।७६ को निर्णयानुसार तामेलीमा राखिएको ।

२०. पृथ्वी चन्द्र अस्पताल, नवलपरासीका प्रमुख डा.रामाशंकर दिपले अस्पतालको खर्च भएर नजाने जिन्सी सामानहरू समितिको स्वीकृत नभई बीना मूल्यांकन अनियमित तरिकाले बेची मोटो रकम खाएको भन्ने उजूरी उपर अनुसन्धान हुँदा, उक्त अस्पतालको नयाँ भवन निर्माण भएको, नयाँ भवनसँग जोडिएर रहेको पुरानो दुईवटा भवन भत्काएको, उक्त भत्काएका भवनहरूबाट निस्किएका मालसामान तथा पुराना कवाडीका सामानहरू लिलाम विक्री गर्न जिल्ला प्राविधिक कार्यालयबाट लागत ईष्टिमेट समेत लिएको देखिन्छ । उक्त कार्यालयको ल.ई. अनुसार पुरानो कार्यालय भवनको न्यूनतम रू.४,८४,१९१।२५ र पुरानो इन्डोर भवनको रू.२,३०९७८।४५ मूल्य कायम गरेको र सोही अनुसार अस्पतालले दुई पटक शिलवन्दी दरभाउपत्रको सूचना प्रकाशित गरी उक्त सामानहरू लिलाम विक्रीबाट उठेको कूल रकम रू.७,३३,३२०।- राजश्व खातामा दाखिला समेत भईसकेको देखिएकोले आयोगको मिति २०६८।७६ को निर्णयानुसार तामेलीमा राखिएको ।

२१. सडक विभाग अन्तर्गत कार्यरत तत्कालिन ओ.सि. संजीव कुमार भण्डारी (हाल डि.भी. परी अमेरिकामा वसोवास गरिरहेको) ले पेश गरेको सम्पत्ति विवरणमा श्रीमती रञ्जु भण्डारीको नाममा रू.११ लाखमा खरीद गरेको जग्गामा रू.५,८९,४५०।- स्रोत नखुलेको भनी सम्पत्ति जाँचवुझ आयोगले उल्लेख गरेको रकम सम्वन्धमा अनुसन्धान हुँदा, निज ओ.सि. संजीव कुमार भण्डारीले पेश गरेको विवरण अनुसार तलववाट रू.६,४४,७१२।- घर वाहालवाट रू.२,३५,०००।- र कन्सल्टेन्सीवाट रू.३,३४,०००।- गरी जम्मा रू.१२,१३,७१२।- आम्दानी गरेको र श्रीमती रञ्जु भण्डारीको नाममा रू.११,००,०००।- को जग्गा र सवारी साधन (मोटर साईकल) रू.८९,०००।- मा खरिद गरी जम्मा रू.११,८९,०००।- खर्च गरेको तथा निजको आम्दानी खर्च भन्दा रू.२४,७१२।- वढी नै देखिएको हुँदा निजले पेश गरेको सम्पत्ति विवरणमा स्रोत नखुलेको भन्ने पुष्टी हुन नसकेकोले आयोगको मिति २०६८।८।२१ को निर्णयानुसार तामेलीमा राखिएको ।

२२. निजामती अस्पताल, मिनभवनले फर्निचरको लागि वोलपत्र आव्हान गरी कम गुणस्तरको सामान खरिद गरी अनियमित कार्य गरेको भन्ने मिति ०६६।१२।२० मा परेको उजुरी उपर अनुसन्धान हुँदा, अनुसन्धानको सिलसिलामा निजामती अस्पतालवाट प्राप्त हुन आएका कागजात तथा सम्वन्धित व्यक्तिले आयोग समक्ष गरेको वयान समेतलाई अध्ययन गर्दा फर्निचर खरिद गर्न अपनाएको फर्निचर खरिद विधी, सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम नै रहेको र अस्पतालमा प्राप्त फर्निचर Specification अनुसार नै रहेको हुँदा उजुरीमा उल्लेख गरे अनुसारको व्यहोराहरू प्रमाणित हुन नसकेकोले पछि कहीं कतैवाट थप प्रमाण प्राप्त हुन आएमा कानुन बमोजिम हुने गरी आयोगको मिति २०६८।८।२१ को निर्णयानुसार तामेलीमा राखिएको ।

२३. भूमिसुधार तथा व्यवस्था मन्त्रालयका तत्कालीन् महानिर्देशक केशर बहादुर वानियाँले अकूत सम्पत्ति आर्जन गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा निज केशर बहादुर वानियाले २०२६ सालमा म.ले.प. विभागमा खरिदार पदबाट सार्वजनिक सेवामा प्रवेश गरी २०६७/२/३० मा महानिर्देशकवाट अवकाश पाउँदा सम्म तलब-भत्ता वापत रू.२२,५९,०७५।-, स्वदेश-विदेश भ्रमणबाट रू.४,८२,०००।-, अवकासपछि पाएको रू.१३,९५,९२१।-, पैतृक घर जग्गा बिक्रीबाट रू.२७,०००।-, घर बहालबाट रू.४०,०००।- र बैंक ऋण लिएको १०,४०,०००- गरी जम्मा आय ५६,०३,९९६।- देखिन्छ भने आर्जित सम्पत्ति तर्फ जग्गा खरिद ९२,७२५।-, घर निर्माण रू.१२,५३,५५४।- शेयर खरिद रू.२०,०००।- सवारी साधन (गाडी) खरिद रू.२०,४०,०००।- र बैंक ब्यालेन्स रू.२,३०,०००।- गरी जम्मा ३६,३६,२७९।- बराबरको सम्पत्ति आर्जन गरेको देखियो भने आयोगको मिति २०६८/६/२६ को निर्णयानुसार निजले घर भाडा वापतको आयवाट रू.४०,२००।- कर तिरेको प्रमाण दाखिल गरेको देखियो ।

उल्लेखित आधार एवं अनुसन्धानको क्रममा संकलित कागजातहरू र अनुसन्धान अधिकृतको प्रतिवेदन समेतका आधार प्रमाणहरूबाट निज केशर बहादुर वानियाको सार्वजनिक पदमा बहाल भएपछि अवकाश हुँदासम्म प्राप्त गरेको आयभन्दा आर्जित सम्पत्ति घटी नै देखिंदा पछि थप प्रमाणबाट आयभन्दा आर्जित सम्पत्ति बढी देखिएमा सोही बखत कानून बमोजिम हुने नै हुँदा आयोगको मिति २०६८।८।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

२४. वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत कार्यरत तत्कालिन ना.सु. मुक्ति प्रसाद शर्माले सम्पत्ति न्यायिक जाँचबुझ आयोगको प्रतिवेदन, २०५८ बमोजिम स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा, निजका पिता धनन्जय शर्मा र माता सविता शर्मा, दाजु गोपाल शर्मा समेत जम्मा ४ अंशियार भएकोमा आमाबुवाको अंशवण्डा हुनु पूर्वनै निधन हुन गएबाट बाँकी पैत्रिक सम्पत्ति आफू र दाजु बीच मात्र भागवण्डा हुनुपर्ने देखिएतापनि पैतृक सम्पत्तिको कानुनी रुपमा वण्डा नभई निजको दाजुको नाममा जाजरकोट खलंगा-९ मा ३ रोपनी जग्गामा बाबुको पालादेखि बनेको २ तले घर र खेतवारी, पाखो समेत ९ रोपनी जग्गा रहेको देखियो ।

यसरी निजको अंशवण्डा हालसम्म नभएको देखिंदा पैतृक अचल सम्पत्ति बाहेक चल सम्पत्ति, स्वआर्जन सम्पत्ति, ससुरालीबाट श्रीमतीलाई प्राप्त रकम र तलब भत्ता समेतबाट निजको आम्दानी धनात्मक रही आय-व्यय विवरणमा रू.३३,०९,६११।- आम्दानी, रू.२०,१३,०५५।- खर्च भै रू.१,२९,६५५।६ बचत हुने अवस्था देखिएको र ससुरालीबाट प्राप्त अचल सम्पत्ति पटक-पटक गरी दिदी बहिनीहरूलाई बेची नगद रू.तीन लाख प्राप्त गरेको अड्डाबाट पारित भएको लिखतबाट प्रमाणित भएकोले ससुरालीतर्फबाट सम्पत्ति प्राप्त भएको पुष्टि भएको देखिन्छ । अतःनिजको आयभन्दा व्यय न्यून देखिन आएकोले पछि कहींकतैबाट

अन्य थप प्रमाण फेला परेमा निज उपर कानून बमोजिम हुने नै हुँदा आयोगको मिति २०६८।९।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

२५. "मुलपानी गाउँ विकास समिति का सचिव समेतले ठेकेदारले सम्झौतामा उल्लेख गरेको भन्दा बढी समय ठेक्का भोगचलन गरेको" भन्ने उजूरी उपर विस्तृत अनुसन्धान हुँदा मुलपानी गाउँ विकास समिति का तत्कालीन पदाधिकारी तथा सर्वदलीय संयन्त्रका पदाधिकारीहरू समेतको निर्णयानुसार मुलपानी गाउँ विकास समिति वडा नं. ८ को सार्वजनिक जग्गाको माटो ठेक्का प्रक्रियाबाट बिक्री गर्नको लागि टेण्डर आह्वान गरी सोको सार्वजनिक सूचना गाउँ विकास समिति को सवै वडाहरूमा टाँस गरी मुलपानी गाउँ विकास समिति वडा नं.८ बस्ने सुमन अधिकारीलाई टेण्डर परी संचालन गर्न दिएको देखियो ।

यसरी टेण्डर स्वीकृत भएपश्चात् गाउँ विकास समिति र ठेकेदारबीच भएको ठेक्का सम्झौताको शर्तनामा २ मा खानी संचालनको अवधी २०६६।७।१७ गतेदेखि २०६७ आषाढ मसान्तसम्म रहने तथापी कार्य सम्पन्न नभएमा सोही शर्तको दफा ९ बमोजिम ठेक्काको अवधी १ बर्षको रहने छ भनी उल्लेख गरी काम शुरु भै टेण्डर अनुसार बुझाउनु पर्ने रकम गाउँ विकास समिति बाट बुझी काम गर्दै जाने क्रममा उक्त स्थानमा माटोको ठाउँमा केही मात्रामा बालुवा समेत फेला परेपश्चात् गाउँ विकास समिति बाट जिल्ला विकास समितिकाठमाडौंसंग वालुवा बिक्री वितरण सम्बन्धमा अख्तियारी माग गरेकोमा जि.वि.सि.बाट अख्तियारी दिन नमिल्ने भनी उल्लेखित व्यहोराको पत्र गाउँ विकास समिति लाई पठाएको देखियो । तत्पश्चात् उक्त गाउँ विकास समिति को सर्वदलीय संयन्त्रका पदाधिकारीहरू सहितको बैठकको निर्णयले ठेक्काको अतिरिक्त गाउँ विकास समिति को विकास निर्माणका लागि प्रति ट्रिप रू.२५०।- लिई माटो खानी निरन्तर संचालन गर्ने निर्णय भै सम्झौता बमोजिम मिति २०६६।७।१७ गते देखि २०६७।८।१६ गतेसम्म खानी संचालन भएको देखियो ।

आयोगका प्राविधिक समेतको टोलीले सम्बन्धित खानीको स्थलगत निरीक्षण गर्दा उक्त खानीमा माटो मिश्रित बालुवाका केही तहहरू रहेको देखियो भने ठेकेदार सुमन अधिकारी तथा मुलपानी गाउँ विकास समिति का पूर्व एवं हालका सचिवहरूले समेत आयोग समक्ष गरेको वयानमा समेत आफुले वालुवा नभै वालुवा मिश्रित माटो बिक्री गरेको र सो वापत रकम बुझेको र बुझाएको भनी खुलाई दिएको देखियो साथै ठेक्का संचालन भएको अवधी र आर्थिक बर्षको म.ले.प. प्रतिवेदनमा पनि माटो वापत गाउँ विकास समिति ले प्राप्त गरेको आम्दानी र ठेकेदारले बुझाएको भन्ने अनुमानित रकम एक आपसमा मेल खाएको देखिन आएको हुँदा पछि कहीं कतैबाट थप प्रमाण खुल्न आएमा कानून बमोजिम हुने गरी आयोगको मिति २०६८।९।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

२६. त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, नागरिक उड्डन कार्यालयका सहायक प्रबन्धक रामचन्द्र सुवेदीले सार्वजनिक पदको दुरुपयोग गरी अकुत सम्पत्ति आर्जन गरेको भनी सम्पूर्ण शोषित पीडित वर्गका तर्फबाट मिति २०६७।६।१७ मा प्राप्त हुन आएको उजूरीका सम्बन्धमा आवश्यक अनुसन्धान हुँदा निज रामचन्द्र सुवेदी मिति २०३९।५।१ मा निर्वाचन आयोगको खरिदार पदमा सेवा प्रवेश गरी बिभिन्न कार्यालयहरू हुँदै हाल नागरिक उड्डयन प्राधिकरणमा सहायक प्रबन्धक पदमा कार्यरत रहेको देखियो । निजले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात् आफ्नो तलव बाट रू.२५,४५,१५७।४०, श्रीमती सुनिता बास्कोटाको तलव भत्ताबाट रू.८,६८,५२८।८०, निजको घर बिदा, औषधी उपचार, पोशाक भत्ता तथा दशैं पेश्की समेतको रकमबाट रू.६,१०,७५८।-, क.सं.कोष सापटीबाट रू.४,११,१६३।९६, नागरिक लगानी कोषबाट रू.२,५५,०००।- तथा परिवहन भत्ताबाट रू.९६,०००।- समेत गरी जम्मा रू.४७,८६,६०८।१६ आय आर्जन गरेको देखियो । त्यसैगरी निजले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात् हालसम्म जग्गा खरिदमा रू.१,००,०००।-, घर मर्मतमा रू.९,००,०००।-, मोटर साइकल खरिदमा रू.३,०४,६०८।- तथा हालसम्मको बैंक मौज्दात रकम रू.१,३२,३९०।३४ समेत गरी जम्मा रू.१४,३६,९९८।३४ खर्च तथा लगानी गरेको देखियो ।

तसर्थ, निज रामचन्द्र सुवेदीको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिंएता पनि निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था देखिएन । उजूरीमा उल्लेखित ज्याकेट खरिदमा समेत निजको संलग्नता रहेको भनी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, नागरिक उडडयन प्राधिकरणबाट अनुसन्धानको क्रममा यस आयोगमा प्राप्त हुन आएको कागजातमा समेत नदेखिएको हुँदा पछि कहीं कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने गरी आयोगको मिति २०६८।९।५ को निर्णयानुसार तामेलीमा राखिएको ।

२७. सम्पति न्यायिक जाँचवुझ आयोगको प्रतिवेदन बमोजिम शसस्त्र प्रहरी बलका प्रहरी निरीक्षक दिनेश कुमार श्रेष्ठले सार्वजनिक सेवामा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको स्रोत सम्वन्धमा अनुसन्धान हुँदा सशस्त्र प्रहरीका प्रहरी निरीक्षक दिनेश कुमार श्रेष्ठले सार्वजनिक पदमा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिमा का.म.न.पा. - ३५ को कि.नं. ३१ मा रू.२७ लाखको घर खरीद गरेको र वल्खु र भक्तपुरमा क्रमशः रू.४,००,०००।- र रू.५७,०००।- जग्गा खरिद गरेको देखिन्छ । सवारी साधनमा रू.६५,०००।- र त्रु खरिदमा रू.२१,०००।- समेत गरी जम्मा खर्च रू.३२,४३,०००।- देखिएको छ ।

यी सम्पत्ति आर्जनको लागि प्रयोग भएका आयका श्रोततर्फ हेर्दा निज र निजको श्रीमती २०४१ सालदेखि नै सार्वजनिक पदमा रहेको प्राप्त विवरणवाट देखिएको छ । उक्त मितिदेखि आर्जन गरेको तलव सुविधा रू.३४,५८,७६५।- सुनसरीको जग्गाको कृषि आय रू.१,२०,०००।-, नेपाल टेलिकमवाट प्राप्त कर्जा रू.३,८६,२४०।- समेत जम्मा

रू.३९,६५,००५।- देखिँदा आयको तुलनामा व्यय कम रहेको र क्यास फ्लोको प्रत्येक चरणमा ऋणात्मक अवस्था नरहेको हुँदा निजले सार्वजनिक पदमा प्रवेश गरी अस्वाभाविक जीवन यापन गरेको भन्ने देखिन आएन । यसरी आय व्ययको समग्र अवस्थालाई हेर्दा निजले श्रोत नखुलेको सम्पति आर्जन गरी अस्वाभाविक र अमिल्दो जीवन निर्वाह गरेको देखिन नआएकोले आयोगको मिति २०६८।९।५ को निर्णयानुसार तामेलीमा राखिएको ।

२८. माथिल्लो मर्स्याङ्गदी 'ए' जल विद्युत आयोजना उपर राष्ट्रिय सतर्कता केन्द्रले छानविन गरी आयोगमा पठाएको प्रतिवेदनमा अनुसन्धान हुँदा आयोजनाको यस्तै प्रकृतिको उजुरी उपर यस आयोगबाट निर्णय संख्या २५२ मिति २०६६।८।२९ मा निर्णय भै विभिन्न बुँदामा निर्देशन गैसकेकोले यसमा थप केही वोली रहन पर्ने नदेखिँदा आयोगको मिति २०६८।९।६ को निर्णयानुसार तामेलीमा राखिएको ।

२९. सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ को प्रतिवेदनमा सहायक अनुसन्धान अधिकृत (तत्कालीन रेन्जर) राजन रेग्मीको अचल सम्पत्ति रू.१८,००,०००।- मध्ये रू.१५,४५,५६३।- को श्रोत प्रमाणित हुन नसकेको र क.सं. कोष सापटी, दाइजो र अंशको पुष्टि हुने प्रमाण कागज सामेल नभएको भनी उल्लेख भएको आधारमा अनुसन्धान हुँदा सम्पत्ति न्यायिक जाँचवुझ आयोग, २०५८ ले क.सं. कोष सापटी, दाइजो र अंशको पुष्टी हुने प्रमाण सामेल नगरेको भनी उल्लेख गरेतर्फ हाल निज राजन रेग्मीबाट उक्त प्रमाणहरू पेश हुन आएको देखियो । सो को आधारमा हेर्दा निज राजन रेग्मीसँग निजी आर्जनको रुपमा निजको श्रीमती जया रेग्मीको नाममा कायम भएको का.म.पा. १० कि.नं. १२८ समेतको जग्गामा रू.२२,९१,१५६।- लागतमा निर्मित घर, का.म.पा. १० कि.नं. २८० मा निर्मित समेत रू.३०,८७,३६८।- मूल्यको घर-जग्गा, शेयर खरिद रू.६,०००।-, मोटर साइकल खरिद रू.१,६०,०००।-, कम्प्युटर खरिद रू.५०,०००।- र आफ्नो तथा परिवारको सदस्यको नाममा विभिन्न बैंकमा रहेको कुल मौज्दात रू.३,८४,५०५।- समेतको सम्पत्ति आर्जन गरेको देखियो । साथै निजको श्रीमती जया रेग्मीको नाममा कायम हुन आएको का.म.न.पा. ३५ कि.नं. ३८४ क्षे.फ.१-३-०-० जग्गा जया रेग्मीको वावु निर्मल कुमार उप्रेतीको अंश भागमा परेको जग्गा मध्येबाट छोरीको नाममा हालै देखिको वकसको रुपमा नामसारी भै आएको र उक्त जग्गा विवाह पूर्व नै पिताको नाममा रहेको देखिंदा बकसमा प्राप्त भएको कुरालाई अन्यथा भन्नु पर्ने अवस्था देखिएन । निजको सम्पत्तिको श्रोतको रुपमा तलव भत्ता एवं अन्य सुविधा बापत रू.२२,९१,३६४।-, विदेश भ्रमणबाट प्राप्त आयको वचत रू.१,५०,०००।-, क.सं. कोष सापटी रू.७,९१,०००।-, घर वहालबाट प्राप्त आय रू.१९,९२,०००।-, (रू.१,९०,०००।- घर वहाल कर दाखिला प्रमाण रहेको) घर जग्गा विक्रीबाट प्राप्त आय रू.२४२०००।-, घर जग्गा खरिदको समयमा सापटी रू.२५,००,०००।- निजको श्रीमती जया रेग्मीको नाममा घर जग्गा खरिद गरेकै दिन निजको सासूको बैंक खाताबाट झिकेको देखियो र सो रकमलाई आमाले छोरीलाई घर जग्गा खरिदको लागि सापटी स्वरुप दिएको भन्ने भनाइलाई निज सासूको अघि-पछीको वैंकिंग कारोवारको रकम समेतलाई हेर्दा

स्वभाविकै मान्नु पर्ने देखियो । अत: निजले आर्जन गरेको उल्लेखित सम्पत्तिको तुलनामा निजको आयश्रोत नै अधिक देखिन आएबाट निजले गैर कानूनी रुपमा सम्पत्ति आर्जन गरी उच्च एवं अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको पुष्टि हुन सक्ने अवस्था नदेखिकोले आयोगको मिति २०६८।९।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

३०. "जिल्ला विकास समिति कपिलवस्तुका स्थानीय विकास अधिकारी चिरञ्जिवी भण्डारीले ढुंगा, गिट्टी, बालुवाको बार्षिक राजश्वमा १ करोड भन्दा बढी भ्रष्टाचार गरेको" भन्ने उजूरी उपर विस्तृत अनुसन्धान हुँदा कपिलवस्तु जिल्लाको ढुंगा, गिट्टी, बालुवा निकासीका सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६६।१२।१७ गतेको निर्णयानुसार कपिलवस्तु जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समिति गठन भै सोही समितिको निर्णयको आधारमा तोकिएका नाकाहरूबाट घरायसी प्रयोजन तथा स्थानीय विकास निर्माणका लागि ढुंगा, गिटी वालुवा संकलन गरेको देखियो ।

कपिलवस्तु जिल्लाको मोतिपुर स्थित महेन्द्र राजमार्गबाट करिव ३ कि.मी. उत्तर तर्फ मोतिपुर गाउँ विकास समिति वडा नं. ७ मधुवनमा निर्माणाधीन अवस्थामा रहेको ओभरहेड टयाङ्की हाल निर्माणाधीन अवस्थामा रहेको र आ.व.०६८।६९ मा सम्पन्न गर्ने लक्ष्य रहेको जिल्ला विकास समितिबाट बुझिन आएको र निर्माण सम्पन्न भएको कामको मात्र रू.६४,८०,९४३।- भुक्तानी भएको जिल्ला विकास समितिबाट प्राप्त रनिङ्ग विलबाट देखियो ।

कपिलवस्तु जिल्लाको मोतिपुर गाउँ विकास समिति वडा नं. ७ मधुवन देखि अर्घाखाँची जिल्लाको पाब्रासम्म निर्माण भएको ८.कि.मी मोटर बाटोको निर्माण स्थानीय उपभोक्ता समिति मार्फत भएको, उक्त बाटो निर्माणको लागि जिल्ला विकास समितिको कुनै पनि बजेट विनियोजन नभएको एवं जिल्ला विकास समितिको एक्साभेटर प्रयोग भएको भन्ने सम्बन्धमा १ दिनमा रू.१५ हजार शुल्क लिई कुलो सफा गर्न प्रयोग गरिएको अनुसन्धानका क्रममा संकलित कागजातहरूबाट देखिन आयो ।

स्थानीय वासिन्दाहरूको मसान घाट समेत खनी गिट्टी वालुवा दिने गरिएको र लक्ष्मण बाँध र मसान घाट क्षेत्रमा हालसम्म पनि निकासी कार्य भैरहेको भन्ने सम्बन्धमा ढुंगा, गिट्टी, वालुवा निकासीको कार्य जिल्ला समन्वय समितिको निर्णयानुसार हुने गरेको । स्थायी संरचनाको ५०० मिटर भन्दा बाहिरबाट मात्र वालुवा झिकी निकासी गर्न पाइने व्यवस्था भएको । हाल भैरहेको निकासी कार्य उक्त क्षेत्रफल भन्दा बाहिर मात्र रहेको देखियो । तसर्थ उजूरीको बुंदाहरूमा उल्लेखित जिकीरहरू हाल पुष्टि हुन सक्ने अवस्था नदेखिएको हुँदा पछि कहीँ कतैबाट थप प्रमाण खुल्न आएमा कानून बमोजिम हुने नै हुँदा आयोगको मिति २०६८।९।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

३१. "ऋण खातामा रकम नचढाई धितो लिलाम गर्न लागेको " भन्ने उजूरी उपर विस्तृत अनुसन्धान हुँदा प्रभा स: मिलका प्रो.बलदेव राउतले उक्त स: मिल संचालन गर्नको लागि निजको भाई शम्भू राउतको नाममा रहेको जनकपुर न.पा.१४ को १० धुर जग्गा तथा सो

जग्गामा निर्मित घर समेत धितो राखी राष्ट्रिय बाणिज्य बैंक जनकपुरबाट ०५९।६० मा रू.३ लाख ५० हजार हाइपोथिकेशन ऋण लिएकोमा उक्त कार्यालयबाट पटक पटक ताकेता गर्दा समेत ऋण चुक्ता नगरी उक्त कार्यालयबाट उक्त सः मिललाई खराव ऋणीको सूचीमा राखेको अवस्थामा उक्त प्रभा सः मिलका प्रो.बलदेव राउतको ज्वाई संजय सिंहले मिति २०६६।३।३१ गतेका दिन राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय थापाथलीबाट भौचर भरी रू.५,००,४२३।२६ (अक्षेरुपी पाँच लाख चारसय तेइस रुपैंया छब्बीस पैसा) प्रभा सः मिलको कर्जा नंबर ३७।४७ जनकपुर शाखामा जम्मा गरी प्रभा सः मिलको कर्जा चुक्ता गरेको देखियो ।

निज संजय सिंहले आयोग समक्ष गरेको वयानको क्रममा उक्त प्रभा सः मिल आफ्नो ससुराको नाममा रहेको, कल्पना इन्जिनियरिङ्ग एण्ड सेल्सको खाता नं. ४२।२८ हाइपोमा राख्नु पर्ने रकम रू.५००४५३।३६ मैले भूलवस प्रभा सः मिलको खाता नं. ३७।४७ हाइपोमा राखेको, प्रभा सः मिल आफ्नो ससुराको भएको र लिलाम सूचना प्रकाशित हुँदा उक्त सः मिलको खाता नंबर देखेको र व्यस्तताको कारणले उक्त खातामा भूलवस रकम जम्मा भएको भनी खुलाई दिएता पनि यसरी भूलवस यत्रो रकम जम्मा हुन सक्ने अवस्था देखिएन । पेशाले इन्जिनियर रहेका निज संजय सिंहले यति ठूलो रकम भौचर समेत भरी अरुको कर्जा नंबर ऋण खातामा रहेको साँवा तथा ब्याज समेत सम्पूर्ण हरहिसाव चुक्ता हुने गरी तिरेको देखिंदा प्रभा सः मिलका प्रो. एवं निजका ससुरा बलदेव राउतसंग सर सल्लाह गरी चुक्ता गरेको देखियो । निज संजय सिंहले आयोग समक्ष गरेको वयानको क्रममा भूलवस उक्त रकम जम्मा हुन गएको भनेतापनि सम्पूर्ण ब्यहोरा मिल्ने गरी भएको कारोवारलाई मानवीय भूलको रुपमा समेत लिन मिल्ने अवस्था देखिएन ।

त्यसैगरी राष्ट्रिय बाणिज्य बैंकको मिति २०६६।२।१८ गतेको छानवीन प्रतिवेदनमा उक्त छानवीन टोलीसंग कल्पना इन्जिनियरिङ्गका प्रो. बशिष्ठ नारायण सिंहले आफ्नो छोरा संजय कुमार सिंहले श्याम ठाकुर बिरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजूरी गरेको हुँदा निजबाट गल्ती हुन गएको साथै कल्पना इन्जिनियरिङ्ग सेल्स एण्ड सप्लायर्सको नाममा रहेको सम्पूर्ण कर्जा २०६७ आषाढ मसान्तसम्म चुक्ता गर्नेछु भनी उल्लेख गर्नुका साथै निज प्रबन्धक श्याम ठाकुरले कुनै पनि आर्थिक अनियमितता नगरेको आफ्नो छोरा संजय सिंहले झूठा आरोप लगाएको भनी उल्लेख गरिदिएको देखियो ।

तसर्थ राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय जनकपुरबाट प्राप्त पत्र, राष्ट्रिय बाणिज्य बैंक केन्द्रीय कार्यालयबाट गठित छानवीन टोलीले पेश गरेको प्रतिवेदन, र सो कार्यालयबाट प्राप्त जवाफ, राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय जनकपुरका प्रबन्धकले आयोग समक्ष गरिदिएको कागज तथा प्रभा सः मिलका प्रो.बलदेव राउतका भाई शम्भू राउतले आयोग समक्ष गरिदिएको वयान समेत अध्ययन गर्दा संजय सिंहले उक्त मितिमा जम्मा गरेको रकम ससुरा वलदेव राउतको सहमतिमा नै जम्मा भएतापनि पछि निजको भाई शम्भू राउतले

धितोमा राखेको घर जग्गा बलदेव राउतको छोरी तथा ज्वाई संजय सिंहको नाममा नामसारी गरिदिन इन्कार गरेकै कारण घरायसी कुरा नमिलेर यस आयोगमा उजूरी परेको देखिएको हुँदा राष्ट्रिय बाणिज्य बैंक केन्द्रीय कार्यालय काठमाडौंले खुलाई पठाए बमोजिम राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय थापाथलीबाट मिति २०६६।३।३१ गतेका दिन प्रेषित एड्भाइस बमोजिम नै शाखा कार्यालय जनकपुरले ऋणी प्रभा सः मिलको हाइपोथिकेशन कर्जा नंबर ३७।४७ मा जम्मा गरेको हुँदा सो रकम ऋणी कल्पना इन्जिनियरिङ्गको कर्जा खातामा जम्मा गर्न नमिल्ने भनी खुलाई पठाएको व्यहोरा मनासिव देखिएको हुँदा पछि कहींबाट थप प्रमाण खुल्न आए कानून बमोजिम हुने नै हुँदा आयोगको मिति २०६८।९।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

३२. भक्तपुर जिल्ला वालकोट गाउँ विकास समिति वडा नं. ७ कि.नं. २५८ क्षे.फ. ०-६-१-० को जग्गा पतिको मिति २०५९।२।१० मा परलोक भै निजको शेषपछि नजिकको हकदार म कृष्ण कुमारी श्रेष्ठ र छोराहरू नन्दकृष्ण श्रेष्ठ र रामकृष्ण श्रेष्ठ भएकोमा छोराहरूको मञ्जुरनामा लिई मैले मालपोत कार्यालय भक्तपुरमा दर्ता नामसारीको लागि मिति २०६४ सालमा मि.नं. ६७ को निवेदन दर्ता गरी कारवाही रहेकोमा तेजलक्ष्मी श्रेष्ठ समेतका नाउँमा दर्ता नामसारीको लागि आधार लिएको भ.पु.जि.अ. को फैसलामा उल्लेखित कि.नं. उल्लेख भएको छैन । यसरी विना आधार फैसलामा उल्लेख नभएको कित्ता जग्गा तेजलक्ष्मी श्रेष्ठ समेतको नाउँमा दर्ता नामसारी भएको कार्य गैह्र कानूनी भएकोले छानविन गरी पाउँ भन्ने समेत कृष्णकुमारी श्रेष्ठको आयोगमा परेको उजुरी उपर अनुसन्धान हुँदा सर्वोच्च अदालतको मिति २०६०।३।१९ को फैसला अनुसार उल्लेखित कि.नं. २५८ समेतको विभिन्न कि.नं. उल्लेख गरी दाखिल खारेज दर्ता गरी पाउँ भनी मालपोत कार्यालय भक्तपुरमा ठिमी न.पा. वडा नं. १४ वस्ने तेजलक्ष्मी श्रेष्ठ समेतले मिति २०६४।६।२४ मा निवेदन दर्ता गरेकोमा उक्त कि.नं. २५८ समेतका अन्य कित्ताहरू समेत अदालतका फैसला कार्यान्वयन स्वरुप मिति २०६४।९।८ मा तेजलक्ष्मी श्रेष्ठ समेतका नाममा संयुक्त दर्ता हुने निर्णय गरेकोमा सो निर्णय पश्चात् उजुरीकर्ता कृष्णकुमारी श्रेष्ठले मिति २०६५।२।२२ मा आएर मालपोत कार्यालय भक्तपुरमा लोग्नेको निधन पछि छोराहरूको मन्जुरीनामा सहित उक्त कि.नं. २५८ सहितको जग्गा दर्ता नाउसारीको लागि निवेदन दर्ता गरेको देखिन आयो । यसरी एउटै कि.नं. को जग्गा दुवै पक्षको दावी हुन आएको स्थितिमा मालपोत कार्यालय भक्तपुरले मिति २०६४।९।८ मा तेजलक्ष्मी श्रेष्ठ समेतका नाममा संयुक्त दर्ता हुने निर्णय गरिसकेको र उक्त निर्णय उपर पुनरावेदन अदालत पाटनमा पुनरावेदन परेकोमा पुनरावेदन पक्षले उक्त अदालतमा आफ्नो पुनरावेदन पत्र फिर्ता समेत लिईसकेको अवस्था अभिलेखबाट देखिएको भनी मालपोत कार्यालय भक्तपुरबाट जानकारी समेत प्राप्त भएको देखिन्छ । उल्लेखित जग्गा सरकारी र सार्वजनिक नभएको र व्यक्ति व्यक्तिवीच दोहोरो दावीको विषयमा अदालतमा समेत प्रवेश गरी पुनरावेदन पत्र फिर्ता लिईसकेको अवस्थामा आयोगमा

परेको प्रस्तुत उजुरी उपर थप अनुसन्धान गर्न आवश्यक नदेखिंदा आयोगको मिति २०६८।९।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

३३. वावु तारा सम्शेर ज.व.रा. को नाउँमा साविक दर्ता रहेको पाटन मौजा थानकोट रै.नं. १७ मा रै.प. दर्ता भएको साविक थानकोट टुटेपानी खेत रोपनी ५२।३ बाट भिडी हदवन्दी भित्रको उक्त जग्गा हामीहरूको नाउँमा संयुक्त नामसारी दर्ता गरी पाउँ भनी मालपोत कार्यालय कलंकीमा निवेदन दिएको र उक्त कार्यालयबाट कहिले जफत भैसकेको जग्गा हो, कहिले मोहीहरूको जग्गा हो भन्दै ढीलासुस्ती गर्दै आईरहेको थियो । मोहीहरूले वितार्को जग्गा हो भनी दावी गरेको भए पनि हामीहरूको हक टुटाई मोहीलाई दिने गरी मालपोत कार्यालयले निर्णय गरेको सुन्नमा आएको छ जुन गैर कानूनी छ किनकि जग्गा जफत भएको भए उक्त जग्गा नेपाल सरकारको हुने हो सो फाइल झिकाई छानविन गरी पाउँ भन्ने समेत राजेश राणा समेतको उजुरी उपर अनुसन्धान हुँदा वावुका नाममा दर्ता रहेको टुटेपानी खेत, रोपनी ५२।३ बाट भिडी हदवन्दी भित्रको जग्गा हामीहरूका नाममा नामसारी गरी दर्ता गरी पाउँ भनी मालपोत कार्यालय कलंकीमा मिति २०५०।८।२७ मा दिएको निवेदन उपर उक्त कार्यालयले मिति २०६०।५।२७ को गोरखापत्रमा हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरेको म्याद भित्र मिति २०६०।६।२७ मा मोही सानुकान्छा परियार समेतले आफ्नो हकदावी सम्बन्धी निवेदनको व्यहोरामा निवेदकका नाममा दर्ता हुने रैकर जग्गा होइन हामीहरूले परापूर्वकाल देखि घरवारी वनाई घरवारीको रुपमा प्रयोग गरी अवछिन्न रुपमा भोग गरी आएको जग्गा हो । मोहीको नाममा दर्ता हुने वितार्ा जग्गा हो भनी आफ्नो व्यहोरा उल्लेख गरी दुई पक्ष वीच मालपोत कार्यालय कलंकीमा विवाद चलिरहेकोमा उक्त कार्यालयबाट मिति २०६७।१०।२४ मा मोही एवं मोहीका हकदारका नाममा रै.प. नामसारी हुने देखिएको भनी निर्णय गरेको र उक्त निर्णयमा चित्त नवुझे ३५ दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेन गर्नु भनी उल्लेख गरेको देखिन्छ । यसरी २०५० साल देखि मालपोत कार्यालयमा विवादित रहेको विषयमा उक्त कार्यालयले निर्णय गरेको पर्सिपल्ट अर्थात मिति २०६७।१०।२६ मा मालपोत कार्यालयको निर्णय गैर कानूनी छ छानविन गरी पाउँ भनी आयोगमा उजुरी गरेको देखिन आयो । मालपोत कार्यालय कलंकीको उक्त निर्णय उपर पुनरावेदन अदालत पाटनमा पुनरावेदन परी उक्त अदालतबाट निर्णय सहितको फाईल समेत माग गरी विवादित फाइल उक्त अदालत पठाइसकेको देखिंदा उल्लेखित जग्गा पुनरावेदन अदालतमा विचाराधीन रहेको विषयमा आयोगबाट थप छानविन गर्नु उपयुक्त नहुने देखिंदा आयोगको मिति २०६८।९।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

३४. "नेपाल वायु सेवा निगमका इन्जिनियर प्रश्विस महर्जनले दोहोरो पर्ने गरी लाभको पद लिएको" भनी परेको उजुरी उपर विस्तृत अनुसन्धान हुँदा जिल्ला काठमाडौं, का.म.न.पा.लाजिम्पाट बस्ने रमेश कुमार महर्जनको छोरा प्रश्विस महर्जनलाई नेपाल वायु सेवा निगमको मिति २०६५।३।३ गतेको निर्णयानुसार उक्त निगमको स्थायी एभियोनिक्स

इन्जिनियर पदमा नियुक्ती गरेकामा स्थायी इन्जनियर पदमा कार्यरत रहेकै अवस्थामा निजको नेपाल टेलिकममा समेत नाम निस्की नेपाल वायु सेवा निगमबाट राजीनामा नदिई मिति २०६५।६।१३ गते नेपाल टेलिकमको अधिकृतस्तर तह ७ (प्रा.) इन्जिनियर पदमा नियुक्ती भै मिति २०६५।६।३० गते राजीनामामा दिई सेवाबाट अलग भएको देखियो । नेपाल टेलिकमबाट यस आयोगमा प्राप्त हुन आएको बिबरणमा निजले उक्त अबधीमा तलव भत्ता वापत रू.३०,६६५।७० प्राप्त गरेको देखियो । निजले टेलिकमको सेवाबाट अलग हुँदा नेपाल वायु सेवा निगमबाट मिति २०६५।६।१३ गतेबाट मिति २०६५।६।३० गतेसम्म दशैं विदा, संचित भैपरि आउने विदा र सट्टा विदामा वसेको देखियो । निजले आयोग समक्ष गरेको वयानको क्रममा आफू नेपाल वायु सेवा निगममा कार्यरत रहेको अवस्थामा नेपाल टेलिकममा नियुक्ती लिएकोमा पछि नेपाल वायु सेवा निगमको जागीर राम्रो भएकाले यसैलाई निरन्तरता दिएको भनी खुलाई दिएको देखिंदा निजले नेपाल वायु सेवा निगममा कार्यरत रहे कै अवस्थामा विदा लिई नेपाल टेलिकमको नियुक्ती लिएको देखियो । साथै निजले मिति २०६७।९।१९ देखि २०६७।१२।३० सम्म इन्टिच्यूट अफ इन्जिनियरिङ्ग पुल्चोक क्याम्पस ललितपुरको इलेक्ट्रोनिक्स र कम्प्युटर इन्जिनियरिङ्ग बिभागमा आशिंक करार सहायक प्राध्यापकको रुपमा कार्यरत रहेको सम्बन्धमा उक्त क्याम्पसबाट यस आयोगमा प्राप्त हुन आएको विवरणबाट निजले रू.१४,०४२।- प्राप्त गरेको भनी खुलाई पठाएको देखियो । प्रस्तुत बिषयका सम्बन्धमा नेपाल वायु सेवा निगमबाट यस आयोगमा प्राप्त हुन आएको पत्रमा निजले कार्यालयको काममा कुनै बाधा नपुऱ्याएको, बिभागबाट मिति २०६५ माघ महिनादेखि लागू हुने गरी निजका लागि कार्यालय समय १२:०० बजेबाट १९:०० बजेसम्म निर्धारण गरिएको तथा बुधबार निजको साप्ताहिक विदा निर्धारण गरेको भनी खुलाई पठाएको देखिएता पनि अध्यापन कार्यको लागि निजले आफू कार्यरत संस्थाबाट कुनै पनि स्वीकृति लिएको देखिएन तसर्थ निजले उक्त दुवै निकायहरू नेपाल टेलिकम तथा इन्टिच्यूट अफ इन्जिनियरिङ्ग पुल्चोक क्याम्पस ललितपुरमा कार्यरत रहे वापत प्राप्त गरेको जम्मा रकम रू.४४,७०७।७० (चौवालिस हजार सात सय सात रुपैंया पैसा सत्तरी) निजबाट आयोग मार्फत असुल उपर गरी पछि कहीं कतैबाट थप प्रमाण खुल्न आएमा कानून बमोजिम हुने नै हुँदा आयोगको मिति २०६८।९।८ को निर्णयानुसार तामेलीमा राखिएको ।

३५. केन्द्रीय बाल कल्याण समितिले नेपालगंजमा बाल सुधार गृह निर्माणको लागि जग्गा प्राप्त गर्ने क्रममा अनियमितता गरेको भन्ने वारेमा राष्ट्रिय सतर्कता केन्द्रमा सूचना प्राप्त भई केन्द्रवाट प्रारम्भिक अनुसन्धान हुँदा नेपालगंजमा बाल सुधार गृह निर्माणको लागि स्थानीय समाज सेवी हिरमिनिया गाउँ विकास समिति वडा नं. ५ बस्ने जयकेश सिंहले आफ्नो परिवारको नाममा रहेको ४ विगाहा २ कट्ठा जग्गा प्रदान गर्ने प्रतिवद्धता जाहेर गरे अनुसार निजबाट सो जग्गा केन्द्रीय बाल कल्याण समितिको नाममा मिति २०६७।५।४ मा दानपत्र रजिष्ट्रेशन पास गरी दिनुको साथै दुवै पक्षवीच मिति २०६७।५।११ मा सम्झौता समेत भई सकेको र जग्गा प्राप्त भई सकेपछि कार्यक्रम स्वीकृत तथा नेपाल सरकारबाट आ.व.

२०६७।०६८ मा वजेट विनियोजन भई नियमानुसार बोलपत्र आव्हान गरी बाल सुधार गृह निर्माणको कार्य समेत शुरु भैसकेको देखिंन आयो । तसर्थः यसमा थप छानविन गरी रहन पर्ने अवस्था नदेखिएकोले आयोगको मिति २०६८।९।२० को निर्णयानुसार तामेलीमा राखिएको ।

३६. जिल्ला विकास समिति रौतहटका स्थानीय विकास अधिकारी विष्णुराज लामिछाने र कार्यक्रम अधिकृत जीत बहादुर चौधरीले जिविसको गरीवी सुदृढिकरण कार्यक्रमको लागि संस्था छनौट प्रकृयामा घूस लिइ अयोग्य संस्थाहरूको नाम सिफारिस गरिएको भन्ने मिति २०६७।३।१ को उजुरी उपर अनुसन्धान हुँदा जिल्ला विकास समितिबाट (LGCDP) कार्यक्रमको लागि सेवा प्रदायक छनौटको लागि स्थानीय स्तरको पत्र-पत्रिकाहरूमा विभिन्न शर्तहरू सहित १५ दिने सूचना प्रकाशन गरेको, स्थानीय एफ.एम.मा समेत सूचना प्रसारण गरेको, जिल्ला प्राविधिक कार्यालयका निमित्त प्रमुख जिल्ला इन्जिनियरको संयोजकत्वमा रहेको ५ सदस्यीय मूल्यांकन समितिबाट सिफारिस भइ आए बमोजिम छनौट भएको, Evaluation criteria बनाइएको, त्यसमा Qualification मा ९० नंबर र Understanding मा १० नं राखिएको, Qualification अन्तर्गत अनुभव, तालीम, बर्गिकृत क्षेत्रको अनुभव इत्यादि रहेको, प्रत्येक क्राइटेरियामा कति कति वेटेज दिने भन्ने समेत उल्लेख भएको, Evaluation criteria र अन्य प्रकृयाहरूतर्फ हेर्दा निज स्थानीय विकास अधिकारीले उजुरीमा उल्लेख भए बमोजिम घूस लिएको भनी मान्न सकिने पर्याप्त आधार नदेखिएकोले आयोगको मिति २०६८।९।२० को निर्णयानुसार तामेलीमा राखिएको ।

३७. दाङ जिल्ला फूलबारी गाउँ विकास समिति वडा नं. ५ ढकनामा आ.व.२०६५/०६६ को परिषद्ले रिङ कुवा योजनाको लागि रू.१,४५,०००/- विनियोजन गरेकोमा २ वटा मात्र रिङ कुवा निर्माण गरी उपभोक्ता समितिका अध्यक्ष बाबुराम वि.क., गाउँ विकास समिति सचिव र प्राविधिक खड्ग बहादुर वि.क.समेतको मिलेमतोमा अनियमितता भएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा रिङ कुवा योजनाको उपभोक्ता समितिको अध्यक्ष बावुराम वि.क.ले रू.१,४५,०००।- विनियोजित रकम मध्ये रू..१,४३,६४०/- बुझेको स्रेस्ताबाट देखिएको तर खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङले स्थलगत अध्ययन गरी पठाएको स्थलगत नापी किताब समेतको आधारमा निज बाबुराम वि.क. अध्यक्ष रहेको उपभोक्ता समितिले रू.१३१६४२/५८ पैसाको मात्र काम गरी रू.१११९७/४२ पैसा योजनाको वास्तविक लागत भन्दा बढी भुक्तानी लिएको पुष्टि भई सो रकम उपभोक्ता समितिको अध्यक्षले आयोगमा दाखिला गरी सकेकोले यस उजुरी माथि थप कारवाही गरीरहन नपर्ने देखिएको हुँदा आयोगको मिति २०६८।९।२० को निर्णयानुसार तामेलीमा राखिएको ।

३८. जिल्ला भू-संरक्षण कार्यालय सप्तरीका कार्यालय सहयोगी मीनामाया थापाको मृत्यु पश्चात् निजले प्राप्त गर्ने बीमा रकम कार्यालय प्रमुख विपीन झा र नागरिक लगानी कोष समेतको

मिलेमतोमा इच्छाएको व्यक्तिलाई नदिई अन्य व्यक्तिलाई भुक्तानी दिएको भन्ने मिति २०६६।१२।२३ को उजुरी उपर अनुसन्धान हुँदा नागरिक लगानी कोषबाट प्राप्त हुने रकम समेतको बिषयलाई उठाई हक कायम गरी पाउं भनि मकवानपुर जिल्ला अदालतमा हककर्ता भनिएका नैनसिंह तामाङ्ग र मनोजकुमार थापाका बीच मुद्दापरी बिचाराधिन अवस्थामा रहेको देखिदा यस्मा आयोगबाट केही बोली रहन नपरेकोले आयोगको मिति २०६८।९।२० को निर्णयानुसार तामेलीमा राखिएको ।

३९. श्री प्राथमिक विद्यालय, लडकन्दा सिरहाका प्रधानाध्यापक मागैल यादवले आर्थिक अनियमितता गरेको भन्ने मिति २०६७८।१९ को उजुरी उपर विस्तृत अनुसन्धान हुँदा प्राप्त हुन आएका कागजात, जिल्ला शिक्षा कार्यालय सिराहवाट प्राप्त जवाफ एवं सम्वन्धित व्यक्तिले आयोग समक्ष गरेको वयान समेतलाई अध्ययन गर्दा आ.व. २०६५।०६६ र आ.व. २०६६।०६७ को लेखापरीक्षण प्रतिवेदनले आर्थिक अनियमितता भएको भनी औल्याएको नदेखिएको, विद्यार्थी खाजा वापतको रकम पनि प्रति विद्यार्थी रू.१२।- का दरले ३४६ जनाको १०० दिनको खर्च रू.४,२०,२००।– पनि स्वाभाविक नै देखिएको र विद्यालयवाट विभिन्न शिर्षकमा भएको खर्च उपर विद्यालय संचालक समितिवाट अनुमोदन समेत गराई नियमानुसार नै गरेको देखियो । अनुसन्धानको सिलसिलामा प्राप्त हुन आएका कागजातहरूवाट उजुरीमा उल्लेखित आरोप पुष्टि हुने आधार नदेखिएकोले पछि कहीँ कतैवाट थप प्रमाण खुल्न आएमा कानून वमोजिम हुने गरी आयोगको मिति २०६८।९।२१ को निर्णयानुसार तामेलीमा राखिएको ।

४०. जलपा मा.वि. धापाखेल ललितपुरका शिक्षक दिपकराज थापाले मा.वि.तहको शिक्षक दरवन्दीमा नियुक्ति लिई दोहोरो तलव भत्ता लिने गरेको भन्ने मिति २०६७५।३० को उजुरी उपर विस्तृत अनुसन्धान हुँदा श्री जलपा माध्यमिक विद्यालय धापाखेल ललितपुर लाई प्राप्त शिक्षक राहत कोटामा प्रक्रिया नपुऱ्याई शिक्षा नियमावली विपरीत काल्पनिक नाम दिपक थापा राखी प्र.अ., लेखापाल, व्यवस्थापन समिति र जिल्ला शिक्षा कार्यालयको मिलोमतोमा महिनै पिच्छे तलव वुझि सरकारी रकम हिनामिना गरेको भन्ने विषय भएता पनि अनुसन्धानको क्रममा प्र.अ. हरीप्रसाद भुषाल, व्यवस्थापन समितिका अध्यक्ष दिनेश कार्की, लेखापाल लव खड्का, शिक्षक दिपकराज थापाले गरेको वयान तथा पेश गरेका कागजातहरूको अध्ययन गर्दा प्रा.वि. शिक्षक दिपक थापाले दोहोरो तलव सुविधा लिएको देखिएन ।

विद्यालयलाई शैक्षिक सत्र २०६३ देखि प्राप्त राहत रकम विद्यालयको खातामा जम्मा गरी उक्त रकम विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार नि.मा.वि तहमा कार्यरत योग्य ११ जना शिक्षकहरूलाई मा.वि.मा अध्यापन गरे वापत दामासाहीले भत्ताको रुपमा दिने गरेको देखियो ।

जि.शि.कार्यालय, ललितपुरको मिति २०६८।६।४ को पत्रद्वारा राहत अनुदान अन्तर्गत आ.व. २०६३/६४ मा ७०,०००।-, आ.व. २०६४/६५ मा १,४८,८५०।- आ.व. २०६५/६६ मा १,४८,८५०।- आ.व.२०६६/६७ मा १,८२,२८०।- निकासा भएको र आ.व.२०६७/६८ देखि उक्त विद्यालयको नाममा कुनै पनि रकम निकासा नपठाई निकासा वन्द गरेको देखिन्छ। प्राप्त कागजातहरूको अध्ययन र विश्लेषण गर्दा अनियमितता भएको भन्न सकिने अवस्था देखिएन। पछि कहीँ कतैवाट थप प्रमाण खुल्न आएमा कानुन वमोजिम हुने गरी हाललाई आयोगको मिति २०६८।९।२१ को निर्णयानुसार तामेलीमा राखिएको।

४१. डिभिजन सडक कार्यालय, हेटौंडाले नियम विपरित कार्य गरी भ्रष्टचार गरेको भन्ने दर्ता नं. १२१०/०६७-६८ को उजुरीका सम्वन्धमा विस्तृत अनुसन्धान हुँदा डिभिजन सडक कार्यालय, हेटौंडाले आ.व. ०६६।०६७ मा सडकको एवतअज च्भउबष्च गर्ने कार्य ज ए निर्माण सेवालाई मिति ०६६।८।१२ र मिति ०६६।९।१८ मा एक आर्थिक वर्षमा दुईपटक सोझै वार्तावाट काम दिई सार्वजनिक खरिद नियमावलीको नियम ८५ (१) को प्रावधान विपरित कार्य गरेकोमा सो कार्य गरे वापत पछिल्लो पटक दिएको कार्यको रकम रू.६७,३५६।- डिभिजन प्रमुख रामवावु प्रसाद गुप्तावाट खाता नम्वर क-१-१-०९१ मा जम्मा गरी ने.रा. वैकको भौचर नम्वर १६७३४६७० को भौचर साथै राखी निवेदन पेश गरेको हुँदा यस विषयमा थप केहिँ गरिरहनु पर्ने नदेखिएकोले आयोगको मिति २०६८।९।२७ को निर्णयानुसार तामेलीमा राखिएको।

४२. कालीमाटी तरकारी वजार विकास समितिले सटर भाडामा लगाउने कार्यमा अनियमितता भएको भन्ने विषयमा अनुसन्धान हुँदा यस विषयमा आयोगवाट मिति २०६७/०२/१६ मा १५ वर्षका लागि विना प्रतिस्पर्धा सटर भाडामा लगाएको कार्य वदर गर्ने गरी निर्णय भइसकेको हुँदा थप निर्णय गर्न पर्ने अवस्था रहेन। आयोगको उक्त निर्णय उपर सर्वोच्च अदालतमा मुद्दा परी अन्तरिम आदेश जारी भई मुद्दा विचाराधीन रहेको हुँदा सर्वोच्च अदालतवाट फैसला भएपछि सो फैसला प्रतिलिपि सहित आयोगमा पेश गर्ने गरी आयोगको मिति २०६८।९।२७ को निर्णयानुसार मुल्तवीमा राखिएको।

४३. पूर्व प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराइलाई सरकारले वनाइ दिएको आवास गृह क्षतिग्रष्त भएको भन्ने विषयमा अनुसन्धान हुँदा सरकारले वनाइ दिएको आवास गृह क्षतिग्रष्त भएको भन्ने सन्दर्भमा Defects Liability Period भित्र संवन्धित Contracter लाई मर्मत संभार गर्न लगाई सुधार गरिसकेको शहरी विकास तथा भवन निर्माण विभागवाट प्रतिकृया प्राप्त भएको। अनुसन्धानको क्रममा स्थलगत निरीक्षण गर्दा समेत उजुरीमा उठाइएका विषयहरू मर्मत सुधार भइसकेको देखिंदा थप केही गरिरहनु पर्ने नदेखिएकोले आयोगको मिति २०६८।९।२७ को निर्णयानुसार तामेलीमा राखिएको।

४४. जिल्ला विकास समितिको कार्यालय, रौतहटका स्थानीय विकास अधिकृत विष्णुराज लामिछाने समेतले रौतहट जिल्लाका ९६ वटा गाउँ विकास समिति मध्ये २० वटा गाउँ विकास समिति का

खाता गाउँ विकास समिति अनुदान गाउँ विकास समिति अनुदान संचालन कार्यविधि, २०६६ को दफा ३० "ग" विपरित आ-आफ्नो नाममा गाउँ विकास समिति को खाता संचालन गरी गाउँ विकास समिति लाई बजेट निकासा दिँदा प्रति गाउँ विकास समिति निकासा दिएबापत रू.१०,०००।- कमिशन लिएकाले छानविन गरी विभागीय कारवाही गरीपाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा गाउँ विकास समिति अनुदान कार्यविधि, २०६६ को दफा ३०(ग) मा गाउँ विकास समिति को खाता संचालन सम्बन्धमा उल्लेख गरिएको र त्यसमा दफा ३० को (क) र (ख) मा उल्लेखित व्यवस्था बमोजिम व्यवस्था हुन नसकेमा गाउँ विकास समिति को खाता संचालन जिल्ला विकास समितिकार्यालयका योजना अधिकृत, अनुगमन र प्रशासकीय अधिकृत/स्थानीय विकास अधिकारीले तोकेको जिल्ला विकास समितिको कार्यालयका कर्मचारी र गाउँ विकास समिति को संयुक्त दस्तखतबाट हुने भन्ने व्यवस्था गरेको देखिन्छ। हाल उक्त कार्यविधि खारेज भै गाउँ विकास समिति अनुदान संचालन कार्यविधि, २०६७ लागू भई उक्त कार्य विधिको दफा ३७(२)ख मा गाउँ विकास समिति खाता संचालन सम्बन्धमा उल्लेख गरिएको र त्यसमा खण्ड १ बमोजिम व्यवस्था हुन नसकेमा जिल्ला विकास समितिको कार्यालयका योजना, अनुगमन तथा प्रशासकीय अधिकृत वा स्थानीय विकास अधिकारीले तोकेको अधिकृत स्तरको कर्मचारी र सम्बन्धित गाउँ विकास समिति को सचिवको संयुक्त दस्तखतबाट हुने भन्ने व्यवस्था गरेको देखिन्छ। गाउँ विकास समिति का खाताहरू संचालन गर्ने गराउने कार्य गाउँ विकास अनुदान संचालन कार्यविधि, २०६६ बमोजिम भएको उक्त कार्यविधि खारेज भै गाउँ विकास अनुदान कार्यविधि, २०६७ जारी भई २०६७।९।११ देखि लागू भएको र कार्यविधिहरूमा उल्लेखित भएको व्यवस्था अनुसार नै गाउँ विकास समिति का खाताहरू संचालन भएको भन्ने सम्बन्धित व्यक्तिहरूको बयान तथा जिल्ला विकास समितिबाट प्राप्त कागजात समेतबाट देखिएको हुँदा उजुरीमा उल्लेख भए अनुसारको सत्यता पुष्टी हुन आएको नदेखिएकोले आयोगको मिति २०६८।९।२८ को निर्णयानुसार तामेलीमा राखिएको।

४५. गगनदेव यादवले जिल्ला विकास समिति, पर्सावाट गरीवसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत सामाजिक परिचालकमा नियुक्ति भई तलव खाईरहेकै अवस्थामा महादेव ने.रा.प्रा.वि. मिर्जापुर, पर्साको शिक्षक पदमा समेत नियुक्ति भै सोही समयमा दुवै स्थानमा दोहोरो पारिश्रमिक लिएको भन्ने उजुरी निवेदन उपर अनुसन्धान हुँदा गगनदेव यादव मिति २०५७।२।१ देखी २०६४।३।३१ सम्म सामाजिक परिचालक पदमा कार्यरत रहेको देखिएको र उक्त अवधिभित्रै मिति २०६३।८।२९ मा श्री महादेव ने.रा.प्रा.विद्यालय मिर्जापुर, पर्सामा अस्थायी शिक्षक पदमा नियुक्ति भई मिति २०६३।९।१ वाट तलव भत्ता लिएको देखिएता पनि निजले अतिरिक्त समयमा विद्यालयको पठनपाठनमा असर नपर्ने गरी अन्य क्षेत्रमा समेत कामकाज गर्न पाउने महादेव ने.रा.प्रा.विद्यालय, मिर्जापुर, पर्सावाट अनुमती लिएको देखिएको र दोहोरो तलवभत्ता वापतको रकम रू.२६,१८०। वुझेको देखिएता पनि उक्त रकम मिति २०६५।८।१८ गते कृषि विकास वैंक, वैंकिंग कार्यालय वीरगंजको गरीवसँग विश्वेश्वर कार्यक्रमको खा.नं. ०३३८७६ मा दाखिला गरिसकेको देखिन्छ भन्ने आयोगमा प्राप्त जिल्ला विकास समिति, स्थानीय विकास कोषको सचिवालय, पर्साको मिति

२०६८।६।४ को पत्रवाट समेत देखिएकोले आयोगको मिति २०६८।९।२८ को निर्णयानुसार तामेलीमा राखिएको ।

४६. जिल्ला स्वास्थ्य कार्यालय दोलखाका निमित्त कार्यालय प्रमुख राजाराम कार्कीले दोलखा जिल्लास्थित च्छोरोल्पा जनरल अस्पतालमा एक दिन पनि काम नगरेका डा.अर्जन बुढाथोकीलाई उक्त अस्पतालमा मिति २०६४/०६/११ गतेदेखि २०६६/१२/३१ गतेसम्म अटुट रुपमा कार्य गरेको भन्ने झुटो विवरणलाई प्रमाणित गरी भ्रष्टाचार गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा डा. अर्जुन बुढाथोकीको झुठो सेवा अवधिलाई मिति २०६७/०४/०९ गते जिल्ला स्वास्थ्य कार्यालय दोलखाको निमित्त कार्यालय प्रमुखको हैसियतले प्रमाणित गरिदिए बापत जिल्ला प्रशासन कार्यालय दोलखामा अव आइन्दा यस्तो कार्य नगर्ने भनि निजले कागज गरिदिएको पाइएको र यो कार्य कुनै पनि व्यक्तिगत लोभलालचले नभई च्छोरोल्पा जनरल अस्पतालका डाक्टर जस्तो सम्मानित पद र व्यक्तित्वको सिफारिसको विश्वासमा मैले उक्त व्यहोरालाई प्रमाणित गरिदिएको हुँ । अब आइन्दा यस प्रकारको गल्ती पुनश्च गर्ने छैन भन्ने व्यहोरा राजाराम कार्कीले पेश गरेको स्पष्टिकरणबाट खुल्न आयो । निजले यस प्रकारको गल्ती नगर्ने कवुल समेत गरेको पाइएकाले निज राजाराम कार्कीलाई थप सजायँ गरिरहनु पर्ने देखिएन ।

मिति २०६७/०४/०९ गते जिल्ला स्वास्थ्य कार्यालय दोलखाबाट डा. अर्जुन वुढाथोकीले प्रमाणित गरी लिएको झुठो विवरणयुक्त पत्रले कुनै कानुनी हैसियत प्राप्त गर्न नसकेको, अन्जानको कारण भूल भएको र अब आइन्दा यस्तो कार्य नगर्ने भनी जिल्ला प्रशासन कार्यालय दोलखामा कागज गरेको पाइएको । आफुले गरेको यस प्रकारको गल्तीबाट आत्मग्लानी हुनुका साथै भविष्यमा यस प्रकारको गल्ती नगर्न प्रतिज्ञा डा. अर्जुन बुढाथोकीले पेश गरेको स्पष्टिकरणमा व्यक्त गरेको पाइयो । डा. परमारचन्द्र सेन हाल अध्ययनको सन्दर्भमा विदेशमा रहेको र निजले समेत जिल्ला प्रशासन कार्यालय दोलखाबाट यसै अभियोगमा एक पटक सजायँ पाइसकेको देखियो । डा. अर्जुन वुढाथोकी र डा. परमारचन्द्र सेन दुवैजना हाल कुनै पनि सार्वजनिक पदमा वहाल रहेको नपाइएकाले यस उजुरीका विषयमा थप कारबाही गरीरहनु पर्ने नदेखिएकोले आयोगको मिति २०६८।१०।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

४७. सुनसरीमा कार्यरत तत्कालीन स्थानीय विकास अधिकारी प्रेमप्रसाद भट्टराईले LGCDP कार्यक्रम अन्तरगतको सामाजिक परिचालन बापतको रकम १० प्रतिशत कमिशन खाई मापदण्ड नपुगेका गैर सरकारी संस्थालाई अनुदान दिएको भन्ने उजुरी उपर अनुसन्धान हुँदा यस विषयमा पुनरावेदन अदालत राजविराजमा मुद्दा विचाराधिन रहेकोले यस उपर थप केही गरिरहनु नपरेकोले आयोगको मिति २०६८।१०।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

४८. जिल्ला विकास समिति रामेछापले हुदै नभएको पोकुदोभान सिंचाई आयोजनामा आयोजना सम्पन्न भएको भनि ४ (चार) लाख रुपैयाँ निकासा दिएको भन्ने विषयमा विस्तृत अनुन्सधान हुँदा सो सिंचाई आयोजनामा निकासा भएको ४ (चार) लाख रुपैयाँबाट

विजुलीकोट-५ मा पोकुदोभान सिंचाई आयोजना अन्तरगत ८१ मिटर कुलो निर्माण भएको प्राविधिक मूल्याकंन सहितका कागजात साथै जिल्ला विकास समिति रामेछापको स्थलगत निरीक्षण प्रतिवेदनवाट स्पष्ट भएको हुँदा आयोगको मिति २०६८।१०।९ को निर्णयानुसार तामेलीमा राखिएको ।

४९. हिमालयन वैंकको नाममा रोक्का रहेको घर जग्गा पुनः अन्यत्र धितो राखी मालपोत कार्यालय डिल्लीवजारका सम्वन्धित निर्णय प्रकृयामा संलग्न कर्मचारीहरूले पदीय आचरण विपरित कार्य गरेको भन्ने मिति ०६७।९।२० को उजुरी उपर अनुसन्धान हुँदा आयोगवाट माग गरिए बमोजिम नेपाल राष्ट्र वैंक, हिमालयन वैंक र मालपोत कार्यालय डिल्लीवजारवाट प्राप्त हुन आएको प्रतिकृया आवश्यक कागजात र सक्कल मिसिल तथा सम्वन्धित व्यक्तिले आयोग समक्ष गरेको वयान समेतलाई अध्ययन गर्दा हिमालयन वैंक र ऋणि प्रकास चन्द्र श्रेष्ठले वैंकलाई तिर्नुपर्ने रकम रू.३९,७५,०००।- रुपैया मिति ०६८ वैशाख १२ र १७ गते दुई भौचरमा गरी कूल रकम वुझाएको वैंकको नाममा समेत रोक्का जनिएको प्रकाश चन्द्र श्रेष्ठको नाममा दर्ता भै का.जि.का.म.न.पा. वार्ड नं. १७ स्थित कि.नं. २०७१ को ०-४-० घर जग्गा फुकुवाको लागि वैंकको मिति ०६८।२।२२ को पत्रबाट मालपोत कार्यालय डिल्लीवजारमा समेत अनुरोध गरिएको अवस्था रहेको । वैंकको संचालक समितिको निर्णय अनुसार कर्जाको हिसाव मिलान भै सकेकोले वैंकको पूर्व पत्र बमोजिम कारवाही अघि नवढाई मुद्दा फिर्ता गरी दिन अनुरोध गरी पत्र लेखि आएको हुँदा हिमालयन वैंक लि. वाट धितो सुरक्षणमा लिएको घर जग्गा वैंकले गरेको लिलामी प्रकृयालाई सुरु जिल्ला अदालत तथा पुनरावेदन अदालतवाट सदर गरेको फैसलालाई सर्वोच्च अदालतवाट लिलाम प्रकृयालाई वदर गरी गरेको फैसलालाई गलत व्याख्या गरी ऋणी र मालपोत कार्यालय डिल्लीवजारका कर्मचारीको मिलोमतोमा पुनः सोही जग्गा अन्यत्र धितो राखि ऋण लिन लगाई अनियमितता गरेको भन्ने आरोप पुष्टि हुने आधार देखिएन । अतः पछि कहीं कतैवाट थप प्रमाण खुल्न आएमा कानून बमोजिम हुने गरी आयोगको मिति २०६८।१०।९ को निर्णयानुसार तामेलीमा राखिएको ।

५०. भक्तपुर जिल्ला अन्तर्गत चाँगु नारायण गाउँ विकास समितिमा संचालन भएको वृहत खानेपानी आयोजना अन्तर्गत खानेपानी सर सफाई डिभिजन र खानेपानी उपभोक्ता समिति चाँगु भक्तपुरले पटक पटक पाइप खन्ने कार्य गरी रकमको हर हिसाव नदेखाई अनियमितता गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा आयोगमा प्राप्त हुन आएको कागजात तथा प्रमाण मिसिल र सम्वन्धित व्यक्तिले आयोग समक्ष गरेको वयान समेत सम्वद्ध प्रमाणित कागजात आधारमा खानेपानी आयोजनाको निर्माण कार्य उपभोक्ता समिति मार्फत भएको देखिनुको साथै सो समितिवाट आयोजनाको कार्य तोकिएको लगत इष्टीमेट भित्र रही कार्य सम्पन्न भएको देखिन्छ । तसर्थ खानेपानी सरसफाई डिभिजन कार्यालय भक्तपुर र खानेपानी उपभोक्ता समिति चाँगु भक्तपुरले पटक पटक पाइप खन्ने कार्य गरी रकम हरहिसाव नदेखाई अनियमितता गरेको आरोप पुष्टी हुने देखिएन । अतः पछि कहीं कतैवाट थप प्रमाण

खुल्न आएमा सोही बमोजिम कारवाही हुने हुँदा आयोगको मिति २०६८।१०।९ को निर्णयानुसार तामेलीमा राखिएको ।

५१. ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समिति महाराजगञ्जमा कार्यरत निर्देशक समेतले खरिद व्यवस्थापनमा अनियमितता गरेका हुँदा उक्त समितिको स्टोर समेत चेकजाँच गरी छानविन गरी पाउँ भन्ने समेत व्यहोराको उजुरीका सम्वन्धमा आयोगबाट निरीक्षणका लागि खटिएका कर्मचारीले उक्त समितिको स्थलगत रुपमा निरीक्षण गरी कैफियत जनाई ल्याएको मुचुल्का उल्लेखित बुंदाहरूका सम्वन्धमा अनुसन्धान हुँदा आयोगबाट निरीक्षणको क्रममा देखिएका सम्वन्धित व्यक्तिहरूसंग लिइएको बयान तथा ग्रामिण खानेपानी तथा सरसफाई कोष विकास समितिको मिति २०६८।७।१४ को पत्रबाट निरीक्षणको क्रममा देखिइएका अनियमितता तथा कैफियतको सम्वन्धमा स्पष्ट पारी भरपाई नभएका सामानको भरपाईको छायाँप्रति समेत पेश गरेकोले खरिद व्यवस्थापनमा अनियमितता गरेको भन्ने पुष्टि हुने आधार फेला नपरेको हुँदा आयोगको मिति २०६८।१०।११ को निर्णयानुसार तामेलीमा राखिएको ।

५२. जि.शि.का बाराका रामविनय कुमार सिंह र लेखापाल अवधेशानन्दन बर्माले गैरकानूनी ढंगबाट संचालित विद्यालयहरूलाई खारेज गर्नुपर्नेमा नगरी गैरकानूनी तवरले तलब भत्ताको रकम निकाशा गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा जिल्ला शिक्षा कार्यालय, वाराका जिल्ला शिक्षा अधिकारी रामविनय सिंह लेखा अधिकृत अवधेशानन्दन बर्माले गरेको वयान तथा पेश गरेको कागजातहरूको अध्ययन गर्दा गैरकानूनी विद्यालय जि.शि.समितिको निर्णयबाट खारेज गरेको, तलब भत्ता कटौती गरेको, भौतिक निर्माणको लागि दिएको रकम लिई सम्झौता अनुरुप कार्य नगर्ने विद्यालयलाई कानूनी कारवाहीको दायरामा ल्याएको, उत्पन्न कठीन परिस्थितिमा समेत शान्ति सुरक्षाको माग गरी झोले विद्यालयलाई कारवाही गरी वन्द गराउनुका साथै जि.शि.भौतिक निर्माण समितिको निर्णयानुसार विद्यालयको भौतिक निर्माणको लागि रकम निकाशा गरेको र ठूलो संख्यामा रहेका गैरकानूनी विद्यालयलाई खारेज गरी जरिवाना सहित रकम असुल उपर गरेको समेत देखियो । प्राप्त कागजातको अध्ययन तथा विश्लेषण गर्दा अनियमितता भएको भन्न सकिने अवस्था देखिएन । पछि कतैबाट थप प्रमाण खुल्न आएमा कानून बमोजिम नै हुने गरी हाललाई आयोगको मिति २०६८।१०।१८ को निर्णयानुसार तामेलीमा राखिएको ।

५३. बैदेशिक रोजगार विभागमा ना.सु. पदमा कार्यरत विश्ववन्धु रेग्मीले पदमा बहाल रहँदा अकुत सम्पत्ति आर्जन गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा विश्ववन्धु रेग्मी मिति २०५६।११।१ मा गा.बि.स. सचिव पदमा सेवा प्रवेश गरी विभिन्न निकायमा सरुवा हुदै हाल बैदेशिक रोजगार विभागमा कार्यरत रहेको देखिन्छ । निजको समग्र आयलाई हेर्दा निजले आयतर्फ तलव भत्ता बापत रू.१५,५१,०४५।-, कृषि आय रू.१,९८,०००।-, सुन विक्रिबाट रू.२,४०,०००।-, निजको पिताले दिएको रू.३,९०,०००।-, र घर भाडा रू.२,१६,०००।- गरी कुल जम्मा

रू.२५,९५,०४५।- आर्जन गरेको देखिन्छ। निजको खर्चतर्फ हेर्दा घर निर्माणमा रू.५,६८,३७५।-, जग्गा खरिदमा रू.१६,८४,४८०।-, शेयर खरिदमा रू.३४,०००।- र बैंक मौज्दात रू.९२,२७५।- गरी जम्मा रू.२३,७९,१३०।-खर्च गरेको देखियो। विश्ववन्धु रेग्मीको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिन आई निजले अमिल्दो र अस्वाभाविक जीवन यापन गरेको भन्ने अवस्था देखिन नआएकोले पछि कहीं कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने नै हुँदा आयोगको मिति २०६८।१०।१८ को निर्णयानुसार तामेलीमा राखिएको।

५४. कर्मचारी संचय कोषको संचालक समितिवाट भएको निर्णय विपरित विराट लेदर इण्डष्ट्रिज प्रा.लि.लाई अनियमित ढंगले रू.६ करोड ७३ लाख कर्जा प्रदान गरी कोषलाई हानी नोक्सानी पुऱ्याएकोले कोषको कर्जा असुल गराई पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा नेपाल वंगलादेश वैंकको अगुवाईमा भएको सह वित्तीकरण कार्यक्रम अन्तरगत कर्मचारी संचय कोष समेत सहभागी भई २०५८ सालमा नेपाल वंगलादेश वैंकवाट कूल रू.६,७५,००,०००।- र कर्मचारी संचय कोषवाट दीर्घकालीन र अल्पकालीन कर्जा जम्मा रू.६,७२,७९,०००।- गरी जम्मा १३,४७,७९,०००।- विराट लेदर इण्डष्ट्रिज प्रा.लि. लाई ऋण प्रदान गरेको देखिन्छ। उक्त कर्जाका लागि कोष र लिड वैंकको नाममा प्राप्त भएको धितोको सन् २००१ मा भएको मूल्यांकन अनुसार रू.११,०६,६०,४०६ देखिएको तथा ऋणी कम्पनीको संचालक विराट थापाको नाममा रहेको कोशी अञ्चल सुनसरी जिल्ला खनार गाउँ विकास समिति वडा नं.६(घ) स्थित २-६-१८-५ जग्गाहरू समेत नेपाल वंगलादेश वैंकको नाममा रोक्का रहेको, तर मूल्यांकनकर्तावाट यथार्थ मूल्यांकन हुन नसकेको एवम् २०५५ सालको गाउँ विकास समिति को मूल्याङ्कन अनुसार प्रति कट्ठा रू.३ लाख पर्ने मूल्यांकन सिफारिस पत्रको स्थिति समेतलाई मध्ये नजर गर्दा उक्त सहवित्तीकरण कार्यक्रम मार्फत प्रवाह भएको कर्जा असुरक्षित रहेको हो भन्न सकिने अवस्था देखिएन।

कर्जा प्रवाहमा संलग्न कर्मचारी संचय कोषका तत्कालीन पदाधिकारीहरू शशिविक्रम राणा र रविभूषण वैद्यले वयानमा संचालक समितिले नेपाल राष्ट्र वैंकद्वारा स्वीकृत प्राप्त नेपाल वंगलादेश वैंकको अगुवाईमा कर्जा प्रवाह गर्ने निर्णय गरे अनुरुप हामीले कर्जा प्रवाह गरेका हौ ऋण दिँदा धितो सुरक्षण र व्यक्तिगत जमानी लिइएको छ कुनै बदनियत गरेको छैन, धितो लिलाम गर्ने क्रममा अदालतमा मुद्दा मामिलाको कारणले हुन सकेको छैन ऋणी फरार छैन ऋण तिर्न प्रतिवद्ध छ तसर्थ हाम्रो गल्ति छैन भन्ने व्यहोरा उल्लेख गरेको देखियो। त्यस्तै वंगलादेश वैंकका ऋण प्रवाह गर्ने कर्मचारीहरू मध्ये अधिकांश अवकास भई विदेश गएकाले वुझ्न सम्भव नभएपनि वंगलादेश वैंकका हालका CEO समेतका कर्जा विभागका कर्मचारीहरू आयोगमा झिकाई छलफल गरी उक्त वैंकको जवाफ समेत प्राप्त भएको सन्दर्भमा समेत हेर्दा ऋणीसंग धितो संरक्षण र व्यक्तिगत जमानी समेतलाई ऋण प्रवाह गरिएको देखिएको, ऋणीले समय समयमा आँशिक साँवा व्याज समेत तिरेको, तर शसस्त्र द्वन्द र श्रम समस्याले गर्दा मजदुरहरूको अनुरोधमा उद्योग वन्द गराई ऋण असुली तर्फ कारवाही थालनी गरिएको ऋणीले व्याज मिनाहाको लागि आग्रह गरेपनि सहवित्तीकरणमा सहभागी कर्मचारी संचय कोषको विनियमले व्याज छुट दिन सकिने प्रावधान नहुँदा व्याज छुट दिन नसकिएको तथा ऋण असुली सम्वन्धी ऐन, २०५८ को दफा १५

को हदम्याद भित्र यस वैंक र कर्मचारी संचय कोषले संयुक्त रुपमा साँवा व्याज असुल उपर हुन ऋणी उपर ०६८।२।८ मा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी हाल विचाराधीन रहेको भन्ने तथ्य खुल्न आएको पाइयो ।

ऋण प्राप्त गर्ने ऋणी विराट लेदर इ.प्रा.लि. का संचालक विराट थापाले यस आयोगमा वयान गर्दा र पटक पटक आयोगमा छुट्टा छुट्टै निवेदन दिंदा वि.सं. २०५३ सालदेखि नेपाल वंगलादेश वैंकवाट ऋण लिई उद्योग संचालन हुदै थियो ०५८ सालमा नेपाल वंगलादेश वैंकको अगुवाईमा कर्मचारी संचय कोष समेतको सहभागितामा करिव १३ करोड ऋण लिंदा प्रयाप्त धितो राखी उद्योग संचालन गरेको, पटक पटक गरी रू.५,८४,१२,०००।-व्याज समेत भुक्तानी गरेको छु आ.व. ०६३।०६४ पछि व्याज तिरेको छैन मैले इमान्दारीपूर्वक उद्योग संचालन गर्दा गर्दै शसस्त्र द्वन्द र श्रम समस्याको कारण मलाई उद्योग चलाउन नदिने गरी वैंकले उद्योग वन्द गरेको कारण ऋण तिर्न सकेको छैन, मेरो ऋण नतिर्ने मनसाय छैन अहिले मैले उद्योग चलाउन विभिन्न निकायमा अनुरोध गरेको छु। नेपाल राष्ट्र वैंक, संसदको श्रम तथा अर्थ सम्वन्ध समितिले समेत निर्णय गरेको, रुग्ण उद्योग तथा पुनस्थापना सम्वन्धमा समिति गठन भएको छ, अझै पनि मेरो प्रयत्न उद्योग संचालन गर्ने नै हो, व्याज मिन्हा लगायत कानुनी अडचन फुकुवा भए अझ म उद्योग चलाउने प्रतिवद्धता व्यक्त गर्दछु भन्ने भनाई राखेको देखियो ।

विराट लेदर इण्डष्ट्रिज प्रा.लि. को कर्जा लगायत रुग्ण उद्योगका सम्वन्धमा व्यवस्थापिका संसद, अर्थ र श्रम सम्वन्ध समितिमा छलफल भैरहेको उक्त समितिको अनुरोधमा हाल उक्त धितो सम्वन्धी लिलाम प्रकृया स्थगन गर्न नेपाल राष्ट्र वैंकले मिति ०६८।९।२५ को पत्रवाट नेपाल वंगलादेश वैंक लिमिटेडलाई जानकारी गराईएको विषय समेत मिसिल संलग्न देखिन्छ। रुग्ण उद्योग एवं खराव कर्जाका सम्वन्धमा नेपाल राष्ट्र वैंकवाट व्यवस्थापिका संसद, अर्थ र श्रम सम्वन्धमा समितिमा पेश गरिएको मिति ०६७१२।०६ को राय प्रतिवेदनमा सम्वन्धित पक्षहरूसंग गरेको छलफल पश्चात् विराट शु र लेदर कम्पनीको विषयलाई नजीरको रुपमा लिई विभिन्न नीतिगत विषयहरूका अतिरिक्त रुग्ण उद्योग सम्वन्धी अवलम्वन गर्नुपर्ने वृहत नीति (Macro Policy) तयार गर्नुपर्ने जस्ता कुराहरू उल्लेख भई विस्तृत व्यहोराको सुझावहरू प्रस्तुत भएको देखिएको छ। व्यवस्थापिका संसदको अर्थ र श्रम सम्वन्ध समितिको मिति ०६७१२।२१ को वैठकवाट रुग्ण उद्योग र खराव कर्जाको सम्वन्धमा छलफल भई निम्न व्यहोराको निर्णय गरी अर्थ मन्त्रालयमा लेखी पठाई उद्योग मन्त्रालय, भूमि सुधार मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र वैंक, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल वैकर्स संघ र नेपाल परिसंघलाई वोधार्थ तथा कार्यार्थ दिएको देखिन्छ।

निर्णयका वुंदाहरू:

- रुग्ण उद्योगको रुपमा रहेको विराट शु कम्पनी र विराट लेदर इण्डष्ट्रिज लिमिटेडको उद्योग संचालनार्थ कर्मचारी संचय कोष र नेपाल वंगलादेश वैंकवाट लिएको ऋणको साँवाको व्याज मिनाहा गर्ने विषयमा कानूनी अप्ठ्यारो हटाउन आवश्यक व्यवस्था गर्न तथा यस्तो

अवस्थामा रहेका अन्य औद्योगिक प्रतिष्ठानको समस्या समाधान गर्न सरकारी निकायहरूमा रहेको विद्यमान कानून अडचन हटाउन पनि सम्वन्धित सरकारी निकायको ध्यानाकर्षण गरिएको छ।

- रुग्ण उद्योग पहिचान, घोषणा र पुनस्थापना गराउन त्यस्तो उद्योगहरूमा परेका समस्याहरूको अध्ययन गरी अल्पकालीन रुपमा समस्या समाधान गर्ने र दीर्घकालीन रुपमा रुग्ण उद्योग सम्वन्धी नीति, ऐन, नियम र विनियमको पुनरावलोकन गर्नुका साथै विगतमा भएका निर्णय समेतलाई ध्यानमा राखी रुग्ण उद्योगको समस्या सम्वोधनको लागि अर्थ मन्त्रालयको नेतृत्वमा स्थायी प्रकृतिको उच्चस्तरीय समिति गठनको आवश्यक प्रवन्ध गर्न सरकारको ध्यानाकर्षण गर्दछ।
- रुग्ण उद्योग सञ्चालनमा रहेको समस्या समाधान गर्नका निम्ति आवश्यकता अनुसार कर छुट लगायतका अन्य सहुलियत उपलव्ध गराउन पनि ध्यानाकर्षण गरिएको छ।

व्यवस्थापिका संसदको उपरोक्त बमोजिमका निर्णय पश्चात अर्थ मन्त्रालयको मन्त्रीस्तरीय निर्णयवाट मिति ०६८।१।२३ मा उद्योग मन्त्रालयको सचिवको संयोजकत्वमा सदस्यहरू डेपुटी गभर्नर ने.रा.वैंक, सह सचिव अर्थ मन्त्रालय, सह-सचिव राष्ट्रिय योजना आयोग, अध्यक्ष नेपाल उद्योग वाणिज्य संघ, अध्यक्ष वैकर्स संघ र सह सचिव उद्योग मन्त्रालय सदस्य सचिवको रुपमा रुग्ण उद्योग सम्वन्धी कार्य गर्ने जिम्मा पाएको समितिको गठन भएको पाइयो।

नेपाल सरकार र मन्त्रिपरिषद्को मिति ०६८।५।१३ को वैठकवाट स्वीकृत भएको तत्काल राहत कार्यक्रम २०६८ को वुंदा नं.९.२ मा रुग्ण उद्योगको पुनस्थापन गरी औद्योगिक उत्पादन वृद्धि, रोजगारी सृजना र त्यस्का समाधानका उपाय तथा सरकारले उपलव्ध गराउनु पर्ने सुविधा र सहुलियत सम्वन्धमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन एक महिनाभित्र पेश गर्नका लागि कार्यदल गठन गरिने छ भन्ने उल्लेख भए अनुसार मिति ०६८।६।१ को मन्त्रिपरिषद्को वैठकवाट देहाय बमोजिम रुग्ण उद्योग 'पुनरउत्थान' उच्चस्तरीय कार्यदल गठन गरिएको देखियो।

कार्यदल गठनको विवरण

१. माननीय उपाध्यक्ष राष्ट्रिय योजना आयोग	... अध्यक्ष
२. सचिव उद्योग मन्त्रालय	.... सदस्य
३. सचिव अर्थ मन्त्रालय	.... सदस्य
४. सचिव उर्जा मन्त्रालय	.... सदस्य
५. अध्यक्ष नेपाल उद्योग वाणिज्य महासंघ	.... सदस्य
६. अध्यक्ष नेपाल उद्योग परिषद	.... सदस्य

७. सह सचिव औद्योगिक प्रवर्द्धन महाशाखा उद्योग मन्त्रालय .... सदस्य सचिव

(उपरोक्त उच्चस्तरीय कार्यदलले कार्य सम्पन्न गरी नेपाल सरकार प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाई सकेको देखिएको । हालै नेपाल सरकारका प्रधानमन्त्रीवाट घोषणा भएको आर्थिक एजेण्डा सम्वन्धी घोषणामा पनि रुग्ण उद्योग पुनरस्थापना सम्वन्धी विषय परेको देखिएको छ ।)

कर्मचारी संचय कोषको संचालक समितिले मिति ०६८।५।२४ मा निम्न बमोजिम निर्णय गरी नेपाल सरकार अर्थ मन्त्रालयमा पठाउन व्यवस्थापनलाई निर्देशन दिएको देखिन आयो ।

संचालक समितिको निर्णय :

"कोषवाट कर्जा लिई साँवा व्याज तिर्न नसकेको उद्योग परियोजना संचालन गर्ने कम्पनीलाई कोषले व्याज छुट दिने वा व्याज मिनाहा दिने प्रयोजनको लागि नेपाल सरकारले नीतिगत मार्गदर्शन र आधार सहित सो उद्योग रुग्ण भएको प्रमाणित गरी दिई सो उद्योगलाई दिनु पर्ने छुट वा सुविधा समेत स्पष्ट गरीदिएमा ऋणको साँवा भुक्तानी गर्ने भरपर्दो आधार र निश्चित तालीका कम्पनीले प्रस्तुत गरको अवस्थामा संचालक समितिवाट त्यस्तो उद्योग परियोजनाका लागि प्रवाह भएको कर्जाको व्याज छुट वा मिन्हा दिने सम्वन्धी निर्णय प्रकृया अघि वढांउन कोषको कर्जा असूली कार्यविधिमा आवश्यक संशोधन गर्न सकिने ।

उपरोक्त वमोजिम संचय कोषवाट भएको निर्णयको व्यहोरा अर्थ मन्त्रालयवाट समेत खुलाई पठाइएको पाइयो ।

कर्मचारी संचय कोष र नेपाल वंगलादेश वैंकवाट सहवित्तीकरण कार्यक्रमको आधारमा कर्जा प्रवाह गर्दा कोष तथा वैंकका कर्मचारीहरूले अनियमित कार्य गरी अनुचित कार्य गरेको वा भ्रष्टाचार गरेको तथ्य स्थापित नभएको र ऋण प्रवाह गर्ने कर्मचारी संचय कोष र नेपाल वंगलादेश वैंक दुवैले आफ्नो लेना (साँवा व्याज समेत) रू.३५,८१,७०,४५३।४८ असूल उपर गर्न अधिकार प्राप्त ऋण असूली न्यायाधिकरणमा उजुरी निवेदन दिई कारवाही चलिरहेको अवस्था देखिँदा आयोगको मिति २०६८।१०।१८ को निर्णयानुसार तामेलीमा राखिएको ।

५५. डिभिजन सडक कार्यालय काठमाडौंका इञ्जिनीयर अशोक कुमार गुप्ताले सार्वजनिक सेवामा प्रवेश गरी आर्जन गरेको सम्पत्तिको स्रोत नखुलेको भनी सम्पत्ति न्यायिक जाँचवुझ आयोग २०५८ को प्रतिवेदन बमोजिम अनुसन्धान हुँदा २०३४।१०।१३ देखि ओभरसियर पदमा प्रवेश गरी हाल डिभिजन सडक कार्यालय काठमाडौंको इञ्जिनीयर पदमा कार्यरत अशोक कुमार गुप्ताले सार्वजनिक पदमा प्रवेश गरी आर्जन गरेको सम्पत्ति तर्फ हेर्दा जग्गा खरीदमा रू.९२,७७,५००।-, शेयर खरिदमा रू.७,१०,०००।-, घर निर्माणमा रू.४७,१६,६७१।- कर्जा चुक्तामा रू.५,४२,१८७।-, सामान खरिदमा रू.१,१६,७००।-, विद्युतीय सामान खरिदमा रू.५२,०००।-, ऋण तिरेको रू.९,३२,१०३।-, कर्जा चुक्ता रू.४४,७००।-, वैंकको साँवा व्याज चुक्ता रू.१,४९,२२,०००।-, वैंकको व्याज चुक्ता रू.३९,००,०००।- समेत गरी कूल खर्च रू.२,५९,१४,०११।- देखियो ।

सम्पत्ति आर्जनमा प्रयोग भएका श्रोत तर्फ हेर्दा तलव भत्ता रू.१३,८२,७५३।-, एभरेष्ट वैंकवाट कर्जा प्राप्त रू.१,५०,००,०००।-, सानिमा विकास वैंकवाट कर्जा प्राप्त रू.१८,६५,०००।-, कृषि विकास वैंकवाट कर्जा प्राप्त रू.५,४२,१८७।-, एन.एम.वि. वैंकवाट कर्जा प्राप्त रू.६०,००,०००।-, वैंक अफ काठमाडौंवाट कर्जा रू.१,५०,००,०००।-, इन्भेष्ट वैंकवाट कर्जा प्राप्त रू.५,१४,०००।-, संचय कोषवाट कर्जा प्राप्त रू.२,२८,४४५।- र सवारी साधन विक्रीवाट रू.३९,००,०००।- समेत गरी कूल आय रू.४,३०,४९,६३२।- भै आयको तुलनामा व्यय कम देखियो । यसैगरी क्यासफ्लोको प्रत्येक चरणमा ऋणात्मक अवस्था देखिएन । अतः अशोक कुमार गुप्ताले सार्वजनिक पदमा प्रवेश गरी श्रोत नखुलेको सम्पत्ति आर्जन गरेको पुष्टि हुन नसकेकोले आयोगको मिति २०६८।१०।२२ को निर्णयानुसार तामेलीमा राखिएको ।

५६. मध्य पश्चिमाञ्च क्षेत्रीय अस्पताल, सुर्खेतका डा. पिताम्बर सुवेदीले दर्ता नै नगरी अवैध रुपमा बाल स्वास्थ्य अस्पताल एवम् रिसर्च सेन्टर, सुर्खेत नामको अस्पताल संचालन गरी राजस्व समेत छल्ने गरेकोले छानविन गरी पाउँ भन्ने मिति २०६८।४।२७ को उजुरी उपर अनुसन्धान हुँदा मध्य पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, सुर्खेतमा सि.कन्सल्टेण्टको रुपमा कार्यरत डा. पिताम्बर सुवेदीले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ५९ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ११२ बमोजिम कार्यालय समय बाहेकको समयमा निजी प्राक्टिस गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृति लिएको देखिन्छ । बुद्धिसागर सुवेदी संचालक रहेको विशेषज्ञ बाल हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि., सुर्खेतमा निज डाक्टरले विरामी जाँच्ने गरेको पाईयो । उक्त हस्पिटल कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मध्य पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयबाट संचालन स्वीकृति लिएर संचालन भएको देखिएकाले आयोगको मिति २०६८।११।९ को निर्णयानुसार तामेलीमा राखिएको ।

५७. सम्पत्ति न्यायिक जाँचवुझ आयोग २०५८ को प्रतिवेदन बमोजिम हाल भन्सार विभाग अन्तर्गत नायव सुव्वा पदमा कार्यरत पदमा विष्टले सार्वजनिक पदमा सेवा प्रवेश गरेपछि आर्जन गरेको सम्पत्तिको श्रोत सम्वन्धमा अनुसन्धान हुँदा पदमा विष्ट र निजको पति कुल वहादुर विष्ट मिति २०३५ आषाढमा मुखिया पदमा प्रवेश गरी २०६५ सालमा कुल वहादुर विष्ट निवृत्त भएको र पदमा विष्ट हाल ना.सु. पदमा कार्यरत रहेको देखियो । सम्पत्ति न्यायिक जाँचवुझ आयोग २०५८ को प्रतिवेदनमा निजले पेश गरेको सम्पत्ती विवरण मध्ये रू.३४,४४,१००।- जग्गा विक्री समेतको आयश्रोत पुष्टी नभएको भन्ने वुंदा उल्लेख गरेकोमा हाल निजले आयोगमा जग्गा खरिद विक्रीको कागजात पेश गरेको कागजात समेतवाट निजको आय व्यय विश्लेषण गर्दा आय तर्फ निज पदमा विष्ट र निजको पति कुल वहादुर विष्टको तलव भत्ता रू.१९,१९,०८४।-, वैंक तथा वित्तीय संस्थावाट लिएको ऋण रू.७४,४५,७८१।- घर जग्गा विक्रीवाट रू.५,०८,१६,६५३।-, पुरस्कार (भन्सार कार्यालयको कमिसन) वापत रू.१,२०,०१८।- समेत जम्मा रू.६,०३,००,५३६।- आय रहेको र खर्चतर्फ घर जग्गा खरिद गर्दा रू.१,६५,७०४९४।- घर निर्माणको लागत

रू.२०,००,०००।- विभिन्न वैंक तथा वित्तीय संस्थाको शेयर खरिद गर्दा रू.२,४६,३००।- सवारी साधन खरिद गर्दा रू.१६,००,०००।-, ऋण भुक्तानी रू.१,०४,६९,९१६।- तथा हाल वैंक मौज्दात रू.५,०४,०००।- समेत जम्मा रू.३,१३,९०,७१०।- खर्च गरेको देखिन्छ। निजसंग हाल नगद मौज्दात जम्मा रू.५,०४,०००।- मात्र देखिएको। सो वाहेकको आय घर व्यवहारमा खर्च भै गएको मान्नु पर्ने अवस्था देखियो। निज संग हाल मौज्दात नगद र अचल सम्पत्ति आयको अनुपातमा अमिल्दो र अस्वाभाविक देखिन आएन। ऋणात्मक अवस्था नदेखिई धनात्मक अवस्था देखिएको।

अतः निज पदमा विष्ट सार्वजनिक पदमा वहाल रहंदा गैर कानूनी रुपमा सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवन यापन गरेको भन्ने कुरा प्राप्त प्रमाणवाट पुष्टि हुन नआएकोले पछि थप प्रमाण फेला परे कारवाही गर्न सकिने नै भएको हुँदा आयोगको मिति २०६८।११।९ को निर्णयानुसार तामेलीमा राखिएको।

५८. "राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक दुना नाथ (डि.एन.पाठक) ले बैंकमा रकम राख्दा अनियमितता गरेको, हालै मात्र बोर्डमा नियुक्ती गर्दा पैसाको चलखेल गरेको" भन्ने उजूरी उपर विस्तृत अनुसन्धान हुँदा, राष्ट्रिय दुग्ध विकास बोर्ड, हरिहरभवन ललितपुरबाट यस आयोगमा प्राप्त बिबरणमा बोर्डको नाममा बैंकमा राखिएको रकम रू.१० करोड नभै ८ करोड २५ लाख भएको, बोर्डको उक्त रकम आम्दानीको मुख्य स्रोत भएकाले उक्त रकमलाई बढी ब्याज दिने बैंकमा राख्ने सोच अनुरुप बिभिन्न ११ बटा बैंकसंग ब्याज सम्बन्धी प्रस्ताव माग गरिएकोमा बोर्डको कार्यकारी समितिले अनुमोदन गरी माइन्यूट समेत गरी सो रकम मध्ये रू.५ करोड लक्ष्मी बैंक तथा रू.३ करोड २५ लाख लुम्बिनी बैंकमा मुद्दती हिसावमा १ बर्षको लागि डिपोजिट गरिएको, उक्त रकम हाल पूर्ण (परिपक्व) भै चालु आ.व. २०६७६८ मा बढी ब्याज पाउने "क" बर्गका १२ वटा कमर्सियल बैंकसंग ब्याज सम्बन्धी प्रस्ताव माग गरी मासिक ब्याज भुक्तानी दिने बैंकमा बढी र अन्य २ बटा बैंकमा रकम राखिएको देखियो। बोर्डको नियमित कार्यक्रम अनुरुप काभ्रे, कोहलपुर, बाँके, चितवन, ईटहरी र काठमाडौं लगायत ५ स्थानहरूमा दुग्ध उत्पादन बृद्धिका लागि किसानहरूलाई उत्प्रेरित गर्ने उद्देश्यले जागरण अभियान संचालन गरिएको उक्त कार्यक्रम केन्द्रीय दुग्ध सहकारी संघ (CDCAN) को अनुरोधलाई दृष्टिगत गरी संचालन गरिएको हो। उक्त कार्यक्रममा बोर्डका कार्यकारी निर्देशक लगायत CDCAN का प्रतिनिधीहरू समेत ८ जनाको टोली मार्फत कार्यक्रम संचालन गरिएको। कार्यक्रमा कृषकहरूलाई स्टेशनरी, खाना खर्च तथा TA/DA वापत झण्डै रू.९ लाख १५ हजार खर्च भएको र उक्त खर्च कृषि तथा सहकारी मन्त्रालयको स्वीकृत कार्यक्रम अनुसार रू.८ लाख ५० हजार र बाँकी रू.६५ हजार बोर्डको आन्तरिक स्रोतबाट व्यहोरिएको देखियो।

त्यसैगरी कृषि तथा सहकारी मन्त्रालयबाट प्राप्त बिबरणमा राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक दुनानाथ पाठकको क्याविनेटको निर्णय अनुसार राजनैतिक नियुक्ती भएको,

करारमा कर्मचारी नियुक्त गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगको २०६८।१०।०९ गते "कानुन विपरित करारमा कर्मचारी नियुक्ती गरेको विषयमा कार्यकारी निर्देशकलाई करारमा कर्मचारी नियुक्ती गर्ने अधिकार विनियमावलीले व्यवस्था गरे बमोजिम नियुक्ती गरेको र करारमा नियुक्त भएका कर्मचारीहरू हाल अवकाश भई सकेकाले उक्त उजुरीलाई तामेलीमा राखिएको" भनी निर्णय समेत भई सकेको हुँदा सोही अनुसार गर्नुपर्ने देखियो ।

विदेश भ्रमण गर्दा खर्च गरेको हवाई टिकट तथा भत्ता बापतको रकम सम्बन्धमा निजले मिति २०६८।०६।०१ गते लक्ष्मी बैंक लिमिटेड मार्फत दुग्ध विकास संस्थानको खातामा रू.३,७५,०००।- जम्मा गरेको देखियो । डेरी नभएका र दुग्ध उत्पादक किसान नभएको व्यक्तिलाई बोर्ड सदस्य बनाएको भन्ने सम्बन्धमा राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन २०४८ को दफा ७ बमोजिम राष्ट्रिय दुग्ध विकास बोर्डको समिति सदस्यको मनोनयन नेपाल सरकारबाट हुने हुँदा सो सन्दर्भमा निजको संलग्नता नरहेको देखियो । १ वर्ष सम्म बोर्डको बैठक नराखी पछि मन्त्रालयका प्रतिनिधि नराखी बैठक गरेको भन्ने सन्दर्भमा राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन २०४८ को दफा ८(१) मा समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ भन्ने व्यवस्था भएको साथै सोही दफाको उपदफा २ बमोजिम समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ भनिए बाट अर्थ मन्त्रालयका प्रतिनिधि बैठकमा राख्नै पर्ने बाध्यकारी व्यवस्था नभएको हुँदा राष्ट्रिय दुग्ध विकास बोर्डका कार्यकारी निर्देशक दुनानाथ पाठकले गरेको अनियमितता सम्बन्धमा बिभिन्न मितिमा यस आयोगमा पर्न आएका उजुरी निवेदनहरूले गरेको जिकिर हाल पुष्टि हुन सक्ने आधार प्रमाण प्राप्त हुन नआएको हुँदा पछि कहीं कतैबाट थप प्रमाण खुल्न आएमा कानून बमोजिम हुने गरी हाललाई आयोगको मिति २०६८।११।१५ को निर्णयानुसार तामेलीमा राखिएको ।

५९. कुमारी बैंक लिमिटेडका संचालक रसेन्द्र बहादुर मल्लले बिभिन्न अनियमित कार्यहरू गरेको" भन्ने उजूरी उपर विस्तृत अनुसन्धान हुँदा आयोगबाट माग भए बमोजिम नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालयबाट प्राप्त हुन आएको प्रतिवेदनमा रसेन्द्र बहादुर मल्ल सर्वसाधारण शेयरधनीका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गरेको, बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०६३ को दफा २२ र त्यस बैंकबाट जारी स्वीकृत निर्देशिका नं. ६ मा भएको व्यवस्था अनुसार वित्तिय कारोवार लगायत बिबरण पेश गरेको, रसेन्द्र बहादुर मल्ल स्वयंले बैंकबाट कर्जा कारोवार नगरेको तर निजको परिवार तथा परिवार संलग्न फर्महरूले उपयोग गरेको कर्जा हाल चुक्ता गरिसकेको भनी उल्लेख भएको देखियो ।

त्यसैगरी कुमारी बैंक लिमिटेडबाट यस आयोगमा प्राप्त हुन आएको पत्रमा रसेन्द्र बहादुर मल्ल मिति २०६५।१२।१९ मा भएको आठौं बार्षिक साधारण सभाबाट नियुक्त भएको तथा नियुक्ति भएपश्चात् निज वा निजसंग सम्बन्धित फर्म कम्पनीको नाममा कर्जा सुविधा लगानी नगरिएको, संचालक रसेन्द्र बहादुर मल्लका नातेदारले निज संचालक हुनु अगावै

देखि कर्जा सुविधा उपभोग गर्दै आएको, कर्जा उपभोग गर्दा विद्यमान कानूनको दायरामा रही अख्तियार प्राप्त निकायबाट संस्थागत सुशासन कायम गरी प्रवाह गरिएको, बैंकिङ्ग कसुर तथा सजाय ऐनमा भएको व्यवस्था बमोजिम संचालक समितिको स्वीकृतिमा कर्जा प्रवाह गरिएको, रसेन्द्र मल्लको साला नाता पर्ने निश्चल प्रधानलाई कर्जा प्रवाह गर्दा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन विपरत नभएको, बैंकिङ्ग कसुर तथा सजाय ऐन २०६४ को दफा ९ उपदफा १ को प्रतिबन्धात्मक व्यवस्था (२) बमोजिम संचालक समितिबाट स्वीकृति लिई कर्जा प्रवाह गरेको, उक्त कर्जा प्रवाह गर्दा संचालक समितिको बैठकमा निज रसेन्द्र मल्ल बाहेक अन्य बहुमत संचालकको उपस्थितिमा मिति २०६७।०९।२२ गतेको निर्णयले भएको भनी खुलाई पठाएको देखिंदा कुमारी बैंक लिमिटेडका संचालक रसेन्द्र बहादुर मल्लले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, नियम तथा नेपाल राष्ट्र बैंकको निर्देशिका बिरुद्ध गई आफू वा आफ्ना कुनै नातेदार तथा संलग्न फर्महरूको प्रयोजनको लागि कर्जा (ऋण) सुविधा प्राप्त गरेको वा प्रवाह गरेको भनी पुष्टि हुन सक्ने आधार नदेखिएको हुँदा पछि कहीं कतैबाट थप प्रमाण खुल्न आएमा कानून बमोजिम हुने गरी हाललाई आयोगको मिति २०६८।११।१५ को निर्णयानुसार तामेलीमा राखिएको ।

६०. ललितपुर उपमहानगरपालिका वडा न. १३ का वडा सचिव प्रेम नारायण खनालले अनुचित कार्य गरी भ्रष्टाचार गरेकोले कारवाही गरिपाऊ भन्ने उजुरी उपर विस्तृत अनुसन्धान हुँदा नापी कार्यालय ललितपुरको मिति २०६८।७।२५ को पत्रानुसार ललितपुर उप महानगरपालिका साविक वडा न. ४(६) का कित्ताहरू चक्रपथसँग जोडिएको नदेखिएको भन्ने व्यहोरा उल्लेख भै आएको साथै आयोगवाट स्थलगत निरीक्षण हुँदा समेत उजुरीमा उल्लेख गरिए बमोजिम चक्रपथसँग जोडिएको नदेखिदा आयोगको मिति २०६८।११।१६ को निर्णयानुसार तामेलीमा राखिएको ।

६१. मोहम्मद फहिम अन्सारीले पञ्च नि.मा.वि.चेतनगर, रौतहटको प्रा.वि.तृतिय शिक्षक पदमा र गौर नगरपालिकाको ओभरसियर पदमा कामकाज गरी दोहोरो सुविधा लिएको र निजले ओभरसियर पदमा नियुक्ति पाउन गौर नगरपालिकाको पदपूर्ति समितिका पदाधिकारीहरूलाई प्रलोभनमा पारी नन्दलालप्रसाद यादवको उत्तर पुस्तिकाको कोड नं. आफ्नो लिखित परीक्षाको उत्तर पुस्तिकामा राख्न लगाई लिखित परीक्षामा उत्तीर्ण भएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा पञ्च प्रा.वि. चेतनगर, रौतहटको मिति २०६७/६/१२ को पत्र बाट प्राप्त जानकारी, सञ्चयकोष कार्यालय, ठमेलबाट प्राप्त जानकारी, जिल्ला शिक्षा कार्यालय, रौतहट गौरले उपलब्ध गराएको पञ्च प्रा.वि. चेतनगरको तलवी भरपाई, गौर नगरपालिकाले उपलब्ध गराएको तलबी भरपाई र हाजिरी समेतको कागजातको आधारमा ओभरसियर मोहम्मद फहिम अन्सारीले नगरपालिका तर्फमात्र रुजु हाजिर रही तलबभत्ता बुझेको, विद्यालय तर्फ तलबभत्ता बुझेको नदेखिएको र गौर नगरपालिका कार्यालयबाट मोहम्मद फहिम अन्सारी सम्मिलित परीक्षा सम्बन्धी कागजात माग गरी हेर्दा निवेदकले दावी

गरेअनुसार निजको लिखित परीक्षाको कोड नं. परिवर्तन भएको नदेखिएकोले उजुरीमा उल्लेखित आरोप पुष्टि हुने आधार प्रमाण नभेटिएको र निज निवेदक नन्दलाल प्रसाद यादवले दरखास्त साथ पेश गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपीमा निजको जन्म मिति २०१०/९/१३ गते उल्लेख भएको हुँदा निजको अनिवार्य अवकाश हुने उमेरको हद ५८ बर्ष नाघी सकेकोले प्रस्तुत उजुरी माथि थप कारवाही गरिरहन नपर्ने देखिएकोले आयोगको मिति २०६८।११।१८ को निर्णयानुसार तामेलीमा राखिएको ।

६२. त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान पोखरा नर्सिङ क्याम्पस काश्की पोखरामा कार्यरत लेखा अधिकृत यमन सिंह बोहराले भाई नरेन्द्र बोहराको प्रवेशपत्रमा आफ्नो तस्विर राखेर पृथ्विनारायण क्याम्पस पोखरामा मिति २०६६।५।११ मा आई ए. को अँग्रेजी विषयको परीक्षा दिए भन्ने समेत उजुरी उपर त्रि.वि.बाट छानविन भई त्रि.वि. रजिष्ट्रार कार्यालयको मिति २०६८।२।१६ को पत्रसाथ प्राप्त हुन आएको प्रस्तुत विषयमा अनुसन्धान हुँदा, निज लेखा अधिकृत यमन सिंह बोहराले भाई नरेन्द्र बोहराको उक्त परीक्षा दिएको भन्ने बयानमा इन्कार गरेका र नरेन्द्र बोहराले आफूले नै उक्त परीक्षा दिएको र परीक्षा दिन आफू कार्यरत कार्यालयबाट बिदा स्वीकृत गराएको देखिएको एवम् उक्त परीक्षाको उत्तर पुस्तिका र निजहरूले आयोगमा बयानसाथ दिएको हस्ताक्षर नमूना केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा परीक्षण गर्न पठाउँदा समेत उत्तर पुस्तिकामा भएको अक्षर निज यमन सिंह बोहराको नभई भाई नरेन्द्र बोहरासंग भिड्ने भनी लेखी आएको देखिएको हुँदा आयोगको मिति २०६८।११।२१ को निर्णयानुसार तामेलीमा राखिएको ।

६३. पश्चिमाञ्चल क्षेत्रीय सिँचाई निर्देशनालयका ईन्जिनियर मनमुक्त तुलाचनको सम्पत्तिको श्रोत नखुलेको भन्ने सम्पत्ति न्यायिक छानविन आयोगको प्रतिवेदन वमोजिम अनुसन्धानवाट रू.१०,९१,५२६।- वरावरको सम्पत्तिको श्रोत पुष्टी नभएको भन्ने सम्वन्धमा ईन्जिनियर मनमुक्त तुलाचनले अनुसन्धानको क्रममा आयोगमा वयान गर्दा श्रीमती आत्मा तुलाचनको नाममा २०४५ सालदेखि दर्ता रहि संचालित होटलको आम्दानी तथा सरकारी तवरवाट १५ दिनको फिलिपिन्स र ३ महिनाको जापानमा तालिमको लागि भ्रमणमा जाँदा प्राप्त आय र किस्तावन्दीमा किनिएको ट्याक्सीको आम्दानी समेतवाट घर निर्माण गरेको देखियो । होटलवाट भएको आम्दानीका लागि नियमानुसार कर तिरिएको पोखरा उप-महानगरपालिका र आन्तरिक राजश्व कार्यालय, पोखरा तथा यातायात व्यवस्था कार्यालयको पत्रवाट र विदेश भ्रमणका लागि मनोनयन भएको तथा तालिममा सहभागिताको सम्वन्धमा सिँचाई विभागको मनोनयनको पत्र समेतवाट पुष्टी भएकै देखिन्छ । शहरी विकास तथा भवन निर्माण कास्की डिभिजनवाट प्राप्त लागत दररेट र आयोगवाट स्थापित मापदण्ड अन्तर्गत नै घर निर्माण भएको देखियो । इन्जिनीयर मनमुक्त तुलाचनको तलव भत्तामा रू.१४,३५,८५९।-, ऋण लिएको रू.२६,२७,८२१।-, जग्गा विक्रीबाट रू.८,८४,०००।-, होटल र ट्याक्सीको आम्दानीबाट रू.१,४१,५५९।- गरी रू.५०,८९,२३९।- समग्र आय भएको । घर निर्माणमा रू.९,९५,१२५।-, जग्गा खरीदमा रू.२,२२,०००।-, सवारी साधन खरीदमा रू.१४,७५,८६५।-,

ऋण तिरेको रू.२२,५४,६९०।- गरी समग्र व्यय रू.४९,४७,६८०।- देखिएको । अतः व्यय भन्दा आय बढी नै देखिएको हुँदा श्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्न सकिने अवस्था नरहेकोले आयोगको मिति २०६८।११।३० को निर्णयानुसार तामेलीमा राखिएको ।

६४. जिल्ला विकास समितिको कार्यालय, ललितपुर अन्तर्गत डुकुछाप गाउँ विकास समिति को कार्यालयका गाउँ विकास समिति सचिवले श्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा वाडसिङ -६ स्याङ्गजा घर भई हाल सैवु -५ ललितपुरमा वस्ने यदुनाथ पौडेल २०५७।१।२१ देखि २०६२ असार मसान्तसम्म जनज्योती नि.मा.वि. स्याङजामा प्रा.वि.शिक्षक पदमा र मिति २०६२।३।२९ देखि नियुक्त भै हालसम्म निजामती सेवाको रा.प.अ.द्वि.श्रेणीको गाउँ विकास समिति सचिव पदमा कार्यरत रहेको देखियो । सार्वजनिक सेवाको पदमा प्रवेश गरेपछि निजको आय र व्ययतर्फ हेर्दा निजले हालसम्म तलव भत्तामा रू.७,९०,३७०।- कं.सं.कोषबाट ऋण रू.१,१६,३००।- घर जग्गा विक्रीबाट रू.५,००,०००।- गरी जम्मा रू.१४,०६,६७०।- आम्दानी गरेको देखिन्छ । व्ययतर्फ हेर्दा जग्गा खरिदमा रू.६,४५,०००।- मोटरसाइकल खरिदमा रू.१,५४,०००।- र बैंक मौज्दात रू.१,३६,५८४।- गरी जम्मा रू.९,३५,५८४।- खर्च गरेको देखिन्छ ।

यसरी उक्त आयबाट व्यय भएको रकम कटाउँदा निजसँग रू.४,७१,०८६।- मौज्दात देखिएको तर निजको हालसम्म बैंक मौज्दात रू.१,३६,५८४।- मात्र रहेको देखिँदा मौज्दात रकम रू.१,३६,५८४।- मात्र मान्न सकिन्छ । यसबाट निजको आय भन्दा व्यय न्यून देखिन आएकोले पछि कहीँ कतैबाट अन्य थप प्रमाणहरू फेला परी पुष्टी हुन आएका बखत कानून बमोजिम हुने नै हुँदा आयोगको मिति २०६८।१२।२० को निर्णयानुसार तामेलीमा राखिएको ।

६५. सूचना तथा संचार मन्त्रालयका सह-सचिव लक्ष्मण कुमार पोखरेलले अख्तियार दुरुपयोग गरी गैर कानूनी रुपमा अकुत सम्पत्ति आर्जन गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा निजको आयतर्फ पारिश्रमिक रू.२९,००,६०१।-, विदेश भ्रमणबाट प्राप्त वचत रू.१९,७१,३१३।- परामर्श सेवा, तालिम प्रशिक्षण, अध्यापन, प्रश्नपत्र निर्माण, उत्तर पुस्तिका परीक्षण समेतबाट प्राप्त विविध आय रू.२२,३८,६५४।- जग्गा विक्रीबाट रू.३,००,०००।-, गरी जम्मा आय रू.७४,१०,५६८।- भएको देखियो । व्ययतर्फ जग्गा खरिदमा रू.२,१४,५००।-, घर निर्माणमा रू.११,६७,०४९।-, सुन खरिदमा रू.५४,०००।-, विद्युतीय उपकरण खरिदमा रू.४२,०००।-, विभिन्न बैंकमा रहेको मौज्दात रू.४३,१०९।- गरी जम्मा व्यय रू.१५,२०,६५८।- भै व्यय भन्दा आय अधिक रहेको पाइयो । खर्चको अनुपातमा आय अधिक देखिए पनि बैंक मौज्दातमा रहे भएको नदेखिंदा अधिक आय खर्च भै गएको मान्नु पर्ने देखियो । निजको स्रोत पुष्ट्याई भएको व्यय भन्दा आय अधिक देखिएकोले निजले गैर कानूनी रुपमा सम्पत्ति आर्जन गरी अमिल्दो, उच्च एवं अस्वाभाविक जीवन यापन गरेको

भन्ने पुष्टी हुन नसकेकोले आयोगको मिति २०६८।१२।२० को निर्णयानुसार तामेलीमा राखिएको ।

६६. नापी शाखा वसुन्धरा, काठमाडौंका टोली प्रमुख तोत्रबहादुर कार्कीले अख्तियार दुरुपयोग गरी अकुत सम्पत्ति आर्जन गरेको भन्ने सम्बन्धमा आयोगमा परेको उजुरी उपर आयोगबाट अनुसन्धान हुँदा निजको आयतर्फ तलव, भत्ता गरी रू.१५,८२,२७६।-, जग्गा विक्रीबाट रू.३३,३६,०००।- गरी जम्मा आय रू.४९,१८,२७६।- भएको देखियो । व्ययतर्फ जग्गा खरिदमा रू.३२,९३,००१।- कच्ची घर निर्माणमा रू.१,०००००।-, शेयर खरिदमा रू.१,४१,०००।- सवारी साधन (मोटर साइकल) खरिदमा रू.१,४१,९००।-, सुन खरिदमा रू.४५,०००।-, बैंक मौज्दात रू.७६,५१२।- गरी जम्मा व्यय रू.३७,९७,४१३।- भै व्यय भन्दा आयनै अधिक रहेको पाइयो । खर्चको अनुपातमा आय अधिक देखिए पनि बैंक मौज्दातमा रहे भएको नदेखिंदा अधिक आय खर्च भै गएको मान्नु पर्ने देखियो । निजको श्रोत पुष्ट्याइ भएको व्यय भन्दा आय नै अधिक देखिएकोले निजले गैर कानूनी रुपमा सम्पत्ति आर्जन गरी अमिल्दो, उच्च एवं अस्वाभाविक जीवन यापन गरेको भन्ने अवस्था नदेखिकोले आयोगको मिति २०६८।१२।२० को निर्णयानुसार तामेलीमा राखिएको ।

६७. नेपाल राष्ट्रिय निम्न माध्यमिक बिद्यालय, बलिरामपुर, बाराका प्रधानाध्यापक कपिलदेव प्रसाद कुशवाहा तथा तत्कालिन अध्यक्ष आत्माराम कुर्मी दुवैको मिलेमतोमा बिद्यालयमा School Improvement Plan / Education for All कार्यक्रमको लागि निकासा भएको रकम भ्रष्टाचार गरेको र नक्कली अध्यापन अनुमति पत्र भएकालाई राहत कोटाका शिक्षकमा भर्ना गरेकोले कारवाही गरी पाउँ भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा आ.व. २०६५।०६६ र आ.व. २०६६।०६७ मा निकाशा भएको SIP, EPA / PCF रकमका सम्बन्धमा रकम पठाईएको बिबरण, व्यवस्थापन समितिको निणर्य, छात्रबृत्ति बुझेको भरपाई, पाठ्यपुस्तक खरिद गरेको बील र बैंक स्टेटमेन्ट समेत माग गरी प्राप्त भएका बिबरण अध्ययन गर्दा आ.व. २०६५।०६६ मा रू.१,५९,३३९/- र आ.व. २०६६।०६७ मा रू.१,७५,६१०/- निकासा भएकोमा आ.व. २०६५।०६६ मा रू.१,२६,९९६/- र आ.व. २०६६।०६७ मा रू.१,४७,९२७/- खर्च भई दुबै आ.व.को जम्मा निकासा भएको रकम रू.३,३५,००९।- मा दुबै आ.व.मा बील भरपाई बमोजिम खर्च भएको जम्मा रू.२,७४,२७१/- घटाउँदा रू.६०,७३८/- बाँकी देखिन आएको र खर्च नियमित प्रकृया अनुसार नै भएको देखियो ।

उक्त बिद्यालयमा अध्यापन गरी रहेको बिभिन्न कोटाका ११ जना शिक्षकहरूको अध्यापन अनुमति पत्र प्रमाणिकरण गर्न पठाउँदा जटाशंकर मिश्र, मनोजप्रसाद यादव, मोहिचन प्रसाद साह, नरेश प्रसाद कुशवाहा, मकवुल आलम, जयप्रकाश महतो र पुनम कुमारी थापाको शिक्षक सेवा आयोगबाटै प्रमाणिकरण भई आएको, शिक्षकहरू कपिलदेव प्रसाद कुशवाहा, इसलाम अन्सारी र रामप्रवेश सिंह प्राथमिक तहका स्वीकृत दरवन्दीका स्थायी शिक्षक भएको र निजहरूको अध्यापन अनुमति पत्र जि.शि.का. बाराबाट प्रमाणिकरण भएको

देखियो । स्थायी शिक्षक बिहारीलाल प्रसाद जैसवालको कक्षा अवलोकन गरेर अध्यायन अनुमति पत्र दिने क्रमका रहेको भनी लेखी आएको अवस्था देखिन आएकोले उजुरी बमोजिम नक्कली अध्यानपन अनुमति पत्र पेश गरी काम गरेको भन्ने देखिन नआएकोले आयोगको मिति २०६८।१२।२० को निर्णयानुसार तामेलीमा राखिएको ।

६८. सडक विभाग अन्तर्गत हेभी इक्वीप्मेन्ट डिभिजन वानेश्वरमा कार्यरत सिनियर स्टोर मेकानिक्स भाईराम श्रेष्ठले जिल्ला प्रशासन कार्यालय काठमाण्डौबाट वास्तविक जन्ममिति सच्याई प्रतिलिपी नागरिकता लिएर सोही अनुसार निजामती किताबखानामा समेत मिलाई नोकरीमा कायम रहीरहेको भन्ने मिति २०६८।४।३ मा परेको उजुरीका सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा भाईराम श्रेष्ठले जिल्ला प्रशासन कार्यालय काठमाण्डौबाट मिति २०२९।३।६ मा १६ वर्ष उमेर कायम गरी लिएको नागरिकता झुत्रो भै २०५६।३।३२ मा प्रतिलिपी नागरिकता लिँदा आफ्नो वास्तविक उमेर २०२९ सालमा १६ वर्ष नै उल्लेख गरी फारम भरेकोमा कर्मचारीको गल्तीको कारण प्रतिलिपी नागरिकतामा उमेर २० वर्ष उल्लेख गरेको भन्ने कुरा जिल्ला प्रशासन कार्यालय काठमाण्डौबाट उल्लेख भै आएको र निजामती किताबखानाबाट समेत २०२९ सालमा १६ वर्ष भएको आधारमा निजको जन्म मिति २०१३।४।१३ कायम भैरहेको व्यहोरा उल्लेख भै आएको देखिँदा यसमा थप केही गरीरहनु नपरेकोले आयोगको मिति २०६८।१२।२२ को निर्णयानुसार तामेलीमा राखिएको ।

६९. जिल्ला प्रशासन कार्यालय वर्दियाले वर्दिया भन्सार कार्यालयका खरिदार वसन्तकुमार के.सी. लाई वढुवा हुन आवश्यक सेवा अवधी नै नपुगी वढुवा गरेको भन्ने मिति २०६८।२।३१ मा परेको उजुरीका सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा २ मा उल्लेखित समुहका राजपत्र अनंकित कर्मचारीको हकमा वढुवा हुन २ वर्ष सेवा अवधि पुगे हुने भनी व्यवस्था गरेको पाईयो । वढुवा हुने वसन्तकुमार के.सी. मधेशी रहेको कुरा जिल्ला प्रशासन कार्यालय सिराहाको पत्रबाट देखियो । उल्लेखित कानुनी व्यवस्थाको अधिनमा रही निज वसन्तकुमार के.सी.को वढुवा भएको देखिँदा यसमा थप केही गरिरहनु नपरेकोले आयोगको मिति २०६८।१२।२२ को निर्णयानुसार तामेलीमा राखिएको ।

७०. मैले प्रोत्साहन पुरस्कार वापत पाउनु पर्ने रकम आन्तरिक राजश्व कार्यालय जनकपुरका लेखापाल वीरेन्द्र मण्डलले नदिएको भनी तत्कालीन सो कार्यालयमा कार्यरत दिनेश साहले मिति २०६८।८।१९ मा दिएको उजुरी उपर अनुसन्धान हुँदा आन्तरिक राजश्व कार्यालय जनकपुर तत्कालिन ना.सु. दिनेश साहले आफुले सो कार्यालयमा काम गरे वापतको प्रोत्साहन भत्ता लमसममा रू.५५% दिने भनिएको अवस्थामा दिनेश साहले रू.२९,५९०।- पाउने अवस्था थियो तर आन्तरिक राजश्व विभागले तोकि पठाएको प्रतिशतमा हिसाव गर्दा रू.४,४४५।- मात्र पाउने देखिएको र सो रकम मिति २०६८।१०।८ मा निजले बुझिसकेको भन्ने आन्तरिक राजश्व कार्यालयबाट प्राप्त भरपाई, दिनेश साहको बयान र लेखापाल वीरेन्द्र मण्डलको बयानबाट देखिन आयो । सम्वन्धित कार्यालयबाट कागजात, भरपाई,

प्रोत्साहन पुरस्कार पाउने कर्मचारीले आयोगमा गरेको बयान र प्रोत्साहन पुरस्कार भुक्तानी दिने लेखापालले भुक्तानी दिएँ भनेको समेतको आधारमा भ्रष्टाचारजन्य कार्य भएको नदेखिएकोले आयोगको मिति २०६८।१२।२२ को निर्णयानुसार तामेलीमा राखिएको ।

७१. "राजनीतिक दलहरूले छुटाए अवैध काठ" भन्ने विषयको समाचार राष्ट्रिय दैनिक कान्तिपुरमा मिति ०६८।८।१४ मा प्रकाशित भए पश्चात् सो विषयमाथि विस्तृत अनुसन्धान हुँदा रामेछाप जिल्लामा उत्पादन भएको खयर काठ सिन्धुली जिल्लामा घाटगद्दी गर्नु अघि क्षेत्रीय वन निर्देशनालयको सहमती नलिएको र रुख कटान गर्दा पर्याप्त मात्रामा माऊ रुखहरू नराखी कटान गरेको र नापौंमा समेत फरक परेको भन्ने विषयमा क्षेत्रीय वन निर्देशनालयबाट छानविन टोली गठन गरी काठहरूको पुनः नापजाँच गरी जिल्ला वन कार्यालय, रामेछापका जिल्ला वन अधिकृत सहितका कर्मचारीहरू उपर निजामती सेवा नियमावली अनुसार तलव वृद्धि रोक्का, नसियत र चेतावनी समेतका विभागीय कारवाही गरिसकिएको देखिएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन ।

रामेछाप जिल्लाको सिद्धठाकुर सामुदायिक वनको खयर काठको स्वीकृत वार्षिक कार्य योजनामा ५७७२.६१ क्यु.फिट काठ कटान गर्न सकिने भन्ने रहेकोमा २४०३.०० क्यु.फिटको कटान सहमती दिइएको । त्यस्तै वसन्त सामुदायिक वनको वार्षिक स्वीकृत कार्य योजनामा २८७५.३१ क्यु.फिट कटान गर्ने गरी कार्य योजनामा रहेकोमा १९८६ क्यु. फिटको कटानी सहमति दिई सोही सहमति भित्रको काठ निकासी भएको पाइएको । सो काठको अनियमितता सम्बन्धमा क्षेत्रीय वन निर्देशनालय र जिल्ला वन कार्यालय, सिन्धुलीबाट भएको छानविन टोली समेतबाट विभिन्न कार्यालयका र राजनीतिक दलका प्रतिनिधिहरूको उपस्थितिमा छानविन हुँदा र यस आयोगको निर्देशनमा वन मन्त्रालयबाट गठित छानविन टोली समेतबाट उद्योग परिसरमा गई विभिन्न कार्यालयका प्रतिनिधिहरूको उपस्थितिमा गरिएको सरजमीन मुचुल्का विवरण र सो टोलीको आयोगमा प्राप्त प्रतिवेदनबाट उद्योगमा लाग्ने राजस्व तथा अन्य दस्तुर तिरी, जिल्ला वन कार्यालय, रामेछाप, सिन्धुली तथा सामुदायिक वन उपभोक्ता समितिबाट छोडपूर्जी (इजाजत) लिई दरपीठ गरी काठ ल्याएको र सो दरपीठ मिलेकै देखिएकोले उद्योगलाई काठ प्रयोग गर्नका लागि तुरुन्त दिन मनासिव हुने व्यहोराको प्रतिवेदन समेत प्राप्त भएको । सिन्धुली जिल्लाका तत्कालीन जिल्ला वन अधिकृतले आयोगमा गरेको वयानमा राजनीतिक दलहरूलाई छानविनको क्रममा जिल्ला वन कार्यालय, सिन्धुलीले नै बोलाएको र ती दलहरूले काठ छुटाउनमा कुनै किसिमको दवाव नदिएको भन्ने समेतको आधारमा काठहरू अवैध रहेको र अनियमित तरीकाबाट निकासी भएको भन्ने आधार प्रमाण नदेखिंदा आयोगको मिति २०६८।१२।२२ को निर्णयानुसार तामेलीमा राखिएको ।

७२. मालपोत कार्यालय रोल्पाका ना.सु. हेमराज आचार्यले अनधिकृत रुपमा छुट जग्गा दर्ता गरेको भनी झापाकी राधा मैनालीले मिति २०६७/१/७ मा दिएको उजुरीका सम्बन्धमा

विस्तृत अनुसन्धान हुँदा रोल्पाका प्रमुख मालपोत अधिकृत हेमराज आचार्यले अनधिकृत रुपमा छुट जग्गा दर्ता गरेको एवं पर्ती जग्गा व्यक्तिको नाममा दर्ता गरेको सम्बन्धमा तथ्ययुक्त प्रमाण नदेखिएकोले आयोगको मिति २०६८।१२।२२ को निर्णयानुसार तामेलीमा राखिएको ।

७३. त्रिभुवन उच्च मा. वि. अर्गली, पाल्पामा कागजी प्रकृया मिलाई मिलोमतोमा राहत दरबन्दीमा दुइजना शिक्षक भर्ना गरी भ्रष्टाचार गरे भन्ने मिति २०६७।८।१७ को उजुरी उपर अनुसन्धान हुँदा राहत दरवन्दीमा प्रा. वि. र नि. मा.वि. तर्फ क्रमशः भिमकला भण्डारी र पार्वती पाण्डेलाई विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार भर्ना गरी निजहरू हालसम्म काम गरिरहेको । निमित्त प्र. अ. हेमलाल भट्टराईको शैक्षिक प्रमाणपत्र यस आयोगबाट छानविन भइरहेको । आ.व. २०६६।६७ को पि.सि.एफ. अनुदान तर्फ रू.१,२६,७२०।- निकासा भएकोमा सो रकमवाट मासिक रू.१०,५००।-तलव दिने गरी ज्ञानु थापा बरहीलाई विद्यालय व्यवस्थापन समितिको निर्णयले शिक्षिका पदमा नियुक्त गरी हालसम्म काममा लगाई नपुग तलव रकम विद्यालयको निजी स्रोतवाट व्यहोरेको देखिन आएको । त्यसरी शिक्षक नियुक्त गर्ने कार्य शिक्षा विभागवाट जारी पि.सि.एफ. अनुदान कार्यान्वयन निर्देशिका, २०६६ को दफा ८.५(ज) अनुसार नै भएको पाइएकोले आयोगको मिति २०६८।१२।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

७४. काभ्रेपलान्चोक जिल्ला, पनौती नगरपालिकाको कार्यकारी अधिकृत राजेश पन्थीले सार्वजनिक जग्गामा घर टहरा बनाई बसेका ब्यक्तिहरूबाट रकम लिई बिद्युतको मिटर जडानको लागि सिफारिश दिएको, पनौती ४ चामखर खानेपानी योजना, मोटर बाटोको पक्की ड्रेन निर्माण कार्य, नगर बिकाश कोषबाट स्वीकृत ऋण सहयोगमा निर्माण भै रहेको न.पा. भवन निर्माण सम्बन्धी कार्य र कार्यालयका सामान तथा गाडीको प्रयोगमा अनियमितता एवं भ्रष्टाचार गरेकोले छानविन एवं कारवाही गरिपाँउ भन्ने ब्यहोराको मिति २०६८।२।२० मा आयोगमा प्राप्त हुन आएको उजुरीका संबन्धमा अनुसन्धान हुँदा, पनौती नगरपालिकाको कार्यकारी अधिकृतले सार्वजनिक जग्गा वा खोलाको छेउमा बनेका १७ वटा घर टहरामा बिद्युत मिटर जडानको लागि सिफारिश दिंदा अनियमितता एवं भ्रष्टाचार गरेको भन्ने बिषयका संम्बन्धमा बिद्युत बितरण बिनियमावली, २०५५ को अनुसुचि २ र २(क) अनुसार स्थानीय उपभोक्ताको आवश्यकतालाई ध्यानमा राखी नक्सा पास नभएको र जग्गा धनी प्रमाण पूर्जा समेत नभएका ब्यक्तिहरूको लागि नेपाल बिद्युत प्राधिकरणले तयार गरी तोकेको ढाँचाको निबेदन फाराममा सिफारिश गरेको देखिएको हुँदा निजको हकमा केही गरिरहनु परेन । LGCDP कार्यक्रम अन्तर्गत संचालित चामखर खानेपानी योजनामा अनियमितता एवं भ्रष्टाचार भएको भन्ने बिषयमा आयोजनाको कार्य उपभोक्ता समिति मार्फत संचालन भएको र उक्त कार्यको लेखापरीक्षण एवं सार्बजनिक सुनुवाई समेत सम्पन्न भै सकेको देखिंदा सो तर्फ थप केही गरिरहनु परेन । LGCDP कार्यक्रम अन्तर्गत संचालित चामखर मोटर बाटोको पक्की ड्रेन निर्माण कार्यमा अनियमितता एवं भ्रष्टाचार भएको भन्ने सम्बन्धमा आयोजनाको कार्य

उपभोक्ता समिति मार्फत संचालन भएको र उक्त कार्यको लेखापरीक्षण एवं सार्वजनिक सुनुवाई समेत सम्पन्न भै सकेको देखिंदा प्रस्तुत बिषयमा केही गर्नु गरीरहन परेन । नगर बिकाश कोषबाट स्वीकृत ऋण सहयोगमा निर्माण भै रहेको न.पा. भवन निर्माण संबन्धी कार्य र कार्यालयका सामान तथा गाडीको प्रयोगमा अनियमितता एवं भ्रष्टाचार गरेको भन्ने बिषयमा समेत अनियमितता एवं भ्रष्टाचार भएको भन्ने पुष्टी हुने कुनै प्रमाण फेला नपरेको देखिँदा आयोगको मिति २०६९।१।३ को निर्णयानुसार तामेलीमा राखिएको ।

७५. त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको लागि क्लिनर जनशक्ति ठेक्कामा लिंदा कम रकम कबोल गर्ने बोलपत्र दाताको बोलपत्र स्वीकृत नगरी बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी शिक्षण अस्पताललाई बढी व्ययभार पारेको भन्ने उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा १५ जना क्लिनर जनशक्ति ठेक्कामा लिँदा बार्षिक रू.८,९७,०००।- को बोलपत्र हुँदा हुँदै बार्षिक रू.१०,३३,०००।- को बोलपत्र छनौटको निर्णय गरेबाट त्रि.बि. शिक्षण अस्पताललाई रू.१,३६,०००।- बढी व्ययभार पर्न गएको देखियो । बढी व्ययभार पर्न गएको उल्लेखित रकम रू.१,३६,०००।- मिति २०६९।१।६ मा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालको हिमालयन बैकमा रहेको हि.नं. ००२०६५४४०ए मा जम्मा गरी आम्दानी बाँधिएको जानकारी उक्त अस्पतालको मिति २०६९।१।६ को पत्रबाट प्राप्त हुन आएको हुँदा प्रस्तुत बिषयका सम्वन्धमा थप केही गरी रहनु नपरेकोले आयोगको मिति २०६९।१।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

७६. रामेछाप जिल्ला ठोसे गाउँ विकास समिति वडा नं. ५ र ६ को ठोसे वजार खानेपानी योजना निर्माण कार्य गर्न जिल्ला विकास समिति रामेछापवाट प्राप्त अनुदान रकम उपभोक्ता समितिको अध्यक्ष महेशलाल प्रधानले अनियमितता गरेको भन्ने उजुरी उपर विस्तृत अनुसन्धान हुँदा जिल्ला विकास समितिवाट रू.६,६५,०००।- अनुदान र उपभोक्ता समितिवाट रू.२,४३,४६७।- व्यहोर्ने गरी जम्मा रू.९,०८,४६७।- मा खानेपानी योजना सम्पन्न भएको देखियो । जिल्ला विकास समिति रामेछापवाट प्राप्त भएको कार्य सम्पादन प्रतिवेदन र सो संग सम्वन्धित कागजातवाट उपभोक्ता समितिको अध्यक्षले अनियमितता गरेको आरोप पुष्टि हुने आधार नदेखिएकोले आयोगको मिति २०६९।१।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

७७. मर्स्याङ्गदी नदीमाथि बनेको करीव रू.१० करोडको लागत रहेको तार्कुघाट पुल निर्माण पछि १५ सेन्टी मिटर लचकिएकोले छानविन गरी पाउँ भन्ने मिति ०६७९।११ को उजूरी उपर अनुसन्धान हुँदा तार्कुघाट स्थित निर्माण सम्पन्न भै हाल चालु अवस्थामा रहेको उक्त पुलका Deflection को सम्बन्धमा North Star Engineering Consultant Pvt. Ltd. ले पेश गरेको प्रतिवेदन, तार्कुघाट मर्स्याङ्गदी नदी पुलको Deflection को सम्बन्धमा पुल निर्माण हुनु अगावै छलफल गर्नका लागि बसेको वैठकको सडक विभाग अन्तर्गतको पुल आयोजना कार्यालयको निर्णयका माइन्यूटहरू समेतबाट उक्त पुलमा उजूरीमा उल्लेख भए अनुसार

Deflection भै पुलै भत्कन सक्ने भन्ने आधारहरू नदेखिएको हुँदा आयोगको मिति २०६९।१।७ को निर्णयानुसार तामेलीमा राखिएको ।

७८. बाजुरा जिल्लामा ADB को ऋण सहयोगमा सञ्चालित DRILP कार्यक्रम अर्न्तगत बाह्रविस-कुलदेवमाडौं-आँटिचौर सडकको बाह्रविस डेल्टा सेक्सनको सडक निर्माणको लागि DRILP कार्यक्रमबाट चारवटा प्याकेजमा वोलपत्र माग गरिएको । यस वोलपत्र प्रक्रियामा स्थानीय ठेकेदारलाई अवसर दिन स्थानीय विकास अधिकारी र योजना प्रमुखले ठेकेदार चक्र बहादुर शाहबाट रकम असुली योग्य ठेकेदारलाई वोलपत्र फाराम दर्ता गर्न नदिएको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला विकास समितिको कार्यालय अर्न्तगत DRILP आयोजना कार्यालयबाट प्राप्त बोलपत्र सम्बन्धी कागजातबाट प्याकेज नं.१ को लागि इष्टिमेट रू.७७,८६,९०३।७० पैसा रहेकोमा PS/M.K Construction J/V डिल्लीबजार, काठमाडौंले पेश गरेको बोलपत्रमा रू.६३,३४,९५७।७५ पैसा इष्टिमेट भन्दा १८.६५ प्रतिशत कम कबोल गरेकोले बोलपत्र स्वीकृत भएको । प्याकेज नं.४ को लागि इष्टिमेट रू.८०,८७,९०९।०१ पैसा रहेकोमा अमर/एम.के./तुल्छी दुर्गा जे.भी. धनगढी, कैलालीले पेश गरेको बोलपत्रमा रू.७३७२५९३।३५ पैसा इष्टिमेट भन्दा ८.६४ प्रतिशत कम कवोल गरेकोले बोलपत्र स्वीकृत भएको । ADB Nepal Resident Mission को मिति 29 November 2010 को पत्रबाट कम्पनीसँग उल्लेखित रकममा ठेक्का सम्झौता गर्न सहमति (No Objection Letter) दिएको देखियो । जिल्ला प्रशासन कार्यालय, बाजुराको मिति २०६८/१०/२३ को पत्रबाट बोलपत्र दर्ता गर्ने समयमा सुरक्षा व्यवस्था भएको, कसैलाई पनि बोलपत्र खसाल्ने अवसरबाट वञ्चित नगरिएको र बोलपत्र दर्ता गर्दा अनियमितता नभएको जानकारी प्राप्त भएको पाइयो । प्याकेज नं. २ को लागि पुनः बोलपत्र आव्हान गर्दा समेत सारभूत रुपमा प्रभावग्राही बोलपत्र पर्न नआएकाले बोलपत्र स्वीकृत नभएको । प्याकेज नं. ३ को लागि पुनः बोलपत्र आव्हान गरी पर्न आएका बोलपत्रबाट राजेन्द्र निर्माण सेवा, डडेल्धुराको बोलपत्र स्वीकृत भई ठेक्का सम्झौता गरी मोविलाईजेशन पेश्की वापत रू.१४,८०,०००।- भुक्तानी भएकोमा ठेकेदारले समयमा काम शुरु नगरेकाले आयोजना कार्यालय, बाजुराको खातामा फिर्ता आएको बाणिज्य बैंक शाखा कार्यालय, बाजुराको मिति २०६८।१०।२२ को पत्रबाट जानकारी प्राप्त भएकोले प्याकेज नं.२ र ३ का लागि विनियोजन भएको रकम खर्च नभएको पाइयो । DRILP आयोजना कार्यालय, बाजुराको मिति २०६८/१२/२४ को पत्रानुसार मिति २०६८/६/ ३० मा प्याकेज नं. १ र ४ को काम सम्पन्न भई अन्तिम किस्ता भुक्तानी समेत भईसकेको र निवेदकले दावी गरेजस्तो स्थानीय ठेकेदारको बोलपत्र स्वीकृत नभई जिल्ला बाहिरका निर्माण कम्पनीको बोलपत्र स्वीकृत भएको देखिँदा उजुरीको आरोप पुष्टि हुने आधार नभेटिएकोले आयोगको मिति २०६९।१।२१ को निर्णयानुसार तामेलीमा राखिएको ।

७९. “काठमाडौ जिल्ला साविक किर्तिपुर बाहिरी गाँउ वडा नं. १ कि.नं. २५ र ३१ को जग्गाहरूको कीर्ते कागज तयार गरी लिखत पास गरेको ” भन्ने उजूरीको सम्बन्धमा

विस्तृत अनुसन्धान हुँदा अनुसन्धानको सिलसिलामा प्राप्त हुन आएका कागजातहरू, आयोग समक्ष सम्बन्धित व्यक्तिहरूले गरेको वयान, केन्द्रीय प्रहरी बिधिबिज्ञान प्रयोगशाला महाराजगन्जबाट प्राप्त हुन आएको बिषेशज्ञको राय समेत अध्ययन गर्दा सर्वोच्च अदालतबाट मिति २०६४।४।१९ मा प्रस्तुत मुद्दामा बादी दावी बमोजिम लिखत बदर हुनसक्ने अवस्था (हदम्याद समेतको कारणबाट) हुनसक्ने देखिएन । प्रस्तुत मुद्दामा समेत बादी दावी खारेज हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६२।४।२४ को फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ भनी फैसला भएको देखियो । त्यसैगरी केन्द्रीय प्रहरी बिधिविज्ञान प्रयोगशाला काठमाडौंबाट No definite opinion could be expressed भनी खुलाई पठाएको देखियो । केशव बहादुर प्रधानले गरेको रेखात्मक सही कीर्ते हो भन्ने प्रमाणित गर्नको लागि निजको प्रमाणित रेखात्मक सही भएका अन्य कागजातहरू जग्गाधनी प्रमाणपुर्जा, नागरिकताको प्रमाणपत्र वा अन्य कुनै भएमा पेश गर्न भनी आयोगबाट उजुरवालालाई जानकारी गराउंदा समेत निजबाट कुनै पनि कागजातहरू पेश हुन नआएकाले पछि कहीं कतैबाट थप प्रमाण खुल्न आएमा कानून बमोजिम हुने नै हुँदा आयोगको मिति २०६९।१।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

८०. गैर कानुनी रुपमा कट्टा गरेको मोहीहक निस्सा दिलाई पाउँ भन्ने विषयको जेठा टुडु सतार, झापा समेतको मिति २०६४।१।४ मा परेको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा झापा जिल्ला शनिश्चरे गाउँ विकास समिति वडा नं. ६, ७ अन्तरगतका कि.नं. २४, २५, २६, २७, ३१, ३५, ३८, १५५ समेतका जग्गाको जग्गा धनी गिरीवन्धु टि स्टेट प्रा.लि. र मोही रस्का टुडु सतार समेत विभिन्न व्यक्तिहरू भएको साविक श्रेस्ताबाट देखियो । टि स्टेट प्रा.लि. को जग्गाको श्रेस्तामा भएको मोही हटाई पाउँ भन्ने प्रा.लि. को निवेदन तथा सम्बन्धित गाउँ विकास समिति को सिफारीस समेतको आधारमा भूमि सुधार कार्यालय झापाबाट टि स्टेट प्रा.लि. को जग्गाको श्रेस्तामा भएको मोहीको लगत कट्टा गर्ने गरी मिति २०५४।२।५ र मिति २०५६।६।१४ मा निर्णय भएको पाइयो । उक्त निर्णय गैर कानुनी भएकोले वदर गरी मोही हक निस्सा दिलाई पाउँ भन्ने उजुरी निवेदन भएको । सो सम्बन्धमा निर्णय गर्ने अधिकार भूमि सम्बन्धी ऐन, २०२१ अनुसार भूमि सुधार अधिकारीलाई भएको देखियो । २०५४ तथा २०५६ सालमा भएको निर्णय उपर चित्त नवुझाई २०६४ सालमा यस आयोगमा उजुरी गरेको देखियो । उजुरी लामो अन्तराल पछि आएको र भूमि सुधार अधिकारीबाट भएको निर्णयका सम्बन्धमा अदालतमा पुनरावेदन लाग्ने कानुनी व्यवस्था भएको हुँदा यस विषयमा आयोगबाट थप वोलि रहनु पर्ने नदेखिएकोले आयोगको मिति २०६९।१।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

८१. हेटौडा सिमेण्ट उद्योगका तत्कालिन नायव महाप्रवन्धक शिवरत्न अटलले सार्वजनिक पदमा प्रवेश गरी श्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा सार्वजनिक पदमा प्रवेश गरी आर्जन गरेको सम्पत्ति तर्फ हेर्दा मकवानपुर, हेटौडा-४ को कि.नं. २१८८ क्षे.फ. ०-०-९ र कि.नं. ३७३८ को क्षे.फ. ०-१-० जग्गालाई जम्मा रू.२४,०००।- मा लिएको र कि.नं. ३७३८

को ०-१-० जग्गा मा ०५८।५९ मा १ तले घर रू.४,५०,०००।- मा निर्माण गरेको देखियो। यसैगरी सवारी साधनमा खरिद रू.७६,५९०।- विभिन्न मितिमा शेयर खरिदमा रू.६,६१,०००।-, कर्जा चुक्ता रू.१,५०,०००।-, विद्युतीय सामान खरिदमा रू.५३,०००।- देखिन्छ। यसैगरी निज र निजका परिवारका नाममा रहेका वैंक तथा वित्तीय संस्थामा रू.८२,११,०९४।-, वैंक मौज्दात र रू.१०,०००।- नगद मौज्दात रही जम्मा खर्च रू.१,३६,८५,६८४।- देखिएको छ।

यी सम्पत्ति आर्जनका श्रोत तर्फ हेर्दा निजको हालसम्मको तलव रू.४१,६१,०९७।-, विदेश भ्रमणवाट प्राप्त रू.१,२८,९७५।-, घर सापटी कर्जा रू.१,५०,०००।-,जीवन वीमा रू.१०,५६,७९९।-, घर जग्गा विक्रीवाट प्राप्त रू.४९,००,०००।- र विमा सर्भे वापत प्राप्त पारिश्रमिक रू.१८,७२,९२१।- एवं उपदान र औषधि उपचार रू.२०,३१,०४२।- समेत गरी कूल आय रू.१,४२,००,८३४।- देखियो। क्यास फ्लोको प्रत्येक चरणमा ऋणात्मक अवस्था नदेखिएको र आयव्ययको समग्र अवस्थालाई हेर्दा पनि व्यय भन्दा आय न्यून रहेको देखिएन। अतः निज शिवरतन अटलले सार्वजनिक पदमा प्रवेश गरी श्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक जीवन यापन गरेको भन्ने पुष्टि हुन नसकेकोले आयोगको मिति २०६९।१।२६ को निर्णयानुसार तामेलीमा राखिएको।

८२. हेटौडा सिमेण्ट उद्योगका उप प्रवन्धक बसन्त कुमार ढुंगानाले सार्वजनिक पदमा प्रवेश गरी श्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा निज मिति २०३६।६।१४ मा हेटौडा सिमेण्ट उद्योगको वरिष्ठ सहायक पदमा प्रवेश गरी हाल उप प्रवन्धक पदमा कार्यरत रहेको। सम्पत्ती तर्फ लहान नगर पालिका वडा नं. १० मा कि.नं. ५८७ क्षे.फ. ०-०-१४ (धुर) जग्गा रू.११,०००।- लिएको, वुवावाट धनुषा गोविन्दपुर-१ कि.नं. २९ क्षे.०-१-० जग्गा बकस प्राप्त हुँदा रू.२,०००।- खर्च गरेको। यसैगरी सवारी साधनमा खरिद रू.९३,५००।-, सुन खरिदमा रू.२,४८,०००।-, विद्युतीय सामान खरिदमा रू.८८,५००।- शेयर खरिदमा रू.२०,०००।-, घर निर्माणमा रू.४,५०,०००।-, फर्म लगानीमा रू.४,००,०००।-, वैंक मौज्दात रू.३,०९,३४१।- र नगद मौज्दात रू.२५,०००।- समेत जम्मा खर्च रू.१६,४७,३४१।- भएको देखियो।

यी सम्पत्ती आर्जनमा प्रयोग भएका श्रोत तर्फ हेर्दा २०३६।६।१४ देखि हालसम्मको तलव भत्ता मात्र रू.३४,७७,८२८।- देखिएको र क्यास फ्लोको प्रत्येक चरणमा ऋणात्मक अवस्था नदेखिएको एवं आयव्ययको समग्र अवस्थालाई हेर्दा पनि व्यय भन्दा आय न्यून रहेको देखिएन। अतः निज बसन्त कुमार ढुंगानाले सार्वजनिक पदमा प्रवेश गरी श्रोत नखुलेको सम्पत्ति आर्जन गरी अस्वाभाविक जीवन यापन गरेको भन्ने उजुरी व्यहोरा पुष्टि हुन नसकेकोले आयोगको मिति २०६९।१।२६ को निर्णयानुसार तामेलीमा राखिएको।

८३. वाग्मती सिंचाई परियोजना, कर्मैया, सर्लाहीले Pre–qualification को टेण्डरमा अनियमितता तथा भ्रष्टाचार गरेको भन्ने मिति २०६६।२।२४ मा परेको उजुरी उपर अनुसन्धान हुँदा सो सम्वन्धमा आयोगबाट सिंचाइ विभागलाई छानबिन गरी प्रतिवेदन पेश गर्न लेखी पठाइएकोमा विभागले सो विभागका सु.ई.को संयोजकत्वमा छानबिन कमिटी बनाई

कमिटीले प्रस्तुत गरेको प्रतिवेदनमा Pre–qualification मूल्यांकन समितिबाट भएको, मूल्यांकन बदनियत एवं त्रुटिपूर्ण भएको भन्न सकिने अवस्था नदेखिएको र सम्बन्धित मेकानिकल इन्जिनियरले आयोग समक्ष दिएको बयान समेतलाई दृष्टिगत गर्दा सो परियोजनाले पूर्व योग्यता परीक्षणका लागि माग गरेका प्रस्तावहरू राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित गरी प्रचलित सार्वजनिक खरिद ऐन एवं नियमावलीका प्रावधान अनुसारको प्रक्रिया पुऱ्याई छनौट गरेको देखिएकोले उजुरीमा उल्लेख भए बमोजिमको अनियमितता भएको भन्ने नदेखिएको हुँदा आयोगको मिति २०६९।१।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

८४. उच्चस्तरीय जाँचबुझ आयोग, २०६३ (रायमाझी आयोग)को प्रतिवेदनमा दोषी औल्याइएका व्यक्तिहरू मध्ये काभ्रे जिल्ला बनेपा नगरपालिकाका तत्कालिन नगरप्रमुख गणेशलाल श्रेष्ठ भन्ने गणेश बहादुर श्रेष्ठले मतदाता जागरण गराई जनपरिचालन गर्न भनी लिएको रू.६०,०००।- खर्च गरेको मिलेन भन्ने सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा सो को खर्च हेर्दा राजनैतिक पार्टीद्वारा संचालित आन्दोलन नियन्त्रण र निस्तेज पार्ने उद्देश्यले उक्त रकम खर्च गरेको हो भन्ने प्राप्त प्रमाणवाट प्रमाणित भएको देखिएन । साथै विनियोजित रकम बनेपा नगरपालिकाको बोर्डको निर्णयवाट खर्च गरी सो बमोजिमको विलभरपाईहरू स्वीकृत भएको र लेखापरीक्षणवाट बेरुजू समेत औंल्याइएको देखिएन । प्रतिवेदनमा उल्लेख गरेका अन्य पदाधिकारीहरू उपर आयोगवाट अनुसन्धान हुदाँ निर्णय संख्या ३२८ मिति २०६५/१०/०५ र निर्णय संख्या ३५४ मिति २०६५/१०/१९ र निर्णय संख्या ४५३ मिति २०६५/१२/२५ मा निर्णय भैसकेकोले यसमा पनि उच्चस्तरीय जाँचवुझ आयोगको प्रतिवेदनमा उल्लेख भए बमोजिम खर्च भएको रकम असूल उपर गर्नुपर्ने अवस्था नदेखिएकोले आयोगको मिति २०६९।१।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

८५. ऋण असुली न्यायाधिकरणवाट घर जग्गा लिलाम गर्ने भनी भएको फैसला कार्यान्वयनको क्रममा लिलाम गर्दा न्यून मूल्यांकन गरी भ्रष्टाचार गरे भन्ने मिति २०६७/०५/०६ को उजुरी उपर अनुसन्धान हुँदा राष्ट्रिय वाणिज्य बैंकको ऋण असुल गर्न मोरङ्ग, विराटनगर वडा नं. १४ को कि.नं. ३० क्षेत्रफल ०-०-८-२ को जग्गा र सो जग्गामा बनेको घर (होटल निलकण्ठ) लिलाम गरी ऋण असुल उपर गर्नु भनी मिती २०६६/६/२० मा ऋण असुली न्यायाधिकरणवाट फैसला भएको देखियो । ऋण असुली न्यायाधिकरणको फैसला अन्तिम भै बसेको अवस्थामा सो फैसला कार्यान्वयन गरी बैंकको ऋण असुल गर्ने प्रयोजनका लागि उक्त घर जग्गाको मूल्याँकन गर्ने मूल्याँकन कमिटीले मिति २०६६/११/११ मा घर जग्गाको न्यूनतम दर कायम गर्ने प्रयोजनको लागि मूल्यांकन गरेको र सो बमोजिम लिलाम गर्न सार्वजनिक सूचना प्रकाशन भै सो सूचना बमोजिम लिलाम सकार भएको देखिन्छ । उजुरीकर्ता सत्यनारायण दायमाले सर्वोच्च अदालतमा यसै विषयमा २०६७ सालको WO-००३१ मा उत्प्रेषणको निवेदन दायर गरेको देखिएकोले आयोगवाट

केही गरी रहन नपर्ने भएकोले आयोगको मिति २०६९।१।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

८६. महानगरीय प्रहरी परिसर हनुमान ढोकाका तत्कालिन प्रहरी निरीक्षक हरि बहादुर बरुवालले बसन्त देवान राई र लक्ष्मी गुरुङ्ग बीचको लेनदेन मुद्धामा केश मिलाई दिन्छु भनी घूस मागेको भन्ने मिति २०६७।३।३१ को उजुरी उपर अनुसन्धान हुँदा वैदेशिक रोजगारको काम गर्ने लक्ष्मी गुरुङ्ग र बसन्त देवान राईलाई महानगरीय प्रहरी परिसर हनुमान ढोकामा बोलाई निजहरूको एकआपसको विवादित विषयमा छलफल गराउनका लागि मिति २०६७/०३/१८ मा बसन्त देवान राईलाई सोही प्रहरी कार्यालयमा राखेको र मिति २०६७/०३/१९ मा शनिवार परेको हुँदा वैदेशिक रोजगारको विषय भएकोले मिति २०६७/०३/२० मा निजलाई वैदेशिक रोजगार विभागमा बुझाएको भन्ने प्रहरी प्रधान कार्यालयको पत्रवाट देखियो । बसन्त देवान राई हिरासतमा रहेको बखत मिति २०६७/०३/१९ मा निजको छोरा सुशिल देवानले महानगरीय प्रहरी परिसर हनुमान ढोकाका प्रहरी निरीक्षक हरि बहादुर वरुवाललाई फोन गरी तपाईलाई कति पैसा दिनु प-यो भनेको र सोही कुरालाई ABC TV ले बंग्याई घूस माग्यो भनी झुट्ठा समाचार प्रसारण गरेको हो । दुई पक्षको विवाद मिलाउन छलफल गराएको मात्र हो भन्ने समेत व्यहोराको प्रहरी प्रधान कार्यालयको मिति २०६७/६/२१ को पत्र आयोगमा प्राप्त भएको देखियो ।

प्रहरी कार्यालयमा उजुरी प्राप्त भएपछि सो विषयमा सम्बन्धित दुवै पक्षलाई राखी छलफल गराएको भन्ने कुरालाई कानून विपरितको कार्य हो भन्न सकिएन । प्रहरी निरीक्षकलाई फोनवाट पैसाको प्रस्ताव गरी सो फोन वार्तालाई अनर्थ हुने किसमले संचार माध्यमले प्रसारण गरेको हो । कर्तव्य पालनको क्रममा भएको कार्य हो भन्ने कुरा प्रहरी प्रधानकार्यालयको पत्रवाट लेखी आएको देखिएको र श्रव्य दृश्यमा पनि प्रहरी निरीक्षक हरि बहादुर बरुवालले घूस मागेको वा कति पैसा चाहियो भनी गरेको प्रस्तावलाई स्वीकार गरेको भन्ने कुरा नदेखिएको हुदाँ निज प्रहरी निरीक्षकले रिशवत लिईसकेको अथवा मागेको भन्ने कुरा पुष्टी हुने प्रमाण नदेखिएको हुदाँ यस विषयमा थप अनुसन्धान गरी रहन पर्ने नदेखिएकोले आयोगको मिति २०६९।१।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

८७. जिल्ला विकास समितिको कार्यालय, रुपन्देहीले गिट्टी ढुंगामा कर निर्धारण गर्दा तथ्यांक लुकाएर ३ करोड सरकारलाइ हानी र एलडिओ र ठेकदारलाइ करोडौंको लाभ पुऱ्याएको भन्ने लगायतका विषयहरूमा मिति २०६६।५।२६ मा जीत बहादुर हमाल समेत बुटबल नगरपालीकाका जनताहरूले दिएको उजुरी उपर अनुसन्धान हुँदा आ.व. २०६४।६५ मा क्रसरबाट उत्पादन भइ भारत निकासी हुने रोडा गिट्टीमा प्रति रू.३००।- बर्ग फुट मा रू.४००।- का दरले सिफारिस दस्तुर अमानतमा असुली गर्दा १० महिनामा नै ४ करोड १७ लाख राजश्व उठाउन सफल भएको । आ.व. २०६५।६६ मा सोही शीर्षकमा प्रति रू.३००।- घन फुट को लागि रू.१०००।- का दरले उठाउन दररेट बृद्धि गरी न्युनतम् अंक सोही

तथ्यांकमा निर्धारण गर्दा करीव रू.१२ करोड निर्धारण गरी ठेक्का लगाउनुपर्नेमा ठेकदार र एलडिओ मिली तथ्यांक लुकाएर नयाँ एक शिर्षक समेत थप गरी रू.९ करोडमा ठेक्का दिइ संस्थालाई रू.३ करोड हानी र एलडिओ र ठेकदारलाइ करोडौंको लाभ पुऱ्याएको भन्ने सम्वन्धमा छानविन गर्दा टेण्डरको सुचना नं. १ र ३ मा रहेको शव्दहरू भन्दा टेण्डर फाराममा रहेका शव्दहरू फरक रहेको र टेण्डर फाराममा रहेका शव्दहरू भन्दा पट्टापत्र र कवुलियतका शव्दहरू फरक रहेको कार्यबाट सरकारी हानी नोक्सानी भएको नदेखिएको हुँदा आयोगको मिति २०६९।१।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

८८. ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति महाराजगन्जका उपकार्यकारी निर्देशक मनोज कुमार लालले श्रोत नखुलेको करोडौंको सम्पत्ति आर्जन गरेकोले छानविन गरिपाउँ भन्ने व्यहोराको सचेत नागरिकको नामबाट मिति २०६७।४।७ को उजुरी उपर अनुसन्धान हुँदा निज मनोजलालले २०४९ सालदेखि इन्जिनियर परामर्शदाताको रुपमा काम शुरु गरेको, पढाइ र जागिरको क्रममा चारपटक विदेश भ्रमण गरेको, २०५९ देखि ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति काठमाडौंमा काम गरेको देखियो । निजकी श्रीमती सीमाले २०५३ सालदेखि ग्यालेक्सी बोर्डिङ स्कूलको शिक्षिकाको रुपमा काम शुरु गरेको । रातो बंगला, सेन्ट मेरिज, रुविज इन्टरनेशनल आदि स्कूलमा काम गरेको । हाल श्रीमती सीमाको नाममा बालुवाटारमा ०-५-२-० जग्गा किन्न र सोमा बनेको साढेतीन तलाको घर बनाउन लागेको खर्च निजहरूको आयश्रोतबाट पुगेकै देखियो । तसर्थ तलव भत्ता बापत रू.७८,५४,९९३।-, विदेश भ्रमण आयमा रू.४०,१६२।-, घर भाडामा रू.३,४०,०००।- , घर जग्गा विक्रीबाट रू.४६,२३,९००।-, रेमिटेन्सबाट रू.४,४०,०००।- गरी जम्मा आय रू.१,३२,९९,०५५।- र जग्गा खरिदमा रू.७८,८८,०००।-, घर निर्माणमा रू.३१,००,०००।- गरी जम्मा व्यय रू.१,०९,८८,०००।- रहेको अवस्था हुँदा निजको सम्पत्ति र निजको आय र व्ययको समग्र अवस्थाको विश्लेषण गर्दा निजले श्रोत नखुलेको सम्पत्ति कमाएको भन्न सकिने स्थिति नदेखिएकोले आयोगको मिति २०६९।१।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

८९. द टिम्बर कर्पोरेशन अफ नेपालका का.मु. महाप्रबन्धक रामचन्द्र भट्टले निज सार्वजनिक पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा मिति २०६७।८।६ मा पर्न आएको उजूरी उपर अनुसन्धान हुँदा निज रामचन्द्र भट्टले मिति २०४६।१।३० मा वन पैदावार विकास समितिको शाखा अधिकृत पदमा सेवा प्रवेश गरी हाल टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेडको का.मु.महाप्रबन्धक पदमा कार्यरत रहेको देखियो । निजको आय तर्फ हेर्दा सेवा प्रवेश अघि निजको बैंकमा रहेको मौज्दात रकम, नोकरी वापतको तलव भत्ता, जग्गा विक्री वापत प्राप्त रकम, शेयर विक्रीबाट प्राप्त रकम, बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण, रेमिटान्स समेतबाट आय आर्जन भएको भन्ने समेतको व्यहोरा निजको वयान तथा निजले पेश गरेका कागजातहरूबाट देखिन आयो । निजले सार्वजनिक पदमा प्रवेश गरेपछि आ.व. ०६७।०६८ सम्मको अवधिमा तलव भत्ता वापत प्राप्त रू.१३,७०,९५३।५१, जग्गा विक्रीबाट प्राप्त रू.२१,३२,०००।-, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ऋण रू.२७,७४,५००।-, शेयर विक्रीवाट प्राप्त रू.२,५८,०००।-,

रेमिटान्सबाट प्राप्त रू.२,६६,७६०।-, सेवा प्रवेश अघिको बैंक मौज्दात रू.२,००,३६०।२१ गरी कूल जम्मा रू.७०,०२,५७३।७२ आय आर्जन गरेको देखियो। व्ययको हकमा जग्गा खरिद तर्फ रू.८,०८,०५०।-, घर निर्माण तर्फ रू.१७,२३,९३६।-, शेयर खरिद तर्फ रू.३,५९,५००।- तथा ऋण सापटी भुक्तानी तर्फ रू.१४,६०,१८०।०१, मोटरसाइकल खरिद तर्फ रू.१,१५,०००।-, छोरीको विवाह खर्च तर्फ रू.३,००,०००।- र बैंक मौजदात रू.५,४४,००९।९३ समेत गरी जम्मा व्यय रू.५३,१०,६७५।९४ भई रू.१६,९१,८९७।७८ वचत रहेको देखियो। तर सो रकम हाल निजसंग मौज्दात रहेको नदेखिंई रू.५,४४,००९।९३ मात्र मौज्दात रहेको देखिंदा सो बाहेकको अन्य रकमबाट निजले आफ्नो छोराछोरीको शिक्षा दिक्षा लगायतका अन्य घरायसी खर्च समेत चलाएको मान्नु पर्ने अवस्था देखिन आयो। अतः निज रामचन्द्र भट्टले सार्वजनिक पदमा प्रवेश गरेपछि प्रस्तुत अनुसन्धानको अवधिसम्ममा आर्जन गरेको कूल आय रू.७०,०२,५७३।७२ मध्ये रू.५३,१०,६७५।९४ व्यय भई केही रकम वचत समेत भएको देखिन आएकोले निजको आम्दानीको अनुपातमा भएको खर्चको विवरण हेर्दा सम्पतिको स्रोत पुष्टि हुन नसकेको भन्न सकिने अवस्था देखिन आएन। अतः पछि कहीं कतैबाट निज रामचन्द्र भट्टसँग त्यस्तो कुनै स्रोत नखुलेको सम्पत्ति छ भन्ने खुल्न/देखिन आएमा सोही वखत कानून बमोजिम हुने नै हुँदा आयोगको मिति २०६९।१।३१ को निर्णयानुसार तामेलीमा राखिएको।

९०. शहरी विकास तथा भवन निर्माण विभागका उपमहानिर्देशक शिवहरि शर्माले सार्वजनिक पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा मिति २०६८।३।१९ पर्न आएको उजूरी उपर अनुसन्धान हुँदा निज शिवहरि शर्मा ले मिति २०४३।७२ मा खानेपानी तथा ढल निकास विभागमा अ.ई., रा.प.तृ.(प्रा.) पदमा सेवा प्रवेश गरी हाल शहरी विकास तथा भवन निर्माण विभाग बबरमहलमा रा.प.प्रथम (प्रा.) श्रेणीको उपमहानिर्देशक पदमा कार्यरत रहेको देखियो। निज र निजकी श्रीमती सुमना अर्यालको तलव भत्ता, वैदेशिक भ्रमणबाट प्राप्त रकम, जग्गा विक्री वापत प्राप्त रकम, बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण, कर्मचारी संचय कोषबाट प्राप्त ऋण समेतका स्रोतहरूबाट आय आर्जन गरेको देखियो। निजले नोकरी प्रवेश गरेको मिति देखि आ.व. ०६७।०६८ सम्मको अवधिमा निज र निजकी श्रीमतीको तलव भत्ता रू.३५,९६,७२२।-, निज र निजकी श्रीमती समेतको वैदेशिक भ्रमणबाट प्राप्त आयको वचत रू.७,९४,८३०।-, जग्गा विक्रीबाट प्राप्त रू.८,९०,०००।-, राय परामर्श वापत प्राप्त रू.५,७६,०००।-, घरभाडा वापत प्राप्त रू.७,८०,०००।- तथा कर्मचारी संचय कोष एवं बैंक तथा वित्तीय संस्था समेतबाट प्राप्त ऋण रकम रू.७५,१७,९००।-, गरी कूल जम्मा रू.१,४१,५५,४५२।०० आय आर्जन गरेको देखिन्छ भने व्ययको हकमा घर जग्गा खरिद तर्फ रू.९३,२१,०००।-, बैंक तथा वित्तीय संस्थाको ऋण भुक्तानी तर्फ रू.५,१५,१३८।-, शेयर खरिद तर्फ रू.२९,०००।-, मोटरसाइकल खरिद तर्फ रू.१,३०,०००।- र घर वहाल कर तर्फ रू.१,७७,००५।-, परामर्श शुल्क कर वापत रू.१,१२,८६०।- तथा बैंक/नगद मौजदात तर्फ रू.२,५२,१९३।- गरी जम्मा व्यय रू.१,०५,३७,१९६।- भई रू.३६,१८,२५६।०५ वचत रहन सक्ने अवस्था देखिन आयो तर सो वचत रकम हाल निजसँग मौज्दात रहेको नदेखिंई रू.२,५२,१९३।- मात्र मौज्दात रहेको देखिंदा

सो बाहेकको अन्य रकमबाट निजले आफ्नो छोराछोरीको शिक्षा दिक्षा लगायतका अन्य घरायसी खर्च समेत चलाएको मान्नु पर्ने अवस्था देखिन्छ। अत: निज शिवहरि शर्माले सार्वजनिक पदमा प्रवेश गरेपछि प्रस्तुत अनुसन्धानको अवधिसम्ममा आर्जन गरेको कूल आय रू.१,४१,५५,४५२।०५ मध्ये रू.१,०५,३७,१९६।- व्यय भई केही रकम वचत समेत भएको देखिन आएकोले निजको आम्दानीको अनुपातमा भएको खर्चको विवरण हेर्दा सो अवधिमा आर्जित सम्पत्तिको स्रोत पुष्टि हुन नसकेको भन्न सकिने अवस्था देखिन आएन। अत: पछि कहीँ कतैबाट निज शिवहरि शर्मासँग त्यस्तो कुनै स्रोत नखुलेको सम्पत्ति छ भन्ने खुल्न/देखिन आएमा सोही वखत कानून बमोजिम हुने नै हुँदा आयोगको मिति २०६९।१।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

९१. "नेपाल रेडक्रस सोसाइटी रामेछापका सभापति राम बहादुर कार्कीले भवन निर्माण लगायतका बिभिन्न कार्यमा अनियमितता गरेको" भन्ने मिति २०६६।५।१७ को उजूरी उपर विस्तृत अनुसन्धान हुँदा अनुसन्धानको सिलसिलामा बिभिन्न कार्यालयहरूबाट प्राप्त हुन आएको बिबरण तथा नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयले गठन गरेको छानवीन समितिले पेश गरेको प्रतिवेदन तथा अन्य संकलित कागज प्रमाणहरू समेतबाट नेपाल रेडक्रस सोसाइटी शाखा कार्यालय रामेछापको निर्णय र अनुरोध बमोजिम नेपाल रेडक्रस सोसाइटीको मिति २०६० साल आषाढ २० र २१ गते वसेको केन्द्रीय समितिको बैठक नं. १८५ को निर्णय नं. १५ बाट नेपाल रेडक्रस सोसाइटी शाखा कार्यालय रामेछापको नाममा रहेको ५-४-०-० क्षे.फ.जग्गा मध्ये २-४-०-० जग्गा बिक्री गरी प्राप्त हुने रकमबाट शाखा कार्यालय संचालन र भाडा दिन सकिने सटरहरू भएको भवन निर्माण गर्न स्वीकृती प्रदान गरे बमोजिम शाखा कार्यालय उपरोक्त जग्गाहरूमा टहरा निर्माण गरी वसेका व्यक्तिहरूलाई प्रति आना रू.१,२०,०००।- का दरले जग्गा बिक्री गरेको देखियो ।

नेपाल रेडक्रस सोसाइटीको मिति २०६२ साल श्रावण १६ गते वसेको केन्द्रीय समितिका बैठक संख्या १९६ ले नेपाल रेडक्रस सोसाइटी शाखा कार्यालय रामेछापको नाममा रहेको रामेछाप जिल्ला भलुवाजोर गाउँ विकास समिति वडा नं. ४(ख) मा पर्ने साविकको कि.नं. ७३९ बाट कट्टा भई बाँकी रहेको ३ रोपनी जग्गा मध्ये १३ आना जग्गा बिक्रीको लागि शाखा कार्यालय रामेछापले गरेको मागलाई स्वीकृत गरेको देखियो। यसरी भएका निर्णय बमोजिम नेपाल रेडक्रस सोसाइटी रामेछापका तत्कालीन सभापति रामबहादुर कार्कीले १५ दिने सार्वजनिक सूचनाको आधारमा प्रति आना रू.१,२५,०००।- देखि रू.१,५०,०००।- सम्ममा बिभिन्न व्यक्तिहरूलाई जग्गा बिक्री गरेको देखियो। उक्त जग्गा बिक्री देहाय बमोजिम रहेको देखियो ।

सि. नं.	खरिदकर्ताको नाम	क्षेत्रफल	कि.नं.	रकम	मिति	र.नं.
१	फूलकुमारी तामाङ्ग	०-३-०-०	१४११	३,६०,०००।-	०६०।४।२६	१५२
२	भिम कुमारी कार्की	०-३-०-०	१४१४	३,६०,०००।-	०६०।४।२२	१५३
३	तुमा ध्वज खत्री	०-२-२-०	१४२२	३,००,०००।-	०६०।२।२६	१५४

४	शान्ता देवी अधिकारी	०-२-०-०	१४१३	२,४०,०००।-	०६०।४।२	१७२
५	बिमला उप्रेती	०-२-२-०	१४१६	३,००,०००।-	०६०।४।२	१७१
६	सन्तोष कुमार साह	०-४-०-०	१४१०	४,८०,०००।-	०६०।४।२९	१७३
७	दुर्गा नारायण श्रेष्ठ	०-२-०-०	१४२०	२,४०,०००।-	०६०।५।१७	२५२
८	सुन्तली तामाङ्ग	०-२-२-०	१४२४	३,००,७५०।-	०६०।७।११	४४०
९	सिता कुमारी श्रेष्ठ	०-२-०-०	१४३५	२,४०,०००।-	०६०।९।१७	८८९
१०	गंगा श्रेष्ठ मानन्धर	०-२-२-०	१४४४	३,००,०००।-	०६०।१०।१२	११००
११	पवित्रा माया तामाङ्ग	०-२-०-०	१४७४	२,४०,०००।-	०६१।२।१६	२२१६
१२	शम्भूदास श्रेष्ठ	०-२-२-०	१४७५	३,००,०००।-	०६१।२।१५	२२१५
१३	दुर्गा नारायण श्रेष्ठ	०-०-१-०	१४८२	५२,५००।-	०६१।३।२०	२५१०
१४	पूर्ण बहादुर थापा	०-३-०-०	१४८४	३,६०,०००।-	०६१।३।२१	२५१२
१५	इनकुमारी श्रेष्ठ	०-२-२-०	१४७६	२,४१,०००।-	०६१।६।२६	३३८
१६	गंगा श्रेष्ठ मानन्धर	०-१-१-०	१८८५	१,६२,५००।-	०६२।७।२९	२१६
१७	पूर्ण ब.थापा	०-१-०-१	१५६४	१,३२,८१३।-	०६२।५।१४	२०१
१८	इन्द्र ब.खड्का	०-३-०-०	१७०७	३,५४,०००।-	०६३।४।०७	४०
१९	कटक ब.खड्का	०-४-२-०	१६०४	५,२५,०००।-	०६२।९।६	८१७
२०	केशर कुमारी पौडेल	०-३-९-०	१५५२	४,५०,०००।-	०६२।२।१८	२०६३
जम्मा		**३-०-३-०**		**५९,३८,५६३।-**		

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयबाट निर्देशक बिजय दाहालको संयोजकत्वमा गठित छानवीन समितिले पेश गरेको प्रतिवेदनमा मिति २०५९ देखि ०६२।६३ सम्म नेपाल रेडक्रस सोसाइटी शाखा कार्यालय रामेछापको भवन निर्माण कार्य भएको, उक्त भवन निर्माण कार्यका लागि ५ सदस्यीय समिति गठन गरिएको, भवन राम बहादुर कार्की मार्फत अमानतमा निर्माण गरिएको । दर विश्लेषण गर्दा स्थानीय स्तरमा प्राप्त हुने सामाग्रीहरूको हकमा जिल्ला कै त्यस अवधी भित्रको अनुमानित औषत दररेट र श्रम शक्तिको लागि व्यवहारिक दररेट राखी सम्पूर्ण कार्यको मूल्याँकन गर्दा कुल जम्मा रू.६५,८३,७६३।४७ खर्च भएको देखिएको । उक्त भवनको गुणस्तरको हकमा संतोषजनक भएको भन्ने समेत व्यहोरा खुलाई प्रतिवेदन प्राप्त भएको देखियो ।

तसर्थ नेपाल रेडक्रस सोसाइटी रामेछाप शाखाको स्वामित्वमा रहेका माथि तालिकामा उल्लेखित जग्गाहरू बिभिन्न मितिमा बिभिन्न व्यक्तिहरूलाई बिक्री गरी कुल रू.५९,३८,५६३।- आम्दानी गरेको देखिएको र उक्त जग्गाहरू बिक्रीबाट प्राप्त रकमबाट नै उक्त भवन निर्माण भएको देखिन आएकोले सो सम्बन्धमा हाल केही गरिरहनु परेन । पछि कहीं कतैबाट थप प्रमाण खुल्न आएमा कानून बमोजिम हुने नै हुँदा आयोगको मिति २०६९।२।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

९२. भक्तपुर नगरपालिकाबाट मिति २०६७।९।३० मा भएको कर्मचारी बढुवामा अनियमितता भएको, बढुवामा सबै कर्मचारीहरूलाई समान अवसर नदिएको, मिति २०६३।१०।२५ को विज्ञापन अनुसार

दिइएको प्रतिस्पर्धात्मक खुल्ला परीक्षाको परीक्षाफल प्रकाशित गरेर मात्र बढुवा सम्वन्धी कारवाही अगाडी बढाउनु पर्ने र बढुवा समितिको अध्यक्षको पदीय हैसियत समेत उपर कारवाही हुनुपर्ने भन्ने समेत व्यहोराको आयोगमा पर्न आएको उजूरीको सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२५क को उप नियम (१) र (२) अनुसार कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा वढुवासम्बन्धी बिशेष व्यवस्थाबाट बढुवा हुनको लागि योग्यता पुगेका उमेदवारबाट दरखास्त आव्हान गरी मिति २०६७।२।१९ मा गोरखापत्र दैनिकमा सूचना प्रकाशन भएको र यसै नियमावलीको नियम २१५ अनुसार गठित वढुवा समितिको बिभिन्न मितिको निर्णयले सिफारिस गरेको आधारमा बिभिन्न पदमा ३९ जनालाई नियुक्ति गरेकोले वढुवामा समान अवसर नदिएको भन्ने भनाई पुष्टि हुन आउँदैन । साथै बढुवामा चित्त नबुझ्ने उमेदवारले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२६ बमोजिको प्रकृया पुऱ्याई स्थानीय बिकास मन्त्रालयको सचिव समक्ष पुनराबेदन गर्न सक्ने कानुनी व्यवस्थाको अनुसरण नगरी प्राप्त भएको उजुरीमा कारवाही गरिरहनु पर्ने अवस्था रहेन । वढुवा समितिको अध्यक्षको योग्यताको बिषयको सन्दर्भमा अध्यक्षको नियुक्ति मिति २०६३।९।२१ मा भएको र पदपूर्तिको सिफारिस गर्नु भन्दा अगाडिको मितिसम्म निजको योग्यताको बिषयमा कुनै प्रश्न नउठेको र बढुवाको सिफारिस भएपछि मात्र निजको योग्यताको बिषयमा उजुरी गरेको देखिएको र निजको पदावधि पनि समाप्त भैसकेकोले केही गरिरहनु नपरेकोले आयोगको मिति २०६९।२।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

९३. "काठमाडौ जिल्ला महादेवस्थान गाउँ विकास समिति वडा नं. ३ क कि.नं. २७७ को मोहीको नाममा दर्ता हुने विर्ता जग्गा केशव बहादुर पाण्डेले दुषित दर्ता गरे गराएको " भन्ने बिषयको उजूरी उपर विस्तृत अनुसन्धान हुँदा उक्त जग्गाका जग्गाधनी चन्द्र वहादुर पाण्डेले २०३० सालमा जग्गा दर्ताका लागि निवेदन दिनु भएको र कारवाहीकै क्रममा २०३४ सालमा तारिख गुजारी वसेकोले उक्त कारवाही तामेलीमा गएको तथ्य मालपोत कार्यालय डिल्लीवजारवाट प्राप्त हुन आएको मिसिलवाट देखिन आयो । त्यसैगरी ज.ध. मि.नं. १२२।०६६।६७ को मिसिल (जग्गादर्ता डायरी) हेर्दा मोही रामहरी पाठकले नै रै.प.दर्ता माग गरेको देखिएको र उक्त मिसिल निज रामहरी पाठकले शुरु निवेदन मिति २०५०।५।३१ मा नै पेश गरी मिति २०५७।१२।६ मा तामेलीमा राख्ने निर्णय भई पुनः निजले नै मिति २०५९।२।२७ मा तामेली जगाई कारवाहीमा रहेको भनी मालपोत कार्यालय, कलंकीको मिति २०६९।०१।२७ को पत्रवाट लेखी आएको । २०२२ सालमा जग्गाधनी दर्ता श्रेष्तामा के कसरी दर्ता हुन गएको हो, सो सम्वन्धमा कुनैपनि प्रमाण हालसम्म फेला नपरेकोले २०२२ सालमा भएको भनिएको दर्ता कानून बमोजिम र रितपूर्वक दर्ता भएको मान्न सकिने अवस्था रहेन । मोहीको निवेदनको आधारमा मालपोत कार्यालय कलंकीमा जग्गा दर्ता प्रक्रियामा रहेको देखिएकोले उक्त बिषयमा कानून बमोजिम नै हुने हुँदा केही गरिरहनु परेन । उक्त जग्गा केशव बहादुर पाण्डेले दुषित दर्ता गराएको हो भनी

उजुरवालाले दिएको उजुरी सम्बन्धमा स्पष्ट आधार र प्रमाण फेला नपरेकोले पछि कहीं कतैवाट प्रमाण फेला परेमा कानून बमोजिम हुने गरी आयोगको मिति २०६९।२।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

९४. जग्गा धनीलाई कारवाही गरी मोही हक दिलाई पाउँ भन्ने विषयको माइला तामाङको मिति २०६७।४।४ को उजुरी सम्बन्धमा अनुसन्धान हुँदा भूमिसुधार कार्यालय काठमाण्डौबाट सो विषयमा निर्णय हुन बाँकी नै रहेको देखिएकोले आयोगबाट केही बोली रहनु पर्ने नदेखिएकोले आयोगको मिति २०६९।२।५ को निर्णयानुसार तामेलीमा राखिएको ।

९५. प्रहरी नायब उपरीक्षक ज्ञानप्रसाद भुर्तेलले निज पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्ति सम्बन्धमा मिति २०६८/३/७ को उजूरीमा अनुसन्धान हुँदा निज ज्ञान प्रसाद भुर्तेलले बयानको क्रममा आफ्नो आयले भ्याउने सम्मको मात्र जग्गा खरिद गरेको र जग्गा बिक्री गर्दा भएको मुनाफाबाट घर निर्माण समेत गरेको भन्ने भनाई राखेको र निजको समग्र आय-व्ययको विश्लेषण गर्दा निज सशस्त्र प्रहरी सेवामा २०५६ सालमा जागीर सुरु गरेको, निजको तलबमा रू.२,४०,६८५।-, उनकी श्रीमतीले स्कूलबाट प्राप्त गरेको तलबमा रू.७,८६,०००।-, बुवाको पेन्सन रू.७,११,०८६।-, भाइ आनन्दले पठाएको रू.२,८९,०००।-, विभिन्न जग्गा बिक्री गरेबापत प्राप्त गरेको रू.६०,७५,०००।- समेत गरी जम्मा आय रू.८८,१४,५१९।- भएको र व्ययतर्फ घर निर्माणमा रू.३०,००,०००।-, जग्गा खरिदमा रू.३५,४३,३७६।- र नगद मौज्दात रू.२३,९१०।- समेत गरी रू.६५,६७,२८६।-, भई रू.२२,४७,२३३।- को बचत हुने देखिएको र निजको बुवाको पेन्सन रू.७,११,०८६।- र भाइले पठाएको रू.२,८९,०००।- समेत गरी रू.१०,००,०८६।- लाई निजको आयमा जोड्न मिलेन । निजले सार्वजनिक पदमा रहेर भ्रष्टाचार गरी अकुत सम्पत्ति कमाएको भन्ने सकिने अवस्था नदेखिंदा आयोगको मिति २०६९।२।८ को निर्णयानुसार तामेलीमा राखिएको ।

९६. जुद्ध उच्च मा.वि. रौतहटका प्र.अ.विरुद्ध गरिएको कारवाइ कार्यान्वयन नभएकोले सो उपर कारवाई होस् भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला प्रशासन कार्यालय, रौतहटबाट गठित छानविन समितिको प्रतिवेदनमा असूल उपर हुनुपर्ने भनिएको रकम रू.२,६८,६१६।५२ आयोगबाट अनुसन्धान कारवाहीका क्रममा नै सम्बन्धित व्यक्तिहरूबाट विद्यालयमा असूल उपर भैसकेको । हाल जिल्ला शिक्षा कार्यालयमा काजमा रहेका तत्कालिन प्र.अ.रुद्र नारायण झाको माध्यमिक शिक्षक द्वितीय तहको नियुक्ति शंकास्पद भन्ने दावीमा यस आयोगबाट मिति २०६६।०१।०४ मा नै नियुक्तिपत्र पेश गर्न नसकेका कारण निजले २०३० सालदेखि गरिआएको सेवालाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन भन्ने समेतको निर्णय भएको । स्नातकोत्तर उत्तिर्ण नगरेकोले उच्च मा.वि.को प्रधानाध्यापक भै कार्य गरेको भन्ने सम्बन्धमा निज हाल प्रधानाध्यापकको हैसियतले कार्यरत नरहेको । विद्यालय व्यवस्थापन समिति गठन नगरेको भन्ने सम्बन्धमा २०६८।०७।२६ गते निर्वाचन मार्फत विद्यालय व्यवस्थापन समिति गठन भैसकेको समेत देखिंदा प्रस्तुत विषयहरूमा थप

कारवाही गरिरहनुपर्ने नदेखिएकोले आयोगको मिति २०६९।२।१२ को निर्णयानुसार तामेलीमा राखिएको ।

९७. "धापासी गाउँ विकास समिति ४(ख) कि.नं. २०७ को नावालकको नामको जग्गा किर्ते गरी लिखत पारित गरेको" भनी पर्न आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा वादी चन्द्र बहादुर वस्नेत र अलैंची वस्नेतकी नातिनी र भगवती कटेलकी छोरी काठमाडौ जिल्ला धापासी गाउँ विकास समिति वडा नं. ४ वस्ने बर्ष १५ की रितु वस्ने समेत बिरुद्ध मान बहादुर बस्नेतकी नातिनी चन्द्र बहादुर वस्नेतकी छोरी का.जि.धापासी गाउँ विकास समिति वडा नं. ४ बस्ने तुलसा वस्नेतले काठमाडौं जिल्ला अदालतमा दायर गरेको मुद्दाका सम्बन्धमा उक्त अदालतमा दुवै पक्ष बीच मिलापत्र भएको भनी काठमाडौं जिल्ला अदालतको मिति २०६८।१२।२३ गतेको पत्रद्वारा खुलाई पठाउनुको साथै मिलापत्र कागजहरूको प्रतिलिपीहरू समेत उपलब्ध गराएको देखिंदा सो सम्बन्धमा थप केही गरिरहनु पर्ने नदेखिएकाले आयोगको मिति २०६९।२।१६ को निर्णयानुसार तामेलीमा राखिएको ।

९८. सशस्त्र प्रहरी वलमा कार्यरत स.प्र.ना.म.नि. शुशिल कुमार श्रेष्ठले अकुत सम्पत्ती आर्जन गरे भन्ने व्यहोराको मिति २०६६।२।३१ को उजुरीका सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा स.प्र.ना.म.नि. शुशिल कुमार श्रेष्ठले अनुसन्धानका क्रममा पेश गरेका सम्पूर्ण बिबरण कागजात अध्ययन गर्दा निज मिति २०४१।३।१७ देखि नेपाली सेनाबाट सरकारी सेवामा प्रवेश गरी मिति २०५८।११।१६ देखि सशस्त्र प्रहरी वलमा स्थानान्तरण भई हाल सम्म कार्यरत रहेको देखियो । सार्वजनिक पदमा प्रवेश गरे देखि आ.व. २०६७६८ सम्मको आय व्यय सम्बन्धमा विश्लेषण गरी हेर्दा निजको हाल सम्मको तलव भत्ता, विदेश भ्रमण एवं ऋण समेतबाट जम्मा रू.४१,०४,५०२।- आय देखियो । प्राइभेट फर्ममा लगानी, सून खरिद, नवलपरासीमा घडेरी खरिद, बिभिन्न विद्युतीय उपकरण एवं मोटर साइकल खरिद समेत गरी जम्मा रू.२६,७०,०००।- खर्च भएको देखिदा निजको आम्दानीको अनुपातमा भएको खर्चको श्रोत पुष्टी हुने नै देखिएकोले हालसम्मको अनुसन्धानबाट निजले अस्वाभाविक रुपमा सम्पत्ती कमाएको भन्ने कुरा देखिन आएन । पछि कहीं कतैबाट निजद्वारा आर्जित सम्पत्ती गैरकानुनी आयबाट भएको हो भन्ने खुल्न/देखिन आएमा सोही बखत कानुन बमोजिम अनुसन्धान हुने नै हुँदा आयोगको मिति २०६९।२।१६ को निर्णयानुसार तामेलीमा राखिएको ।

९९. जल उत्पन्न प्रकोप नियन्त्रणका तत्कालीन सु.ई. (हाल निवृत्त) गौरी प्रसाद सिंहले सार्वजनिक पदमा वहाल रहँदा श्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भनी पर्न आएको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा हाल निवृत्त गौरी शंकर प्रसाद सिंह मिति २०३४।३।१ मा सिंचाई तथा जल विद्युत विभागमा इन्जिनियर पदमा नियुक्ति भई मिति २०६६।१।२१ मा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय अन्तरगत डिभिजन प्रमुख सु.ई. पदबाट अनिवार्य अवकाश भएको देखियो । निज गौरी शंकर प्रसाद सिंहको सार्वजनिक पदमा वहाल रहँदाको

सम्पत्तिको आय व्यय विश्लेषण गर्दा निज र निजको छोरा इन्जिनियर अजित सिंह को तलव वापत रू.२२,६५,८१३।-, विदेश भ्रमण वापत रू.३,१३,५००।-, बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रू.३६,१०,९८४।-, नागरिक लगानी कोषबाट जम्मा गरेको रकम फिर्ता लिएको रू.२,९२,५५५।- र निज तथा निजको परिवारको नाममा करिव १५/१६ विगाहा कृषि योग्य जग्गा देखिएकोले कृषि आय वापत रू.८,००,०००।- समेत जम्मा रू.७२,८२,५८२।- आय देखिन्छ भने व्यय तर्फ घर निर्माण गर्दा रू.४६,७७,७४९।-, जग्गा खरिदमा रू.१३,४८,६००।-, सवारी साधन खरिद गर्दा रू.१,४४,९००।-, बैंक तथा वित्तीय संस्थाको कर्जा चुक्ता गर्दा रू.९,९६,९५४।- समेत जम्मा रू.७१,६८,२०३।-, खर्च भएको भन्ने देखिन्छ। निजले अवकाश पछि पाउने रकम मध्ये बैंक मौज्दात रू.४,६७,०००।- रहेको देखिंदा सोही रकम नै मौज्दात रहेको मान्नु पर्ने देखियो। तसर्थ निजको सम्पत्तिको आय व्यय विश्लेषण गर्दा निजको व्यय भन्दा आय अधिक देखिन गै ऋणात्मक भन्दा धनात्मक अवस्था देखिन आएको छ। अतः निजले सार्वजनिक पदमा वहाल रहँदा श्रोत नखुलेको सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवन यापन गरेको भन्ने कुरा देखिन नआएकोले पछि कहीँ कतैबाट थप प्रमाण प्राप्त भएका बखत कानून बमोजिम गर्ने गरी आयोगको मिति २०६९।२।१६ को निर्णयानुसार तामेलीमा राखिएको।

१००. सम्पर्क भू-आर्जन कार्यालय कोशी बिराटनगरको सचिव पदमा पदपूर्ति गर्दा अपनाउनुपर्ने वाध्यात्मक प्रकृयाको पालना नै नगरी गैर कानुनी र अनियमित तरिकाले सुबोध कुमार सिंहलाई नियुक्ति गरेकोले उक्त नियुक्ति रद्द गरी पाउं भन्ने समेत व्यहोराको उजूरी उपर अनुसन्धान हुँदा निज सुबोध कुमार सिंहलाई सेवा प्रवेशको लागि तोकिएको उपल्लो उमेरको हद ३५ बर्षभन्दा पनि बढी भएको अबस्थामा दर्खास्त लिई छनौटको लागि तोकिएको पद्दति र प्रकृया अबलम्बन नगरी नेपाल सरकारले नियुक्त गरेको भएतापनि निजको नियुक्तिलाई नेपाल भारत सरकारवीच भएको संझौता बमोजिम विहार सरकारबाट अनुमोदन भएपछि मात्र बिहार सरकारबाटै तलब भत्ता र अन्य सुबिधा प्राप्त हुने व्यबस्था भएकोमा हालसम्म उक्त नियुक्तिलाई अनुमोदन नगरेको र निजले तलब भत्ता पनि नबुझेको साथै निजको नियुक्ति प्रकृयामा नै त्रुटी देखिएको कारणले अनुसन्धान कारबाही चलीरहेको अबस्थामा नै नेपाल सरकारले मिति २०६९।१।३ मा उक्त नियुक्तिपत्र रद्द समेत गरीसकेको देखिएकोले आयोगको मिति २०६९।२।२५ को निर्णयानुसार तामेलीमा राखिएको।

१०१. प्राथमिक बिद्यालय सुन्दरपुर हनुमान नगरमा रिक्त राहत दरबन्दीको शिक्षक पदमा शिक्षा ऐन तथा नियमावली विपरित लिखित परीक्षामा बढी अंक ल्याउने सारदा रानी सरितालाई नियुक्त नगरी अन्य उम्मेदवारलाई नियुक्त गरेकोले गैरकानूनी नियुक्तिलाई बदर गरी पाउं भन्ने समेत व्योहोराको उजूरी उपर अनुसन्धान हुँदा शिक्षा बिभागबाट राहत दरवन्दी शिक्षकको पदपूर्ति गर्दा सामान्यतया अन्तरबार्ता वापत २५ पूर्णांक कायम गर्नुपर्छ भनिएकोमा पदपूर्ति समितिले कक्षा प्रदर्शन वापत २५ र अन्तरवार्ता वापत २५ (व्यक्तित्व ५, बिषयवस्तु १५, प्रस्तुति ५) गरी कूल ५० अंक कायम गरेको देखिन आएको र शिक्षक

सेवा आयोगबाट प्राप्त जानकारी अनुसार पनि आबश्यक परेमा प्रयोगात्मक परीक्षा लिन सकिने भन्ने उल्लेख भई आएको साथै बिज्ञापन गर्दाकै अबस्थामा छनौटको आधार कक्षा प्रदर्शन समेत हुने भनी उल्लेख भएको देखिदा कक्षा प्रदर्शन र अन्तरबार्ता वापत अलग अलग गरी ५० पूर्णांक कायम गरी छनौट गरेकोलाई अन्यथा भन्न मिल्ने नदेखिएकोले आयोगको मिति २०६९।२।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

१०२. नेपाल सरकारको ५९.९७% शेयर रहेको साझा स्वास्थ्य सेवा सहकारी संस्था लि.मा भएका अनियमितता माथि अनुसन्धान हुँदा भरतपुर क्यान्सर अस्पतालको काउण्टरका इन्चार्जवाट रकम हिनामिना गरेको विषयमा आयोगको मिति ०६८।११।३० को निर्णयानुसार विशेष अदालत काठमाण्डौमा आरोपपत्र दर्ता भई सकेकोले सो वारे केहि बोलि राख्नु परेन ।

साझा स्वास्थ्य सेवा सहकारी संस्थाको महाप्रबन्धकवाट हटाइएका व्यक्ति राजकुमार सिंहलाई संचालक समितिले अध्यक्ष मनोनयन गरिएको सम्बन्धमा राजकुमार सिंह साझा स्वास्थ्य सेवा सहकारी संस्थाको अध्यक्षमा मनोनयन हुनु पूर्व सोही संस्थाको महाप्रवन्धकवाट हटाइएको पाइएकोले संस्थाको विनियमावलीमा भएको व्यवस्था अनुसार नैतिक पतन देखिने अपराध वा वेइमानीको अभियोगमा दोषी ठहरिएमा र संस्थाको अहित हुने कुनै काम गरेको अयोग्यता सम्बन्धी आरोप लागि सो आरोपको पुष्टी भएको आधारमा महाप्रवन्धकवाट हटाइएको नपाइएको र २०६८।४।१ मा नै निज सो पदवाट हटिसकेको अवस्था हुँदा सो विषयमा समेत थप केहि गरिरहनु पर्ने देखिन आएन ।

संस्थाको वीरेन्द्र सैनिक अस्पताल, छाउनी काउण्टरका तत्कालीन इन्चार्ज पशुपति सापकोटावाट नपुग देखिएको रकम असुल नगरेको भन्ने सम्बन्धमा आरोपीत पशुपति सापकोटा इन्चार्ज रहँदाको समयमा वढी रकम जम्मा भएको देखिएकोले आरोप प्रमाणित हुन आएन ।

सहायक प्रथम श्रेणीका शशी सापकोटालाई विदा अवधिको उत्कृष्ट मूल्यांकन गरी वढुवा गर्न लागिएको सन्दर्भमा विज्ञापन वमोजिमको वढुवा प्रकृया आयोगको निर्देशानुसार स्थगित गरी आयोगकै मिति ०६९।१।३१को निर्णय अनुसार साझा स्वास्थ्य कर्मचारी तथा आर्थिक प्रशासन नियमावली, २०५४ को नियम ७(६),(८)बमोजिम गर्न लेखी पठाउने निर्णय भइसकेकोले कर्मचारीको वढुवा प्रकृयामा कर्मचारीले सम्पादन गरेको कार्यका लागि वस्तुनिष्ट आधारमा मूल्यांकनकर्ताले अंक दिन सक्ने नै हुँदा थप केही गरिरहनु पर्ने देखिन नआएकोले आयोगको मिति २०६९।२।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

१०३. जिल्ला वन कार्यालय पाँचथर अन्तर्गत आर्थिक वर्ष २०६६।०६७ को कबुलियती वन तथा पशु विकास कार्यक्रमको रकम उक्त कार्यालयका कर्मचारीहरूले कीर्ते सहीछाप गरी नक्कली बिल भर्पाइ खडा गरी हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आर्थिक वर्ष २०६६।०६७ मा जिल्ला वन कार्यालय पाँचथरबाट कबुलियती वन तथा पशु विकास कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमहरूमा खर्चको बिल भर्पाइ तथा कागजातहरू

नक्कली वा कीर्ते नै हुन् र कुनै काम भएको छैन भन्न सकिने अवस्था रहेको नदेखिएकोले आयोगको मिति २०६९।२।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

१०४. जिल्ला पर्वत, गाउँ विकास समिति मुडीकुवा स्थित माटेदेवल जनसहयोगी उ.मा.वि.को शैक्षिक विकासका लागि महायज्ञबाट उठाइएको रकम विद्यालयको खातामा जम्मा नगरी रकम हिनामिना गरेकोले छानविन गरी कारवाही गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुँदा सम्बन्धित निकायबाट प्राप्त पत्र समेतका आधारमा आय-व्यय विवरणको लेखा परीक्षण भई सार्वजनिक भईसकेको देखिएको र क्षेत्रीय प्रशासन कार्यालय, पोखराबाट समेत यस बिषयमा अनियमितता नभएको भनी प्रतिक्रिया प्राप्त भएकोले यस बिषयमा थप अनुसन्धान गरिरहनु नपरेकोले आयोगको मिति २०६९।२।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

१०५. जिल्ला प्रशासन कार्यालय म्याग्दीका तत्कालीन प्रमुख जिल्ला अधिकारी यज्ञराज बोहोराले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा प्रारम्भिक अनुसन्धान हुँदा निज यज्ञराज बोहोरा मिति २०४३।१।१४ मा जिल्ला पंचायत सचिवालय, दार्चुलाको ना.सु. पदमा सेवा प्रवेश गरी हाल जिल्ला प्रशासन कार्यालय बर्दियामा का.मु.प्र.जि.अ.को रुपमा कार्यरत रहेको देखियो। निजले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात् हाल सम्ममा तलव बाट रू.३८,१९,३७१।७७, श्रीमतीको तलव भत्ताबाट रू.५,१८,०७७।-, भाइले पठाएको रकम रू.६,६५,०००।-, जग्गा बिक्रीबाट रू.२२,१५,१६६।२५, बैदेशिक आयबाट रू.८७,१४२।- तथा क.सं.कोष सापटीबाट रू.२,२८,५००।-, समेत गरी जम्मा रू.७५,३३,२५,७०२ आय आर्जन गरेको देखियो ।

त्यसै गरी निजले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात् हाल सम्म जग्गा खरिदमा रू.११,००,०००।-, घर निर्माणमा रू.२२,००,०००।-, मोटरसाइकल खरिदमा रू.१,६५,९००।-, बैंकको ऋण चुक्ता गर्न रू.६,६५,०००।- तथा हाल सम्मको बैंक मौज्दात रकम रू.३१,७८२।४४ समेत गरी जम्मा रू.४१,६२,६८२।४४ खर्च तथा लगानी गरेको देखियो ।

तसर्थ, निज यज्ञराज बोहोराको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिंदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था देखिन नआएको हुँदा पछि कहीं कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने गरी आयोगको मिति २०६९।२।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

१०६. उद्योग बिभागका निर्देशक गोबिन्द प्रसाद खरेलले पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा अनुसन्धान हुँदा निज गोबिन्द प्रसाद खरेलले मिति २०५३।७।१७ मा श्रम मन्त्रालयको मेकानिकल इन्जिनियर पदमा सेवा प्रवेश गरी हाल उद्योग विभागको निर्देशकको रुपमा कार्यरत रहेको देखियो ।

निजले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात् तलव भत्ता बाट रू.२०,९१,८७५।-, बैदेशिक आयबाट रू.१२,६६,११५।-, क.सं. कोषबाट ऋण सापटी रू.९,८७,०००।- तथा नागरिक लगानी कोषबाट ऋण सापटी रू.१,२५,०००।- समेत गरी जम्मा रू.४४,६९,९९०।- आय आर्जन गरेको

देखियो । त्यसै गरी निजले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात् हाल सम्म घर जग्गा खरिदमा रू.१६,५०,०००।-, शेयर खरिद गर्न रू.७२,५००।- मोटर साइकल खरिदमा रू.१,९४,०००।-, ऋण चुक्ता गर्न रू.११,१२,०००।- तथा हालसम्मको बैंक मौज्दात रकम रू.३७,०००।-समेत गरी जम्मा रू.३०,६५,५००।- खर्च तथा लगानी गरेको देखियो ।

निजको समग्रमा खर्च तथा लगानीको तुलनामा आय नै बढी हुन आउने देखिंदा र निजले अमिल्दो र अस्वाभाविक जीवनयापन गरेको भन्ने अवस्था देखिन नआएको हुँदा पछि कहीं कतैबाट थप प्रमाण फेला परेमा कानून बमोजिम हुने गरी आयोगको मिति २०६९।२।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

१०७. नरदेवी आयुर्वेद अस्पतालका स्टाफ नर्स राधा पाण्डेय र शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका स्टाफ नर्स मंजु अधिकारीले अध्ययन विदा नलिई बि.एन. अध्ययन गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा, यसमा स्टाफ नर्स द्वय राधा पाण्डेय र मंजु अधिकारीले २०६६।८।२२ देखि २०६८।९।२२ सम्म त्रिभुवन विश्व विद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थान, नर्सिङ्ग क्याम्पस, महाराजगंजमा दुई बर्षे बि.एन. अध्ययन गरेको पाइयो । निजहरूले दिउँसो अध्ययन गरी अध्ययन अवधिमा अधिकांस साँझ र रातीको ड्युटि गरेको व्यहोरा हाजिरी रजिष्टरबाट देखियो । निजामती सेवा नियमावली, २०५० को नियम १२७ क (२) मा कार्यरत स्थानमा कार्यालय समय बाहेकको समयमा अध्ययन गर्न पूर्व स्वीकृती लिन नपर्ने प्रावधान समेत रहेको हुँदा यसमा केही गरी रहन नपरेकोले आयोगको मिति २०६९।२।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

१०८. जिल्ला विकास समिति मुगु अन्तर्गत सञ्चालित DRILP कार्यक्रमको आयोजना प्रमुखले निर्माण कार्य र ठेक्का दिँदा अनियमितता गरेको भन्ने विषयमा अनुसन्धान हुँदा आ.व. २०६६/०६७ मा निर्माण कार्यको लागि ठेक्का दिइँदा अपनाइएका प्रक्रियाहरू नियमानुसार र एसियाली विकास बैंकको सहमतिमा नै भएकोले यस सम्बन्धमा थप छानबिन आवश्यक नदेखिएकोले आयोगको मिति २०६९।२।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

१०९. जिल्ला शिक्षा कार्यलय बारा अन्तरगत नेपाल राष्ट्रिय उच्च मा.वि. हरैया १ रघुनाथपुरमा नि.मा.वि. राहत कोटामा शिक्षक नियुक्ति गर्दा अनियमितता गरेको भन्ने विषयमा अनुसन्धान हुँदा, शिक्षक नियुक्ति प्रकृयामा अनियमितता भएको पुष्टि नभई विगत दश वर्षदेखी सोही विद्यालयमा अध्यापन गराउंदै आएका शिक्षकलाई नै राहत कोटामा नियुक्ति दिएको हुनाले आयोगको मिति २०६९।२।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

११०. इन्द्रायणी गाउँ विकास समिति ३ (क) कि.नं. १४६ को ३-६-२ क्षेत्रफल जग्गा कर्मचारी समेतको मिलेमतोमा गलत प्रकृयाबाट रै.प. दर्ता नामसारी गर्ने काम भएकोले कारवाही गरी पाउँ भन्ने मिति २०६८।३।३० को महेन्द्र वहादुर श्रेष्ठको उजुरीमा अनुसन्धान हुँदा यसमा जग्गाको फिल्डवुक हेर्दा मोही महलमा कुमाले दमाई रहेको र कैफियत महलमा यो जग्गा महाभूत वस्ने चन्द्रकुमारी श्रेष्ठको हो, कुतमा कमाइ खाइ आएको छु भनी उल्लेख

भएबाट जग्गा व्यक्ति विशेषको देखिन आयो । मोहीको मृत्यु पश्चात् विर्ता ऐन अन्तर्गत प्रस्तुत जग्गा मोहीको हकवाला वैहिनीहरू लुरी परियार र नक्कली परियारको नाममा जग्गा रै.प. दर्ता गरेको पाइयो । दर्ता गर्दा गो.प. मा सूचना प्रकाशित भएको, सर्जमीन, गाउँ विकास समिति को सिफारिस, जग्गा दर्ता समितिको सिफारिस समेतको आधारमा भएको देखियो । आयोगमा उजुरी गर्नेले आफ्नो जग्गा हो भनी दर्ता सम्बन्धी कुनै प्रक्रिया चलाएको पाइएन । हाल रै.प. दर्ता भएपछि मात्र आफ्नो दावी प्रस्तुत गरेको पाइयो । रै.प. दर्ता वदरमा काठमाण्डौ जिल्ला अदालतमा फिराद दायर समेत गरेको स्थिति देखियो । अत: रै.प. दर्ता गरेको मिले नमिलेको उजुरकर्ताको जग्गा कायम हुने नहुने सम्बन्धी विषय अदालतको विचाराधीन विषय देखिंदा आयोगबाट यस जग्गाको सम्बन्धमा थप वोल्न पर्ने नदेखिएकोले आयोगको मिति २०६९।२।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

१११. काठमाण्डौ जिल्ला चोभार भूतखेल गाउँ विकास समिति वडा नं. ५ (क) को कि.नं. ३१, ३२, वडा नं. ९ (घ) को कि.नं. १९० र वडा नं. ६ (घ) को कित्ता नं. २६, का जग्गाहरू पुर्खौंदेखि जोतपोत गरिआएको जग्गा भुट्टो नाता प्रमाण बनाई जालसाजी गरी जग्गा धनी दर्ता प्रमाण पूर्जा वनाई अदालतको फैसला भनी गोपीलाल महर्जनले मालपोत कार्यालय समेतको मिलेमतोमा लिए खाएको हुँदा सोलाई वदर गरी पाउँ भन्ने कृष्ण भक्त महर्जनको उजुरीमा चोभार, भुतखेलको वडा नं. ५(क) को कित्ता नं. ३१ र ३२ को क्षेत्रफल ०-९-१-० जग्गा दर्ता गरी जग्गाधनी प्रमाणपुर्जा गोपीलाल महर्जनलाई दिएको सम्वन्धमा छुट जग्गा दर्ता गर्न प्राप्त भएको निवेदन, निवेदकको बावुको नाम नापी हुँदाका वखत फिल्डवुकमा प्रमाणित भएको देखिएको । कीर्तिपुर नगरपालिका वडा कार्यालयको सिफारिस पत्र, मृत्यूदर्ता तथा नाता प्रमाणित तथा सर्जमिन, मालपोत कार्यालयबाट हकदावी सम्वन्धी प्रकाशित सूचना एवं छुट जग्गा दर्ता समितिको सिफारिस र वडा नं. ९(घ) को कि.नं. १९० को जग्गाको क्षेत्रफल सम्वन्धी निर्णय र अदालतको फैसला बमोजिम माधव प्रसाद आचार्यको नाममा दा.खा. गरी नामसारी भएको देखिएकोले उल्लेखित जग्गा दर्ता गर्दा मालपोत कार्यालय कलंकीबाट अन्यथा भएको देखिन आएन । मालपोत कार्यालयको निर्णयमा चित्त नवुझेमा ०-१५-१-० क्षेत्रफल जमिनको सम्वन्धमा उजुरकर्ता वादी गोपीलाल महर्जन भएको निर्णय दर्ता वदर हक कायम र फैसला वदर मुद्दामा काठमाण्डौं जिल्ला अदालतबाट मिति २०६४।३।१८ मा वादी दाबी नपुग्ने ठहर गरी भएको फैसला र सो उपर वादीको पुनरावेदनमा पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।१२।३० मा काठमाण्डौं जिल्ला अदालतको फैसला सदर हुने ठहर भएको देखिएको आधारमा मालपोत कार्यालय कलंकीवाट छुट जग्गा दर्ता गरेको देखियो । साथै वडा नं. ६(घ) कित्ता नं. २६ को बिषयमा मिति २०३९।०६।१२ को मालपोत कार्यालयको उपर मालपोत ऐन, २०३४ को दफा ३१ बमोजिम पुनरावेदन लाग्ने व्यवस्था रहेकै हुँदा उजुरी उपर कारवाहीको लागि आयोगबाट निर्णय गर्नुपर्ने अवस्था नरहेकोले अन्य कारणले रोक्का राख्नु पर्नेमा वाहेक फुकुवा गरिदिने गरी आयोगको मिति २०६९।२।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

११२. काठमाण्डौं जिल्ला गोलढुङ्गा गाउँ विकास समिति का विभिन्न बडाहरूमा रहेका विभिन्न ८ कित्ता जग्गाहरू जग्गा धनी र नापीका बखत लेखिएका मोही र निजका परिवारले जग्गा रैकर परिणत गरी दर्ता, नामसारी गरी पाउँ भनी मालपोत कार्यालय डिल्लीबजारमा दिएको निवेदन उपर मालपोत कार्यालयका कर्मचारीहरूले मोहीको तर्फबाट आर्थिक प्रलोभनमा परी एकतर्फी सर्जमिन गरेको हुँदा उक्त कार्यालयबाट भएको गैर कानूनी कार्यहरू छानविन गरी पाउँ भनी मिति २०६७।११।२६ को विनोद बैद्यको उजुरीको सम्वन्धमा अनुसन्धान हुँदा जग्गा रै.प. दर्ता गरी नामसारी गरी पाउँ भनी चमारे पतुवारको निवेदनको सम्वन्धमा मालपोत कार्यालय डिल्लीबजारले हकदावीको विषयमा सार्वजनिक सूचना प्रकाशन गरेकोमा जग्गा धनीको हैसियतले विनोद बैद्य समेतका ४ जनाको दावी परेकोमा सो जग्गा २०२२ सालमा नापी भएता पनि २०२८ सालमा भएको बण्डापत्रमा कित्ता नं. उल्लेख हुन नसकेको । यसै विषयमा विभिन्न मोहीहरूले रै.प. दर्ता गरी जग्गाधनी प्रमाण पुर्जालिई सकेको । फिल्ड वुकमा देखिएको जग्गा धनी बुद्धिलाल श्रेष्ठको पत्नि विष्णु कुमारी श्रेष्ठले वितां जग्गा भएकोले मोहीको तर्फबाट रै.प. नामसारी गर्न चमारे पतुवारलाई मन्जुरी दिएको आधारमा उक्त जग्गा वितां ठहरिन गएको । पुनरावेदन अदालत पाटनबाट हक खाने चमारे पुतुवार हो भनी ठहर्‍याई भएको फैसला र छुट जग्गा दर्ता समितिको सिफारिसको आधारमा चमारे पतुवारको नाममा वितां उन्मुलन ऐन, २०१६ को दफा ७ क बमोजिम रै.प. नामसारी हुने गरी मिति २०६७।११।३० मा निर्णय भएको निर्णय पर्चाबाट देखिएको ।

जग्गा रै.प. दर्ता गरी नामसारी गरी पाउँ भन्ने श्याम परियारको निवेदनको सम्वन्धमा मालपोत कार्यालय डिल्लीबजारले हकदावी वारेको सार्वजनिक सूचना प्रकाशन गरेको । सुशीललाल श्रेष्ठ समेतले दावी प्रस्तुत गरेको २०२२ सालमा नापी भै सकेको भएता पनि २०२८ को बण्डापत्रमा दावीको जग्गाको कित्ता नं. खुलाउन नसकेको, गाउँ विकास समिति को सिफारिस र सर्जमिनबाट पनि दावीको जग्गा वितां जग्गा भनी उल्लेख भै आएको साथै छुट जग्गा दर्ता समितिको सिफारिस तथा रै.प. नामसारी गर्न विष्णु कुमारी श्रेष्ठको मन्जुरी र जग्गा दर्ता समितिको सिफारिसको आधारमा वितां उन्मुलन ऐन, २०१६ को दफा ७ क बमोजिम रै.प. नामसारी हुने गरी मिति २०६७।११।३० मा निर्णय भएको निर्णय पर्चाबाट देखिएको ।

मोहीको नाममा दर्ता गरी पाउ भन्ने बद्री बहादुर रेग्मीको निवेदनको सम्वन्धमा जग्गाधनी वुद्धिलाल श्रेष्ठ र मोहीमा खडगबहादुर खत्री समेतको नाउँमा मोठ कायम भएको भएता पनि हकदावीको विषयमा सार्वजनिक सूचना प्रकाशित गरेको, सो उपर दावी प्राप्त भएकोमा नक्सा, फिल्ड, स्थानीय निकायको सिफारिस, २ नं. अनुसूची र जग्गा धनी बुद्धिलाल श्रेष्ठकी पत्नी विष्णुकुमारी श्रेष्ठले सो जग्गा वितां जग्गा भएकोले मोहीको नाममा रै.प. दर्ता नामसारी गर्न मन्जुरी गरी हक छाडेको समेतको आधारमा निवेदक समेतको नाममा वितां उन्मुलन ऐन, २०१६ को दफा ७ क बमोजिम रै.प. नामसारी हुने गरी मिति २०६७।११।३० मा निर्णय भएको निर्णय पर्चाबाट देखिएको र हाल उल्लेखित निर्णयहरू

अदालतको विचाराधीन बिषय देखिँदा आयोगबाट थप बोल्नुपर्ने नदेखिएकोले आयोगको मिति २०६९।२।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

११३. डोलिडारका महानिर्देशक भूपेन्द्र बहादुर बस्नेत समेतले प्रतिष्पर्धा नगराइ काम दिएको र आफ्नो मानिसको संलग्नता भएको संस्थालाइ काम दिएको भन्ने सम्बन्धमा डोलिडारका पिडित कर्मचारीको मिति २०६८।८।२६ र मिति २०६९।१।३१ को उजुरी सम्बन्धमा अनुसन्धान हुँदा झोलुङ्गे पुलको स्टिल पार्टहरू डोलिडारबाट खरिद नभएको र आरोपित व्यक्तिले नेपा इन्जिनियरिङ वर्कसमा आफ्नो वा आफ्नो परिवारको लगानी वा शेयर नरहेको भन्ने बयान दिएको देखियो । साथै निजको श्रीमती लरिसाको नाममा इन्क्लुसिभ कन्सल्टेन्सीमा रहेको शेयर २०६६।९।८ मा अन्यलाइ बेचिदिइ हाल निज र निजको परिवारको उक्त संस्थामा संलग्नता छैन भनी कागज समेत पेश गरेको पाइयो । Approach manual on Irrigation बनाउने कामको लागि कानून बमोजिम सूचना प्रकाशित भइ ५ वटा फर्महरू Short listing मा परी प्राविधिक र आर्थिक प्रस्ताव माग गरी मूल्यांकन समितिबाट मूल्यांकन भए बमोजिम सो ५ मध्येबाट उच्चतम अंक कबोल गर्ने इन्क्लुसिभ कन्सल्टेन्सीलाइ काम दिइएको । उक्त Manual हाल विभागको प्रयोगमा आइरहेको भन्ने बयान समेत देखियो । ड्राइ सिजन कन्सल्टेन्ट छान्ने काम विश्वबैंकको Guideline अनुसार भएको, Short listed भएका कन्सल्टेन्टहरूमध्ये मल्टी जेभीको Financial proposal मा शर्त सहित प्राप्त हुन आएको, सार्वजनिक खरीद अनुगमन कार्यालयको राय अनुसार त्यसलाइ नदिइ ERMC लाई दिएको, यस विषयमा मल्टी जेभीले पुनरावेदनको लागि पुनरावलोकन समितिमा निवेदन दिइ आयोजनाको निर्णय नै कानूनसम्मत ठहरिइसकेको छ भनी कागज समेत पेश गरेको अवस्था रहेको र संलग्न कागजपत्रहरू हेर्दा मल्टी जेभीलाइ काम नदिई ERMC लाइ काम दिएको भन्ने उजुरी प्रमाणित हुने प्रमाण नभेटिएकोले आयोगको मिति २०६९।२।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

११४. साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि. अन्चल कार्यालय, नेपालगन्जका तत्कालीन अन्चल प्रवन्धक चन्द्र बहादुर कार्कीले नुन आयात र ढुवानी गर्दा व्यापक भ्रष्टाचार गरेकोले निज र निजको श्रीमतीको नाममा रहेको सम्पत्ति खोजतलास गरी कारवाइ गरिपाउँ र छोरालाइ अमेरिका पठाउन रू.१ करोड ५० लाख खर्च गरेको समेत छानविन गरिपाउँ भन्ने मिति २०६७।५।१० को उजुरीमा अनुसन्धान हुँदा आरोपित व्यक्तिको हाल कायम रहेको घर जग्गाको विवरण हेर्दा चन्द्र कार्कीको नाममा रुपन्देही परौहा ७ मा १-२-० क्षेत्रफल जग्गा, निजकी श्रीमती ज्ञानु कार्कीको नाममा रुपन्देही बुटबल १३ मा ०-०-६ क्षेत्रफल जग्गा र रुपन्देही टिकुलीनगरमा ०-१२-० क्षेत्रफल जग्गा रहेको देखियो । निजको र निजको परिवारको नाममा उद्योग/व्यवसाय/साझेदारी फर्म/प्राइभेट कम्पनी इत्यादि नदेखिएको र लगानी गरेको फर्म/कम्पनी पनि नदेखिएको । छोरा रन्जन कार्कीलाइ अमेरिकामा विद्यार्थी भिसामा पठाउन रू.५,२६,४३७- रुपियाँ खर्च भएको देखिएको । निजले २०३५ सालमा जागिर शुरु गरेको र उजुर गर्दाको बेलासम्ममा निजको तलव भत्ताबाट रू.४६,०५,६८२।-, जग्गा खरिदमा

रू.१,३१,०००।-, घर निर्माणमा रू.९,००,०००।- छोरालाइ अमेरिकामा पठाउन रू.५,२६,४३७- गरी जम्मा व्यय रू.१५,५७,४३७- भएको । अतः निजको आय र व्ययको समग्र अवस्था हेर्दा निजले सार्वजनिक पदमा रहेर भ्रष्टाचार गरी अकुत सम्पत्ति कमाएको भन्न सकिने अवस्था नहुँदा आयोगको मिति २०६९।२।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

११५. कर्मचारी संचयकोषवाट कपिलवस्तु जिल्ला जवाहरी गाउँ विकास समिति वार्ड नं.१ स्थित महालक्ष्मी सुगर मिल प्रा.लि. लाई करौडौं रुपैयामा कर्जा प्रवाह गरी उक्त लेना रकम असुल उपर नगरी कोषलाई डुवाएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा वाणिज्य बैंकको अगुवाईमा भएको सहवित्तीयकरण कार्यक्रम अर्न्तगत कर्मचारी संचयकोष, नेपाल बैंक लिमिटेड, नेपाल औद्योगिक विकास निगम, हिमालयन बैंक समेत सहभागी भई २०५२ सालमा कुल रकम रू.२६ करोड रुपैया महालक्ष्मी सुगर मिललाई ऋण प्रदान गरेको देखिन्छ । उक्त कर्जाको लागि लिड बैंक तथा कोषमा प्राप्त भएको धितोको २०५२ सालमा भएको मूल्यांकन अनुसार रू.३० करोड १७ लाखमा उक्त महालक्ष्मी सुगर मिल तथा संचालक अध्यक्ष वीरेन्द्र कुमार कनौडियाको नाममा रहेको लुम्बिनी अञ्चल कपिलवस्तु जिल्ला जवाहरी गाउँ विकास समिति वार्ड नं. १ स्थित विभिन्न कित्तामा करीब ५० विगाहा जग्गा रहेका, कारखाना, भवन तथा लिगलिगापात समेत लिड बैंक (रा.वा.बैंक) को नाममा रोक्का रहेको देखिन्छ ।

ऋणी वीरेन्द्र कुमार कनौडियाले ब्याज तथा हर्जाना मिनाहाको लागि २०६४ साल पूर्व विभिन्न मितिमा आग्रह गरेतापनि सहवित्तीयकरणमा सहभागी कर्मचारी संचयकोषको विनियमले ब्याज छुट दिन सक्ने प्रावधान नभएको देखियो । ऋण असुली सम्बन्धी ऐन, २०५८ को दफा १५ को हद म्याद भित्र लिड बैंक (रा.वा.बैंक) कर्मचारी संचयकोष र अन्य बैंकहरूको संयुक्त प्रयासमा साँवा तथा ब्याज असुल उपर गर्न ऋणीका विरुद्ध मिति २०६३।३।२० गते ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी हाल विचाराधीन अवस्थामा रहेको पाइयो ।

ऋणी भनिएका महालक्ष्मी सुगर मिल्सका संचालक अध्यक्ष वीरेन्द्र कुमार कनौडिया बैंकको सम्पर्कमा आई विभिन्न कारण देखाउदै, ब्याज तथा हर्जाना मिनाहाको लागि निवेदन दिएको आधारमा मिति २०६४ सालमा कन्सोर्टियम बैंकहरू र ऋणीबीच कर्जा पुर्नसंरचनामा MOU भए अनुरुप महाँलक्ष्मी सुगर मिलले तिर्नु पर्ने साँवा तथा ब्याज गरी कुल जम्मा रू.७५ करोड ९६ लाख ५५ हजार मध्ये हाल २०६८ को अन्त सम्म करिब रू.१५ करोड रुपैया सम्बन्धित बैंकहरूलाई बुझाई सकेको र अन्य रकम तालीका अनुसार नै बुझाउदैं जाने प्रतिवद्धता व्यक्त गरेको अवस्था हेर्दा ऋणी बैंकको सम्पर्कमा बसी कर्जा पुर्नसंरचनामा उल्लेखित शर्त तथा सम्झौतालाई पालना गर्ने प्रयास गरेको देखिन्छ ।

अतः माथि उल्लेख गरिए अनुरुप लिड बैंक (रा.वा. बैंक) र संचयकोष, लगायतका बैंकहरूमा सहवित्तियकरण कार्यक्रमको आधारमा कर्जा प्रवाह गर्दा कोष तथा बैंकका

कर्मचारीहरूले अनियमित र अनुचित कार्य गरी भ्रष्टाचार गरेको तथ्य स्थापित नभएको र ऋण प्रवाह गर्ने वित्तीय संस्था रा.वा.बैंक, कर्मचारी संचयकोष लगायतका बैंकहरूबाट आफ्नो लेना रकम साँवा तथा ब्याज असुल उपर गर्ने अधिकार प्राप्त ऋण असुली न्यायाधिकरणमा उजुरी निवेदन दिई कारवाही चली हाल विचाराधीन अवस्थामा रहेको देखिंदा उक्त विवादित विषयको निरोपण तथा निर्णय फैसलाको जानकारी प्राप्त भएपछि छानविन गर्ने गरी उजुरी हाललाई आयोगको मिति २०६९।३।८ को निर्णयानुसार मुल्तवीमा राख्ने निर्णय भएकोले मुल्तवीमा राखिएको ।

११६. सोलुखुम्बु जिल्ला अन्तर्गत मुहानखोला जोरधारा लघु जलविद्युत आयोजना सोलुका अध्यक्ष राम बहादुर बस्नेत समेतले योजना निर्माणका लागि ढुवानी खर्च लगायतमा आर्थिक अनियमितता गरेको भन्ने समेतको उजुरीका सम्बन्धमा छलफल हुँदा, संस्थाका अध्यक्ष राम बहादुर बस्नेत तथा सचिव बल बहादुर राई समेतले हेलीकप्टर चार्टर्ड गर्दा आयोजनाका लागि सामान ढुवानीगर्दा हेलीकप्टर चार्टर्ड वापत रू.१,०७,८४०।- मात्र भुक्तानी गर्नु पर्नेमा रू.६,००,०००।- रकम भुक्तानी गरेको देखियो यसरी निजहरूबाट रू.४,९२,१६०।- बढी भुक्तानी देखाएकोमा सो सावाँ रकम र सो मा सामान्य व्याजदरमा रू.१,०१,५३४।- व्याज रकम समेत जम्मा रू.५,९३,६९४।- संस्थाको बैंक खातामा दाखिला गरी सो को सक्कलै भौचर समेत प्राप्त भैसकेकोले संस्थाको रकम व्याज समेत असुल भै रकम हिनामिना हुनबाट जोगिएको तथा संस्था मार्फत आयोजनाको बत्ती बाल्ने काम पनि सम्पन्न भै सकेको बुझिदा यस उजुरीमा थप कारबाही गरी रहनु पर्ने नदेखिंदा आयोगको मिति २०६९।३।१८ को निर्णयानुसार तामेलीमा राखिएको ।

११७. राष्ट्रिय समाचार समितिका प्रमुख लेखा अधिकृत रुद्रमणि अधिकारी तथा लेखा अधिकृत गोबिन्द बहादुर कार्कीले बिगत १० बर्षदेखि कर्मचारीको मासिक तलव भुक्तानी गर्दा रू.६० हजार बढी रकम निकाली २ जनाले ३०/३० हजारका दरले खाई हिनामिना तथा भ्रष्टाचारजन्य कार्य गरिरहेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा राष्ट्रिय समाचार समितिका ले.अ. रुद्रमणि अधिकारी तथा लेखा अधिकृत गोबिन्द बहादुर कार्की समेतले २०६२ देखी २०६६ सम्म ४ बर्षको अबधिमा तलब बापतको रकम रू.२,३६,९००।- खाताबाट बढी निकालेको देखियो । उक्त रकम र सोको व्याज समेत गरी जम्मा रू.३,५०,०००।- रा.स.स.को खातामा फिर्ता जम्मा गरिसकेको । निजहरूलाई रा.स.स.ले कर्मचारी सेवा शर्त बिनियमावली बमोजिम बिभागीय कार्यबाही स्वरुप २ बर्षसम्म तलब बृद्धि रोक्का तथा बढुवा रोक्काको सजाय गर्नुको साथै आर्थिक प्रशासन शाखाबाट अन्य शाखामा सरुवा समेत गरिएको देखिएको र लेखा प्रणालीलाई कम्प्युटर प्रणालीमा राख्ने कार्य गरीसकेको बुझिएकोले भबिष्यमा समेत यस्ता गतिबिधि हुन नपाउने तर्फ रा.स.स. सचेत भएको अवस्था रहेकाले यसमा थप केही गरीरहन नपरेकोले आयोगको मिति २०६९।३।१८ को निर्णयानुसार तामेलीमा राखिएको ।

११८. नेपाल बैंक लिमिटेड केन्द्रीय कार्यालयको मिति २०६६।६।५ को पत्रसाथ नेपाल बैंक लिमिटेड अन्तरगत इलाम शाखाको ना.सु.पाँचौ तहको पदमा कार्यरत सुरेन्द्र प्रसाद श्रेष्ठको इण्टरमिडीयट तहको सन् १९९२, रोल नं. ५९९ अनुक्रमांक ६१०७६ को बिहार ईन्टरमिडियट एजुकेशन काउन्सील पटना, भारतको प्रमाणपत्र छानबिनको क्रममा आयोगमा प्राप्त हुन आएको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा, निज सुरेन्द्र प्रसाद श्रेष्ठको I.A. को प्रमाणपत्र भारतको सम्बन्धित बोर्डबाट प्रमाणिकरण भै आउदा "समिति अभिलेख के अनुसार अंक ४५९ IInd. divi. है, प्रस्तुत अंक गलत है" भनी प्रमाणीकरण भै आएको देखिए तापनि निजको रोल नं. लगायतका अन्य बिबरणहरू फरक नभएको, निजले पेश गरेको मार्कसिटमा कुल प्राप्त अंक ४६० उल्लेख भएकोमा प्रमाणिकरण पत्रमा योग अंक ४५९ उल्लेख भै आएको देखियो । अत: उक्त कारणबाट निज फेल भै पास हुनका लागि वा डिभिजन ल्याउनका लागि अंक बढाइ ४६० गराएको भन्न सकिने अबस्था नदेखिएको र प्रमाण पत्रको प्रयोगमा कुनै पनि असर पर्ने प्रकृतिको अंक लेखन भएको नदेखिंदा प्राबिधिक त्रुटीको रुपमा ४५९ हुनु पर्नेमा अंक ४६० उल्लेख भएको अबस्था हुँदा यसमा थप कारबाही गर्नु पर्ने अबस्था नदेखिंदा आयोगको मिति २०६९।३।१८ को निर्णयानुसार तामेलीमा राखिएको ।

११९. साझा स्वास्थ्य सेवामा कार्यरत रामप्रसाद सापकोटाले १९९८ मा भारतको वीडी इभनिङ्ग कलेज पटनाबाट आइ.कम. उर्त्तीण गरेको प्रमाण पत्र प्रमाणिकरण गर्दा "समिति अभिलेख के अनुसार Code 1115 No 20035 पर दुसरे छात्रका नाम है प्रस्तुत अंक गलत है" भनी आएकोले नक्कली प्रमाणित भएको सम्बन्धमा अनुसन्धान हुँदा निज रामप्रसाद सापकोटाले माध्यमिक तहको परीक्षा पास गरेको नक्कली प्रमाण पेश गरेको बारेमा सहायक द्वितीय पदमा कार्यरत रामप्रसाद सापकोटाले पेश गरेको शैक्षिक प्रमाण पत्र नक्कली हो भनी भ्रष्टाचार गरेको ठहर्‍याई रू.१५००/- जरिवाना गर्ने गरी विशेष अदालत काठमाडौंबाट मिति २०६३।६।१ मा फैसला भएको र साझा स्वास्थ्य सेवाको मिति २०६३।१०।१ को पत्रबाट निजलाई सेवाबाट वर्खास्त गरिसकेको हुनाले आयोगको मिति २०६९।३।२४ को निर्णयानुसार तामेलीमा राखिएको ।

१२०. "नेपाल बैंक लिमिटेड, आदर्शनगर शाखा, वीरगंजमा वरिष्ठ सहायक पदमा कार्यरत मनोहर कुमार श्रेष्ठको शैक्षिक प्रमाणपत्र सम्बन्धमा" विस्तृत अनुसन्धान हुँदा निजले सो पदमा कार्यरत रहँदा विहार इन्टरमीडियट शिक्षा परिषद, पटना, ए.एन.सिंह कलेज, मोतीहारी, भारतबाट उत्तीर्ण गरेको इन्टरमिडियट (आई.एस.सी.) तहको शैक्षिक प्रमाणपत्र पेश गरी स्थायी सेवा गर्दै आएकोमा निजको उक्त शैक्षिक योग्यताको प्रमाणपत्र उपरको अनुसन्धान तथा सम्बन्धित समितिबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा पेश गरेका उल्लेखित शैक्षिक प्रमाणपत्र नक्कली ठहरिएकोले निजले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार कसूर गरेको देखिन आएको हुँदा निजलाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुनु पर्नेमा निजको मृत्यु भैसकेको अवस्थामा

प्रस्तुत उजूरीको औचित्यता समाप्त भएकोले आयोगको मिति २०६९।३।२४ को निर्णयानुसार तामेलीमा राखिएको ।

१२१. आ.व. २०६७।०६८ मा विनियोजित रकमबाट नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य क्षेत्र सुधार एवं विस्तार कार्यक्रम अन्तर्गत त्रिवेणी आयुर्वेद औषधालयको भवनको तल्ला थपको निम्ति रू.दश लाख र त्रिवेणी स्वास्थ्य चौकीको भवन निर्माणको लागि रू.एक करोड पैंतालीस हजार रकमबाट शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, भरतपुर चितवनको प्राविधिक व्यवस्थापनमा भइरहेको भवन निर्माण सम्बन्धी कार्यक्रम, इस्टिमेट र नक्सा उपलब्ध गराइ दिन पटक पटक लिखित एवं मौखिक रुपमा अनुरोध एवं आग्रह गर्दा पनि नागरिकले पाउनु पर्ने सूचनाको हक सम्बन्धी अधिकार हनन गरी हालसम्म उक्त प्राविधिक प्रतिवेदन तथा इस्टिमेट र नक्सा उपलब्ध नगराइनुले उक्त भवन निर्माण कार्यमा ब्यापक अनियमितता एवं भ्रष्टाचारको दुर्गन्ध देखिएको हुँदा सो सम्बन्धमा अविलम्व आवश्यक छानवीन गरी दोषी कर्मचारी माथि हदै सम्मको कारवाहीको निम्ति हार्दिक अनुरोध गर्दछौ भन्ने जनअधिकार असल शासन क्लव त्रिवेणीधाम, नवलपरासीका अध्यक्ष सूर्य कुमालको मिति २०६८।४।१७ को उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय, चितवनको प्राविधिक व्यवस्थापनमा भइरहेको त्रिवेणी आयुर्वेद औषधालय भवनको तल्ला थप गर्ने र त्रिवेणी स्वास्थ्य चौकी भवन निर्माण कार्य निर्माणस्थलमा होडिङ्ग बोर्ड लगाई कंक्रिट मिक्सचर समेत प्रयोग गरेर उजुरीकर्ता समेतको सुझाव बमोजिम स्थानीय प्राविधिककै प्रत्यक्ष सुपरभिजनमा निर्माण कार्य भइरहेको देखिंदा गुणस्तरहीन सामाग्री प्रयोग गरेको भन्न सकिने अवस्था आएन । अतः पछि कहीँ कतैबाट अनियमितता भएको प्रमाण खुल्न आएका वखत कानून वमोजिम गर्ने गरी आयोगको मिति २०६९।३।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

१२२. बर्दीया जिल्ला अन्तर्गत कृषि सुधार स्यालो ट्यूबेल जल उपभोक्ता समितिका सचिव पूर्ण बहादुर खत्रीले सार्वजनिक सम्पत्ति हिनामिना गरेको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा, भूमिगत जलश्रोत बिकास समिति शाखा कार्यालय नेपालगन्जको मिति २०६९।३।१७ को पत्र बमोजिम आयोगबाट स्थलगत निरीक्षणका क्रममा दिएको निर्देशन समेतका आधारमा भूमिगत जलश्रोत विकास समिति शाखा कार्यालय नेपालगञ्जको पहलमा त्यस क्षेत्रका कृषक उपभोक्ताहरूको सक्रिय सहभागिता, नेपाल विद्युत प्राधिकरण बर्दीया गुलरिया शाखाको प्राविधिक सहयोग एवं इलाका प्रहरी कार्यालय बांसगढी बर्दीया समेतको सहयोगमा उक्त समितिका सचिव पूर्ण बहादुर खत्रीले हिनामिना गरेको भनिएका समितिका सामानहरू समेत प्रयोग गरी विद्युतीकरण लगायतका कार्य सम्पन्न भएको जानकारी हुन आएकाले संस्थाको रकम हिनामिना भएको नदेखिंदा आयोगको मिति २०६९।३।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

१२३. उदयपुर सिमेन्ट उद्योग लिमिटेड अन्तर्गत बरिष्ठ सहायक पदमा कार्यरत हेम कुमार दाहालको शैक्षिक प्रमाण-पत्र सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा, उदयपुर सिमेन्ट उद्योग लिमिटेड अन्तर्गत वरिष्ठ सहायक पदमा कार्यरत हेम कुमार दाहालले विहार इन्टर मिडिएट एजुकेशन काउन्सिल पटना, कुमार शशिन्द्र कलेजबाट इन्टर मिडियट (आई.कम.) तहको शैक्षिक प्रमाण पत्र पेश गरी स्थायी सेवा गर्दै आएकोमा निजको उक्त शैक्षिक योग्यताको प्रमाणपत्र उपर अनुसन्धान भई सम्बन्धित समितिबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा निजले पेश गरेका उल्लेखित शैक्षिक प्रमाण पत्र उत्तीर्ण भएको र डिभिजनमा पनि फरक परेको नदेखिंदा थप छानवीन गरी रहन नपर्ने भएकोले आयोगको मिति २०६९।३।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

१२४. सिंहदरबार सचिवालय पुनः निर्माण समितिले बोलपत्रमा परेको काम टुकाटुका पारेर कोटेशनबाट गराइ अनियमितता गरेको भन्ने ऊजुरीका सम्बन्धमा अनुसन्धान हुँदा बोलपत्र आव्हान भइसकेपछि रू.१२,६४,७२७- बराबरको रकमको ११ वटा टुक्रा गरी पररा्ष्ट्र मन्त्रालयका २ वटा महाशाखाका लागि पार्टिशन लगायतका कार्य कोटेशनबाट गराइएको बिषयमा पररा्ष्ट्र मन्त्रालयको मिति २०६७।८।३ को पत्रबाट यथाशीघ्र कार्य गर्न मिति २०६७।६।१८ को निर्णयानुसार पार्टिशन, पर्दा, कार्पेट लगायत कार्य गर्न दिएको सहमति र पररा्ष्ट्र मन्त्रालयका सचिवले भौतिक योजना तथा यातायात ब्यवस्था मन्त्रालयका सचिवलाई मिति २०६७।६।१३ को पत्रबाट यथाशीघ्र आन्तरिक पार्टिशन लगायतका कार्य गरी दिन गरिएको अनुरोध बिशेष अवस्थामा ब्यवस्थापन गरिएको कार्य हो भन्ने देखिन आएकोले आयोगको मिति २०६९।३।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

१२५. सिरहा जिल्ला भगवानपुर अन्तर्गत पर्ने हुलाकी सडक मर्मत उपभोक्ता समितिका अध्यक्ष छवीलाल यादव समेतले मिति २०६५।३।२६ मा पेश्की लिई कामै नगरी भ्रष्टाचार गरेकोले रकम असूल उपर गरी सजाय समेत गरीपाउं भनी सिरहाली समाजको नामबाट पर्न आएको बेनामी उजूरी उपर अनुसन्धान हुँदा उपभोक्ता समितिका अध्यक्ष छवीलाल यादवले पेश्की रकम लिएको स्वीकार गरी राजनीतिक विवादले काम गर्न नसकेको हुँदा नियमानुसार लाग्ने सूद सहित रकम बुझाउन मञ्जूर गरी मिति २०६९।०३।०६ गते पेश्की लिएको रकम रू.४,६२,२३३।- र पेश्की लिएको मिति देखि रकम दाखिला गरेको दिनसम्म ४ बर्ष १० दिनको १० प्रतिशतका दरले व्याज रू.१,८६,१६०।- समेत जम्मा रू.६,४८,३९३।- आयोगमा नगदै दाखिला गरीसकेको हुँदा आयोगको मिति २०६९।३।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

१२६. नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि. का कर्मचारीहरूलाई नियम विपरित बीमा रकम भुक्तानी गरिएको भन्ने समेत व्यहोराको समक्ष प्राप्त हुन आएको उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल लि. का २६ जना कर्मचारीहरूलाई भुक्तानी गरिएको रू.७७,००,०००। (सतहत्तर लाख) मध्ये २४(चौबिस) जनाबाट

रू.७२,००,०००।- र ब्याज रू.२,१४,५५०।- समेत जम्मा रू.७४,१४,५५०। (चौहत्तर लाख चौध हजार पाँच सय पचास) फिर्ता भएको एवं फिर्ता हुन बाँकी रू.५,००,०००। (पाँच लाख) को सम्बन्धमा सर्वोच्च अदालतमा मुद्दा विचाराधिन रहेकोले आयोगको मिति २०६९।३।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

१२७. राजापुर भन्सार कार्यालय गुलरिया वर्दियाका कर्मचारी समेतको मिलेमतोमा चोरी पैठारी भई पक्राउ परेको यूरिया मल तथा साइकल लिलाम बिक्रि गर्दा कबोल अंक सच्याई रू.११,६६०।- राजश्व हिनामिना समेत गरेको भनी जि.प्र.कार्यालय वर्दियावाट प्राप्त प्रतिवेदन उपर विस्तृत अनुसन्धान हुँदा मिति २०६७/५/१० मा भएको मु.नं. २१ देखि २४ सम्मको चारवटा अलग अलग मुद्दाहरूको बिगो लिलाम बढाबढ गर्दा मु.नं. २१ को १९ बोरा मल र ९ वटा साइकलको लिलाम बढाबढ गर्दा सकार गरिएको अंक रू.५७,४००।- लाई सच्याई रू.४५७४०।- बनाई रू.११,६६०।- कम राजश्व असुल भएको उक्त रकम रू.११,६६०।- को लिलाम भएका मितिले वार्षिक १० प्रतिशत ब्याज सहित रू.१३,९९२।- सम्बन्धित कर्मचारीले आयोगमै राजश्व दाखिला गरी सकेको हुदाँ यस विषयमा थप केही गरी रहन नपर्दा आयोगको मिति २०६९।३।२६ को निर्णयानुसार तामेलीमा राखिएको ।

१२८. "ओखलढुंगा जिल्लाका विभिन्न गाउँ विकास समिति का वनहरूबाट वन कर्मचारीहरूको मिलेमतोमा खयर काठको तस्करी भैरहेको" भन्ने उजूरीको अनुसन्धान हुँदा ओखलढुंगा जिल्लाका तत्कालिन जिल्ला वन अधिकृत विष्णुलाल घिमिरेको वयान, जिल्ला प्रशासन कार्यालय, ओखलढुंगा, जिल्ला प्रहरी कार्यालय, ओखलढुंगा, मालपोत कार्यालय, ओखलढुंगा, नापी कार्यालय, ओखलढुंगा आदिबाट जिल्लाका विभिन्न गाउँ विकास समिति का.वनहरूबाट वन कर्मचारीहरूको मिलेमतोमा खयर काठको तस्करी नभएको लेखिआएबाट प्रस्तुत उजूरीमा उल्लेखित व्यहोरा पुष्टि हुन सक्ने आधार नदेखिएकोले आयोगको मिति २०६९।३।२७ को निर्णयानुसार तामेलीमा राखिएको ।

१२९. जिरी गाउँ विकास समिति दोलखाका सचिव कर्णबहादुर जिरेलले सामाजिक सुरक्षा भत्ता वितरणमा अनियमितता गरेको, आ.व.को अन्त्यमा पेश्की दिएको र कुडार फोक्टे सडकमा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा, आ.व.को अन्त्यमा दिएको पेश्की फछ्यौंट भैसकेको, कुडार फोक्टे सडक निर्माणमा अनियमितता भएको भन्ने उजुरीका सम्बन्धमा जिल्ला प्रशासन कार्यालयबाट प्राप्त छानविन प्रतिवेदन र आयोगमा प्राप्त तत्सम्बन्धी कागजातहरूबाट उजुरीकर्ता कृष्ण बहादुर खड्काले झुठा उजुरी दिएको देखियो । सामाजिक सुरक्षातर्फ निकाशा भएको रकममध्ये निज सचिव कर्णबहादुर जिरेलले आ.व. २०६५/०६६ मा वितरण गरी बांकी रहेको रू.१,३०,३००।- मिति २०६६/०३/११ मा बैंक दाखिला गरेको देखिएको हुँदा त्यसतर्फ केही गर्न परेन ।

जिल्ला विकास समिति दोलखाको कार्यकारी अधिकृत नारायण प्रसाद सेढाईको छानविन प्रतिवेदनबाट हाल सचिव शम्भु प्रसाद गौतमबाट असुल गर्नपर्ने भनी औल्याएको

रू.१२,०००।- बैंक दाखिला भइसकेको र तत्कालीन सचिव कर्णबहादुर जिरेलबाट फिर्ता हुन पर्ने सामाजिक सुरक्षाको रकम रू.६०,०००।- आयोगमा मिति २०६८/११/०४ मा धरौटी राखेको र निज सेवा निवृत्त समेत भएको देखिंदा सो धरौटी रकम सदर स्याहा गरी आयोगको मिति २०६९।३।२७ को निर्णयानुसार तामेलीमा राखिएको ।

१३०. रुपन्देही जिल्ला करौता गाउँ विकास समिति सचिव मुस्लिम खाँले आ.व. २०६५/०६६ मा सामाजिक सुरक्षा भत्ता वितरण र बरवासी देखि मुडीला गाउंसम्मका लागि विद्युतीकरणतर्फ विनियोजन भएको रकम हिनामिना गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा, सामाजिक सुरक्षा भता वितरण सम्बन्धमा प्र.जि.अ. र स्थानीय विकास अधिकारी समेतको उपस्थितिमा सार्वजनिक सुनुवाई गर्न भनी जिल्ला विकास समिति रुपन्देहीमा लेखी पठाउने । विद्युतीकरणतर्फ सचिव मुस्लिम खांले लिएको पेश्की रू.३ लाख मध्ये विद्युतीकरण सम्बन्धी सरसामान र तार गाउँ विकास समितिमा आम्दानी रहेको भनी सम्बन्धित गाउँ विकास समिति बाट लेखी आएको हुँदा त्यसतर्फ केही गर्न परेन । खरिद गरी गाडिएका १८ वटा पोल ढली टुटेको कारण विद्युतीकरण हुन नसकेको देखिंदा प्रयोजनहीन खर्च गरेको ८ वटा पोलको बिल अनुसारको रकम रू.६०,९९८।- र जडान खर्च रू.४,२००।- समेत गरी जम्मा रू.६५,१९८।- निज सचिव मुस्लिम खाँबाट असुल गर्न पर्न देखिंदा उक्त रकम निजले आयोगमा मिति २०६८/१२/०६ मा राखेको धरौटीबाट सदर स्याहा गरी राजस्व दाखिला गर्ने गरी आयोगको मिति २०६९।३।२७ को निर्णयानुसार तामेलीमा राखिएको ।

१३१. महेन्द्र वहुमुखी क्याम्पस, धरानवाट हेड असिस्टेण्ट पदमा नोकरी शुरु गरी हाल पूर्वाञ्चल क्याम्पस, धरानमा लेखापाल पदमा कार्यरत रामराजा श्रेष्ठले नोकरीका निमित्त पेश गरेको ईन्टरमिडिएट तहको शैक्षिक योग्यताको प्रमाणपत्र उपर परेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सम्बन्धित वोर्डबाट प्राप्त प्रमाणीकरण विवरण समेतका आधारमा रामराजा श्रेष्ठले विहार ईन्टरमिडिएट एजुकेशन काउन्सिल, पटनाबाट जारी भएको (सन् १९९२ अनुक्रमाङ्क २००१४) ईन्टरमिडिएट तह (आई.कम.) को शैक्षिक योग्यता प्रमाणपत्र प्रमाणीकरणबाट निज रामराजा श्रेष्ठले ३७९ अङ्क प्राप्त गरी तेश्रो श्रेणीमा आई.कम.तहको परीक्षा उत्तीर्ण गरेको कुरामा कुनै विवाद देखिन आएन । श्रेणी फरक नपरी सामान्य अङ्क सम्म फरक परेको तर कुन विषयमा फरक परेको हो प्रमाणिकरणबाट खुल्न सकेको छैन । यसरी केवल सामान्य अंङ्क सम्म फरक परेको कुरालाई निजले आई.कम.उत्तीर्ण गरेको होईन भनी निजले झुट्ठा शैक्षिक योग्यता पेश गरेको मानि पर्याप्त प्रमाणको अभावमा मुद्दा चलाउन न्याय र विवेक सम्मत नहुँदा आयोगको मिति २०६९।३।२७ को निर्णयानुसार तामेलीमा राखिएको ।

१३२. राष्ट्रिय वाणिज्य बैंक विराटनगर शाखामा काम गर्ने केशव बहादुर बस्नेतले पेश गरेको ईन्टरमिडिएट तहको शैक्षिक योग्यताको प्रमाणपत्र उपर परेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा सम्बन्धित वोर्डबाट प्राप्त प्रमाणिकरण विवरण समेतका आधारमा

केशवबहादुर बस्नेतले विहार ईन्टरमिडिएट एजुकेशन काउन्सिल ,पटनाबाट जारी भएको (सन् १९९२ अनुक्रमाङ्क ३०३४१) ईन्टरमिडिएट तह (आई.ए.) को शैक्षिक योग्यता प्रमाणपत्र प्रमाणीकरणबाट निज केशबबहादुर बस्नेतले ४११ अङ्क प्राप्त गरी दोश्रो श्रेणीमा आई.ए.तहको परीक्षा उत्तीर्ण गरेको कुरामा कुनै विवाद देखिन आएन । श्रेणी फरक नपरी सामान्य अङ्क सम्म फरक परेको तर कुन विषयमा फरक परेको हो प्रमाणीकरणबाट खुल्न सकेको छैन । यसरी केवल सामान्य अंङ्क सम्म फरक परेको कुरालाई निजले आई.ए. उत्तीर्ण गरेको होईन भनी निजले झुट्टा शैक्षिक योग्यता पेश गरेको मानि पर्याप्त प्रमाणको अभाबमा मुद्दा चलाउन न्याय र विवेक सम्मत नहुँदा आयोगको मिति २०६९।३।२७ को निर्णयानुसार तामेलीमा राखिएको ।

१३३. "लुम्विनी विकास कोषमा अनियमित तरिकाले कर्मचारी नियुक्ति गरेको र रकम हिनामिना गरेको" भन्ने उजुरी उपर विस्तृत अनुसन्धान हुँदा अनुसन्धानको सिलसिलामा प्राप्त हुन आएका कागजातहरू तथा सम्बन्धित व्यक्तिले यस आयोग समक्ष गरेको वयान समेत अध्ययन गर्दा लुम्बिनी विकास कोषमा विभिन्न समयमा नियुक्ति पाएका करारका कर्मचारीहरू पूर्णत दरबन्दी अनुसारका आवश्यक कर्मचारी भएको र पदपूर्ति समितिको अभावले समयमा कर्मचारी व्यवस्था हुन नसकेकोले हालसम्म पनि करारमा म्याद थपी रहनु परेको । रामग्राम नवलपरासीको जग्गा सम्बन्धमा कोषको कोषाध्यक्ष सहित सम्बन्धित सरकारी कार्यालयहरूका प्रमुखहरू सि.डि.ओ. एल.डि.ओ.राजनैतिकदलका प्रतिनिधीहरू समेतले जग्गाधनीहरूसंग छलफल गरी रू.६,००,०००।- प्रति विगाहका दरले दिन इच्छुक जग्गा धनीहरूलाई मालपोत अधिकृतको सामुमा रकम भुक्तानी दिई जग्गा खरिद गरेको हो, कुनै किसिमको अनियमितता भएको छैन भनी खुलाई पठाएको र सो संग सम्बन्धित कागजातहरू समेत आयोगलाई उपलब्ध गराएको देखिन्छ । कोषका सदस्य सचिव राजेन्द्र थापा मगर, सूचना तथा सम्पर्क अधिकृत ज्ञानिन राईको वयान समेतलाई अध्ययन गर्दा लुम्बिनी विकास कोषमा अनियमित तरिकाले कर्मचारी नियुक्ति गरेको तथा रामग्रामको जग्गा अधिग्रहण गर्दा अनियमितता गरेको भन्ने उजूरीलाई पुष्टि गर्ने आधार प्रमाण नदेखिएको । साथै कोषमा कार्यरत रही आएका स्वीकृत दरबन्दी अनुसारका माधव प्रसाद आचार्य समेत १९ जना करार कर्मचारीको पदहरूमा खुल्ला प्रतिस्पर्धाबाट कर्मचारी नियुक्ति गर्ने प्रक्रिया अबिलम्व थाल्न लुम्बिनी विकास कोषलाई लेखि पठाउने र पछि कहीं कतैबाट उजूरीको व्यहोरालाई पुष्टी गर्ने थप प्रमाण खुल्न आएमा कानून बमोजिम हुने नै हुँदा आयोगको मिति २०६९।३।२८ को निर्णयानुसार तामेलीमा राखिएको ।

१३४. लुम्बिनी अञ्चल अस्पताल बुटवलका कर्मचारी पुतला खनाल, मिना श्रेष्ठ, तथा भीम अस्पताल भैरहवा रुपन्देहीका कर्मचारी चित्रा गुरुङ्ग समेतले नियम विपरित अन्यत्र समेत कार्य गरी अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरी निबेदन उपर अनुसन्धान हुँदा उजुरीमा उल्लेखित कर्मचारीहरूले सम्बन्धित अस्पताल, क्षेत्रीय स्वास्थ्य निर्देशनालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मध्ये सवै वा कुनै निकायबाट काम गर्ने स्वीकृति लिएको

देखिएको । आफूलाई तोकिएको समयमा अस्पतालको डिउटीलाई बाधा नपारी सो समयको अघिपछि खाली समयमा निजी नर्सिङ्ग कलेजमा अतिरिक्त समय काम गरेको देखिन आएको हुँदा उजुरीमा लेखिएका कुराहरू पुष्टी हुन नआएकोले आयोगको मिति २०६९।३।२८ को निर्णयानुसार तामेलीमा राखिएको ।

१३५. नेपाल टेलिकम क्षेत्रीय निर्दशनालय काठमाण्डौमा कार्यत खड्ग बहादुर वस्नेतले गैर कानूनी रुपमा सम्पत्ति आर्जन गरेको भनी परेको उजुरी उपर अनुसन्धान हुँदा, निज खड्ग बहादुर वस्नेतले मिति २०४४।१।११ मा सातौं तहको इन्जिनियर पदमा सेवा प्रवेश गरी हाल प्रबन्धक (दश तह) पदमा नेपाल टेलिकम क्षेत्रीय निर्देशनालय, काठमाण्डौमा कार्यत रहनु भएको देखिन्छ । निजको परिवारमा पत्नी कल्पना वस्नेत, छोरा सौर्य वस्नेत र छोरी स्वर्निम वस्नेत गरी जम्मा ४ जनाको परिवार रहेको देखिन्छ । निजको हालसम्मको आयव्ययतर्फ हेर्दा आयतर्फ निजको तलब भत्ता रू.३९,३१,२४४।-, प्रोत्साहन पुरस्कार रू.९,७७,११६।३३, बोनस रू.७,७२,२७८।-, औषधि उपचार रू.४,९४,१८७।-, संचित विदाको रू.१,८६,५६९।-, बार्षिकोत्सवको रू.३३,२००।-, विदेश भ्रमण वापतको रू.४,३६,६८५।३१, बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रू.३७,०४,३६०।-, घर जग्गा बिक्रीबाट प्राप्त भएको रू.१,४८,०००।- र शेयर विक्रीबाट प्राप्त भएको रू.५२,३३३।९१ गरी जम्मा रू.१,०७,३५,९७३।५५ रहेको देखिन्छ । त्यस्तै, व्ययतर्फ निजले घर निर्माणमा रू.२६,००,०००।-, जग्गा खरीदमा रू.७,०३,४५०।, शेयर खरीदमा रू.५,६७,६५०।-, बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको भुक्तानी रू.५,०५,९६०।- र विभिन्न बैंकमा नगद मौज्दात रू.७,९४,३५२।५४ गरी जम्मा रू.५१,७१,४१२।५४ भएको देखिएकोले निजको व्ययभन्दा आय बढी नै भई सम्पत्तिको स्रोतको पुष्टि हुन आयो । यद्यपि निजको व्ययभन्दा आय धेरै बढी देखिए पनि हाल निज तथा निजको परिवारको नाममा बिभिन्न बैंकमा नगद मौज्दात रू.७,९४,३५२।५४ रहेको प्राप्त बैंक स्टेटमेन्टबाट देखिएकोले निजको बचत रकम रू.७,९४,३५२।५४ मात्र हुने देखियो ।

निजको आय व्ययको समग्र अवस्था हेर्दा व्ययभन्दा आय नै बढी देखिनुका साथै निजको जीवनस्तर अमिल्दो र अस्वाभाविक रहेको देखिन नआएकोले पछि कहीँ कतैबाट कुनै नयां प्रमाण सहित थप सम्पत्ति फेला परेमा कानून बमोजिम कारवाही हुने नै हुँदा आयोगको मिति २०६९।३।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

१३६. गौरा मा.वि. ठाडा ५ रजिया, अर्घाखाँचीमा मा.वि. तह विज्ञान विषय र नि.मा.वि.तह सामाजिक विषयको राहत अनुदान कोटाको शिक्षक नियुक्ती गर्ने क्रममा उप सचिव नरेन्द्र वेल्वासेले नियम मिचि अनियमितता गरे भन्ने विषयको समेत व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा गौरा मा.वि. ठाडा ५ रजिया, अर्घाखाँचीमा मा.वि. तह विज्ञान विषय र नि.मा.वि.तह सामाजिक विषयको राहत अनुदान कोटाको शिक्षक नियुक्ती गर्ने क्रममा शिक्षक नियुक्ती गर्दा त्यसका लागि विद्यालयमा शिक्षक छनौट समिति गठन भएको, १५

दिने सूचना निकाली सूचना टाँस गरेको, शिक्षकको परीक्षा लिई अन्तर्वाता लिई परिणाम समेत घोषणा गरी सफल उमेदवारलाई नियुक्ती दिएको देखिन्छ। तसर्थ उक्त कार्य उप सचिव नरेन्द्र वेल्वासेले मात्र भए गरेको नभै शिक्षक छनौट समितिबाटै भए गरेको देखिँदा र सफल उमेदवारलाई नियुक्ती दिएकोलाई अन्यथा भन्न मिल्ने अवस्था भने देखिन आएन। साथै शिक्षकमा नियुक्ति भएका ध्रुव प्रसाद अधिकारीको शैक्षिक प्रमाणपत्रहरू भारतको शिक्षण संस्थाको देखिएको हुँदा निजको शैक्षिक प्रमाणपत्रहरूको सम्बन्धमा आयोगबाट छानविन भैरहेकोछ भने शिक्षकमा नियुक्ति भएका लाल बहादुर गुरुङ्गको शैक्षिक प्रमाणपत्र झुट्ठा देखिन आएकोले आयोगबाट मुद्दा दायर गर्ने निर्णय भै विशेष अदालतमा मुद्दा दायर भइसकेको अवस्था देखिएकोले आयोगको मिति २०६९।३।३१ को निर्णयानुसार तामेलीमा राखिएको।

१३७. नवलपरासी जिल्ला दिव्यपुरी गाउँ विकास समिति वडा नं. ३ स्थित नवजागरण प्रा.वि. बोटेखोलामा नक्कली अध्यापन पत्र पेश गरी प्रा.वि. राहत कोटामा काम गरिरहेको पूर्णमाया थापा र सो नक्कली पत्र बनाइदिने प्र.अ.लाई समेत कारबाही गरी पाऊ भन्ने विषय समेत भएको उजुरी उपर अनुसन्धान हुँदा, शिक्षिका पूर्णमाया थापाले नवजागरण प्रा.वि. बोटेखोला, नवलपरासीमा नक्कली अध्यापन पत्र पेश गरी प्रा.वि. राहत कोटामा शिक्षिका पदमा काम गरेको भने देखिएन। साथै पूर्णमाया थापा २०६३।७१ देखि शिक्षिका पदमा नियुक्ति भई २०६७।११।१ गतेदेखि राजीनामा दिई शिक्षिका पदबाट हटिसकेको देखिन्छ। तसर्थ शिक्षिका पूर्णमाया थापा समेतले नवजागरण प्रा.वि. बोटेखोला, नवलपरासीमा नक्कली अध्यापन पत्र पेश गरी शिक्षक नियुक्ती भएको भन्ने विषय उजुरी कर्ताले भने जस्तो पुष्टि हुने आधार देखिन नआएकोले आयोगको मिति २०६९।३।३१ को निर्णयानुसार तामेलीमा राखिएको।

१३८. सडक डिभिजन कार्यालय हेटौंडाका तत्कालीन सि.डि.ई. पदमा कार्यरत रही हाल अवकाश प्राप्त रामवावु प्रसाद गुप्ताले निज सार्वजनिक पदमा बहाल रहँदा आर्जन नखुलेको सम्पत्तिका सम्बन्धमा यस आयोगमा मिति २०६७।८।१९ मा परेको उजूरी उपर अनुसन्धान हुँदा निज रामवावु प्रसाद गुप्ता मिति २०३५।२।६ मा सडक विभागमा इन्जिनीयर (रा.प.तृ.प्रा.) पदमा सेवा प्रवेश गरी हाल सडक डिभिजन कार्यालय हेटौडाबाट सि.डि.ई. (रा.प.द्वितीय श्रेणी) पदबाट मिति २०६८।१२।२२ देखि अनिवार्य अवकाश भै सेवा निवृत्त भई सकेको अवस्था देखियो। निजले आयोगमा पेश गरेको सम्पत्ति विवरण फाराम साथ संलग्न कागजात एवं वयानको क्रममा उल्लेख गरेको व्यहोरा र हालसम्मको अनुसन्धानबाट प्राप्त तथ्य एवं संलग्न कागज प्रमाणका आधारमा निजको तलव भत्ता, वैदेशिक भ्रमणबाट प्राप्त रकम, जग्गा विक्री वापत प्राप्त रकम, बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण, कर्मचारी संचय कोषबाट प्राप्त ऋण समेतका स्रोतहरूबाट आय आर्जन भएको भन्ने निजको वयान तथा अनुसन्धानको क्रममा प्राप्त कागजातहरूबाट देखिन आयो। निजले सार्वजनिक पदमा नोकरी प्रवेश गरेको मिति देखि आ.व. २०६७०६८ सम्मको अवधिमा निजको तलव भत्ता रू.२२,९८,९९६।-, निजको वैदेशिक भ्रमणबाट

प्राप्त आयको वचत रू.१,६१,०००।-, जग्गा विक्रीबाट प्राप्त रू.५१,८५,०००।- तथा कर्मचारी संचय कोषबाट प्राप्त ऋण रकम रू.९,००,०००।-, गरी कूल जम्मा **रू.८५,४४,९९६।-** आय आर्जन गरेको देखिन्छ भने व्ययको हकमा घर खरिद तर्फ रू.१,०१,७००।-, छोराहरूको पढाई खर्च तर्फ रू.२२,६०,०००।-, जग्गा खरिद तर्फ रू.३,०२,७००।-, टेलिभिजन खरिद तर्फ रू.७,०००।- शेयर खरिद तर्फ रू.१६,५००।- तथा बैंक मौजदात तर्फ रू.९९,५५८।३३ गरी जम्मा व्यय **रू.२७,८७,४५८।३३** भई **रू.५७,५७,५३७६७** वचत रहन सक्ने अवस्था देखिन आयो। सो वचत रकम हाल निजसँग मौज्दात रहेको नदेखिंई रु९९,५५८।३३ मात्र मौज्दात रहेको देखिंदा सो बाहेकको अन्य रकमबाट निजले आफ्नो छोराछोरीको शिक्षा दिक्षा लगायतका अन्य घरायसी खर्च समेत चलाएको मान्नु पर्ने अवस्था देखिन्छ। अतः निज रामवावु प्रसाद गुप्ताले सार्वजनिक पदमा प्रवेश गरेपछि प्रस्तुत अनुसन्धानको अवधिसम्ममा आर्जन गरेको कूल आय रू.८५,४४,९९६।- मध्ये रू.२७,८७,४५८।३३ व्यय भई केही रकम वचत समेत भएको देखिन आएकोले निजको आम्दानीको अनुपातमा भएको खर्चको विवरण हेर्दा सो अवधिमा आर्जित सम्पत्तिको स्रोत पुष्टि हुन नसकेको भन्न सकिने अवस्था देखिन आएन। पछि कहीँ कतैबाट निज रामवावु प्रसाद गुप्तासँग त्यस्तो कुनै स्रोत नखुलेको सम्पत्ति छ भन्ने खुल्न/देखिन आएमा सोही वखत कानून बमोजिम हुने गरी आयोगको मिति २०६९।३।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

१३९. जिल्ला प्रशासन कार्यालय, काठमाडौंका तत्कालिन प्रमुख जिल्ला अधिकारी हाल गृह मन्त्रालयमा सहसचिव पदमा कार्यरत लक्ष्मी प्रसाद ढकालले निज सार्वजनिक पदमा बहाल रहँदा आर्जन गरेको स्रोत नखुलेको सम्पत्तिका सम्बन्धमा मिति २०६८।१।२३ मा पर्न आएको उजूरी उपर अनुसन्धान हुँदा निज लक्ष्मी प्रसाद ढकाल मिति २०४०।७२१ मा हुलाक सेवा विभाग अन्तर्गत शाखा अधिकृत (रा.प.तृ.) पदमा सेवा प्रवेश गरी हाल गृह मन्त्रालयमा सह-सचिव पदमा कार्यरत रहेका देखियो। निजले आयोगमा पेश गरेको सम्पत्ति विवरण फाराम साथ संलग्न कागजात एवं वयानको क्रममा उल्लेख गरेको व्यहोरा र हालसम्मको अनुसन्धानबाट प्राप्त तथ्य एवं संलग्न कागज प्रमाणका आधारमा निजको तलव भत्ता, वैदेशिक भ्रमणबाट प्राप्त रकम, जग्गा विक्री वापत प्राप्त रकम, छोराले अमेरिकाबाट पठाएको रेमिटान्सबाट प्राप्त रकम, कर्मचारी संचय कोषबाट प्राप्त ऋण समेतका स्रोतहरूबाट आय आर्जन भएको भन्ने निजको वयान तथा अनुसन्धानको क्रममा प्राप्त कागजातहरूबाट देखिन आयो। निजले सार्वजनिक पदमा प्रवेश गरेपछि प्रस्तुत अनुसन्धानको अवधिसम्म आर्जन गरेको सम्पत्तिको स्रोत उल्लेख गर्ने सिलसिलामा यस आयोग समक्ष गरेको वयान एवं निजबाट पेश भएका कागजातहरू समेतबाट निजले नोकरी प्रवेश गरेको मिति देखि आ.व. २०६७०६८ सम्मको अवधिमा निजको तलव भत्ता रू.२४,०१,६५८।-, निजको वैदेशिक भ्रमणबाट प्राप्त आयको वचत रू.५,११,०००।-, घरजग्गा विक्रीबाट प्राप्त रू.९०,८९,७००।- तथा कर्मचारी संचय कोषबाट प्राप्त ऋण रकम रू.२,००,०००।- र छोराले अमेरिकाबाट पठाएको रेमिटान्सबाट प्राप्त रकम रू.१५,७७,४२५।- गरी कूल जम्मा रू.१,३७,७९,७८३।- आय आर्जन गरेको देखिन्छ। व्ययको हकमा घर खरिद तर्फ रू.६८,००,०००।-, जग्गा खरिद तर्फ रू.१८,६२,०७५।-, शेयर खरिद तर्फ रू.६१,०००।-, कर्मचारी

संचय कोषको ऋण भुक्तानी तर्फ रू.२,८८,८१६।-, घरायसी इलेक्ट्रोनिक्स सामान खरिद तर्फ रू.२,००,०००।- तथा बैंक मौज्दात तर्फ रू.१९,९४४८५।८९ गरी जम्मा व्यय रू.१,१२,०६,३७६।८९ भई रू.२५,७३४०६।११ वचत रहन सक्ने अवस्था देखिन आयो। सो वचत रकम मध्ये हाल पनि निजसँग रू.१९,९४४८५।८९ बैंक मौज्दात रहेको देखिंदा सो बाहेकको अन्य रकमबाट निजले आफ्नो छोराछोरीको शिक्षा दिक्षा लगायतका अन्य घरायसी खर्च समेत चलाएको मान्नु पर्ने अवस्था देखिन्छ। निज लक्ष्मी प्रसाद ढकालले सार्वजनिक पदमा प्रवेश गरेपछि प्रस्तुत अनुसन्धानको अवधिसम्ममा आर्जन गरेको कूल आय रू.१,३७,७९,७८३।- मध्ये रू.१,१२,०६,३७६।८९ व्यय भई केही रकम वचत समेत भएको देखिन आएकोले निजको आम्दानीको अनुपातमा भएको खर्चको विवरण हेर्दा सो अवधिमा आर्जित सम्पत्तिको स्रोत पुष्टि हुन नसकेको भन्न सकिने अवस्था देखिन आएन। अतः पछि कहीँ कतैबाट निज लक्ष्मी प्रसाद ढकालसँग त्यस्तो कुनै स्रोत नखुलेको सम्पत्ति छ भन्ने खुल्न/देखिन आएमा सोही वखत कानून बमोजिम हुने गरी आयोगको मिति २०६९।३।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

१४०. जिल्ला प्रशासन कार्यालय, रोल्पाको कार्यालय भवन निर्माणको लागि बोलपत्र आव्हान भएकोमा प्र.जि.अ. हरि बास्तोलाले मनोमानी रुपमा बिना प्रतिष्पर्धा आफ्ना मानिसलाई टेण्डर स्वीकृत गराई भ्रष्टाचार गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा निवेदक एटलस्/पूर्ण एण्ड सन्स/जलजला जे.भि. का प्रतिनिधि इश्वरबहादुर पुनले बोलपत्र खरिद गर्न नपाएको, बिना प्रतिस्पर्धा ठूलो घोटाला गर्ने मनसायले प्र.जि.अ.ले फाराम उपलब्ध नगराई प्रहरी हिरासतमा थुनेको लगायतका बिषयमा उजुरी गरेपनि नियमानुसार बोलपत्र उपर कारवाही भई निज पुन कै टेण्डर स्वीकृत भई निर्माण कार्य भइरहेको हुनाले टेण्डर प्रकृयामा अनियमितता भएको भन्ने नदेखिएको हुँदा आयोगको मिति २०६९।३।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

१४१. समाज कल्याण परिषद्का का.मु. उपनिर्देशक बल बहादुर स्वाँरले कामकाज गर्दै आएको आठवर्षको अवधिमा करोडौंको सम्पत्ति आर्जन गरेकोले छानविन गरिपाउँ भन्ने मिति २०६७।११।११ मा परेको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज २०३५ सालमा तत्कालीन सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्मा लेखापाल पदबाट जागीर शुरु गरेको, निजको पैत्रीक जग्गा बेचेर काठमाडौं बलम्बुमा ४ आना ३ पैसा जग्गा लिइ घर बनाइ बसेको भन्ने पाइयो। निजको सो मितिदेखि २०६६ सालसम्मको तलव भत्ता र निजको पैत्रीक सम्पत्तिको रुपमा रहेको बर्दियाको जग्गा बेचेको रकमबाट बलम्बुमा जग्गा किनी घर बनाउन पुग्ने नै देखिएको। तसर्थ तलव भत्ता बापत रू.२५,५४,६३१।-, जग्गा विक्रीबाट रू.८,२८,६००।- गरी जम्मा आय रू.३३,८३,२३१।- र जग्गा खरिदमा रू.२,८०,०००।-, घर निर्माणमा रू.२९,००,०००।- गरी जम्मा व्यय रू.३१,८०,०००।- भएको र वाँकि रकम मध्ये रू.३८,८४०।- बैंकमा जम्मा रहेको अवस्था हुँदा निजको सम्पत्ति र आय स्रोतको बिश्लेषण गर्दा निजको श्रोत खुलेको आय नै खर्चको तुलनामा बढी देखिएको समेतका आधारबाट प्रस्तुत उजुरीमा अरु अनुसन्धान गर्न आवश्यक नदेखिँदा आयोगको मिति २०६९।३।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

परिच्छेद - १५
आयोगका अन्य गतिविधि

(क) अन्तर्राष्ट्रिय सभा सम्मेलन तथा अध्ययन भ्रमण:

१. सन् २०११ को नोभेम्वर ११ देखि २४ सम्म चीनको बेजिङ्गमा संचालित "Economic Devlopment Strategies for Nepal (I)" बिषयमा आयोजना भएको सेमिनारमा आयोगका उप-सचिव श्री सेवन्त राज दहालको सहभागीता रहेको थियो ।

२. सन् २०११ को डिसेम्वर ५ देखि १६ सम्म मलेशियाको क्वालालामपुरमा संचालित "Executive Certificate course For Strategice Mangement of Anti Corruption Progaramme" विषयक कार्यशालामा आयोगका सहसचिव श्री इश्वरी प्रसाद पौडयालको सहभागीता रहेको थियो ।

३. सन् २०१२ को जुन ४ देखि २२ सम्म अमेरिकामा संचालित भएको "Transparency in Federal State and local Goverment" विषयक International Visiter's leadership Programme मा आयोगका सहसचिव श्री इश्वरी प्रसाद पौडयालको सहभागीता रहेको थियो ।

४. सन् २०१२ को जुन १३ देखि जुन २७ सम्म चिनको सांगाइमा संचालित "Seminar on Infrastructure Planning and Development Countries" बिषयमा आयोजना भएको सेमिनारमा आयोगका ई. श्री अनिल शाक्यको सहभागीता रहेको थियो ।

(ख) आन्तरिक गतिविधिहरू :

(अ) अन्तरक्रिया र गोष्ठी :

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धि उजुरीहरुमा अनुसन्धान गरी कारवाही गर्ने गराउने दण्डात्मक र निरोधात्मक कार्यका साथै प्रवर्द्धनात्मक कार्यलाई समेत उत्तिकै महत्व दिई विभिन्न क्षेत्र र जिल्लाहरुमा अन्तरक्रिया, गोष्ठी, तालिम तथा सामुदायिक शिक्षा जस्ता कार्यहरु संचालन गर्दै आएको छ । यसै सन्दर्भमा आ.व.२०६८/०६९ मा निम्नानुसार मुलुकका विभिन्न भागमा अन्तरक्रिया/गोष्ठी सम्पन्न भएका छन् :

१. मिति २०६८ पुष १८ गते देखि २१ सम्म दाङ र रोल्पा जिल्लामा आयोगका उपसचिवद्वय श्री जानकीवल्लभ अधिकारी र कृष्णहरि देवकोटाको नेतृत्वमा आयोगका लेखा अधिकृत श्री भिमप्रसाद त्रिताल समेतको संयुक्त टोलीले जिल्लाका सरकारी कार्यालयको अनुगमन गर्नुका साथै सरकारी कार्यालयका कार्यालय प्रमुखहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार, उद्योग वाणिज्य संघ, कानून व्यवसायी, समाजसेवी, वुद्धिजिवी एवं सर्वसाधारण समेतको व्यापक सहभागीतामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवं स्थानीय निकायको भूमिका विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । सोहि अवसरमा उक्त टोलीले सामुदायिक शिक्षाका साथै सहायकस्तरका कर्मचारीहरुका लागि भ्रष्टाचार नियन्त्रण र अनुसन्धान प्रकृया विषयक तालिम समेत सम्पन्न गरेको थियो ।

२. मिति २०६८ पुष १९ देखि ऐ. २१ गते सम्म आयोगका उपसचिव श्री फलकराम अधिकारी र उपन्यायाधिवक्ता श्री जयानन्द पनेरुको नेतृत्वमा शाखा अधिकृत श्री उदयनाथ बगाले र ना. सु. इन्द्रप्रसाद पौडेल समेतको संयुक्त टोलीले पर्वत र म्याग्दी जिल्लामा सरकारी कार्यालयका कार्यालय प्रमुखहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार, उद्योग वाणिज्य संघ, कानून व्यवसायी, समाजसेवी, वुद्धिजिवी एवं सर्वसाधारण समेतको व्यापक सहभागीतामा भ्रष्टाचार नियन्त्रण र साझा दायित्व विषयमा अन्तरक्रिया कार्यक्रम र सोहि अवसरमा सामुदायिक शिक्षाका साथै सहायकस्तरका कर्मचारीहरुका लागी भ्रष्टाचार नियन्त्रण र अनुसन्धान प्रकृया विषयक तालिम समेत सम्पन्न गरेको थियो ।

३. मिति २०६८ माघ २ देखि ऐ. ६ गतेसम्म कञ्चनपुर र डडेल्धुरा जिल्लामा आयोगका सहसचिव श्री कृष्णप्रसाद ढुंगानाको नेतृत्वमा उपसचिव श्री लक्ष्मण गौतम र शा.अ.श्री गोविन्द प्रसाद घिमिरे समेतको टोलीले जिल्लाका सरकारी कार्यालयका कार्यालय प्रमुखहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार, उद्योग वाणिज्य संघ, कानून व्यवसायी, समाजसेवी, वुद्धिजिवी एवं सर्वसाधारण समेतको व्यापक सहभागीतामा बन फडानी बन क्षेत्र भित्रको बाटो निर्माण विषयक अन्तरक्रिया कार्यक्रम एवं सामुदायिक शिक्षा कार्यक्रम समेत सम्पन्न गरेको थियो ।

४. मिति २०६८ माघ ५ गते सिन्धुपाल्चोक जिल्लामा आयोगका उप सचिव श्री पुरुषोत्तम अधिकारीको नेतृत्वमा बि.नि श्री हिरासिंह भण्डारी, ना. सु. इन्द्रकमल शिवाकोटी र मे. सु द्रोणप्रसाद खनाल समेतको टोलीले जिल्लाका सरकारी कार्यालयका प्रमुखहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार, उद्योग वाणिज्य संघ, कानून व्यवसायी, समाजसेवी, वुद्धिजिवी एवं सर्वसाधारण समेतको व्यापक सहभागीतामा भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवं स्थानीय निकायको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम एवं सामुदायिक शिक्षा कार्यक्रम समेत सम्पन्न गरेको थियो ।

५. सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईको प्रमुख आतिथ्यतामा सम्माननीय संविधान सभा अध्यक्ष सुवासचन्द्र नेम्वाङ लगायतका विशिष्ट व्यक्तित्वहरूको समुपस्थितिमा आयोगको सभाहलमा मिति २०६८ माघ २८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना दिवस विविध कार्यक्रमका साथ सम्पन्न भयो । आयोगका सचिव भगवति कुमार काफ्लेको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराइले आयोगद्वारा प्रकाशित स्मारिकाको विमोचन गर्नुका साथै आयोगका पूर्वसचिव श्री भोगेन्द्र नाथ रीमाललाई दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो । सोही अवसरमा क्षेत्रीय प्रशासन कार्यालय र जिल्ला प्रशासन कार्यालयहरूमा समेत विविध कार्यक्रमका साथ अख्तियार स्थापना दिवस मनाईएको थियो ।

६. मिति २०६८ चैत्र २२ गते आयोगमा भौतिक योजना तथा निर्माण मन्त्रालयका निवर्तमान का.मु. सचिव श्री भारती शर्माद्वारा Global Corruption Rebuilding Hope:

With respect to Corruption in infradtructure Development in Nepal बिषयमा छलफल एवं अन्तरक्रिया सम्पन्न भएको थियो ।

७. मिति २०६८ चैत्र १६ देखि ऐ.२२ गते सम्म जुम्ला र मुगु जिल्लामा आयोगका उपसचिव श्री केशवप्रसाद घिमिरेको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रण : साझा दायित्व विषयक अन्तरक्रिया, सहायक स्तरका कर्मचारीहरुका लागी भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान एवं छानबिन प्रक्रिया सम्बन्धी तालिमका साथै सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न गरेको थियो ।

८. मिति २०६८ चैत्र २५ देखि ऐ. २७ गते सम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोग र Public Administration Association of Nepal को सहकार्यमा बाँके र कैलाली जिल्लामा स्थानीय निकायको लेखा एवं जिन्सी शाखामा कार्यरत कर्मचारीहरु वीच "सुशासनका सन्दर्भमा भ्रष्टाचारको सुन्य सहनशिलता" विषयक प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गर्नुका साथै बाँके जिल्लामा भ्रष्टाचार र सुशासन बिषयमा अधिकृत एवं सहायक कर्मचारीहरुलाई तालिम समेत दिएको थियो । सहसचिव श्री इश्वरीप्रसाद पौड्यालको नेतृत्वमा खटिएको टोलीद्वारा जिल्लास्थित कार्यालय प्रमुख, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज, वुद्धिजिवी, समाजसेवी, शिक्षक, विद्यार्थी, पत्रकार लगायत भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरूको संयुक्त सहभागितामा भ्रष्टाचार नियन्त्रणमा स्थानीय सक्रियता विषयक अन्तरक्रियाका साथै सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न गरेको थियो ।

९. मिति २०६९ बैशाख १९ गते काठमाण्डौ जिल्लाको पाँगा स्थित श्री महिला बचत तथा ऋण सहकारी संस्था एवं महिला मञ्चमा आवद्व सहभागीहरु वीच आयोगका उपसचिव श्री कृष्णहरि देवकोटाको नेतृत्वको टोलीले भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र स्थानिय महिलाहरुको भूमिका बिषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो ।

१०. मिति २०६९ असार ३ देखि ऐ.४ गते सम्म ताप्लेजुङ र इलाम जिल्लामा आयोगकका उपसचिवद्वय श्री जानकीवल्लभ अधिकारी र कृष्णहरि देवकोटाको नेतृत्वमा आयोगका लेखा अधिकृत श्री भिमप्रसाद त्रिताल समेतको संयुक्त टोलीले जिल्लाका सरकारी कार्यालयको अनुगमन गर्नुका साथै भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवं स्थानीय स्तरका सरकारी निकायको भूमिका विषयमा अन्तरक्रिया र सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न गरेको थियो ।

११. मिति २०६९ असार ४ गते रामेछाप जिल्लामा आयोगकका सचिव श्री भगवतिकुमार काफ्लेको नेतृत्वमा आयोगका उप सचिव श्री पुरुषोत्तम अधिकारी समेतको संयुक्त टोलीले जिल्लाका सरकारी कार्यालयको अनुगमन गर्नुका साथै भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र स्थानीय निकायको भूमिका एवं क्रियाशिलता विषयमा अन्तरक्रिया एवं सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न गरेको थियो ।

१२. मिति २०६९ असार ५ देखि ऐ. १६ गते सम्म बर्दिया , डडेलधुरा र डोटी जिल्लामा आयोगका सहसचिव श्री कृष्णप्रसाद ढुंगानाको नेतृत्वमा उपसचिव श्री लक्ष्मण गौतम र शा.अ. श्री गोविन्द प्रसाद घिमिरे समेतको टोलीले त्रिभुवन उ.मा.विद्यालयमा बन फंडानी एवं आयोगको अनुसन्धान प्रकृयाका साथै भ्रष्टाचार नियन्त्रणमा बिधार्थीहरुको भूमिका बिषयक अन्तरक्रिया सहितको सामुदायिक शिक्षा कार्यक्रम सम्पन्न गरेको थियो ।

(आ) तालिमः

१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नै साधन, स्रोत र क्षमताको परिधिभित्र रही आयोगमा सरुवा भई आउने अधिकृत एवं सहायकस्तरका कर्मचारीहरूलाई आयोगको कार्य प्रक्रियाको बारेमा जानकारी दिलाउने उद्देश्यले भ्रष्टाचार नियन्त्रण सम्बन्धी आधारभूत तालिम सञ्चालन गर्दै आएको छ। मिति २०६१ साल देखि संचालन गर्दै आएको उक्त तातिम आ.व.२०६८/०६९ को अन्त्यसम्ममा अधिकृतस्तरको तेह्रौ र सहायकस्तरको आठौ तालिम सम्पन्न भएको छ ।

२. आयोगमा कार्यरत अधिकृत एवं सहायकस्तरका कर्मचारीहरूलाई कम्प्युटरसम्बन्धी ज्ञान दिलाई क्षमता अभिवृद्धि गर्ने अभिप्रायले आयोगको जनशक्तिबाट आयोगकै तालिम कक्षमा आधारभूत कम्प्युटर तालिम कार्यक्रम गरिंदै आएको छ। आ.व. ०६१/०६२ देखि २०६८/०६९ को अन्त्यसम्म ९ वटा आधारभूत तालिम सम्पन्न भएको छ ।

(इ) कार्यपत्र प्रस्तुति र छलफल :

भ्रष्टाचार र अनुचित कार्यका विरुद्ध अनुसन्धान तहकिकात गर्ने/गराउने संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अहं भूमिका खेल्दै आएको छ । आयोगमा कार्यरत जनशक्ति विभिन्न सेवा/समूहका हुने र निजहरूले आयोगको कार्य प्रक्रिया अनुसार छिटोछरितो, वस्तुनिष्ठ र पारदर्शी ढंगले अनुसन्धान सम्पन्न गर्नुपर्ने हुँदा विभिन्न विषयको जानकारी लिनुपर्ने कुरालाई हृदयंगम गरी आयोगमा कार्यरत अनुसन्धान अधिकृतहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सम्बन्धित क्षेत्रका विशेषज्ञहरूबाट विविध विषयका कार्यपत्रहरू प्रस्तुत गर्ने र त्यस उपर छलफल गराउने गरिएको छ ।

(ई) सदाचार रेडियो कार्यक्रम :

भ्रष्टाचार विरुद्ध सचेतना जगाउने एवं आयोगका गतिविधिहरू आम जनसमुदाय समक्ष पुऱ्याउने उद्देश्यले आ.व. २०६१।०६२ देखि प्रत्येक हप्ता रेडियो नेपालबाट १५ मिनेट सदाचार रेडियो कार्यक्रम प्रसारण हुँदै आएको छ। आ.व. २०६४।६५ देखि आयोगकै जनशक्तिबाट उक्त कार्यक्रम शनिबार साँझ ७:४५ बजेदेखि ८:०० बजे सम्म सञ्चालन हुँदै आएको छ। यस कार्यक्रममा आयोगको गतिविधि, समाचार लगायत भ्रष्टाचार विरुद्धका सन्देशहरू प्रस्तुत गर्ने गरिन्छ। सदाचार रेडियो कार्यक्रम स्थानीय स्तरमा प्रभावकारी ढंगले जनतामाझ सुन्न सकियोस् भन्ने हेतुले उक्त कार्यक्रम नेपालका विभिन्न एफएम रेडियोद्वारा प्रसारण गर्ने समेत व्यवस्था मिलाइएको छ ।

(उ) सामुदायिक शिक्षा कार्यक्रम :

आयोगले विभिन्न भ्रष्टाचार नियन्त्रणका उपायहरू अवलम्बन गर्न सक्ने व्यवस्था भए बमोजिम आ.व २०६४/०६५ देखि भ्रष्टाचार विरुद्धको जनचेतनामूलक सामुदायिक शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ । यस कार्यक्रम अन्तर्गत आ.व.२०६८/०६९ को

अन्त्यसम्म विभिन्न १८९ वटा माध्यमिक, उच्च माध्यमिक विद्यालयहरू तथा क्याम्पसका विभिन्न तहमा अध्ययनरत २७,७४४ जना विद्यार्थीहरुलाई सामुदायिक शिक्षा प्रदान गर्नुका साथै कर्मचारीहरु शिक्षक र विभिन्न संघसंस्था, नागरिक समाज र नेपाल सरकारका विभिन्न ६२ वटा निकायका ५,२३१ जनाको सहभागितामा भ्रष्टाचार नियन्त्रण सम्बन्धी अन्तरक्रिया, गोष्ठी कार्यक्रम सम्पन्न भएको छ ।

(ऊ) **सूचना संकलन इकाई (Intelligence Unit) को व्यवस्था :**

भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी सूचना संकलन, विश्लेषण र परीक्षण गरी अनुसन्धान कार्यलाई भरपर्दो बनाउने उद्देश्यले आयोगमा सूचना संकलन इकाई (Intelligence Unit) क्रियाशिल छ । उक्त इकाईले गोप्य सूचना संकलन गर्ने, संवेदनशिल क्षेत्रको निगरानी राख्ने, कार्यपद्धतिको अनुगमन/निरीक्षण गर्ने, भ्रष्टाचार र अनुचित कार्य लगायत आयोगसँग सम्बन्धीत अन्य विभिन्न विषयको गोप्य सूचना संकलन गर्दै आएको छ ।

परिच्छेद १६

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको त्रिवर्षीय रणनीति तथा कार्यक्रम (२०६७–२०६९)

१. पृष्ठभूमि :

भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने राज्यको दायित्व भएको हुँदा सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान तहकिकात गर्न गराउन र विशेष अदालतमा मुद्दा दायर गर्न सक्ने निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको छ। नेपालको अन्तरिम संविधान, २०६३, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र नियमावली,२०५९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ लगायत अन्य प्रचलित कानूनको दायराभित्र रही आयोगले आफूलाई सुम्पिएको जिम्मेवारीलाई कार्यविधि, निर्देशिका, मार्गदर्शनहरू र आचार संहिता समेत बनाई निष्पक्ष, निर्भिक र दृढताका सांथ निर्वाह गर्दै आएको छ। विश्वव्यापी चुनौतीको रूपमा रहेको भ्रष्टाचार नियन्त्रण गर्ने कार्य आयोगको एक्लो प्रयासले मात्र सम्भव नहुने हुँदा यसमा बलियो राजनीतिक प्रतिबद्धता, सरकारी संयन्त्रहरू, निजी क्षेत्र र नागरिक समाजको सक्रिय सहभागिताको आवश्यकता पर्दछ। ऐन कानूनले निर्दिष्ट गरे अनुसारका काम कारबाहीहरूलाई अझ चुस्त दुरुस्त बनाउनका निम्ति आयोगले सर्वप्रथम २०५९ सालमा पाँच वर्षका लागि र २०६३ मा तीन वर्षका लागि भ्रष्टाचार नियन्त्रणसम्बन्धी रणनीति तथा कार्यक्रम तर्जुमा गरी सो रणनीति मुताविक काम गर्दै आएकोमा भ्रष्टाचार नियन्त्रणको कार्यलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न त्रिवर्षीय रणनीति तथा कार्यक्रम (२०६७-२०६९) तर्जुमा गरेको छ।

२. अद्यावधिक स्थितिको समीक्षा :

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार नियन्त्रण विरुद्धको रणनीति, २०५९ , त्रिवर्षीय रणनीति २०६३ र त्रिवर्षीय रणनीति तथा कार्यक्रम (२०६७-२०६९) तर्जुमा गरी कार्यान्वयनमा ल्याएपछि भ्रष्टाचार नियन्त्रणसम्बन्धी काम कारबाहीमा महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् ।

भ्रष्टाचारमुक्त राज्य संयन्त्रको माध्यमबाट कानूनी राज्यको अवधारणा मुताविक सुशासनलाई संस्थागत एवं सुदृढ गरी समृद्ध मुलुक निर्माणका लागि अनुशासित समाजको निर्माण गर्ने दीर्घकालीन सोच र अनुचित कार्य एवं भ्रष्टाचारको मात्रालाई उल्लेखनीय रूपमा घटाउन प्रयास गर्ने उद्देश्यले जारी गरिएको रणनीति अनुरूप आयोगले दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यलाई प्रभावकारी एवं नियमित रूपमा अगाडि बढाउँदै आएको छ।

आयोगको त्रिवर्षीय रणनीति आ.व.२०६४।६५ देखि सुरु भई आ.व.२०६८।६९ को अन्त्यसम्म आइपुग्दा आयोगले आफ्नो आन्तरिक एवं बाह्य गतिविधि बृद्धि गरेको छ। भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान र अभियोजनलाई छिटो छरितो र तथ्यपरक बनाउने प्रयास गरिएको छ। भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी सूचना संकलन र विश्लेषणलाई विश्वासिलो र भरपर्दो बनाउनुका साथै आयोगको निर्णय कार्यान्वयनलाई सशक्त र प्रभावकारी बनाउने सिलसिलामा राष्ट्रिय राजनीतिक दलका प्रतिनिधिहरू, नेपाल सरकारका मुख्य सचिव एवं सचिवहरू, विभागीय प्रमुखहरू, सार्वजनिक संघसंस्थाका प्रमुखहरू र वित्तीय संघसंस्थाका प्रमुखहरू समेतको संयुक्त सहभागितामा सुशासन, सदाचारिता, अनुचित कार्य र भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा व्यापक छलफल र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको फलस्वरूप उल्लिखित निकायहरू आयोगप्रति सकारात्मक देखिनुका साथै भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा आयोग अझ बढी प्रभावकारी, विशेषज्ञतायुक्त र दक्षताप्राप्त निकायको रूपमा विकसित हुँदै आएको छ।

भ्रष्टाचार विरुद्धका अजुरी संकलनका लागि आयोगले Online Complains, टेलिफोन फ्याक्स र टोल फ्रि नं. को व्यवस्था गर्दै आइरहेको छ। सम्पर्क अधिकृत (Focal Point) को बैठकलाई नियमित तुल्याई क्षेत्रगत समस्या र विषयलाई छिटोछरितो र विश्वसनीय बनाउने प्रयास भएको छ। साथै नयाँ संविधानमा आयोगको भावी संरचना र आवश्यकतासम्बन्धी मस्यौदा तयार गरी संविधान सभा संवैधानिक निकायको संरचना निर्धारण समितिमा पठाइएको थियो। भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि अनुकूल भ्रष्टाचार निवारण ऐन, २०५९ लाई परिमार्जन एवं संशोधन गर्ने कार्यका लागि आयोगमा समिति गठन भई समितिले मस्यौदाको प्रतिवेदन तयार गरी प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालयमा प्रस्तुत गरिसकेको छ। सार्वजनिक संस्थाहरूमा आचारसंहिताको निर्माण र सुशासन इकाईको गठन लगायत अनुगमन कार्यमा जोड दिइएको छ। गैरसरकारी संघ संस्थाहरूसँग भ्रष्टाचार विरुद्ध सहकार्यको थालनी गरिएको छ।

यस अवधिमा आयोगको पहलमा विभिन्न मन्त्रालय अन्तरगतका ४९ वटा विभागहरूको कार्यविधि (कार्य सञ्चालन निर्देशिका) तयार गराई सञ्चालनमा ल्याएको छ। त्यसैगरी विभिन्न विषयका आन्तरिक कार्य निर्देशिका र मार्ग निर्देशिकाको निर्माण गरी अनुसन्धानसम्बन्धी कार्यलाई प्रभावकारी तुल्याउने प्रयास भएको छ। भ्रष्टाचार नियन्त्रणको कार्य छिटोछरितो रूपमा सम्पन्न गर्न सकियोस् भन्ने उद्देश्यले क्षेत्रीय प्रशासकहरू, प्रमुख जिल्ला अधिकारीहरू र सरकारी वकिलहरूलाई आयोगले अधिकार प्रत्यायोजन गरेको छ। १० वटा जिल्लाहरूमा भ्रष्टाचार नियन्त्रण सम्बन्धमा पाइलट कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। स्थानीय स्तरमा भ्रष्टाचार विरुद्धको अभियानलाई सशक्त बनाउने उद्देश्यले भ्रष्टाचार विरुद्धको समितिसम्बन्धी कार्यविधि, २०६३ लाई समसामयिक परिमार्जन गरी भ्रष्टाचार विरुद्धको समितिसम्बन्धी कार्यविधि, २०६६ प्रत्यक जिल्लामा लागु गरिएक छ।

स्थानीय समन्वय समितिको गठन गरी स्थानीय स्तरबाट नै भ्रष्टाचार विरोधी अभियान सञ्चालन भइरहेको छ ।

आयोगमा कार्यरत अधिकृत तथा सहायकस्तरका कर्मचारीहरू लगायत अन्य सरोकारवाला निकायका कर्मचारीहरूलाई अनुसन्धान र अभियोजन सम्बन्धमा अनुशिक्षण र तालिमको व्यवस्था गरी सीप विकास र दक्षता अभिवृद्धि गरिएको छ ।

आयोगका गतिविधिलाई पारदर्शी बनाउने उद्देश्यले प्रेस भेटघाट, प्रेस विज्ञप्ति, बुलेटिन, ब्रोसियर, पम्प्लेट लगायत स्टिकरको प्रयोग र वितरणमा व्यापकता बनाइएको छ भने भ्रष्टाचार विरुद्धको जनचेतना अभिवृद्धि गर्ने खालका प्रचार प्रसार सामग्रीको छपाई र वितरण गर्ने कार्यहरू गर्दै आएको छ । यसै गरी आयोगका कर्मचारी एवं पदाधिकारीहरूबाट समय समयमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूमा सहभागिता जनाई भ्रष्टाचार नियन्त्रणको निम्ति चालिएका कदमहरूका बारेमा अनुभव आदान प्रदान गर्ने गरिएको छ ।

आयोगको मिति २०६६-९-२० को निर्णयानुसार नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी नेपालको अन्तरिम संविधान, २०६३ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको तथा सो कसुरमा संलग्न अन्य व्यक्तिका सम्बन्धमा अनुसन्धान तहकिकात गर्न तथा मुद्दा चलाउन आयोगलाई प्राप्त अधिकार आयोगको पदाधिकारी नियुक्ति भई नआएसम्मका लागि आयोगका सचिवलाई सुम्पिई आयोगलाई निरन्तरता दिने काम भएको छ ।

अनुसन्धानसँग सम्बन्धित विभिन्न विषय एवं ऐनकानूनका बारेमा विशेषज्ञहरू झिकाई आयोगमा नै अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । सरकारी, गैरसरकारी, निजी क्षेत्र, उद्योगी, व्यापारी, समाजसेवी, नागरिक समाज, शिक्षक, विद्यार्थी लगायत अन्य सरोकारवालाहरूको संयुक्त सहभागितामा विभिन्न विकास क्षेत्र एवं जिल्लाहरूमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गतिविधि/भावी रणनीति एवं भ्रष्टाचार नियन्त्रणमा स्थानीय जनसहभागिता विषयक अन्तरक्रिया/गोष्ठीको आयोजना गरी व्यापक रूपमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिदै आइरहेको छ ।

आयोगको काम कारबाहीलाई बढी चुस्त र प्रभावकारी बनाउन निम्न रणनीति तर्जुमा गरिएको छ ।

३ दीर्घकालीन सोच :

भ्रष्टाचारमुक्त राज्य संयन्त्रको माध्यमबाट कानूनी राज्यको अवधारणा मुताविक सुशासनलाई सुदृढ गरी समृद्ध मुलुक निर्माणका लागि अनुशासित समाजको स्थापना गर्न सहयोग पुऱ्याउने ।

४. **उद्देश्य र लक्ष्य :**

उद्देश्य :

राज्य संयन्त्रमा तीन वर्षभित्र अनुचित कार्य र भ्रष्टाचारको मात्रा उल्लेखनीय रूपमा घटाउन प्रयास गर्ने ।

लक्ष्य :

- भ्रष्टाचार नियन्त्रणको सिलसिलामा दण्डात्मक काम कारबाहीलाई समन्वयात्मक एवं सशक्त ढंगले अगाडि बढाई सुशासन कायम गर्न टेवा पुऱ्याउने ।
- भ्रष्टाचार नियन्त्रणमा निरोधात्मक उपायहरूद्वारा प्रणालीगत सुधार गरी असल शासनलाई टेवा पुऱ्याउने ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा भ्रष्टाचार विरुद्ध प्रवर्द्धनात्मक र जनचेतना मूलक कार्यक्रमको माध्यमबाट समाजमा सदाचार पद्धतिको निर्माण गरी सामाजिक अनुशासन कायम गर्न सहयोग पुऱ्याउने ।
- भ्रष्टाचार नियन्त्रणको मामलामा विशेषज्ञता प्राप्त निकायको रूपमा आयोगको संस्थागत सवलीकरण गर्ने ।

५. **रणनीति :**

- भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी सूचना संकलन र विश्लेषण कार्यलाई अझ भरपर्दो बनाउने ।
- भ्रष्टाचार र अनुचित कार्यसम्बन्धी अनुसन्धान र अभियोजनलाई छिटोछरितो र तथ्यपरक बनाउने ।
- भ्रष्टाचार र अनुचित कार्यका विरुद्ध अनुसन्धान, अभियोजन र कारबाही गर्ने आयोगको निर्णय कार्यान्वयनलाई समन्वयात्मक, सशक्त र प्रभावकारी बनाउने ।
- भ्रष्टाचार नियन्त्रणका लागि तर्जुमा गर्नुपर्ने र परिमार्जन गर्नुपर्ने कानूनहरूका विषयमा समन्वय गर्ने ।
- स्थानीय स्तरमा भ्रष्टाचार विरुद्धको कारबाहीलाई अझ सशक्त बनाउने ।
- अनियमितता र भ्रष्टाचारको दृष्टिकोणले जोखिम (Corruption Prone Zones) भनी पहिचान भएका क्षेत्रहरूलाई सदाचारको टापु (Island of Integrity) को रूपमा विकास गर्ने ।
- विभागहरूको कार्यविधिको कार्यान्वयन र अनुगमन निरन्तर रूपमा गर्ने गराउने ।

- सार्वजनिक, व्यावसायिक तथा व्यापारिक समुदाय, र संगठित क्षेत्रको आचार संहिताको प्रभावकारी रूपमा अनुगमन गर्ने गराउने ।
- सार्वजनिक सेवा प्रवाहको लागि निर्धारित सूचकहरूको अनुगमन र मूल्यांकन गर्ने ।
- नागरिक समाज तथा गैरसरकारी संस्थाहरूको सहयोग र संलग्नतामा भ्रष्टाचार विरुद्ध शून्य शहनशीलता अभिवृद्धि गर्दै जाने ।
- भ्रष्टाचार र अनियमितता विरुद्ध सामुदायिक शिक्षा तथा जनचेतना अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिने ।
- भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धिका लागि प्रचार प्रसारलाई अझै सशक्त रूपमा विस्तार गर्दै लाने ।
- भ्रष्टाचार विरोधी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सम्बन्ध र सम्पर्कको विकास र विस्तार गर्ने ।
- स्थानीय निकायहरू मार्फत भ्रष्टाचार विरुद्धको कार्यक्रमलाई घरदैलोसम्म पुऱ्याउने ।
- भ्रष्टाचार नियन्त्रण कार्यमा आयोगलाई बढीभन्दा बढी विशेषज्ञता र दक्षताप्राप्त निकायको रूपमा विकास गर्दै लग्ने ।
- आयोगको कार्य प्रकृति अनुरूपको कर्मचारी विकास, तालिम र काम गर्ने वातावरण को विकास गर्ने ।
- आयोगको कार्य उपलब्धिका आधारमा कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन र दण्ड पुरस्कार गर्ने पद्धतिलाई निरन्तरता दिने ।
- आयोगको लागि आवश्यक भौतिक साधन र स्रोतको व्यवस्था गर्ने ।
- आयोगको सूचना व्यवस्थापन प्रणालीलाई अझ भरपर्दो र विश्वसनीय बनाउने

परिच्छेद - १७
भावी संविधानमा आयोग सम्बन्धी प्रस्तावित मस्यौदा

भावी संविधानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धी प्रस्तावित गरिएको मस्यौदा :

राज्यका विभिन्न अंग/निकायमा कार्यरत पदाधिकारीबाट हुनसक्ने स्वेच्छाचारी, अनियमितता र वेमुनासिव कार्यका विरुद्ध नागरिकको हक हितको रक्षा गरी सुशासन कायम गर्नु राज्यको कर्तव्य हो । जनताको आकांक्षा र आवश्यकता अनुरूप राज्यका कार्य क्षेत्र जति बढ्दै जान्छ, त्यति सरकारी संयन्त्रमा कार्यरत पदाधिकारीद्वारा अख्तियारको दुरुपयोग गरी अनुचित कार्य तथा भ्रष्टाचार हुन सक्ने सम्भावनाका क्षेत्र पनि व्यापक हुन सक्दछन् । सार्वजनिक सेवा प्रदान गर्ने कार्यमा संलग्न पदाधिकारी लाई जनताप्रति उत्तरदायी बनाउन र उनीहरूका क्रियाकलाप जनताको हितमा लगाउन तथा असल शासनको सचेतकको रूपमा कार्य गर्ने संस्थाको राज्यलाई आवश्यकता पर्दछ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका समय सापेक्ष चुस्त र दुरुस्त हुन आवश्यक छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३८ ले संघीय शासन प्रणाली सहितको राज्यको अग्रगामी पुनर्संरचनाको प्रावधान राखेको सन्दर्भमा भावी संविधानमा खास गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठनात्मक स्वरूप, काम, कर्तव्य र अधिकार क्षेत्र, पदाधिकारीहरूको नियुक्ति, पुन नियुक्तिको प्रक्रिया, पदाधिकारीहरूको योग्यता, पदावधि, पद रिक्त हुने अवस्था जस्ता विषयमा आयोगले व्यापक छलफल, गोष्ठी, सभा, सम्मेलन र प्रश्नावली समेतका आधारमा आयोगका तर्फबाट निम्न अनुसारको मस्यौदा प्रस्ताव गरिएको छ ।

भाग -

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

- **अख्तियार दुरुपयोग अनुसन्धान आयोगः** (१) नेपालमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहनेछ जसमा प्रमुख आयुक्त र आवश्यक संख्यामा अन्य आयुक्तहरू रहनेछन् । प्रमुख आयुक्तले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अध्यक्ष भई काम गर्नेछ ।

  (२) अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यकता अनुसार देशका विभिन्न भागमा तोकिएको क्षेत्राधिकार प्रयोग गर्न पाउने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय स्थापना गर्न सक्नेछ ।

  (३) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा प्रमुख आयुक्त र अन्य आयुक्तहरूको नियुक्ति गर्नेछ ।

  (४) प्रमुख आयुक्त र अन्य आयुक्तहरूको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ ।

तर,

प्रमुख आयुक्त र आयुक्तलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।

(५) देहायका अवस्थामा प्रमुख आयुक्त वा आयुक्तको पद रिक्त भएको मानिनेछः-

(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,

(ख) उपधारा (४) बमोजिम निजको पदावधि पूरा भएमा,

(ग) महा अभियोग लागेमा वा

(३) निजको मृत्यु भएमा ।

(६) देहाय बमोजिमको योग्यता नभई कुनै व्यक्ति प्रमुख आयुक्त वा आयुक्तको पदमा नियुक्तिको लागि योग्य हुने छैन :-

(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तरपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,

(ग) कानून, प्रशासन, व्यवस्थापन, लेखा, राजस्व, इन्जिनियरिङ, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा बीस वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको,

(घ) पैंतालीस वर्ष उमेर पूरा भएको, र

(ङ) उच्च नैतिक चरित्र कायम भएको ।

(७) प्रमुख आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका अन्य शर्तहरू सर्वोच्च अदालतको न्यायाधीश सरह हुनेछ । प्रमुख आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।

(८) प्रमुख आयुक्त वा आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।

तर,

(क) प्रमुख आयुक्त र आयुक्तलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त र आयुक्तको पदमा पुनःनियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन ।

(ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

- **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार:** (१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ ।

  (२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस संविधान बमोजिम महाभियोग लाग्ने पदाधिकारी, न्यायाधीश र सैनिक ऐन बमोजिम सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ ।

  (३) प्रचलित कानुन बमोजिम दर्ता भएको निजी, राष्ट्रिय तथा अन्तराष्ट्रिय अविच्छिन्न उत्तराधिकारवाला संगठित संस्था वा राजनीतिक संगठन वा व्यावसायिक तथा वर्गीय संगठन र त्यस्तो संस्था वा संगठनको कुनै पदमा बहाल रहेको कुनै पदाधिकारी वा कर्मचारीले भ्रष्टाचार गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गर्न वा गराउन सक्नेछ ।

  (४) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दुरुपयोग गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजलाई सचेत गराउन वा अख्तियारवालाको अधिकार प्रयोग गरी विभागीय कारबाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारबाही गर्न सक्नेछ ।

  (५) उपधारा (१), (२), (३) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट कुनै व्यक्ति, संस्था वा संगठनले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

  (६) उपधारा (१), (२), (३) बमोजिम अनुसन्धान र तहकिकात गरिएका कुनै व्यक्ति, संस्था वा संगठनको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखीपठाउन सक्नेछ ।

  (७) यस संविधानको अधीनमा रही अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा व्यवस्था भए बमोजिम हुनेछ ।

  (८) अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने उपधारा १ देखि ७ सम्मका आफ्नो काम, कर्तव्य र अधिकारमध्ये सबै वा कुनै काम, कर्तव्य र अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।

(९) आयोगले स्वदेशी तथा विदेशी भ्रष्टाचार न्युनिकरण संग सम्वन्धीत स्वदेशी एवं विदेशी संघ संस्थाहरुसँग समन्वय गरि संयुक्त रुपमा अनुसन्धान तहकिकात गर्न सक्नेछ ।

- **महासचिव र कर्मचारीसम्बन्धी व्यवस्थाः**- (१) प्रमुख आयुक्तको सामान्य निर्देशनमा रहने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रशासनिक काम कारबाही सञ्चालन गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा एकजना नेपाल सरकारको मुख्य सचिव सरहको महासचिव रहनेछ । निजको नियुक्ति अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सिफारिसमा मन्त्रिपरिष्दले गर्नेछ ।

(२) महासचिवको अन्य काम, कर्तव्य र अधिकार तथा सेवाका शर्तहरू कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्य सञ्चालनका लागि छुट्टै सेवा रहने गरी कर्मचारीको व्यवस्था हुनेछ । त्यस्तो सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरू ऐनद्वारा निर्धारण गरिए बमोजिम हुनेछ ।

तर, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यकता अनुसार नेपाल सरकारका अन्य जुनसुकै सेवा समूहका कर्मचारीहरूलाई काममा लगाउन सक्नेछ ।

- **वार्षिक प्रतिवेदनः** (१) यस संविधान बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन व्यवस्थापिका संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा वर्षभरि परेका उजुरी, अनुसन्धान तहकिकात गरी कानून बमोजिम अधिकार प्राप्त अदालतमा दायर गरेको र तामेलीमा राखेको मुद्दाको संख्या, अनुचित कार्य गरेकोमा सचेत गराएको वा विभागीय कारबाही वा अन्य कारबाही गरिएको संख्या, भ्रष्टाचार निवारणका सम्बन्धमा भएको उपलब्धि तथा सो सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारको विवरण उल्लेख गर्नुपर्नेछ ।

नोटः-

१. यस भागमा गरिएका व्यवस्थाबाट अर्को भाग वा धारामा पर्न सक्ने असर बारे विचार गरिनुपर्दछ । जस्तो सबै सार्वजनिक पदाधिकारीहरू भ्रष्टाचारका विषयमा आयोगको दायराभित्र आएपछि महाभियोग लगाउन सकिने संविधानको सम्बन्धित धारामा आवश्यक परिमार्जन गर्नुपर्ने हुनसक्छ ।

२. महालेखा परीक्षकको प्रतिवेदनमा असुल उपर गर्नुपर्ने गरी देखिएका बेरुजुसम्बन्धी विषय आवश्यक कारबाहीका लागि आयोगम पठाउनुपर्ने कुरा सो भागमा उल्लेख हुनुपर्ने हुन्छ ।

३. प्रमुख आयुक्त र आयुक्तहरू संवैधानिक पद भएकाले निजहरूको नियुक्ति गर्दा वंशज हुनुपर्ने वा अंगिकृत भए १० वर्ष बसोबास भएको हुनुपर्ने धारालाई पनि विर्सनु हुन्न । यदि संवैधानिक निकायका पदहरूका लागि अन्य योग्यता र समावेशितासम्बन्धी धारा कायम हुने भयो भने सोही अनुसार यस भागका व्यवस्थाहरूलाई मिलाउनुपर्ने हुनसक्छ ।

४. राजनैतिक दलहरूले लिने चन्दा र निर्वाचन खर्च सम्बन्धमा दिइने विवरण आयोगमा पनि पठाउनुपर्ने व्यवस्था भएमा सो कुरा दलसम्बन्धी भाग वा निर्वाचन आयोगको भागमा उल्लेख हुनुपर्ने हुनसक्छ ।

परिच्छेद - १८
उपसंहार

सुशासन, पारदर्शिता, जवाफदेहिता र सदाचारिता हरेक कानूनी राज्य र लोकतन्त्रका आधारस्तम्भ हुन । यी आधारस्तम्भ कमजोर भएमा र भ्रष्टाचार नियन्त्रणले देशमा प्राथमिकता पाउन नसकेमा सुशासन, आर्थिक विकास र कानूनी राज्यको चर्चा, परिचर्चामा मात्र सीमित हुन गई अन्ततोगत्वा देश असफल राष्ट्र हुन सक्ने खतरालाई नजर अन्दाज गर्न सकिदैन । सरकारले आवश्यक ऐन, नियम, नीति, रणनीति, योजना, कार्ययोजना तथा कार्यक्रमहरू तजुमा गरी नागरिक समाज, न्यायपालिका, निजीक्षेत्र एवं अन्तर्राष्ट्रिय समुदायको सहयोगमा भ्रष्टाचार न्यूनीकरण गरी सुशासन कायम गर्ने कार्यलाई प्रभावकारीरुपमा लागू गर्नु पर्ने कुरामा कसैको दुईमत हुन सक्दैन । अहिलेको तरल राजनीति र व्यापक दण्डहिनताको अवस्थामा नेपालबाट भ्रष्टाचार नियन्त्रण गर्ने कार्य एकदमै चुनौतीपूर्ण रहेको छ । विधिको शासन, पारदर्शिता, जवाफदेहिता तथा सदाचारितालाई संगसंगै लान र मुलुकमा रहेको व्याप्त भ्रष्टाचारलाई न्यूनिकरण गर्न सकिएन भने आम जनसमुदायको लोकतन्त्रप्रतिको आस्था एवं विश्वास जोगाई राख्न पक्कै पनि सकिदैन । प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, स्वतन्त्र र सक्षम न्यायपालिका तथा कानूनी राज्यको अवधारणा मुताबिक लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात गरी भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा समाजका हरेक क्षेत्रबाट अपेक्षित सहयोग प्राप्त हुनुनै पर्दछ ।

सरकार, निजी क्षेत्र र नागरिक समाज सबैको सहयोग तथा सहकार्यबाट मात्र भ्रष्टाचार न्यूनीकरण गर्न सकिन्छ । आवश्यक र ठोस ऐन, कानून, पर्याप्त साधन, श्रोत र राजनैतिक इच्छाशक्ति विना भ्रष्टाचार न्यूनीकरण प्रायः असम्भव नै छ । सदाचार पद्धतिको विकासको साथै इमान्दार र अनुशासित कर्मचारीतन्त्र तथा प्रतिबद्ध राजनैतिक नेतृत्व भएमा मात्र भ्रष्टाचार नियन्त्रण गर्न सम्भव हुन्छ । यसका लागि सवै निकायले आ-आफ्नो ठाउँबाट लगनशिल र इमान्दारीका साथ नियमित कार्य गर्न सक्नु पर्दछ । विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दण्डात्मक, निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै भ्रष्टाचार न्यूनीकरण कार्यलाई तदारुकताका साथ अगाडि बढाएको छ । भ्रष्टाचार गरेपछि दण्डदिने प्रवृत्ति भन्दा भ्रष्टाचार हुने अवस्था नै श्रृजना हुन नदिन आयोगले विभिन्न सरकारी तथा गैरसरकारी निकाय, बुद्धिजीवीवर्ग, पत्रकार, उद्योगी, व्यापारी, नागरिक समाज र अन्तर्राष्ट्रिय दाताहरू समेतको सहभागितामा गोष्ठी, अन्तरक्रिया, सामुदायिक शिक्षा, तालिम, सभा सम्मेलन, सदाचार रेडियो कार्यक्रम जस्ता निरोधात्मक, सुधारात्मक एवं प्रबर्द्धनात्मक कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ ।

भ्रष्टाचारको विरुद्धमा व्यापक जनचेतना नफैल्याएसम्म भ्रष्टाचार न्यूनीकरण गर्ने कार्य प्रभावकारी नहुने कुरालाई दृष्टिगत गरी आयोगले सामुदायिक शिक्षा कार्यक्रमलाई केन्द्र देखि स्थानीयस्तरसम्म,

विद्यालयदेखि विश्वविद्यालय तथा नेपाल सरकारका निकाय तथा कार्यालयसम्म सशक्त रुपले अगाडि बढाउँदै आइरहेको छ। भ्रष्टाचार विरुद्धको सन्देश आम जनतासम्म पुगोस् भन्ने हेतुले आयोगले ब्रोसियर, स्मारिका, न्यूज लेटर, पोष्टर, पम्पलेट, बुकलेट, स्टिकर आदिको प्रकाशन तथा वितरण गर्दै आएको छ। आयोगले सर्वसाधारण नागरिकको पहुँच पुग्ने गरी इमेल, इन्टरनेट तथा टोल फ्रि टेलिफोनको सुविधासाधनको सूचना प्रणालीलाई प्रभावकारी बनाइएको छ। उपर्युक्त कार्य बाहेक आयोगले राष्ट्रिय/अन्तर्राष्ट्रिय भ्रष्टाचार विरोधी संघसंस्थाहरूसंग सम्पर्क स्थापना तथा सहकार्य गर्ने कार्य गर्नुका साथै सूचना संकलन तथा प्रवाहको प्रभावकारी व्यवस्था समेत गर्दै आएको छ। आयोगले राजस्व वृद्धि, विकास आयोजनाहरूमा लाग्ने लागत, समय कटौती, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता तथा गुणस्तरमा अभिवृद्धि जस्ता सुशासनका बिभिन्न आयामहरूमा विभिन्न सहयात्री र सहकर्मीहरूबाट प्राप्त सुझाव र सहयोगको अधिकतम सदुपयोग गर्दै आएको छ। भ्रष्टाचार र अनुचित कार्य सम्बन्धी गोप्य सूचना संकलन तथा सम्प्रेषण गर्नका लागि आयोगमा इन्टेलिजेन्स युनिट क्रियाशील छ। अख्तियार दुरुपयोगको अनुसन्धान र रोकथाम जस्तो कार्य प्रभावकारी बनाउन आयोगले वेभ साइटको नियमितरुपमा प्रयोग गर्दै आएको छ।

देशमा सुशासन कायम गरी भ्रष्टाचार न्यूनीकरण गर्ने कार्यमा सघाउ पुऱ्याउने उद्देश्यले आयोगको आन्तरिक सुधार, कार्य पद्धतिमा सुधार, निर्णयको प्रभावकारी कार्यान्वयन, सुशासन ईकाई गठन, आचारसंहिता निर्माण र जनचेतना अभिबृद्धि लगायतका कार्यक्रमहरू प्रभावकारी ढंगले अबलम्बन गर्दै आएको छ। यस्ता कार्यहरू अन्य सरकारी तथा सार्वजनिक निकायहरूमा समेत प्रभावकारी रुपमा लागु गर्न निर्देशन दिई सो को अनुगमन समेत गर्ने गरेको छ। भ्रष्टाचार नियन्त्रणका लागि समष्टिगत समाधानको अवधारणा अनुसार दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरूलाई एकै साथ अगाडि वढाउने नीति अंगिकार गरी तयार पारिएको रणनीति (२०६४-२०६७) सफलतापूर्वक सम्पन्न भएको छ । आगामी दिनमा भ्रष्टाचार नियन्त्रण सम्वन्धी कार्यहरूलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्न आयोगको त्रिवर्षीय रणनीति (२०६७-२०६९) तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकिएको छ।

यस पृष्ठभूमिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका पनि समय सापेक्ष हुने कुरालाई हृदयङ्गम गरी भावी संविधानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठनात्मक स्वरूप, काम, कर्तव्य र अधिकार, पदाधिकारीहरूको नियुक्ति, पुनः नियुक्तिको प्रक्रिया, पदाधिकारीहरूको योग्यता, पदावधि, पद रिक्त हुने अवस्था जस्ता विषयमा व्यापक छलफल, गोष्ठी, अन्तरक्रिया, सभा, सम्मेलन र रायसुझाव समेतका आधारमा आयोगका तर्फबाट तयार गरिएको प्रस्तावित मस्यौदा प्रतिवेदनमा संलग्न छ।

आयोगमा आर्थिक वर्ष २०६८/६९ मा विभिन्न माध्यमद्वारा जम्मा ८८३९ वटा उजुरीहरू परेका थिए। ती उजुरीहरू मध्ये ५४६६ वटा (६१.८४%) उजुरीहरू फछ्यौंट भएका छन्। बाँकी ३३७३ वटा उजुरीहरू आर्थिक वर्ष २०६९/७० मा जिम्मेवारी सारिएको छ। यस आ.व.मा १२३ थान भ्रष्टाचार सम्बन्धी मुद्दाहरू विशेष अदालतमा दायर गर्ने निर्णय भए भने १११ थान मुद्दाहरू दायर

गरियो । विशेष अदालतबाट भएको फैसलामा आयोगलाई चित्त नबुझेका कारण १८ वटा मुद्दाहरूमा पुनरावेदन गरिएकोछ । १४ वटा उजुरीहरूमा बिभागीय कारवाहीकालागि सम्बन्धित निकायमा पठाइयो भने ६ वटा उजुरीहरूमा सार्वजनिक पदाधिकारीहरूलाई सचेत गराउनकोलागि लेखी पठाइएको छ । सोही अवधिमा विभिन्न निकायहरूमा ३६ वटा सुझाबहरू पठाइयो, ७ वटा उजुरीहरूमा विभिन्न निकायहरूको ध्यानाकर्षण गराइयो र ८ वटा उजुरीहरूमा असूल उपरकालागि लेखिएको छ । आवश्यक कारवाही गर्न १०९२ वटा उजुरीहरू सम्बन्धित निकायहरूमा लेखी पठाइएका छन् । आयोगबाट अधिकार प्रत्यायोजन गरिएका पाँच विकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरूमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी ३२३ उजुरी परेकोमा जम्मा १०१ उजुरी फछ्यौंट भई २२२ उजुरी फछ्यौंट हुन बाँकी रहेको प्रतिवेदन प्राप्त हुन आएको छ । त्यस्तै ७५ जिल्ला प्रशासन कार्यालयहरूमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी १८४३ उजुरी परेकोमा जम्मा ६३६ उजुरी फछ्यौंट भई १२०७ उजुरी फछ्यौंट हुन बाँकी रहेको अवस्था छ ।

संयुक्त राष्ट्र संघको भ्रष्टाचार विरुद्धको महासन्धी संसदबाट मिति २०६७।११।१२ मा अनुमोदन भैसकेको छ । सो महासन्धीसंग मेल खाने गरी मौजूदा कानूनहरू संशोधन एवं परिमार्जन गर्नुका साथै सो महासन्धीको मर्म र भावना अनुरुप नयाँ कानूनहरू समेत निर्माण गर्नु जरुरी भइसकेको महशुस गरी नेपाल सरकारले महासन्धिसँग मेलखाने गरी नयाँ कानून निर्माण गर्न तथा मौजुदा कानून संशोधन एवं परिमार्जन गर्न नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा स्टेयरिङ्ग कमिटी गठन गरी कानून निर्माण तथा संशोधनको थालनी गरेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सरोकारवाला निकायका कर्मचारीहरूको क्षमता र मनोबल बढाई आयोगलाई साधन श्रोतयुक्त तुल्याउनु अपरिहार्य भइसकेको छ । यसो भएमा आयोगको भ्रष्टाचारमुक्त राज्य संयन्त्रको माध्यमबाट समुन्नत तथा अनुशासित समाजको स्थापना गर्ने दीर्घकालिन सोंचलाई साकार पार्न मद्दत पुग्नेछ । सरोकारवाला निकायका कर्मचारीहरूलाई भ्रष्टाचार नियन्त्रण सम्वन्धी तालीम, गोष्ठि, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन गरी भ्रष्टाचार नियन्त्रणमा योगदान पुऱ्याउन सक्ने कुरा निर्विवाद छ । भ्रष्टाचारीहरू कुनै पनि हालतमा उम्कन र छुट्न नपाउन भन्नाका लागि अत्याधुनिक अनुसन्धान प्रविधिको प्रयोग अपरिहार्य भइसकेको छ जसका लागि सरकार तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूको सहयोगको उत्तिकै जरुरी छ । उजुरीहरूको चाप तथा प्रभावकारी अनुसन्धानका लाग जिल्लास्तरमा आयोगका कार्यालयहरू स्थापना गर्न नितान्त जरुरी भएको छ ।

मौका नपाउँदासम्म इमान्दार बन्ने विवशत्यागी प्रवृत्तिका व्यक्तिहरू र मौका पाएपछि सदाचारिताको स्खलन हुने प्रवृत्ति धेरै खतरनाक हुने हुँदा भ्रष्टाचार गर्ने जुनसुकै क्षेत्रमा संलग्न र जतिसुकै ठूलो ओहोदामा रहने किन नहुन् तिनीहरूलाई हदैसम्मको सजायँ दिलाउनका साथै हरेक व्यक्तिमा भ्रष्टाचारप्रति शून्य सहनशीलताको विकास गर्नु आज नितान्त आवश्यक भइसकेको छ । जसको लागि नेतृत्व तहमा वस्नेले आफ्नो जिम्मेवारीप्रति प्रतिवद्ध हुनु जरुरी छ । त्यसैगरी सर्वसाधारणको हकमा जनचेतना एवं जनसहभागिताको खाँचो छ । शासन संचालनमा नातावाद, कृपावाद आदिको अन्त्य गरी नैतिकता, इमान्दारिता, जवाफदेहिता, पारदर्शीता र सदाचारिताको अवलम्बन गर्ने

परिपाटी कायम गर्न सकेमा मात्र भ्रष्टाचार नियन्त्रण हुने यथार्थतालाई कसैले इन्कार गर्न सक्दैन । भ्रष्टाचार नियन्त्रण गर्न र मुलुकमा सुशासन कायम गर्न लोकतन्त्र, मानव अधिकार, राजनैतिक स्थिरता, सक्षम कर्मचारीतन्त्र, खुला बजारमुखी अर्थतन्त्र, अर्थपूर्ण विकेन्द्रीकरण, स्थानीय निकायहरूको स्वायत्तता र कानूनी राज्य जस्ता सुशासनका विविध पक्षको समुचित विकासको आवश्यकता आजको टड्कारो चुनौती हो । भ्रष्टाचारीलाई सामाजिक वहिष्कार गर्ने वातावरणको श्रृजना नगरिएसम्म भ्रष्ट प्रवृत्तिको अन्त्य नहुने हुदाँ भ्रष्टाचार नियन्त्रणमा सबै तह र तप्काबाट उचित सहयोग र सहकार्यको आयोगले अपेक्षा राखेको छ ।

अनुसूची – १

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठन तालीका



अनुसूची –२(१)

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

मितिः २०६९/०३/३१

आयोगमा कार्यरत पदाधिकारी एवं कर्मचारीको संख्यात्मक विवरण :

सि.नं.	पदाधिकारी/स्तर	दरबन्दी	पुल दरबन्दी	फाजिल	काज (निजामती/प्रहरी/वैक/संस्थान)	सुरक्षा	थुनुवा	करार	जम्मा
१	संबैधानिक पदाधिकारीज्यूहरु	-	-	-	-	-	-	-	-
२	अधिकृतस्तर	९६	४	१	२४	-	-	-	१२५
३	सहायक स्तर	४२	७	५	३२	१४+५=१९	८	-	११३
४	श्रेणी बिहिन ह.स.चा.	२२	१	-	३	-	-		२६
५	श्रेणी बिहिन कार्यालय सहयोगी	२५	-	-	१	१	-	-	२७
६	इन्टेरियर/डेकोरेटर	-	-	-	-	-	-	३	३
जम्मा		१८५	१२	६	६०	२०	८	३	२९४

नोटः-

१. दरबन्दी तर्फ प्रहरी उपरीक्षक १ जना, प्रहरी नायव उपरिक्षक १ जना संयुक्त राष्टसंघ काज, शाखा अधिकृत (कानून) १ जना २ वर्षको असाधारण विदामा काजमा रहनु भएको ३ जना समेतलाई यसैमा समावेश गरीएको छ ।

२. इन्टेरियर डेकोरेटर (करार) ३ जना सम्पत्ति मूल्यांकनका बखत आवश्यक पर्दा मात्र कामकाज लगाउने गरी सम्झौता गरिएको ।

मौजुदा दरबन्दी र पदपूर्तिको विवरण

अनुसूची -२(२)

सि.नं.	सेवा, समूह	श्रेणी	दरबन्दी	पद पूर्ति	रिक्त	कैफियत
क.						
१	प्रशासन/सचिव	विशिष्ट	१	१	-	
	जम्मा		१	१	-	
२	प्रशासन/सह-सचिव	रा.प.प्रथम	३	३	-	नि.स.ए., २०४९ को दफा २० क बमोजिम बढुवा १ पद समेत
	न्याय/कानून/सह-सचिव	रा.प.प्रथम	२	२	-	
	न्याय/स.व./सहन्यायाधिवक्ता	रा.प.प्रथम	५	५	-	
	प्रहरी नायब महानिरीक्षक	रा.प.प्रथमस्तर	१	१	-	
	जम्मा		११	११	-	
३	प्रशासन/सा.प्र./उप-सचिव	रा.प.द्वितीय	८+५=१३	१२	१	शा.अ.बाट ५ पद विशेष बढुवाबाट थप भै आएको ।
	प्रशासन/लेखा/उप-सचिव	रा.प.द्वितीय	३-१=२	२	-	नि.स.ए., २०४९ को दफा २० क बमोजिम बढुवा १ पद बढुवा भै गएको समेत
	न्याय/कानून/उप-सचिव	रा.प.द्वितीय	३	३	-	
	न्याय/स.व./उपन्यायाधिवक्ता	रा.प.द्वितीय	८	७	१	
	इन्जि/सिभिल/वि.एण्ड आ./सि.डि.इं.	रा.प.द्वितीय	१+१=२	२	-	१ पद विशेष बढुवाबाट थप
	इन्जि/सिभिल/इरिगेसन/सि.डि.इं.	रा	रा.प.द्वितीय	१	१	-
	इन्जि/सिभिल/जनरल/सि.डि.इं.	रा	रा.प.द्वितीय	+१	+१	-
	इन्जि/सिभिल/स्यानेटरी/सि.डि.इं.	रा.प.द्वि	रा.प.द्वितीय	+१	+१	-
	प्रहरी/जनपद/प्रहरी उपरीक्षक		रा.प.द्वितीयस्तर	१	१	-
	प्रहरी/जनपद/प्र.ना.उ.		रा.प.द्वितीयस्तर	२	२	-
	जम्मा		२७-१=२६+८	३४	२	
४	प्रशासन/सा.प्र./शाखा अधिकृत	रा.प.तृतीय	१४-५=९+१७=२६	२५	१	५ पद विशेष बढुवाभई गएको १७ पद विशेष बढुवाबाट थप
	प्रशासन/लेखा/लेखा अधिकृत	रा.प.तृतीय	१+१=२	१	१	१ पद बढुवा भै आएको
	न्याय/कानून/शाखा अधिकृत	रा.प.तृतीय	४	४	-	१ जना शा०अ० असाधारण बिदामा रहनु भएको
	न्याय/स.व./शाखा अधिकृत	रा.प.तृतीय	५	५	-	
	इन्जि/सिभिल/वि.एण्ड आ./इन्जिनियर	रा.प.तृतीय	३-१=२	२	-	१ पद विशेष बढुवा भै गएको
	इन्जि/सिभिल/जनरल/इन्जिनियर	रा.प	रा.प.तृतीय	३-१=२	२	-	१ पद विशेष बढुवामा गएको र साही पदमा विशेष बढुवाबाट आएको
	इन्जि/सिभिल/स्यानिटरी/इन्जिनियर	रा.प.तृ	रा.प.तृतीय	१ = - १	-	-	१ पद विशेष बढुवा भै गएको
	इन्जि/सिभिल/इरिगेसन/इन्जिनियर	रा.	रा.प.तृतीय	१	१	-	
	इन्जि/सर्भे/नापी अधिकृत		रा.प.तृतीय	१	-	१	
	विविध/रेखा विशेषज्ञ		रा.प.तृतीय	१	-	१	
	विविध/कम्प्युटर अधिकृत		रा.प.तृतीय	+५	+५	-	विशेष बढुवाबाट थप
	शिक्षा/कला/छविकला		रा.प.तृतीय	+१	+१	-	विशेष बढुवाबाट थप
	शिक्षा/पुस्तकालय विज्ञान/पुस्तकालय अधिकृत		रा.प.तृतीय	+१	+१	-	विशेष बढुवाबाट थप
	नेपाल प्रहरी/जनपथ/प्रहरी निरीक्षक	रा.प	रा.प.तृतीयस्तर	५	५	-	
	जम्मा		३९-८=३१+२५=५६	५२	४	

अनुसूची –२(३)

सि. नं.	सेवा/समूह/उप-समूह	श्रेणी	दरबन्दी	पदपूर्ति	रिक्त	कैफियत
ना.सु. स्तर						
५	प्रशासन/सा.प्र./ना.सु.	रा.प.अनं.प्रथम	३७-१७=२०+१=२१	१५	६	१७ पद विशेष बढुवा भै गएको र ३ पद विशेष बढुवा भै आएको
	न्याय/कानून/ना.सु.	रा.प.अनं.प्रथम	२	२	-	
	प्रशासन/लेखा/लेखापाल	रा.प.अनं.प्रथम	१=१ -१ +१ =+१	+१	-	१ पद विशेष बढुवा भै गएको र १ पद विशेष बढुवा भै आएको
	स.इन्जि./सिभिल/जनरल	रा.प.अनं.प्रथम	१	-	१	
	कम्प्यूटर अपरेटर	रा.प.अनं.प्रथम	११-५=६	५	१	५ पद विशेष बढुवा भै गएको
	प्रशासन/सा.प्र./टा.ना.सु.	रा.प.अनं.प्रथम	१	१	-	
	शिक्षा/पुस्तकालय विज्ञान / पुस्तकालय सहायक	रा.प.अनं.प्रथम	१= -१	-	-	विशेष बढुवा भै गएको
	विविध/टेलिफोन अपरेटर	रा.प.अनं.प्रथम	+१	+१		विशेष बढुवा भै आएको
	क्यामेरामेन/शिक्षा/कला/ छविकला	रा.प.अनं.प्रथम	१ =-१	-	-	विशेष बढुवा भै गएको
	इन्जि/मे०ज०/मे०सुपरभाइजर	रा.प.अनं.प्रथम	+१	+१	-	विशेष बढुवा भै आएको
	प्रहरी नायब निरीक्षक	रा.प.अनं.प्रथमस्तर	३	३	-	
	जम्मा		**५८-२५=३३+४=३७**	**२९**	**८**	
खरिदार स्तर						
६	प्रशासन/सा.प्र./खरिदार	रा.प.अनं.द्वितीय	५-१=४	२	२	२ पद विशेष बढुवा भै गएको
	प्रशासन/लेखा/सह-लेखापाल	रा.प.अनं.द्वितीय	१=-१	-	-	१ पद विशेष बढुवा भै गएको
	विविध/टेलिफोन अपरेटर	रा.प.अनं.द्वितीय	२-१=१	-	१	१ पद विशेष बढुवा भै गएको
	इन्जि/जनरल/मेकानिकल/अपरेटर	रा.प.अनं.द्वितीय	-१	-	-	विशेष बढुवा भै गएको
	नेपाल प्रहरी/जनपद/प्र.स.नि.	रा.प.अनं.द्वितीयस्तर	३	३	-	
	जम्मा		**१२-४=८**	**५**	**३**	
७	नेपाल प्रहरी/जनपद/प्र.ह	रा.प.अनं.तृतीयस्तर	३	३	-	
	जम्मा		**३**	**३**	**०**	
८	नेपाल प्रहरी/जनपद/प्र.ज	रा.प.अनं.चतुर्थस्तर	५	५	-	
	जम्मा		**५**	**५**	**०**	
९	इन्जि/मेका./जनरल/ह.स.चा.	श्रेणी विहिन	२३	२२	१	१४ जना स्थायी ८ जना दरबन्दी करार
	प्रशासन/सा.प्र./कार्यालय सहयोगी	श्रेणी विहिन	२७	२५	२	१३ जना स्थायी १२ जना दरबन्दी करार
	जम्मा		**५०**	**४७**	**३**	

अनुसूची -२(४)

ख. पुल दरबन्दी तर्फ

सि.नं.	सेवा/समूह/उप-समूह	श्रेणी	पदपूर्ति	रिक्त	कैफियत
आधिकृतस्तर पुल दरबन्दी संख्या - १०					
१	प्रशासन/सा०प्र०/□□□□□	□□□□द्वितीय	□	-	
	वन/जनरल फरेष्ट्र/उपसचिव(प्रा.)	□□□□द्वितीय	□	-	
	शिक्षा/प्रशासन/निरीक्षण/विधालय निरीक्षक	रा.प □□.□.□□□□	□		
	जम्मा		३	७	
सहायकस्तर पुल दरबन्दी संख्या - १०					
२	प्रशासन/सा.प्र./टा.ना.सु.	रा.प.अनं.प्रथम	□	-	
	प्रशासन/सा.प्र./ना.सु.	रा.प.अनं.प्रथम	□		
	विविध/कम्प्युटर अपरेटर	□□.□.□नं.प्रथम	□	-	
	प्रशासन/सा.प्र./टा.खरिदार	□□.□.□□द्वितीय	□	-	
	जम्मा		७		

सहायकस्तर श्रेणी विहिन पुल दरबन्दी संख्या - १०					
३	इन्जि/मेका/जनरल/ह.स.चा.	श्रेणी विहीन (तृतीयस्तर)	□	-	
	जम्मा		८	२	

दरबन्दीतर्फ कुल जम्माः

	दरबन्दी	पूर्त्ति	रिक्त
आधिकृतस्तर	□□+□□ = □□□	□□	□
सहायकस्तर (□□□□□□□)	□□-□□ = □□	□□	□□
श्रेणी विहीन/ह.स.चा.	□□	□□	□
श्रेणी विहीन/का.स.	□□	□□	□
जम्मा	२०५	१८५	२०

पूलदरबन्दीतर्फ कुल

	दरबन्दी	पूर्त्ति	रिक्त
आधिकृतस्तर	□□	□	□
सहायकस्तर	□□	□	□
श्रेणी विहिन		□	
जम्मा	२०	११	९

	दरबन्दी	पूर्त्ति	रिक्त
कूल जम्मा (दरबन्दी र पुल दरबन्दी गरी)	२२५	१९६	२९

□□□- दरबन्दीबाट माथिल्लो श्रेणीको पदमा विशेष पदमा बढुवा भै □□ □□□□ □□□□ □□□□ + □ दरबन्दीको पदको □□□□ - (□□□□) □□□□□□ □

आयोगमा फाजिल/काज/सेवा करारमा कार्यरत कर्मचारीहरुको संख्यात्मक विवरण **अनुसूची -२(५)**

ग. फाजिल दरबन्दी अधिकृतस्तर तर्फ

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
□	प्रशासन/सा.प्र./शा०□□ (विशेषपद)	□□.□.□□□□	□	
	जम्मा		१	

फाजिल दरबन्दी तर्फ

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
□	प्रशासन/सा.प्र./टा०न□□□□ (विशेषपद)	रा.प.अनं.प्रथम	□	
	शिक्षा/मुद्रण/व्यवस्थापन/सि.मो.टा.अ. (१ विशेषपद)	रा.प.अनं.प्रथम	□	
	शिक्षा/मुद्रण/व्यवस्थापन/सि.पु.रि.(विशेष पद)	रा.प.अनं.प्रथम	□	
	इन्जि/सिभिल/स्यानेटरी/सि.प्लम्बर (विशेष पद)	रा.प.अनं.प्रथम	□	
	जम्मा		५	

घ. अन्यत्र निकायबाट काजमा आउनु भएका अधिकृत एवं सहायकस्तरका कर्मचारीहरु अधिकृततर्फः

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
□	इन्जि/सिभिल/स्यानिटरी/सह-□□□ (प्रा.)	रा.प.प्रथम□	□	
□	बैंकङ्ग विशेषज्ञ /नेपाल राष्ट्र बैंक/उप निदेशक	□□.□.द्वितीयस्तर	□	
□	इन्जि/सर्भे/प्रमुख नापी अधिकृत	रा.प.द्वितीय	□	
□	स्वास्थ्य/जनरल मेडिशियन/प्रमुख मेडिकल अधिकृत रा.	रा.प.द्वितीय	□	
□	इन्जि/सिभिल/जनरल/सिनियर डिभिजनल इन्जिनयर रा.प.द्वितीं	रा.प.द्वितीय	□	
□	□न/जनरल फरेष्ट्री/उपसचिव (प्रा०)	रा.प.द्वितीय	□	
□	नेपाल प्रहरी/जनपद/प्रहरी उपरिक्षक	रा.प.द्वितीयस्तर	□	
□	नेपाल प्रहरी/जनपद/प्रहरी नायव उपरिक्षक	रा.प.द्वितीयस्तर	□	
□	विशेष/रा०□□वि०/प्रमुख अनुसन्धान अधिकृत	रा.प.द्वितीयस्तर	□	
□□	नेपाल खानेपानी संस्थान/प्रशासनतर्फ/सहायक प्रवन्धक	रा.प.द्वितीयस्तर	□	
□□	प्रशासन/सामान्य प्रशासन/शाखा अधिकृत (विशेषपद)	□□.□.□□□□	□	
	प्रशासन/लेखा/लेखा अधिकृत	□□.□.□□□□	□	
□□	इन्जि/सिभिल/वि०एण्ड आर्के०/इन्जिनियर	□□.□.□□□□	□	
□□	इन्जि/सर्भे/नापी अधिकृत (विशेषपद)	□□.□.□□□□	□	
□□	नेपाल प्रहरी/जनपद/प्रहरी निरीक्षक	रा.प.तृतीयस्तर	□	
□□	विशेष प्रहरी/प्रहरी निरीक्षक (राष्ट्रिय सतर्कता केन्द्र)	रा.प.तृतीयस्तर	□	
□□	विशेष/राष्ट्रिय अनुसन्धान विभाग/अनुसन्धान अधिकृत रा.प	रा.प.तृतीयस्तर	□	
□□	कृषि विकास बैंक/शाखा अधिकृत	रा.प.तृतीयस्तर	□	
		जम्मा	२४	

सहायकस्तर (रा०प०अनं० र श्रेणी विहिन)

□	प्रशासन/सा.प्र./टा.ना.सु.	रा.प.अनं.प्रथम	□	
□	नेपाल प्रहरी/जनपद/प्रहरी नायव निरीक्षक	रा.प.अनं.प्रथमस्तर	□	
□	विशेष प्रहरी/रा०न□□□□/प्र०□□नि०	रा.प.अनं.प्रथमस्तर	□	
□	प्रशासन/सा.प्र./खरिदार	□□.□.□□.द्वितीय	□	
□	नेपाल प्रहरी/जनपद/प्रहरी सहायक निरिक्षक	रा.प.अनं.द्वितीयस्तर	□	
□	नेपाल विधु□ प्राधिकरण/इलोक्ट्रकल/फोरमेन	रा.प.अनं.द्वितीयस्तर	□	
□	नेपाल प्रहरी/जनपद/प्रहरी हवलदार	रा.प.अनं.तृतीयस्तर	□	
□	नेपाल प्रहरी/जनपद/प्रहरी जवान	रा.प.अनं.चतुर्थस्तर	□	
□				
		जम्माः	३२	

श्रेणीविहिन हलुका सवारी र कार्यालय सहयोगी तर्फः

□	इन्जि./मेका.जनरल/ह.स.चा.	श्रेणी विहिन	□	
□	प्रशासन/सामान्य प्रशासन/कार्यालय सहयोगी	श्रेणी विहिन	□	
		जम्माः	४	

ङ. थुनुवातर्फ प्रहरी कार्यरत संख्या

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
	नेपाल प्रहरी/अनाश्रित/प्र.स.नि.	□□.□.□□[द्वितीयस्तर	□	
	नेपाल प्रहरी/अनाश्रित/प्रहरी हवल्दार	रा.प.अनं.तृतीयस्तर	□	
	नेपाल प्रहरी/अनाश्रित /प्रहरी जवान	रा.प.अनं.चतुर्थस्तर	□	
	थुनुवातर्फ जम्मा कार्यरत संख्या ८		८	

च. अख्तियार दुरुपयोग अनुसन्धान आयोग सुरक्षा तर्फ कार्यरत प्रहरी संख्याः

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
	नेपाल प्रहरी/प□□□□□/प्रहरी ना□□ निरीक्षक	□□.□.□□[प्रथमस्तर	□	
	नेपाल प्रहरी/ प□□□□□ /प्रहरी सहायक निरीक्षक	□□.□.□□[द्वितीययस्तर	□	
	नेपाल प्रहरी/ प□□□□□ /प्रहरी हवल्दार	रा.प.अनं.तृतीयस्तर	□	
	नेपाल प्रहरी/ प□□□□□ /प्रहरी जवान	रा.प.अनं.चतुर्थस्तर	□□	
	नेपाल प्रहरी/ प□□□□□ /प्रहरी पोरचर	श्रेणी विहिन	□	
	जम्मा		१५	

छ. पदाधिकारी सुरक्षा तर्फ कार्यरत प्रहरी संख्याः

सि.नं.	सेवा/समूह/उप-समूह/पद	श्रेणी	पदपूर्ति संख्या	कैफियत
	नेपाल प्रहरी/ प□□□□□ /प्रहरी सहायक निरीक्षक	□□.□.□□[द्वितीययस्तर	□	
	नेपाल प्रहरी/ प□□□□□ /प्रहरी हवल्दार	रा.प.अनं.तृतीयस्तर	□	
	नेपाल प्रहरी/ प□□□□□ /प्रहरी जवान	रा.प.अनं.चतुर्थस्तर	□	
	जम्मा		५	

अाख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

आ.व. २०६८।६९ को बजेट ब्यवस्था

अनुसूची - ३

वार्षिक विनियोजन (थप समेत)	बजेट	खर्च		बाकी			कैफियत
		निकाशा	खर्च	निकासा मध्ये	निकासा नगरीएको	दुबै	
चालु : ब.शि.नं. २०६००१३ नेपाल सरकार	१०६,२४३,६०५।८४	१०५,१९०,०९३।७४	१०५,१९०,०९३।७४	०	१,०५३,५१२।१०	१,०५३,५१२।१०	
ब.शि.नं. : २०६१०१३				०		०।००	
नेपाल सरकार	२२,८५०,०००।००	८,८३८,९६२।४८	८,८३८,९६२।४८	०	१४,०११,०३७।५२	१४,०११,०३७।५२	
अर्थ बजेट नेपाल सरकार	३,४३४,६८७।००	३,४३४,६८७।००	३,४३४,६८७।००	०	०।००	०।००	
जम्मा	१३२,५२८,२९२।८४	११७,४६३,७४३।२२	११७,४६३,७४३।२२	०	१५,०६४,५४९।६२	१५,०६४,५४९।६२	
पूर्जागत: ब.शि.नं. २०६१०१४				०		०।००	
नेपाल सरकार	२,८००,०००।००	२,७३१,१४४।००	२,७३१,१४४।००	०	६८,८५६।००	६८,८५६।००	
जम्मा	२,८००,०००।००	२,७३१,१४४।००	२,७३१,१४४।००	०।००	६८,८५६।००	६८,८५६।००	
कूल जम्मा	१३५,३२८,२९२।८४	१२०,१९४,८८७।२२	१२०,१९४,८८७।२२		१५,१३३,४०५।६२	१५,१३३,४०५।६२	

आ.व. २०६८।६९ को राजश्व तर्फ आम्दानी

प्रशासनिक दस्तुर, न्यायिक दस्तुर दण्ड जरिवाना र जफत, प्रशासनिक दण्ड जरिवाना जफत, सरकारी सामान बिक्रीको आय समेत गरी जम्मा रु.४५०७६२०।९६ मात्र राजश्व आम्दानी भएको छ ।

आ.व. २०६८।६९ को धरौटी तर्फ

आ.व. २०६७।६८ को जिम्मेवारी सरेको	१०,८५७,४७७।४१
२०६८ श्रावण देखि २०६९ आषाढ मसान्त सम्मको जम्मा धरौटी	८,२९७,९८४।२४
२०६८ श्रावण देखि २०६९ आषाढ मसान्त सम्मको फिर्ता जम्मा धरौटी	३,७६६,०००।४७
	१५,३८९,४६१।१८

अनुसूची – ४(१)

प्ररम्भिक अनुसन्धानबाट फछर्यौट भई तामेली भएको बिवरण आ.ब. २०६८/२०६९

सि.न.	महाशाखा/शाखा	मन्त्रालय/निकाय	जम्मा उजुरी संख्या	तामेली संख्या	बिस्तृतमा गएको संख्या	अन्य कारवाही	बाँकी	कैफियत
१ नं. महाशाखा	१	भूमि सुधार तथा व्यवस्था मन्त्रालय	९०८	४१८	६१	२१३	२१६	
	२	उर्जा मन्त्रालय	१९३	११७	८	११	५७	
	३	सिंचाई मन्त्रालय	११७	७२	८	१७	२०	
	४	कानून न्याय सविधान सभा ता संसदीय मामिला मन्त्रालय	४२	११		२७	४	
	५	लोक सेवा आयोग	१८	३		१५	०	
	६	निर्वाचन आयोग	३			३	०	
	७	राष्ट्रिय मानव अधिकार आयोग	३	१		१	१	
	८	महालेखा परीक्षकको कार्यालय					०	
	९	नेपाल ट्रष्टको कार्यालय	१	१			०	
	जम्मा		१२८५	६२३	७७	२८७	२९८	
२ नं महाशाखा	१	संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय	१३९२	३४६	१०९	१७२	७६५	
	२	कृषि विकास मन्त्रालय	२९३	७६	३७	४४	१३६	
	३	वातावरण विज्ञान तथा प्रविधि मन्त्रालय	३४	१०		७	१७	
	४	शान्ति तथा पुनरनिर्माण मन्त्रालय	१४	४		१	९	
	५	सहकारी तथा गरीवी निवारण मन्त्रालय					०	
	जम्मा		१७३३	४३६	१४६	२२४	९२७	
३ नं. महाशाखा	१	गृह मन्त्रालय	५५०	१२४	३८	२४१	१४७	
	२	वन तथा भूसंरक्षण मन्त्रालय	३६६	८८	६४	१८२	३२	
	३	भौतिक योजना निर्माण तथा यातायात मन्त्रालय	३१६	१०१	२१	१६८	२६	
	४	परराष्ट्र मन्त्रालय	२३	३	४	७	९	
	जम्मा		**१२५५**	**३१६**	**१२७**	**५९८**	**२१४**	

अनुसूची - ४(२)

सि.न.	महाशाखा/शाखा	मन्त्रालय/निकाय	जम्मा उजुरी संख्या	तामेली संख्या	बिस्तृतमा गएको संख्या	अन्य कारवाही	बाँकी	कैफियत
४ नं. महाशाखा	१	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	५८४	२८५	३५	६४	२००	
	२	उद्योग मन्त्रालय	२२०	१०१	४	४५	७०	
	३	सामान्य प्रशासन मन्त्रालय	४४	२५	१	७	११	
	४	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	१४२	६३	२३	४२	१४	
	५	बाणिज्य तथा आपूर्ति मन्त्रालय	१७४	६०	५	३०	७९	
	६	राष्ट्रपतिको कार्यालय	१	१			०	
	७	उपराष्ट्रपतिको कार्यालय					०	
	८	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४०	२३	१	५	११	
	जम्मा		१२०५	५५८	६९	१९३	३८५	
५ नं महाशाखा	१	अर्थ मन्त्रालय	३७२	१६५	१६	७७	११४	
	२	सूचना तथा संचार मन्त्रालय	१५४	१००	७	३३	१४	
	३	श्रम तथा रोजगार मन्त्रालय	९०	४१	७	३६	६	
	४	शहरी विकास मन्त्रालय	१०८	१८	२	६	८२	
	५	म.ले.नि.का.	१६	९		७	०	
	६	राष्ट्रिय योजना आयोग	२	१			१	
	जम्मा		७४२	३३४	३२	१५९	२१७	
६ नं. महाशाखा	१	शिक्षा मन्त्रालय	१६०६	३५१	१०७	३८४	७६४	
	२	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१७५	६९	२१	१४	७१	
	३	संघीय मामीला संविधान सभा संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय	१०३	३२	२	१९	५०	
	४	युवा तथा खेलकूद मन्त्रालय	५६	३४	७		१५	
	५	रक्षा मन्त्रालय	४०	२		३७	१	
	जम्मा		१९८०	४८८	१३७	४५४	९०१	
प्रमाण पत्र शाखा	१	विभिन्न	६३९	१४९	३७	२२	४३१	
	जम्मा		६३९	१४९	३७	२२	४३१	
	कूल जम्मा		**८८३९**	**२९०४**	**६२५**	**१९३७**	**३३७३**	

अनुसूची – ५

आ.ब.२०५७/५८ देखि २०६८/६९ सम्म दायर भएका नक्कली प्रमाणपत्र सम्बन्धी मुद्दामा सो प्रमाणपत्रको प्रयोजन



अनुसूची – ६

(क)

आ.व. २०५७५८ देखि २०६८६९ मा नक्कली प्रमाणपत्र सम्बन्धी मुद्दाको फैसला विवरण



(ख)

आ.व. २०५७५८ देखि २०६८६९ सम्ममा शैक्षिक प्रमाणपत्र सम्बन्धी मुद्दाहरुमा सफल असफल अनुपात



अनुसूची - ७

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी क्षेत्रीय प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण

आ.व. ०६८।०६९

सि. नं.	क्षेत्रीय कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या							फछ्यौट भएको उजुरी संख्या								फछ्यौट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी		जम्मा	कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित		
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित						
१	पुर्वाञ्चल क्षे.का. धनकूटा	५	०	९	०	१४	०	१४	०	०	०	०	०	०	०	०	१४	०	१४	
२	मध्यमाञ्चल क्षे.का. हेटौंडा	६४	२९	७८	३०	१४२	५९	२०१	५	१	२४	७	८	३	०	४८	१०५	४८	१५३	
३	पश्चिमाञ्चल क्षे.का. पोखरा	१	३	२१	२३	२२	२६	४८	१	३	१३	१२	२	३	०	३४	६	८	१४	
४	मध्यपश्चिमाञ्चल क्षे.का सूर्खेत	२४	१४	५	८	२९	२२	५१	०	०	२	२	०	१३	०	१७	२७	७	३४	
५	सुदुरपश्चिमाञ्चल क्षे.का.दीपायल	२	०	२	५	४	५	९	०	०	०	१	०	१	०	२	४	३	७	
कुल जम्मा		९६	४६	११५	६६	२११	११२	३२३	६	४	३९	२२	१०	२०	०	१०१	१५६	६६	२२२	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण

आ.व. ०६८।०६९ — अनुसूची - ८

सि.नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौट भएको उजुरी संख्या								फछ्यौट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौट मुद्दा संख्या				
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित			भ्रष्टाचार	अनुचित		
		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९
मेची अञ्चल																				
१	ताप्लेजुङ	०	०	२	३	२	३	**५**	०	०	२	०	०	०	०	**२**	०	३	**३**	
२	पांचथर	६	०	३	०	९	०	**९**	०	०	०	०	०	०	०	**०**	९	०	**९**	
३	इलाम	६	३	७	२	१३	५	**१८**	२	१	८	२	०	०	०	**१३**	३	२	**५**	
४	झापा	५	८	१	०	६	८	**१४**	०	१	०	०	०	०	०	**१**	६	७	**१३**	
कोशी अञ्चल																				
५	संखुवासभा	९	०	३	१	१२	१	**१३**	९	०	१	०	१	१	०	**१२**	१	०	**१**	
६	तेह्रथुम	०	०	०	०	०	०	**०**	०	०	०	०	०	०	०	**०**	०	०	**०**	
७	भोजपुर	०	०	०	१	०	१	**१**	०	०	०	०	०	०	०	**०**	०	१	**१**	
८	धनकुटा	०	०	६	०	६	०	**६**	०	०	०	०	४	०	०	**४**	२	०	**२**	
९	सुनसरी	३०	११	२१	७	५१	१८	**६९**	०	३	०	६	०	०	०	**९**	५१	९	**६०**	
१०	मोरङ	०	१८	८	५५	८	७३	**८१**	०	१२	०	१३	०	३०	०	**५५**	८	१८	**२६**	
सगरमाथा अञ्चल																				
११	सोलुखुम्बु	३	०	२	०	५	०	**५**	०	०	०	०	०	०	०	**०**	५	०	**५**	
१२	ओखलढुंगा	१	०	०	०	१	०	**१**	०	०	०	०	०	०	०	**०**	१	०	**१**	
१३	खोटाङ	२	१	८	३	१०	४	**१४**	३	१	०	०	५	१	०	**१०**	२	२	**४**	
१४	उदयपुर	१३	०	२४	०	३७	०	**३७**	४	०	१९	०	२	०	०	**२५**	१२	०	**१२**	
१५	सिराहा	२	०	१८	०	२०	०	**२०**	०	०	२	०	०	०	०	**२**	१८	०	**१८**	
१६	सप्तरी	९२	६३	२०	१०	११२	७३	**१८५**	०	१०	८	२	५	५	०	**३०**	९९	५६	**१५५**	
जनकपुर अञ्चल																				
१७	दोलखा	३१	०	५	०	३६	०	**३६**	०	०	७	०	०	०	०	**७**	२९	०	**२९**	
१८	रामेछाप	३	०	१६	७	१९	७	**२६**	१	२	६	१	०	१	०	**११**	१२	३	**१५**	
१९	सिन्धुली	५	०	२०	०	२५	०	**२५**	०	०	४	०	०	०	०	**४**	२१	०	**२१**	
२०	सर्लाहि	५८	५४	५	८०	६३	१३४	**१९७**	६	१९	२०	४	०	९	०	**५८**	३७	१०२	**१३९**	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण

आ.व. ०६८।०६९ — अनुसूची - ८

सि.नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौट भएको उजुरी संख्या								फछ्यौट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौट मुद्दा संख्या				
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित			भ्रष्टाचार	अनुचित		
		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९
२१	महोत्तरी	०	५	०	४५	०	५०	**५०**	०	१	०	१८	०	५	०	**२४**	०	२६	**२६**	
२२	धनुषा	०	११	०	३३	०	४४	**४४**	०	०	०	१२	०	३	०	**१५**	०	२९	**२९**	
नारायणी अञ्चल																				
२३	मकवानपुर	१	०	३	०	४	०	**४**	०	०	१	०	०	०	०	**१**	३	०	**३**	
२४	चितवन	६	९	७	१७	१३	२६	**३९**	१	४	२	२	०	१	०	**१०**	१०	१९	**२९**	
२५	बारा	९६	१२	३१	१३	१२७	२५	**१५२**	३	२	८	०	८	१	०	**२२**	१०८	२२	**१३०**	
२६	पर्सा	२६	२	१५	०	४१	२	**४३**	०	०	२३	०	१	०	०	**२४**	१७	२	**१९**	
२७	रौतहट	३४	६	८	०	४२	६	**४८**	०	०	४	०	०	२	०	**६**	३८	४	**४२**	
बाग्मती अञ्चल																				
२८	रसुवा	१८	०	४	०	२२	०	**२२**	४	०	७	०	०	०	०	**११**	११	०	**११**	
२९	धादिङ	१२	१४	०	०	१२	१४	**२६**	०	०	१	०	०	०	०	**१**	११	१४	**२५**	
३०	नुवाकोट	७	०	६	५	१३	५	**१८**	०	०	१२	०	०	०	०	**१२**	१	५	**६**	
३१	सिन्धूपाल्चोक	०	०	०	०	०	०	**०**	०	०	०	०	०	०	०	**०**	०	०	**०**	
३२	काभ्रेपलान्चोक	४	०	९	०	१३	०	**१३**	७	०	३	०	०	०	०	**१०**	३	०	**३**	
३३	भक्तपुर	०	२१	०	४	०	२५	**२५**	०	०	०	०	०	०	०	**०**	०	२५	**२५**	
३४	ललितपुर	०	०	०	०	०	०	**०**	०	०	०	०	०	०	०	**०**	०	०	**०**	
३५	काठमाडौं	३३	०	४१	०	७४	०	**७४**	११	०	०	०	०	०	०	**११**	६३	०	**६३**	
लूम्बिनी अञ्चल																				
३६	नवलपरासी	१	०	६	०	७	०	**७**	०	०	५	०	१	०	०	**६**	१	०	**१**	
३७	कपिलवस्तु	२	०	९	१३	११	१३	**२४**	०	०	३	०	०	०	०	**३**	८	१३	**२१**	
३८	रुपन्देही	२५	२२	१५	१२	४०	३४	**७४**	३	११	१	०	०	३	०	**१८**	३६	२०	**५६**	
३९	पाल्पा	२	०	१	०	३	०	**३**	१	०	०	०	०	०	०	**१**	२	०	**२**	
४०	गुल्मी	१	०	१८	०	१९	०	**१९**	१	०	४	०	३	०	०	**८**	११	०	**११**	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण

आ.व. ०६८।०६९ — अनुसूची - ८

सि.नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौट भएको उजुरी संख्या								फछ्यौट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित		
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित						
		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९
४१	अर्घाखांची	८	६	२	१	१०	७	**१७**	२	२	०	०	१	०	०	**५**	७	५	**१२**	
गण्डकी अञ्चल																				
४२	गोर्खा	१	१	०	०	१	१	**२**	०	०	०	०	०	०	०	**०**	१	१	**२**	
४३	लमजुङ	०	०	९	१३	९	१३	**२२**	०	०	३	०	१	१३	०	**१७**	५	०	**५**	
४४	कास्की	३	०	१	०	४	०	**४**	०	०	१	०	०	०	०	**१**	३	०	**३**	
४५	तनहुं	०	०	०	०	०	०	**०**	०	०	०	०	०	०	०	**०**	०	०	**०**	
४६	स्याङ्जा	२	०	०	०	२	०	**२**	१	०	०	०	०	०	०	**१**	१	०	१	
४७	मनाङ	०	०	०	०	०	०	**०**	०	०	०	०	०	०	०	**०**	०	०	**०**	
धवलागिरी अञ्चल																				
४८	पर्वत	६	१	६	२	१२	३	**१५**	०	१	०	०	०	१	०	**२**	१२	१	**१३**	
४९	बाग्लुङ	४	०	०	०	४	०	**४**	०	०	०	०	०	०	०	**०**	४	०	**४**	
५०	म्याग्दी	०	०	०	०	०	०	**०**	०	०	०	०	०	०	०	**०**	०	०	**०**	
५१	मुस्ताङ	०	०	२	०	२	०	२	०	०	०	०	०	०	०	**०**	२	०	२	
राप्ती अञ्चल																				
५२	प्युठान	०	०	०	०	०	०	**०**	०	०	०	०	०	०	०	**०**	०	०	**०**	
५३	रोल्पा	३	३	०	१	३	४	**७**	०	०	०	२	०	०	०	**२**	३	२	**५**	
५४	रुकूम	२	०	५	९	७	९	**१६**	३	४	३	०	१	४	०	**१५**	०	१	**१**	
५५	सल्यान	०	०	०	०	०	०	**०**	०	०	०	०	०	०	०	**०**	०	०	**०**	
५६	दाङ	२६	०	०	०	२६	०	**२६**	१	०	०	०	०	०	०	**१**	२५	०	**२५**	
भेरी अञ्चल																				
५७	दैलेख	२	०	०	०	२	०	**२**	०	०	१	०	०	०	०	**१**	१	०	**१**	
५८	सुर्खेत	०	०	१६	८	१६	८	**२४**	०	२	१	२	०	०	०	**५**	१५	४	१९	
५९	जाजरकोट	०	०	१९	०	१९	०	**१९**	७	०	१०	०	२	०	०	**१९**	०	०	०	
६०	बाँके	४	७	१०	५	१४	१२	**२६**	१	४	५	२	०	०	०	**१२**	८	६	**१४**	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण

आ.व. ०६८।०६९ — अनुसूची - ८

सि.नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्यौट भएको उजुरी संख्या								फछ्यौट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौट मुद्दा संख्या				
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित			भ्रष्टाचार	अनुचित		
		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९
६१	बर्दिया	१	४	३	१७	४	२१	**२५**	०	१२	३	०	०	०	०	**१५**	१	९	**१०**	
कर्णाली अञ्चल																				
६२	हुम्ला	०	१	०	३	०	४	**४**	०	३	०	०	०	०	०	**३**	०	१	**१**	
६३	जुम्ला	१	०	८	०	९	०	**९**	०	०	१	०	०	०	०	**१**	८	०	**८**	
६४	डोल्पा	१	०	०	०	१	०	**१**	०	०	०	०	१	०	०	**१**	०	०	**०**	
६५	मुगु	१	०	२	०	३	०	**३**	०	०	०	०	०	०	०	**०**	३	०	**३**	
६६	कालीकोट	२	०	०	०	२	०	**२**	०	०	१	०	०	०	०	**१**	१	०	**१**	
सेती अञ्चल																				
६७	बझाङ	२	०	३	०	५	०	**५**	०	०	२	०	०	०	०	**२**	३	०	३	
६८	बाजुरा	२	२	८	२	१०	४	**१४**	०	२	५	०	२	२	०	**११**	३	०	३	
६९	डोटी	१	०	६	०	७	०	**७**	०	०	१	०	०	०	०	**१**	६	०	६	
७०	अछाम	६	०	२५	३९	३१	३९	**७०**	११	२४	०	०	८	९	०	**५२**	१२	६	१८	
७१	कैलाली	०	०	२१	०	२१	०	**२१**	०	०	१३	०	०	०	०	**१३**	८	०	**८**	
महाकाली अञ्चल																				
७२	दार्चुला	१	५	३	२	४	७	**११**	०	१	०	१	०	०	०	**२**	४	५	**९**	
७३	बैतडी	९	९	१	३	१०	१२	**२२**	०	०	०	३	८	६	०	**१७**	२	३	**५**	
७४	डडेलधुरा	०	२	१	०	१	२	**३**	०	१	१	०	०	०	०	**२**	०	१	**१**	
७५	कंचनपुर	१	१	३	६	४	७	**११**	१	२	२	२	०	१	०	**८**	१	२	**३**	
	जम्मा	६२३	३०२	४९६	४२२	१११९	७२४	**१८४३**	८३	१२५	२०४	७२	५४	९८	०	**६३६**	७७८	४२९	**१२०७**	

अनुसूची – ९

आ.ब. २०६८।६९ मा परेका उजूरी र फछ्यौंटको विवरण



अनुसूची – १०

आ.ब.२०६८/६९ मा कूल उजूरी ८८३९ मध्ये फछ्र्यौट तथा चालु आ.ब.मा सरेको जिम्मेवारीको अनुपात



अनुसूची – ११

आ.ब. २०५८।५९ देखि २०६८।६९ सम्मको कुल उजूरी र फछ्यौंटको विवरण



(ट)

आ.ब. ०६८।६९ मा मुद्दा जीत हारको स्थिति



आ.ब. ०६८।६९ को अभियोजन र अन्य कारवाहीहरुको विवरण



अनुसूची – १४

आ.ब.०६८।६९ मा बिशेष अदालतमा दायर भएका मुद्दाहरुको किसिम



अनुसूची – १५

आ.ब. २०५८।५९ देखि ०६८।६९ सम्मको कारवाहीको तुलनात्मक विवरण



(ण)

आ.ब. २०५९।६० देखि आ.व. ०६८।६९ सम्मको बैठक र निर्णय संख्या



अनुसूची – १७

आ.ब. २०४८/४९ देखि आ.व. २०६८/६९ सम्ममा परेका उजूरी र फछर्यौटको विवरण



(थ)